# हाम्रो भौगोलिक इतिहास

(भुसालवंश, अर्घा र यसका छिमेकी राज्यहरूको सङ्क्षिप्त इतिवृत्त)



युवराज भुसाल



## महर्षि मधुच्छन्दका महत्वपूर्ण महान्‌वाणीहरू

- जीवनमा कुनै पनि चिजदेखि नडराउनू, सदा दृढ तथा इमान्दार रहनू ।
- ईश्वरको सृष्टि कष्ट दिनका लागि भएको हैन, मानिसका समस्याको कारण ईश्वरलाई दोष दिनुभन्दा भगवान्‌ विष्णुको जप गर्नू ।
- हरेक व्यक्ति निश्चित उद्देश्यका लागि सिर्जना गरिएकोले आफ्‌नो समय सदा उत्पादनशील कार्यमा लगाउनू, आलस्यलाई त्याग्नू ।
- सर्वशक्तिमान्‌ ईश्वरको बारेमा जान्नका लागि पवित्र वेद, पुराण तथा अन्य धार्मिक ग्रन्थहरू अध्ययन गर्नू ।
- ईश्वरको ध्यान गरी आफ्‌नै आत्माबाट महसुस गर्न सिक्नू ।
- खराब बानी हटाई आत्मशुद्धि गर्नू, भगवान्‌ विष्णुको प्रार्थना गरिरहनू ।
- परोपकार गर्नू, आफ्‌ना दयालु वाणीबाट पीडितका आँसु पुछ्नू ।
- शिक्षित-दीक्षित व्यक्ति तथा साधु-सन्तहरूको सङ्गत गर्नू ।
- संसारका सबै व्यक्ति आफूजस्तै ठान्नू, कसैलाई पनि घृणा नगर्नू ।

किरण पुस्तकालय प्रकाशन मालाको बीसौं पुष्प

# हाम्रो भौगोलिक इतिहास

## (भुसालवंश, अर्घा र यसका छिमेकी राज्यहरूको सङ्क्षिप्त इतिवृत्त)

**युवराज भुसाल**

**प्रकाशक**

**किरण पुस्तकालय, तम्घास, गुल्मी**

**२०७८**

कृति : हाम्रो भौगोलिक इतिहास
विधा : इतिहास
लेखक : युवराज भुसाल (मो. ९८५१०१५०३७/०१४२८०५६३)
प्रकाशक : किरण पुस्तकालय, तम्घास, गुल्मी
सम्पर्क : ०७९५२०२८७
इमेल : hamropurushartha@gmail.com
वेबसाइट : www.kiranpustakalaya.com
© सर्वाधिकार : प्रकाशकमा
प्रकाशन वर्ष : फाल्गुन, २०७८
संस्करण : पहिलो
प्रकाशन प्रति : ११११
आवरण : ब्रह्मर्षि विश्वामित्र
आवरण चित्र : डा.बुद्ध भुसाल
कम्प्युटर सेटिङ्ग : धनबहादुर महर्जन
मुद्रक : पुरकोट अफसेट प्रेस, ताहाचल, काठमाडौँ
मूल्य (व्यक्तिगत) : ३२५/-
मूल्य (संस्थागत) : ५००/-

---

***Our Geographical History***

*By : Yuba Raj Bhusal*

*ISBN : 978-9937-1-1512-4*



हाम्रा पूर्वज ब्रह्मर्षि विश्वामित्र-पुत्र तथा
गोत्रकार महर्षि धनञ्जयमा समर्पित

# मङ्गलाचरण



## श्रीगणेश स्तुति

ॐ गजाननं भुतागणाधिसेवितम्, कपित्थजम्बूफलचारूभक्षणम् ।
उमासुतं शोकविनाशकारकम्, नमामि विघ्नेश्वरपादपंकजम् ॥

## सरस्वती वन्दना

या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता ।
या वीणावरदण्डमडितकरा या श्वेत पद्मासना ॥
या ब्रह्माच्युतशंकरप्रभृतिभिर्देवैः सदा वन्दिता ।
सा मां पातु सरस्वती भगवती निःशेषजाड्यापहा ॥

## गुरु वन्दना

गुरुर्ब्रह्मा गुरुविष्णुः गुरुर्देवो महेश्वरः । गुरुः साक्षात् परं ब्रह्म तस्मै श्री गुरवे नमः ॥
ध्यानमूलं गुरोमूर्तिः पूजामूलं गुरोःपदम् । मन्त्रमूलं गुरोर्वाक्यं मोक्षमूलं गुरोःकृपा ॥
अखण्ड मण्डलाकारं व्याप्तं येन चराचरम् । तत् पदं दर्शितं येन तस्मै श्रीगुरवे नमः ॥
मन्नाथः श्रीजगन्नाथो मद्गुरुः श्रीजगद्गुरुः । ममात्मा सर्वभूतात्मा तस्मै श्रीगुरवे नमः ॥
ज्ञानशक्तिसमारूढं तत्वमालाविभूषितम् । भुक्तिमुक्ति प्रतारं तस्मै श्रीगुरवे नमः ॥
स्थावरं जंगमं व्याप्तं यत्किंचित् सचराचरम् । तत्पदं दर्शितं येन तस्मैं श्री गुरवे नमः ॥
चिन्मयं व्यापितं सर्वं त्रैलोक्यं सचराचरम् । तत्पदं दर्शितं येन तस्मैं श्रीगुरवेनमः ॥
चैतन्यं शाश्वतं शान्तं व्योम तीतं निरंजनम् । बिंदुनादकलातीतं तस्मैं श्रीगुरवे नमः ॥

## विष्णु स्तुति

मङ्गलम् भगवान् विष्णुः, मङ्गलम् गरूडध्वजः ।
मङ्गलम् पुण्डरीकाक्षः, मङ्गलायतनंहरिः ॥
त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धुश्च सखा त्वमेव ।
त्वमेव विद्या द्रविणं त्वमेव, त्वमेव सर्वं मम देवदेव ॥

## शिव स्तुति

नमामीशमीशाननिर्वाणरूपं विभुं व्यापकं ब्रह्मवेदस्वरूपम् ।
निजं निर्गुणं निर्विकल्पं निरीहं चिदाकाशमाकाशवासं भजेऽहम् ॥१॥
निराकारमोङ्कारमूलं तुरीयं गिराज्ञानगोतीतमीशं गिरीशम् ।
करालं महाकालकालं कृपालं । गुणागारसंसारपारं नतोऽहम् ॥२॥
तुषाराद्रिसंकाशगौरं गभीरं मनोभूतकोटिप्रभाश्रीशरीरम् ॥
स्फुरन्मौलिकल्लोलिनीचारूगङ्गा लसद्भालबालेन्दुकण्ठे भुजङ्गाः ॥३॥

चलत्कुण्डलं सुभ्रुनेत्रं विशालं प्रसन्नाननं नीलकण्ठं दयालम् ।
मृगाधीशचर्माम्बरं मुण्डमालं प्रियं शङ्करं सर्वनाथं भजामि ॥४॥
प्रचण्डं प्रकृष्टं प्रगल्भं परेशं अखण्डं अजं भानुकोटिप्रकाशम्।
त्रयःशूलनिर्मूलनं शूलपाणिं भजेऽहं भवानीपतिं भावगम्यम् ॥५॥
कलातीतकल्याणकल्पान्तकारी सदा सज्जनानन्ददाता पुरारि ।
चिदानन्दसंदोहमोहापहारी प्रसीद प्रसीद प्रभो मन्मथारि ॥६॥
न यावद् उमानाथपादारविन्दं भजन्तीह लोके परे वा नराणाम् ।
न तावत्सुखं शान्ति सन्तापनाशं प्रसीद प्रभो सर्वभूताधिवासम् ॥७॥
न जानामि योगं जपं नैव पुजां नतोऽहं सदा सर्वदा शम्भुतुभ्यम् ॥
जराजन्मदुःखौघतातप्यमानं प्रभो पाहि आपन्नमामीश शंभो ! ॥८॥
रुद्राष्टकमिदं प्रोक्तं विप्रेण हरतोषये ये पठन्ति सदा भक्त्या तेषां शम्भुः प्रसीदति ॥९॥

# दुर्गा स्तोत्र

जय भगवति देवी नमो वरदे जय पापविनाशिनि बहुफलदे ।
जय शुम्भनिशुम्भकपालधरे प्रणमामि तु देवी नरार्तिहरे ॥१॥
जय चन्द्रदिवाकरनेत्रधरे जय पावकभूषितवक्त्रवरे ।
जय भैरवदेहनिलीनपरे जय अन्धकदैत्यविशोषकरे ॥२॥
जय महिषविमर्दिनि शूलकरे जय लोकसमस्तकपापहरे ।
जय देवी पितामहविष्णुनुते जय भास्करशक्रशिरोवनते ॥३॥
जय षन्मुखसायुधईशनुते जय सागरगामिनि शम्भुनुते ।
जय दुःखदरिद्रविनाशकरे जय पुत्रकलत्रविवृद्धिकरे ॥४॥
जय देवी समस्तशरीरधरे जय नाकविदर्शिनि दुःखहरे ।
जय व्याधिविनाशिनि मोक्षकरे जय वाञ्छितदायिनि सिद्धिवरे ॥५॥
एतद्व्यासकृतं स्तोत्रं यः पठेन्नियतः शुचिः ।
गृहे वा शुद्धभावेन प्रीता भगवती सदा ॥६॥

# पितृ स्तोत्र

अर्चितानाममूर्तानां पितृणां दीप्ततेजसाम् । नमस्यामि सदा तेषां ध्यानिनां दिव्यचक्षुषाम् ॥
इन्द्रादीनां च नेतारो दक्षमारीचयोस्तथा । सप्तर्षीणां च सर्वेषां तान् नमस्यामि कामदान् ॥
मन्वादीनां च नेतारः सूर्याचन्द्रमसोस्तथा । तान् नमस्याम्यहं सर्वान् पितृनप्युदधावपि ॥
नक्षत्राणां ग्रहाणां च वायोग्न्योर्नभसस्तथा । द्यावापृथिव्योश्च तथा नमस्यामि कृताञ्जलिः ॥
देवर्षीणां जनितृंश्च सर्वलोकनमस्कृतान् । अक्षय्यस्य सदा दातृन् नमस्येहं कृताञ्जलिः ॥
प्रजापतेः कश्यपाय सोमाय वरुणायाच । योगेश्वरेभ्यश्च सदा नमस्यामि कृताञ्जलिः ॥
नमो गणेभ्यः सप्तभ्यस्तथा लोकेषु सप्तसु । स्वयम्भुवे नमस्यामि ब्रह्मणे योगचक्षुषे ॥
सोमाधारान् पितृगणान् योगमूर्तिधरांस्तथा । नमस्यामि तथा सोमं पितरं जगतामहम् ॥
अग्निरूपांस्तथैवान्यान् नमस्यामि पितृनहम् । अग्निषोममयं विश्वं यत एतदशेषतः ॥
ये तु तेजसि ये चैते सोमसूर्याग्निमूर्तयः । जगत्स्वरूपिणश्चैव तथा ब्रह्मस्वरूपिणः ॥
तेभ्योऽखिलेभ्यो योगिभ्यः पितृभ्यो यतमानसः । नमो नमो नमस्तेऽस्तु प्रसीदन्तु स्वधाभुजः ॥

# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२४१७८६, ४२५७८८६
पो.ब.नं. : २३०५८, काठमाडौँ, नेपाल
इमेल : office@nepalacademy.gov.np
info@nepalacademy.gov.np
वेबसाइट : www.nepalacademy.gov.np


पत्र सङ्ख्या
चलानी नं.

## शुभकामना

व्यक्तिको वर्तमान उसको इतिहासद्वारा प्रभावित भएको हुन्छ । यसको अर्थ कुनै व्यक्ति वा उसको पुस्ता आज जे जस्तो अवस्थामा छ, त्यो केही हदसम्म इतिहासकै परिणाम वा देन हो भन्ने हुन्छ । सृष्टिको चक्र अनादि कालदेखि चल्दै आजका अवस्थामा आएको हो । आजको पुस्ता भनेको हिजोका पुस्ताको सन्तति र भोलिका पुस्ताको पुर्खा हो । सृष्टिको यही नियमका आधारमा वंश परम्परा चल्दै आएको छ ।

पुस्तान्तरण हुँदै जाँदा पुरानो पुस्ता र नयाँ पुस्ताबिचको दुरी निकै बढिसकेको हुन्छ । त्यस कारण अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई आफ्ना इतिहासबारे जानकारी गराउँदै त्यससँग सम्बन्धित तथ्यहरू सुरक्षित राख्नुपर्दछ । यही कुरालाई मनन गर्दै निजामती सेवामा लामो अनुभव हासिल गर्नुभएका कुशल प्रशासक एवम् नेपाल सरकारका पूर्व सचिव युवराज भुसालले “हाम्रो भौगोलिक इतिहास” शीर्षकको पुस्तक प्रकाशन गर्न लाग्नुभएको जान्न पाउँदा मलाई निकै खुसी लागेको छ । अर्घाबाट फैलिँदै गएर पुरकोटमा बसोबास गर्दै आएका भुसालहरूका सम्बन्धमा पुस्तक केन्द्रित भए पनि यसमा सृष्टिचक्रदेखि हालसम्मको कालक्रमिक फेहरिस्त प्रस्तुत गरिएको छ ।

पौराणिक काल, ऐतिहासिक काल हुँदै अर्घा र छिमेकी राज्यहरूको सङ्क्षिप्त इतिहास प्रस्तुत गर्दै लेखकले पुरकोटको आर्थिक, राजनीतिक तथा प्रशासनिक अवस्थादेखि यसको बदलिँदो परिवेशसम्मका कुरालाई पुस्तकमा समेट्नुभएको छ । तसर्थ यो पुस्तक भुसाल बन्धुहरूका लागि मात्र नभएर इतिहासबारे अध्ययन गर्न चाहने सबै थर, गोत्र र प्रवरका मानिसहरूलाई पनि उपयोगी हुने मैले विश्वास लिएको छु । सन्दर्भ ग्रन्थहरू उल्लेख गर्दै प्रामाणिक विषयलाई मात्र स्थान दिँदा यसका विषयवस्तु खँदिला बनेका छन् भने लेखकको अब्बल लेखन शिल्प पनि प्रतिबिम्बित भएको छ ।

यो अनुकरणीय कार्यका लागि लेखकलाई हार्दिक बधाई ज्ञापन गर्दै पुस्तकको सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

गङ्गाप्रसाद उप्रेती
कुलपति
वि.सं. २०७८ माघ

त्रिभुवन विश्वविद्यालय
शिक्षाध्यक्षको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या :

मितिः २०७८/११/११

# शुभकामना

भनिन्छ, इतिहास, संस्कृति र परम्परा समाजका ऐना हुन्, पहिचान र गौरव पनि हुन् । त्यसैले हरेक जाति, समुदाय र समाजले आफ्नो इतिहास, संस्कृति र परम्परामाथि गौरव गरेको हुन्छ र त्यसको इतिवृत्त खोज्ने कोशिश गरेको हुन्छ । गोत्र, परम्परा र वंशावलीहरू पनि यसै क्रममा तयार हुने गरेका हुन् । मूल पुर्खादेखि हालसम्मको क्रमबद्ध ऐतिहासिक लहरालाई वंशावली भन्ने गरिन्छ भने वंश-प्रवर्तक ऋषिमुनिका नामबाट चलिआएको पुर्ख्यौली चिनाउने उपनाम गोत्र हो । यो कुल छुट्टाउने एउटा भरपर्दो आधार हो र यसले प्राचीन पुरुषको अविरल वंश परम्परालाई जनाउँदछ । वैदिक कालमा ऋषि-मुनिहरूले आफ्ना सन्ततिहरूको पहिचानका लागि आफ्नो नामलाई सङ्केत शब्दको रूपमा गोत्रको शुरूवात गरेको पाइन्छ । शुरूमा सप्तर्षिहरूको नामबाट शुरू भएको भएता पनि पछि अन्य ऋषिहरूले पनि यो परम्परालाई पछ्याउँदै थप गरिएबाट हाल ४९ बढी मूल गोत्रका शाखा र उपशाखा जोडिएको पाइन्छ । आफ्नो पुर्खा पहिचान र समान सन्ततिबीच सगोत्री बिहेवारी पनि नचलोस् भनी बनाइएको यो परम्परालाई वैज्ञानिक हिसाबले पनि सही मान्न सकिन्छ । त्यसैले हरेक वंश गोत्रका समुदायले आफ्नो गोत्र वंशको ऐतिहासिक पृष्ठभूमि र पहिचानसहित सम्बद्ध भूगोल, संस्कृति र परम्परा जोड्दै वंशावली तयार गर्ने प्रचलन रहेको देखिन्छ ।

प्रस्तुत पुस्तकका लेखक युवराज भुसालले धनञ्जय गोत्रीय भुसाल-वंशको उत्पत्ति, विकास र विस्तारका बारेमा शोधखोज गर्ने मूल उद्देश्य राखेको पाइन्छ । त्यसैले पुस्तकको आरम्भदेखि नै मानव जातिको उत्पत्ति सम्वन्धी पौराणिक आख्यान सहितको व्याख्यासँगै गोत्र, वंशभेदको शुरूवातको चर्चा गरेका छन् । पौराणिक कालमा नेपालका विभिन्न भौगोलिक क्षेत्र र ठाउँहरू कसरी अन्तरसम्वन्धित बनेका थिए भन्ने विश्लेषण भएको छ । साथै, भुसालवंश जोडिने धनञ्जय गोात्रको उत्पत्ति, विकास, विस्तार र नेपालमा त्यसको ऐतिहासिक सम्वन्धको समेत व्याख्या, विश्लेषण समेत गरिएको छ ।

नेपालमा भुसाल-वंशको उत्पत्तिको सन्दर्भमा तत्कालीन सिञ्जाली खश साम्राज्यमा पर्ने हालको अछाम जिल्लाको जनालीकोट राज्यमा धनञ्जय गोत्रीय ब्राह्मण राजा रुद्रिम उपाध्याय रहेको र उनकै राज्यमा पर्ने खुलालीकोट क्षेत्रमा बस्ने समुदायलाई खुलाल वा खुलाली भनियो । यिनै धनञ्जय गोत्रीय खुलाली समुदायका सन्ततिहरू छरिएर दैलेखसम्म पुगेका थिए । भुसाल-कुलको जनश्रुतिसहित विभिन्न सामग्रीहरूको आधारमा दुल्लु, भुसागाउँका ज्योतिष विज्ञ कमल जोशी तत्कालीन खश सम्राट अशोक चल्लका ज्योतिष थिए । उनको शेषपछि उनका सुपुत्र ज्योतिष गिरिधारी जोशी र त्यसपछि रामभक्त जोशीले सो कामको जिम्मेवारी सम्हालेका थिए । पछि यिनै ज्यो. पं. वे. रामभक्त जोशी वि.सं. १३७० मा अर्घा सरहदमा आएपछि भुसाल थर (भुसागाउँबाट आएको हुनाले) बाट चिनिन थाले र उनी पछिका सन्तानहरू नै भुसालहरू हुन् भन्ने लेखकको दृढ निष्कर्ष देखिन्छ । अर्घामा भुसाल-वंशको प्रवेशसँगै त्यसको आसपासका राज्यहरूमा भुसाल-वंशका सन्तानहरू राज-ज्योतिष, वेदुवा तथा पण्डितको भूमिकामा समेत रहेको इतिहास पाइन्छ । भुसाल-वंशको फैलावट पनि शुरूमा तिनै राज्यहरूमा र समयक्रममा देशका विभिन्न भागमा र विदेशमा समेत भुसाल-वंशका सन्ततिहरू छरिएर रहेको देखिन्छ ।

फोन नं.: ४३३०३३६, फ्याक्सः ९७७-१-४३३१९६४, E-mail: rectoroffice@tribhuvan-university.edu.np, पो.ब.नं.: ८२१२

त्रिभुवन विश्वविद्यालय
शिक्षाध्यक्षको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या :

यस पुस्तकमा भुसाल-वंशको इतिहास खोज्ने काममात्र नगरी भुसालहरू सम्बद्ध रहेका क्षेत्रका राज्यहरूको निर्माण, अन्तरकलह, विखण्डन, विग्रह, सन्धि, वाह्य क्षेत्रबाट भए गरेका हस्तक्षेप, समय क्रममा भएका मुख्य सीमाका हेरफेर, खश तथा सिञ्जा राज्य, पाल्पा राज्य तथा काठमाडौं क्षेत्रको प्रभाव र भारतका विभिन्न ठाउँबाट शासक खोजी ल्याउने परम्पराका कारण भएका हस्तक्षेप लगायतका इतिहास तथा भौगोलिक अवस्थाका साथै बर्तमान जीवन पद्धतिसमेत समेटिएको छ । अन्त्यमा, लेखकको जन्मथलो गुल्मी, पुरकोटको बदलिंदो परिवेशको समेत विश्लेषण समेटिएको छ ।

विश्वसनीय प्रमाण र वैज्ञानिक विधि प्रयोग गरी यो पुस्तकले एकातर्फ हालसम्मको भुसाल-वंशको रेखाङ्कन गरेको छ भने भोलिका दिनमा भुसाल-वंशको वंशावली उतार गर्ने गतिलो आधार तयार गरेको छ । साथै, अर्कोतर्फ भुसाल-वंशसँग जोडिएका अर्घा, खाँची, इस्मा, धुरकोट, मुसिकोट, गुल्मी, चन्द्रकोट, पाल्पा, पैञुँ तथा प्यूठानलगायत त्यस क्षेत्रका पुराना राज्यहरूको इतिहास बुझ्न र वर्तमान अवस्थाको जानकारी लिन समेत मद्दत पु-याएकोछ । हालसम्म अलमलमा रहेको धनञ्जय गोत्रीय भुसाल-वंशको ऐतिहासिक पृष्ठभूमि खुलस्त पार्दै ऐतिहासिक थात-थलोको खोजिगरी धनञ्जय गोत्रीय भुसाल-वंशको रेखाङ्कनसमेत गरिदिनु भएकोमा धन्यवाद दिंदै भोलिका दिनमा पनि लेखकको कलमले आफ्नो वंश गोत्रको खोजीमा निरन्तरता पावस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

प्रा. डा. शिवलाल भुसाल
शिक्षाध्यक्ष

फोन नं.: ४३३०३३६, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: rectoroffice@tribhuvan-university.edu.np, पो.ब.नं.: ८२१२

# शुभकामना

प्रिय सखा युवराज भुसालले बडो जाँगरसाथ **हाम्रो भौगोलिक इतिहास** (भुसाल-वंश, अर्घा र त्यसका छिमेकी राज्यहरूको सङ्क्षिप्त इतिवृत्त) नामक ग्रन्थ तम्तयार पारी प्रकाशन गर्न लाग्नु भएकोमा अपार आनन्द लागेको छ। मैले वि.सं. २०४१ सालदेखि पाल्पा, प्यूठान, गुल्मी, अर्घा र खाँचीको इतिहास अध्ययन गर्ने क्रममा अर्घा, रजस्थल तथा पुरकोटका भुसालवंशी बन्धुहरूको इतिहास पनि बडो ऐतिहासिक भूमिकाले भरिपूर्ण भएको पाई इतिहासमा संलग्न गराई प्रकाशनार्थ आजभन्दा करिब १५ वर्ष पहिले अर्घाखाँची जिल्लाका श्री गोपाल खनाललाई ५७५ पृष्ठको टाइप प्रति दिएकोमा हराएको सूचना प्राप्त भयो। त्यसको पाण्डूलिपि मात्र अब मसँग बाँकी छ, प्रकाशन भइहाल्ला।

त्यसै बीचमा त्रिभुवन विश्वविद्यालयबाट विकास प्रशासनमा स्नातकोत्तर तहको अध्ययन पूरा गरी, जर्मनीको डोर्टमुण्ड विश्वविद्यालयबाट क्षेत्रीय विकास योजना तथा व्यवस्थापनमा पोष्टग्रेजुयट डिप्लोमा तथा एशियन इन्स्टिच्यूट अफ टेक्नोलजीबाट समेत स्नातकोत्तर तहमा स्वर्ण पदक विजेता युवराज भुसालले निकै मेहनत लगाएर गण्डकी प्रदेशका केही चौवीसी राज्यहरूको परिचयसाथ भुसालवंश तथा खानदानका महानुभावहरूको विभिन्न भूगोलमा बसोबासको विवरण एवं वर्तमान गुल्मीको पुरकोटका भुसाल बन्धुहरूको वंशक्रमलाई इतिहासमा घोलेर प्रस्तुत गर्नुभएको छ।

वर्तमान नेपालमा वंशावली खोज्ने लहर तथा जातीयताका आधारमा सरकारी सहुलियत र आरक्षण-सुविधा भोग गर्ने लालसा बढिरहेकोमा देशको इतिहासलाई लङ्गडो बनाउन थालिएको छ। किनभने वंशावली लेख्दा ४००-५०० वर्ष पुरानो, १०००-१२०० वर्ष पुरानो कुरा लेख्दा लेखक सोही परिवेशमा रहेर लेख्नुपर्छ। त्यस बेलादेखि हालसम्म गण्डकी, कोशी र कर्णाली नदीहरूमा कति पानी बग्यो, त्यस प्राचीन कालका ती गण्डकीका छालहरूलाई समातेर लेख्नुपर्ने हुन्छ, तर त्यो पाइन्न।

प्रस्तुत ग्रन्थमा युवराज भुसालले प्राचीन इतिहास, भूगोल, समाज, संस्कृति, राजनीति, प्रशासन र आपसी सम्बन्धसहितको कुरा समावेश गर्दै आफ्नो पुर्ख्यौली थलोलाई पर्गेल्दै वर्तमान कालसम्मका आरोह-अवरोहरूलाई पाठक समक्ष राख्न र इतिहास र भूगोलको महत्वको सफलतासाथ प्रस्तुत गर्नुभएको छ। यसमा धेरै कुरा सङ्क्षेपमा छन्, व्याख्या गर्न खोज्दा ग्रन्थ दीर्घकाय बन्दछ र उहाँले साङ्केतिक सूत्रात्मक रूपमा यस ग्रन्थमा समेटेर सफल लेखकको परिचय प्रस्तुत गर्नुभएको छ। अतः उहाँको जाँगर निरन्तर रहोस् भन्ने शुभ-कामना दिन चाहन्छु।

**प्रा.डा. राजाराम उपाध्याय सुवेदी 'त्र्यम्बक'**
कास्कीकोट, कास्की
हाल : कीर्तिपुर, काठमाडौं।

# शुभाऽऽशंसा

श्री युवराज भुसाल गुल्मी जिल्लाको २ नं. निर्वाचन क्षेत्रअन्तर्गत रहेको हाल मधाने गाउँपालिकाभित्र पर्ने बाँजकटेरी गाउँमा जन्मेको, हुर्केको, बढेको, खाएको, खेलेको तथा पठित-शिक्षित एवं सरल स्वभाव र चालचलन भएको सज्जन व्यक्ति हुनुहुन्छ । जीवन यापनका सन्दर्भमा केही न केही काम गर्नुपर्ने हुँदा उहाँ नेपाल सरकारको निजामती सेवामा रहेर सरकारी कर्मचारीका रुपमा धेरै वर्ष सेवा गर्नुभयो । उहाँको अध्ययन एवं अथक परिश्रमको फलस्वरुप सरकारी सेवामा बढुवा हुँदै नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको सचिव पदसम्म पुग्नुभयो । सरकारी सेवामा रहँदासम्म उहाँको कार्यशैली पारदर्शी रह्यो । सधैं सत्य र खरो कुरा गर्ने स्वभाव भएको हुँदा सेवा निवृत्त हुँदा पनि उहाँको बेदाग अवतरण भयो ।

प्रतिभाशाली व्यक्ति केही न केही काम नगरेर चूप लागेर बस्न सक्दैन । सेवा निवृत्त अवस्थामा पनि उहाँले आफ्नो अध्ययन तथा लेखनलाई बढाउँदै रहनुभयो । उहाँको भित्री मनको जिज्ञासालाई शान्त पार्न विद्यार्थी कालमा पनि पढिएका र नम्बर तथा प्रमाणपत्रद्वारा जोखिएका र जाँचिएका विषयहरूले नसकेको अनुभव भयो होला । त्यसैले उहाँ प्राचीन मनुस्मृति आदि धर्मशास्त्र एवं भागवत- देवीभागवत आदि पुराणहरूको अध्ययन तथा चिन्तन-मनन गर्ने कार्यमा प्रवृत्त हुनुभयो । यसका साथै नेपाल तथा भारतवर्षको पनि ऐतिहासिक अध्ययन एवं खोज गर्न लाग्नुभयो । खालिसमय केही नगरी बिताउनु वा गफ गरेर, तास खेलेर बिताउनु भन्दा केही अध्ययन गर्नतिर लाग्नु राम्रो हो भन्ने मलाई लाग्दछ ।

केवल राजा-महाराजाहरूको तथा काठमाडौं (काष्ठमण्डप), वाराणसी (काशी), पटना (पाटलीपुत्र) एवं दिल्ली (हस्तिनापुर) आदि ठाउँहरूका इतिहास एवं संस्कृति लेखिने र पढिने गरेको देख्दा उहाँलाई एकप्रकारको आश्चर्य लाग्यो । उहाँका मनमा हाम्रा जिल्लाहरू, इलाकाहरू तथा क्षेत्रका पनि त इतिहास-संस्कृति-सभ्यता छन् । तिनको लेखन आजसम्म धेरैबाट लेखिएको देखिदैन । यस क्षेत्रमा आफूले बुझे अनुसार हामीले कलम चलाउनु राम्रो हो भन्ने लागेछ । यस्तो विचार मनमा आउनु पनि राम्रो हो भन्ने मलाई लाग्दछ । फलस्वरुप उहाँले आफू जन्मेको, हुर्केको, बढेको, देखेको, जानेको गाउँ-ठाउँ, क्षेत्र एवं

जिल्लाको भौगोलिक इतिहास भनौं अथवा ऐतिहासिक भूगोलको अध्ययन तथा लेखनतर्फ आफूलाई अग्रसर बनाउनु भयो। यसको परिणामस्वरुप एक राम्रो पुस्तक **हाम्रो भौगोलिक इतिहास** तयार पार्न सफल हुनुभयो।

हाम्रो नेपालका पहाडी गाउँ-ठाउँमा रहे बसेका ब्राह्मण वर्गको दुई प्रकारको परिचयात्मक विभाजन रहेको छ। ती हुन्- गोत्रहरू र थरहरू। शब्दकोष, पल्टाएर हेर्ने हो भने गोत्र शब्दका धेरै अर्थ भेट्टाउन सकिन्छ। तीमध्ये गोत्र शब्दको एउटा अर्थ शरीर हो र त्यो शरीरबाट जन्मजात भएको आनुवंशिकता पनि गोत्र शब्दको अर्थ हो। जस्तै- कश्यप ऋषिका सन्तानहरू काश्यप गोत्रीय भए, अत्रि ऋषिका सन्तानहरू आत्रेय गोत्रीय भए। भरद्वाज ऋषिका सन्तानहरू भारद्वाज गोत्रीय भनिए। यसरी हाम्रा परापुर्खा प्रथम पुरुषदेखि गोत्र विभाजन गरिएको र चल्दै आएको छ। यसैगरी हाम्रा नामका पछाडि रहने तथा कुल-वंशको परिचय बताउने गरेका थरहरू पनि धेरै छन्। जस्तै- पन्थी, पोखेल, अर्ज्याल, ढकाल, रिजाल, भुसाल आदि धेरै छन्। यीमध्ये खासगरी दुईथरी कारणहरूबाट थरहरूको विकास हुँदै आएको बुझिएको छ। ती दुईटा कारणहरू के के हुन् भने- एउटा स्थल भन्नाले ठाउँविशेषमा बसोबास गर्ने गरेका कारणले थरहरू चल्दै आए। जस्तै- घमिरमा बसेकाहरू घमिरे वा घिमिरे, अर्जैमा बसेकाहरू अर्ज्याल वा अर्याल, पोखरामा बसेका वा पोखरी भएको ठाउँमा बसेकाहरू पोखरेल, सिग्दीमा बसेकाहरू सिग्देल आदि। अर्को, कार्यविशेषमा लागेका कारणले पनि थरहरू चल्दै आए। जस्तै- यज्ञ संपादन गराउने आचार्यको काम गरेकाहरू आचार्य, भण्डारको कार्य संपादन गरेकाहरू भण्डारी, यज्ञमा नयाँ पानी ल्याउन सफल भएका न्यौपाने, पन्था (बाटोमा) हिंडिरहने गरेकाहरू पन्थी, राम्रोसँग वेद पढ्ने गरेकाहरू सुवेदी आदि थरहरू प्रचलित भएका देखिन्छन्।

उक्त कुरा भनौं गोत्र र थरको प्रादुर्भाव भएको कुरा यहाँ किन उल्लेख गरियो भने- यस कृतिका लेखक युवराज भुसाललाई पनि गाउँ-ठाउँ एवं क्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक परिचय एवं आफ्नो वंश भनौं कुलको पनि ऐतिहासिक तथा आनुवंशिक परिचय, पहिले कहाँबाट कसरी वंशपूर्वजहरू यो ठाउँमा आए, बसे, अघि बढे, सन्तानहरूको लालन-पालन एवं शिक्षा-दीक्षामा ध्यान दिए भन्ने र त्यो गाउँको पहिलेदेखि अहिलेसम्मको स्वरुप कस्तो थियौ? कस्तो भयो? र कस्तो रह्यो भन्ने विचार गर्नुका साथै त्यसको आर्थिक, सामाजिक, राजनीतिक स्वरुपलाई प्रस्तुत गर्नुभएको छ। यतिमात्र नभई अब आगामी

दिनमा यो गाउँ-ठाउँको स्वरुप कस्तो हुनुपर्दछ भन्ने किसिमको वाञ्छित मार्गचित्र पनि प्रस्तुत गरेर यो पुस्तिका अबका नयाँ पुस्तालाई पनि पठनीय एवं संग्रहणीय बनाइदिनुभएको छ। मेरा विचारमा यो उहाँको स्तुत्य एवं प्रशंसा गर्न योग्य कार्य हो। उहाँको यस्तो सत्कर्मलाई देखेर मेरो मनमा एउटा कविता आयो। जो यस्तो छ–

*प्रतिदिनं पठति शृणुतेऽनवं प्रकुरुतेऽपि च सज्जनसङ्गतिम्।*
*हरिहरं भजतेऽनुदिनं जनो द्रुतविलम्बितमेति शुभांगतिम्॥*

(अर्थात् जसले हरेक दिन केही पढ्दछ, पुराना राम्रा कुरा सुन्दछ, सज्जनको सङ्गत पनि गर्दछ। हरिहरको सेवा गर्दछ भने त्यस्तो मानिसले छिटो वा ढीलो शुभ गति पाउँछ)। म ठान्दछु- यसैगरी अरू अरू गाउँ-ठाउँ भनौ या भेकहरूमा रहेबसेका शिक्षित, सचेत एवं प्रबुद्ध व्यक्तिहरूले पनि यस्तै किसिमको भनौं त्यस ठाउँको विशेषतालाई प्रस्तुत गर्नेखालको चिनारी प्रस्तुत गरेर यथाशक्ति मातृभूमिको ऋण तिर्न उद्यत हुनसकेमा राम्रो हो। म मान्दछु- युवराज भुसाल यस कार्यमा प्रवृत्त हुनुभयो, अध्ययन तथा लेखन गर्नुभयो र सफल पनि हुनुभयो। अब यो पुस्तिका पढ्नेहरू उहाँपछिका भाइ-छोरा-भतिजाहरूले यस्तो सत्कार्यको अनुकरण तथा अनुसरण गरुन्।

मलाई लाग्दछ- अहिले युवराज भुसाल जहाँ बसेको भए पनि वा विदेशमा नै गएको भए पनि उहाँले सपनामा पनि आफ्नो जन्मभूमिको छाया-छवि देख्नुभयो। त्यसको विषयमा विचार गर्नुभयो, चिन्तन गर्नुभयो, खोज-अनुसन्धान गर्नुभयो र लेखन तथा प्रकाशन गर्नमा अग्रसर हुनुभयो। मातृभूमिको ऋण तिरेर मर्न चाहने सपूतहरू यस्तै हुनुपर्दछ।

*एकोऽपि गुणवान् पुत्रो निर्गुणैः किं शतैरपि।*
*एकश्चन्द्रो जगच्चक्षुर्नक्षत्रैर्बहुभिः किमु ?*

(अर्थात् गुणी छोरो एउटै भए पनि आफ्नो कुल-वंशलाई नै उज्यालो पार्न सक्छ। जस्तो कि एउटै चन्द्रमाले जगत्लाई उज्यालो पार्दछन् अरू धेरै ताराहरूले सक्दैनन्)।

यस कार्यका लागि युवराज भुसाल विशेषरूपमा धन्यवादार्ह पात्र हुनुहुन्छ। शिवजीका अनन्य भक्त भुसाललाई उहाँका कुलदेवताहरू तथा वंशपूर्वज पितृहरूले उहाँको तपस्याको फल दिऊन्। म उहाँको भूरिभूरि प्रशंसा गर्दै बधाइसमेत अर्पण गर्दछु। भविष्यमा पनि उहाँको कलम अविच्छिन्नरुपमा अग्रसर भइरहोस् भन्ने शुभाक्क्शंसा प्रकट गर्दै विराम लिन्छु। किमधिकम्,

**डा. लक्ष्मीकान्त पन्थी**

गुल्मी धुरकोट, वाग्ला-बडाचौर, हाल- काठमाडौं।

# प्रकाशकीय

वि.सं. २०२५ सालमा स्थापित किरण पुस्तकालयले आधा शताब्दीभन्दा लामो समयदेखि गुल्मीमा पठन संस्कृतिको विकास गर्न उपयुक्त स्थानको व्यवस्था गर्ने; पुस्तक, पत्रपत्रिकाको सङ्कलन गरी अध्ययन-अनुसन्धानको अवसर प्रदान गर्ने; शैक्षिक र साहित्यिक गोष्ठीहरूको आयोजना गरी प्रतिभाहरूको विकासमा उत्प्रेरणा जगाउने; लेखक, कविहरूलाई सम्मान गर्ने, पुरस्कार दिने; अन्वेषक, समीक्षक, लेखक, कविहरूका रचनालाई **हाम्रो पुरुषार्थ** पत्रिकाको माध्यमद्वारा प्रकाशनमा ल्याउने; ऐतिहासिक विषयवस्तुको शोध-खोज र संरक्षणमा ध्यान दिने; भाषा, साहित्य, धर्म, संस्कृतिको उन्नयनमा टेवा पुऱ्याउने र विशेष गरी गुल्मीको समग्र ऐतिहासिक पक्षलाई क्रमशः समाजसमक्ष प्रस्तुत गर्दै जाने उद्देश्य राखेर तदनुरूप यथासम्भव कार्य गर्दै आइरहेको छ। यसै क्रममा पुस्तकालय प्रकाशनमालाको बीसौं पुष्पको रूपमा अहिले **हाम्रो भौगोलिक इतिहास**लाई प्रस्तुत गरिएको छ।

पुरानो अर्घा राज्य र यसका छिमेकी राज्यहरू खाँची, धुरकोट, मुसिकोट, गुल्मी, चन्द्रकोट, इस्मा, प्यूठान, पाल्पा, पैत्रुँकोट आदिको सङ्क्षिप्त इतिवृत्तलाई यस पुस्तकमा समेटिएको छ। नेपालको एकीकरण हुनु पूर्व चौविसी राज्यअन्तर्गत अर्घा राज्यमा लामो समयसम्म गुरु-पुरोहित र काजीसमेत भई कामकाज गरेका भुसालवंशका व्यक्तिहरू अद्यापि अर्घाकोटको भगवती मन्दिरका पुजारीको रूपमा काम गरिरहेका छन्। यहाँको कोटको दुर्गा मन्दिरमा पुजारीको रूपमा पूजा गर्ने भुसालहरूको सुदीर्घ परम्परा रहेको छ। अर्घाकोटमा मात्र पूजा गर्न थालेको ४५ पुस्ताभन्दा बढी भएको छ। ४५ पुस्ताभन्दा बढी समयदेखि भुसालहरू अर्घाबाट देशका विभिन्न भागमा विस्तारित भएका छन्। अर्घा राज्यको राजकाज र शिक्षा-दीक्षाको क्षेत्रमा भुसालवंशको विशिष्ट योगदान रहेको छ। कालान्तरमा यहाँबाट अन्य स्थानमा बसाईं सरेर जाने भुसालवंशको पनि समयानुकूल सेवा समाजले पाइरहेको छ। त्यसकारण **हाम्रो भौगोलिक इतिहास**मा भुसालवंशको योगदानको बढी चर्चा हुनु स्वाभाविकै हो।

अर्घा भन्दाबित्तिकै यहाँका पुराना राजा, काजी र गुरुपुरोहितको नाउँ अगाडि आउँछ। वर्तमानमा हिजोका राजाहरू सबै प्रजा भइसकेका छन्। आज आइपुग्दा राजा-प्रजा सबै नागरिक बनेका छन्। नेपालमा राजा महाराजाको इतिहास केही अंशमा लेखिए पनि जनताको सिङ्गो र सग्लो इतिहास लेखिएको

छैन । आजको नेपाल हिजोको भुरेटाकुरे, बाइसी, चौबिसी आदि राज्यहरूको एकीकरणबाट बनेको हो। वर्तमान नेपालको निर्माणमा यहाँका सबै जात-जाति र थात-थलोको महत्वपूर्ण भूमिका यसको पृष्ठभूमिमा लुकेको छ। लुकेको इतिहासलाई प्रकाशमा ल्याउनका लागि गहन अध्ययन-अनुसन्धान हुनु जरुरी छ। नेपालका सबै गाउँ-ठाउँ र जात-जातिको इतिहास खोज्दै, बटुल्दै, लेख्दै, प्रकाशन गर्दै गएमा एक दिन सिङ्गो नेपालको सग्लो जन इतिहास तयार हुन सक्छ।

यसै परिप्रेक्ष्यमा यसपटक किरण पुस्तकालयले युवराज भुसालद्वारा शोध-खोज र सङ्कलन गरी लेखिएको **हाम्रो भौगोलिक इतिहास**लाई प्रकाशनमा ल्याउने काम गरिएको छ। यस पुस्तकबाट गुल्मी, अर्घा, खाँची र छिमेकी अन्य राज्यहरूको इतिहास बुझ्न र भुसालवंशबारे थाहा पाउन पाठकहरूलाई मद्दत पुग्नेछ भन्ने हाम्रो विश्वास छ। लेखक युवराज स्वयं भुसालवंशको हुनुभएको र कृतिलाई यथार्थपरक बनाउन धेरै कठिन परिश्रम गर्नुभएकोले यो कृति जनश्रुति र किंवदन्तीमा भन्दा प्रमाणका आधारमा संरचित छ। यसमा पौराणिक कालदेखि वर्तमान समयसम्म सत्यतथ्यलाई केलाई ब्रह्मर्षि विश्वामित्रपुत्र गोत्रकार धनञ्जय ऋषिदेखि पुस्तान्तरण हुँदै भुसालवंशसम्म आइपुग्दा के कति थरहरू कहाँ कहाँ विस्तारित भए भन्ने खोज गर्न धनञ्जय गोत्रीय अन्य थरका व्यक्तिहरूलाई पनि यसले गोरेटो देखाउनेछ।

युवराज भुसाल एउटा अध्ययनशील र परिश्रमी लेखक हुनुहुन्छ। नेपाल सरकारको सचिव पदबाट सेवा निवृत्त भएपछि पनि उहाँ गहन अध्ययन र लेखन कार्यमा संलग्न हुँदै आउनुभएको छ। यस पुस्तकको अन्त्यमा दिइएको १० पृष्ठको सन्दर्भ-सूचीले यसलाई प्रमाणित गर्दछ।

किरण पुस्तकालयको तर्फबाट यस कृतिको सर्वाधिकार पुस्तकालयमैं रहने गरी प्रकाशन गर्ने अवसर प्रदान गर्नुभएकोमा हामीले लेखकप्रति आभार प्रकट गर्दछौं। पुस्तकमा आफ्ना महत्वपूर्ण विचारसहित शुभकामना, शुभाऽऽशंशा दिनुहुने नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेती, त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. शिवलाल भुसाल, प्रा.डा. राजाराम सुवेदी र डा. लक्ष्मीकान्त पन्थीप्रति पनि हामी कृतज्ञता प्रकट गर्दछौं। लेखक युवराज भुसालमा अझै पनि केही गरौं भन्ने जोस र जाँगर छ। हामी उहाँको परिश्रमको प्रतिफलको रूपमा अन्य कृतिहरूले पनि प्रकाशनमा आउने मौका पाऊन् भनी शुभकामनासमेत व्यक्त गर्दछौं।

**प्रा. शशि पन्थी**

अध्यक्ष

किरण पुस्तकालय, तम्घास, गुल्मी

# प्राक्कथन

आज पनि हाम्रो समाजमा *जित्नेको नाम सिकन्दर* भन्ने कहावत चल्तीमा छ । युनानवासी सिकन्दर द ग्रेट (ईशा पूर्व ३५६-३२३) तत्कालीन शक्तिशाली ग्रिस राज्य मेसेडोनियाका प्रशासक थिए । केवल ३३ वर्षको आयु लिएका उनले २० वर्षको उमेरदेखि १३ वर्ष मात्र शासन गर्ने अवसर पाएका थिए तापनि यही अवधिमा धेरै राज्यहरूको विजय गर्न सफल भएकाले उनलाई एक कुशल प्रशासक तथा यशस्वी सेनापति मानिन्थ्यो । उनको गौरवपूर्ण इतिहास लेखियो, संसारले आज पनि उनको नाम लिइरहन्छ । यही आधारमा होला यस्तै विजयी, यशस्वी व्यक्ति, राजा, प्रधानमन्त्री, काजी वा राजघरानाका खानदानी परिवारको मात्र वंशावली तथा इतिहास लेख्ने लेखाउने परिपाटी हाम्रो समाजमा पनि चलिआएको । सर्वसाधारण व्यक्ति, परिवार तथा उनको बसोबास भएका भूगोलका कुना-काप्चाका कथाहरू विरलै लेखिएका छन्, यद्यपि वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपश्चात् नेपालमा पनि विभिन्न जात-जातिहरूले आ-आफ्नो वंशावली, पुस्तावली, इतिहास, संस्कृति तथा परम्परालाई उजागर गर्ने थप प्रयास गरेको पाइन्छ । यसै प्रसँगमा, हामी भुसाल परिवारले पनि आफ्नो पूर्ख्यौंलीको खोजीमा लाग्न व्यक्तिगत तथा संस्थागत दुवै तरिकाले प्रयास गरिरहेका छौं । यसमा घोत्लिदै जाँदा सृष्टिको उषाकालदेखिको जानकारी लिनका लागि पश्चिमी शैलीको वैज्ञानिक विकासवादमा मात्र भर नपरी हाम्रै पूर्वजहरूले रचेर हामीलाई जिम्मा लगाइदिएका वेद, उपनिषद्, स्मृति, पुराणलगायतका ग्रन्थहरूको अध्ययन गर्नु पनि नितान्त जरूरी देखियो ।

यसै आधारमा मैले हामी को हौं ? हाम्रा पुर्खा को थिए ? हामी कहाँबाट आजको यस भूगोलमा आइपुग्यौं ? हाम्रो बसोबास कहाँबाट र कसरी आरम्भ भयो ? हाम्रो नियमित आप्रवासनको प्रवाह कसरी चलिरहेको छ ? साथै, हामीसँगै हाम्रा वरिपरि रहेका परिवार, समाज तथा राज्यहरूको निर्माण वा गठन कसरी भयो ? भन्ने आदि उत्सुकताको उत्तर खोज्ने क्रममा यो दस्तावेज तयार भएको हो । यसमा हाम्रो विगतलाई उधिनेर निकाल्ने, वर्तमान अवस्थाका केही समीक्षात्मक टिप्पणी गर्दै वाञ्छित भविष्यको मार्गचित्र कोर्ने धृष्टता पनि गरिएको छ । खास त वि.सं. २०३२ साल श्रावणदेखि म पृथ्वीनारायण क्याम्पस, पोखरामा अध्ययन

गर्दा इतिहासका एक प्राध्यापक डा. श्रीरामप्रसाद उपाध्यायले मलाई छात्रवृत्तिका लागि अन्तर्वार्ता लिदा भुसाल भनेको के हो ? यो थर कसरी रह्‌यो ? भनी सोधनी भएको प्रसँग नै मेरालागि कौतुहलको विषय बनेको थियो । हाम्रो घर गुल्मी, पुरकोटबाट यसको उत्तर नपाएपछि प्रातःस्मरणीय बुवा तत्कालीन मुखिया स्व. कविराम भुसालको सल्लाहअनुसार २०३४ सालमा नै हाम्रो पुर्ख्यौंलीस्थल अर्घातिर कुरा बुझ्न पुगें । अर्घाका बन्धुहरूबाट पनि परस्परमा बाझिनेखालका कहानीहरू सुनियो । पछि अर्घाखाँची जिल्लामै सरकारी सेवामा कार्यरत हाम्रा मान्यवर दाजु लेखा अधिकृत हिमालयप्रसाद भुसाल तथा ना. सु. टोपप्रसाद भुसालसँग जिज्ञासा राख्दा केही महत्वपूर्ण जानकारी पाएँ । उहाँहरूले अर्घाका राजगुरु वंशका जिम्माल तथा ज्योतिष स्व. जीवानन्द भुसालसँगबाट केही टिपोट सङ्कलन गर्नुभएको रहेछ, सो लिएँ । पछि जिम्माल तथा ज्यो. स्व.जीवानन्द भुसालकै सुपुत्र ज्यो.पं. तेजनाथ भुसालसँग सम्पर्क गर्दा धेरै कुराहरू खुले । पछि जीवानन्द भुसालकै भतिजा तत्कालीन जनस्वास्थ्य अधिकृत लेखनाथ भुसालबाट उहाँका हस्तलिखित दस्तावेज पनि प्राप्त भए । अर्घा, कुँडापानी निवासी आदरणीय दाजु पूर्व सांसद तथा राज्यमन्त्री श्री रेवतीप्रसाद भुसाल, पूर्व डेपुटी गभर्नर दाजु लेखनाथ भुसाल तथा अधिवक्ता जगन्नाथ भुसाल, भतिजा वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा भुसालहरूबाट अर्घा-पुरकोटको बसोबासको सन्दर्भ तथा केही महत्वपूर्ण ऐतिहासिक घटनासमेतको जानकारी उपलब्ध भयो ।

नवलपरासी, अरुणखोला निवासी काशीराम भुसालबाट प्राप्त पाल्पाली राजा मुकुन्द सेन (द्वितीय) को वि.सं. १८२९ मा जनार्दन जैसी भुसाललाई पाल्पा, बहादुरपुरमा बिर्ता दिइएको लालमोहर तथा ऐ. १८७७ मा एकीकृत नेपाल अधिराज्यका राजा श्री ५ राजेन्द्र वीरविक्रम शाहदेवका लालमोहरबाट बासट्ठी हरणमा परेको सो बिर्ता थमौती गरिएको लालमोहरले पाल्पाको राजदरबारमा गएका भुसालवंशको तथ्यलाई थप पुष्टि गरेको पाएँ । मेरो अनुसन्धानले अझ तीव्रता लियो, थप अनुसन्धान जारी नै राखें । वि.सं. २०५४ साल ज्येष्ठ ३२ गते मुलुकका विभिन्न जिल्लाहरूबाट काठमाडौंमा आई बसोबास गरिरहेका भुसालबन्धुहरूको काठमाडौंको बल्खु, बासुकीचौरमा एक सम्मेलन गरी **भुसाल सम्पर्क समाज नेपाल** गठन गरियो । सो भेलाबाट यसको अध्यक्षको जिम्मेवारी पनि मलाई नै सुम्पियो । समस्त भुसालबन्धुहरूबाट प्राप्त यस जिम्मेवारीलाई

निर्वाह गर्दै तथा आफ्नो सरकारी सेवाको सम्पर्कलाई उपयोग गर्दै हाम्रो भौगोलिक इतिहासको खोजीमा निरन्तर लागिरहें । गुल्मीको पुरकोट-बाँजकटेरीबाट कपिलवस्तुको कोपवा, भकलापुर बसाइँ सरी जानुभएका स्व. ज्यो. देवीराम भुसाल (बर्माली) को पुरकोटतिरको वंशावलीको केही टिपोट पनि वि.सं. २०६४ सालमा नै लिइहालें ।

वि.सं. २०७६ सालको माघ ९ गतेदेखि नेपालमा सुरु भएको कोरोना विषाणुको कारण बाह्य भ्रमण बन्दप्राय: भएको अवसरमा यस समयलाई उपयोग गर्दै गर्दा यो सानो पुस्तक तयार हुन गयो । यस क्रममा मसँगै निरन्तर रूपमा सम्पर्कमा रहनुभएका अर्घा, मैदान निवासी चिकित्सक नारायणप्रसाद भुसाल तथा ऐ. कुर निवासी शिक्षक विष्णुभक्त भुसाल एवं नेपाल सरकारका पूर्व शाखा अधिकृत ईश्वरीप्रसाद भुसालको सहयोग पनि उल्लेखनीय रह्यो । पुस्तकलाई यो रूपमा तयार गर्दा केही पौराणिक तथा ऐतिहासिक साहित्यको अध्ययन गरिएको, हाम्रा पूर्वजहरूका कच्चा हस्तलिपिमा राखिएका अभिलेखको उपयोग गरिएको, अर्घा दरबार क्षेत्रको दुर्गा भगवती मन्दिर हातामा झुण्डाइएका वि.सं. १९४३ साल देखिका घण्टहरूमा लेखिएका विवरण टिपिएको, भुसालबन्धुसँग रहेका लालमोहर भनिने केही लिखत प्राप्त भएको, समकालीन समाजका जानकार केही व्यक्तिहरूसँग सोधपूछ गरिएको तथा कतिपय जनश्रुतिहरूलाई समेत यसमा आधार लिइएको छ ।

साथै, गुल्मी, अर्घाखाँची, पाल्पा, स्याङ्गजा, पर्वत, बाग्लुङ, प्यूठान, रोल्पा, चितवन, पूर्व नवलपरासी, पश्चिम नवलपरासी, रूपन्देही, दाङ, सल्यान, सुर्खेत, दैलेख, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरलगायत भारत, उत्तराखण्डको अल्मोडा (रानीखेतक्षेत्र) र उत्तरप्रदेश, बाँसी क्षेत्रको स्थलगत अध्ययन समेत गरियो । वि.सं. २०७६ साल पौष ५ देखि ऐ. १७ गतेसम्म गुल्मी, जोहाङ् (पिपलनेटा) का स्व. भवीश्वर भुसाल, अर्घा, धरमपानीका हेमराज भुसाल, ऐ. कुरका ईश्वरीप्रसाद भुसालसमेत सम्मिलित हाम्रो अध्ययन टोलीबाट दैलेखको दूल्लु क्षेत्र तथा भारतका केही स्थानहरूको स्थलगत अध्ययन भ्रमणसमेत गरियो । २०७६ माघ १ गतेदेखि ऐं ९ गतेसम्म तनहूँ जिल्लाको देवघाटस्थित रामराम बाबाको आश्रममा रहेको दुर्गा मन्दिरमा भएको श्रीमद्भागवत महापुराणमा संलग्न भई पर्वत-स्याङ्जा भेगका पुराणवाचक पण्डित तोयनाथ भुसाल, प्रा.डा. मोहनीलाल भुसाललगायतका

विद्वान् बन्धुहरूसँगको अन्तर्क्रिया, छलफल, विमर्श आदिबाट पनि यस अध्ययनलाई परिमार्जन गर्न मद्दत मिल्यो ।

अध्ययन गरिएका अन्य वंशावलीहरूमा अर्याल (तीन पुस्तक), भण्डारी (दुई पुस्तक), वस्यालका (दुई पुस्तक), भट्टराई (दुई पुस्तक), खनाल (दुई पुस्तक), गुरागाईं, गर्ग गोत्रीय आचार्य, धनञ्जय गोत्रीय मरासिनी, रिजाल, धमला, पौडेल, ज्ञवाली, घृतकौशिक गोत्रीय पण्डित, बेलबासे तथा अर्घा, खाँची र धुरकोटका मेधासी शाह/मल्ल वंशावली समेतलाई सन्दर्भ ग्रन्थको रूपमा लिइएको छ । गुल्मेली समाजद्वारा वि.सं. २०६२ सालमा प्रकाशित **गुल्मी परिचय** नामक पुस्तक तथा अर्घाखाँची समाजले प्रकाशन गरेको **अर्घाखाँची परिचय** नामक पुस्तकहरूबाट पनि थप जिज्ञासाका साथै अलि फराकिलो सोंच बनाउनुपर्ने उत्प्रेरणा जागृत भयो । भुसाल सम्पर्क समाज, नेपालद्वारा प्रकाशित **भूउद्यान** पत्रिकाका अंकहरू, भुसाल वंशावलीका आंशिक विवरण समेटी प्रकाशित गरिएका अर्घाखाँची, भुसाल वंशका बारेमा लेखिएका वाङ्ला निवासी शिक्षक कुलचन्द्र भुसालको पुस्तक (२०७२), ऐ. हंसपुर, पाल्ले निवासी माधव भुसालको पुस्तक (२०७४), गुल्मी, पुरकोट बाँजकटेरी निवासी दाजु हिमालयप्रसाद भुसालको पुस्तक (२०७५) पनि अनुसन्धानमा सहायक बनेका छन् ।

यसको अलावा, विश्वव्यापी अन्तरसञ्जाल, गुगल, फेसबुक, इमेल, भाइबर, टेलिफोनबाट अन्य आवश्यक सूचनाहरू सङ्कलनको काम गरियो । काठमाडौंस्थित नेपालको राष्ट्रिय अभिलेखालयमा रहेका माइक्रो-फिल्मको सङ्कलन, सम्बन्धित ताम्रपत्रको खोजी, प्राप्ति तथा तिनको पुरातत्वविद्सँग नेपाली भाषामा रूपान्तरण, विभिन्न स्मृति ग्रन्थहरूको अध्ययन, विद्वान् व्यक्तित्वहरूसँगको छलफल ( इतिहासविद् पूर्णप्रकाश नेपाल यात्रीका सुपुत्र प्रा.डा. शैलेन्दु नेपाल, प्रा.तिलक लुइँटेल, वाल्मीकि विद्यापीठका तत्कालीन प्राचार्य गुल्मी, मुसिकोटका गणेश घिमिरे, गुल्मी, मधाने-३, सिमका उपप्राध्यापक स्थानेश्वर भट्टराई, गुल्मी, खड्गकोटका समाजसेवी टीकाराम ढकाल आदि) ले पनि मेरा कतिपय जिज्ञासाहरू शान्त गराउनु भएको छ ।

यो पुस्तक तयार गर्ने क्रममा प्रत्यक्षरूपमा मलाई मार्गदर्शन तथा प्रोत्साहन गर्नुभएका र पुस्तकको संक्षिप्त समीक्षासमेत गरिदिनुभएका मेरा अग्रज धुरकोट, वाग्ला-बडाचौरका प्रा.डा. लक्ष्मीकान्त पन्थीप्रति म आभार तथा कृतज्ञता प्रकट

गर्दछु। आफ्नो अमूल्य समय दिई शुभकामना प्रदान गर्नुभएका नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति प्रा.डा. गङ्गाप्रसाद उप्रेतीप्रति कृतज्ञता प्रकट गर्दछु। अध्ययन अनुसन्धानको क्रममा आफूसँग भएका महत्वपूर्ण ऐतिहासिक पुस्तकहरू उपलब्ध गराउँदै शुभकामना मन्तव्यका लागि इतिहासकार प्रा.डा.राजाराम उपाध्याय सुवेदीप्रति पनि म आभारी छु। यसैगरी हाम्रा बन्धु त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा.शिवलाल भुसालको मार्गदर्शन तथा शुभकामनाका लागि पनि आभारी छु। वन्दावन्दीको समयमा पनि नेपाल प्रज्ञा प्रतिष्ठानको पुस्तकालयमा मलाई सहज पहुँच मिलाईदिई मेरो अध्ययन अनुसन्धान कार्यमा सहयोग गर्नुहुने सो प्रतिष्ठानमा कार्यरत अधिकृत कर्मचारी तथा साहित्यकार राधा दुलाल कार्की, पुस्तकालयका अधिकृत द्वय उत्तम थापा एवं गायत्री सिग्देल सुवेदीको गुन पनि कदापि बिर्सन सकिंदैन।

यस कृतिको प्रकाशनको जिम्मा लिई पाठक वर्गसमक्ष पुऱ्याउन मद्दत गरिदिने किरण पुस्तकालयका अध्यक्ष तथा **हाम्रो पुरुषार्थ** राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाका प्रधान सम्पादक प्रा. श्री शशि पन्थी, प्रा. श्री दीन पन्थीलगायत पुस्तकालय सञ्चालक समितिका पदाधिकारीहरू धन्यवादका पात्र हुनुहुन्छ। पुस्तकमा उल्लेखित सबै ऐतिहासिक दस्तावेज र ताम्रपत्रको नेपाली भाषामा रुपान्तरण गर्न सहयोग गर्नुभएकोमा पुरातत्व विभागका उपसचिव रामबहादुर कुँवर धन्यवादका पात्र हुनुहुन्छ। पुस्तक तयारीका विविध चरणमा उत्साहित गर्ने भाइहरू सहसचिव जीवलाल भुसाल, उपसचिव दुर्गाप्रसाद भुसाललाई धन्यवाद ज्ञापन गर्दछु। पुस्तकको शुद्धाशुद्धि हेरी सघाउनुभएकोमा प्रा.डा. लक्ष्मीकान्त पन्थी, नेपाल सरकारका उपसचिव भाइ ऋषिराम भुसाल, पं. छविराज पन्थी, श्रीमती प्रमिला मल्ल भुसाललाई पनि धन्यवाद ज्ञापन गर्दछु। यस अध्ययन कार्यमा मलाई निरन्तर सघाइरहेकी मेरी सहधर्मिणी उर्मिला भुसालको योगदान अतुलनीय छ। मलाई यस अनुसन्धानमा सदा प्रोत्साहन र उत्साह दिने छोरी नमिता पौडेल, छोराहरू डा. बुद्ध तथा ई. नितेशलाई पनि सम्झनै पर्दछ। यसप्रकारको मेरो प्रकाशन पहिलो भएकाले यसमा सुधार गनुपर्ने धेरै विषयहरू हुन सक्दछन्, पाठकहरूको प्रतिक्रिया तथा पृष्ठपोषणको आधारमा अर्को संस्करणमा सुधार गरी प्रकाशन गरिने प्रतिबद्धता व्यक्त गर्दछु।

अन्त्यमा, यस पुस्तकको कम्प्युटर सेटिङ्ग तथा डिजाइन गरिदिने धन बहादुर

महर्जन, समयमा नै छपाइ गरिदिई वितरणमा सहजीकरण गर्ने पुरकोट अफसेट प्रेसका प्रमुख श्री नवीन सेनलाई पनि साधुवाद छ। यो पुस्तक छपाइको समग्र चरणमा समन्वय गरी साथ दिनुभएकोमा देवचुली, नवलपसारीका हाल काठमाडौं महानगरपालिकामा सेवारत निर्देशक श्री यादव घिमिरेलाई धेरै धेरै धन्यवाद ।

विनीत,

**युवराज भुसाल**

# शीर्षक सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| मङ्गलाचरण | |
| शुभकामना | |
| प्रकाशकीय | |
| प्राक्कथन | |

**खण्ड : एक**

**पौराणिक काल**

| | |
|---|---|
| १. सृष्टिचक्र | ३ |
| २. आर्यावर्त राज्य : चन्द्रवंशी र सूर्यवंशी राज्य | ५ |
| ३. चन्द्रवंशी राज्य : प्रयागराज-गाधिपुर-कान्यकुब्ज | ८ |
| ४. आर्यावर्त नरेश विश्वरथ, ब्रह्मर्षि विश्वामित्रका रूपमा | ११ |
| ५. ब्रह्मर्षि विश्वामित्रका सन्तान : राजाबाट राजगुरु | २१ |

**खण्ड : दुई**

**ऐतिहासिक काल**

| | |
|---|---|
| १. कान्यकुब्ज राज्यबाट उत्तराखण्ड र नेपालतर्फको आप्रवासन | ३१ |
| २. खस साम्राज्य र कान्यकुब्जी आर्य समुदाय | ३९ |
| ३. खस साम्राज्य र अछामबाट फैलिएका धनञ्जय गोत्रीय परिवार | ४४ |
| ४. खस साम्राज्यमा धनञ्जय गोत्रीय भुसाल परिवार | ५५ |
| ५. स्वतन्त्र अर्घा राज्यको स्थापना | ५७ |

**खण्ड : तीन**

**अर्घा र छिमेकी राज्यहरूको संक्षिप्त इतिहास**

| | |
|---|---|
| १. अर्घा : पाल्पा-संरक्षित राज्यको रूपमा | ७५ |
| २. खाँची | ८० |
| ३. धुरकोट | ८२ |
| ४. मुसिकोट | ८५ |

५. गुल्मी ८७
६. चन्द्रकोट ९१
७. इस्मा ९५
८. प्यूठान १००
९. पाल्पा १०१
१०. पैञुँकोट १०७

## खण्ड : चार
## अर्घाबाट फैलिएका भुसालवंश

१. अर्घा तथा खाँची १११
२. पर्वत-स्याङ्जा ११३
३. पाल्पा-लमजुङ् ११५
४. गुल्मी, जोहाङ् ११८
५. अन्य गुल्मी, धुरकोट, इस्मा, मुसिकोट आदि १२०

## खण्ड : पाँच
## पुरकोटमा भुसालवंश

१. पुरकोटमा बस्ती विकास र विस्तार १२५
२. दुर्गा-भगवतीको मन्दिर (कोट) स्थापना र पूजाको व्यवस्था १२८
३. मालिका देवीको पूजा परम्परा १३४
४. ब्रह्मदेवता तथा सिद्ध-वराह (मष्ट)को पूजा १३९
५. गैंडु-गोसाइँ आदि देवता १४२

## खण्ड : छ
## पुरकोटको आर्थिक, राजनैतिक तथा प्रशासनिक इतिवृत्त

१. नेपाल एकीकरणपछिको पुरकोटक्षेत्र १४५
२. राणा प्रशासनमा पुरकोटक्षेत्र १४७
३. प्रजातन्त्रपछिको पुरकोटक्षेत्र १५०
४. पुरकोट भेगका तत्कालीन प्रमुख परिवार १५४
५. पुरकोट मौजाका भुसाल तालुकदारहरू १६४

## खण्ड : सात
## पुरकोटको बढ्लिंदो परिविश


१. राजनीति तथा प्रशासन १९७
२. सामाजिक परिवेश २०२
३. आर्थिक अवस्था २१०
४. विद्युत्, यातायात तथा सञ्चारको उपयोग २१३
५. वाञ्छित भावी मार्गचित्र २१४


## सन्दर्भ ग्रन्थसूची


**सन्दर्भ सामग्री** **२१८**
**अनुसूची १.** पौराणिक वंशावली २२९
**अनुसूची २.** अर्घाका राजा र राजगुरु २३६
**अनुसूची ३.** पाल्पा, बहादुरपुर क्षेत्रको बिर्तापत्रको लालमोहर १ २३८
**अनुसूची ४.** बासट्टी-हरणपछि बहादुरपुरको बिर्ता थमौतीको लालमोहर १ २३९
**अनुसूची ५.** अर्घाबाट पुरकोट गएका भुसाल वन्धुहरूको सङ्क्षिप्त विवरण २४१

# खण्ड एक
# पौराणिक काल

# १. सृष्टिचक्र

हाम्रो साँस्कृतिक ग्रन्थ **शिवमहापुराण** अनुसार यस ब्रह्माण्डमा सर्वप्रथम भगवान् सदाशिव र उहाँबाटै अष्टभूजा पराशक्ति जगदम्बिकाको उत्पत्ति भएको थियो। पौराणिक साहित्यमा भगवान् शिव स्वयम्भू अर्थात् अजन्मा, अप्रकट, निराकार, निर्गुण तथा निर्विकार हुनुहुन्छ, उहाँबाट नै विष्णु तथा ब्रह्माजीको उत्पत्ति भएको भनिन्छ। जे भए तापनि, यस ब्रह्माण्डका सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता त्रिदेव ब्रह्मा, विष्णु र महेश्वर (शिव) हुनुहुन्छ। यी त्रिदेवलाई एकसाथ सम्बोधन गर्दा ॐ बाट गरिन्छ। यो प्रणव अक्षर अ+उ+म ध्वनीबाट बनेको छ। संस्कृत शब्दकोशमा भनिएको छ, अकारो विष्णुरुद्दित उकारस्तु महेश्वरः मकारस्तु स्मृतो ब्रह्मा प्रणवस्तु त्रयात्मकः (आप्टे, १९८९)। (अर्थात् अकारबाट विष्णु, उकारबाट महेश्वर एवं मकारबाट ब्रह्माको स्मरण गरिन्छ। यसप्रकार ॐकार अक्षरले ब्रह्माजी सृष्टिकर्ता, विष्णु पालनकर्ता तथा महेश्वर संहारकर्ता हुनुहुन्छ। यही पौराणिक परम्पराबाट राज्यका तीन अङ्ग व्यवस्थापिका (ब्रह्माको स्वरूप), कार्यपालिका (विष्णुको स्वरूप) तथा न्यायपालिका (महेश्वरको स्वरूप) बनेका हुन्। सृष्टिकर्ता ब्रह्माजीबाट विभिन्न मानसपुत्रको सृष्टि भएको र ती मध्ये नारदजी पनि एक हुनुहुन्थ्यो, जसले ब्रह्मलोक, विष्णुलोक र शिवलोकका गतिविधिको सञ्चार गर्नुहुन्थ्यो। यही कारणले आधुनिक राज्य प्रणालीमा यी तीन अङ्गसँगै सञ्चार जगत्लाई राज्यको चौथो अङ्ग मानिएको छ।

**ब्रह्मपुराण** अनुसार ब्रह्माण्डका सम्पूर्ण सृष्टि चैत्र शुक्ल प्रतिपदाका दिन सृष्टिकर्ता ब्रह्माजीबाट आरम्भ भएका थिए। एक सृष्टिको आयु ४,२९,४०,८०,००० वर्ष बताइएको छ, जो ब्रह्माको एक दिन (कल्प) मात्र हुन्छ। वि.सं. २०७८ सालसम्म वर्तमान सृष्टिका १,९५,५८,८५,१२२ वर्ष वितेका छन्। सृष्टिको एक कल्पमा विभिन्न १४ मनु[1] रहने बताइन्छ, जसलाई मन्वन्तर भनिन्छ। एक मन्वन्तरको समयमा विभिन्न १४ अवधिका ७१ चतुर्युग (सत्य, त्रेता, द्वापर तथा कलि युग) हुन्छन्[2]। हरेक

---

१) ती १४ मनुहरू हुन्: स्वायंभुव, स्वरोचिष, उत्तम, तापस, रैवत, चाक्षुष, वैवस्वत, सावर्णि, दक्षसावर्णि, ब्रह्मसावर्णि, धर्मसावर्णि, देवसावर्णि, रुद्रसावर्णि तथा इन्द्रसावर्णि।

२) सत्य युग १७,२८,००० वर्ष, त्रेता युग १२,९६,००० वर्ष, द्वापर युग ८,६४,००० वर्ष तथा कलियुग ४,३२,००० वर्षको हुन्छ। यी चतुर्युगको योग ४३,२०,००० वर्षको हुन्छ। यो ७१ पटक घुम्दाका समय गुणन गर्दा ३०,६७,२०,००० वर्ष हुन्छ। यसलाई पुनः १४ मन्वन्तरको समयले गुणन गर्दा ४,२९,४०,८०,००० वर्ष हुन आउँदछ, जो ब्रह्माजीको एक सृष्टि हो। यही ७१ महायुगलाई एक मनुको समय वा प्राजापत्य मान पनि भनिन्छ। बर्तमानमा २७ चतुर्युग बितिसकेका छन्। बर्तमानमा अठ्ठाइसौं चतुर्युगको अन्तिम कलीयुग चलिरहेको छ, यो पनि ५,१२२ वर्ष व्यतित भैसकेको र यसको बाँकी समय ४२६,८७८ वर्ष छ।

कल्पको अन्त्यमा प्रलय हुन्छ, त्यसपछि ब्रह्माजीबाट पुनः अर्को सृष्टि हुन्छ, मनु र सप्तर्षिहरू पनि बदलिन्छन् । उदाहरणका लागि प्रथम स्वयंभुव मन्वन्तरका सप्तर्षिहरू अत्रि, अंगिरा, ऋतु, पुलह, पुलस्त्य, वशिष्ठ र मरीचि थिए भने अन्य मन्वन्तरका अलग अलग सप्तर्षिहरूको नामावली पनि ब्रह्मपुराणमा उल्लिखित छ । यस कल्पमा छ मन्वन्तर सम्पन्न भई हाल सातौँ **वैवस्वत** नामको मन्वन्तर चलिरहेको छ । यसमा अत्रि, कश्यप, गौतम, जमदग्नि, बशिष्ठ, भारद्वाज तथा विश्वामित्र नामका सप्तर्षिहरू छन् । सृष्टिको यो चक्र यसरी नै चलिरहन्छ ।

पृथ्वीमा मानव बस्ती वर्तमान इराक राज्यको मेसोपोटामिया नजिक रहेको सुमेरू नामक पर्वतबाट आरम्भ भएको थियो । संसारको पहिलो शहर (मानव बस्ती) मेसोपोटामियाको टिग्रिस र युफ्रेटस नदीहरू बिचमा रहेको **उरूक नगर** थियो । कालान्तरमा क्रमशः वर्तमान टर्कीको आरारत तथा त्यस पूर्वतर्फको ककेसिया पर्वतमालाबाट आरम्भ भएको मानवीय बसोबास विस्तारै पूर्व तथा पश्चिमतर्फ फैलिदै गयो । इतिहासविद् खत्रीका अनुसार पूर्वतर्फ वाल्ख, सिन्ध, पञ्जाब हुँदै आर्यहरूका शाखा-प्रशाखाले गङ्गा तथा अन्य नदीहरूका मलिला फाँटमा सभ्यताको विकास गरेका थिए । ... पश्चिम भारतको सिन्ध नदी उपत्यकाबाट पूर्वतिर विस्तारित हुँदै आएको वैदिक सभ्यता नै सिन्ध वा सिन्धुबाट हिन्दु हुन गएको तथा उनीहरूको धार्मिक व्यवहार, रीति, दर्शन, चिन्तन-प्रक्रिया र प्रतीकहरूको सामूहिक नाउँ नै हिन्दुधर्मका नामले इतिहासमा प्रसिद्ध भएको थियो । ... पूर्व वैदिक कालमा आर्यहरू रुद्र वा शिवलाई आफ्ना पिता र जगदम्बिकालाई माता मान्दथे (खत्री, २०५५:१५३-५५) ।

मानव जातिको उत्पत्ति र सभ्यताहरूको विकासक्रमका बारेमा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण राख्ने भारतीय महाकवि राहुल साङ्कृत्यायनका अनुसार आर्यहरू ढुङ्गाका गारा भएका, देवदारका हाँगा र पातबाट छाएका घरमा बस्दथे । उनीहरूको बस्तीको नाम नै स्वादु-प्रदेश (सुन्दर घर भएको प्रदेश) थियो । समयक्रममा आर्यहरू वक्षुतट पार गर्दै पामिर र हिन्दुकुशबाट पूर्वतर्फ बसाइँ सरे (साङ्कृत्यायान, २०७६:८९) । ती आर्यहरूको बस्तीलाई आर्यावर्त भनियो । लोक साहित्यकार डा. मधुसूदन गिरीका अनुसार मानव सभ्यताको जेठो र उत्पत्तिस्थल मानिएको सदाशिवको निवासस्थल मानसरोवरस्थित कैलाश-पर्वतको दक्षिणपूर्वमा रहेको वर्तमान नेपालको कालीकोट जिल्लाको मान्म मानव जातिका प्रथम पुरुष मनुको जन्मस्थल थियो। सिन्धुघाटीको सभ्यता पनि कैलाश-कर्णाली

सभ्यताकै अंश हो (गिरी, २०७६:७४) ।

आर्यावर्तका[३] विभिन्न भूभागमा पौराणिक तथा ऐतिहासिक कालखण्डमा फरक-फरक गोत्र-वंशका हिन्दु राजाहरूले राज्य गरे, युद्धका समयमा आफ्नो थातथलो पनि छाडी सुरक्षित स्थानतर्फ पनि सरे । यही क्रममा भारतवर्ष तथा वर्तमान नेपालको विभिन्न भौगोलिक क्षेत्रमा फरक-फरक वंशले शासन गरे । राष्ट्रगुरु योगी नरहरिनाथले सिन्धु नदीदेखि पूर्व मेकङ्ग नदी (भियतनाम), उत्तरमा जापान तथा दक्षिण इण्डोनेशियासम्म नै सूर्यवंशी राजाहरूकै भूमि भएको बताउनु भएको थियो । विश्वविख्यात इतिहासकार जोसेफ टुचीले प्राचीन कालमा इरानदेखि चीनसम्मको सभ्यतालाई साङ्सुङ् सभ्यता भनेका थिए । साङ्सुङ् सभ्यताभित्रको हिमाली क्षेत्रको समथर पानी जम्ने स्थानलाई जडान तथा पानी पग्लेर तल खस्ने दक्षिणतिरको भागलाई खसान भनिन्थ्यो (तिमिल्सेना, २०७७:७५) ।

## २. आर्यावर्त राज्य : चन्द्रवंशी र सूर्यवंशी राज्य

ब्रह्माजीको सृष्टिका प्रथम पुरुष स्वयंभुव मनु थिए । स्वायंभुव मनु र ब्रह्माजीबाटै रचित उनकी पत्नी शतरूपाबाट संसारका समस्त मानवको जन्म भएको मानिन्छ । ब्रह्माजीको छायाबाट उत्पन्न कर्दम ऋषि तथा स्वयम्भुव-मनुकी माइली छोरी देवहुतिबाट कन्या अनसूया जन्मिएकी थिइन् । अनसूयाको विवाह ब्रह्माजीकै नेत्रबाट जन्मिएका (मानसपुत्र) अत्रि ऋषिसँग भएको थियो । **अनसूया** तथा **महर्षि अत्रि**बाट तीन पुत्र (चन्द्रमा, दत्तात्रेय र दुर्वासा) को जन्म भएको थियो (कार्की, २०६२: ११) । महर्षि अत्रिको आश्रम तथा अत्रिपत्नी अनसुयाको तपःस्थली वर्तमान बझाङको **अत्रिथुम** थियो (पौडेल, २०६८:४७) । अत्रि ऋषिले बझाङस्थित सुरमासरोवरको सुन्दर चन्दनाद्रि वनमा ४८ वर्ष तपस्या गर्दा **अत्रिस्मृति** (अत्रिसंहिता) रचना गरेका थिए (शाह, २०७६:१) । पौडेल वंशावलीमा उल्लेख भएअनुसार आत्रेय गोत्रका वंश अत्रिपुत्र दत्तात्रयका सन्तान हुन् (अर्याल, २०६७:२) ।

ब्राह्मण, औषधि र नक्षत्रका अधिपति चन्द्रमा (सोम) र ताराबाट बुधको जन्म भयो । तपस्याका लागि पुरु नामक हिमालय पर्वतमा गएको बखत वैवस्वत-मनुकी पुत्री इलासँग बुधको गान्धर्व-विवाह भयो ।

---

३) मनुस्मृति, मानव-धर्मशास्त्र तथा अन्य सूत्रमा उल्लेख भएअनुसार आर्यावर्त (आर्यहरूको वासस्थान) को सिमाना पूर्वमा बङ्गालको खाडी, पश्चिममा अरब सागर, उत्तरमा हिमालय पर्वत (कैलाश-मानसरोवर) तथा दक्षिणमा विन्ध्याचल पर्वत शृङ्खलासम्म फैलिएको थियो ।



नक्शा साभारः विद्यालङ्कार, १९४२:३६

मनुपुत्र सुद्युम्न नामक राजाले स्त्रीरूप धारण गर्दा इलाको नाममा प्रकट भई एकवर्ष बुधसँग बिताएको अवस्थामा बुध र इलाबाट पुरुरवाको जन्म भयो । यसरी चन्द्रमाका सन्तानलाई **चन्द्रवंशी** (सोमवंशी) भनी पुकारिन थाल्यो । यी पुरुरवा नै आर्यावर्तका प्रथम चन्द्रवंशी राजा थिए, राजधानी प्रतिष्ठानपुर (प्रयागराज वा इलाहबाद) थियो । पौराणिक कालदेखि आर्यावर्तमा सोमवंश, सूर्यवंश, अग्निवंश, नागवंश आदि विभिन्न वंशले राजकाज गरेको पाइन्छ । **विष्णुपुराण**मा उल्लेख भएअनुसार राजा प्रियव्रतदेखि अग्नि वंशको प्रादुर्भाव, सूर्यपुत्र वैवस्वत् मनुका पालादेखि सूर्य वंशको प्रादुर्भाव, प्रजापति कश्यपदेखि मानव वंशको प्रादुर्भाव, कश्यपकै नाति प्रल्हादपछि राक्षस वंशको प्रादुर्भाव

भएको हो (श्रीविष्णुपुराण : द्वितीय, तृतीय र चतुर्थ अंश)। **वायुपुराण**मा राक्षस वंशलाई पुलह, पुलस्त्य, कश्यप एवम् अगस्त्य ऋषिवंश भनी बताइएको छ (७०।५१।६५)।

चराचर जगत्का सृष्टिकर्ता ब्रह्माजीका मानसपुत्र मरीचि र उनकी पत्नी कला (कर्दम ऋषिकी पुत्री) बाट कश्यप ऋषि जन्मिएका थिए। ऋषि कश्यप र दक्ष प्रजापतिकी पुत्री अदितिबाट विवश्वान (सूर्य) को जन्म भएको थियो (कार्की, २०६२:४)। **ब्रह्मपुराण** अनुसार ती सूर्यवंशी मनु (वैवश्वत मनु) र उनकी पत्नी श्रद्धाबाट इक्ष्वाकु, शर्याति, नाभाग, धृष्ट, नरिष्यन्त, प्रांशु, अरिष्ट, करूष तथा पृषध्र नाम गरेका नौ पुत्रको जन्म भयो। वैवश्वत मनुका सन्तानलाई **सूर्यवंशी** भनिन्छ। सूर्यवंशको राज्य अयोध्या (कोसल) थियो।

वैवश्वत मनुका माइला सुपुत्र अयोध्या नरेश शर्याति (च्यवन ऋषिकी पत्नी सुकन्याका बुबा) का वंशका चक्रवर्ती राजा पृथुलाई भगवान् विष्णुका २४ अवतारमध्ये आठौं अंशावतार पनि मानिन्छ। यिनै पृथुका नामबाट वर्तमान संसारको नाम **पृथ्वी** नामकरण गरिएको थियो[४]। पछि यही वंशमा यौवनाश्व, अरुण, सत्यव्रत (त्रिशङ्कु) आदि राजा भए। महाराज अरुणले आफ्ना पुत्र सत्यव्रतलाई आफू नजिक राखी देहायका नीतिशास्त्रका उपदेश दिने गर्दथे।

- सदा धर्ममा आफ्नो बुद्धि लगाउनू,
- न्यायपूर्वक प्राप्त धनमात्र ग्रहण गर्नू,
- कहिल्यै पनि असत्य भाषण नगर्नू,
- निन्दित मार्गको अनुसरण नगर्नू,
- हरेक दिन दान दिनू,
- द्यूत, मदिरा, अश्लील संगीत तथा वेश्यासँग बच्नू,
- ब्रह्ममुहूर्तमा उठी स्नानादि नित्यकर्म गरी भक्तिपूर्वक भगवतीको आराधना गर्नू,
- वेदवेदान्तका आदरणीय विद्वान्हरूको विधिवत् पूजा गरी सुयोग्यपात्रलाई गाई, भूमि, सुन आदि सदा दान गर्नू,

---

४) महाभारत शान्ति-पर्वको राजधर्मानुशासन पर्व अन्तर्गत अध्याय ५९ (श्लोक १००-१४५) मा राजा पृथुको समग्र चरित्र वर्णन गरिएको छ। वैदिक ज्ञानका भण्डार शुक्राचार्य उनका पुरोहित, महर्षि गर्ग उनको दरबारका ज्योतिषी तथा वालखिल्यगण एवं सरस्वती तटवर्ती महर्षि समुदाय उनका मन्त्री थिए। राजा पृथुले नै उवडखावड पृथ्वीको धरातललाई समतल बनाई खेतीयोग्य र उर्वर बनाएको हो भन्ने उल्लेख गरेको देखिन्छ।

- कहिल्यै पनि कुनै मूर्ख ब्राह्मणको पूजा नगर्नू,
- मूर्ख व्यक्तिलाई कहिल्यै पनि खाना बाहेक अरु केही चिज नदिनू,
- कुनै पनि परिस्थितिमा लोभवस धर्मको उल्लंघन नगर्नू,
- धर्मशास्त्रानुसार दण्डनीतिको पालन गर्नू,
- न्यायिक तरिकाले आर्जेको सम्पति मात्र संग्रह गर्नू ।

आफ्ना पिताजी राजा अरुणको वचन पालन गर्ने वाचा गरेपछि राजकुमार सत्यव्रतको राज्याभिषेक गराई राजा अरुणले सपत्नी वानप्रस्थ आश्रम ग्रहण गरे, राजा सत्यव्रतले अयोध्यामा सम्यक शासन गर्न थालेका थिए । पछि यो राज्य विस्तार हुँदै गयो, आर्यावर्तका अन्य भूभाग पनि अयोध्या राज्यमा समाहित हुँदै गए, कालान्तरमा विभाजित पनि भए ।

## ३. चन्द्रवंशी राज्य : प्रयागराज-गाधिपुर-कान्यकुब्ज

बुध र इलाका पुत्र **पुरुरवा** ऋषि काश्यपका शिष्य थिए । उनी आर्यावर्तको प्रयागराज (प्रतिष्ठानपुर/ इलाहावाद) का प्रथम चन्द्रवंशी नरेश थिए । उनी एक सत्यवादी, विद्वान्, तेजस्वी, दानशील तथा यज्ञकर्ता राजा कहलिएका थिए । ब्रह्माजीको कठोर तपस्या गरेको फलस्वरूप उनी चक्रवर्ती राजा (सम्पूर्ण पृथ्वीका राजा) समेत कहलिए । एकसय अश्वमेध यज्ञको अवसर पनि यिनलाई जुटेको थियो । राजा पुरुरवाको प्रेम र विवाह अप्सरा उर्वशीसँग भयो । साथै, उनको दोस्रो विवाह असुरराज स्वर्भानु (राहु-केतु) की पुत्री प्रभासँग पनि भएको थियो (कूर्मपुराण २१।३) । देवताहरू यिनका मित्र थिए भने असुरहरू पनि उनका अनुयायी थिए । राजा पुरुरवाले आर्यावर्तमा १४,००० वर्ष राज्य गरेको बताइएको छ (भविष्यपुराण, प्रतिसर्ग पर्व, प्रथमखण्ड) ।

राजा पुरुरवा र उर्वशीका छ जना दिव्य-पुत्रहरू भएः आयु, श्रुतायु, सत्यायु (अमावायु), रय (विश्वायु), विजय (शतायु) तथा जय (मायु) (श्रीमद्भागवतपुराण, ९।१४-१५, कूर्मपुराण २१।१-२) । च्यवन ऋषिका शिष्य राजा आयुले पृथ्वीमा ३६,००० वर्षसम्म राज्य गरे (भविष्यपुराण, प्रतिसर्ग पर्व, प्रथमखण्ड) । राजा आयुका पाँच पुत्र भएः नहुष, क्षेत्रवृद्ध, रजि, रम्भ तथा अनेना । ज्येष्ठ-पुत्र नहुषको विवाह शिव-पार्वतीकी पुत्री अशोकसुन्दरी (विरजा) सँग भएको थियो । राजा नहुष र उनकी पत्नी अशोकसुन्दरीका छ-भाइ पुत्र थिएः यति, ययाति,

संयाति, आयति, वियति तथा कीर्ति । देवगुरु बृहस्पतिको मार्गदर्शनमा राजा नहुषले पृथ्वीमा १००,००० वर्ष राज्य गरी संसारमा ऐश्वर्य कमाएका थिए । ऋषि कश्यपकी पत्नी दनु तर्फका पुत्र वृत्रासुरको वध गरेपछि देवराज इन्द्रलाई ब्रह्महत्याको श्राप लागेर प्रायश्चित्तका लागि १,००० वर्षसम्म कमलको डण्डीमा लुप्त हुनु परेको थियो । देवराज इन्द्रको अनुपस्थितिमा पृथ्वीका प्रतापी, परोपकारी, धर्मात्मा तथा लोकेश्वर राजा नहुषलाई नै स्वर्गको समेत राजा बनाइयो ।

## ऋषि श्रापबाट राजा नहुष अजिङ्गरका रूपमा

स्वर्गसमेतको राजकाज पाएका राजा नहुष पथभ्रष्ट भई देवराज इन्द्रकी पत्नी इन्द्राणी शची (असुरराज पुलोमा-पुत्री) समेत आफ्नो पत्नी बनाउने दुराशयले उनीप्रति व्यभिचार राख्न पुगे । इन्द्राणी शचीले गुरु बृहस्पतिको कृपाबाट आफ्ना पति देवराज इन्द्रसँग भेट गरी सबै वृतान्त खोलेपछि आपसमा साउती गरी एक योजना बनाए । सोही अनुसार हठी राजा नहुषसँग इन्द्राणी शचीले विवाह गर्न स्वीकार गरिन्, तर विवाहमा सप्तर्षिलाई पालकी बनाई आफू त्यसमा चढेर आउनुपर्ने शर्त पनि राखिन् । राजा नहुषले पनि त्यो शर्त सहर्ष स्वीकार गरी सप्तर्षिलाई पालकी बनाई डोली चढी दुलहा बनी शचीसँग विवाहका लागि प्रस्थान गरे । शचीसँगै दुलहाका रूपमा यज्ञमा बस्न हतारिएका राजा नहुषले छिटो-छिटो (सर्प-सर्प) हिंड्न भनी पालकी ऋषिलाई अत्याउँदा पुलस्त्य ऋषिमाथि नहुषको गोडा लाग्न पुग्यो । यस घटनाबाट रिसाएका पुलस्त्य ऋषिले राजा नहुषलाई १०,००० वर्षसम्म सर्प (अजिङ्गर) भई बस्नुपर्ने श्राप दिए । राजा नहुष तत्कालै अजिङ्गर भई जमिनमा गिरे । त्यसपछि वर्तमान नेपालको दैलेखस्थित, दुल्लूको द्रोणाचल पर्वतमा एक दुलोमा अजिङ्गरको रूपमा जीवन यापन गर्न थाले (दुल्लूमा सोही अजिङ्गरको बास भएको दुलोबाट दुल्लू नाम रहेको जनश्रुति छ) । द्वापर युगमा पाण्डवहरूको वनवासको समयमा स्थानीय जनसमुदायले त्यस अजिङ्गरले सो क्षेत्रमा साह्रै दुःख दिएको गुनासो गरेकाले महाराज युधिष्ठिरबाट त्यसलाई वध गरी मुक्ति प्रदान गरिएको थियो । यसरी राजा नहुष ऋषि श्रापबाट मुक्त भई स्वर्ग गएको बताइन्छ ।

देवराज इन्द्र-पत्नी शचीले गुरु बृहस्पतिबाट पति इन्द्रदेवलाई उपर्युक्त ब्रह्महत्याको श्रापको दोष कटाउन अश्वमेध यज्ञ गराइन् । उक्त यज्ञमा सो श्रापलाई कटाउन विभिन्न चार भागमा बाँडियो : वृक्षहरूमा चोप, नदीहरूमा फिंज, पृथ्वीमा पर्वत तथा स्त्रीहरूमा रजस्वला (कतैकतै अग्निको पहिलो धिप्कोलाई

पनि यही श्रापमा समावेस गरिएको बताइन्छ) । तदुपरान्त यी श्रापधारी वस्तुलाई अशुद्ध मानी अछूत बनाइएको विश्वास गरिन्छ । इन्द्राणी शचीले विष्णु भगवान् र देवीको आराधनासमेत गरी देवराज इन्द्रलाई ब्रह्महत्याको श्रापबाट मुक्ति दिलाई पुन : स्वर्गको राज्य प्राप्ति गराएकी थिइन् ।

## राजा नहुषका सन्तान

राजा नहुष र अशोकसुन्दरीका ज्येष्ठपुत्र राजकुमार यतिले सन्त-मार्ग अपनाएकाले राजा भई राज्य गर्न पाएनन्[५] । उनीहरूका माइला-पुत्र ययाति स्वभाविक रूपमा राजा हुने अवसर पाए । राजा ययाति चक्रवर्ती राजा पनि बने । अश्वमेध यज्ञ १०० र राजसूय यज्ञ १०० समेत लगाए । सुन र गाईदानमा यिनको ठूलो ख्याति पनि रह्यो । राजा ययातिले आफ्ना चारजना भाइहरूलाई राज्यको चार-दिशाका प्रमुख नियुक्त गरी सारा संसार जिते । ययातिका तीन पत्नी थिए: शुक्राचार्यकी पुत्री **देवयानी**, दैत्यराज वृषपर्वाकी पुत्री **शर्मिष्ठा** र **अश्रुविन्दुमती** । ययातिलाई देवयानी र शर्मिष्ठाबाट पाँच पुत्रहरू जन्मिए । देवयानीतर्फ यदु र तुर्वासु थिए भने शर्मिष्ठातर्फ द्रुह्यु, अनु र पुरु । तर अश्रुविन्दुमतीतर्फ कुनै सन्तान भएनन् । राजा ययातिले आफू दीर्घायु तथा सदा जवान रहिरहने इच्छा राखी आफ्ना छोराहरूसँग आफूलाई उनीहरूको केही हिस्सा उमेर मागेका थिए । पुरु बाहेकका अरु छोराले बुबालाई आफ्नो उमेर नदिएको कारण परेको पितृ-श्रापले गर्दा चार भाइ नैं आर्यावर्तका राजा हुन पाएनन् । उनका ती तीन पुत्र तुर्वासु, द्रुह्यु र अनु म्लेच्छ देशका शासक भए (भविष्यपुराण, प्रतिसर्ग पर्व, प्रथमखण्ड) ।

रानी देवयानीपुत्र यदुका वंशले वर्तमान भारतको गुजरातस्थित द्वारकापुरीमा राज्य गरेका थिए । द्वारकाधीश भगवान् श्रीकृष्णसम्म यदुवंशका राजाहरूले लाखौं वर्ष राज्य गरे । परन्तु द्वापरयुगकै महाभारतको लडाइँमा अर्जुनद्वारा बचाइएका र पछि मथुराका राजा भएका ब्रजनाभमात्र यदुवंशमा बचे, अन्य सबैको मृत्यु भयो । नेपाल र भारतमा बसोबास गरिरहेका यादवहरूले आफूलाई यदुवंशी भनी दावी गर्दछन् । पिता ययातिलाई विना हिच्किचाहट आफ्नो उमेर दिने पिताका आज्ञाकारी कनिष्ठ पुत्र पुरु आर्यावर्तमैं राजा भई १००,००० वर्षसम्म राज्य गरेको बताइएको छ । कान्यकुब्ज सम्राट् विश्वरथ (ब्रह्मर्षि

---

५) हिमालयमा पाइने हिम-मानव यति उनै पुराणकालीन सन्त यति हुन् भन्ने कथन पूर्वीय दर्शन शास्त्रका ज्ञाता तथा विद्वान् सुर्खेत निवासी पं. तिलक रिजालले बताउनुभएको छ ।

विश्वामित्र) र स्वर्गकी अप्सरा मेनकाबाट जन्मिएकी र कण्व ऋषिले पालनपोषण गरी हुर्काएकी शकुन्तलाको गन्धर्व विवाह तत्कालीन राजा दुष्यन्तसँग ऋषि आश्रम नजिकैको वनमा भएको थियो । यी दम्पतीबाट राजा भरतको जन्म भएको थियो, जसको नामबाट वर्तमान भारतको नामकरण हुन गएको हो ।

## ४. आर्यावर्त नरेश विश्वरथ, ब्रम्हर्षि विश्वामित्रका रूपमा

### गाधिपुत्र विश्वरथ (कौशिक), महोदयनगर (कान्यकुब्ज) नरेशका रूपमा

वर्तमान भारतको प्रयागराजका प्रथम चन्द्रवंशी राजा पुरुरवा र अप्सरा उर्वशीका छ पुत्रहरू : आयु, श्रुतायु, सत्यायु (दृढायु), रय (विश्वायु), विजय (अमावासु) र जय (बनायु, बह्वायु) भएको कुरा माथि नै उल्लेख गरियो । माइला पुत्र श्रुतायुलगायत सबै सन्तानको विवरण पुराणहरूमा दिइएको छ । यी चन्द्रवंशी घरानाका सन्तानको विस्तृत विवरण **अनुसूची १** मा दिइएको छ) ।

यो वंशको राजकाज विस्तार हुँदै प्रयागराजबाट गाधीपुरहुँदै महोदयनगर (कान्यकुब्ज) सम्म पुगेको थियो । पुरुरवा र उर्वशीका राइला पुत्र थिए विजय (अमावासु) । उनका एकमात्र पुत्र भीम थिए । भीमका काञ्चन, काञ्चनका होत्र तथा होत्रका छोरा राजा जन्हु[६] भए । राजा जन्हुका पुत्र पुरु र पुरुका बलाक तथा बलाकका अजक (बलकाश्व) पुत्र भए । अजकका पुत्र कुश (कुशक) भए । सम्राट् कुशको राज्य शोणनदीको पूर्वोत्तर क्षेत्र हिमालयको दक्षिण किनारमा थियो । उनको राज्यलाई कुशावर्त भनिन्थ्यो (गुरागाईं, २०५७:४७) ।

राजा कुशका चार-पुत्र थिए : कुशाम्बु (कुशिक), तनय, वसु तथा कुशनाभ । यीमध्ये ज्येष्ठपुत्र कुशाम्बु (कुशिक) र रानी पौराका पुत्र थिए राजा गाधि । राजा गाधि तथा अयोध्या नरेश पुरुकुत्सकी पुत्री प्रतिमाका पुत्र थिए कान्यकुब्ज नरेश विश्वरथ (कौशिक, गाधिक, गाधेय) र पुत्री थिइन् सत्यवती[७] । वर्तमान भारत, उत्तरप्रदेशको महोदयनगर (कान्यकुब्ज वा कन्नौज) का नरेश गाधिले आफ्ना पुत्र विश्वरथलाई राजपाठ सुम्पदै आफ्नो राजधर्म (राजाको कर्तव्य) को बारेमा

---

६) देवी गङ्गाले राजा जन्हुसङ्ग विवाह गर्ने इच्छा गरी राजासमक्ष प्रस्ताव गरेकी थिइन् । तर राजा जन्हुले गङ्गाको विवाह प्रस्ताव अस्वीकार गरेकाले उनले जन्हुको यज्ञशाला बगाइदिइन् । त्यसको प्रतिकारस्वरूप राजा जन्हुले पनि गङ्गालाई अञ्जुलीमा लिई पिइदिए । गङ्गाले माफी मागेपछि गङ्गालाई जन्हुले आफ्नो जाङ्घबाट फिर्ता गरिदिएकाले गङ्गालाई पुत्रीस्वरूप मानी उनको नाम जान्हवी रहेको थियो ।

७) राजकुमारी सत्यवतीको विवाह भृगु ऋषिका पुत्र ऋचिकसँग भएको थियो, जसका पुत्र थिए महर्षि जमदग्नि । महर्षि जमदग्नि र राजा प्रसेनजितकी पुत्री रेणुकाबाट विष्णु भगवान्का छैठौं अवतार परशुरामको जन्म भएको थियो । उनका अन्य चार दाजुहरू (रुमन्वान, सुषेण, वसु र विश्ववासु) पनि थिए ।

यथेष्ट बताएका थिए । उनले कान्यकुब्जमा २१,००० वर्षसम्म राज्य गरे । सो क्षेत्रको केही भूभागलाई आज पनि उनकै नामबाट गाधिपुरको नामले चिनिन्छ । अत्री गोत्रीय राजा विश्वरथको विवाह हिमवनकी पुत्री संस्कृतिसहित अन्य पाँच राजकुमारीहरू (मधुमती, शरद्मती, माधवी, यशोमती, अभीमती) सँग भएको थियो (मित्तल, २००६:२७५, शेषाद्री, २०१९, यात्री, २०४५:१४९) । सम्राट् विश्वरथ धर्मात्मा एवम् प्रजापालक थिए । उनको जन्मबारेमा महाभारत-पुराणको अनुशासन पर्वको अध्याय चार श्लोक ४२–६२ मा समेत यथेष्ट वर्णन गरिएको छ ।

राजा विश्वरथले आफ्नो राज्य विस्तार गर्ने अभिप्रायले राज्यका १८ देखि ५० वर्षका सबै वयस्क नागरिक (कृषकसमेत) लाई अनिवार्य सैनिक सेवामा लगाउने घोषणा गरी राज्य विस्तारको काममा लगाए । एकदिन युद्धस्थलबाट फर्कदा सवारी–मार्गमा पर्ने वशिष्ठ ऋषिको आश्रममा बास बसे । ऋषि आश्रममा पाएको अद्वितीय अतिथि-सत्कारबाट चकित भई भोलिपल्ट बिहान बिदा हुने बखत राजा विश्वरथले वशिष्ठ ऋषिसँग त्यो चमत्कारिक आतिथ्यको रहस्य जान्न चाहे । ब्रह्मर्षि वशिष्ठले कामधेनु गाई नन्दिनीको सहायताबाट सबै अतिथिका लागि अनेक प्रकारका व्यञ्जनले सत्कार गरेको बताए । कामधेनु सो नन्दिनी गाई दिएमा राजाले आधा राष्ट्रिय कोष ब्रह्मर्षि वशिष्ठलाई दिने प्रतिज्ञा पनि गरे, तर सो प्रस्ताव स्वीकार भएन । तैपनि राजा विश्वरथ ब्रह्मर्षिको आतिथ्यबाट प्रसन्न भई आफ्नो दरबार महोदयनगरतर्फ फर्किए ।

राजदरबारमा युद्धको समीक्षा गर्ने क्रममा कान्यकुब्ज राज्य विस्तारको कारण मुलुकमा अनिकाल परेको निष्कर्ष निकालियो । अनिकालबाट जनताले दुःख पाएकाले राजा विश्वरथले वशिष्ठ आश्रमको कामधेनु गाई नन्दिनी ल्याई अनिकालको समाधान गर्ने सोच बनाई सो ल्याउन आफ्ना महामन्त्रीलाई पठाए । ब्रह्मर्षि वशिष्ठले सो गाईबाट आश्रमका हजारौं विद्यार्थी, गुरुवर्ग, सयौं कर्मचारीलगायत अतिथिको सत्कारका लागि अन्य उपाय नभएकाले राजालाई दिन नमिल्ने बताई महामन्त्रीलाई रित्तो हात नै फर्काइदिए । तर राजाले कामधेनु गाई नन्दिनीलाई जबर्जस्ती भए पनि ल्याउन पुनःसेनापतिसहित एक टुकडी फौज पठाए । ब्रह्मर्षि वशिष्ठलाई नन्दिनी गाई प्राप्तिका लागि अनेक प्रलोभन दिइएता पनि सो अनुरोध वशिष्ठ ऋषिबाट स्वीकार नभएपछि कामधेनु गाई नन्दिनीलाई बलपूर्वक लैजान खोजे । सो कामधेनु गाईका लागि दुवैपक्ष बिच युद्ध भयो । रोमाञ्चित भएकी कामधेनु गाई नन्दिनीले आफ्नो कान र गोडाबाट शक, यवन र कम्बोज जातिका अनेक सेना वारम्बार उत्पन्न गरी सेनापतिबाहेक

अन्य सबै सेना सखाप पारिन् । नन्दिनीसँगको युद्धमा हारेर फर्केका सेनापतिसँग क्रोधित राजा विश्वरथ स्वयम् कामधेनु गाई नन्दिनीलाई लिन गए, तर युद्धको आँट गर्न सकेनन् । अन्त्यमा, उनले आफ्ना १०० पुत्रमध्येका कनिष्ठपुत्र राजर्षि अष्टकलाई कान्यकुब्जको राजपाठ सुम्पिएर थप शक्ति आर्जनका लागि शिवजीको तपस्यामा हिमालयको काखतर्फ लागे[८] ।

तपस्याबाट राजर्षि विश्वरथले थप शक्ति आर्जन गरेपछि ब्रह्मर्षि वशिष्ठ आश्रममा पुगी पुनः नन्दिनीलाई जवर्जस्ती लैजान खोजे । तर ब्रह्मर्षि वशिष्ठले आफूलाई हराएपछि मात्र लैजान सक्ने भनी राजर्षि विश्वरथलाई रोके । राजर्षि विश्वरथले ब्रह्मर्षि वशिष्ठलाई हराउन धर्मचक्र, कालचक्र, विष्णुचक्र, आग्नेयास्त्र, वरुणास्त्र, रुद्रास्त्र, ऐन्द्रास्त्र, पाशुपतास्त्रादि हतियारको प्रयोग गरे । ब्रह्मर्षि वशिष्ठले ब्रह्मदण्डबाट ती सब हतियारलाई निस्तेज पारिदिए । आखिर राजर्षि विश्वरथले हार खाई फर्कदा भने,

*धिग्बलं क्षत्रियबलं, ब्रह्मतेजो बलं बलम्,*<br>
*एकेन ब्रह्मदण्डेन सर्वास्त्राणि हतानि मे ।*<br>
*तदेतत् प्रसमीक्ष्याहं प्रसन्नेन्द्रियमानसः,*<br>
*तपोऽमहत् समाधास्ये यद् वै ब्रह्मत्वकारणम् ॥*

अर्थात् मेरो क्षत्रिय बललाई धिक्कार छ, ब्रह्मबल नै सच्चा बल रहेछ । एउटा ब्रह्मदण्डले मेरा सबै हतियार निष्प्रभावी बने । अब म पनि आफ्ना मन र इन्द्रियहरूलाई निर्मल बनाई कठोर तपस्या गर्दछु, जो ब्राह्मणत्व प्राप्तिको कारण हुनेछ ।

ब्राह्मणत्व प्राप्तिका लागि सदाका लागि राजपाठ छोडी उत्तरतिर लागेका कान्यकुब्ज नरेश विश्वरथ वर्तमान नेपालको सिन्धुली जिल्लामा पर्ने सुनकोशी नदीको पश्चिम किनारमा कुशेश्वर (कौशिकेश्वर) शिवलिङ्गको स्थापना गरी त्यहाँ तपो-ध्यान गर्न थाले । कुशवंशीय राजर्षि विश्वरथले उक्त नदी किनारमा तपस्या गरेको कारणले नै त्यहाँ बग्ने नदीको नाम कोशी रहन गएको विश्वास गरिन्छ । सुनकोशी नदी उत्तर-पूर्वतर्फको विश्वामित्र गुफामा उनले ध्यान गर्दथे ।

---

८) विद्वान्, धर्मज्ञ एवम् राजर्षि अष्टकले विविध रत्न, धनादि सामग्रीसहित सयौं पुण्डरीक, गोसव र वाजपेय यज्ञ अनुष्ठान गरे । यी यज्ञ समेतको बलले उनका पूर्वज राजा ययाती पनि स्वर्गमा पुगे (महाभारत, उद्योगपर्व १२२।१-१८) । राजर्षि अष्टक ऋग्वेदका केही सूक्तका द्रष्टा र स्रष्टा थिए । कुशावर्त राज्यको कान्यकुब्जमा राजा अष्टकका छोरा लौही आफ्नो वंशका अन्तिम राजा भए । उनको शासनकाल पछि कान्यकुब्ज (महोदय नगर) राज्य सूर्यवंशी अयोध्या नरेशका जिम्मामा गयो ।

साथै, उनले सुनकोशी नदीको किनारको धुनी-मधुवन र चतराको बिच भागमा पनि पुगी तपस्या गरेका थिए (यात्री, २०४५:८८, गुरागाईं, २०५७:४७) ।

यसैबिच, आफ्ना पुत्र हरिश्चन्द्रलाई राजपाठ सुम्पिएर वानप्रस्थ आश्रममा हिंडेका श्रीरामका पूर्वज महत्वाकांक्षी अयोध्या नरेश सत्यव्रतले सशरीर स्वर्ग जान चाहना राखे[९] । त्यसका लागि कामनात्मक यज्ञ गर्न राजगुरु ब्रह्मर्षि वशिष्ठलाई अनुरोध गर्दा उनले यो आकांक्षा प्रकृतिको नियम विपरित भनी अस्वीकार गरे । उनका ज्येष्ठपुत्र शक्तिलाई पनि अनुरोध र जिद्दीसमेत गर्दा उनले बाबु-छोराबिच मतभेद सृजना गर्ने दुःसाहस गरेको भनी नरेश सत्यव्रतलाई त्रिशङ्कु बन्ने श्राप दिए । नरेश सत्यव्रत राजर्षि सम्राट् विश्वरथसमक्ष पुगे । राजर्षि विश्वरथले आफ्नो शरणमा पुगेका त्रिशङ्कुलाई सशरीर स्वर्ग पठाउने आश्वासन दिए । यसका लागि उनले त्रिशङ्कु-पुत्र अयोध्या नरेश हरिश्चन्द्रबाट स्वर्गारोहण यज्ञ गराए । तर देवताहरूबाट सोको हवन लिन अस्वीकार गरेकाले राजर्षि विश्वरथले पुनः माता गायत्रीको ध्यान गरे । माता गायत्रीले राजर्षि विश्वरथको सो प्रस्ताव अस्वीकार गर्दै उनलाई आफ्नो अहंकार हटाउनू, सृष्टिकर्तालाई चुनौती नदिनू, तपस्या र भक्ति निःस्वार्थ भावले गर्नू भन्ने आशीर्वाद दिइन् ।

नरेश त्रिशङ्कुले सशरीर स्वर्ग जानसक्ने आशा मारेर अग्निमा हाम फाली प्राण त्याग गर्न खोजे । तर राजर्षि विश्वरथले आफ्नो वचन पूरा गरिछाड्ने मनसायले फर्काई ल्याएर स्वर्ग पनि पठाउन सफल भए । तर त्रिशङ्कुलाई इन्द्रादि देवले प्रकृतिको नियम विपरीत भनी स्वर्गबाट धकेली तलै खसाले । तैपनि राजर्षि विश्वरथले आफ्नो योगबलबाट अर्को स्वर्ग रचेर त्रिशङ्कुलाई अन्तरिक्षमै अडाए । देवीर्ष नारदसँगको सम्वादपछि राजर्षि विश्वरथले त्रिशङ्कुलाई स्वर्गकै राजा बनाउने आकांक्षा समेतले आफू ब्रह्मर्षि बन्नका लागि पुनः तपस्यामा लागे । उनको तपस्या भङ्ग गराउन अनेक उपाय गर्दा पनि असफल भएपछि अन्त्यमा स्वर्गबाट इन्द्रादि देवले मेनका नामक अप्सरा पठाई उनको प्रेममा समेत पारे, शकुन्तला नामक कन्याको जन्म पनि भयो । यिनै शकुन्तला र उनका पति राजा दुष्यन्तबाट भरत नामक छोरा जन्मिए ।

---

९) उसबखत ब्रह्मर्षि वशिष्ठ तथा महर्षि जमदग्निका पिता ऋषि ऋचिक सशरीर स्वर्ग र पृथ्वीमा आवतजावत गर्दथे । देवराज इन्द्रको दरबारमा समय समयमा हुने बैठकमा पृथ्वीमा रहेका ब्रह्मर्षिहरूलाई पनि आमन्त्रण गरिन्थ्यो । अप्सरा मेनका (ब्रह्मर्षि विश्वामित्र पत्नी) आफ्नी पुत्री शकुन्तलाको देखभालका लागि स्वर्गबाट पृथ्वीमा आई फर्कन्थिन् । पृथ्वीमा एकलाख वर्ष राज्य गरेका राजा नहुषलाई त उनको सत्यनिष्ठा, प्रजावात्सल्य तथा ऐश्वर्यका कारण देवराज इन्द्रको अनुपस्थितिमा स्वर्गको इन्द्रासनमै विराजमान गराइएको थियो ।

## **नरेश विश्वरथ, ब्रह्मर्षि विश्वामित्रका रूपमा**


बम्हर्षि विश्वामित्र

अप्सरा शकुन्तलाको कामवासनामा फसेर आफ्नो लक्ष भुलेका राजर्षि विश्वरथ शकुन्तलालाई इन्द्रादि देवले गरिरहेको स्वर्ग फिर्तीको ताकेता र उनको फिर्तीपछि झसँग ब्युँझेजस्तो गरी कोशी नदी किनार (चतराधाम) मा गई एकहजार वर्ष तपस्या गरे । शिवजीको वरदानबाट राजर्षि विश्वामित्रले सम्पूर्ण वेद, उपनिषद्लगायतका विद्या तथा शास्त्र-ज्ञान प्राप्त गरे । हजारौं वर्षको सो तपस्याबाट अनेक मन्त्रस्वरूपको दर्शन पाएकाले पछि उनी एक मन्त्रद्रष्टा ऋषि बने । शिवजीको तपस्यामा रहेका राजर्षि विश्वरथले गायत्री मन्त्र रचेर गायत्री माताको ध्यान गरेपछि पुनः देवी गायत्रीसँग साक्षात्कारको अवसर मिल्यो । वेदमाता गायत्रीले राजर्षि विश्वरथलाई आफ्नो अहङ्कार तथा जिद्दी छाडेर संसारकै मित्र बन्न भनी **विश्वामित्र** नाम दिँदै आशीर्वाद पनि दिइन् । राजर्षि विश्वरथको घोर तपस्याबाट भगवान् ब्रह्माजीसमेत प्रसन्न भई वरदान माग्न आग्रह गर्नुभयो । कौशिकवंशका यशश्वी व्यक्तित्व राजर्षि विश्वामित्रले काम र क्रोधमाथि समेत विजय प्राप्त गरिसकेकोले ब्रह्माजी प्रसन्न भई ब्रह्मर्षिको उपाधिबाट विभूषित गर्नुभयो । ब्रह्मर्षि विश्वामित्र समस्त विश्वका मित्रका रूपमा समेत रहेकाले यस वैवश्वत मन्वन्तरको सप्तऋषिमा स्थान पनि पाए ।

देवराज इन्द्रले समय समयमा हुने आफ्नो सभामा देवगुरु वृहस्पतिसमेतको उपस्थितिमा पृथ्वीबाट ब्रह्मर्षिहरूलाई पनि आमन्त्रण गरी शास्त्रार्थसमेत गराउँदथे । एकपटकको सभामा छलफलको क्रममा सृष्टिमा सर्वश्रेष्ठ के हो भन्ने विषयमा छलफल हुँदा **सत्य, न्याय, ज्ञान, धन, आनन्द, भक्ति** आदि फरक फरक धारणा प्रस्तुत भए । ब्रह्मर्षि विश्वामित्रले सत्य नै सर्वश्रेष्ठ हो भनी जिद्दी गरे । यसैलाई प्रमाणित गर्ने क्रममा सत्यवादी कौशल (अयोध्या) नरेश हरिश्चन्द्रको धेरै तरिकाले परीक्षा गर्दै सबै सम्पत्तिसमेत लिइएको थियो । तर सत्यवादी राजा हरिश्चन्द्र आफ्नो सत्यनिष्ठाबाट नचुकेको कारण उनको सम्पूर्ण वैभव फिर्ता दिइएको थियो । उनकै माध्यमबाट ब्रह्मर्षि विश्वामित्रको **सत्य**को सिद्धान्त पनि

स्वर्गमा स्वीकृत भएको थियो ।

ब्रह्मर्षि विश्वामित्र ऋषि वशिष्ठ जस्तै अयोध्या नरेश रघुवंशका गुरु पनि थिए । उनले श्रीरामलाई देवास्त्र, राजधर्म, तथा मरिच, सूबाहु, टटक जस्ता बलवान् राक्षसको वधको ज्ञान पनि दिएका थिए । साथै, राजा जनकको दरबारमा सीता स्वयम्वरका लागि आफूसँगै लगेर गएका थिए । ऋषि अगस्त्यका शिष्य तथा ऋग्वेदको दश मण्डलमध्ये ६२ सुक्त तथा ४६० मन्त्र भएको तृतीय मण्डलका द्रष्टा र स्रष्टा ब्रह्मर्षि विश्वामित्र नै हुन् । विश्वामित्रद्वारा साक्षात्कार गरिएका मन्त्रहरूको सँगालो भएकाले यस मण्डलालाई वैश्वामित्र-मण्डल पनि भनिन्छ[१०] । यही तृतीय मण्डलमा रहेको ६२ सूक्तको दशौँ मन्त्र २४ अक्षरको ब्रह्म-गायत्री मूलमन्त्र हो । यसमा २४ वटै मुद्रा, ग्रन्थी, शक्ति, देवता र तिनका फल रहेका छन् । यसका द्रष्टा तथा उपद्रष्टा पनि आचार्य ब्रह्मर्षि विश्वामित्र नै थिए । गायत्री मन्त्रलाई बिहान, मध्यान्ह र साँझ जप गर्नाले मनोकांक्षासमेत पूरा हुने बताइएको छ । साथै, उनले रचेका अनेक मन्त्रमा गाईको महिमा उल्लेख गरिएको छ । तृतीय मण्डलका साथै प्रथम, नवौं तथा दशम् मण्डलका कतिपय ऋचाका द्रष्टा विश्वामित्र ऋषिका मधुच्छन्द लगायतका पुत्रहरूको महत्वपूर्ण योगदान रहेको छ[११] । विश्वामित्रको आश्रम वर्तमान विहारको बक्सरमा पनि थियो । विश्वामित्रको आश्रमलाई सिद्धाश्रम भनिन्थ्यो । गायत्रीमाताका अनुयायीहरूले नेपाल, भारत लगायतका विभिन्न मुलुकहरूमा सिद्धाश्रम स्थापना गरी माता गायत्रीको पूजापाठ, ध्यान तथा आराधना गरिरहेको पाइन्छ । यही सिद्धाश्रममा बसी भगवान् श्रीराम तथा लक्ष्मणले शस्त्रनीति, धर्मनीति, कर्मनीति तथा राजनीति शास्त्रको विशेष ज्ञान प्राप्त गरेको बताइन्छ ।

---

१०) वैश्वामित्र-मण्डलमा इन्द्र, अदिति, अग्नि, उषा, अश्विनीकुमार तथा ऋभु आदि देवताहरूको स्तुति तथा अनेक ज्ञान–विज्ञान, अध्यात्म आदिका बारेमा विस्तृत वर्णन गरिएको छ । यी मन्त्रमार्फत महर्षि विश्वामित्रले त्यतिबेलै यति वैज्ञानिक रहस्यको द्वार खोलिदिएका छन् कि कतिपय प्रसङ्गमा आधुनिक वैज्ञानिकहरू भर्खरै त्यसको वरिपरि वामे सर्ने तरखर गरिरहेका छन् । ऋग्वेद तृतीय मण्डल, सूक्त २६ को प्रथम तथा द्वितीय मन्त्र तथा सूक्त ३३ र ५३ मा आफू र आफ्नो पूर्वजबारे उल्लेख गरिएको पाइन्छ (रिजाल, २०७६) ।

११) ऋग्वेदको पहिलो र दशौं मण्डल विभिन्न ऋषि रचित ऋचा हुन् । द्वितीय गृत्समद, तृतीय विश्वामित्र, चतुर्थ बामदेव, पञ्चम अत्रि, छैठौं भारद्वाज र अङ्गिरस, सातौं वशिष्ठद्वारा रचित विभिन्न ऋषिवंश विशेषको, आठौं कन्व वंशद्वारा रचिएका हुन् । सोममा समर्पित नवौं मण्डलाको प्रारम्भ विश्वामित्र पुत्र मधुच्छन्दाको ऋचाबाट हुन्छ ।

## ब्रह्मर्षि विश्वामित्र र शुनःसेपको प्रसँग

अयोध्या नरेश सत्यव्रत सशरीर स्वर्ग गएपछि उनका छोरा सत्यवादी राजा हरिश्चन्द्रले अयोध्याको राज्यभार ग्रहण गरे । तर राजा हरिश्चन्द्र र रानी तारामतीलाई सन्तान नभएकाले ऋषि वशिष्ठसँग सल्लाह माग्दा वरुणदेवको आराधना गर्ने उपदेश दिए । वरुणदेवको आराधनाको फलस्वरूप उनले सन्तान दिने, तर प्रथम पुत्रलाई "वलिपशु" बनाई यज्ञ गर्नुपर्ने शर्त राखे । सन्तानहीन हुनुभन्दा बलिपशु बनाउन उपयुक्त ठानी राजा हरिश्चन्द्र यसमा राजी भए । वरुणदेवको वरदानबाट रोहित नामको छोरा जन्मिएपछि राजा हरिश्चन्द्रले वरुणदेवलाई कहिले न्वारान नभएको, कहिले दाँत नआएको त कहिले चूडाकर्म नभएको एवम् व्रतबन्ध नभएको आदि विविध बहाना बनाई आलटाल गर्दै गए । रोहितको व्रतबन्धको समयमा उनले आफू बलि-पशु हुनुपर्ने कुरा बुझ्रेपछि भागेर जङ्गलतिर लागे । पछि घर फर्कन खोज्दा वरुणदेवका विपक्षी इन्द्रदेवले रोहितलाई रोके । राजा हरिश्चन्द्रले आफ्नो वाचा पूरा नगरेको कारण वरुणदेवले उनलाई जलोदर रोग लागी मर्ने श्राप दिए । राजा हरिश्चन्द्रले ऋषि वशिष्ठसँग यस श्रापबाट बच्ने उपाय सोध्दा धनद्वारा खरिद गरिएको एक पुत्र ल्याई यज्ञ गर्ने सल्लाह पाए । खोज्दै जाँदा आफ्नै राज्यभित्र अजीगर्त भार्गव नाम गरेका एक गरीब ब्राह्मणका आफ्ना तीन छोरा (शुनःपुच्छ, शुनःसेप तथा शुनःलाङ्गुल) मध्ये एकजना बिक्री गर्ने बुझ्रे । जेठो छोरा शुनःपुच्छलाई बावुले रोजे, कान्छो छोरा शुनःलाङ्गुललाई आमाले नछाड्ने भइन् । अनि माइला छोरा शुनःसेपलाई बलिपशुका लागि एकसय गाई र केही असर्फी लिई बिक्री गरिदिए । राजाका सिपाहीले शुनःसेपलाई डोराएर लगी यज्ञ-स्तम्भमा बाँधे । त्यसरी बाँधिएका ती व्याकुल बालकको कोलाहल सुनेर सोही यज्ञको निम्तामा पुगेका ब्रह्मर्षि विश्वामित्रले उनलाई मुक्त गरिदिन राजासँग आग्रह गर्दै भने :-

*दयासमं नास्ति पुण्यं पापं हिंसासमं नऽहि ।*
*रागिणां रोचनार्थाय नोदनेयं विचारय ॥*
*आत्मदेहस्य रक्षार्थं परदेहनिकृन्तनम् ।*
*न कर्तव्यं महाराज सर्वतः शुभमिच्छता ॥*
*दयया सर्वभूतेषु सन्तुष्टो येन केन च ।*
*सर्वेन्द्रियोपशान्त्या च तुष्यत्याशु जगत्पतिः ॥*
*आत्मवत् सर्वभूतेषु चिन्तनियं नृपोत्तम ॥*

(श्रीमद्देवीभागवत ७।१६।३९–४२) ।

अर्थात् दया समान कुनै पुण्य छैन, हिंसा समान कुनै पाप छैन । यज्ञमा हिंसाका लागि जुन विधान बनाइएको छ, त्यो जिभ्रोको क्षणिक स्वादका लागि मात्र यज्ञ गर्ने प्रवृतिलाई बढावा दिनु हो, यथासंभव हिंसाबाट अलग रहनु शास्त्रको आशय हो । आफ्नो कल्याण चाहनेले आफ्नो शरीरको रक्षाका लागि दोस्रो व्यक्तिको शरीर बलि दिनु हुँदैन । जसले सबै प्राणीप्रति दयाभाव राख्दछ, जे प्राप्ति हुन्छ त्यसमा सन्तुष्ट हुन्छ तथा आफ्ना इन्द्रियलाई वशमा राख्दछ उसका लागि जगत्पति भगवान् शीघ्र प्रसन्न हुनुहुन्छ । सबै प्राणीहरूमा आफूजस्तै भावना राख्नुपर्दछ (आफ्नो राज्यमा हुने पापकर्मको छठांश राजाले पनि भोग्नुपर्दछ । राजा यस्तो पाप कर्मबाट बच्नु पर्दछ) ।

तैपनि राजा हरिश्चन्द्रले शुनःसेप बालकलाई छाडिदिएनन् । ब्रह्मर्षि विश्वामित्र शुनःसेप नजिक गई उनलाई वरुणदेवको मन्त्र दिई जप गर्न लगाए । जप्दै जाँदा शुनःसेप सामुन्ने वरुणदेव प्रकट भए । वरुणदेव दयार्द्र भई शुनःसेपलाई बन्धनमुक्त गरिदिए, राजालाई पनि रोगमुक्त गरिदिए । राजा हरिश्चन्द्रले वरुणदेवसँग क्षमा मागे । बुबा-आमाबाट बिक्री गरिएका शुनःसेप आफ्नो घर फिर्ता जान नमिलेको र बेवारिस भएकाले उनलाई ब्रह्मर्षि विश्वामित्र स्वयम्ले धर्मपुत्र बनाई राख्न आफ्नो साथमा लिई गए । बालक शुनःसेपलाई उनै वरुणदेवको कृपाले बचाइएको कारण "देव रातः" (देवताद्वारा दिइएको) नाम राखियो (श्रीमद्भागवतपुराण ९।१६।२९-३६, मित्तल, २००६:१६६) । उनको पालनपोषणको जिम्मा ब्रह्मर्षि विश्वामित्रले लिई आफ्नै पुत्रको रूपमा ग्रहण गरी एकसय छोरामा थप गरी छोराको संख्या १०१ पुराए (*ब्रह्मर्षि विश्वामित्रका पुत्रहरूको विवरण महाभारत अनुशासन पर्वको दानधर्म पर्व अन्तर्गत अध्याय चारको श्लोक ४२ देखि ६२ सम्म दिइएको छ*) ।

देव रातःलाई सबैले ज्येष्ठ दाज्यूको रूपमा स्वीकार गर्न ब्रह्मर्षि विश्वामित्रले आफ्ना पुत्रहरूलाई आदेश गरे । सुरुका ५० भाइले पितृ आज्ञा अस्वीकार गरेकाले ती ५० पुत्रहरूलाई ब्रह्मर्षि विश्वामित्रले तत्कालै म्लेच्छ (शुद्र) बन्ने श्राप दिए । तर ५१ औं पुत्र मधुच्छन्दले आफ्ना भाइहरूसँग सल्लाह गरी पिताको आज्ञा पालन गरे । यसप्रकार शुनःसेपलाई एकाउन्नौं र मधुच्छन्दलाई बाउन्नौं पुत्र बनाइयो । ब्रह्मर्षि विश्वामित्रका पुत्रहरूमा मधुच्छन्द, धनञ्जय, कृतदेव, अष्टक, कच्छप, हरीतक आदि थिए (विष्णुपुराण ४।७३८, महाभारत, अनुशासन पर्व दानधर्म पर्व, ४।४२–६२) । यात्रीका अनुसार, विश्वामित्रका गोत्र प्रवर्तक पुत्रहरूमा अघमर्षण, मधुच्छन्द, बाधूल, अष्टक, गोभिल, गोधूम, अवलाश्व,

हारित, जयन्त, मृत्कण्डी, कच्छप, कृतदेव, ऋतधाम, पारावत, शंख, लिखित, सुश्रुत, सम्भव, भविताश्व, धनञ्जय र देव:रात थिए (यात्री, २०४५:१४५) ।

## ब्रह्मर्षि विश्वामित्र र विश्वामित्र गण

विश्वामित्र गणमा ३९ प्रमुख ऋषिहरू पर्दछन् । **विश्वामित्र**, देवरातः, **मधुच्छन्द**, मनु, श्रौमता, जौलाकि, वालुकि, चकिता, उलूक, याज्ञवल्क्य, नारद, बुहदग्नि, काला, बभ, शाबाली, बहु, रोहिण, शालंकायन, सावर्णि, कामकायन, पुरण, शालवत, अग्निदेव, दामन, शौनक, अष्टक, अज, देवश्रवा, **धनञ्जय**, शुंग, कत, शैशिरा, वरिधापा, अघमर्षण, सुनु, पण, धूम्र, जतरा तथा एकाहव्यका । विश्वामित्रबाट चलेका दश गोत्रहरू छन् : कुशिक, लोहित, रौक्षक, कामकायन, अज, कत (क्षिकता), **धनञ्जय**, अघमर्षण, पूरण र इन्द्र (घृत) कोशिक । श्रीकमलाकर भट्ट विरचित प्रसिद्ध धार्मिक ग्रन्थ **निर्णय सिन्धु**मा पनि ब्रह्मर्षि विश्वामित्रको उपर्युक्त दश गोत्र-प्रवर नै बताइएको छ । निर्णय सिन्धुका रचनाकार भट्टले बौधायनले कहेको भनी देहायमध्ये सुरुका ११ उल्लेख गरेका छन् भने अन्य **आश्वलायन सूत्र** र **मत्स्यपुराण**मा बताइएको भनी स्पष्ट पारेका छन् । अन्य विद्वान्ले त थप छ गण पनि बताएका छन्, जो उनका अन्य ग्रन्थमा उल्लेख गरेको बताउँदछन् । साथै उनले यी विश्वामित्र गणका बिच परस्पर विवाह पनि वर्जित हुने बताएका छन् (शर्मा, १९९०:४३८-३९) । यसैगरी, गुरागाईंले पनि विश्वामित्र गणका प्रमुख दश प्रवरहरू उल्लेख गरेका छन् (गुरागाईं, २०५७:२९, ४६-४७) ।

क) कौशिक : विश्वामित्र-देवरातः-औदल (त्रि-ऋषि-प्रवर) ।
ख) लोहित : विश्वामित्र-अष्टक-लोहित, वैश्वामित्र-मधुछन्दस-अष्टक, विश्वामित्र-अष्टक ।
ग) रौहिण : वैश्वामित्र-माधुछन्दस-रौहिण ।
घ) रौक्षक : विश्वामित्र-गाविथिन-रैवण, विश्वामित्र-रौक्षक-रैवण ।
ङ) कामकायान : वैश्वामित्र-देवश्रवस-दैवरस ।
च) अज : विश्वामित्र-मधुच्छन्दस-अज, वैश्वामित्र-वामस्थ्य-वाधुल ।
छ) अघमर्षण : वैश्वामित्र-अघमर्षण-कौशिक ।
ज) पूरण : वैश्वामित्र-पौरण, वैश्वामित्र-देवरातः-पूरण ।
झ) इन्द्र कौशिक : वैश्वामित्र-इन्द्र (घृत) कौशिक ।
ञ) धनञ्जय : **विश्वामित्र-मधुच्छन्दस-धनञ्जय**, वैश्वामित्र-माधुछन्दस-

अघमर्षण ।

ट) क्षिकता : क्षिकता-वैश्वामित्र-कात्यकील ।

ठ) रेणु : वैश्वामित्र-गाथिन-रैवण, गथिना-विश्वामित्र-रौक्षक-रैवण ।

ड) वेणु : वैश्वामित्र-गाथिन-वैणव ।

ढ) जन्हु : वैश्वामित्र-शलङ्कायन-कौशिक ।

ण) आश्मरथ्य : वैश्वामित्र-अश्मरथ्य-वाधुल ।

त) उद्‌वेणु : वैश्वामित्र-गाथिन-रवण ।

"महर्षि विश्वामित्रले आफ्नो पुरुषार्थले क्षेत्रियत्वबाट ब्रह्मत्व प्राप्त गरेका थिए । राजर्षिबाट ब्रह्मर्षि बने, सप्तऋषिमा अग्रगण्य भए र वेदमाता गायत्री द्रष्टा ऋषि भए" (कल्याण : सन्त–अङ्क, पाना संख्या २४५–२४६) । गायत्री-मन्त्रका द्रष्टा तथा स्रष्टा ब्रह्मर्षि विश्वामित्रले गायत्री-मन्त्रको जपबाट सबै प्रकारका सिद्धि प्राप्त हुने तथा सबै मन्त्रको जप सिद्ध हुने बताएका छन् । तपस्याका धनी महामुनि विश्वामित्रलाई गायत्री-मन्त्रबाटै सिद्धि प्राप्त भएको, गायत्री-माताको कृपा, गायत्री-माताकै जप तथा सन्ध्योपासनाबाट नवीन सृष्टिका अतिरिक्त सत्यव्रतलाई सशरीर स्वर्ग पठाउने तथा ब्रह्मर्षिको उपाधि प्राप्त समेत भएको थियो ।

ऋग्वेदको तृतीय मण्डलको ३०, ३३ र ५३ औं सूक्तमा ब्रह्मर्षि विश्वामित्रको परिचय उनी स्वयम्ले खुलाएका छन् । कुश-वंशीय महामुनि विश्वामित्र महान ज्ञानी थिए । उनले सारा संसारको रहस्य पनि जान्दथे । **विश्वामित्रकल्प**, **विश्वामित्रसंहिता** तथा **विश्वामित्रस्मृति** जस्ता ग्रन्थमा ब्रह्मर्षि विश्वामित्रका विविध योगदानको चर्चा गरिएको छ । कुल सात अध्यायमा विभक्त जम्मा ४७५ श्लोकको **विश्वामित्रस्मृति**मा सन्ध्यावन्दन तथा गायत्री साधना र तिनको फलबारे सम्यक विवेचना गरिएको पाइन्छ (रिजाल, २०७६) । साथै, **ऐतरेय ब्राह्मण** लगायतका अन्य पौराणिक ग्रन्थहरूमा पनि राजा हरिश्चन्द्रको आख्यानमा ब्रह्मर्षि विश्वामित्रको महिमाको वर्णन गरिएको छ । राजा विश्वरथ (कौशिक) बाट ब्रह्मर्षि बनेका ब्रह्मर्षि विश्वामित्रका सन्तान क्षेत्रिय शासकबाट ब्राह्मण सल्लाहकारको भूमिकामा परिणत भए । ब्रह्मर्षि विश्वामित्रको नामबाट विभिन्न गोत्र-प्रवर चलाईएको छ । **विश्वामित्र-मधुच्छन्दस-धनञ्जय** त्रिप्रवर मान्नेहरूका लागि यहाँ महर्षि **मधुच्छन्द र धनञ्जय**को चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

## ५. ब्रह्मर्षि विश्वामित्रका सन्तान : राजाबाट राजगुरू

### महर्षि मधुच्छन्द



ब्रह्मर्षि विश्वामित्रका १०० पुत्रमध्ये ५१ औं पुत्र मधुच्छन्द, ऋग्वेदका अनेक मन्त्रका द्रष्टा थिए (भागवत महापुराण ९।१६।२९-३७, विष्णु पुराण ४।७।३८ तथा वायुपुराण ९१।९६) । ऋग्वेद भाष्यको सुरुमै आचार्य सायणले मधुच्छन्दको ऋषित्वको विवेचना गरेका छन् । ऋग्वेदको प्रथम मण्डलको गायत्री छन्दमा लेखिएको १०२ मन्त्रहरू भएको अग्निदेवको स्तुतिबाट आरम्भ हुने ऋग्वेदका एकदेखि दशसम्मका सूक्तहरू (भजन) का द्रष्टा (रचयिता) महर्षि मधुच्छन्द हुन् । प्रथम सूक्तमा अग्निदेवको यज्ञमा आह्वान गरी उनको महिमा, हरेक स्थानमा अग्निको उपस्थिति र अग्निद्वारा मानव-जीवनको कल्याणका बारेमा चर्चा गरिएको छ । दश मन्त्र भएको नवौं मण्डलाको प्रथम सूक्त, जहाँ वनस्पति जगत्का अधिष्ठाता सोम (चन्द्रमा) को स्तुति गरिएको छ, सो पनि मधुच्छन्दबाटै साक्षात्कार गरिएको हो । यसैगरी, अनुष्टुप छन्दमा लेखिएको इन्द्रदेवको स्तुति गरिएको एघारौं सूक्त भने आफ्ना पुत्र ऋषि-जेतासितको उनको संयुक्त रचना हो । मधुच्छन्द रचित यी सूक्तहरूमा देवताहरू (अग्नि, वायु, वरुण, इन्द्र, अश्विनीकुमार, विश्वेदेवा, सरस्वती, मरूद्गणहरू) को स्तुति गायत्री तथा अनुष्टुप छन्दमा प्रस्तुत गरिएको छ ।

रिजालका अनुसार, महर्षि मधुच्छन्दले आफ्ना मन्त्रमा समग्र विश्व ब्रह्माण्डको मूल आधार मानिएको पञ्च-महाभूतको उत्पत्ति र विकासक्रम पत्ता लगाई सन्सारलाई जति आश्चर्यचकित बनाएका थिए द्युलोक, अन्तरिक्षलोक र भूलोकको समग्र रहस्य प्रस्तुत गर्दै त्यसमा बिचरण गर्ने ग्रह, नक्षत्र तथा प्राणी समुदायका शक्ति, स्वभाव र बिचरण क्षेत्रको चित्रण गरी तिनको अध्ययन, अनुसन्धानलाई सहज बनाएका छन् । वस्तुतः उनले त्यतिबेलै द्यावा, भूमिका रहस्य र विशेषताबारे जे जति चर्चा गरेका थिए, तीमध्ये कतिलाई आधुनिक वैज्ञानिकहरू भर्खरै आत्मसात् गर्दैछन् भने कतिपय वैज्ञानिक आत्मसात् गर्ने प्रयासमा देखिन्छन् । अझ, कतिलाई त भन्न सकिन्न तत्सम्बन्धी चिन्तन सुरु हुनु नै अरु कति समय

पर्खनुपर्ने हो, यसै भन्न सकिन्न । महर्षि मधुच्छन्दले ऋग्वेद (१।६।५ र १।६।७) मा नै वायवीय ऊर्जाको विशेषता तथा स्वरूप देखाउने काम गरेका छन् (रिजाल, २०७४) ।

महर्षि मधुच्छन्द एक कुशल गायक पनि थिए । वाणीको श्रेष्ठ रूप गान भएको र गायत्रीको गानमा सम्भवतः सात स्वरको प्रयोग गरिन्छ । पिताका आज्ञाकारी ऋषि मधुच्छन्द हस्तिनापुर महाराज युधिष्ठिरको राजसूय यज्ञमा आफ्ना पिताश्री ब्रह्मर्षि विश्वामित्रसहित वेदवादी ब्राह्मण, ऋत्विज (समयानुकूल यज्ञ सम्पन्न गराउनेवाला), आचार्यका रूपमा वरण गरिएका थिए (भागवत महापुराण, १०।७४।९) । साथै, उनी १३ ब्रह्मिष्ठ कौशिकमध्येका एक कौशिक ब्रह्मिष्ठ थिए (मत्स्यपुराण, १४५।११२) । ब्रह्मर्षि विश्वामित्रको गहिरो प्रभाव आफ्ना पुत्र मधुच्छन्द तथा दुई नातिहरू जेता र अघमर्षण (मधुच्छन्दका पुत्र) मा पनि परेको थियो । ऋग्वेदको प्रथम मण्डलाको एघारौं सूक्त मधुच्छन्द र जेताले रचेका थिए भने दशौँ मण्डलाको अन्तिम सूक्तभन्दा अघिल्लो सूक्त अघमर्षणले रचेका थिए ।

महर्षि मधुच्छन्द अयोध्याका सूर्यवंशी नरेश शर्यातिका मित्र तथा पुरोहित (राजगुरु) थिए । राजा शर्यातीले गुरु मधुच्छन्दलाई हरेक तवरले सम्मान पनि गर्दथे । यिनै गुरुका प्रभावले सूर्यवंशी नरेश शर्यातीले चारैतिर दिग्विजय प्राप्त गरेका थिए । एकपटक युद्ध जितेर फर्केर रातको समय सेनाले परेड लगाईरहेका थिए । यस्तो खुशियालीको समयमा पनि राजाले गुरु मधुच्छन्दलाई अन्य मनस्क देखेर, “यस्तो विजयमा पनि प्रसन्न हुनुको सट्टा उद्विग्न हुनुको कारण” सोधे । महर्षि मधुच्छन्दले आफ्नी स्त्रीले मेरो चिन्ता गरी बसेकी होलिन्, उनलाई कुनै दुःख परेको छ कि आदि कारणबाट उनको याद आएको कुरा बताए । राजाले हाँस्दै भने, “संसारको सुख त क्षणभङ्गुर हो, हजुरजस्ता महर्षिले त यसमा ध्यान दिनु हुँदैन” । मधुच्छन्दले गम्भीर भएर जवाफ दिनुभयो, “हे राजन् ! पति-पत्नीबिच आपसमा प्रेम हुनु दूषण हैन, भूषण हो । त्यसो त हरेक नारीजाति नै सम्माननीया हुन्छन्, शास्त्रले यिनलाई पूजा भनेको छ । साथै, शास्त्रमा भनिएको छ, “जुन घरमा नारीको पूजा हुन्छ त्यहाँ सारा देवता वास गर्दछन्” तथा जुन घरमा नारीको सम्मान हुँदैन, त्यहाँ गरिने सबै क्रिया निष्फल हुन्छन् (मनुस्मृति ३।५५) । मधुच्छन्दका धनञ्जय लगायतका अन्य भाइहरू उनका अनुयायी थिए । धनञ्जय ऋषि विश्वामित्रकै पुत्र थिए (चतुर्वेदी, २००६: २, तिवाडी, २०१७:११८) ।

आर. हरिशंकरका अनुसार महर्षि मधुच्छन्दको वारेमा ऋग्वेदका अतिरिक्त

रामायण, महाभारत आदि ग्रन्थहरूमा पनि उल्लेख गरिएको पाइन्छ । आफ्ना पिताश्री विश्वामित्रजस्तै उहाँले ब्रह्माजीको तपस्याबाट अलौकिक शक्ति प्राप्त गर्नुभएको थियो । उहाँले आफ्ना तमाम शिष्यहरूलाई वेद तथा अन्य शास्त्रहरूको ज्ञान दिनुभएको थियो । उहाँका केही महान्वाणीहरू तपसिल बमोजिम बताइएको छ :

- जीवनमा कुनै पनि चिजदेखि नडराउनू, सदा दृढ तथा इमान्दार रहनू ।
- ईश्वरको सृष्टि कष्ट दिनका लागि भएको हुँदैन । मानिस आफू स्वयम्ले समस्या खडा गरी ईश्वरलाई दोष दिन्छन् । यसरी दोषारोपण गर्नुको साटो सदा भगवान् विष्णुको जप गर्नू ।
- हरेक व्यक्ति निश्चित उद्देश्यका लागि सिर्जना गरिएको हो । आफ्नो समय सदा उत्पादनशील कार्यमा लगाउनू, आलस्यलाई त्याग्नू ।
- सर्वशक्तिमान् ईश्वरको वारेमा जान्नका लागि पवित्र वेद, पुराण तथा अन्य धार्मिक ग्रन्थहरू अध्ययन गर्नू ।
- भगवान्को ध्यान गरी आफ्नै आत्माबाट महसुस गर्न सिक्नू ।
- खराब बानी हटाई आत्मशुद्धि गर्नू, भगवान् विष्णुको प्रार्थना गरिरहनू ।
- परोपकार गर्नू, आफ्ना दयालु वाणीबाट पीडितका आँसु पुछ्नू ।
- शिक्षित-दीक्षित व्यक्ति तथा साधु-सन्तहरूको सँगत गर्नू ।
- संसारका सबै व्यक्ति आफूजस्तै ठान्नू, कसैलाई पनि घृणा नगर्नू ।

(source: https://www.hinduscriptures.com/gurus/rishi-men/rishi-madhuchandha/37914):

## महर्षि धनञ्जय

**मत्स्यपुराण** अनुसार ब्रह्मर्षि विश्वामित्र वंशमा देवरातः, **मधुच्छन्द**, वैकृति, गालव, वतण्ड, शलंक, अभय, आयतायन, श्यामायन, याज्ञवल्क, जाबाल, सैन्धवायन, वाभ्रव्य, करीष, संश्रुत्य, उलूप, औपहाव, पयोद, जनपादप, खरबाच, हलयम, साधित तथा वास्तु-कौशिकलगायतका ऋषिहरू थिए ।


महर्षि धनञ्जय

यी सबै ऋषिहरूका वंशमा उत्पन्न हुनेहरूमा विश्वामित्र, देवरातः तथा महायशस्वी उद्दाल यी तीन ऋषि-प्रवर मानिएको छ, यिनमा परस्पर विवाह सम्बन्ध हुँदैन । देवश्रवा, सुजातेय, सौमुक, कारूकायण, वैदेहरात, तथा कुशिक यी सब महर्षिका वंशमा देवश्रवा, देवरातः तथा विश्वामित्र यी तीन प्रवर मानिएको छ, यिनमा पनि परस्पर विवाह निषिद्ध छ । **धनञ्जय**, कपर्देय, परिकूट तथा पाणिनि यिनका वंशमा विश्वामित्र, धनञ्जय र मधुच्छन्दस यी तीन प्रवर मानिएको छ । विश्वामित्र, मधुच्छन्द र अघमर्षण यी तीन ऋषिका वंशजमा पनि परस्पर विवाह हुँदैन[१२] । कामलायनिज, अश्मरथ्य र वञ्जुलि यी ऋषिका विश्वामित्र, अश्मरथ्य र महातपस्वी वञ्जुलि तीन प्रवर मानिएको छ । **कूर्मपुराण**मा अठ्ठाइस व्यासको वर्णनसमेत गरिएको छ[१३] । कौशिक ऋषि धनञ्जय १६ औं व्यास भएको विषय **ब्रह्माण्डपुराण** (२.३२.११८) तथा **विष्णुपुराण**मा उल्लेख गरिएको छ (३.३.१५) ।

**मत्स्यमहापुराण**मा गाधि-नन्दन विश्वामित्रबाट देवरातः, विद्वान् **मधुच्छन्द**, बल, अघमर्षण, अष्टक, लोहित, भृतकील, अम्बुधि, **धनञ्जय,** शिशिर तथा शालङ्कायन आदि ब्रह्मबादी ऋषिहरूले जन्म लिएको बताइएको छ (१४५.१११-११३) । **ब्रह्माण्डपुराण** अनुसार ऋषि धनञ्जयले पन्ध्रौं व्यास त्र्यारूणिबाट ब्रह्माण्डपुराण सुनेर सत्रौं व्यास कृतञ्जयलाई सुनाएका थिए (२.३५.१२०, ४.४.५२) । साथै, **वायुपुराण** अनुसार ऋषि धनञ्जयले त्र्यारूणिबाटै वायुपुराण पनि सुनेका थिए (१०३.६३) । उपर्युक्त विषय राणाप्रसाद शर्मा रचित पौराणिक कोशमा समेत उल्लेख गरिएको पाइन्छ (शर्मा, २०२८:२४४, तिवाडी, २०१७:११८) ।

---

१२) धनञ्जयः कपर्देय परिकूटश्च पार्थिव । पाणिनिश्चैव त्र्यार्षेया सर्व एते प्रकीर्तिताः । विश्वामित्रस्तथाद्यश्च माधुछन्दस एव च । त्र्यार्षेया प्रवराह्येते ऋषयः परिकीर्तिता । विश्वामित्रो मधुछन्दस्तथा चैवाघमर्षण । परस्पर मवैवाह्या ऋषयः परिकीर्तिताः ।

१३) कूर्मपुराणको पचासौं अध्यायमा सूतजी भन्नुहुन्छ, "यस वर्तमान मन्वन्तरको प्रारम्भिक प्रथम द्वापरमा महान् विभु स्वायम्भुव मनुलाई व्यास मानियो । प्रभु ब्रह्माजीको आज्ञानुसार उनले वेदको अनेक प्रकारले विभाजन गरे । दोस्रो द्वापरमा प्रजापति वेदव्यास, तेश्रोमा शुक्राचार्य, चौथोमा बृहस्पति, पाचौंमा सूर्य र छैठौंमा मृत्युलाई व्यास भनियो । यसैगरी सातौँ र आठौँ द्वापरमा वशिष्ठ, नवौंमा सारस्वत, दशौंमा त्रिधामा, एघारौंमा त्रिवृष, बाह्रौंमा शततेज, तेह्रौंमा धर्म, चौधौंमा तरक्षु, पन्ध्रौंमा त्र्यारुणि, **सोह्रौंमा धनञ्जय व्यास भए ।** यसैगरी सत्रौंमा कृतञ्जय, अठारौंमा ऋतञ्जय, उन्निसौंमा भरद्वाज, बिसौंमा गौतम, एक्काईसौंमा राजश्रवा, बाइसौंमा श्रेष्ठ शुष्मायण, तेइसौंमा तृणबिन्दु, चौबिसौंमा वाल्मीकि, पच्चिसौंमा शक्ति र छब्बिसौंमा पराशर, सत्ताइसौंमा महामुनि जातूकर्ण व्यास भए भने अठ्ठाइसौं द्वापर युगमा पराशरका पुत्र कृष्णद्वैपायन व्यास भए" ।

महर्षि धनञ्जय, भारतको कान्यकुब्ज[१४] (कन्नौज) राज्यकै बासिन्दा थिए। महर्षि धनञ्जयसँगै अन्य गोत्रका ब्राह्मणहरू पनि कान्यकुब्जी ब्राह्मणकै सूचीमा पर्दछन्। ब्रह्माजीका पाँचवटा मानसपुत्रहरू बसेको स्थानका आधारमा गौडी परम्परा मानिएको छ। पञ्चगौड ब्राह्मणहरूमा कान्यकुब्ज, सारस्वत, गौड, मैथिल र उत्कल ब्राह्मणहरू पर्दछन्। विन्ध्याचल पर्वत श्रृङ्खलाको उत्तरी भागका निवासी कान्यकुब्जी ब्राह्मणमा जम्मा २६ गोत्र बताइएको भएता पनि केवल २० गोत्रहरू (कश्यप, काश्यप, कश्यपा, भारद्वाज, भरद्वाज, शाण्डिल्य, संकृत, कात्यायान, सावर्ण, उपमन्यु, **धनञ्जय**, कविस्त, गौतम, गर्ग, कौशिक, वशिष्ठ, भार्गव, वत्स, कृष्णात्रेय/दुर्वासा र पराशर) प्रसिद्ध छन् (शर्मा, २०३९:८१, २१८-१९, ढकाल, २०७६:८८, गौड, २०२१)।

ब्रह्मर्षि विश्वामित्रसँगै उनका पुत्रहरू मधुच्छन्द र धनञ्जय समेत **त्रिप्रवर** कहलिएका छन्[१५]। यी ऋषिवंशका अलग अलग **वेदाभ्यासी, शाखा, सूत्र** आदि हुन्छन्[१६]। गुरुको दिव्यज्ञानको प्रवाह गुरुकै मुखबाट सुनेर शिष्यद्वारा विस्तार गरिएकोले वेदलाई श्रुति पनि भनिएको हो। पौराणिक कालका विभिन्न व्यासले प्राप्त ज्ञानलाई संकलित तथा दस्तावेजीकरण गर्दथे। अठ्ठाइसौ द्वापरमा पराशरका

---

१४) वाल्मीकि रामायण, महाभारत तथा पुराणहरूमा वर्णित कान्यकुब्ज-नगर प्रतिष्ठान (प्रयाग, झुँसी) का प्रथम सोमवंशी नरेश पुरुरवा र अप्सरा उर्वसीका राँइला पुत्र नरेश अमावसु (विजय) द्वारा स्थापना गरिएको शहर थियो (कतिपय लेखमा सोही वंशका पछिल्ला सन्तति कुशनाभद्वारा स्थापना गरिएको पनि भनिएको छ)। यसको सुरुको नाम महोदय-नगर थियो, जसलाई कान्यकुब्ज, कनौज, गाधिपुर, कौश, कुशस्थल नामले पनि चिनिन्छ। सोमवंशी राजघरानाका राजा कुशनाभका घृताची नामकी अप्सराबाट जन्मिएका १०० सुन्दरी कन्याहरूको रूपबाट वायुदेव मोहित भएर विवाह गर्न इच्छा गर्दा सबै कन्याहरूले अस्वीकार गरे। यसबाट आफू अपमानित भएको ठानेर वायुदेवले उनीहरूलाई कुब्जा (कुप्रा) हुने श्राप दिए। यसै कारणबाट महोदय-नगरको नाम पछि कान्यकुब्ज रहन गयो। पछि ती कन्याहरूको कांपिल्यनगरका राजा तथा चुलीय ऋषिका छोरा ब्रह्मदत्तसँग विवाह भयो। पति ब्रह्मदत्तको स्पर्शबाट उनीहरूको कुप्रोपन हटेको थियो (शर्मा, २०२८:९९)। भविष्यपुराण (प्रतिसर्गपर्व ४।३।५०-५१) अनुसार भने राजा राष्ट्रपालका प्रजय नामका छोराले शारदादेवीको तप गरेपछि देवी कन्यारूपमा आएर प्रजयलाई सो नगर दिइएको थियो। यो केही टेढो थियो। यसरी कन्याद्वारा बनाइएको र टेढो भएको हुँदा यसको नाम कान्यकुब्ज रहेको थियो (गिरी, २०७७)।

१५) गोत्र भनेको कुनै पनि व्यक्ति वा परिवार कुन ऋषिकुलका भनी ठम्याउने तरिका हो। यसभित्रका इकाईहरूलाई गण भनिन्छ। एक गणका व्यक्तिले दोस्रो गणका व्यक्तिसँग विवाह गर्न खुला गरिएको छ। कालान्तरमा गणबाट पनि पुनः भेद, शाखा आदि बन्दै गएको पाइन्छ। यसैगरी प्रवरको अर्थ श्रेष्ठ हुन्छ। गोत्रकारका पूर्वज र महान् ऋषिलाई प्रवर भनिन्छ। मूल ऋषिका कुलमा तीन, पाँच वा सात आदि महान् ऋषि भएको पाइन्छ।

१६) वेदको रचना ऋषिहरूको अन्तःकरणबाट प्रकट भएको थियो। लेखनको विकास नभैसकेको तत्कालीन अवस्थामा ती ऋचाहरूको रक्षा तथा संरक्षणका लागि एक व्यक्तिबाट दोस्रो व्यक्तिलाई

पुत्र कृष्णद्वैपायन व्यास भए । उनले वेदलाई विभिन्न चार भागमा विभाजन गरे । पहिलो ऋग्वेद आफ्ना शिष्यहरू मध्ये महर्षि पैललाई, दोश्रो यजुर्वेद पराशरपुत्र महर्षि वैशम्पायनलाई, तेश्रो सामवेद महर्षि जैमिनिलाई तथा चौथो अथर्ववेद महर्षि सुमन्तुलाई सुम्पिएका थिए । महर्षि याज्ञवल्क रचित वेदमन्त्रको व्याख्या गर्ने १०० अध्यायी ग्रन्थ **शतपथ ब्राह्मण** (१०.३.५.१-२) अनुसार यत्+जूः (यज्ञ) को अर्थ गतिशील+आकाश हो । आकाशमा सुक्ष्म प्रवहमान कण हुन्छन् । सृष्टि पूर्व आकाश रूपमा सर्वत्र एउटै चेतनतत्व फैलिएको थियो । ती कण (वायु) को टकरावबाट विद्युत्को उत्पादन हुने र तिनको अनुपातलाई बदल्दा पदार्थ पनि बदलिने गर्दछ । वायुबाट नै अग्निको उत्पत्ति र विकास भएको हो । गतिशील आकाशको संयोगबाट पञ्चतत्व बनेको हो । यसैले यो सृष्टि पनि यही यज्ञीय चक्रको परिणाम मानिन्छ । सबै संस्कार र यज्ञीय कर्मकाण्डका अधिकांश मन्त्र गद्यात्मक रूपमा रचित यजुर्वेदका नै हुन् । यज्ञप्रधान यो वेदका दुई धारा छन्: यज्ञको **सनातन स्वरूप**, जो अनादिकालदेखि नै निरन्तर गतिमा चलिरहेको छ (विश्वको सृष्टि, पोषण एवं परिवर्तन) तथा संकल्पपूर्वक गरिने **लौकिक स्वरूप** (अग्निहोत्रादि विविध यज्ञकर्म एवं अनिवार्य यज्ञ) । **लौकिकयज्ञ** लोकमंगलका लागि समर्पित गरिन्छ ।

**मनुस्मृति**मा वेदाध्ययन-ज्ञानविस्तार **ब्रह्मयज्ञ**, तर्पण **पितृयज्ञ**, होमादिकर्म **देवयज्ञ**, वलिवैश्वदेवादिकर्म **भूतयज्ञ** तथा अतिथि आदिको तृप्ति गराउनु **मनुष्ययज्ञ** बताइएको छ । यज्ञबाट पृथ्वीको वातावरणीय सन्तुलन आउने भएकाले नै **यज्ञो भुवनस्य नाभिः** बताइएको हो । **यजुर्वेद**को शाखाको विस्तार वैशम्पायनका

---

याद दिलाउनका लागि कण्ठस्थ गराइन्थ्यो । चारै वेद एउटै व्यक्ति विशेषबाट कण्ठ/स्मरण गर्न गराउन सम्भव नभएकाले गोत्रकार ऋषिहरूले ती ऋषिहरूको अमुक भागको अध्ययन-अध्यापन, प्रचार-प्रसार आदिको रक्षा तथा संरक्षणको भार उनका सन्तानलाई सुम्पिएका थिए । यसै अनुसार जुन व्यक्ति जुन वेदका ज्ञाता थिए, तिनलाई वेदाभ्यासी भनियो । सुवेदी, द्विवेदी, त्रिवेदी तथा चतुर्वेदी पनि यसै गरी बनेका थर मानिन्छ । साथै, कुनै एक ऋषिकुलका सन्तानलाई एक ऋग्वेद जस्तै हजारौं मन्त्र भएको वेद याद गरी त्यसको रक्षा र संरक्षण गर्नुपर्ने दायित्व थियो । पछिल्लो पिँढीलाई सोही मुताविक ती ऋचाहरू कण्ठस्थ गराई हस्तान्तरण गर्दै जानु कठिनाई हुने भएकाले त्यसका लागि पनि अलग तिनको रक्षा र संरक्षणका लागि पुनः जिम्मेवारी बाँडफाँड गरिन्थ्यो, यसैलाई शाखा भनिन्छ । ऋषिहरूले प्रत्येक एक गोत्रका लागि एक वेद अध्ययनको परम्परा रक्षार्थ त्यसको शाखा बनाएका थिए । ती शाखाको पनि थप बाँडफाँड गरी सूत्र तय गरिएको पाइन्छ । साथै, देवता, वेद-शाखा आदिको पठन-पाठन, विशेष देवताको पूजा-आराधना आदिको परम्परा पनि यसैगरी बसाइँयो । आराध्यदेव, कुलदेवी आदिको व्यवस्था पनि सोही मुताविक हुन गयो । यस्तै दिशा, द्वार, शिखा, पाद आदि भेद पनि गरिएको पाइन्छ । यसप्रकार कुन व्यक्ति कुन कुलका हुन्, कुन वेदको कुन् शाखा तथा सूत्र एवम् कुन् देवी-देवता (इन्द्र, यम, विष्णु, रुद्र आदि) को रक्षा, संरक्षण-संवर्द्धन तथा पूजा-आराधनाका लागि जिम्मेवारीमा छन् पत्ता लगाउन सकिन्छ ।

शिष्यहरूबाट भयो । महाभाष्यकार पतञ्जलिले यसका करिव १०१ शाखा बताएका छन् । यजुर्वेदाध्यायी परम्परामा केवल दुई सम्प्रदाय बताइएको छः **कृष्ण यजुर्वेद** (ब्रह्म सम्प्रदाय) तथा **शुक्लयजुर्वेद** (आदित्य सम्प्रदाय) । यज्ञको विधान प्रस्तुत गर्ने कृष्णयजुर्वेदमा मन्त्र र ब्राह्मणलाई एकसाथ लिई **कृष्णत्व**को मुख्य आधार बनाइएको पाइन्छ । तर दर्शपौर्णमासादि अनुष्ठानका लागि केवल मन्त्रमात्र सङ्कलन रहेको शुक्लयजुर्वेदको विशेषता नै **शुक्लत्व** हो । वाजसनेय (अन्न+दान) गर्ने महर्षिका सन्तान यज्ञवल्क्यद्वारा आख्यात शुक्लयजुर्वेदलाई **वाजसनेयी-संहिता** पनि भनिन्छ । **कृष्णयजुर्वेद**का तैत्तिरीय, मैत्रायणी, कठ तथा कपिष्ठलसमेत चार संहिता छन् । तर **शुक्ल यजुर्वेद**का केवल दुई संहिता छन्: **मध्यन्दिन** तथा **काण्व** संहिता ।

यजुर्वेद महर्षि वैशम्पायनबाट महर्षि याज्ञवल्क्य आदिले अध्ययन गरे भने **शुक्ल यजुर्वेद** महर्षि याज्ञवल्क्यबाट महर्षि मध्यन्दिनले अधिगत गरे । यसैकारण कतै कतै **शुक्ल यजुर्वेद**लाई नै **माध्यान्दिनी-संहिता** पनि भनिएको पाइन्छ । आजकल प्रायः उपलब्ध हुने यजुर्वेद, **माध्यन्दिनी-संहिता** नै हो । कुल ४० अध्याय र १,९७५ मन्त्र भएको **माध्यन्दिनी-संहिता** पनि पूर्वविंशति र उत्तरविंशति गरी दुई भागमा विभक्त गरिएको पाइन्छ । **पूर्वविंशति** भागमा १,२११ कण्डिका र २,५८५ मन्त्र छन् भने **उत्तरविंशति** भागमा ७६४ कण्डिका र १,४०३ मन्त्र छन् । यी मन्त्रहरू विभिन्न (हिंसारहित) यज्ञीय कर्मकाण्ड (दर्शपौर्णमास, सोमयज्ञ, अग्निष्टोम, युप/वनस्पति निर्माण, वाजपेय, राजसूय, उखा संभरण, शतरुद्रीय, चित्यारोहण, वसोर्धारा, सौत्रामणी, अश्वमेध, पुरुषमेध, सर्वमेध/आत्मालाई परमात्मामा समर्पित गरी मुक्ति प्राप्ति गर्ने, पितृमेध, प्रवर्ग्य, महावीर संभरण आदि) मा उपयोग गरिन्छ । यसको अन्तिम तथा चालिसौं अध्याय (जसलाई आदि उपनिषद् पनि भनिन्छ), **ईशावास्योपनिषद्** विशुद्ध ज्ञानपरक छ । यसको ३४ औं अध्यायका छ मन्त्रलाई पनि उपषिद्को कोटिमा राख्दै **शिवसंकल्पोनिषद्**को संज्ञा दिइएको छ । **काण्व-संहिता**का प्रमुख महर्षि कण्व थिए । यसमा ४० अध्याय ३२८ अनुवाक तथा २,०८६ मन्त्र छन् । **धनञ्जय गोत्र**का सन्ततिका लागि **शुक्ल-यजुर्वेद, माध्यन्दिनीय शाखा** दिइएको छ । धनञ्जय गोत्रीय **भुसालवंश**लाई कुलदेवी महाकाली (दुर्गा) को पूजा-आजाको जिम्मा पनि दिइएको पाइन्छ ।

महर्षि धनञ्जयको आश्रम पश्चिम नेपालको अछाम जिल्लाको श्रीकोटमा समेत रहेको थियो । त्यहाँको जयगढ पनि महर्षि धनञ्जयको नामबाटै आएको

बताइएको छ (पौडेल, २०६८:४७) । ज्ञानी, ध्यानी, शान्ति, सद्भाव आदि सबै किसिमका सात्विक गुण र विशेषताका बेजोड सँगम नै मानिएका महर्षि धनञ्जय तत्वज्ञानी र धर्मशास्त्रविद्समेत हुनुहुन्थ्यो (रिजाल, २०७४) । कृतिहरूमा **धर्मप्रदीप, दशरूपकम्** (नाट्यशास्त्रम्) लगायतका ग्रन्थ गोत्रप्रवर्तक महर्षि धनञ्जयका हुन् । धनञ्जय ऋषि-गोत्रीय सन्तानहरू नेपाल, भारतलगायत विश्वका विभिन्न भागमा बसोबास गर्दछन् ।

# खण्ड दुई
# ऐतिहासिक काल

## १. कान्यकुब्जबाट उत्तराखण्ड र नेपालतर्फको आप्रवासन

कान्यकुब्ज राज्यका सम्राट् विश्वरथले आफ्नो राजपाट त्याग गरी आफ्ना कनिष्ठ-पुत्र अष्टकलाई सुम्पेर तपस्यामा गएका थिए । उनीपछि उनका सुपुत्र राजर्षि लौही कान्यकुब्जका अन्तिम चन्द्रवंशीय राजा भए । त्यसपछि कान्यकुब्ज राज्यको सबै भूभाग अयोध्या राज्यका सूर्यवंशी राजाको पोल्टामा गयो । साविकको कान्यकुब्ज (पाञ्चालपुर) राज्यको भूभागसमेत समेटेर विशाल अयोध्या (कौशल) राज्यबाट विभिन्न कालखण्डमा विभिन्न वंशका क्षत्रिय राजाहरूले राज्य गरे । ऋग्वेद (६।२६।२॥२५) मा पाञ्चाल नरेश देवोदासको प्रशंसामा बह्मर्षि विश्वामित्र, महर्षि वशिष्ठ तथा भारद्वाजले अनेक मन्त्र बनाएको पाइन्छ । देवोदासपछि उनका पुत्र सुदास कान्यकुब्जका राजा भएका थिए (साङ्कृत्यन, २०७६:१३२-३७) ।

डा. प्रकाश ढकालका अनुसार महाभारतकालमा कान्यकुब्ज आर्यावर्तकै




नक्शा साभार: विद्यालंकार, १९४२:२३९

पाञ्चाल राज्यमा पर्दथ्यो । बुद्धोत्तरकालमा भने कान्यकुब्ज नगर नन्द र मौर्य साम्राज्यअन्तर्गत रह्यो । वर्तमान भारतको उत्तरप्रदेश राज्यको फरूखाबाद जिल्लामा अहिले पनि यो नगर अवस्थित छ । त्यसबखतको कान्यकुब्ज राज्यको सिमाना पश्चिममा यमुना नदी र पूर्वमा महाकाली नदी थिए । कान्यकुब्जमा मित्रकुल, मौखरीवंश, वर्द्धनकुलका प्रसिद्ध कुलीन राजाहरूले शासन गरे (ढकाल, २०७६:८९) । कान्यकुब्ज (कन्नौज) बाट भारतको अन्य स्थान र नेपालतर्फ बसाइँ सरेका ब्राह्मणलाई अद्यापि कान्यकुब्जी भनिन्छ । भारतको उत्तराखण्डहुँदै नेपाल सरहदतर्फ बसाइँ सरेका ब्राह्मणहरूमा पनि आपसी भेदभाव (पूर्विया र कुमाई) ले गर्दा "बाह्र कनौजिया, तेह्र चुल्हा" भन्ने उखान चलेको हो ।

संस्कृतिविद् जनकलाल शर्माका अनुसार ईशाको द्वितीय सहस्राब्दीको मध्यतिर **डोटी** र **कुमाऊँ** दुई अलग राज्यमा विभाजित थिए र यिनको सीमारेखा महाकाली नदी थियो । महाकाली पूर्वका ब्राह्मणलाई पूर्विया र पश्चिमका कुमाऊँ निवासी ब्राह्मणलाई कुमाइँ भनिएको हो । नेपालका धेरैजसो ब्राह्मणहरू कन्नौजबाटै आएका हुन् (शर्मा, २०३९:८१) । पूर्वीय र कुमाई भनिने ब्राह्मणका दुई भेदमध्ये धनञ्जय गोत्रका सन्ततीहरू कुमाई समूहमा छैनन्, सबै पूर्वीय समूहमा मात्र पर्दछन् । तर विश्वामित्र गोत्र मात्र लेख्ने ब्राह्मणहरू पूर्वीय समूहमा छैनन् । उनीहरूको त्रिप्रवर वैश्वामित्र-मारीचेय-कौशिक हो (पोखरेल, २०५५:६५९-६६०) ।

बौद्धमार्गी कन्नौज-सम्राट् हर्षबर्धन (वि.सं.६५६-६९०) का समयमा पश्चिमी सिन्ध स्कन्धहारका शासक आदिपाल सिमन्तोन्नयनी (सिञ्जा) तथा दुल्लूका शासकको जिम्मेवारीमा थिए (यात्री, २०४५:७४) । सम्राट् हर्षबर्धनको साम्राज्यको पतनसँगै त्यस क्षेत्रमा अशान्तिको बीजारोपण भयो । हर्षबर्धनपछि त्यहाँ वर्मन, आयुध, प्रतिहार, गाहडवाल र मुसलमानले समेत शासन गरे । वि.सं. १०७६ मा अफगानिस्तानको घजनी प्रान्तबाट आएको आक्रमणकारी महमुद घजनीले कन्नौजमा आक्रमण गरेको थियो (पोखरेल, २०५५:५७१) । ती मुसलमानको आक्रमण र दङ्गापश्चात्को परिणामस्वरूप कान्यकुब्जक्षेत्र छाडेर उत्तरी पहाडतिर पस्ने व्यक्ति र परिवार धेरै भए (ढकाल, २०७६:८९) । तर यो दाबीलाई प्रमाणित गर्ने कुनै भरपर्दो प्रमाण अहिलेसम्म प्राप्त नभएको इतिहासकार अधिकारीको दाबी छ । उनी भन्दछन्, "भारतमा मुसलमान आक्रमण हुनुभन्दा धेरै पहिले नै पश्चिम नेपालमा ब्राह्मण र पाल तथा मल्ल क्षत्रियहरू थिए" (अधिकारी, २०५३:९) । अछाम तिमल्सैन बीरताको देववाँडाको वंशावली अनुसार वि.सं.

४१५ मा नै लम्बोदर भट्ट गढवालको विद्यानगर छाडेर अछाम, जनालीमा बसाइँ सरी आएका र नागभार शिववंशी राजा रुद्रदामनका सन्ततिहरू पनि विक्रमको पाँचौं शताब्दीतिरै वर्तमान नेपालको भूभागमा प्रवेश गरेका थिए (यात्री, २०४५:७३)। तर यात्रीले भने वि.सं. ६९०-९१ तिर नै धेरै वैदिक धर्मावलम्बीहरू र तिनका अनुयायीहरू कन्नौज क्षेत्रबाट केदारभूमि र मानस-प्रदेशतिर बसाइँ सरेका थिए भनी उल्लेख गरेका छन् (यात्री, २०४५:७८)।

प्राचीन कालमा पनि कान्यकुब्ज राज्य भारतको सबभन्दा ठूलो र समृद्ध नगर थियो। त्यहाँका मौखरी, बैंस प्रतिहार, गहरवारजस्ता भारतका आफ्ना समयका सबभन्दा ठूला राजवंशको राजधानीसमेत भएकाले त्यस ठाउँप्रति मानिसहरूमा एक किसिमको श्रद्धा थियो। त्यस ठाउँबाट अन्यत्र बसाइँ सरी जानेहरूले गौरवका साथ आफ्ना शाखासँग कान्यकुब्ज (कान्यकुब्जी ब्राह्मण, कान्यकुब्जी अहीर, कान्यकुब्जी काँदू आदि) पनि जोड्दछन् (सांङ्कृत्ययान, २०७६:२८१)। यात्रीका अनुसार, कुशद्वीपको नामले परिचित कश्यप-गिरी (हिन्दुकुश पर्वतमाला) का शासक कुशवंशको नामबाट कुश-सभ्यताको सुरुवात भएको थियो। यसैबाट अनेक सभ्यताहरू निर्माण भए : ऐल, अश्विन, खोतान, खश, आर्य, पामीर, सिन्धुघाँटी, अलोर, हिमालयिन आदि। यसैले खश सभ्यता र संस्कृतिका निर्माता र जनक नै कुशजाति बताइएको हो। कान्यकुब्ज राज्यमा ३६ लाख गाउँ थिए भने उसबखतको नेपालमा एकलाख गाउँ थिए (यात्री, २०४५:७९, १६६)।

पौराणिक कालको देवभूमि नेपालको इतिहासमा प्रायः काठमाडौं उपत्यकाको मात्र चर्चा गरिएको छ। काठमाडौं राजधानी राखी वि.सं. ५२१ देखि ९३७ सम्म शासन गरेका नेपालका लिच्छवीहरूको राज्यको सीमा पूर्वमा आसाम (भारत) को कामरूप र दवाकदेखि पश्चिममा कुमाऊँ (सुवर्णभूमि खसमण्डल) सम्म फैलिएको थियो (खनाल, २०७५:३)। इतिहासकार डा. पेशलकुमार दाहालले पश्चिम जुम्लाको शासन प्रणाली पनि काठमाडौंबाटै चल्दथ्यो भनेका छन्। नेपालका राजा मानदेव र उनका बावुबाजेको तीन पुस्ताको इतिहाससमेत उल्लेख भएको वि.सं. ५२१ को चाँगुनारायणको अभिलेखमा लिच्छवी राजा मानदेवले पूर्व र पश्चिमका विद्रोही सामन्तहरूलाई दबाएको कुरा पनि उल्लेख गरिएको छ (दाहाल, २०५०:२,९५)। तत्कालीन राजदरबार, जाँचबुझ केन्द्रद्वारा गराइएको अध्ययनपछि तयार भएको मेची-महाकाली (भाग ३) मा पनि वर्तमान नेपालका पश्चिमका अछाम, दैलेख, जुम्ला आदि भूभाग पनि लिच्छवी शासकका



नक्शा साभार: विद्यालंकार, १९४२:२५६

अधीनमा थिए भनिएको छ (जाँचबुझ, २०३१:५५६, ८३३-३५)। लेखक प्रश्रितले बुद्धको समय (ई.पू. ५६३-४८३) मा कामाक्षा (आसाम) उदुम्बर (पञ्जाब), मिथिला र नेपालबीचको भूभागलाई नेपाल विषय भनेको भए तापनि लिच्छवीकालको नेपाल राज्य कर्णाली र कोशी नदी बीचमा सीमित रहेको बताएका छन् (प्रश्रित, २०७४:२१३)।

राज्यशक्ति कमजोर हुँदै गएको लिच्छवी शासनको उत्तरार्द्ध र खस साम्राज्यको पूर्वार्द्धमा कर्णाली र गण्डकी प्रदेशमा मगर-राज्यको उदय भयो। त्यसै कारण

अहिलेका गण्डक र राप्तीक्षेत्र मगरभाषी बाहुल्यको प्राचीन मगरात भूमि मानिन्छ (थापामगर, २०६८:८)। ती मगरातको प्राचीन नाम मग्वर थियो, जसमा १२ मगरात र १८ मगरात पर्दथे[१७]। ती मगर-राज्यहरूमध्ये कालीगण्डकी क्षेत्रमा बाह्र-मगरातका **अरमुंडी** नामक शासक निकै शक्तिशाली र प्रख्यात थिए। तत्कालीन कास्मिरमा कर्कोटा नागवंशी कायस्थ क्षत्रिय परिवारका ललितादित्य मुक्तापीड (वि.सं.७८१-८१८) नामका एक कुशल, लडाकु र प्रसिद्ध राजा थिए। यिनको राज्य पश्चिममा टर्की, पूर्वमा बङ्गाल, दक्षिणमा कोंकण (कर्णाटक) तथा उत्तरमा तिब्बतसम्म थियो। ललितादित्य मुक्तापीडका वज्रादित्य (विग्रहदेव) र जयपीड (विनयादित्य) दुई पुत्र थिए। जेठा बज्रादित्य (वि.सं. ८२०-८२७) को मृत्युपछि कान्छा राजकुमार जयपीड (वि.सं. ८२७-८८०) स्वतः कास्मिरका राजा भए। राजा जयपीडले आफ्नो राज्यविस्तारको क्रममा नेपालको कालीगण्डकी क्षेत्रसम्म आक्रमण गरे। तर तत्कालीन मगर राजा अरमुंडीले कास्मिरी सेनालाई हराइदिएको कुरा बाह्रौं शताब्दिका कास्मिरी ब्राह्मण ऐतिहासिक महाकाव्यकार कल्हण (कल्याण) ले लेखेको (वि.सं. १२०५-०७) आफ्नो कृति **राजतरङ्गिणी**[१८] मा उल्लेख गरेका छन् (राना, २००५)। बाह्रौं शताव्दीको मध्यतिर ती मगर राज्यहरूलाई सिञ्जाली खस राजाहरूले आफ्नो कब्जामा लिए।

उत्तर भारतको कुमाऊँक्षेत्रमा विक्रमको सातौं शताब्दीतिर कत्युरीवंशका राजा वासुदेवद्वारा स्थापना गरिएको कत्युरी साम्राज्य थियो, जसको राजधानी भागेश्वर जिल्लास्थित वैजनाथक्षेत्रको कार्तिकेयपुर थियो (के.सी. २०७०:१२)। विक्रमीय सम्बत्को आठौं शताब्दीको पूर्वार्द्धमा कुमाऊँका कत्युरीवंशीय राजाहरूले "***गिरीराज चक्रचुडामणि***" को उपाधि पाएका थिए (सुवेदी, २०५४:३३, ५८)।

---

१७) मगरहरूको मूल थलो या मगरात मर्स्याङ्दी नदीदेखि प्यूठान सम्मको प्रदेशलाई भनिन्थ्यो। निसी-भुजीलाई सीमा मानी त्यस पश्चिमको भेग अठार-मगरात र पूर्वको भेग बाह्र मगरात (दर्लाम) का रूपमा परिचित थिए। अठार मगरातमा खाम (पाङ्ग) र बाह्र मगरातमा ढुट-मगर भाषा बोल्ने गरिन्छ। बाह्र-मगरात क्षेत्रमा अर्घा, खाँची, गुल्मी, इस्मा, मुसिकोट, पैञुँ, भिरकोट, सतहुँ, गरहुँ, रिसिङ्ग, घिरिङ्, ढोर पर्दथे भनें यिनको सदरमुकाम (वर्तमान पाल्पा जिल्लाको) बल्डेङ्गढी थियो (राना, २०१७)। ती भूभागभित्र वर्तमानका लमजुङ्, लिगलिग, गोरखा, बुङ्कोट, बाह्रकोट, ताकुकोट, रुद्रपुरगढी, देउचुली, रामकोट, गल्कोट, पर्वत, कास्की, किहुँ, तनहुँ, आदि पनि पर्दथे। तिनीहरू कतै कविला राज्यको रूपमा त कतै रजौटा र स्थानीय सामन्तका रूपमा थिए। यिनीहरूको न त आफ्नै स्थायी सेना थियो न त आफ्नो सिक्का (देवकोटा, २०७६:१)।

१८) कल्हण (कल्याण) कास्मिरका राजा हर्षदेव (वि.सं. ११२५-११५८) का महामात्य (प्रधानमन्त्री) चम्पकका छोरा थिए। संस्कृत भाषामा लेखिएको राजतरङ्गिणीमा जम्मा ७,८२६ श्लोकहरू छन्। आठ-ठेलीको यो पुस्तकमा कास्मिर इतिहासको पृष्ठसंख्या ९९ मा अथ अरमुंडी इति प्रसिद्ध मायावी नेपालदेशस्य राजा मा जयपीडको आक्रमण र त्यसलाई राजा अरमुंडीले परास्त गरेको प्रसङ्ग छ।

कत्युरीवंशका प्रथम बौद्धमार्गी राजा वासुदेव (वि.सं.९०७-९२७) ले आफ्नो राज्यको नाम ***ज्योतिर्यान***बाट कुर्माञ्चल राख्दै राजधानी पनि जोशीमठबाट कर्तृपुर (कार्तिकेयपुर, हाल पञ्जाबको जालन्धरको नाहन) मा सारे । कार्तिकेयपुरको राजभाषा संस्कृत र राजचिन्ह गाई थियो । उत्तराखण्डको वासुदेव मन्दिर यिनै राजाले आफ्नै नामबाट निर्माण गराएका थिए । कत्युरीवंशीय राजाका कुलदेवता स्वामी कार्तिकेय वर्तमान डोटी जिल्लाको बोक्टान, मोहन्याल[१९] मा विराजमान छन् । कत्युरवंशका राजाहरूले कुमाऊँ क्षेत्रभित्र टाढा-टाढासम्म कत्युर उपत्यका (वैजनाथ/ दैंजी) पश्चिम आफ्नो नियन्त्रणमा राखेका थिए । यसै समयमा यिनीहरूको दोश्रो राजधानी बैजनाथ (दैंजी), रणचुलकोटमा थियो । कत्युरी उपत्यकाको एक समतल क्षेत्रमा कत्युरीवंशका अन्तिम राजा ब्रह्मदेवले स्थापना गरेको ब्रह्मदेव मण्डी (वर्तमान नेपालको महेन्द्रनगर) नामको एक ब्यापारिक केन्द्र पनि थियो ।

पश्चिम नेपालदेखि अफगानिस्तानसम्म फैलिएको कत्युरी साम्राज्यका कत्युरीवंशका राजालाई वि.सं. १०८४ मा कन्नौजका चन्द्रवंशी राजा सोम चन्दले विस्थापित गरे । कुर्माञ्चलको राजधानी पनि चम्पावत (चरमावती) मा सारे । यिनले अल्मोडा, पिथौरागढ, नैनीताल र पश्चिम नेपालका केही क्षेत्र (डोटीक्षेत्र) सम्मिलित भूभागमा कार्की, बोहरा, तडागी र चौधरी लाई प्रशासक नियुक्त गरी राजकीय शासन सञ्चालन गरे । कत्युरीवंश र चन्दवंशको निरन्तर विवादका बिच खस साम्राज्यको उदय भयो (सुवेदी, २०५४:३३, ५८) ।

क्षत्री र सिंहका अनुसार एघारौं शताब्दीमा पश्चिम बङ्गालबाट दक्षिण-पश्चिम तिब्बतको गुगे र तत्कालीन कर्णाली क्षेत्रको पुराङ्ग क्षेत्रमा गएका पालहरूका दुई राज्यहरू थिए । गुगेका ती पालवंशी नागराजले वि.सं. १०५७ मा पुराङ्गक्षेत्रको केन्द्र जुम्लालाई कब्जा गरेपछि कर्णाली क्षेत्र तिब्बतबाट स्वतन्त्र भएको थियो । पछि गुगेक्षेत्र पनि त्यही पुराङ्गबाट सञ्चालित भयो । पालवंशी नागराजले जुम्लाको सिञ्जालाई ग्रीष्मकालीन राजधानी र वर्तमान दैलेखको दुल्लूलाई शीतकालीन राजधानी बनाए । त्यसपछि पुराङ्गका राजघरानाका पालहरू कालीकोटको गेलामा आएर बसे (क्षेत्री र सिंह, २०७६:१४-१५) । जुम्लाको सिञ्जा-केन्द्र भएको राज्य-विस्तारको क्रम **नागराज** (पाल) बाट सुरु भएको

१९) शिवपुत्र स्वामी कार्तिकेयलाई कुलदेवता मान्ने कत्युरीवंशीय राजाले वैशाख शुक्ल मोहनी एकादशीमा कार्तिकेयपुरबाट डोटी ल्याएपछि मोहनी एकादशीको नामबाट कार्तिकेयलाई मोहन्याल भन्न थालिएको हो ।

थियो । इतिहासकार डा. राजाराम सुवेदीले वि.सं ११२५ तिर दक्षिण-पश्चिम तिब्बतबाट खस-मल्ल राजा **नागराज**ले कर्णाली प्रदेशलाई आफ्नो साम्राज्यमा मिलाएको बताएका छन् (सुवेदी, २०४९:६०) । प्रा. बालकृष्ण पोखरेलले पनि विक्रमको १२ औं शताब्दीमा कर्णाली-प्रदेशमा **नागराज**ले खशवंशी राज्य स्थापना गरेको बताएका छन् (सुवेदी, २०५४क:३३, ५७, के.सी, २०७०:१२) । सिञ्जा राज्य पूर्वमा काठमाडौं, पश्चिममा लद्दाख, उत्तरमा पश्चिम-तिब्बत तथा दक्षिणमा भागिरथीको मैदानसम्म फैलिएको थियो । विक्रमको ११औं शताब्दीमा नै नेपाल र कुमाऊँ गढवालक्षेत्रमा राजनीतिक उथल-पुथल भएको बेला नेपाल हिमालयतिर प्रवेश गर्ने आर्यहरू अछामको बाटो भएर हिमाली क्षेत्रमा बसोबास गरेका थिए (सुवेदी, २०५८:१३२, १६३) ।

डा. राजाराम सुवेदीका अनुसार, कर्णाली-प्रदेशको मध्यकालीन इतिहास वि.सं. १२६४ देखिमात्र सुरु भएको मानिन्छ । मूलतः खस साम्राज्यका संस्थापक राजा **नागराज**का छैठौँ पुस्ताका राजा क्राचल्ल (१२६४-८०) श्रीसम्पन्न नगर (दुल्लू नजिक) का स्वामी तथा पश्चिम नेपालका राजा भएपछि यो साम्राज्यको विस्तार भएको कारण डा. सुवेदीले त्यसो भन्नुभएको हो । कर्णाली-प्रदेशको राजधानी मौसमअनुसार सिञ्जा, दुल्लू र सुर्खेतमा राखिएको थियो । वि.सं. १२८० मा दुल्लू, श्रीसम्पन्न नगरका सिञ्जाली राजा क्राचल्लले कत्युरी राजवंश शासित कुमाऊँ, कार्तिकेयपुरी राज्य र त्यसको दोस्रो राजधानी रणचुलाकोटमा आक्रमण गरी विजय प्राप्त गरे । त्यसपछि उनले एकरुद्र बालेश्वरको पूजा धुमधामसँग गराउँदै उदारतापूर्वक (विभिन्न आप्रवासी) ब्राह्मणलाई बिर्ता पनि बाँडेका थिए (सुवेदी, २०५४क:६१-६३) । उनका पुत्र अशोक चल्लले पछि पश्चिम गढवालमा समेत विजय प्राप्त गरी वर्तमान नेपालको कर्णाली प्रदेश, गण्डकी प्रदेश, खारी प्रदेश (कैलाश, मानसरोवर) तथा केदारखण्ड (कुमाऊँ गढवाल) समेतको शक्तिशाली खस साम्राज्य निर्माण गरे । वि.सं. १४२४ सम्म कुमाऊँ तथा गढवाल क्षेत्र दुल्लूका खश राजाकै प्रभुत्वमा रह्यो । उसबखत ती क्षेत्रमा पाँच शक्तिशाली खस राज्य स्थापना भएका थिए: पामिर, खशमिहिर (कास्मिर), झुलौर (सिन्ध), स्वर्णप्रस्थ (कत्युर) तथा यारी/ खारी/ पुराङ्गका श्रीपाल (यात्री, २०४२:४३) ।



सिञ्जा उपत्यकाको एक दृष्य

वर्तमान भारतको उत्तराखण्डबाट मानसरोवर तीर्थस्थल जाने मूलबाटो उसबखत पनि टनकपुरहुँदै अछामको विनायकधाम क्षेत्रबाट चालु थियो । यसैले उत्तराखण्डबाट सिञ्जाक्षेत्र प्रवेश गर्ने मुख्यद्वार पनि अछाम नै थियो[२०] । अछाम क्षेत्रलाई प्रागैतिहासिक कालमा नौखुवा (नौखण्ड) भनिन्थ्यो । जम्मा नौखण्ड (दरा) मा विभाजित भएको अछाम क्षेत्रमा छुट्टाछुट्टै नाइकेहरूका स-साना राज्यहरू थिए । जस्तैः **तीखापात्ताल**मा ब्रह्मराजा (क्षत्रिय वंश), **कोटवाडा**मा पेख्यराजा (उपराज), **बाइकोट**मा बाहबले राजा (खसमूल वंशका), **सुनघर**मा जोगा मल्ल राजा (महाकालीपारिका मल्लवंश), **भुलुकोट**मा बेगर्ली राजा (रावलहरू), **सुराइकोट** (चल्लीकोट) मा चिम्चेलराजा, **जनालीकोट**मा रुद्रीम राजा (धनञ्जय गोत्रीय), **छ्यातासैन**मा तिख्खिम राजा (कुइकाका डाइचु राजा), **कुइकाकोट**मा नौलेराजा (नौनाकोटबाट आएका विष्ट) । ती राजाहरूले प्राकृतिक सीमानाभित्र रही आ-आफ्ना क्षेत्रमा रैथाने भई बसेका हुनाले तिनीहरूलाई एकै नाम नौखुवाका राजा भनिन्थ्यो । ... ती राजाहरूले बेलाबेलामा विभिन्न पहाडका टाकुरामा कोट

---

२०) इतिहासकार डा. राजाराम सुवेदीका अनुसार विदर्भदेशको कुण्डिमण्डन प्रदेशको छिप्रा नदी बालुवा-बेशीका छेउमा इन्द्रद्वार गाउँका बासिन्दा कुशा भट्ट मानसरोबर तीर्थाटन गर्न भनी पञ्जाब, जालन्धरको बाटो उत्तरतिर लाग्दा लखनऊ, टनकपुरहुँदै अछामको विनायकधामको मार्गबाट हिंडेका थिए (सुवेदी, २०६१:११०) ।

किल्ला निर्माण गरेका थिए, यद्यपि उनीहरूका प्रशस्त समथर र पाल्टेटार (सैन) पनि थिए । ... अछाममा वीरता, छाप माना-चामल, हलबन्दी, घटारा-माझीको जागिर स्वरूपको जमिन, राजा र अन्य प्रभावशाली व्यक्तिले प्रदान गरेका थिए । त्यसरी ताम्रपत्र गरी दानगरेका घरखेत समेत त्याग गरी त्यहाँका बासिन्दाहरू विभिन्न समयमा अन्यत्र बसाइँ सरेका थिए (सुवेदी, २०५८:२४-२६, ३३५९) । यस्तो बसाइँ सराइ सामान्यतः पूर्वी पहाडतिरै हुन्थ्यो । जनसंख्या वृद्धिसंग} समग्र सिञ्जाक्षेत्र लगायतका ठाउँहरू थप गुल्जार हुँदै गए ।

## २. खस साम्राज्य (११४०–१४४८) र कान्यकुब्जी आर्य समुदाय

खत्री र दाहालका अनुसार मध्यकालमा पश्चिम नेपालमा विकसित सभ्यतामध्ये **नागराज**द्वारा स्थापित कर्णालीको खस राज्य सबै दृष्टिकोणले अन्य राज्यहरू भन्दा सम्पन्न थियो । उसबखत कर्णाली, गण्डकी, कुमाऊँ गढवाल र तिब्बतको खारी प्रदेशसम्मका क्षेत्र खस साम्राज्यका अङ्ग थिए । बुद्धमार्गी खस राजाहरूको साम्राज्य प्राचीन हिन्दु वर्ण व्यवस्थामा नै आधारित थियो । पण्डितहरू राजगुरु, पुरोहित र राजज्योतिषका रूपमा दरबारमा रहने गर्दथे र उनीहरूले बिर्तास्वरूप जग्गा पाउँथे (खत्री र दाहाल, २०५३:४-५) । यात्रीका अनुसार, आफूकहाँ आश्रयको इच्छाले आएका ब्राह्मण जातिका याजकलाई सिञ्जापती (खस) राजाले आदरपूर्वक वीरता, वितलब दिएर बसाल्दथे भने क्षत्रिय शूरवीर भएमा आफ्ना सेना र प्रशासकीय पदमा बहाली गर्दथे[२१] । यसको फाइदा लिनेहरूमा क्रमशः जालन्धर, केदारभूमि-गढवाल तथा कूर्माञ्चल निवासीहरू बढि थिए । यिनीहरूलाई एक क्षेत्रदेखि अर्को क्षेत्रमा बसाइँ सरी जाने छुट पनि थियो । वीरता, वितलव दिइँदा त्यो दिइएको स्थानको नामसित बिर्तावारको थर विग्रह गरियो । झाडखण्ड

२१) दान-दातव्य, विर्ताको रूपमा जग्गा दिने चलन प्राचीन कालमा पनि थियो । उसबखत राजाहरूको धार्मिक कार्यमा ब्राह्मणहरूलाई आमन्त्रण गरी यज्ञ-यागादि धार्मिक प्रवचन गराइन्थ्यो । त्यसबापत राजाबाट त्यस्ता ब्राह्मणहरूलाई दान-दातव्य र सम्मानस्वरूप ग्राम पनि प्रदान गरिन्थ्यो । भिन्दा-भिन्दै गाउँ पाउने भएकाले ब्राह्मणहरू अलग-अलग गाउँमा बस्दथे । 'ब्राह्मणोत्पति मार्तड' मा उल्लेख गरिएअनुसार श्रीराम अयोध्याका राजा भएपछि यज्ञ गरिएको र त्यही यज्ञबाट विद्वान् ब्राह्मणहरूलाई दक्षिणाको रूपमा द्रव्य र दानको रूपमा गाउँ दिइएको थियो (बस्याल, २०५८:४९) । विक्रमको नवौं शताब्दीदेखि चौधौं शताब्दी बिचमा एकएक साना-ठूला गाउँहरू वीरता दिइएको र ती वीरतावारलाई राष्ट्रिय अङ्गमा सम्मिलित गराइने तथा सो पाउने व्यक्तिको त्यसै बीरतासँग विग्रह गरिदिने परिपाटी बसालिएको थियो (यात्री, २०४५:१७०-१७१) । साथै, पद, सम्मान, विभूषण आदि बाँडी विभिन्न वर्ग र सम्प्रदायको मनोबल उच्च राख्ने परम्परा अद्यापि छ ।

भनिने तत्कालीन खस साम्राज्यका १२५,००० गाउँहरू राज्यले तोकेबमोजिम कर लिने गरी प्रायः बिर्तामा वितरण गरिएका थिए ।

ब्राह्मण बिर्ताहरू राज्यका छत्तिसै प्रकारका करबाट[२२] मुक्त हुने र राज्यसभामा सहभागी गराइन्थे । अन्य बिर्तावारहरूलाई भने राज्यलाई आवश्यक परेका बखत सामेल गराइन्थ्यो । उसबखतका पढालेखा परिवार ब्राह्मण जातिहरू नै हुने भएकाले पनि उनीहरू मध्येबाटै राजगुरु, राजपुरोहित तथा शाही सल्लाहकारहरू छानिन्थे (कुल्के तथा डेटमायर, २००४:५) ।

यसै क्रममा, बिर्ताक्षेत्र र विविध पदको नामबाट निर्मित थर प्रचलनमा ल्याइयो । जस्तैः अछामको पाँकुरी गाउँ बिर्ता पाउनेका सन्तानलाई प्याकुरेल भनियो । कतिपयलाई निर्वाहका पेशागत उपायहरू प्रदान गरेर उनको थरलाई पेशासित अनुबन्धित गरियो । जस्तो पुराण बाचकलाई पण्डित, शास्त्रीय आचार-पक्षको नेतृत्व गर्नेलाई आचार्य, वेदपाठीलाई पाठक, द्विवारी, तिवारी आदि, पूजाका निम्ति फूल टिप्नेलाई फूलारा, पूजा गर्नेलाई पुजाहारी, आमान्न प्रतिग्रह लिनेलाई मिश्र, ज्योतिषको काम गर्नेलाई जोशी, न्यायविद् वा चाल भएमा भट्ट इत्यादि । त्यस्तै सेना औ प्रशासकीय पदमा बहाली गरिएका पदाधिकारी भएमा यथायोग्य पद र प्रतिष्ठा सुहाउँदा सार्थक शब्दमा सम्बन्धित गराइयो । जस्तो गैर-सैनिक सेवाको सर्वोच्च पदमा प्रतिष्ठित गराइएकालाई अधिकारी, पानी सम्बन्धी रेखदेख सुम्पिएका पदाधिकारीलाई पनेरू, स्वाँराको रेखदेख सुम्पिएकालाई स्वाँर, धर्माधिकारीलाई महन्त, रसादि वस्तुको प्रबन्धकलाई महरा, सेना र प्रशासन दुबैतर्फका सर्वोच्च प्रशासक (कर उठाउनेसमेत) लाई कार्की, सशस्त्र पदलाई खड्का, आज्ञापालक चतुरङ्गीणी सेनालाई थापा[२३], मानका खातिर मान दिइएका सज्जनलाई महत, सामन्तलाई साउँद जस्ता शब्द अनुबन्धित गरियो । यसरी समस्त जनजातिमा नयाँ व्यवस्था गरेर नेपाली संस्कृतिरूपी कल्पतरूमा पौष्टिक-

---

२२) तत्कालीन अछामका जनताहरूले राज्यलाई तिर्दै आएको कर रकमहरूमा दण्ड, कुण्ड, अपुताली, मुडाली, पेटाली, जारी, चोरी, झाप्या, गुप्या, कुडितो, पाखो, मागन्या, चोथाङ्ग, पिठायो, पोटलो, चौथावर्षी, आदिकरि, सर्वकर-अकर, अन्न, अषाडु-पानी, अपिपु, हिलपानी, धुलस्याउली, तिलइ-कुशइ, कुल, भित्त, रिझर, कुव, ३६ कर (असार, दशैं, साउन्या फागु, बेठ, बेगार, टीको-फूर्को, जलकर, तोषाखाना, त्रिसाल, धुमधाम, लुटपिट, मुफसल-रकम, भारी, सेर्मा, अधिया, घ्यूखानी, बाली, अपुताली, दहीसाग, दूधकूत, झाराबन्दी, मौजाहिम, डण्ड-शासना, हटक-पटक, कम्पूपल्टन-रकम, टै-टण्टा, बहाल-रकम, उद्याउनी-पद्याउनी, बाजवी, इस्कत-ठेक, रकम-कलम, विजाइ-विद्युत्, जगात, तिरोभरो, हार-गुहार, महशूल), माउनी, जगात-जगातो, सुतो आदि थिए (सुवेदी, २०५८:३६२-३६७) ।

तत्व प्रदान गरियो (यात्री, २०४२:८२)। इतिहासकार देवकोटाले कर्णालीका पञ्चमुहानी भनिने देहायका क्षेत्रहरूमा तपसिलका वंशहरूले शासन सञ्चालन गरेको उल्लेख गरेका छन् (देवकोटा, २०६४:३३३)।

| वंश | शासित क्षेत्र |
|---|---|
| क) श्रीपालवंश (सम्राट् नागराजको वंश) | श्रीपाल (यारी/ खारी/ पुराङ्ग), धौलाकोट। |
| ख) खप्तडीवंश (राठौर सिंहवंश) | बझाङ-बाजुराका क्षेत्र। |
| ग) खुलालवंश | (धनञ्जय गोत्रीय)खुलालीकोट/ श्रीकोट/ जनालीकोट, अछामक्षेत्र। |
| घ) कालीकोट वंश | कालीकोट, गेला। |
| ड.) सिंजापतिवंश | कनकसुन्दरी, विराट। |

ब्रह्मर्षि विश्वामित्रका पुत्र महर्षि धनञ्जयको आश्रम रहेको वर्तमान अछामको श्रीकोट (खुलालीकोट, जनालीकोट) मा उनकै सन्तान खुलाल वंशले राज्य गरेका थिए। खुलालहरू जनालीकोटका प्राचीन राजा रुद्रीम उपाध्याय (धनञ्जय गोत्र) का सन्तान हुन्। उनीहरू ब्राह्मण र क्षत्रिय दुवै थरी थिए। झण्डै ४०० वर्ष शासन गरेका श्रीपालवंशी खस राजाहरूले आफ्नो राज्यलाई सरल, सहज र सशक्तरूपमा सञ्चालन गर्न राज्यमा विभिन्न पद सृजना गरी जिम्मेवारी तोक्दथे।

## खस साम्राज्यका पदाधिकारी

इतिहासकार तथा नियात्राकार पूर्णप्रकाश नेपाल यात्रीले खस राजाहरूको राज्य-शासनको ढाँचा तपसिल बमोजिम रहेको बताएका छन् (यात्री, २०४५:१६९-१७०):

२३) थापा शब्द भोट-बर्मेली (तिब्बती) भाषाबाट आएको हो, जस अनुसार **था** भनेको केन्द्रभन्दा पर (सिमा) र **पा** भनेको माञ्छे हुन्छ। नेपाल र पूर्बोत्तर भारतमा थामी भनेको पनि उही अर्थ हुन्छ, जहाँ माञ्छेलाई मी भनिन्छ। सिञ्जाली खस सम्राट नागराजका समयदेखि नै केन्द्रदेखि पर राज्यको सीमाको रक्षामा खटिएका व्यक्ति वा सुरक्षा अधिकारीलाई थापा पदवी दिइएको थियो। सिमानामा बस्ने व्यक्तिले गढ थाम्ने काम गर्ने भएको र हिन्दू वर्ण-व्यवस्था अनुसार त्यस्तो काम गर्ने व्यक्ति क्षेत्रिय हुने र ऊ थापा-क्षेत्री बन्न गएको हो (राना, २०१८)। यस्तै, तरबाररखड्ग लिई सुरक्षा दिने अधिकारी कालान्तरमा खड्का कहलाएका हुन्।

*क)* *परमभट्टारक महाराजाधिराज महामण्डलेश्वर*- राष्ट्रशक्तिका सर्वोच्च केन्द्र ।

*ख)* *मण्डलेश्वर*- न्यायिक अधिकार प्राप्त राजाहरू, जो धार्मिक मामिलामा स्वयम् निर्णय दिन्थे ।

*ग)* *माण्डलिक*- केही गणराज्यका प्रमुख, जसले केन्द्रबाट नियुक्त अडै, कार्की आदिसँग राज्य-शासन प्रणालीमा सहभागिता जनाउँदथे । यी प्रान्ताधीश थिए, जो वर्तमानका मन्त्रीसरहका पद थिए (सुवेदी, २०५४क: ६३) ।

*घ)* *सामन्त*- राज्य वा थर्पुका करद राजाहरू, जसले राज्यको त्रिकर (भाग, भोग र कर) लाई उठाई केन्द्रमा दाखिल गर्न कार्कीको सहयोग लिन्थे । राज्य वा थर्पु अनेक दरामा विभाजित हुन्थे । सिञ्जा केन्द्रित खस-साम्राज्यभित्र १५ राज्य (राजा), ३६ गढ (अडै), ४ थर्पु (कार्की), १३६ दरा (द्वारे तथा महन्तहरू) तथा १२५,००० गाउँहरू (मुखिया) थिए । यो क्षेत्र ज्यादा झाडी (जङ्गल) भएकाले “सवालाख झाडखण्ड” पनि भनिन्थ्यो । अछाम क्षेत्रलाई पनि “सवालाख झाडखण्ड” नै भनिनेहुँदा त्यो सिंजा सभ्यताको क्रियास्थल रही आएको कुरा पुष्टि हुन्छ (सुवेदी, २०५८:१३१) ।

*ङ)* *राउतराज*- कार्की, सामन्त र माण्डलिकमाथि रेखदेख पुराउन खटिएका सैनिक पदाधिकारी । माथि दफा (घ) मा उल्लिखित कुल पद १२५,२७१ हुन्थे । यी पदका सबै अंकलाई जोड्दा १८ भई यसलाई “अष्टादशः राष्ट्रभूत” मानी खस साम्राज्यका लागि १८ राउत-राजहरू पनि नियुक्त गरिन्थ्यो ।

*च)* *अडै तथा कार्की*- राज्य तथा थर्पुका सर्वाधिकार सम्पन्न शासक ।

*छ)* *अधिकारी*- राज्य तथा थर्पुका जनप्रशासन प्रमुख ।

ज) *केन्द्रीय सुरक्षा सेना*को सञ्चालनको नेतृत्व राजकुमार, अधिकारी, अमात्य (मन्त्री) वा खड्कामध्ये एकले परिस्थिति हेरी गर्दथे । जस्तैः सम्राट् जितारीमल्लका समयमा शिरमौर (वर्तमान हिमाचल प्रदेश) राज्यमा गडबडी हुँदा राजकुमार जालन्धरी मल्लले सेना सञ्चालनको नेतृत्व लिई त्यहाँ पुगेका थिए ।

झ) राजदरबारसँग सम्बन्धित कार्य (राजगुरु, पुरोहित, पूजारी, ज्योतिष, पण्डित आदि) मा संलग्न ब्राह्मणलाई भट्टको उपाधि दिइन्थ्यो । यात्रीका अनुसार फरक-फरक गोत्रका ब्राह्मणहरूले भट्टको उपाधि पाएका थिए । उदाहरणका लागि लम्बोदर भट्ट (मौद्गल्य गोत्र), जाजा भट्ट (माण्डव्य गोत्र), गोपाल भट्ट (अत्रि गोत्र), परमा भट्ट (भारद्वाज गोत्र), भाडिर भट्ट (रवि गोत्र) आदि

(यात्री, २०४५:७७-७८) ।

इतिहासकार प्रा.डा. राजाराम सुवेदीले बाइसी राज्यको प्रशासनिक ढाँचामा देहायका पदहरू रहेको बताएका छन् (सुवेदी, २०५४क:५०४-५०८):

क) राजा, रानी, राजकुमार,
ख) साहेबज्यू : राजाका भाइ-भतिजाहरू
ग) चौतरिया : राजाका काकाहरू
घ) भैयाद : राजाका अवैध भाइहरू
ङ) महामात्य र अमात्यहरू (प्रधानमन्त्री र मन्त्रीहरू),
च) सामन्त (विषय वा प्रान्तहरूका प्रशासक),
छ) रजवार : राजाले खटाएको स्थानीय प्रतिनिधि
ज) देवान : राजाको सल्लाहकार
झ) धर्माधिकारी : प्रायश्चित्त दिने व्यक्ति
ञ) राजगुरु : राजालाई अक्षरम्भ गराउने व्यक्ति
ट) काजी : मन्त्री
ठ) अंशियार : राजाको सम्पत्ति र पुँजीको हकदार
ड) राज्य-प्रतिनिधि तथा पुल्ता वा पुत्ला (राजदूत) : बाइसी र चौबिसी राज्यमा एक-अर्काका प्रतिनिधिका रूपमा बस्ने कर्मचारीहरू । जस्तैः गोरखाका जुम्लामा र जुम्लाका गोरखामा खटिने कर्मचारी । यस्तै, बझाङका ताक्ला-खारमा बस्ने प्रतिनिधिलाई पुत्ला भनिन्थ्यो । यिनको मुख्य काम बझाङ र भोटको बिचमा व्यापार सञ्चालन गर्ने, लेखा राखी आफ्नो राजालाई खबर गर्ने, र आफ्नो राज्यको हित रक्षा गर्नु थियो । पुत्ला वंश-परम्पराका आधारमा रहेपनि बर्षेनी पजनी हुन्थे ।
ढ) बुढा-थापा : अप्ठ्यारो परेमा राजालाई सल्लाह दिने व्यक्ति
ण) घाटू-बुढा : ठाउँठाउँका भलाद्मीहरू
त) द्वारे : गाउँको प्रमुख व्यक्ति
थ) नेव : द्वारेको सहयोगी
द) मुखिया : गाउँको मुख्य व्यक्ति
ध) तालुकदार : अख्तियारवाला व्यक्ति
न) कटुवाल : गाउँको पाले (कोतवाल)
प) आशेपाशे : आश्रयमा रहेका चरहरू

फ) मण्डली : धूमधाम गर्ने व्यक्ति
म) थरघर : राजाका मानिस
य) दौडाहा : अह्राएका ठाउँमा जाने व्यक्ति
र) सुसारे : सयस, डोले, छाते, हुँके, बैठके, भान्छे, पानसे, चमारे, चाकर, मेत्तर, रूपासे, खवासे, धराले, बुबुधाई, सुँडेनी, भरिया र घटाराहरू, रुपासे केटीहरू, नानी आदि (सुवेदी, २०५५:१२५) ।

इतिहासकार सूर्यमणि अधिकारीका अनुसार खसमल्ल राजाहरूका कर्मचारीहरूमा पद पनि कालान्तरमा थरघरमा परिणत भएका उदाहरण छन् । जस्तैः महत, महतारा (ग्राम-प्रमुख), कार्की (राजश्व उठाउने अधिकारी), बुढा, जेठा-बुढा, बुढाथोकी (थोकमा बस्ने बुढाबुज्रुक), भण्डारी (कोषाधिकारी), थापा (प्रतिरक्षा अधिकारी), जोशी, पानी-पाँडे, ऐडी, कठाइत, सुनार, टमौटा, आग्री, आफे, चलाउने, बाजे (बाजको कारोबार गर्ने), सेठी, चोखाल, अधिकारी, सेजुवाल, रोकाया (सरकारी अधिकारीहरूलाई आतिथ्य प्रदान गर्ने), लेखक (सरकारी कागजपत्र आदिको लेखापढी गर्ने अधिकारी), छापदार (छाप-ठोक्ने), विन्त्यारू, उखेडा, (वनपाले), साहनी, बिचारी, टक्सारी, कलिया (सचिव), नेगी (न्यायाधीश वा नेग दिने), महतो (ग्राम-प्रमुख, मुद्दा छिन्ने), चौधरी (न्यायाधीश), खड्गा (खड्ग लिने), बखेडा (पावै वा सिपाही), कटुवाल (कोतवाल), झुताडी, कँडेल (कण-इल वा सुन राख्ने), प्रेक्षक वा पेखक (गुप्त सूचना दिने अधिकारी), अडै (राजपरिवारको शेरा जग्गाको रेखदेख गर्ने कर्मचारी) आदि पद थिए (अधिकारी, २०५३:६८-७३) ।

## ३. खस साम्राज्य र अछामबाट फैलिएका धनञ्जय गोत्रीय परिवार

वंश प्रवर्तक ऋषिमुनिहरूका नामबाट चलिआएको पुर्ख्यौली चिनाउने उपनाम गोत्र हो । गोत्र चलाउने ऋषि पछिका नाम चलेका ऋषिहरूलाई प्रवर भनिन्छ । गोत्र भनेको त्यो प्राचीन पुर्खाको नाम हो, जसका सन्तानका रूपमा हामी मनुष्यहरू चिनिन्छौं र अमूक ऋषि मेरो गोत्र हो भन्नें गर्दछौं (रूपाखेती, २०६८:४०) । हिन्दु-धर्म परम्परामा रहेका विभिन्न गोत्रहरूमध्ये विश्वामित्रका पुत्र (र मधुच्छन्दका भाइ) धनञ्जय ऋषिका सन्तानलाई हामी सगोत्री भनी उच्चारण गर्दछौं । महर्षि धनञ्जयको एक आश्रम अछामकै श्रीकोटमा रहेकाले पनि उनका सन्तति यतातर्फ बस्न लालायित हुनु स्वाभाविकै थियो । साविक

**जनालीकोट** (अछाम) राज्यमा धनञ्जय गोत्रीय ब्राह्मण राजा रुद्रीम (उपाध्याय) थिए । उनको राज्यको खुलालीकोट -रागमघाट र लालीघाटको बिचमा) क्षेत्रमा बस्ने समुदायलाई खुलाल (ब्राह्मण, कार्की, खड्का, विष्ट, थापा, रावत, बस्नेत, बुढाथोकी, कटुवाल, कुँवर आदि) भनियो । उनका सन्तति यही राज्यबाट अछामका अन्य भाग तथा दैलेखका विभिन्न क्षेत्रमा बसाइँ सरे । मध्यकालको खस साम्राज्यकालमा भने वर्तमान अछाम जिल्ला पनि दैलेख, कालिकोट, जुम्ला जस्तै सिञ्जा राज्यकै अभिन्न अङ्ग बनेको थियो[२४] ।

पूर्ख्यौंलीस्थल अछामबाट फैलिएका धनञ्जय गोत्रीय सन्तानहरू तपसिल बमोजिम रहेको पाइन्छ (कमल रिजाल, शिखरनाथ सुवेदी, श्रीहरि रूपाखेती, बालकृष्ण पोखरेल):

- ओखरेल/वखरेल/ बखरेल/बखेल
- कटेल (कुकुरकाटे)
- कुँवर (क्षेत्री, सुरु उत्पत्ति-स्थलः अछाम)
- कुशारी (कुशफाँट, जाजरकोट र रूकुम)
- खुलाल (ब्राह्मण, अधिकारी, खत्री, कार्की, बस्नेत, खड्का, राउत, बुढाथोकी, थापा, बुढाथापा, सुरु-उत्पत्तिस्थलः खुलालीकोट, अछाम)
- गुरागाई (सुरू-उत्पत्तिस्थलः गुरुगाउँ/ गैरागाउँ, दुल्लू, दैलेख)
- गैरीपिप्ली (गैरीपिपल, दुल्लू)
- घोडासैनी (घोडासैन, अछाम)
- जोशी (ज्योतिषीको काम गर्ने)
- डुम्रे (डुम्रीभञ्ज्याङ, स्याङ्गजा)
- दङ्गाल
- धमला (धमाल, धमौला, सुरु-उत्पत्तिस्थलः धमाली, अछाम)
- पकुवाल
- पन्त
- पलेटा पाँडे
- पङ्गानी, पगेंनी, पँगेनी
- पङ्गाली (सुरू-उत्पत्तिस्थलः पाङ्ग, पर्बत)

२४) खस राज्यको पतन (१४४८) पछि सिञ्जाली राजाले आफ्ना ज्वाइँ सोमवंशी देवीचन्द्र (देव वर्मा) लाई अछामको राजाका रूपमा वि.सं. १४७४ मा तैनाथ गराएका थिए (पोखरेल, २०५५:७१०) ।

- बस्याल वा बसेल (सुरू-उत्पत्तिस्थलः बाँसी, दैलेख)
- बुढथापा (कुँवर)
- भण्डारी सुरु-उत्पत्तिस्थलः अछाम, जुम्ला तथा लुप्लुङ्ग, प्यूठान)
- भूडाल
- भुसाल (सुरु-उत्पत्तिस्थलः भुसागाउँ, दुल्लू)
- मरासिनी (दैलेख, मडासैन/मरासेन
- मल्ल (एकथरी)
- रिजाल (सुरु-उत्पत्तिस्थलः रिजा, दुल्लू)
- रिमाल (दैलेखी)
- रोकाहार
- रूचाल
- विनाडी
- सुकुडाल
- हमाल (प. बाग्लुङ)
- हुमागाई (होमेगाईं, सुरू-उत्पत्तिस्थलः होमेगाउँ, दैलेख)
- होमारा (होम वा हवन गर्ने ब्राह्मण परिवार)।

जनसंख्या वृद्धिसँगै धनञ्जय गोत्रीय ब्राह्मण तथा क्षत्रिय परिवार अछाम क्षेत्रबाट पूर्व दैलेखतर्फ बसाइँ-सराइ गरे। यी सगोत्री बन्धुहरूको बसोबास पश्चिम नेपालको अछाम पूर्वको नेपाली भूभागको अतिरिक्त भारत, भूटान, म्यानमार र थाइल्याण्ड लगायत समुद्रपारसमेतका विश्वका विभिन्न भागसम्म पुगेको पाइन्छ।

कृष्णप्रसाद गुरागाईंका अनुसार, धनञ्जय ऋषिका सन्तति अछामको साबिक दर्लामी[२५] (दर्नाली) राज्यका निवासी पं. रामनाथ पाध्येका सदुपाध्ये र कालुपाध्ये दुई छोरा थिए। गुरागाईं वंशावलीमा बताइए अनुसार घोडासैनी, धमला, गुरागाई, रिजाल आदि जेठा सदु पाध्येका सन्तान हुन् भने **भुसाल**, होमेगाईं, बस्याल, खुलाल बस्नेत, खुलाल बुढाथोकी, कुकुरकाटे, गैरीपिपली, पंज्ञेनी आदि कान्छा कालुपाध्ये तर्फका सन्तान हुन् (गुरागाईं, २०५७:६७, हुमागाईँ, २०७२क:६)।

---

२५) दर्ना राज्य अछामको तीन कम्पनी र आठहजार अछामदेखि बाहेकको अलगै स्वतन्त्र राज्य थियो (योगी, २०१३क:३७)।

जेठा सदु पाध्येका तीन छोराहरू अछाम र दैलेखका विभिन्न भागमा बसोबास गरे । गुरागाईंहरू यिनै सदुपाध्ये तर्फका छोरा गुरु पाध्येका सन्तान बताइएको छ । दैलेखको साविक विशाला गा.वि.स. मा पर्ने गुरुगाउँबाट गैरागाउँ भएको सो स्थल गुरागाईंको मूल थलो थियो । ती गुरु पाध्ये विक्रमको एघारौं शताब्दीतिर अछामबाट दैलेख आएको बताइएको छ । त्यसपछि त्रिशुली, बेत्रावती, र सुनकोशी नदीको प्रस्रवण क्षेत्रको सिन्धुकोट राज्यमा पुगी राजा शिव मल्लको गुरुको रूपमा सेवा गरेका थिए (गुरागाईं, २०५७:५०) ।



पुरानो दुल्लू दरबार



दुल्लु दरबार

पं. रामनाथ पाध्येका कान्छा छोरा कालु पाध्येका सन्तान पनि विक्रमको एघारौं शताब्दीमा दैलेखको दुल्लूक्षेत्रमा बसाइँ सरेका थिए । दुल्लूको भूषागाउँ[२६], गैरीपिपल, होमेगाउँ आदि स्थानमा **भुसाल**, होमेगाईं, गैरीपिपली, पञ्जेनी आदि धनञ्जय गोत्रीय ब्राह्मणका पूर्वजले बिर्ता पाई बसेका हुन् । बस्यालहरूलाई भने चन्द्रवंशी, समाल-कुलका बाइसे राज्यका प्रवर्तक मलै बर्मा (मलय बम, १४३५-४८) का समयमा दुल्लू अधीनस्थ बाँसीको क्षेत्र अंशका रूपमा पाएका उनका एक सन्तति काली बमको हिस्साबाट बस्यालहरूले *'सात थाल बांसी आंसो पाया'* भन्नें प्रमाण प्राप्त भएकाले बस्याल

२६) दुल्लु नगरपालिका वडा नं. ११ (साविक कालभैरव गा.वि.स.) मा पर्ने भुषागाउँलाई, भुषा शब्दबाट अपभ्रंश भई हाल भुकाहा भन्ने गरिन्छ । संस्कृत शब्दकोश अनुसार भू को अर्थ भूमि र ष को अर्थ सर्वोत्तम अथवा विद्वान् पुरुष हुन्छ ( गिरी, २०७७) । पूर्व फर्केको पारिलो उब्जाउशील भूमि रहेको सो स्थान सर्वोत्तम भएकाले अथवा विद्वान् पुरुषको बसोबास रहेकोले त्यस स्थानलाई भुषागाउँ भनिएको थियो ।

ब्राह्मणले बाँसीको वीरता पाई बाँसीमा गई बसेका थिए (बस्याल, २०५८:८१)।

पहिलेका राजाहरूले दिएको तथा ब्राह्मणहरूले पाएको बिर्तालाई विशाल नेपालको एकीकरणपछि तत्कालीन राजाबाट पनि स्वीकृत गरिएको थियो[२७]।

राष्ट्रगुरु श्रद्धेय योगी नरहरिनाथ समक्ष वि.सं. २०५३ मा बासुकीचौर, बल्खू, काठमाडौंमा उहाँद्वारा लगाइएको कोटीहोम यज्ञको समयमा अर्घाका भुसालका पूर्वजबारे जिज्ञासा राख्दा उनीहरूका पूर्वजले दैलेख, दुल्लू नजिकैको भुसागाउँमा तत्कालीन सिञ्जाली राजाबाट बिर्ता पाई त्यहाँ बसिआएको कुरा बताउनु भएको थियो। योगी नरहरिनाथद्वारा रचित तथा इतिहास प्रकाश संघ, मृगस्थली काठमाडौंद्वारा प्रकाशित **इतिहास प्रकाश भाग २, अङ्क २** पुस्तकमा उल्लेख भए अनुसार भुसालहरूको मूलथलो दुल्लूको दक्षिण-पूर्वस्थित भुषागाउँ (भुसागाउँ) हो। उस बखत बिर्ता पाएका ती गाउँबाट अन्यत्र बसाइँ सरी जानेहरू त्यही गाउँको नामबाट थर कायम भएको व्यहोरा योगी नरहरिनाथले स्पष्ट पार्दै बसाइँ-सराइ गर्नेहरूका थरको लामो सूची पनि प्रकाशित गर्नु भएको छ (योगी, २०१३क:१५-२०)।

दुल्लू भुसागाउँ स्थित मायाराम (ढकाल) बाट प्राप्त तत्कालीन राजा (राउला) संसार बर्माको वि.सं. १४५३ को ताम्रपत्र पनि योगी नरहरिनाथले प्रकाशित गर्नु भएको छ (योगी, २०१३क:१०७)। सो प्रकाशनमा उल्लिखित ताम्रपत्र ती मायारामका सन्तति हाल नेपालगञ्ज निवासी माधवप्रसाद ढकालसँग सुरक्षित रहेको छ। सो ताम्रपत्रको मूलपाठ र त्यसको उल्थासमेत गरी गराई पुरातत्वविद् मोहनप्रसाद खनालले **नेपाली भाषाका हजार वर्ष** नामक पुस्तकमा

२७) नेपालको एकीकरण पश्चात् श्री ५ रणबहादुर शाहबाट वि.सं. १८५२ साल अधिक भाद्र वदि १३ रोज ६ मुकाम कान्तिपुरबाट भएको रुक्का लालमोहरको भाषा हेर्दा त्यसबखत दुल्लुभेगमा बसोबास गरेका ब्राह्मणले साविकदेखि भोगचलन गरिआएको वीरता थमौति भएको देखिन्छ। उक्त रुक्कामा उल्लेख भएको छ, "...दुल्लुका ब्राह्मण जंगनाथ आचार्य, महादेव पाध्या रनुखानु, भाउदास पाध्या रिजाल, पशुपति पाध्या, डाँगरगाउँ चुरूपाध्या हुमागाईं, दहथानका मनुपाध्या नेपाल, सुपारिपाध्या नेपाल, सिमगाउँ चन्द्रुपाध्या नेपाल, सिरूपाध्या पोखरेल, इन्द्रमणीपाध्या पोखरेल, सदुपाध्या लम्साल, बुढा दाहाल, गंगुपाध्या रिमाल, प्राथर्नाउल्या बयालकोटको भद्रुपाध्या भट्टराई, गोलुपाध्या कोइराला, मनिकण्ठ पाध्या भूर्त्याल, जैसीबाडो शिवदास जैसी बस्ताकोटी, बलिपाध्या सापकोटा खराल यति पंच-कोशीभित्र तिमी ब्राह्मणका पूर्खालाई अघिका जितारि मल्ल, मलैबम राजाले शिलापत्र ताम्रपत्र लेखी साक्षी राखी विर्ता वितलब गरी दियाको अघिका राजाले नह-याको किल्लाभित्र आजसम्म चलन चली आयाको जग्गा आज हामीले पनि थामीवक्स्यौं, तिमी वितलबका ब्राह्मणहरूले तहाँका अघि-अघिका राजालाई ज्या रीतले मान्दथ्यौ आज पनि त्यस जग्गाका अमालीलाई परापूर्वदेखि मानी आयाका रीतले मान्या गर, आफ्ना खातिरजामासित वीरता वितलब जानी भोग्य गर, हाम्रो सोझो चिताई आशीर्वाद दिन्या गर..." (यात्री, २०४५:१९)।

समेत प्रकाशित गरेको पाइन्छ । दुल्लू भुसागाउँमा रहेको वि.सं. ११५१ को वामु (वामदेव) खँड्काको स्तम्भलेख[२८] पनि यही पुस्तकमा प्रकाशित गरिएको छ (खनाल, २०७५:१७, १०७-१०८) । साथै, दैलेख निवासी इतिहासकार विश्व के.सी. (पोखरेल) ले पनि आफ्नो पुस्तक **कीर्तिखम्ब**मा भुसागाउँस्थित राजा संसारी बम्मको वि.सं. १४५३ को ताम्रपत्रको विश्लेषणसहित समावेस गरेको पाइन्छ (के.सी. २०७०:२९-३०) ।

विशाल खस साम्राज्यको ग्रीष्मकालीन राजधानी सिञ्जा (जुम्ला) र शीतकालीन राजधानी दुल्लू (दैलेख) भए तापनि *सिञ्जा हाट्, दुल्लू विराट्* भनिने गरेकाले दुल्लू नै मुख्य प्रशासनिक केन्द्र थियो । तेह्रौं शताब्दीको सुरुतिर धनञ्जय गोत्रीय सहणपाल (शर्मा) सिञ्जा दरबारमा भाण्डागारिक पदमा कार्यरत रहेकाले उनका सन्तान भण्डारी भनिए । पछि उनकै सन्तान अभु भण्डारी, शङ्करदेव भण्डारी, बाछु भण्डारी आदि व्यक्तिहरू सिञ्जाको प्रशासनमा महत्वपूर्ण पदहरूमा थिए (योगी, २०१३क:४९,७०) । यही वंशका पछिल्लो पुस्ताका नेपाली सेनाका सेनापति गगनसिंह भण्डारी वि.सं. १९०३ को कोतपर्व घटनाको मुख्य कारक पात्र थिए, जसले नेपालमा राणा शासनको उदय गरायो ।

यात्रीका अनुसार, खस राजाहरूले वि.सं. १४४८ सम्म पूर्वमा त्रिशूली नदीदेखि पश्चिममा सिन्धु र चिनाव नदी, दक्षिणमा गङ्गा र गण्डकीको सँगम, उत्तरमा गुगे (यारी), पुराङ्ग, चपराङ्ग, मरयुल (लद्दाख) लगायत समस्त पश्चिम तिब्बतको क्षेत्र आफ्नो साम्राज्यमा राखे (यात्री, २०४२:१५) । भण्डारीका अनुसार, विक्रमको बाह्रौं शताब्दीको मध्यदेखि पन्ध्रौं शताब्दीको उत्तरार्धसम्म सिञ्जा पश्चिम नेपालको सुप्रसिद्ध खस अधिराज्यको राजधानी थियो । आफ्ना उत्कर्षका दिनहरूमा यस अधिराज्यमा सम्पूर्ण पश्चिम नेपाल, कुमाऊँ, गढवाल र दक्षिण-पश्चिम तिब्बतसमेत समावेश गरिएका थिए (भण्डारी, २०६८: एक-दुई) ।

इतिहासकार विश्व के.सी. (पोखरेल) का अनुसार श्रीपाल वंशका संस्थापक शासक विजिगीषु नागराजपछि क्रमशः चापराज, चापिल्ल, क्राशिचल्ल, क्राधिचल्ल राजा भए । राजा नागराजका छैठौं पुस्तामा क्राचल्ल (१२६४-८०) श्रीसम्पन्न नगर (दुल्लू नजिक) का स्वामी तथा पश्चिम नेपालका राजा भए । यिनैका

२८) इतिहास तथा पुरातत्वविद् मोहन खनालले आफ्नो पुस्तकमा भुसागाउँमा प्राप्त नेपाली लिपिमा लेखिएको यो स्तम्भ तत्कालीन समयका प्रेक्षक (रेखदेख गर्ने वा दौडाहा गर्ने अधिकारी) खँड्काले पछिसम्म आफ्नो कीर्ति रहोस् भनी गाडेका थिए, जो अहिलेसम्म प्राप्त नेपाली लिपिको पुरानो अभिलेख हो (https://www.setopati.com/social/221790)।

समयमा सिञ्जालाई प्रमुख व्यापारिक केन्द्र र दुल्लूलाई प्रमुख राज्य शक्तिको प्रशासनिक केन्द्रको रूपमा विकसित भएकाले *सिञ्जा हाट्, दुल्लू विराट्* भन्नें लोकोक्तिको प्रचलन सुरु भएको हो[२९] । सम्राट् क्राचल्लका पुत्र सम्राट् अशोक चल्ल (१३१२-१३३५) का समयमा खस साम्राज्यको विकास चरमोत्कर्षमा पुगेको थियो । खस साम्राज्यका सबभन्दा प्रतापी सम्राट् अशोक चल्लको राज्य पश्चिममा केदारखण्ड, पूर्वमा गण्डकी प्रदेश (गोरखा), उत्तरमा सम्पूर्ण कर्णाली प्रदेश र खारीप्रदेश तथा दक्षिणमा शिवालिक पर्वतमालाको दक्षिणतर्फको तराई प्रदेशसम्म फैलिएको थियो (के.सी., २०७०:१२-१३) ।

इतिहासकार डा. सूर्यमणि अधिकारीका अनुसार, राजा अशोक चल्लले आफ्नो *सर्वगामिनीवाहिनी* (सबै दिशातिर एकैचोटि जान सक्ने) विशाल सेनाको मद्दतले (कुमाऊँ, गढवालको अतिरिक्त) सिँगो गण्डकी प्रदेशलाई खस साम्राज्यको अधिकारमा ल्याइसकेका थिए । गण्डकी प्रदेशका स्थानीय सामन्त शासकहरूले अशोक चल्लको अधीनता स्वीकार गरिसकेका थिए । ...अशोक चल्लको शक्तिशाली सेना, राज्य विस्तारको स्वरूप र उनको लामो शासन काललाई दृष्टिगत गर्दा **गण्डकी प्रदेशका गुरुङ, मगर मुखियाहरू**ले (खस साम्राज्यको) अधीनता स्वीकार गरी उनको साथ दिएकोमा शङ्का छैन (अधिकारी,२०६१:५०) । यसप्रकार खस साम्राज्यकालमा गण्डकी प्रदेशमा (मगरात वा अन्य नामको) कुनै स्वतन्त्र अस्तित्वको राज्य बाँकी रहेको थिएन, केवल राज्यद्वारा नियुक्त महा-माण्डलिक, माण्डलिक, सामन्त जस्ता "विषयपतिहरूले जुम्लाको निर्देशनमा शासन चलाउँथे, उनै विषयपतिहरू शासक भएर स्वतन्त्र हुँदा स्वयम् 'राजा' पदवी धारण गरेका थिए" (सुवेदी, २०४९:६०) ।

अशोक चल्लपछि उनका जेठा छोरा जितारी मल्ल (१३४४-५६) राजा भए । उनले आफ्नो थर चल्लको सट्टा मल्ल लेख्न थाले । यस भेगका राजवंशहरूले प्राचीन कालदेखि नै देव, वर्मा, चल्ल, मल्ल, शाह, सिंह आदि थर परिवर्तन गर्दै आएको पाइन्छ । बुबा अशोक चल्लका समयदेखि नै पूर्व त्रिशूली नदीसम्म फैलिएको आफ्नो राज्य हुँदै सरासर नेपाल उपत्यकामा आक्रमण गरे । उनले वि.सं १३४४ पौषमा प्रथम पटक, १३४५ फागुनमा दोस्रोपटक तथा १३४६

२९) सिञ्जा बजार तत्कालीन रेसम मार्गमा पर्दथ्यो । रेशमका अतिरिक्त यो ऊन र नुनको मुख्य मार्ग थियो । कस्तुरीको विना, बाज (चरा), शिलाजित, जटामसी, ठूलो औषधि, भाङ, मह, पाखी, घोडा, भेंडा आदि वस्तुहरूको हाट लाग्ने गर्दथ्यो । ताक्लाकोट, मानसरोवरहुँदै चीन र मध्य-एसियाको व्यापार हुने भएकाले सिञ्जा एक महत्वपूर्ण व्यापारिक मार्गको रूपमा विकसित भएको थियो (शाही, २०७६:१३५-३६) ।

फागुनमा तेस्रो पटक काठमाडौं उपत्यकामा आक्रमण गरी नेपालका राजा अनन्त मल्ललाई हराएका थिए (अधिकारी, २०६१:२६-२७, के.सी., २०७०:१४)।

प्रेक्षितका अनुसार, उपत्यकाका राजा अनन्त मल्लले जितारी मल्ललाई प्रतिवर्ष कर बुझाउन स्वीकार गरेपछि उपत्यकामा आक्रमण गर्न छाडेको देखिन्छ। यसरी नेपाल उपत्यकालाई करद राज्य बनाउन जितारी मल्ल सफल भएका थिए (प्रेक्षित, २०७६:४२)। चौलागाईंका अनुसार, युद्धमा हारेका काठमाडौं उपत्यकाका राजाले खस साम्राज्यलाई नियमित कर बुझाउनु पर्दथ्यो। खस राजाहरूले गण्डकी क्षेत्र कब्जा गर्दा बाह्रौं र तेह्रौं शताब्दीमा खस भाषा र संस्कृति पनि फैलन गयो। खस साम्राज्यका संस्थापक राजा नागराज आफू ताक्लाखार, तिब्बतबाट आएका बौद्धमार्गी भएकाले सबै खस राजाहरू बैद्धमार्गी नै भए। चौधौं शताब्दीमा खस, आर्यहरू उपत्यका र आसपासको युद्ध र विजयसँगै बसोबास पनि कायम गरेका थिए (चौलागाईं, २०७६:२३-२४)। जितारी मल्ललाई उनको पराक्रमको कदर गर्दै कर्णालीप्रदेशले 'बडाराजा' भनी लोकोत्तर सम्मान पनि ज्ञापन गरेको पाइन्छ।

जितारी मल्लका अक्षय र आदित्य नामका दुई छोराहरू थिए। अक्षय मल्ल पश्चिमतर्फका महासामन्तका रूपमा सेवारत (१३१२-३५) थिए। वि.सं. १३५६ मा राजा जितारी मल्लको देहावसान हुँदा उनका कान्छा छोरा आदित्य मल्ल बौद्ध भिक्षुको रूपमा तिब्बतमा अध्ययनरत थिए। जितारी मल्लको देहान्तपछि खसमल्ल परिवारमा राजगद्दीका लागि ठूलै संघर्ष भएको आभास मिल्दछ। किनभने



नक्शा साभार: प्रश्रित, २०७४:२२६

जितारी मल्लपछि उनका छोरा अक्षय वा आदित्य राजा हुनुको सट्टा १३ वर्षपछि मात्र उनका भतिज रिपु मल्ललाई राजा घोषणा गरिएको पाइन्छ। राजा रिपु मल्लले षडयन्त्रपूर्ण तरिकाबाट आफूलाई राजा घोषणा गरेको महशूस हुन्छ (अधिकारी, २०६१:५७, के.सी, २०७०:१५)। यात्रीले पनि उक्त समयमा सिञ्जा क्षेत्रको राजनैतिक अवस्थाको विश्लेषण गर्दै राजकाजमा आपसी तनाव उत्पन्न भएको उल्लेख गरेका छन् (यात्री, २०४२:२३-३४)।

जितारि मल्लको निधन पश्चात्को दरबारभित्रको सत्ता-संघर्ष र कचिङ्गलबीचको १३ वर्षको लामो अन्तरालपछि सिञ्जा दरबारले अन्ततः रिपु मल्ललाई राजाको रूपमा पायो। तर पनि उनी खस साम्राज्यमा जम्मा दुई वर्ष (१३६९-७०) मात्र राजा हुन पाए। धार्मिक प्रवृत्तिका विद्वान् राजा रिपु मल्ललाई विभिन्न वंशावलीमा *धेरै भारतीय राज्यका अधिपति, राजराजेश्वर, खसिया राजा*को रूपमा उल्लेख गरिएको पाइन्छ (अधिकारी, २०६१:५७)। जितारि मल्लका जेठा छोरा अक्षय मल्ल (१३७०-७३) ले आफ्नो राजा हुने पालो मिचेर रिपु मल्लले षडयन्त्र गरी राजा भएको आरोप लगाउँदै उनलाई हटाई वि.सं. १३७० मा राजा भए। वि.सं. १३७३ मा उनको पनि निधन भएकाले उनका कान्छा भाइ आदित्य मल्ल (वि.सं. १३७३-८५) सिञ्जा/दुल्लूका राजा भए। विद्वान्, वीर, इमान्दार तथा धार्मिक सहिष्णुता सम्पन्न राजा आदित्य मल्ललाई परमभट्टारक महाराजाधिराज पनि भनिएको पाइन्छ। यिनले पनि वि.सं. १३७८ र १३८४ गरी दुईपटक काठमाडौं आक्रमण गरी विजयी भएका थिए। तर त्यताबाट फर्किए लगत्तै उनको निधन भयो। यिनको राज्य पूर्वमा अरुण नदी (वर्तमान नेपालको संखुवासभा) सम्म फैलिएको थियो। लेखक प्रश्रितले वि.सं. १३७७ तिर खस साम्राज्य पूर्वमा काठमाडौं र पश्चिममा यमुना नदीसम्म फैलिएको बताएका छन् (प्रश्रित, २०७४: २१५)।

अशोक मल्लदेखि आदित्य मल्लको समयसम्म खस साम्राज्य थप खुम्चिएर पूर्वमा त्रिशूली नदीसम्म मात्र कायम रह्यो। तैपनि गण्डकी प्रदेशका भूभाग पश्चिम नेपालका खस राजाहरूका अधीनमा नै थिए। धेरै विषय वा जिल्लाका स्थानीय प्रशासक वा सामन्तहरू माण्डलिक र एकभन्दा बढी मण्डल भएको क्षेत्रका अधिपतिलाई महामाण्डलिक भनिन्थ्यो (खनाल, २०७५:८-९)। इतिहासकार सूर्यमणि अधिकारीले भण्डारीद्वारा लिखित पुस्तकको भूमिकामा भनेका छन्, "...खस अधिराज्यको स्थापनापछि कर्णाली प्रदेशबाट बाहुन-क्षेत्रीहरू आएर अपेक्षाकृत उर्बर नदी, उपत्यकाहरू भएको गण्डकी प्रदेशमा बसाइँ सर्ने क्रममा

अझ तीव्रता आयो। गण्डकी प्रदेशको प्रशासन चलाउन सिञ्जा दरबारबाट खटिएर आएका सरकारी कर्मचारीहरू पनि यतैतिर स्थायी बसोबास गर्न थाले" (भण्डारी, २०६८: एक-दुई)।

शायद, आफ्नो विशाल राज्यमा खस राजाको पकड कमजोर भएर होला, आदित्य मल्ल राजा हुनु अगावै कुमाऊँका सामन्तहरू स्वतन्त्र भैसकेका थिए भने वि.सं. १३६५ तिर डोटीका सामन्त निरय पालले आफूलाई डोटी भेगको स्वतन्त्र राजा घोषणा गरे। डा. राजाराम सुवेदीका अनुसार इस्वीको चौधौं शताब्दीदेखि (वि.सं.१३६० देखि) कर्णाली प्रदेशको खसमल्ल राजाहरूको शक्ति कमजोर भई विभाजित हुने स्थिति आईसकेको बेला पाल्पाक्षेत्रमा मगरहरूको राज्यको पनि उदय भयो। ढूँट मगरभाषा बोलिने त्यस क्षेत्रका बाह्र मगरातलाई एकीकरण गरी बलिहाङ् नाम गरेका मगर राजाले चारहजार (वुलीह्वाङ्) लडाकु सेनाको व्यवस्था गरे। राजा बलिहाङ्को राज्यको राजधानी वर्तमान पाल्पा, तानसेनको दक्षिण-पश्चिम बल्डेङगढीमा स्थापना गरेका थिए (सुवेदी, २०६४:११४)।

आदित्य मल्लपछि उनका छोरा कल्याण मल्लको मृत्यु भएको, एकमात्र नाती प्रताप मल्ल बौद्ध-भिक्षु भई हिंडिसकेकाले उनका ज्वाईं (छोरी शकुनमालाका पति) गेला (कालीकोट) का पुन्य पाललाई मल्ल थर प्रदान गरी सिञ्जा साम्राज्यको बागडोर सुम्पिए। राजा पुन्य मल्ल (१३८६-९४) पछि उनका छोरा पृथ्वी मल्ल (१३९५-१४१५) सिञ्जा खस साम्राज्यका राजा भए (के.सी., २०७०:१५-१८)। पृथ्वी मल्लको अन्तिम समयमैं खस राज्य जर्जर अवस्थाबाट गुज्रिरहेको थियो ...आन्तरिक कलह चरम सीमामा पुगेको थियो। यही कलहको लाभ उठाएर मलय ब्रह्म आदि सामन्तहरू स्वतन्त्र हुने चेष्टामा लागे (खनाल, २०७५:९)। के.सी. का अनुसार, वि.सं. १४०६ मा पश्चिमी तिब्बत (खारीप्रदेश), १४०९ मा डोटीप्रदेश तथा १४२२ मा कुमाऊँ, गढवाल स्वतन्त्र राज्यको रूपमा स्थापित भए। आफ्नै राज्यका सामन्तहरू सँगको तनावले निःसन्तान राजा पृथ्वी मल्लले आफ्नो महाराजाको हैसियतसमेत त्याग गरी सन्यासीका रूपमा अछामको कुच्ची विहारतर्फ लागे। खस साम्राज्यका महामात्य यशोवर्म (यशो बर्मा) र उनका भाइ देव बर्माका सन्तानहरू (मलय, सुमेरू, मेदिनी, संसार, जयन्त, सुजान बर्मा आदि) ले बिना रक्तपात विशाल खस साम्राज्यको दुल्लू र जुम्लामा आफ्नो अधिकार स्थापित गरे (के.सी.,२०७०:१९-२०)। सिञ्जा दरबारका शक्तिशाली व्यक्ति मलय बर्मा (मलै बम) ले विशाल खस राज्य आफ्ना छोराहरूलाई भागबण्डा गरी ससाना टुक्रामा बाँड्दा नेपालमा बाइसे, चौबिसे

राज्यको उदय भएको थियो -शाह, २०६९:४८)। पछि मलय बर्मा स्वयम्‌को राज्यको राजधानी कालिकोट, मान्म नजिकै खाँडाचक्र र दैलेख, विलासपुरमा थिए (अधिकारी, २०५५:१०)।

पृथ्वी मल्ल पछि रिपु मल्लका माहिला छोरा सूर्य मल्ल (१४२४-३३) र उनीपछि उनका छोरा अभय मल्ल (१४३३-४८) खस साम्राज्यका अन्तिम राजा भए। खत्री र दाहालका अनुसार, रिपु मल्ल, पृथ्वी मल्ल, आदित्य मल्लजस्ता प्रतापी राजाहरूको समयमा भौगोलिक, सामाजिक र सांस्कृतिक रूपले समेत विस्तारित र राजनैतिक रूपले सुसँगठित कर्णाली प्रदेशको खस राज्य अभय मल्लको शासनकालपछि विस्तारै टुक्रिने गतिमा देखा पर्न थाल्यो (खत्री र दाहाल, २०५३:५)। पूर्वमा गण्डकी प्रदेशदेखि पश्चिममा डोटीसम्म अभय मल्लको राज्यको अधिकांश भागमा मलय बर्माको अधिकार कायम भएको थियो। मलय बर्मा (मलै बम्म) का १२ भाइ छोरामध्ये सुर्तान (सुमेरू) बर्मालाई सामाकोट (सल्यान), साविक जुम्लाका महामण्डलेश्वर मेदिनी (जक्तिसिंह) बर्मालाई जक्तिपुर (जाजरकोट), पीताम्वर बर्मालाई (पर्वता) धुलिकोट (रूकुम), संसार बर्मालाई दुल्लू[३०] (दैलेख) तथा मुगु कालै गाउँका सामन्त उत्तमराजका छोरा तथा अभय मल्लका धर्मपुत्र (आफ्ना ज्वाइँ) बलिराजलाई सुनारगाउँ (जुम्ला) का लागि महामण्डलेश्वर नियुक्त गरे (अधिकारी, २०५५:११-१३)।

मलय बर्माको मृत्युपछि कालिकोट राज्य बलिराजकै जुम्ला राज्यमा गाभिन पुग्यो। उनका सबै छोराहरूले आ-आफ्नो क्षेत्रलाई स्वतन्त्र राज्य घोषणा गर्दै राजा बने। क्रमैसँग राज्यको भागबण्डा हुँदै गयो, बाइसी र चौबिसी राज्यको संख्या बढ्दै गयो (के.सी. २०७०:२६)। सल्यान राज्य टुक्रेर माल्नेटा, फलाबाङ्ग सहित तीन भाग बन्यो। जाजरकोट टुक्रिएर जहारी, रूकुम, बाँफी, मुसिकोट र गोताम राज्य समेत छ राज्य बने भने फरि रूकुम पनि फुटेर दार्मा राज्य बन्यो (चौलागाईं, २०७६:२६)। खस सम्राट्‌द्वारा नियुक्त महा-अमात्य तथा सामन्तहरूको महत्वाकांक्षाको कारण ...नागराजद्वारा स्थापित मध्यकालको विशाल खस साम्राज्य अनेक टुक्रामा विभाजित भई त्यसैबाट कतिपय बाइसी तथा चौबिसी राज्यहरू अस्तित्वमा आए... खस साम्राज्यको करिब ३०० वर्षको इतिहास वि.सं. १४४८ देखि सदाका लागि बन्द भयो (खनाल, २०७५:८-९, के.सी.२०७०:२०)।

---

३०) वि.सं. १४५३ मा दैलेख, विलासपुरका राजा (राउलो, रावल) संसार बर्माले शिरस्थान ज्वालागुठी भुषागाउँका ग्राम-कुटुम्बीलाई शत्रुले गरेको धर्म भएपनि स्वधर्मवत् प्रयत्नपूर्वक पालन गर्नुपर्दछ, किनकि शत्रुमात्र शत्रु हुन्छ, धर्म कसैको शत्रु हुँदैन आदि उल्लेख गरेको आदेश जारी गरेका थिए (योगी, २०१३ख:१०७)।

## ४. खस साम्राज्यमा धनञ्जय गोत्रीय भुसाल परिवार

पूर्वजहरूबाट सङ्कलन गरिएका कच्चावारी टिपोट र भुसालकुलको जनश्रुति अनुसार, सम्राट् अशोक चल्लको राज्यकाल (१३१२-१३३५) मा दुल्लू भुसागाउँका कमल जोइसी (जोशी) ज्योतिष शास्त्रका विद्वान् थिए । यिनले सम्राट् अशोक चल्लको दरबारमा ज्योतिषीको काम गर्दथे[३१] । राजाहरूको प्रशस्ति, राजपरिवारका सदस्यहरूको धर्को, टिपोट तथा चिना बनाउने, युद्ध लगायत विभिन्न अवसरका लागि साइत जुराउने तथा दरबारको तर्फबाट दानपत्र, थितिपत्र, धर्मपत्र, बकसपत्र, जागिरपत्र, राजीनामापत्र, बन्धकीपत्र, तमसुक आदि लेख्ने कार्य गर्दथे । कमल जोइसीको शेषपछि उनका पुत्र ज्यो. गिरिधारी जोइसीले सो काम गरे । त्यसपछि सम्राट् जितारि मल्लको राज्यकालको अन्त्यतिर ज्यो. गिरिधारीका पुत्र ज्योतिषी, पण्डित तथा वेदान्ति (ज्यो.पं.वे.) रामभक्त जोशीले सो काम सम्हालेका थिए । दरबारभित्रको सत्ता सङघर्षको चेपुवामा आफू परेको महसुस गरी दरबारको काममा उनले दिक्क मानेका थिए तर पनि आफ्नो ज्यूज्यानको सुरक्षालगायतका कारणले दरबारबाट अलग्गिन भने सकेका थिएनन्, यसै अलगिन पनि सहज थिएन ।

रिपु मल्लले आफू खस साम्राज्यको राजा घोषणा गरिएपछि वि.सं. १३६९ को फाल्गुनमा कपिलवस्तु, लुम्बिनी तथा काठमाडौं उपत्यकाका तीर्थस्थलहरूको दर्शन तथा सद्भावना भ्रमण गर्न गएका थिए (अधिकारी, २०५३:४८, पोखरेल, २०५५:६९८) । खश सम्राट् रिपु मल्लले वुङ्मतीका मच्छिन्द्रनाथलाई महास्नान गराए, कोष चढाए, पशुपतिको पूजा गरे, स्वयम्भूको पूजा गरी भोज खुवाए । जम्मा १८ दिन काठमाडौं उपत्यकामा बसी फर्केर दुल्लू गए (श्रेष्ठ, २०२८:३०) । सोही बखत ज्यो.पं.वे. रामभक्त जोशी पनि राजाको साथमा सो भ्रमणमा जाने मौका पाए । उसबखत पनि राजाहरूले आफ्नो भ्रमणको समयमा आफ्ना अन्य कर्मचारी लगायत जोइसी (ज्योतिषी) लाई पनि साथै लैजाने चलन थियो । यसै अनुसार ज्यो.पं.वे. रामभक्त जोशीले बाटोमा पर्ने आफ्नै साम्राज्यको विविध भूभागको अवलोकन गर्दै लुम्बिनी, कपिलवस्तु र काठमाडौंको भ्रमणको अवसर

---

३१) खस साम्राज्यका राज-ज्योतिषीहरूको विवरण फेला नपरे तापनि दरबारमा ज्योतिषीहरू राख्ने चलन पहिले देखि नै थियो । राजा पृथ्वी मल्ल (१३९५-१४१५) को राज्यसभाका ज्योतिषीहरूमा प्रसाद गोल्हण जोइसी, देवराज जोइसी, जुठादेव जोइसी, शिवदेव जोइसी आदि थिए (के.सी., २०७०:२६) । प्राचीन नेपाली भाषाका लेखकहरू जोइसी, ज्योतिर्विद्, पण्डित, आचार्य, पाँडे, उपाध्याय, पाध्या, शर्मा, भट्ट, पन्थ, दैवज्ञ, गैयरी आदि थरका ब्राह्मण थिए, जो वि.सं. १३६९ पछिका मात्र भेटिएका छन् (श्रेष्ठ, २०२८:२९, खनाल,२०७५:आमूख पृष्ठ, १३-१५) ।

पाए । आफ्ना सम्राट्को स्वागतार्थ सवारी मार्गमा पर्ने भूभागका महामाण्डलिक, माण्डलिक, सामन्त, स्थानीय मुखियाले शाही भ्रमणटोलीको स्वागत सत्कार, सवारी मार्गमा बसोबास, खानपिन आदिको प्रबन्ध पनि गर्नु पर्दथ्यो[३२] । बास बस्ने स्थानमा सवारी टोलीका पदाधिकारीहरूको ती स्थानीय सामन्त (प्रशासक) हरूसँग साक्षात्कार तथा अन्तरक्रिया हुनु स्वाभाविकै थियो । काठमाडौंबाट दुल्लू फर्कदा राजा रिपु मल्लले लुम्बिनीको अशोक स्तम्भमा *ॐ मणिपद्मे हुँ, श्री रिपुमल्ल चिरम् जयतु १२३४, संग्राम (म) ल्ल: म (हाराज) जय: (...इत्यादि)* कुदाएका थिए (योगी, २०१३क:८१) । उक्त सम्वत १२३४ शाके सम्वत राखेका थिए । ज्यो.पं.वे. रामभक्त जोशीले अर्घा हुँदै काठमाडौं जाँदा सो क्षेत्रलाई मन पराए । स्थानीय केही व्यक्तिहरूसँग सरसल्लाह पनि गरे । अनि यो उनको पहिलो भ्रमण नभई पटक-पटक शाही सवारी-टोलीका साथमा घुमेकै थिए होलान् । काठमाडौं, लुम्बिनी, कपिलवस्तु आदिको तीर्थयात्राबाट सिञ्जा फर्कनासाथ उनले अर्घाक्षेत्रलाई भविष्यमा आफ्नो बसोबासका लागि उपयुक्त स्थानको रूपमा छनोट गरेको हुनुपर्दछ । यसैबिच वि.सं. १३७० को वैशाखतिर शाही भ्रमण टोली दुल्लू फर्किएपछि दरबारमा पुन: तनाव देखियो । राजा रिपु मल्ललाई पदच्यूत गरी जितारि मल्लका ज्येष्ठपुत्र अक्षय मल्ललाई नयाँ राजा घोषित गरियो । राजा रिपु मल्लका सहयोगी दरबारिया भारदार तथा रिपु मल्लका साथमा काठमाडौं लगायतको तीर्थाटन तथा सद्भावना भ्रमणमा गएका धेरै अधिकारीहरूको पजनी भयो । यस्तो दरबारिया खिचातानीबाट दिक्क भएका ज्यो.पं.वे. रामभक्तले पनि दुल्लू दरबारबाट विदा हुने राम्रै निहुँ पाए ।

हुमागाईंका अनुसार वि.सं. १०४० मा अछामको धमालीमा बसोबास गरेका धमला ज्योतिषि (जोशी) र राजपुरोहित (उपाध्याय) दुवै थिए । रापुरोहितको त्यहाँका राजासँग खटपट भएपछि त्यहाँबाट छुट्टिएर दैलेखको रिजुगाउँमा आई

---

३२) दुल्लूबाट काठमाडौं जाँदा सुर्खेत-सल्यान/दाङ/रोल्पा-प्यूठान-अर्घा,वाङ्ला-रिडी-स्याङजा-पोखरा-तनहुँ, कुन्छा/भन्सार-गोरखा-नुवाकोट-काठमाडौंको पैदल मार्ग चल्तीमा थियो (आचार्य, २०६१:५५) । विद्वान् लेखक बुद्धिलाल भण्डारीको पुस्तकमा पनि पूर्व-पश्चिम आउजाउ गर्ने बाटोमा पर्ने अर्घा, वाङ्लाको पटुवाथुम्कामा सुवेदार जगदेव भण्डारीले पौवा बनाएका र सोको रेखदेख र स्याहार सम्भारको लागि गुठी राख्न निज जगदेव भण्डारीलाई वि.सं. १८६३ मा दलभञ्जन पाँडे र भीमसेन थापाले लेखेको पत्रबाट स्पष्ट हुन्छ (भण्डारी, २०६८:१८१-८२) । काठमाडौंबाट दुल्लु फर्कदैं गरेको सिञ्जाली शाही भ्रमणदल लुम्बिनीबाट कपिलवस्तुको तिलौराकोट (तौलिहवा) हुँदै वर्तमान नेपाली भूभागको गोरुसिङ्गे-पत्थरकोट-सुपादेउराली-नुवाकोट-हिले-पुरकोट-बाँझकटेरी-विप्यूँगौंडा-ढोरपाटनक्षेत्र हुँदै जुम्ला (सिञ्जा) फर्केको बताइएको छ । गुल्मीक्षेत्र उसबखत सिञ्जा साम्राज्यकै अङ्ग थियो ( सुवेदी, २०५५क:४४) ।

बसोबास गर्न थालेको बताइएको छ (हुमागाईं, २०७२ख:१५) । ज्यो.पं.वे. रामभक्त जोशीलाई पनि त्यस्तै अवस्था परेको कारण दुल्लू भुसागाउँ छाड्ने स्थिति आयो । आखिर उनी दुल्लू, भुसागाउँको पुर्ख्यौंलीस्थल छाडी अर्घातर्फ बसाइँ सरी हिँडे । इतिहासकार सूर्यमणि अधिकारीका अनुसार गण्डकी प्रदेशका उर्वर टार तथा फाँटहरूमा आकर्षित भएर कर्णाली प्रदेशका विकट पहाडी तथा हिमाली क्षेत्रबाट आएका मानिसहरू यसैतर्फ बसोबास गर्न थालेका हुन् (अधिकारी, २०५३:४५) ।

## ५. स्वतन्त्र अर्घा राज्यको स्थापना

### अर्घामा खस-प्रशासनको अन्त्य र स्वतन्त्र अर्घा राज्यको स्थापना

दैलेख, दुल्लू-भुसागाउँका तत्कालीन राज ज्योतिष ज्यो.पं.वे. रामभक्त जोशी वि.सं. १३७० मा अर्घा आएपछि भुसाल थरबाट चिनिन थाले । उनलाई अर्घा सरहदमा आउने भुसाल कुलका प्रथम पुरुष मानी समग्र धनञ्जय गोत्रीय भुसालहरू उनकै सन्तति मानिन्छन् । पश्चिम नेपालका मूर्ति र स्थापत्यको उल्लेख गर्दै पुरातत्वविद् मोहनप्रसाद खनालले सिञ्जा (जुम्ला) का खस राजाहरूले आफ्नो भूभागका धेरै विषय वा जिल्लामा स्थानीय प्रशासकका रूपमा महा-माण्डलिक (एकभन्दा बढी मण्डल भएको क्षेत्रमा) र माण्डलिकलाई त्यहाँको अधिपति बनाई राज्य सञ्चालन गर्ने गरेको बताउँदछन् (खनाल, २०७५:८) । शक्तिशाली सिञ्जाली खस साम्राज्यका तत्कालीन सम्राट् आदित्य मल्ल (१३७३-८५) को उदय पूर्वदेखि नै अर्घाक्षेत्रमा नथिकबहादुर गुरुङ नामक व्यक्ति त्यहाँको सामन्त (प्रशासक) को जिम्मेवारीमा थिए । आचार्यले ती प्रशासकलाई थुमे मुखिया/ राजा अथवा जाँडे[३३] राजा बताएका छन् । साथै, गर्ग गोत्रीय आचार्य वंशावली, पराजुलीलगायत अन्य लेखकहरूले स्थानीय जनश्रुतिलाई आधार बनाई उसबखतका ती सामन्तले आफ्नो कुलपूजा गर्दा अर्घाकोट दक्षिण पाथ्राबाङ्गको गन्धर्व टोलस्थित पत्थरको शिलामा गाईको बाच्छीको बली दिई रगतको अर्घ चढाउने गर्दथे । यही अर्घ दिने परम्पराबाट त्यस क्षेत्रको नाम अर्घा रहन गएको

३३) लेखक मोहनबहादुर मल्लले जुम्लाको अन्त्य लेखमा, तागाधारीहरूले जाँड खाने औ जाडोमा बस्ने जातिलाई जाडे (जाड) भन्दथे, यसै जाडोबाट उनीहरू बस्ने भूभागको नाम जडान भनिन थाल्यो भनी बताएका छन् । पछि सो क्षेत्रको नाम जावेश्वर राखिएको थियो । कतिपय लेखकले जाँड खाने प्रशासकलाई जाँडे वा जाड्या प्रशासक वा राजा भन्ने गरेको पाइन्छ । खासगरी जाडो हुने स्थानलाई जडान (हिमालको जडो वा जरो) पनि भनिन्छ । यसै अनुसार गाउँघरमा भनिने गरिन्छ, ‘जाडो भयो जडेनी, आगो देउ न मगर्नी, थपिदेउ न थपेनी, थपेनीका छोराछोरी अन्न न पानी, एक मही देउन बाहूनी नानी ।’

थियो भनी बताएको छ[३४] (रामिरेज, २०००:११६, आचार्य, २०६१:१८, ५१-५२, पराजुली, २०७७, भुसाल, २०६८क:३) । ती सामन्तको कार्यालय अर्घा डाँडाकै उत्तर-पश्चिममा अवस्थित मगाथुममा थियो (भुसाल, २०६८ख:२९, आचार्य, २०६१:१८) ।

अर्घा प्रवेश गर्दा ज्यो.पं.वे. रामभक्त जोशी (भुसाल) अर्घाक्षेत्रको नुवाकोट, आँपखोला हुँदै अर्घाली प्रशासकको पँधेरो रहेको राजुपानीमा पुगे । उसबखतका ती अर्घाली सामन्त नथिकबहादुर गुरुङको गोवधलाई ज्यो.पं.वे. रामभक्तले **पापी सामन्त** भन्दै विभिन्न तरिकाले प्रतीकार गर्न थाले । प्रथमतः उनले ती सामन्तले पानी खाने पँधेराको पानी जबर्जस्तरूपमा धमिल्याइदिए । पानी भर्न पँधेरा पुगेका पँधेर्नीहरूले ती सामन्तकहाँ खबर पुराए, सामन्तबाट उनलाई कार्यालयमा बोलाहट भयो, तर जान इन्कार गरे । अर्घाका सामन्त नै ती गुरुसँग पुगी उनको शरणमा परे, गुरुले गोवध गर्न नहुने कुरा बताए । ती सामन्तबाट आफ्नो कुल बुझाइदिने अन्य उपायका लागि गुरुलाई अनुरोध भयो । गुरुले पनि ती सामन्तको कुलपूजामा गाईको दहीको अर्घ र बाच्छीको विम्बका रूपमा (निग्रहस्वरूप) उनको दाम्लो बली दिने गरी व्यवस्था मिलाइदिए, सामन्त खुशी भए, प्रस्ताव स्वीकार गरे (पराजुली, २०७७) ।



***अर्घा पाथ्रावाङ्स्थित साविकमा अर्घ दिने शिला, जसको नामबाट अर्घा नामकरण भयो ।***

ज्यो.पं.वे. रामभक्त भुसाल पनि आफूसँगै ल्याएकी प्रस्तरकी महाकाली भगवतीको मूर्ति अर्घा, मगाथुम दक्षिणको थुम्कोमा स्थापित गरी पूजाआजा गर्न थाले । सो मन्दिर उत्तरतर्फको जमिनमा आफ्नो बसोबासको व्यवस्था पनि

३४) लेखक पराजुलीले नेपाल प्रज्ञा प्रतिष्ठानका वर्तमान उपकुलपति इतिहास तथा पुरातत्वविद् डा. जगमान गुरुङसँगको छलफललाई उद्धृत गर्दै भनेका छन्, सोह्रौँ शताब्दीको पूर्वार्द्ध पछिमात्र गुरुङहरूले गोमांस खान बन्द गरेका थिए । खासगरी, कास्कीकोटका प्रथम राजा कुलमण्डन शाह (वि.सं.१५२४-८०) को समयदेखि गोमांस वर्जित गरिएको बताइन्छ । किनकी ती हिन्दु राजा कुलमण्डन शाहले गोमांस खानेलाई दुवाले सिपाही (हातहतियार बोक्न नपाउने सिपाही) र अन्य राजनैतिक नियुक्ति समेतमा सहभागी हुन नपाउने रीति बसाएका थिए । गोमांस खानेलाई चाक-चकुवी (हाडनाता करणी) जस्ता जघन्य अपराधमा जात मासिदिने, दासदासी बनाइदिने जस्ता दण्ड भोग्नु पर्ने स्थिति पनि थियो (पराजुली, २०७७) ।

मिल्यो । उनी ती गुरुङ सामन्तकै गुरुका रूपमा एकदशक सम्म निरन्तर सम्पर्कमा रहे । खस साम्राज्यमा दरबारिया कचिङ्गलको कारण सिञ्जाली राजाको केन्द्रीय प्रशासन र आफ्नो भूभाग प्रतिको नियन्त्रण विस्तारै गुम्दै जान थाल्यो । दरबारभित्र राजगद्दी उत्तराधिकारको विषयमा पनि सदा दहल-फसल भइरहेको थियो । आफ्नो राज्यभित्रका अन्य भूभागजस्तै अर्घाको प्रशासनमा पनि केन्द्रले ध्यान दिन सकेको थिएन । एकातिर, अर्घामा ती सामन्त नै सर्वेसर्वा जस्तै भई स्थानीय प्रशासन चलाइरहेका थिए भने अर्कोतिर केन्द्रको सहायता विना उनी आफूलाई एक्लो र निरीह अवस्थामा रहेको पनि महशूस गरेका थिए ।


दक्षिणतर्फबाट हेर्दा अर्घाकोटको दृष्य

यसै समयमा भारतवर्षमा मुसलमान शासकहरूबाट भएको ज्यादतिका कारण त्यहाँका सिंह, सेन आदि ठकुरी राजपुतहरू आफ्नो राज्य गुमेर दलबलसाथ गङ्गा नदी तरेर उत्तरतर्फ आफ्नो भाग्य निर्माणका लागि हिँडेका थिए । चौधौँ शताब्दीतिर यी सिसौदिया वंशीय ठकुरीहरू पश्चिम चित्तौडगढबाट हिंडी दक्षिण नेपालको सीमा-क्षेत्रमा आई बसेका थिए (राजवंशी, २०२८:३३) । इतिहासकार खत्री र दाहालका अनुसार नेपालको दक्षिण भेगबाट नेपाल पसेका राजपुतहरू र उनका अनुयायीहरू धर्म र संस्कृतिको जगेर्नाकै लागि नेपालजस्तो पहाडी मुलुकतर्फ लागेका थिए (खत्री र दाहाल, २०५३:६) ।


आकाशबाट हेर्दा अर्घाकोटको दृष्य

अर्घाखाँची, खाँचीकोटको राजवंशका विद्वान् लेखक भवेन्द्र विक्रम शाह तथा उनका भाइ वीरेन्द्र विक्रम शाहका अनुसार सूर्यवंशी कश्यप-गोत्रीय अयोध्या-नरेश हरिश्चन्द्रका वंशजमा भुजङ्गदेव राणा नामका एक राजाले वर्तमान भारत, राजस्थानको चित्तौडगढ (शिशवनगढ)

मा राज्य गर्दथे । यिनका छोरा राजपुत तमोर राणाले ताम्रभष्म खाई पचाउने गरेको कारण उनलाई तमोर राणा भनिन्थ्यो । तमोरका भाइहरू सातजना थिए: चौहान, **राईहोरी**, भैपुरी, गोलक, कछुवा, हाडा र जनवा । तमोर राणाले यी सबै भाइका साथ राजकाज चलाइरहेका थिए । भाइहरू पनि सधैं आफ्ना दाज्यू तमोर राणाका साथ रहन्थे । भारतमा मुसलमानको आक्रमणपछि **राईहोरी** (राईठोरी) राणाका छोरा जैमलपत्ता राणा वि.सं. १३६० मा मुसलमान बादशाह अलाउद्दिन खिल्जी (वि.सं. १३५३-१३७३) ले विस्थापित गरेको कारण त्यहाँबाट पलायन भई आफ्ना चार पुत्र (जिल्ला, हरिहर, नारायण/श्रीराई र कमल राईहोरी) तथा नाति खड्गदर्शन समेतका परिवारलाई लिई आफ्नो राज्य चित्तोरगढ (सिसवनगढ) छाडी उत्तरप्रदेशको बाँसीको सिसवातिर लागे (शर्मा, २०५५:५१, शाह, २०६०:७७, शाह, २०६९:१२, शाह, २०७७:७) ।

पलायन भएका जैमलपत्ता राणाको पाइला पछ्याउँदै मुसलमान शासित दिल्ली दरबारले उनलाई दिल्लीमा उपस्थित हुन आदेश जारि गऱ्यो । यसमा उनलाई पठाउन नहुने पारिवारिक साउति भएपछि नाति राजकुमार खड्गदर्शन (जिल्ला राइका छोरा) आफू दिल्ली जान तम्सिए, आखिर उनलाई नै दिल्ली पठाइयो । मुगल बादशाह अलाउद्दिन खिल्जीको दरबारमा जाँदा उनलाई भेट्न जाने सबैलाई टाढैबाट झुकेरमात्र आउन्, कसैले आँखा जुधाएर हेर्न नसकुन्, बादशाहलाई मन नपर्ने कुनै पनि व्यवहार कसैबाट नहोओस् भन्ने उनीहरूको आशय थियो । साथै, ठाडो शिर गरी दरबारमा पस्ने व्यक्तिको शिरच्छेदन गरिदिने आदेश पनि थियो । दरबारको प्रवेशद्वारमा धारिला हतियारधारी सिपाहीको कठघरा पनि निर्माण गरिएको थियो । राजकुमार खड्गदर्शनले आफ्नो स्वाभीमानमाथि गौरव गर्दै ठाडो शिर गराई दरबारभित्र प्रवेश गर्दा ढोकामैं मेढोका रूपमा आफ्नो नश्वर शरीरको आहुति दिन बाध्य भए । यसै घटनाबाट ती राईहोरी खलकलाई मेढासी वा मेधासीवंश भनिन थाल्यो (शाह, २०७७:७) । कालान्तरमा **मेधासी** एक उपाधि बन्न गयो । अर्घा, खाँची र धुरकोटका ठकुरी राजखलकलाई मेधासीवंश भनिएको कारण पनि त्यही घटना थियो ।

यस मेधासी वंशका परिवारका अन्य सदस्यहरूले पनि आफू असुरक्षित ठानी सो राईहोरी परिवार तराईको भावर इलाका हुँदै पहाडतर्फ लागे । दिनभरको उकालो चढी खाँचीकोटको पूर्वतर्फ रहेको पुरानो खाँचीमा आफ्नो अल्पकालीन बस्ती स्थापना गरे । उक्त स्थानमा बस्दै जाँदा वरपरको भौगोलिक, राजनैतिक तथा सांस्कृतिक पक्षको अध्ययन पनि गरे । आखिर वि.सं. १३८१ को कोजाग्रत

पूर्णिमाका दिन खस साम्राज्यका अर्घाका सामन्त नथिकबहादुर गुरुङ नजिकैको रूब्दीवन (घोरलवासी वन) मा शिकार खेल्न गएको बखत पुरानो खाँचीबाट अर्घा पुगेका जिल्ला राईहोरी समेतका ती ठकुरी राजपुत वंशले अर्घामा एक्कासी आक्रमण गरे । खस साम्राज्यका प्रशासक (सामन्त) नथिकबहादुर गुरुङसँगको संक्षिप्त युद्धमा ती सामन्त परास्त गरिए[३५] । साथै, अर्घाको प्रशासनिक केन्द्र मगाथुमलाई पनि आफ्नो कब्जामा लिए । ती गुरुङको साविकको खस प्रशासनको अन्त्य र अर्घामा राजपूत ठकुरी वंशको अलगै शासन स्थापना हुन गयो (आचार्य, २०४३:१९-२०, रामिरेज, २०००:११४-११५) ।

राजदरबार, जाँचबुझ केन्द्रद्वारा अध्ययन गराई प्रकाशन गरिएको मेची-महाकाली (भाग ३) अनुसार सिञ्जाली खसिया मल्ल राजाहरूको चकचकीको समयमा वर्तमानका अर्घा र खाँची खसिया मल्लहरूको अधीनमा थिए । खस साम्राज्यको पतनसँगै अर्घा क्षेत्रमा नयाँ भुरे राज्यहरू खडा भए (जाँचबुझ, २०३१:८२७) । अर्घा राज्य चौबिसे राज्यहरूमध्ये पहिलो अधिराज्यको रूपमा स्थापित भयो । वि.सं. १३८१ मा नै अर्घा राज्यमा जिल्ला राईहोरीको राज्यारोहण भयो (शाह, २०६९:१२, २९) । जिल्ला राईहोरीको नेतृत्वमा अर्घा विजय गरेका ती ठकुरी राजपुतहरूले अर्घा हर्लिकोटमा दरबार बनाएर एक स्वतन्त्र राज्य सञ्चालन गर्न थाले ।

## अर्घाको राज्य-प्रणालीमा भुसालवंश

ज्यो.पं.वे. रामभक्त जोशी (भुसाल) का पूर्वज ब्रह्मर्षि विश्वामित्र, उनका पुत्र मन्त्रद्रष्टा ऋषि मधुच्छन्द्र तथा सोह्रौं द्वापरका व्यास महर्षि धनञ्जय थिए । महर्षि मधुच्छन्द अयोध्याका सूर्यवंशी नरेश शर्यातिका पुरोहित पनि थिए । राजा शर्यातिले आफ्ना गुरु मधुच्छन्दलाई हरेक तवरले सम्मान गर्दथे । यिनै गुरुका प्रभावले सूर्यवंशी राजा शर्यातीले आफ्नो राज्यमा दिग्विजय पनि प्राप्त गरेका थिए । राजा शर्यातीका सन्तति थिए, ऐतिहासिक अर्घा क्षेत्रमा[३६] आफ्नो ठकुराई

३५) अर्घा क्षेत्रमा कुलपूजाको परम्परा पनि बसाएकाले ती सामन्त गुरुङ लामै अवधि त्यहाँको प्रशासक भई बसेको अनुमान गर्न सकिन्छ । ती सामन्तका खलकलाई तत्कालीन १२ मौजाको अर्घा राज्यभित्र बस्न दिइएन वा उनले नै त्यहाँ आफ्नो सुरक्षा नठानेर अन्यत्रै गए (आचार्य, २०६१:१८)

३६ राजदरबार, जाँचबुझ केन्द्रद्वारा अध्ययन गराई प्रकाशन गरिएको मेची-महाकाली (भाग ३) अनुसार महाभारतकालीन एकलव्य (वार्वरिक) नामक प्रतापी राजाको राज्य अर्घाक्षेत्रको उलुक (छत्रगञ्ज) मा थियो । उनको शिर राखेको ठाउँलाई छत्रगञ्ज भनिएको हो । यसैगरी, खाँचीको खिदिमक्षेत्रको तुदी पहाड (पणेना) मा पौराणिक कालमा पाणिनी ऋषि आई महादेवको तपस्या गरी उनैको

स्थापना गर्न सफल राजा जिल्ला राई । राजा जिल्ला राईहोरीको राज्यारोहणपछि ज्यो.पं.वे. रामभक्त जोशी (भुसाल) लाई राजगुरु नियुक्त गरी शासन सञ्चालन गर्न थाले । संयोग पनि भयो कि त्रेता र द्वापरयुगका राजवंश (शर्यातीका सन्तति) र राजगुरु (मधुच्छन्दका सन्तति) वंशको यो पुनर्मिलन । दिल्लीका शासक शत्रुबाट निरन्तर जासुसी भई आफूलाई खतरा हुने ठानी राजा जिल्ला राईहोरीले आफ्नो पदवी 'होरी' शब्द हटाए । आफ्ना पुत्र खड्गदर्शनको हत्या भैसकेको र नातीहरू नाबालिक नै भएको कारण राजकाजको काम भाइखलकमा सार्ने स्थिति राजगुरु ज्यो.पं.वे. रामभक्त भुसालले नै मिलाइदिए । उनको शेषपछि उनका भाइहरू क्रमशः हरिहर राई, श्री राई (नारायण राई) र श्री कमल राई अर्घा अधिराज्यका राजा भए (मल्ल, २०६७:२) । यी नामहरू अर्घाकोटका सयौँ वर्ष पुराना घण्टहरूमा समेत उल्लेखित छन् । मेधासी युवक राजकुमार खड्गदर्शनका चारभाइ छोरा थिए: विशक देव (विशम्वर देउ), कमल देउ (काला देउ), कालीय र शाह (खा सिंह) । राजा कमल राईपछि यी सबै भाइहरूले क्रमशः राजकाज गरे । सुरुका तीन भाइले आफ्नो नामका पछाडि राई पनि लेख्न छाडी 'देउ' लेख्न थाले भने कान्छा भाइले 'सिंह' लेख्ने गरे (आचार्य, २०४३:२०, शाह, २०६०:७७) । यी भाइहरूमध्ये कमलको अल्पायुमै मृत्यु भएकाले



अर्घा भगवती मन्दिर



मन्दिर भित्रको दुर्गा देवीको मूर्ति

वरदानबाट संस्कृत व्याकरण तयार गरेका थिए । खिदिमकै तीन किलोमिटर दूरीको वायव्य दिशामा दुर्वासा ऋषिको आश्रम पनि थियो । पौराणिककालीन रावण नरपानीको लेकमा नाचेर शिवजीलाई खुशी पारेको कारणले त्यसलाई नर्तनाचल (नरपानी) पर्वत भनिएको हो (जाँचबुझ, २०३१:८२६-२८) ।

तीन भाइ विशम्बर देउ, काला देउ र खा सिंहले मात्र राज्य गर्न पाए । त्यसपछि राजा खा सिंहका सन्तानमा राजकाजको जिम्मेवारी सरेको पाइन्छ, अन्य भाइको बारेमा कुनै जानकारी पाईदैन । तर यी अर्घाली शाह परिवारका पछिल्ला पुस्ताका ज्वाला शाहका सन्तान भने वर्तमान धादिङ जिल्लाको अगेनचोक भन्नें स्थानमा गएको र नेपाली काँग्रेसका नेता राजेन्द्र वहादुर शाह ज्वाला शाहका सन्तान भएको कुरा खाँची, डिहीडाँडाका शिक्षक वीरेन्द्र शाहले बताउँदछन् ।

राजा खा सिंहका तीनभाइ छोरा थिए: भागु सिंह, देउव (देव) सिंह र वर (वाग) सिंह । राजा वाग सिंहका आठभाइ छोराहरू भए: मीर (म्री), कालीय (वामकाली), नागी, शुरी (छुरी), तपकाली (तफक), वर्ण शाह, मित्र शाह र मेधा सिंह (राजवंशी, २०२८:३४, शाह, २०६०:७७) । राजा म्री सिंहका दुई छोराले आफ्नो नामको पछाडि शाह लेख्न थाले । राजा म्री सिंहले आफ्नो उत्तराधिकार भाइबाट छोरामा सार्ने मनसायले आफ्ना छोराहरू, हुवाम्बर (हुवां) सिंह, हम्विर (वीरेन) सिंह र जगजित सिंहमध्ये जेठा छोरा हुवां सिंहलाई राजगद्दी उत्तराधिकारी घोषणा गरे । यसबाट म्री सिंहका भाइहरूबीच मनभुटाव भयो । राजदरबारमा भाइखलकबीच भएको खैलाबैला पछिको छलफलबाट राजगुरु ज्यो.पं.वे. रामभक्त जोशी भुसालको परामर्शमा राजा हुवां सिंहपछि साबिक बमोजिम राजगद्दी उत्तराधिकार भाइ खलकमै कायम गर्ने सहमति भयो । सोही बमोजिम म्री सिंहका भाइहरू क्रमशः वांकाली सिंह, नागी सिंह, छुरी सिंह, तफक सिंह क्रमशः अर्घा अधिराज्यका राजा भए (शाह, २०६९:१२-१४) । उसबखत अर्घा अधिराज्यमा असुरकोट, नुवाकोट, सल्लिकोट, अर्घाकोट, अर्घातोष, हंशपुर, खाँचीकोट, पाली, ठाडा, मगरकोट, जुवाकोट, लौरिकोट, सँगकोट र पत्थरकोटसमेतका मौजाहरू थिए ।

त्यति धेरै काकाहरू (राजा वागसिंहका आठभाइ छोरा) को राजा हुने पालो कुर्दा कुर्दै आफू राजा हुन असम्भव ठानी राजा म्री सिंहका दुई छोराहरू हम्विर सिंह (माइला) र जगजित सिंह (कान्छा) ले अर्घा राज्य नै छाडेर अर्कै राज्यको स्थापना गरी राजकाज गर्ने योजना बनाए । महत्वाकांक्षी यी दुईभाइ निर्भीक र साहसी पनि थिए । यिनीहरूले आफ्नै बाहुवलले अलग ठकुराई राज्य खडा गर्ने लक्ष्य लिई अर्घाबाट बाहिरिए । आफ्ना सहयोगीहरूको झुण्डसहित दक्षिणतिर लागेका हम्विर (वीरेन) सिंहले **खाँची**कोटमा गई वि.सं. १४९२ देखि अलगै राज्य खडा गरे । खाँचीकोट, पाली, ठाडा, मगरकोट, जुवाकोट, लौरिकोट, सँगकोट र पत्थरकोटको क्षेत्रलाई उनको राज्यमा पारे (रामिरेज, २०००:११७) । अर्घा

दरबारले पनि यसमा कुनै आपत्ति जनाएन । खाँचीका राजवंशले त्यहाँ जम्मा १६ पुस्तासम्म राज्य गरे[३७] (आचार्य, २०४३:२०, शाह, २०६०:७८, सुवेदी:२०६१:५१-५७) । खाँची राज्यका संस्थापक राजा हम्विर सिंह (१४९२-१५००) पछि क्रमशः जयभूपाल सिंह (१५००-१५२९), नरहरि शाह (१५२९-१५६४), विश्वपाल शाह (१५६४-१५७७), रामसिंह शाह/वर्मा (१५७७-१६१०), कृतुमनु शाह (१६१०-१६२७), ध्वजन शाह (१६२७-१६६९), विराट शाह (१६६९-१६९३), महेन्द्र शाह (१६९३-१७०२), दुराल शाह (१७०२-१७२१), विक्रम शाह (१७२१-१७३४), आलम शाह (१७३४-१७५२) र दल शाह (१७५२-१७७९) राजा भए । खाँचीका राजा दलशाहका जेठा छोरा कृतिकल्याण शाहको राजा हुन नपाउँदै मृत्यु भैसकेकाले उनका भाइ वीरभद्र शाह (१७७९-१८२६) पन्ध्रौं पुस्ताका राजा बने भने अन्तिम राजा दुर्गाभञ्जन शाह (१८२६-१८४३) थिए ।

वि.सं. १४९२ मा नै अर्घाबाट उत्तरतिर लागेका म्रि सिंहका कान्छा छोरा जगजित् सिंहले सिञ्जाली खस सम्राट्द्वारा नियुक्त **धुरकोट**का सामन्त (प्रशासक) लाई हटाई राजा बन्ने उम्मिद राखे । अर्घाली राजकुमारको आक्रमणमा हातहतियार नभएका धुरकोटका ती सामन्तले भिर टापुबाट ढुङ्गा पल्टाई आक्रमणकारीतर्फ नोक्सान गर्न लागेकाले भिरपहरामा भऱ्याङ्ग हालेर जगजित् सिंहको टोली दरबार हाताभित्र गई मल्ल युद्ध गरे । ती सामन्तसँग भएको मल्ल युद्धबाट धुरकोट विजयको केही समयपछि राजकुमार जगजित् सिंहको मृत्यु भएकाले उनका छोरा खड्गजित सिंह वि. सं. १४९३ मा नै धुरकोट ठकुराईका प्रथम राजा घोषित गरिए[३८] । अर्घाबाट धुरकोट जानेबेला खड्गजित सिंहकी रानीले यशका लागि अर्घा मैदानदेखि उत्तरतर्फ रानीगैरामा एक पोखरी खनाएकी थिइन् (राजवंशी, २०२८:३७) । मल्ल युद्धबाट राज्य विजय गरेकै कारण खड्गजित सिंहका सन्तानले तदुप्रान्त आफ्नो नामको पछाडि मल्ल लेख्न थाले, उनका सन्तानले जम्माजम्मी १२ पुस्तासम्म राज्य गरे ।

इतिहासकार कृष्णबहादुर शाहका अनुसार स्वतन्त्र अधिराज्य अर्घामा तफक सिंहपछि अहिवर्ण सिंह र सौम्य वर्ण सिंह राजा भए भने उनका उत्तराधिकारी राजा शिवराज सिंहले आफ्नो थर परिवर्तन गरी शाह लेखे (शाह, २०६९:१२-१३) ।

३७) डा. राजाराम सुवेदी र अन्य लेखकबीचमा खाँची राज्यका राजाहरूको राज्यकाल केही फरक परेको देखिएकाले खाँचीका राजपरिवारका लेखक शाहको लेखाइलाई बढि भरपर्दो मानी यहाँ सोहीबमोजिम उल्लेख गरिएको छ ।

३८) विद्वान् लेखक हेमराज ज्ञवाली र इतिहासकार प्रा. डा. राजाराम सुवेदीले वि.सं. १४६५ मा धुरकोट विजय गरिएको बताएका छन् (ज्ञवाली, २०६२:३४, सुवेदी, २०५५क:६९) ।

राजा शिवराज शाहपछि अर्घाका राजाहरूको नामावलीमा स्रोत अनुसार केही फरक पनि पाइन्छ[३९] । तापनि अर्घाका राजगुरु खलकका वर्तमान उत्तराधिकारी तथा अर्घाकी महाकाली भगवतीका पूजारी तेजनाथ भुसालले आफ्ना हजुरबुबा जि.मु. पीताम्वर भुसालको टिपोट वुवा जि. मु. जीवानन्द भुसालबाट पाएको लिखतलाई आधार मान्दा राजा शिवराज शाहपछि क्रमशः धर्मराज (मेधासीराज, १५०५-२५), जयन्तराज (१५२५-५०), अनन्तराज (१५५०-७५), हटिराज (१५७५-१६००), अहिवर्ण (१६००-२५), श्यामवर्ण (१६२५-५०), धनराज (१६५०-७५), भूपतिराज (१६७५-१७००), नरदेवराज (१७००-१७२५), जयन्तराज (१७२५-१७५०), अनन्तराज (१७५०-७५), हटिराज (१७७५-१८००), अहिवर्ण (१८००-१८२५) र अन्तिम राजा वीरकुमार शाह (१८२५-१८४३) ले राज्य गरेको बताइएको छ । नेपाल एकीकरणताका (वि.सं. १८४३ तिर) अर्घा अधिराज्यमा रजस्थल, बाँगी, औवल, सढीकर, घोराखोरी, बामरुक, हड्सपुर, मेहेलपानी, ढाकाबाङ, अर्जुन, खन, साखिन्धारा सिन्दुरे, खिल्जी, अर्घातोष, वाङ्ला, झेंडी, डिवर्ना, कुर, नुवाकोट, किमडाँडा नामका २० मौजाहरू थिए (राजवंशी, २०२८:३४) ।

## अर्घा-खाँची युद्ध र शान्ति-सन्धि

अर्घाबाट दक्षिणतर्फ लागेर अलगै खाँची राज्य स्थापना गर्न पुगेका राजा हम्विर सिंहका सन्तान र अर्घाका म्रि सिंहका उत्तराधिकारी राजाहरू बीच त्यति मैत्रीपूर्ण सम्बन्ध भने कायम रहन सकेन । खाँची अलगिएपछि माउ राज्य अर्घा भन्दा खाँची अधिराज्य अलि सम्पन्न पनि हुन गयो । खाँचीको सिमाना पूर्वतर्फ पाली, पश्चिममा झिमरूक खोला (राप्ती नदी), उत्तरमा डिही-डाँडा, दक्षिणमा गोरूसिँगेहुँदै दाङको भालुबाङसम्मै फैलिएको थियो । वि.सं. १६५० मा भर्खरै

३९) इतिहासविद् प्रा.डा. राजाराम सुवेदीले राजा शिवराज शाहपछि क्रमशः धर्मराज (मेधासीराज), जयन्तराज, अनन्तराज, हटिराज, अहिवर्ण, श्यामवर्ण, धनराज, भूपतिराज, नरदेवराज र अन्तिम राजा विरकुमार शाह उल्लेख गरेका छन् (सुवेदी, २०६१:४९-५१) । लेखक कृष्णबहादुर शाहले राजा शिवराज शाहपछि क्रमशः मेधासीराज, धर्मराज, जयन्तराज, अनन्तराज, हटिराज, अहिवर्ण (प्रथम), श्यामवर्ण, धनराज, भूपतिराज, नरदेवराज, जयन्तराज, अनन्तराज, हटिराज, अहिवर्ण (द्वितीय) तथा अर्घाका अन्तिम राजा वीरकुमार शाह उल्लेख गरेका छन् (शाह, २०६९:१२-१८) । शाहद्वारा लिखित उक्त पुस्तकको २०७३ को नयाँ संस्करणमा भनें धर्मराजको नाम हटाइएको छ (शाह, २०७३:८८-८९) । अर्घा, रजस्थलका शोधकर्ता तारकबहादुर रायमाझीले २०५० मा अध्ययन गरी त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकायमा पेश गरेको '...अर्घाकोटको ऐतिहासिक अध्ययन (अप्रकाशित) मा उल्लेख गरे अनुसार राजा शिवराज शाहपछि क्रमशः मेधासीराज, जयन्तराज, अनन्तराज, हरिराज, अहिवर्ण, श्यामवर्ण, धनराज, भूपतिराज, नरदेव, अनन्तराज, हरिराज, अहिवर्ण र अन्तिम राजा विरकुमार शाह थिए' भनेका छन् (रायमाझी, २०५०:५०) ।

अर्घाको राजसिंहासनमा आसिन राजा धनराज शाह (१६५०-७५) ले आफ्नो राज्यलाई आर्थिक दृष्टिले थप सबल बनाउने महत्वाकांक्षाले राज्य विस्तारको सोच बनाए[४०] । वि.सं. १६५१ मा अर्घाका राजा धनराज शाहले खाँची राज्यको पाली, डिहिडाँडा, ढिकुरा क्षेत्र र सोको आङ्खेत भएको वेशीलाई समेत अर्घामैं गाभ्ने उद्देश्यले खाँचीमाथि आक्रमण गरे । दुवैतर्फ भिडन्त हुँदा खाँचीका तत्कालीन राजा ध्वजन शाह (१६२७-६९) का फौज खाँचीतर्फबाट अर्घाको चुत्रावेसीस्थित भतेरखोलासम्म आइपुगे । युद्धरत दुवै पक्षबिच सन्धि गर्ने सहमति भई वर्तमान सन्धिखर्कमा भेला भई १६५१ मैं आपसमा सन्धि/सम्झौता गरे । आआफ्नो राज्यमा एक अर्काले भविष्यमा आक्रमण नगर्ने शान्ति सम्झौता पनि भयो । अर्घा अधिराज्यले आफ्नो केही भूभाग गुमायो । सो सन्धि अनुसार ढिकुरा, डिही-डाँडा, भालुखोला, किटेनी, भुवनडाँडा, अङ्गुरी, पाली र बाँगी खोला पश्चिम तथा कुर, माझाघरदेखि दक्षिणको भूमि एवं त्यसको आङ्खेतसमेत अर्घा अधिराज्यबाट अनाक्रमित हुने निश्चित भयो । उक्त सन्धि गरिएको घाँसैघाँसको खर्क (बारी) लाई तदुप्रान्त सन्धिखर्क भन्न थालिएको हो ।

## अर्घा-इस्मा युद्ध र शान्ति-सन्धि

राजश्व वृद्धिका लागि कमजोर राज्यमाथि आक्रमण गर्ने उसबखतको रणनीति

४०) रामिरेजका अनुसार तत्कालीन टाकुरे राज्यहरूको लडाइ मूलत : राज्यको राजस्व बृद्धिसङ्ग जोडिएको हुन्थ्यो । त्यसैले के कति कर उठ्छ भन्नें आँकलन गर्न करदाताको हिसाब घर-कुरियाको लगतबाट गरिन्थ्यो । अन्दाजी १० देखि ५० बर्ग कि.मी. क्षेत्रफल र करिब ३०० देखि ४०० कुरिया भएको क्षेत्रको एक मौजा (तालुक) हुन्थ्यो । उसबखत अर्घामा २० मौजामा ४,००० कुरिया, अर्घाका छिमेकी राज्य खाँचीका १९ मौजामा ४,००० कुरिया, धुरकोटका ८ मौजामा ७०० कुरिया, -मुसिकोटका १९ मौजामा २,००० कुरिया र इस्माका २४ मौजामा ४,००० कुरिया र गुल्मीका चारपाला (पाल्पाथोक, अर्बाथोक, गलामथोक र मुसिकोट-उप्रीकोटथोक) मा ६,००० कुरिया थिए । तैपनि राज्य चलाउन ती रैतिबाट उठेको रकम पर्याप्त हुँदैनथ्यो । राजाहरूले जनताबाट पनि ऋण लिने गर्दथे । केही सरकारी जगा रजबन्धकीको नाममा समेत साहुलाई कमाउन दिन्थे । उदाहरणका लागि, गुल्मीका राजा सत्यधन शाहले वि.सं. १८०६ र १८०८ मा दुईजना ब्राह्मणबाट क्रमशः रु ३२४।- र रु १५०।- ऋण लिएबापत केही जग्गा राजबन्धकी गरिदिएका थिए । साथै, आफ्नो राजश्व बढाउन उर्वर फाँटहरूका लागि राज्यहरूबिच खिचातानी पनि हुन्थ्यो । जस्तैः इस्मा अधिराज्य र धुरकोट अधिराज्यको सिमानामा पर्ने छल्दीखोलाको चौरासी-फाँटका लागि ईस्माली सिंह राठौर राजाहरू र धुरकोटका मल्ल राजाहरूको विवाद, सन्धीखर्कक्षेत्रको बाँगीखोलाको उर्वर फाँटका लागि अर्घाली राजा र खाँचीका राजाविचको विवाद प्रमुख थिए । यसैगरी, आफ्नो राज्यको केही जमिन भाडा लगाई आयस्ता लिने पनि चलन थियो । पाल्पाली सेन राजाले कुटनैतिक पत्राचारको माध्यमबाट (वर्तमान रूपन्देही र कपिलबस्तुको) जमिन अवधका नवावलाई सन् १८०४ सम्मका लागि भाडामा लगाएका थिए, जुन ब्रिटिशभारत-नेपालको सन् १८१४-१६ को युद्धको एक कारक पनि बन्यो (रामिरेज, २०००: ११६-१२४) ।

अनुसार दक्षिणको खाँचीतर्फ असफल महत्वाकांक्षी अर्घाली राजा धनराज शाहले पुनः उत्तरतर्फ आँखा लगाए । आफ्ना सगोत्री धुरकोट अधिराज्यका राजा जगत्र मल्ललाई तटस्थ राखेर मात्र जाइलाग्नु बेस हुने राजगुरु वे. श्रीधर भुसालको सल्लाहअनुसार खामदेश (अमरभूमि/मर्भुङ/इस्मा) मा आक्रमण गरे । इतिहासकार डा. राजाराम सुवेदीकाअनुसार प्रतिकारमा इस्मा (अमरभूमि/मर्भुङ/खामदेश) का ब्राह्मण राजाले पनि आफ्ना सेना जम्मा गरी अर्घा राज्यमाथि आक्रमण गर्न पठाए । तर सो पहिलो युद्धमा इस्माली सेनालाई अर्घालीहरूले एकएक गरी काटे (सुवेदी, २०५५कः३१) ।

वि.सं. १६५२ मा इस्मा राज्यका भट्टवंशका चौथा राजा प्रभाकर भट्टको समयमा अर्घा राज्य र खामदेश (अमरभूमि/मर्भुङ/इस्मा) राज्यबीच पुनः घमासान युद्ध भयो । त्यस युद्धमा अर्घा राज्यले इस्माको पश्चिमी भेग (वर्तमान पुरकोटक्षेत्र) विजय गऱ्यो[४१] । युद्धमा धनजनको ठूलो क्षति हुनुका साथै सामरिक दृष्टिले महत्वपूर्ण भूभाग पनि गुम्यो, राजधानी अमरभूमि (मर्भुङ) पनि असुरक्षित हुन गयो । साथै, युद्धमा भएको ब्रह्महत्या लगायतका अपयशको भागी बन्न पुगेका धर्मभिरू ब्राह्मण विद्वान् राजा प्रभाकर भट्टलाई आफै राजकाज चलाइरहन उचित लागेन । उनले राज्यभार क्षत्रियलाई दिन र आफू राजगुरु भएर बस्न उचित देखी तथा ब्राह्मणले राजकाज गर्न उपयुक्त नठानेर गुल्मीमा आश्रय लिई बसेका (पूर्व) मुसिकोटे राजाका सन्तति सुरथ सिंह राठौरलाई आफ्नो राज्यमा ल्याई धर्मपुत्र बनाई शिक्षा-दीक्षा, मन्त्र दान गरेर अङ्गतसिंह राव भन्ने पदवीसमेत दिई स्वेच्छाले राजा बनाए, आफू राजगुरु भई बसे (अर्याल, २०६२:३५, पन्थी, २०६२:४४, रामिरेज, २०००:११५, ज्ञवाली, २०६२:३३) । इतिहासकार डा. राजाराम सुवेदीका अनुसार, ब्राह्मणले ब्रह्मकर्म गर्ने कि दण्ड विधान अनुसार शासन गरी अपराधीलाई मुड्याउनु, काट्नु, अङ्गभङ्ग गर्नु ? यस्तै द्विविधामा परी उनले ठकुरी राजा खोजेर इस्मा (खामदेश/अमरभूमि/मर्भुङ) मा ठकुराई राज्य स्थापना गराए (सुवेदी, २०५५कः२९, रामिरेज, २०००:११५) ।

गुल्मी अधिराज्यको राजवंशका उत्तराधिकारी परिवारका इतिहासकार

४१) अर्घा अधिराज्यले वि.सं. १६५२ को हिउँदमा भएको युद्धबाट विजय गरेको उत्तरको भूभाग अर्घा दरबारका राजगुरु वे. श्रीधर भुसालका परिवारले आवाद गरेको खामदेश/अमरभूमि/मर्भुङको पश्चिमी भेगलाई पहिले 'गोठ' मात्र भनिन्थ्यो । अर्घाली भुसालहरूले अर्घाबाट दुर्गा भवानी भगवती तथा भैरवनाथको शिला, त्रिशूल, खुँडा, तरबार, खुकुरी आदि देवीदेउताका हातहतियार तथा भाँडाकुँडा लगी वि.सं. १७९० मा गोठमाथिको थुम्कोमा कोट स्थापना गरेपछि उनीहरूको गोठको बसोबास रहेको 'पुर'सँग जोडेर मात्र यस भेगको नाम पुरकोट रहेको थियो ।

कृष्णबहादुर शाहले पनि 'धर्मभिरू ब्राह्मण राजालाई दुश्मनसँग भिड्न मनासिव नलागेर' नै आफ्ना राज्य ठकुरीलाई सुम्पन राजा प्रभाकर भट्ट तयार थिए होला भनेका छन् (शाह, २०६९:२५) । वृद्धावस्थाका प्रभाकर भट्टले आफ्ना छोरालाई राजगुरुको कार्यभार र घरव्यवहार सुम्पिएर क्षेत्रसन्यास लिई रिडीतर्फ लागे (अर्याल, २०६२:३५,३६२) । उपर्युक्त इस्माली (खामदेश/अमरभूमि/मर्भुङ) राजघराना/राजगुरुकै सन्तति संस्कृतिविद् प्रा. डा. विष्णुराज आत्रेयले इस्मा क्षेत्रमा अर्ज्याल ब्राह्मणले छ पुस्ता राज्य गरेको बताएका छन् । इस्मा दरबार पहिले अन्यत्र (मर्भुङ/अमरभूमिमा) सम्म ठाउँमा थियो, पछि शत्रुको आक्रमणका डरले यसलाई अल्गो ठाउँमा सारिएको हो भनेका छन् । मर्भुङभन्दा इस्माको डाँडो (वर्तमान इस्माकोट) नै सुरक्षाका दृष्टिले बढी उपयुक्त ठानेर राजा सुरथ सिंहले गुरु प्रभाकर भट्टकै सहमतिमा साविकको मर्भुङ (अमरभूमि) बाट इस्माकोटमा राजधानी सारेका थिए[४२] (आत्रेय, २०४२:४६-४७) ।

विजित भूभागको सुरक्षा, संरक्षण तथा दुश्मन्को संभावित आक्रमणको सुराकी पाउनेसमेत उद्देश्यले अर्घा अधिराज्यका राजा धनराज शाह (१६५०-७५) ले आफ्ना गुरु-परिवारलाई उक्त स्थान (वर्तमान पुरकोट) मा गाई-गोठ लगी आवाद गर्न प्रोत्साहन गरे । अर्घा दरबारका राजगुरु वे. श्रीधर भुसालका छोराहरूले वि.सं. १६५३ को ज्येष्ठ महिनामैं आवश्यक गोठालासमेत बाह्रबिस (२४०) गाई र आठबिस भैंसी (१६०) लगी त्यहाँ गोठ राखेर आवाद गरे, बसोबास गर्न थाले ।

## इस्मा-अर्घा युद्ध र शान्ति-सन्धि

वि.सं. १६५३ मा इस्मा अधिराज्यमा राजा सुरथ सिंहको सत्तारोहणपछि वि.सं. १६५४ मा नै इस्माले अर्घा अधिराज्यको पूर्वी द्वार अर्घातोषक्षेत्रबाट

४२) अर्याल वंश वृतान्तका लेखक दयाराम अर्यालका अनुसार अर्यालवंशले गुल्मी, अमरभूमि (मर्भुङ) मा चारपुस्तासम्म राज्य चलाएको बताएका छन् । उनी अगाडि लेख्दछन्, 'ब्राह्मण राजा चावाराज भट्टका दुई पत्नी थिए । ती सौताहरूबीच मनभुटाव भई सँगै बस्न सकेनन् । जेठी पत्नीले आफू अलि अलगै बस्ने राजासँग अर्जी गरिन् । राजाले पनि उनको बसोबासका लागि एउटा थालिनो आकारको पाखो जग्गा दिए । यसरी चावाराजकी जेठी श्रीमतीतर्फका सन्तान सो पाखो जग्गामा गई बसोबास गरे । त्यसरी अर्जी गरेर प्राप्त गरेको उक्त पाखो जग्गालाई पछि अर्जे भनियो र त्यहाँका बासिन्दालाई पनि अर्जेल (अर्ज्याल वा अर्याल) भन्न थालियो (अर्याल, २०६७:८-९) । चावराजकी कान्छी पत्नीतर्फका सन्तानले उपाध्याय लेख्दै आएका भए तापनि पछि उनीहरूले पनि अन्य दाजुभाइसरह अर्याल थर नै लेख्न थाले । संस्कृतिविद् विद्वान् प्रा. डा. लक्ष्मीकान्त पन्थीले पनि मर्भुङमा एक अमर सिंह नामका राजा थिए, उनैका नामबाट मर्भुङलाई अमरभूमि भनिएको बताएका छन् (पन्थी, २०७७:२०) ।

अर्घामाथि आक्रमण गऱ्यो । इस्माली फौजले अर्घातोषबाट पेल्दै डिबर्नासम्म पुग्यो[४३] । आचार्यका अनुसार, खाँची तथा इस्मा (खामदेश/अमरभूमि/मर्भुङ) राज्यसँगका भएका भर्खरैका दुई युद्धबाट कमजोर भएका अर्घाली राजा धनराज शाहले यस युद्धमा दुश्मन्को प्रतिकार गर्न असमर्थ देखी सो भेगको वीरतामा बसेका सुमन्ताचार्यलगायतका ब्राह्मणहरूले इस्माली राजाका नाममा आत्मदाह गर्ने निधो गरी चिता तयार पारेछन् । उनका पत्नी ब्राह्मणीहरू पनि लोग्नेसँगै सती जान तयार भएछन् । यो खबर राठौर फौजको टुकडीमार्फत इस्माली राजामा जाहेर भएछ । ती ब्राह्मण र उनका पत्नीहरूले आत्मदाह गरी मरेमा ब्रह्महत्यामा परिने लागेर राजा सुरथ सिंहले आफ्नो आक्रमण रोकी अर्घा अधिराज्यको अनुरोधमा वार्तामा बसेछन् । वार्ता पश्चात् सुमान्ताचार्यलगायतका गुरुवर्गको बिर्ता नहरिने, अर्घा अधिराज्यले इस्माको पश्चिमी भूभाग (वर्तमान पुरकोट) इस्मा अधिराज्यलाई नै फिर्ता गरिदिने, अर्घातोषक्षेत्रको जमिन अर्घालाई नै फिर्ता गर्ने गरी शान्ति सम्झौता भयो । त्यसबखत अर्घा अधिराज्यको पूर्वी सीमा पनाहाखोला, मोते रहसम्म थियो (आचार्य, २०६१:५४-५५) । ती भूभागहरू दुवै पक्षले एक अर्कालाई फिर्ता गर्ने सहमति पनि गरे । रामिरेजका अनुसार यस सन्धिको महत्वपूर्ण पक्ष *अर्घाका प्रभावशाली भुसालवंशको पुरकोट भेगमा स्थायी बसोबास स्वीकृत गरियो* (रामिरेज, २०००:१२४) । अर्घाली राजगुरुलाई उनका छोराहरूले पुरकोट भेगमा आवाद गरिआएको *जैसीथोकको बारी, जोल्टे-कुवाको पानी र बेवराटारीको खेत*समेत सबै कुश-वीरता गरिदिए[४४] ।

उसबखत केवल "गोठ" भनिने वर्तमान पुरकोटको बिर्ता पाएबाट उल्लिखित जग्गाको कानुनी आधार पनि बलियो भएकाले बेरोकटोक अर्घाली भुसालहरूले सो जग्गा आवाद गर्दै बस्ती विस्तार गरे । अर्घाभन्दा उर्वर, पारिलो, वन-जङ्गल

---

४३) गर्गगोत्री आचार्य वंशावलीमा गुल्मीको आक्रमण भनी उल्लेख भए तापनि सो गुल्मी राज्य (चारपाला) को आक्रमण नभई इस्मा राज्यको आक्रमण थियो । हाल इस्माक्षेत्र गुल्मीमा परेकोले त्यसरी लेखिएको कुरा सो पुस्तकका सम्पादकले बताउनुभएको छ ।

४४) राज्यको कर नलाग्ने गरी वृत्ति (जीविका) को लागि वीरता दिइएको जग्गा (कुश हातमा लिई सङ्कल्प गरी जमिन दान दिने) लाई विर्ता भनिन्थ्यो । यस्तो वीरता अक्सर गरेर सूर्यग्रहण, सक्रान्ति, विजयादशमी, एकादशी आदि धार्मिक पर्व पारेर भूमिदान गरिन्थ्यो । पौराणिक ग्रन्थहरूमा उल्लेख भए अनुसार ब्राह्मण, शिक्षक, पुरोहित तथा धार्मिक र समाजसेवी संस्थालाई भूमिदान गरेमा ठूलो पुण्य प्राप्त हुने विश्वास गरिन्छ (अधिकारी, २०५३:१०५-१०८) । जैसीथोकको बारी भनेको वर्तमान पुरकोट, कोटमुनिको गाँवको बारी, जोल्टेकुवाको पानी भनेको सो कोट उत्तरतर्फको कालीमाटी भिरको दक्षिणमा रहेको लेकपँधेराको पानी तथा बेवराटारीको खेत भनेको मधाने लेकको फेंदीस्थित शिराखोलाको टारी (डिही) को खेत हुन् ।

लगायत प्रचुरमात्रामा प्राकृतिक स्रोत-साधनले सम्पन्न सो भेगमा भुसालहरूको आधिपत्य भयो । पछि अर्घा र पुरकोट अर्घाली भुसालका बस्तीका रूपमा विकसित हुँदै गए । पुरकोटको आफ्नो भूभागको बचाउ र रेखदेखका लागि राजगुरु परिवारको गाईगोठको कारण सो भूभागको संरक्षणका साथै आवाद पनि हुँदै गयो । पछि पुरकोट क्षेत्रमा तीब्ररूपमा भुसालहरूको बस्ती विस्तार हुँदै गयो । केही बन्धु आफ्नो जग्गा बिक्री गरी पुनः अर्घातिरै फर्किए । पुरकोटमा केही समय बसी त्यहाँबाट पुनः अर्घा फर्किएका ती भुसाल बन्धुका सन्तानलाई अर्घाखाँची भेगमा "पुरकोटे भुसाल" को नामले चिनिन्छ । पुरकोटभेगमा नै बसेका भुसाल परिवारलाई उतातर्फका अन्य जातथरले अर्घाली भुसाल भन्दछन् । अर्घातिर रहेका अन्य भुसाल परिवारलाई मैदाने (अर्घा, रजस्थल-मैदान) र अर्गुने (बलकोट, अर्गुन), अर्घाबाट पैञ्युँकोट (पर्वत) गएका परिवारलाई पर्वते तथा पाल्पा, तानसेन (भुसालडाँडा) गएका परिवारलाई पाल्पाली भुसालका नामले स्थानीय स्तरमा चिनिन्छ । पाल्पाबाट स्याङ्जा, लमजुङ आदि भागमा पनि बसाइँ सराइ गरेको पाइन्छ । यसरी स्थानीय समूहका पुनः शाखा, उपशाखा, सहायक शाखा भई तत्तत् स्थानहरूमा बसोबास गरेका परिवारलाई सोही स्थान अनुसार सूक्ष्म रूपमा पनि अन्य विशेषण थपिएको पाइन्छ ।

## प्यूठान-इस्मा सीमा विवाद र शान्ति-सन्धि

प्यूठान (भित्रिकोट) का चन्द्रवंशी भारद्वाज गोत्रीय राजा मोती चन्द (द्वितीय) ले सामरिक दृष्टिले महत्वपूर्णस्थल इस्मा (खामदेश/अमरभूमि/मर्भुङ) को पुरकोटक्षेत्रमा बारम्बार आँखा लगाइरहेका हुन्थे । बेलाबखत प्यूठानको इस्मा राज्यसँग झडप पनि हुन्थ्यो । वि.सं. १८३१ तिर नै प्यूठानले धुरकोटमाथि आक्रमणको प्रयास गरेकोमा कास्की, पर्वत र तनहूँको सहायताबाट धुरकोटले आफूलाई सुरक्षित राख्न सफल भएको थियो (बज्राचार्य, १९९२:८२) । यसैबीच इस्माली राजा गोविन्दसिंह राठौर र प्यूठानी राजा मोती चन्द (द्वितीय) का बीच वि.सं. १८३६ तिर आ-आफ्नो राज्यको सीमा विवाद हुँदा दुवै पक्षबिच पुरकोटको मलायागिरीस्थित गर्तङको दोमाईखोला दोभानमा छलफलको आयोजना भयो । सो छलफलबाट खास कुनै टुङ्गोमा पुग्न नसकेपछि बैठकको अन्त्यमा एकाएक त्यहीं अगाडिको एउटा ठूलो अमूक ढुङ्गा उठाई प्यूठानीले पूर्व लग्न सकेमा प्यूठानको सिमा पूर्वतर्फ सर्ने र सो ढुङ्गा पश्चिम जहाँसम्म पुराउन सकिन्छ त्यहाँसम्म इस्माली राजाको सीमा पश्चिमतर्फ सर्ने समझदारी भयो ।

छित्रुङ्गको विधिबाट पालो रोज्ने काम भयो। प्यूठानीको पालो पहिले आयो। प्यूठानी पक्षले झण्डै पाँच क्विण्टलको सो ढुङ्गा उठाउन सकेन। तर इस्माली पक्षबाट त्यहाँ पुगेका पुरकोटका वीर **जोजन विष्ट**ले सो ढुङ्गा जुरूक्क उठाई पश्चिमतर्फको उकालो चढी मूलपानी गाउँको आधा उकालो सक्नै लाग्दा प्यूठानी पक्षले आफ्नो हार स्वीकार गरी त्यो ढुङ्गा त्यहीं बिसाउन गरेको विन्तिलाई इस्माली पक्षले सहजै स्वीकार गर्‍यो। सो ढुङ्गा त्यहीं मूलपानी गाउँको बिचमा बिसाइयो। तदुपरान्त त्यही ढुङ्गालाई नै दुई राज्यको सिमाना कायम गरियो, प्यूठान र इस्माको सिमा विवाद पनि टुङ्गियो (सेन, २०६०:१, भुसाल, २०६७:३५)। ती वीर जोजन विष्टलाई तत्कालीन मुखिया रघुराम भुसालले बाँजकटेरी, बिष्टका पाटा (पैरा) भन्नें स्थानमा एक पाखो बारी तिरो लगाई बसोबासको व्यवस्था मिलाइदिएका थिए। केही वर्षपछि सो स्थानमा पहिरोको डर भई त्यहाँबाट विस्थापित भए। उनका सन्तानहरू हाल पुरकोटको पातलकटेरीको पोखरी-डाँडा र सोको दक्षिण-पश्चिम पर्ने प्यूठानतर्फको पटौटी, झिंगाने-पानीमा बसोबास गर्दछन्।

# खण्ड तीन
# अर्घा र छिमेकी राज्यहरूको संक्षिप्त इतिहास

## १. अर्घा : पाल्पा-संरक्षित राज्यको रूपमा

अर्घा अधिराज्यका संस्थापक राजा जिल्ला राईका ३१ औँ पुस्ताका राजा हटिराज शाह (१७७५-१८००) की ज्येष्ठ राजकुमारी माहाकुमारी शाहको विवाह वि.सं. १७९७ मा पाल्पा अधिराज्यका संस्थापक राजा रुद्र सेनका दशौँ पुस्ताका सन्तति (राजा गन्धर्व सेनका नाति) मुकुन्द सेन (द्वितीय) सँग सम्पन्न भएको थियो (सेन, २०५९:२१, भट्टराईबन्धु, २०४३:७०, घिमिरे, २०४५:४७, जाँचबुझ, २०३१:८२८) । अर्घा दरबार र पाल्पा दरबारबिच यस वैवाहिक नाताको कारणले समेत आपसी सम्बन्ध थप गाढा भएको थियो । पाल्पाली राजा मुकुन्द सेन (द्वितीय) ले आफू राजा भएपछि (१८०९-३९) लगत्तै आफ्नो राज्यको दक्षिण-पश्चिम क्षेत्र (तराई) को तपाह-भण्डारको जग्गाको कुत पनि मिनाहा गरी आफ्ना ससुराली अर्घाली राजालाई उपभोग गर्न दिएका थिए (रामिरेज, २०००:१२६-१२७) ।

राजा मुकुन्द सेन (द्वितीय) को वि.सं. १८३९ मा देहान्त भएपछि उनका पुत्र महादत्त सेन (१८३९-५१) राजा भए । गोरखाली राजाको युद्धको रणनीति अनुसार वि.सं. १८४२ सालको माघ महिनामा नायब, अधिराजकुमार बहादुर शाहको विवाह पाल्पाका राजा महादत्त सेनकी छोरी विद्यालक्ष्मीसँग गरियो । यसबाट पश्चिम नेपालको शक्तिशाली राज्य पाल्पालाई तटस्थ राख्न र अझ आफ्नो पक्षमा ल्याउनसमेत ठूलो मद्दत मिल्ने आशा गरियो । अधिराजकुमार बहादुर शाहको नायबी कालमा पाल्पाली राजा महादत्त सेनसँग सैनिक गठबन्धन गरी अर्घालगायतका पश्चिम नेपालका बाइसी-चौबिसी राज्यहरू र कुमाऊँ विजय गर्ने रणनीति पनि बन्यो (मानन्धर, २०७७:१७९-८०) ।



***अर्घा मन्दिर हातामा वि.सं. १९४३ मा ज्यो.पूजारी देवीदास भुसालले चढाएको घण्ट***

नेपाल एकीकरणको अभियानमा वि.सं. १८४३ ज्येष्ठमा नै गुल्मी विजय गरी वर्षात्भर त्यहीं बसेर रणनीति तय गऱ्यो । ऐ. भाद्र २७ गते चार बटालियन फौजले अर्घा अधिराज्यमा आक्रमण गरी विजय पनि प्राप्त गऱ्यो । चौबिसी राज्यहरूमध्ये सबभन्दा जेठो स्वतन्त्र अधिराज्य अर्घाका अन्तिम राजा वीरकुमार शाह गोरखाली

फौज आएको सुँइको पाउनासाथ आफ्नो ससुरालीस्थान भारत, उत्तरप्रदेशको बाँसीमा राजा प्रतापबहादुर सिंहको दरबारमा शरणार्थीको रूपमा आश्रय लिए[४५] (रामिरेज, २०००:१२३, राजवंशी, २०२८:३७) । अर्घा अधिराज्यका तत्कालीन काजी (प्रधानमन्त्री) वैकुण्ठ भुसाल पनि त्यहाँबाट झटपट उम्केर आफ्नो गोठ रहेको स्थान वर्तमान गुल्मीको पुरकोटमा गोठालाका भेषमा छिपेर ज्यान जोगाए[४६] । ऐ. भाद्र २८ गते सो संयुक्त फौजले खाँची राज्य पनि विजय गरेको घोषणा गऱ्यो ।

नेपाली फौज र पाल्पाली सेनाबीच भएको आपसी सहायताको सन्धिअनुसार

---

४५) वि.सं. १९५१ मा अर्घा भगवती मन्दिरमा चढाइएको ठूलो घण्टमा उल्लेख भएअनुसार स्वतन्त्र अर्घा अधिराज्यमा नेपालबाट गएको गोरखाली फौजको आक्रमणको समयमा वे. विश्वम्भर भुसाल अर्घा दरबारमा राजगुरु थिए । उक्त समयमा अर्घा अधिराज्यमा अर्घा-रजस्थल, बाँगी, हंशपुर, म्यालपानी, साखिनधारा, बामरुक, ढाकाबांङ, औवल, पाँनडाँडा-घोराखोरी, नुवाकोट, किमडाँडा, कुर, खिल्जी, वाङ्ला, डिबर्ना, बलकोट र अर्घातोषसमेत १७ मौंजाहरू थिए । अर्घाका अन्तिम राजा वीरकुमार शाहका कतिपय सन्ततीहरू हाल पनि भारत, उत्तरप्रदेशको बाँसीमै बसोबास गरेको बताइएको छ (शाह, २०६९:१४) ।

४६) गोरखाली फौजले गुल्मी आक्रमण गर्दा त्यहाँका काजी हिरण्यगर्भ ज्ञवालीको हत्या गरेको थाहा पाएका अर्घा अधिराज्यका अन्तिम काजी वैकुण्ठ भुसाल वि.सं. १८४३ भदौ २५ गते नै गोरखाली आक्रमणको सुइँको पाएर आफ्नो चल सम्पत्ति लिई गोठालाका भेषमा ईस्मा, पुरकोटतिर लागे । उनी पुरकोटस्थित आफ्नै गोठमा छिपेर बसे । काजी वैकुण्ठका बुवा दुर्गादास भुसाल पनि अर्घा अधिराज्यका काजी नै थिए (राजवंशी, २०२८:३७) । हाम्रा पूर्वजबाट सुनिए अनुसार काजी वेकुण्ठ भुसाल अर्घाबाट पुरकोट जाँदा तत्काल आफ्नो साथमा रहेको धनदौलत, खरखजाना (असर्फी, जवाहरत आदि) पनि एक तामाको गाग्रोमा राखी गोठ-घरको लागि आवश्यक अन्य सामग्रीसँगै बोकाएर पुरकोट लगेका थिए । उनको गोठ-घर तुलसीमैरा पश्चिम, पोखरामुनि थियो । घरको आँगनको छेउमा रहेको डाँडाको ढिस्कोलाई आँगनकै छेउको तुलसीको मठजस्तो मानी तुलसीमैरा नामाकरण गरेका थिए । सो गोठ-घर त्यति सुरक्षित नभएकाले उक्त धनदौलत, खरखजाना आदि त्यहाँ राखिरहनु सुरक्षित नठानी उक्त सम्पत्ति गाग्रोमै राखी घरमाथितिर रहेको आफ्नो बारीको एक कुनामा गाडेका थिए । उनले सो गाग्रोको धनदौलत, खरखजानाको विषय धेरै समयसम्म आफ्ना भाइछोराहरू कसैलाई पनि बताएका रहेनछन् । वि.सं. १८४७ तिर गोठमैं सुतेको बखत (रक्तचाँपले ?) उनको अचानक मृत्यु भयो । बुढापाकाहरूबाट सुने अनुसार वि.सं. १९७३ तिर तुलसीमैरा पूर्वतर्फ रहेको खोरिए भन्ने स्थानमा बस्ने लक्ष्मन सुनार (काहिंला सुनार) ले कोटको उत्तरतर्फ रहेको कुवामुनिको बारीको कुनामा धिपधिप-धिपधिप बत्ति बलिरहेको सपना देखेर भोलिपल्ट विहानै स्थानीय भलाद्मी पोखरीमुनि घर भएका गम्फासिंह ओलीलाई भनेछन् । गम्फासिंहबाट लक्ष्मन सुनारलाई कहींकतै हल्ला नगर्ने वाचा गराई एक दिन विहानै दुवै जना सो स्थानमा गई पूजाआजा गरी कुखुराको एक भालेसमेतको बलि दिई सो स्थानमा खन्न थालेछन् । सो बारीको वारपार कुना करिब तीन फिट खनेपछि सो पाटाको दक्षिणपूर्वी छेउमा गाग्राभरि असर्फी, खरखजना, जवाहरत आदि फेला पारेछन् । सो धनदौलत, खरखजाना आपसमा दुई जनाले बाँडेर लिएको कुरा पुरकोटमा अद्यापि चर्चामा छ । सो गाग्रोको धनदौलत, खरखजाना तिनै अर्घा अधिराज्यका अन्तिम काजी वैकुण्ठ भुसालले गाडेको हुनसक्दछ भन्ने कुरा हाम्रा अग्रजहरूबाट सुनेका थियौं । मैले बुवासँग भुसालहरूले सो सम्पत्तिमा किन दावी नगरेको भनी प्रश्न गर्दा, प्रमाण विनाको विषयमा हाम्रो हकदैया र दावी ठहर हुन नसक्ने हुँदा भुसालहरू चूप नै बसेका होलान् भनी बताउनुभएको थियो ।

गुल्मी, अर्घा र खाँची पाल्पा राज्यलाई दिइयो (शर्मा, २००८:२३८)। तत्कालीन अर्घा राज्यमा रजस्थल, बाँगी, औवल, सढीकर, घोराखोरी, बामरुक, हङ्सपुर, मेहेलपानी, ढाकाबाङ, अर्जुन, खन, साखिन्धारा सिन्दुरे, खिल्जी, अर्घातोष, वाङ्ला, भ्रेंडी, डिबर्ना, कुर, नुवाकोट, किमडाँडा नामका मौजाहरूमा थिए (राजवंशी, २०२८:३४)। पाल्पा अधीनस्थ भएको अर्घा अधिराज्यलाई पाल्पाकै संरक्षित राज्यको हैसियतमा आफ्ना मावली खलक अर्घाका राजा हटिराज शाहका सन्ततिलाई सीमित अधिकार दिई पाल्पाली राजा महादत्त सेनले उपभोग गर्न दिए। पाल्पा संरक्षित रजौटाका रूपमा राज्य गर्ने अर्घाका राजाहरू क्रमशः धनराज, धर्मराज, अनन्तराज, हरिराज, दिगम्बरध्वज, उजिन्द्र, हरिकुमार, धञ्जु, गोकुल र श्यामकर्ण शाह थिए। उनीहरूलाई नाम मात्रको राजाको पदवी दिई अर्घाकोटको साँस्कृतिक राजाको हैसियतमा राखियो। राजगुरु खलकले पनि आफ्नो वंशपरम्पराअनुसार अर्घा भगवतीको पूजारीको जिम्मा पाइरहे। अर्घाका राजाहरू र राजगुरुहरूको विवरण **अनुसूची २** मा दिइएको छ।

अर्घाका भुसाल अर्घा अधिराज्यका संस्थापक राजा जिल्ला राईका राजगुरु खलक थिए (राजवंशी, २०२८:३३)। राजा र गुरु खलकबीच घनिष्ठ सम्बन्ध थियो। यसै कारणले होला राजा वीरकुमार शाहले आफूलाई रकमको खाँचो हुँदा पनि भुसालसँगै सापटी वा ऋण लिन्थे। उदाहरणका लागि राजा वीरकुमार शाहले वि.सं. १८४० ज्येष्ठ शुक्लपक्षको अष्टमीका दिनमा नरोत्तम जैसी (भुसाल) सँग रू. ५६८।- नगद लिएर आफ्नो रामपोतको मुरी २० को ठूलो खेत, हर्षिधुरको मुरी २८ को आफ्नै खालखेत तथा काभ्राबोटस्थित अत्तर घर्तीको मुरी १०० को खालखेत बाधा (बन्धकी) लेखिदिएका थिए (राजवंशी, २०२८:३०)। यो रकम सम्भवतः गोरखाली फौजसँग युद्ध गर्नका लागि जम्मा गरेका थिए। किनकी खाँचीका राजाले पनि आफ्नो सम्पूर्ण खेतहरू रजबन्धक राखी लडाइँ खर्च जुटाएको पाइन्छ (शाह, २०६०:७९)।



***अर्घा मन्दिर हातामा वि.सं. १९५१ मा मु.धनेश्वर भुसालले चढाएको घण्ट***

विशाल नेपालको एकीकरणपछि पनि राजगुरुको रूपमा साविकदेखि नै सेवा गरिआएका भुसाल खलकलाई अर्घा भगवती मन्दिरको गुठी तथा पूजाआजा चलाउने र सोको गुठी व्यवस्थापन गर्ने जिम्मेवारीमा निरन्तरता दिइयो। वि.सं.

**१८८०** पौष शुक्ल-द्वादशी मङ्गलवारका दिन अर्घा भगवतीको नित्यनैमित्तिक पूजा चलाउनका लागि अर्घा भगवतीका गुठियार नित्यानन्द जैसी (भुसाल) लाई कम्पु-पल्टन गुठी, वीरता, किपटबाहेकका खेत ४५ मुरी (नयाँ बिह्नाउने समेत), साबिकदेखि गुठ गरी खाईआएको लाकुरीबोटको खर्कको पाखोबारी समेतको महाराजाधिराजको रूक्का भएको र पुनः वि.सं. **१८९०** को फाल्गुण कृष्णपक्ष षष्ठी तिथिका दिन नेपालका राजा श्री ५ राजेन्द्रवीरविक्रम शाहले अर्घा महाकालीका पूजारी नित्यानन्द जैसी (भुसाल) लाई अर्घा भगवतीको पूजाआजा चलाउनका लागि कम्पनीको जागिरमा नदरिएको ६० मुरी खेत (चुत्रावेसीस्थित चनौटेको बगर र खेत, उल्वाङ्को खेत, घोचक धारापानीको खेत) र बत्ती बाल्नका लागि लाकुरीबोट खर्कसमेत अघिदेखि गुठी रहेको र आज पनि गुठी थामीदिई ती जग्गाका पैदावारबाट अर्घा महाकालीदेवीको नित्य-नैमित्य विधिपूर्बक पूजा गरी राजाको जय मनाई शेष रहेको खानू, आफ्ना खातिर्जामसँग गुठी जानी चलन गर्न भनी लालमोहर गरिदिएका थिए। तर सोको आयस्ताबाट भगवतीको पूजाआजा खर्च नपुगी सालवसाल टुट्टा परेकोमा पूजारी नित्यानन्दले नै आफ्ना घर-घरानाबाट बेहोरेकाले राज्यबाट थप व्यवस्थाका लागि अनुरोध भनी निवेदन गरेका थिए र सो स्वीकृत पनि भएको थियो। सोही बमोजिम वि.सं. **१९३१** माघ शुक्लपक्ष अष्टमीमा श्री ३ महाराज जङ्गबहादुर राणाद्वारा अर्घा रजस्थलका गुठियार देवीदास भुसाललाई हरेक वर्ष चैते दशैंको गुठी चलाउनका लागि अर्घा रजस्थलको जग्गा वार्षिक रू १९। मा ठेक्का गरेको रूक्कापत्र पनि जारी भएको पाइन्छ (राजवंशी, २०२८:३०-३३)।

अर्घा रजस्थलका ऐतिहासिक कुरा, त्यहाँको महाकाली भगवतीको जात्रा चलाउने गुठियार भुसालका कुरा तथा ज्यो.पं.वे. रामभक्त जोशीले आफ्नो साथमा दुल्लू, भुसागाउँबाट वि.सं. १३७० मा अर्घा आउँदा महाकालीको मूर्ति ल्याएका कुरा प्राचीन नेपाल, संख्या ७ को पृष्ठ ३१-३३ मा वि.सं. १९६१ को जङ्गबहादुरको रूक्का पत्रमा समेत उल्लेख भएको पाइन्छ। राजदरबार, जाँचबुझ केन्द्रद्वारा अध्ययन गराई प्रकाशन गरिएको मेची-महाकाली (भाग ३) मा


लेखकले घण्टको अक्षर अध्ययन गर्दै

पनि ज्यो. पं. वे. रामभक्त भुसालले श्री महाकाली देवीलाई आफ्नो साथमा अर्घामा ल्याई स्थापना गरेको स्पष्ट पारिएको छ (जाँचबुझ, २०३१:८२७) । त्यसैलाई लिएर वि. सं. **१९३६** मा प्रधानमन्त्री श्री ३ महाराज रणोद्दीप सिंहले अर्घा रजस्थलका महाकाली देवीका




गुठियार देवीदास भुसाललाई देवी पूजाको स्थिति बाँधी गरिदिएको रूक्कापत्र तत्कालीन कम्याण्डर-इन-चीफ धीर सम्शेर राणाद्वारा प्रमाणित गरी पठाइएको थियो । वि.सं. **१९५६** मा श्री ३ महाराज वीर सम्शेरले अर्घा रजस्थलका उत्तराधिकारी गुठियार रोमाखर भुसाललाई अर्घाकोटकी महाकाली देवीको गुठ थामी गरिदिएका रूक्कापत्र तत्कालीन कमाण्डर-इन-चिफ देव सम्शेरद्वारा प्रमाणित गरी पठाइएको पाइन्छ (राजवंशी, २०२८:४३-४६) ।

अर्घाका प्राचीन घण्टहरूमा उल्लेख भएबमोजिम वे. विशम्भरपछिका राजगुरुहरूमा क्रमशः वे.ज्यो. व्यास (जयलाल), ज्यो. रुद्राकर, वे. नर्तम, वे.ज्यो. नित्यानन्द, ज्यो. लक्ष्मीनारायण र उहाँपछि उहाँका छोराहरू देवीदास, कमलापति, रोमाखर र टीकाराम भुसालले आलोपालो पूजारीको काम गरे । पछिल्लो समयमा रोमाखर र पीताम्बरले जिम्मेवारी पाए । त्यसपछि जि. जिवानन्द भुसाल र उहाँको शेषपछि उहाँकै पुत्र ज्यो. तेजनाथले त्यो जिम्मेवारी पाएका छन् । पछिल्लो समयमा अर्घामा एक **मन्दिर व्यवस्थापन समिति** गठन गरिएको छ । सोही समितिले दुर्गा भगवतीको पूजाआजालगायत सम्पत्तिको व्यवस्थापन गरेको छ । अर्घा मैदानमा पहिलेदेखि नै एक वेद-पाठशाला थियो । वेद, चण्डी, ज्योतिष, कर्मकाण्ड आदिको पढाइ हुन्थ्यो सम्बन्धित पक्षको उदासीनताले गर्दा सो पाठशाला हाल बन्द भएको छ । राज्य रजौटा उन्मूलन ऐन २०१६ आएपछि (वि.सं. २०१७ सालदेखि) अर्घाका रजौटाको सीमित राजकीय हैसियत पनि समाप्त भयो । साविकका अर्घा र खाँची राज्यलाई मिलाई एउटै जिल्ला अर्घाखाँची बनाइएको वेहोरा २०१८ वैशाख १ गतेको शाही घोषणाबाट जानकारी भयो, नयाँ इतिहासको सुरुवात भयो ।

## २. खाँची

आफ्ना सहयोगीहरूको झुण्डसहित अर्घाका राजा म्रि सिंहका माइला सुपुत्र हम्विर (वीरेन) सिंह खाँचीकोटमा गई वि.सं. १४९२ देखि अलगै राज्य खडा गरेको कुरा माथि पाना नं. ६४ मा नै वर्णन गरियो। राजा ध्वजन शाह[४७] (१६२७-६९) ले पत्थरकोटमा एउटा दरबार पनि बनाएका थिए। उनले हात्तीसमेत पालेको बताइएको छ। उनकी छोरी राजकुमारी लीलावती देवीत्वमा लीन हुन सक्छु भनी शक्तिको उपासना गरिरहेकी थिइन्। सोही वखत उनको इच्छा विपरीत गोरखाका राजा राम शाहसँग विवाह गरी पठाइयो। यसकारण उनी आफ्ना माइतीसँग अलि नाराज थिइन्। उनलाई लगी डोली छोड्न गोरखा गएका डोलेलाई माइतीहरू मलाई भेट्न नआउनू, आएमा कुभलो हुने श्राप दिएकी थिइन्। उनको परमधामपश्चात् उनी मनकामना देवीको रूपमा रहेको विश्वास गरिएको छ। यसैकारण खाँचीका ती शाह राजवंश मनकामना देवीको दर्शनमा जाँदैनन् [४८]।




४७) राजा दल शाह गोरखाका राजा नरभूपाल शाहकी श्रीमती चन्द्रप्रभावतीका बुवा थिए। चन्द्रप्रभावतीले आफ्नै फुपूकी नातिनी अथवा पाल्पाका राजा गन्धर्व सेन (१७५०-१८०९) की छोरी कोशल्यावतीलाई सौताका रूपमा स्वीकार गरी उनीबाट जन्मेका पृथ्वीनारायण शाहकी संरक्षिका र कर्मदात्री राजमाता बनेर उनलाई हुर्काएकी थिइन् (शाह, २०६०:७९)। उनको सम्मानस्वरूप खाँचीमा चन्द्रप्रभावती माध्यमिक विद्यालयको नाममा एक विद्यालय सञ्चालित छ।

४८) राजा महेन्द्र शाह (१६९३-१७०२) ले खाँचीमा राजाको पोखरी, रानी पोखरी, ढुङ्गेधारा, ढुङ्गे इनार आदि निर्माण गराएका थिए (शाह, २०७७:९-१०)।

गोरखाका न्यायप्रेमी राजा रामशाहका गुरु पं. यज्ञेश्वर उपाध्यायका पनाति पं. जगत्पति उपाध्याय भट्टराई खाँची दरबारको अनुरोधमा पाल्पाबाट (आफ्नी कान्छी पत्नीसहित) खाँची आई दरबारको राजपुरोहित बनेका थिए[४९] । पछि खाँची दरबारमा प्यूठान चुँजाका उपाध्याय पौडेल तथा अर्घा डिभर्नाका खड्गु आचार्यको पनि प्रवेश भएको थियो । राजदरबार, जाँचबुझ केन्द्रद्वारा अध्ययन गराई प्रकाशनमा ल्याइएको मेची-महाकाली (भाग ३) अनुसार, खाँची राज्यमा कार्यरत फौजी अफिसर र सिपाहीहरूलाई जमीन जागिर दिइन्थ्यो । खाँची अधिराज्यको पहाडी क्षेत्रको जम्मा चारहजार कुरियाबाट वार्षिक रू. ४,०००। चारहजार र तराईक्षेत्रबाट रू. ५००। देखि रू. १५००। सम्ममात्र राजश्व उठ्दथ्यो (जाँचबुझ, २०३१:८२९) । यो राजस्व अपुग भएर नै होला खाँचीका राजा दुर्गाभञ्जन शाहले अन्य चौबिसे राज्यसमेतको सहयोगमा गोरखाली फौजसँग युद्ध गर्नका लागि आफ्ना सम्पूर्ण खेतहरू रजबन्धक राखी लडाइँ खर्च जुटाएका थिए । तर गठबन्धन समूहको नाइके पाल्पा राज्यले स्वयम् गोरखालीसँग मिलेर सहयोगी छिमेकी अधिराज्यहरूलाई नै धोखा दिएको र अन्य छिमेकी अधिराज्यसँगको मिलोमतो पनि विफल भएकाले अन्ततोगत्वा राजा दुर्गाभञ्जन शाहले वि.सं. १८४३ को भाद्र २८ मा योगनारायण मल्लको नेतृत्वमा गएको गोरखाली फौजसँग आत्मसमर्पण गर्न बाध्य भए । त्यसपछि खाँची राज्य वि.सं. १८६१ सम्म गोरखाली फौज र पाल्पाली राजाको पूर्व संझौताअनुसार पाल्पाको अधीनमा गयो (शाह, २०७७:१२) ।

वि.सं. १८६१ सालमा पाल्पा राज्यको पतन भएपछि खाँची पनि पाल्पासँगै विशाल नेपालमा गाभियो । खाँची राज्यको सीमा पूर्वतर्फ पाली, पश्चिममा झिमरूक खोला (राप्ती नदी), उत्तरमा कुर (माझाघर) दक्षिणमा गोरूसिँगे, दाङको भालुबाङसम्मै फैलिएको थियो । खाँचीका सत्र मौजामा खाँची-मैदान, ढिकुरा, डेवागारापाखा, डुँडकट्टा, डिही-डाँडा, भालुखोला, किटेनी, भुवनडाँडा,

४९) खाँची दरबारका राजगुरु जगत्पतिका तीन छोराः सारन, तारन र नारान थिए । सारनका सन्तान पुरकोटतर्फ लागेका, तारनका वलकोट तथा वाङ्ला कोटफेराक्षेत्रमा बसोबास गरेका र नारानका खाँचीकोट आसपास नै रहेको बताइएको छ (भट्टराई, २०४९:७२८) । बलकोट, दुन्द्रुकका विद्वान् लेखक नारायण भट्टराईका अनुसार राजगुरु सारन भट्टराईका सन्तानलाई भुवनडाँडाको जग्गा विर्ता दिइएको थियो । सारनका जेष्ठपुत्र सत्यधरले सन्यास लिएपछि काञ्छा गङ्गाराम भट्टराईले खाँची दरबारमा पुजारीको जिम्मेवारी पाए । उनका सुपुत्र हरिनारायण भट्टराई एक सिद्धपुरुष थिए । यिनका दुई नातीहरू (मित्र शर्मा भट्टराईका सुपुत्र) शर्मानन्द भट्टराई र करुणानन्द भट्टराई पनि सन्यासी भई अन्यत्र हिँडेका थिए ।

अङ्गुरी, पाली, ढाँड, धातिबाङ, सुवर्णखाल, सीतापुर, ठाडा-अमराई, सिमलपानी, सिद्धारा थिए । अर्घा अधिराज्यको तुलनामा खाँची अधिराज्य अलि सम्पन्न थियो । खाँचीको सिमाना कपिलवस्तुसँग जोडिएको थियो । पहाडको अन्त्य र तराईको सिरानमा बड्काद्वार (पत्थरकोट) भन्ने प्रसिद्ध बजार थियो भने ठाडाको जुकेनामा सैनिकको छाउनी पनि स्थापना गरिएको थियो (भट्टराईबन्धु, २०४३:७०) ।

खाँचीका अन्तिम राजा दुर्गाभञ्जन शाहका जेठा छोरा युवराज दुर्लाप शाह र उनका पुत्र धर्म विक्रमको मृत्यु भैसकेकाले दुर्गाभञ्जन शाहका माहिला छोरा महाप्रतापतर्फका नाति दलविक्रम शाहलाई खँचेली राजवंशको उत्तराधिकारी मानी राजा रणबहादुर शाह तथा मुख्तियार भीमसेन थापाको समयमा उनलाई नायक पदवी तथा "मानाचामल" भत्ता दिएका थिए । खाँचीको डेवा र डिहीडाँडा क्षेत्रको जग्गाका अतिरिक्त उनलाई तनहुँ (दोरदोर), कास्की, पोखरा (गगनगौंडा) मा पनि ४४० मुरी माटोको खेत पनि बिर्ता दिइएको बताइन्छ । तर सो खेतको आम्दानी उठाई भाइबन्धु बीचमा बाँड्नु पर्ने झण्झटिलो काम भएको, कतिपय अवस्थामा ती खेतको आयस्ता नपाइने गरेको, भाइ-भाइ बीच आयस्ता बारेमा विवाद पनि सृजना हुने गरेको कारण पछिल्लो समयमा तिलविक्रम शाह (मधुरजङ्ग शाहका बुबा) ले खाँची क्षेत्रको अमाली (तालुकदारी) लिएर सो बिर्ता छाडेका थिए । सोही अमालीको समयमा भालुखोलाको जग्गा स्थानीय साविक खाँची दरबारका सैन्य परिवार थापालाई, भूतडाँडाको जग्गा ऐं. पूजारी खलक खड्कालाई तथा डेवाको जग्गा कुरका विख्यात ज्योतिषी नानी जैसी भुसाललाई भोगचलन गर्न दिइएको थियो । खाँची-डेवाको जग्गा अंशबण्डामा विद्वान् ज्यो. नानी जैसीका भाइ कृष्णप्रसाद जैसीको भागमा परी हालसम्म उनैका सन्तानहरू बसोबास गरी उपभोग गरिरहेको पाइन्छ । राजा पृथ्वी वीरविक्रम शाह तथा प्रधानमन्त्री चन्द्र सम्शेर राणाको समय (१९५८-८७) मा खाँचीक्षेत्रको नायकी तथा अमाली (तालुकदारी) ती शाह परिवारबाट हरण गरियो ।

## ३. धुरकोट

घरको धुरीजस्तो आकार तथा अग्लो पहाडी जमीन भएको हुँदा वर्तमान धुरकोटलाई धुरीकोट भन्दै गर्दा कालान्तरमा धुरकोट भनिएको थियो[५०] (मल्ल,

५०) कूट भनेको डाँडाको शिखर वा चुली हो । कूटमा बनेको र त्यहाँ रहेको हुनाले कोट भनिएको हो । सो कोटभन्दा दक्षिणतिरको पाखोमा धुर नामको गाउँ छ । सो गाउँका वासिन्दाले बनाएको कोट हुनाले त्यसको नाम धुरकोट रहेको पनि बताइएको छ ।

२०६७:४, सुवेदी, २०५५क:६५) । साविकमा लिच्छवी शासन अन्तर्गत रहेको धुरकोट पनि लिच्छवी साम्राज्यको पतनपछि आसपासका अन्य भूभागसँगै खस साम्राज्यको पोल्टामा पुग्न गयो । खस साम्राज्यकालमा स्थानीय सामन्त (माण्डलिक, प्रशासक) बाट धुरकोट क्षेत्रको प्रशासन चलाइएको थियो, जसलाई जाड् राजा भनिन्थ्यो । तर ती प्रशासकसँग कुनै फौज र हातहतियार पनि थिएन । लेखक समरबहादुर सिंह ठकुरीले जाड् शब्दलाई भोटे भनेका छन्[५१] (सिंह, २०६२:२२३) ।




अर्घामा कश्यप गोत्रीय राजपूत ठकुरीवंशको राज्य स्थापना भएपछि अर्घा वरिपरि पनि उनका सन्तानको आँखा लाग्नु स्वाभाविकै थियो । अर्घाका संस्थापक राजा जिल्ला राई (वि.सं. १३८१) देखिका ११ औं राजा म्रि सिंहका कान्छा छोरा जगजित सिंह वि.सं. १४९२ मा नै अर्घाबाट उत्तरतर्फ लागे । उनले सिञ्जाली खस सम्राट्द्वारा नियुक्त **धुरकोट**का सामन्त (प्रशासक) लाई हटाई राजा बन्ने उम्मिद राखे । अर्घाली राजकुमारको आक्रमणमा हातहतियार नभएका धुरकोटका ती सामन्तले भिर टापुबाट ढुङ्गा पल्टाई आक्रमणकारीतर्फ नोक्सान गर्न लागेकाले भिरपहरामा भञ्याङ हालेर जगजित् सिंहको टोलीले दरबार हाताभित्र गई मल्लयुद्ध (विना हातहतियारको कुस्तीजस्तो शारीरिक लडाइ) को तरिकाबाट धुरकोट राज्य विजय गरेका थिए[५२] । धुरकोट विजयपछि राज्यारोहण नहुँदै उनको मृत्यु भएकाले उनका छोरा खड्गजित सिंहलाई वि.सं. १४९३ मा धुरकोटका प्रथम राजा

५१) नेपालको उत्तर-पश्चिमका हुम्ला, डोल्पा आदि क्षेत्रलाई जडान प्रदेश भनिन्छ । सो क्षेत्रका बासिन्दालाई भोटक्षेत्रका भन्ने कारण भोटे भनियो होला । समग्रमा जडान प्रदेशका मङ्गोल अनुहार भएका जनजातिवाचक शब्दमा जडानक्षेत्रको भन्ने अर्थमा जाड्या वा जाड् राजा भनिएको हुनसक्दछ । तर तिमिल्सेनाका अनुसार, साङ्सुङ् सभ्यताभित्रको हिमाली क्षेत्रको समथर पानी जम्ने स्थानलाई जडान तथा पानी पग्लेर तल खस्ने दक्षिणतिरको भागलाई खसान भनिन्थ्यो (तिमिल्सेना, २०७७:७५) ।

५२) लेखक हेमराज ज्ञवालीले वि.सं. १४६५ तिर धुरकोट विजय गरिएको भनेका छन् (ज्ञवाली, २०६२:३४) ।

घोषित गरियो। राजकुमार खड्गजितकी रानीले धुरकोट जाने बेलामा अर्घा मैदानदेखि उत्तरतर्फ रानीगैरामा एक पोखरी पनि खनाएकी थिइन्, जसलाई आज पनि त्यहाँ रानीपोखरी भनिन्छ (राजवंशी, २०२८:३७)।

अर्घाली मेधासीवंशका यी राजाले मल्ल-युद्धबाट धुरकोट राज्य विजय गरेको कारण खड्गजित सिंहपछि उनका सन्तानले आफ्नो नामका पछाडि 'मल्ल' थर लेख्न थाले र हालसम्म पनि मल्ल नै लेखी आएको पाइन्छ। राजा खड्गजित सिंह मल्लपछि धुरकोट अधिराज्यमा क्रमशः मानिक मल्ल, हुवा मल्ल, हुमविर मल्ल, योग (जोग) मल्ल, जगत् (जगत्र) मल्ल, राई (राहि) मल्ल, निवास मल्ल, नेवास मल्ल, हावजात (हुवाजात) मल्ल, मित्रजङ्ग मल्ल र अन्तिम राजा भुपेन्द्र मल्लसहित जम्मा बाह्र पुस्ताले राज्य गरे (शाह, २०६९:२६-२७, मल्ल, २०६७:३-४)। त्यस बखत धुरकोट राज्यमा जम्मा १४ मौजा (रजस्थल, जैसीथोक, बस्तु, आफ्र, डाँडाथोक, गाडबारी, बम्ज्याङ्, सुफल, सोवरभोँवर, गल्दा, वाग्ला, अजमिर, बुल्म, टिमुरखर्क) र ७०० घर कुरिया थिए। यसैकारण सातशय धुरकोट भन्ने नामै चलन चल्तीमा थियो, जो अद्यापि प्रयोग गरिन्छ।

वि.सं. १८४३ मा पश्चिम नेपाल एकीकरणको अभियानमा लागेका गोरखाली फौज बिरूद्ध पर्वत, गुल्मी, इस्मा, कास्की, लमजुङ, तनहूँको गठबन्धन गरिएको भए तापनि धुरकोट र गल्कोटको सेनामात्र धुरकोटका पक्षमा लड्न खटिएकोले सो युद्धमा हार खाने स्थिति देखेर वि.सं. १८४३ को भाद्र ३० मा नेपाली र पाल्पाली राजाको संयुक्त फौजको धुरकोट प्रवेशपछि राजा भूपेन्द्र मल्ल आफ्ना सुपुत्र युवराज रविनारायण मल्ललाई साथमा लिएर दरबार छाडी लुसुक्क भागे। गोरखाली फौजले पनि तत्कालै धुरकोट विजयको घोषणा गरिहाल्यो (ज्ञवाली, २०६२:३४, सुवेदी, २०५५कः७२)। यसरी जम्मा ३५० वर्षको इतिहास बोकेको धुरकोट राज्य पनि विशाल नेपालमा गाभिन गयो। पछि नेपाल दरबारबाट नयाँगाउँको भूमि पाएर उनीहरू त्यहीं बसोबास गरेका हुन्। हालसम्म पनि ती राजकुमार रविनारायण मल्लका सन्तानहरूको धुरकोटकै नयाँगाउमा बाक्लो बसोबास छ, अन्यत्र बसाइँ सराइको क्रम पनि जारि छ (ज्ञवाली, २०६२:३४, मल्ल, २०६७:४)। राजकुमार रविनारायण मल्लका सन्तानहरू नेपाल दरबारबाट विभिन्न समयमा सैनिक तथा निजामती सेवामा उच्च ओहदामा नियुक्त भई राष्ट्रको सेवा गरिआएको पाइन्छ।

वर्तमान बझाङको सुवेडावाँडाबाट प्यूठान, बिजुवार (टारी) पुगेका भारद्वाज गोत्रीय सुवेदी परिवारका गौतम उपाध्याय धुरकोट, वाग्ला-माथिवारी पुगी बसोबास

गरेका प्रथम *पन्थी* थर धारणा गर्ने व्यक्ति थिए[५३] (पन्थी, २०७३:२-३) । संस्कृतिविद् प्रा. डा. दुर्गाप्रसाद अर्यालका अनुसार धुरकोट राज्य सञ्चालन गर्ने राजगुरु माधव पन्थी र उनका पूर्खाहरू थिए । वाग्लामैं रहँदा पनि राजगुरु जयभद्रका पिता-पूर्खाहरूले शास्त्रसम्मत रूपमा धुरकोट राज्य सञ्चालनमा सक्दो सहयोग पुऱ्याएर राजगुरुको दायित्व पूरा गरेका थिए । धुरकोटे राजाको राजगुरुको शास्त्रीय एवं सामाजिक हैकम र हैसियत ओरालो लाग्दै जाँदा र खिइँदै गएको रजाइँ-कजाइँका कारणले संस्कृत शिक्षाको उच्चता र दिव्यताको ज्योति धुरकोटको पण्डितटोला (बुढाघर, पल्लाघर र तल्लाघर) का पन्थीहरू पछि बसाइँ सराइको अवस्थामा पुगे । आज सो पण्डितटोलमा पण्डितहरू पूर्णरूपमा रित्तिएका छन् (अर्याल, २०६१:४२-४३) ।

## ४. मुसिकोट

साविक लिच्छवी साम्राज्यको प्रशासनमा रहेको मुसिकोट क्षेत्र पनि गण्डकी प्रदेशका अन्य भूभाग सरह खस साम्राज्यको पोल्टामा गयो । मुसिकोटे राजाका सन्तति तथा लेखक समरबहादुर सिंह ठकुरीका अनुसार साविकका मुसिकोट, इस्मा र गुल्मी एउटै प्रशासनिक इकाइ थिए, जसमा गुरुङ थरका एक सामन्त (जाड् राजा) ले त्यहाँको प्रशासन चलाउँदथे (सिंह, २०६२:२२८-२९) । ती सामन्त दुल्लू दरबारबाटै नियुक्त हुन्थे । वि.सं. १४४८ मा सिञ्जाली खस साम्राज्यको पतनपश्चात् मुसिकोटका प्रशासकले आफूलाई त्यहाँको (जाड्या) राजा घोषित गरे । साविकका ती गुरुङ सामन्तको बडिगाड खोलास्थित पचरीको रहमा सुनौला माछा हेर्न गएको बखत त्यही रहमा खसेर मृत्यु भयो । त्यसपछि स्थानीय सारू मगर नै मुसिकोटका राजा घोषित गरिए । तर ती सारू मगरको राजकाज चलाउने सीप र कौशलको कमी भएकाले स्थानीय सुन्दरे सारू मगरको नेतृत्वमा प्रभावशाली शासक (राजा) खोज्न दक्षिणतिर गए । गोरखपुर क्षेत्रमा पुगी उनीहरूले राजकुमार विजय प्रताप सिंहलाई मुसिकोट ल्याई वि.सं. १४७२ मा राजा बनाए (ठकुरी, २०६९:८-९) । अन्य लेखकहरूले पनि यस तर्कमा सही थाप्दै भनेका छन्, तत्कालीन भारतमा मुसलमान शासकको आक्रमणबाट विस्थापित भई कतिपय राजपूत ठकुरीहरू दक्षिण-पश्चिम भारतबाट

---

५३) यायावरका रूपमा पूर्वतर्फ जाँदा यात्राकै समयमा (पन्थमा) जन्मेका व्यक्तिका ती सन्तानले पन्थी लेख्ने गरेका र धुरकोट अधिराज्यको वाग्ला गाउँबाट बसाइँ सरेर अन्यत्र जाने ती पन्थीका सन्तानले वाग्ले थर लेख्ने गरेको जनश्रुति छ ।

वर्तमान नेपालको दक्षिणी सीमाक्षेत्र (उत्तरप्रदेश, गोरखपुरको घाँसपानी क्षेत्र) नजिक आई बसेका थिए । मुसिकोटका सामन्त (राजा) को शासन पद्धति चित्त नबुझेर स्थानीय सारू-मगरले भारत, राजस्थानको चित्तौरगढतिरका कश्यप गोत्रीय सूर्यवंशी राजपूत जयप्रताप सिंहका कान्छा सुपुत्र राजकुमार विजय प्रताप (दिग्विजय) सिंहलाई मुसिकोट राज्यमा ल्याएर राजा बनाएका थिए (शाह २०६९:१, रिजाल, २०७०:ग) ।

राजा खोजेर ल्याउने सुन्दरे सारू मगर ती राजाको सेनापति र संरक्षक भई बसे । राजाका सन्ततिलाई ती सारू मगरका सन्ततिले मुसिकोटको कोटघरमा बडादशैँमा टीका लगाइदिने प्रचलन चल्यो, जो अद्यापि छ । राजा विजय प्रताप (दिग्विजय) सिंहका तीन छोरा (चतुरा, मातृका र भद्रदेव) भए । सबै छोराहरूका लागि अलगै राज्य सृजना गर्ने क्रममा मुसिकोट राज्य विभाजित गर्दै जेठा छोरा मातृका सिंह मुसिकोटका राजा भए भने माहिला छोरा चतुरा सिंहलाई गुल्मी (चारपाला क्षेत्र) को राजा बनाइयो (शाह, २०६९:१) । इतिहासकार शाहले ती कान्छा राजकुमार भद्रदेव सिंह इस्मातिर गएका भनेको भए तापनि ती भद्रदेव सिंह गुल्मी राज्यमैं गई दाजुसँग बसेका थिए । वि.सं. १६५३ मा इस्माली ब्राह्मण राजा प्रभाकर भट्टले आफूले राजकाज छोड्ने स्वेच्छाले भद्रदेव सिंहका सन्तति सुरथसिंह राठौरलाई आफ्नो राज्य खामदेश/अमरभूमि/मर्भुङमा लगी राजकाजको दीक्षा दिई इस्माको थुम्कोमा राजधानी सारी सो राज्यको राजकाज सुम्पिएका थिए । यसप्रकार मुसिकोट राज्य गुल्मी र इस्माको समेत माउ राज्य भएको विश्वास गरिन्छ ।


पूर्व-मुसिकोट दरबार

मुसिकोट राज्यका राजाहरूमा मातृका सिंहपछि, क्रमशः गगन सिंह[५४],

---

५४) लेखक समरबहादुर सिंह ठकुरीका अनुसार राजा गगनसिंहले आफ्ना चार छोराहरूलाई अंशबण्डा गरी मुसिकोट राज्य बाँडेका थिए । ती छोरामध्ये जेठा दौलतसिंह मुसिकोटमा, माहिला भद्रदेव (शक्ति) सिंह इस्मामा, साँहिला गुञ्जसिंह तान्त्रिक सिद्धपुरुष भएकाले सन्यासी भई मुसिकोटको पूर्व-उत्तरको थुम्को (योगीथुम) तथा तमघासस्थित सिद्धबाबा स्थानमा बसेका र कान्छा चतुरा सिंह गुल्मीमा राजा बनाइएको बताएका छन् (ठकुरी, २०६९:१३) । तापनि गुल्मी भन्दा इस्मा राज्य कान्छो भएकाले राजकुमार भद्रदेव (शक्ति) सिंह पनि कान्छो नै हुनुपर्दछ । किनकि, उनी दाजु चतुरा सिंहसँग गुल्मीमा रहेका र इस्माका ब्राह्मण राजाले राजकुमारलाई गुल्मीबाट इस्मा लगी राजकाज सुम्पिएको कुरा इतिहासमा पाइन्छ ।

दौलत सिंह, वीरकुशन सिंह, सर्वजित सिंह, जगत्चन्द्र सिंह र अन्तिम राजा तिलकचन्द्र सिंह थिए (सिंह, २०६२:२३१) । जम्मा ३,००० कुरियाको मुसिकोट राज्यमा सिसाखानी, पाण्डवखानी, रिघा, दगाते-डाँडा, ग्वालीचौर, अर्लाङकोट, वामी, टक्सार, मालारानी, कुर्घा, दामान, खर्वाङ्ग, दजाकोट, बडागाउँ, डाँडाकोट, जेङ्गा, कामला, काफलठुटा, पेगा, धरमपानी, मैदान, जलजले, हस्तिचौर, पालुखा, भल्दी, अमराई, बाङ्गे, दलुङ्ग, तोलादी-खसथोक, बुढाथोक आदि मौजा थिए ।

देवीभक्त राजा तिलकचन्द्र सिंहले वि.सं. १८४३ असोज ३ गतेको गोरखाली र पाल्पाली फौजको संयुक्त आक्रमणका समय मुसिकोट दरबारक्षेत्रको भगवती पूजाको उचित व्यवस्था गरिदिएमा राज्य सुम्पने शर्त राखे । गोरखाली फौजले तत्कालै सो शर्त स्वीकार गरेपछि आत्मसमर्पण गरे । यो राज्य पनि विशाल नेपालको अङ्ग बन्यो । यस मन्दिरको पूजाको पर्साद वि.सं. २०१४ सालसम्म पनि नेपाल दरबारमा पठाइने चलन थियो (ज्ञवाली, २०६२:३१-३२) । यी सिंह परिवारको बसोबास हाल पनि मुसिकोटमा छ। यही वंशका जनरल भरतकेशर सिंह नेपालको राजदरबारमा स्व. राजा वीरेन्द्र वीर विक्रम शाह देव तथा राजा ज्ञानेन्द्र वीर विक्रम शाह देवका शाही पार्श्ववर्तीको भूमिकामा थिए ।

## ५. गुल्मी

सृष्टिकर्ता ब्रह्माजीका मानस-पुत्रमध्ये एक थिए महर्षि कश्यप । पौराणिक कालीन महर्षि कश्यपका पुत्र एक सिद्ध-सन्त महर्षि विभाण्डक तथा अप्सरा उर्वशीका पुत्र थिए महर्षि ऋष्यशृङ्ग । उनको विवाह भगवान् श्रीरामकी जेठी बहिनी शान्तासँग भएको थियो । महर्षि ऋष्यशृङ्गले गुल्मीको रेसुङ्गामा तप-ध्यान गरेकाले उनैका नामबाट अपभ्रंश भई सो पहाडको नाम पछि रेसुङ्गा रहेको बताइन्छ । महर्षि ऋष्यशृङ्गको तपस्थल गुल्मीक्षेत्र लिच्छवीकालमा नेपाल (काठमाडौं) को अधीनमा थियो । उसबखत गुल्मीको भौगोलिक क्षेत्रलाई *गण्डिगुल्म विषय* (जिल्ला) भनिन्थ्यो । लिच्छवी राजा जयदेव द्वितीयपछि नेपालको शासनमा


गुल्मी दरबार

केन्द्रीय प्रशासन कमजोर हुँदै गयो । राजदरबार, जाँचबुझ केन्द्रद्वारा अध्ययन गराई प्रकाशन गरिएको मेची-महाकाली (भाग ३) ग्रन्थ अनुसार गुल्मीक्षेत्र लिच्छवी सम्राट्को अधीनमा रहेको थियो (जाँचबुझ, २०३१:७२३) ।

वि.सं. ८१३ देखि नै मगरात क्षेत्रको केही भूभागमा अरमुण्डि नामका एक मगर राजाले शासन गर्न थालेका थिए । लिच्छवीहरूको पर्याप्त ध्यान नपुगेकाले गुल्मीक्षेत्र पनि ती मगर राजा अरमुण्डिकै अधीनमा पुग्न गयो । विक्रमको बाह्रौं शताब्दीको मध्यकालमा खस साम्राज्यको स्थापना र विस्तारसँगै अरमुण्डि शासनको पतन भयो । त्यसक्षेत्रका भूभाग सिञ्जाली खस राजाहरूले जितेर आफ्नो विशाल साम्राज्यमा मिलाएपछि वि.सं. १४४८ सम्म गुल्मीक्षेत्रलगायतका गण्डकी प्रदेशका भूभाग सिञ्जा साम्राज्यको अधीनमा गए । वि.सं. १४४८ पछि खस साम्राज्यको पूर्णरूपमा पतन भएपछि वि.सं. १४९३ सम्म गुल्मी क्षेत्रमा बल्डेङगढी (वर्तमान पाल्पा) का राना मगरले शासन गरे ।

गुल्मी राजवंशका इतिहासकार कृष्णबहादुर शाहका अनुसार मुसिकोट राज्यका पहिला राजा विजय प्रताप सिंह थिए । भाइहरूका लागि राज्य भाग लगाउँदा मुसिकोट विभाजन भएपछि राजा विजय प्रताप सिंहका माहिला छोरा चतुरा सिंहलाई गुल्मीको राजा बनाइएको थियो । पछि उनले बल्डेङगढीका राना मगरलाई हराई आफ्नो राज्य विस्तार गरेका थिए । राजा चतुरा सिंहपछि उनका छोरा वीरनारायण सिंह (शाही) वि.सं. १४९३ मा गुल्मी राज्यको राजा रहेको बताइएको छ । राजा वीरनारायण सिंह पछिका निकटतम दुई उत्तराधिकारीहरू अज्ञात छन् (शाह, २०६९:१) । इतिहासकार डा. राजाराम सुवेदीले पनि राजा वीर नारायण शाह (सिंह) ले वि.सं. १४९३ मा गुल्मी एक स्वतन्त्र राज्यको रूपमा शासन गरेको बताएका छन्[५५] । राजा वीरनारायण शाह पछिका दुई उत्तराधिकारी अज्ञात भए । उनीपछि रुद्र शाह राजा भए । रुद्र शाहपछि कीर्ति शाह (१६५०-१७०३) राजा भए भने उनका पनि एक उत्तराधिकारी अज्ञात रहेको बताइएको छ । गुल्मी राजवंशका नवौं पुस्ताका राजा शाही शाह (१७०३-२०) पछि क्रमशः कीर्तिकल्याण शाह (१७२०-५०), सत्यधन शाह (१७५०-१८२०) तथा शिवनारायण शाह (१८२०-४३) लगायतका राजाहरूले राज्य गरेका थिए (सुवेदी, २०५५क:३८-

५५) उससबखत राजाहरूले शाह, शाही, सिंह, बर्मा, बम आदि थर लेख्ने गरेकाले वीर शाह र वीरनारायण सिंह (शाही) एउटै व्यक्ति थिए भन्न सकिन्छ । साथै, नेपाल दरबारमा शाहवंशको राजकाज चलेकाले पहिलेका रजौटा शाह लेख्ने परिवारका सन्तानलाई औपचारिक कागजपत्रहरूमा उनीहरूले शाहको सट्टा शाही थर लेखिदिन्थे ।

५९, शाह, २०६९:२) । लेखक हेमराज पाण्डे 'अभागी'ले शिवनारायण शाहपछि जवीन्द्र शाह, नरिनारायण शाह, रणध्वज (सिद्धिप्रताप) शाहले गोरखाली राजाले दिएको रू. २०१। को भत्ता-मानो पाइरहेको बताएका छन् (अभागी, २०५४) । स्थापनाकालमा जम्मा ४०० घर-कुरिया भएको गुल्मी नेपालको एकीकरणताका ६,००० कुरियाको समृद्ध राज्य बनेको थियो ।

नेपाल एकीकरणको अभियानमा लागेको गोरखाली सेनाको आठ बटालिएन फौजले वि.सं १८४३ ज्येष्ठ १० गते कालीगण्डकी तरी गुल्मी तिर लाग्यो । गुल्मीका राजा शिवनारायण शाह सोही साँझ भारतको रामनगरतिर पलायन भए । गुल्मी, दौंघा निवासी गुल्मी अधिराज्यका तत्कालीन काजी (प्रधानमन्त्री) हिरण्यगर्भ ज्ञवालीलाई युद्धको दौरानमा गोरखाली सेनाले हत्या गरी ज्येष्ठ ११ गते नै गुल्मी विजयको घोषणा गऱ्यो (बिष्ट, २०२०:४६, रामिरेज, २०००:१३१, ज्ञवाली, २०६२:३१, राठौर, २०६९:२४) । गुल्मी विजयपछि अन्य छिमेकी राज्य पनि विजय गर्ने मनसाय लिएको गोरखाली सेना मनसुनको कारण तीन महिनासम्म गुल्मीमैं बस्यो (स्टिलर १९७३:१५१) । नेपालको एकीकरणका अभियन्ता तथा राजा रणबहादुर शाहका नायब, बहादुर शाहले आफ्ना ससुरा पाल्पाका राजा महादत्त सेनसँग गरेको संझौता र सैन्य गठबन्धनबाट गुल्मी, अर्घा, खाँची, धुरकोट, इस्मा र मुसिकोट १८४३ को ज्येष्ठदेखि आश्विनसम्म चार महिनाको बिचको समयमा विजय गरे (राठौर, २०६९:२३-२४) । पूर्व संझौतानुसार नै गुल्मी, अर्घा र खाँचीको सम्पूर्ण भूभाग पनि पाल्पा अधिराज्यलाई दिए । पाल्पाका राजा महादत्त सेन र उनका छोरा पृथ्वीपाल सेनले ती विजित राज्यहरूमा समेत शासन गरे । पछि नायब, बहादुर शाहले पश्चिम विजयको उल्लासमा आफ्ना ससुरा पाल्पाली राजा महादत्त सेनलाई काठमाडौं बोलाई उत्सव समेत मनाए । साथै, गोरखाली फौज विरूद्ध हुन सक्ने अन्य चौबिसे राज्यसँगको सम्भावित गठबन्धन रोक्ने रणनीतिअनुसार, पाल्पाली राजालाई हात्ती, जवाहरत लगायतका उपहार दिई भव्य सम्मान पनि गरे (रामिरेज, २०००:१३१) ।

वि.सं. १८५१ मा नेपालका राजाका नायब, बहादुर शाहको पतनपछि राजा श्री ५ रणबहादुर शाहले पाल्पाबाट साबिकको गुल्मीको भूभागलाई झिकेर आफ्ना ससुरा (तथा ज्येष्ठ-पत्नी राजराजेश्वरी शाहका पिता) गुल्मी-राजवंशकै सिद्धिप्रताप शाहलाई वि.सं. १८५४ मा पुनः गुल्मीको राजा बनाए । राजा सिद्धिप्रताप शाह (रणध्वज) का छोरा शक्ति प्रचण्ड शाहलाई वि.सं. १८६० मा नेपालका राजा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले पाल्पाको बल्डेङगढीलाई पनि

पाल्पाबाट झिकेर गुल्मीलाई थपिदिए (सुवेदी, २०५५क:५७, आत्रेय, २०७४:१)। शक्ति प्रचण्ड शाहलाई विवाहिततर्फ छोरा नभएकाले राजा नरभूपाल शाह (१८७२), राजा सम्शेरबहादुर शाह र राजा थमनबहादुर शाह (१९३७) लाई धर्मपुत्र राखी आफ्नो उत्तराधिकारीको व्यवस्था मिलाए।

अन्त्यमा उनले भतिजा थमनबहादुर शाहलाई आफ्नो उत्तराधिकारी घोषणा गरे। उनले वि.सं. १९३७ मा रजौटाको रूपमा राज्य गर्ने अवसर पनि पाए (शाह, २०६९:२-८)। यिनले वर्तमान अर्घाखाँचीको धैरेनी (ठूलापोखरा) मा राजधानी पनि सारे। साथै, उनले आफ्नी रानीको नाममा धैरेनी (धाइरो फाँडेर भोगचलन गरिएको भूमि) नजिकै हावाखोरी भञ्ज्याङस्थित चाँपका रूखसँगै एक दरबार पनि निर्माण गरिदिए, जसलाई रानीचाँप दरबारको नामले चिनिन्छ। गुल्मी राजवंशका सोह्रौं पुस्ताका राजा थमनबहादुर शाहका सात पुत्रमध्ये तीन पुत्र (माहिला, कहिँला र ठाँइला) निःसन्तान भए (शाह, २०७८:११)। उनका अन्य चार पुत्रहरू (नरेन्द्र विक्रम, हेमन्तबहादुर, कृष्णबहादुर तथा टेकबहादुर शाह) मध्ये ज्येष्ठ पुत्र नरेन्द्र विक्रम शाहले राजकाजको उत्तराधिकार लिए भने उनीपछि उनका छोरा चिरञ्जिवी विक्रम शाह गुल्मीका राजा भए। राजा चिरञ्जीवी विक्रम शाहका कान्छा भाइ कर्णेल ललितविक्रम शाहलाई श्री ३ महाराज जुद्ध सम्शेरले आफ्नी छोरी मिश्रीमैयाँसँग विवाह गरिदिएपछि वि.सं. १९९३ तिरबाट पाँचखत बाहेकका केही मुद्दा हेर्न पाउने न्यायिक अधिकार, तिरो असुली, बण्डापत्र गराउने, जग्गाको रजिष्ट्रेसन पास गराउने आदि अधिकार पनि दिए। धैरेनीका ती राजाले वि.सं. १९९० देखि नै २०१६ असारमा नेपाल सरकारले जारि गरेको राज्य-रजौटा उन्मूलन ऐन लागू नहुँदासम्मको अवधिमा रजौटाकै रूपमा काम गरे (ज्ञवाली, २०६२:३१-३२, पन्थी, २०७७:१२, शाह, २०७८:१४)। रजौटाका रूपमा काम गर्दा उनी लगायत अन्य १४ रजौटाहरूलाई वार्षिक भत्ता पनि दिइन्थ्यो[५६] (रामिरेज, २०००:१३२-१३३)। वि.सं. १४९३ देखि २०१७ सालसम्म **गुल्मी** अधिराज्यमा वीर शाहपछि जम्मा १९ पुस्ताले राज्य गरे।

५६) वि.सं. १७४४ मा निर्मित गुल्मी (चारपाला) दरबारक्षेत्रमा कृष्णबहादुर शाहका सन्तान, वि.सं. १८६२ मा धैरेनी (ठूलापोखरा) दरबारक्षेत्रमा ज्ञानबहादुर शाहका सन्तान, वि.सं. १९६० तिर बाँसखर्क डिँहीमा हेमन्तबहादुर शाहका सन्तान रहेका र अन्य भाइखलक पाल्पा, कपिलवस्तु, चितवन, काठमाडौं, वेतिया, देहरादून आदि स्थानमा बसाइँ सरेको बताइएको छ।

## ६. चन्द्रकोट

वर्तमान बाग्लुङ्को हुग्दीशिरमा पर्ने तङ्राङ्का भूरे राजाले आफ्नो राजधानीबाट करिव पाँच किलोमिटर दक्षिणको सामरिक दृष्टिले महत्वपूर्ण एक डाँडामा हातहतियार, खरखजाना तथा पालेपहरा राख्दथे, जसलाई कोत भनिन्थ्यो । टाढा-टाढाबाट हेर्दा चन्देनी भञ्ज्याङबाट पूर्व र पश्चिमतर्फका पहाडहरूले अर्ध-चन्द्राकार स्वरूप बनाएको देखिन्छ । सोही डाँडाको टुप्पोमा स्थापित कोत (कोट) बाट चन्द्रकोट नामकरण भएको कुरा होमनाथ पौडेलको लेखलाई उदृत गरी गोविन्दप्रसाद आत्रेयले आफ्नो पुस्तकमा प्रस्तुत गरेका छन् (आत्रेय, २०७४:३१) ।

वर्तमान गुल्मी जिल्लामा पर्ने चन्द्रकोट (शान्तिपुरक्षेत्र) यस क्षेत्रका अन्य भूभागसरह लिच्छवी साम्राज्यमा पर्दथ्यो । पछि लिच्छवी शासन कमजोर हुँदै गएको कारण स्थानीय मगर मुखियाहरू नै स्वघोषित राजा भए । यही समयमा काश्मीरका राजा जयपीडले नेपाल (मगरातः गण्डकी र कर्णाली प्रदेश) का राजा अरमुँडीसँग भएको युद्धमा हारेर फर्केका थिए (सुवेदी, २०५५:४०-४२) । मगरात राज्य विभाजित हुँदा चन्द्रकोटक्षेत्रको अर्कुलकोट-भार्से एक मगर राजाको राजधानी थियो । यस राज्यको सिमाना पूर्वमा लुम्छीखोला तथा गगने नेटाको देउराली, पश्चिममा गैरीखोला, उत्तरमा चम्सेराको गैरा र दक्षिणमा बडीगाड खोला थियो (जाँचबुझ २०३१:७२) । अर्कुलकोटको अतिरिक्त चन्द्रकोट, झुलेनीको फुर्सेस्थान, ग्वाघाको कौडे गढीकोट, तङ्नाम, लुम्पेकको हचिङ्कोट समेतमा प्राचीन दरबारका भग्नावशेष छन् । ...त्यस समयमा चन्द्रकोट, अर्कुल, अर्बेनी र हचिङ्कोटमा मगर राजा थिए भने डिब्रुङ्ग र अर्लाङकोटमा गुरुङ राजा थिए (आत्रेय, २०७४:२, ३२) । यी भग्नावशेषहरू तत्कालीन भूरे राजाका राजधानी वा सैनिक अखडा थिए ।

सिञ्जाली खस-मल्ल साम्राज्यकाल (वि.सं. ११४०-१४४८) मा चन्द्रकोटक्षेत्र पनि गण्डकी प्रदेशका अन्य भूभागजस्तै सिञ्जा साम्राज्यकै एक अङ्गको रूपमा रह्यो [५७] ।

---

५७) वर्तमान बाग्लुङ्को निसी र भुजीखोलाका मगरहरूले बाइसी राज्य रुकुमको उन्नतिबाट लोभिएर आपसी सल्लाह-मसौरा गरी सिञ्जाली राजा मले बमका सन्तान रुकुमका राजा जैतु बम शाहीका बालक छोरा आनन्द (आनम्म) बर्मा (१४९३-१५१८) लाई मागी ल्याएर पर्बतमा राजा स्थापना गरेका थिए (मल्ल, २०७७, श्रेष्ठ, २०५९:३४) । उनले सर्पकोट, अर्नाकोट तथा ताकम पनि विजय गरेका थिए । उनका उत्तराधिकारीहरूमा क्रमशः चन्द्रवम (१५१८-४३), डिम्ववम (१५४३-६८), नागमल्ल (पहिलो १५६८-९३), नारायणमल्ल (पहिलो १५९३-१६१८), राज मल्ल (१६१८-४३), शिव मल्ल (१६४३-६८), नागमल्ल (दोस्रो १६६८-९३), नारायणमल्ल (दोस्रो १६९३-१७१८), शाहीवम मल्ल (१७१८-४३), घनश्याम मल्ल (१७४३-६८), मलेवम मल्ल (१७६८-१७९३), प्रियव्रत मल्ल (१७९३-१८१८) तथा कीर्तिवम मल्ल (१८१८-१८४३) गरी १४ पुस्ता राज्य गरेका थिए (श्रेष्ठ, २०५९:३६) ।

वि.सं. १४९३ मा गुल्मी राज्यको स्थापना भएपछि चन्द्रकोटक्षेत्र गुल्मी राज्यको भूभागको रूपमा रह्यो (मानन्धर, २०७७:१८)। वि.सं. १५४५ मा भने पर्वतका राजा डिम्व बम (१५४३-६८) ले चन्द्रकोटलाई गुल्मीबाट जितेर पर्वतमा गाभेको बताइएको छ। डिम्व बमका नाति नारायण मल्लले आफ्ना तीन छोरामध्ये जितारि मल्ललाई गलकोट, माहिला छोरा राज मल्ललाई पर्बत तथा कान्छा छोरा कल्याण मल्ललाई कास्कीकोट राज्य अंश लगाइदिएका थिए। उनी ज्येष्ठपुत्र जितारिबम मल्लसँग गलकोटमा गई बसेका थिए (श्रेष्ठ, २०५९:४३-४४)। पं. विद्यापतिलाई उद्धृत गर्दै आत्रेयले लेखेका छन् कि (गल्कोटका राजा) जयदेवका कान्छा छोरा शङ्करले चन्द्रकोट राज्य जितेर मल्ल राज्यमा मिलाएका थिए। यसैगरी, उनले इतिहासकार रामनिवास पाण्डेलाई उद्धृत गर्दै लेख्दछन्, गलकोट (पर्वत) का राजा डिम्वबमका नाति, नरसिंह बमका छोरा प्रभात मल्लले पनि चन्द्रकोटमा शासन गरे। ...उसबखत वर्तमान बाग्लुङ्मा पर्ने थन्थाप पनि चन्द्रकोट राज्यमा पर्दथ्यो (आत्रेय, २०७४:३१,३३-३४)। यसरी गुल्मी, गलकोट र पर्वतका बीच चन्द्रकोट क्षेत्रलाई लिएर बारम्वार विवाद वा युद्ध हुने गरेको थियो, फरक फरक राजवंशले त्यहाँ शासन गरेको पाइन्छ।

गुल्मीका राजा रुद्र शाह (१६००-५०) ले गुल्मी राज्यको सीमा व्यापक रूपमा विस्तार गरेका थिए। उनका समयमा गुल्मी राज्यको सीमा पूर्वमा गह्रौं र पैञुँ, पश्चिममा धुरकोट, उत्तरमा पर्वत र गलकोट तथा दक्षिणमा अर्घा र खाँची थिए। उनले चन्द्रकोट पनि विजय गरी गुल्मीमा गाभेका थिए। सुवेदीका अनुसार राजा रुद्र शाहको समयमा गुल्मीको सिमाना उत्तरमा हुग्दीशिर, बाह्रकोट, शान्तिपुर र ढोरपाटनसम्म फैलिएको थियो (सुवेदी, २०५५:४६-५५)। गुल्मीका राजा रुद्र शाहले ढोरपाटनमा पर्ने बडिगाड खोलाको मुहानलाई रुद्रताल, बडिगाडलाई रुद्रावती नामकरण गर्दै रुद्रवेणीमा रुद्रेश्वर शिवलिङ्गको स्थापना पनि गरेका थिए। गुल्मी चारपाला दरबार पनि यिनैले बनाउन लगाएको कुरा लेखक ज्ञवालीले बताएका छन् (ज्ञवाली, २०६२:३०)। लेखक गोविन्दप्रसाद आत्रेयले पनि रुद्रप्रताप शाहलाई चन्द्रकोटका राजा भनी उल्लेख गरेका र ती राजाले बुर्तिबाङ्को माथिल्लो भाग बराह क्षेत्रमा युद्धको बिगुल फुकेर त्यो पोखरीबाट बगेको पानीलाई सीमा मानी राज्य कायम गरेको हुँदा त्यो पोखरीलाई रुद्रताल भनिएको बताएका छन् (आत्रेय, २०७४:६)। इतिहासकार ढकालले रुद्रतालबाट बग्ने नदीलाई रुद्रावती नाम दिइएको, कालीगण्डकी र रुद्रावतीको सँगमस्थललाई रुद्रवेणी भनिएको कुरा उल्लेख गरेका छन् (ढकाल, २०६४: २)।

नौबिस (१८०) घरधुरी भएको चन्द्रकोट समेतका राजा रुद्रप्रताप शाह (१६००-५०) ले बुर्तिवाङको माथिल्लो भाग वराहक्षेत्रमा एक पोखरीसमेत खनेर त्यसबाट बग्ने पानीको प्रसवण क्षेत्र आफ्नो राज्य भनी घोषणा गरेका थिए। उनले गल्कोटका राजासँग सुलह (मिलापत्र) गरी पेरिबाङ्को लेकलाई प्राकृतिक सिमाना कायम गरी पानीढलो धुरीको सीमा मानी कालीगण्डकी नदी र रुद्रावती (बडिगाड) नदीको बिचको भाग चन्द्रकोटका राजाको अधीनमा पर्न गयो (आत्रेय, २०७४:६, ३१)। तर रुद्रप्रताप शाहको मृत्युपछि दूरदर्शी र पराक्रमी राजाको अभाव रह्यो। राजा रुद्रप्रताप शाहका पाँच छोराहरू (वीरप्रताप, अमरप्रताप, लोकप्रताप, ललितप्रताप, खड्गप्रताप) ले क्रमशः *जुनिया, डिब्रुङ, चन्द्रकोट, लितुङ*[५८] तथा *कोरङ*मा राज्य गरे। यही कोरङलाई पछि राजा खड्गप्रतापको नामबाट खड्गकोट नामाकरण गरिएको हो। *डिब्रुङ*का राजा अमरप्रताप शाहको राज्य खामदेश/मर्भुङ (इस्माक्षेत्र) सम्म फैलिएको कारण मर्भुङलाई उनकै नामबाट अमरभूमि भनिएको थियो।

गागले थापाको वंशावलीमा धैरेनीका राजाले जितारि र मुरारिलाई उमरा (सैनिक प्रमुख) पद दिई चन्द्रकोटमा रहन आदेश दिएको र सो उमरा पद प्रदान गर्ने धैरेनीका राजा गुल्मीकै वंश भएको, धैरेनी (गुल्मी) की रानी जगत्कुमारीले आफ्नो वृद्धावस्थामा आत्मशान्तिका लागि चन्द्रकोटसँग जोडिएको खड्गकोटको डुम्रीघाटमा गई आश्रय लिई बसेको, मुसिकोटे राजपरिवारसँग चन्द्रकोटका राजाको नाता सम्बन्ध (एउटै वंशको) रहेको, चन्द्रकोट गुल्मी राज्यअन्तर्गत उत्तरी भेगमा रहेको गुल्मीकै सैनिक अखडा भएको इतिहासकार राठौरको भनाइ रहेको, गुल्मीको सदरमुकाममा हारेको गुल्मी राज्यको फौज चन्द्रकोटमा मुकाम खडा गरी बसेकोमा वि.सं. १८४३ को भाद्रको अन्तिम सातामा सरदार अम्बर रानाको नेतृत्वमा गएको तीन कम्पनी नेपाली सेनाको फौजले अधिकार कायम गरेको भनिएको कारण चन्द्रकोट राज्य गुल्मीकै अंश भएको विश्वास गर्न सकिन्छ (आत्रेय, २०७४:७, १०, ज्ञवाली, २०६४:९८, राठौर, २०७७:१८०-८३)। समयक्रम हेर्दासमेत चन्द्रकोटका राजा रुद्रप्रताप शाह र गुल्मीका राजा रुद्र शाह

---

५८) मगर भाषामा गाउँको अग्लो डाँडालाई 'तुङ्' भनिन्छ। यही 'तुङ्' शब्दबाट पछि 'थुम' बनेको हो। इतिहासकार दिनेशराज पन्तलाई उद्धृत गर्दै आत्रेयले पनि 'थुम' किराँत शब्द हो भनेका छन्। पुर्वमा १३ थुमलाई मिलाई एक जिल्ला तेह्रथुम निर्माण गरिएको थियो। एउटा थुम अन्तर्गत प्रशस्त गाउँहरू रहन्थे र तिनीहरूमा प्रशासन सञ्चालन गर्न उमराव तथा द्वारेको व्यवस्था गरिएको हुन्थ्यो। उमरावलाई आवश्यक्ता हेरी हातहतियार तथा सुरक्षा-फौजसमेत उपलब्ध गराइन्थ्यो। स्थानीय तहमा शान्ति-सुरक्षा कायम गर्नु उनको कर्तब्य हुन्थ्यो (आत्रेय, २०७४:५)।

एउटै व्यक्ति भएको देखिन्छ। राजा रुद्रप्रताप शाहका ज्येष्ठपुत्र कीर्ति शाहले गुल्मीमै राजकाज गरे भने उनका अन्य पाँचभाइ छोरा (वीरप्रताप, अमरप्रताप, लोकप्रताप, ललितप्रताप र खड्गप्रताप) लाई रुद्रवेणीपूर्वको भूभाग हिस्सा लगाई त्यहाँको भूरे राजा बनाएको भन्न सकिन्छ।

तर पछि पर्वतका राजा शाहीबम मल्ल (१७१८-४३) ले राखुका राजा इन्द्रराज मल्लका छोरा भूमिराज मल्ललाई आफ्नी छोरी विवाह गरिदिई (आफूले विजय गरेको राज्य) चन्द्रकोटको राजा बनाई पठाएका र भूमिराजपछि क्रमशः मोहिराज, पतिराज, गुणराज, झरेन्द्र आदि राजा भएको बताइएको छ (आत्रेय, २०७४:४६)। हाल चन्द्रकोटक्षेत्रमा राजकाज गरेको कुनै पनि ठकुरी परिवारको उपस्थिति पाइँदैन। भुर्तुङ्क्षेत्रका भरद्वाज गोत्रीय (भारतको उज्जैनबाट पलायन भई रिडी आएका खाञ्चा खान र मिञ्चा खानमध्ये, मिचा खानतर्फका) शाह (शाही) परिवार वर्तमान स्याङ्जामा पर्ने सतहुँकोटका राजा दीर्घनारायण शाहको सन्तति भएको बताउँदछन्[५९]। उनका छोरा वीरनारायण शाह राणाकालमा मगरात क्षेत्रका २२ खानीको सूबबामा नियुक्त भई गुल्मीको भुर्तुङ्को नाग (नयाँ) गाउँ, गिठाबोट, डाँडाघारी, शिरानघर, तथा हर्राचौर, ग्वादी एवं स्याङ्जाको डिगुना तथा सतहुँकोट आदि स्थानमा बसेको कुरा नवलपरासी, भुताहा निवासी भारतीय सेनाका भूतपूर्व सुवेदार-मेजर छमबहादुर शाह बताउँदछन्। बेलायती तथा भारतीय सेनामा भर्ती हुने क्रममा कतिपय शाह युवाले शाही लेख्न थालेको बुझिञ्छ। गुल्मी, भुर्तुङ् आसपासका क्षेत्रमा वस्ने शाही ठकुरीहरू विरनारायण शाहदेखि हालसम्म नवौं पुस्तामा देखिएको कारण उनीहरू त्यसक्षेत्रमा बसोबास गर्न थालको करिब २०० वर्ष मात्र भएको अनुमान लगाउन सकिन्छ।

वि.सं. १८४३ ज्येष्ठमा गुल्मी कब्जा गरी भाद्रसम्म त्यहीं बसेको नेपाली सेनाले पर्वत राज्यलाई लक्षित गरी वरपरका ससाना राज्य कब्जा गर्ने रणनीति बनायो। नेपाली सेनासँग हारेको गुल्मेली फौज गुल्मी राज्य अन्तर्गतकै चन्द्रकोटमा एक सैनिक अखडा बनाई बसेको थियो। सरदार अम्बरसिंह रानाको नेतृत्वमा गएको तीन कम्पनी फौजको नेपाली सेनाले चन्द्रकोट कब्जा गरेको थियो[६०] (मानन्धर, २०७७:१८३)। यसबाट चन्द्रकोटको अस्तित्व पनि समाप्त भई विशाल नेपालको अङ्ग बन्यो।

५९) ऐतिहासिक स्थल रिडीबाट लसर्घातर्फ लागेका भरद्वाज गोत्रीय मिचा खान र खाचा खानका सन्तानमध्ये मिचा खानका सन्ततिले शाह लेखे भने खाचा खानका सन्तानले खाण लेखे। यी शाह परिवारले भिरकोट, नुवाकोट, गह्रौंकोट, सतहुँकोट आदि राज्यमा राजकाज गरे। पृथ्वीनारायण शाहले सगोत्री हत्याको भयले भारद्वाज गोत्र त्याग गरी कश्यप गोत्र ग्रहण गरेका थिए।

## ७. इस्मा

लिच्छवीकालमा विशाल नेपालमा रहेको इस्माक्षेत्र पनि मध्यकालतिर खस साम्राज्य (वि.सं. ११४०-१४४८) को एक अङ्ग बनेको थियो । वि.सं. १३५६ मा सिञ्जाली खस सम्राट् जितारि मल्लको देहावसानपछि उनको साम्राज्यमा राजगद्दी उत्तराधिकारको कचिङ्गलको कारण राज्य कमजोर हुँदै गयो । यसैबेला इस्माक्षेत्रमा खटिएका जाड-सामन्त (प्रशासक) को कमजोरीको फाइदा उठाई रिब्दिकोट (पाल्पा) का राजा अनेकसिंह सेनले यसलाई पाल्पाको अङ्ग बनाए । उनका छोरा खामराज सेन (१४६५-१५१०) ले केही समय इस्मा क्षेत्रलाई पनि आफ्नै राज्यको अङ्ग बनाइराखेका थिए । त्यसकारण यस भेगलाई खामराज सेनको नामबाट *खामदेश*को नामले पनि चिनिन्थ्यो । उनीपछि त्यहाँ उनका एक छोरा वलदेव सेन राजा भए । युद्धमा राजाको मृत्यु भएको, रानीको पनि त्यही क्रममा देहावसान भएकाले सोही स्थान नजिकै दाहसंस्कार गरिएको थियो, जसलाई हाल पनि रानीपोले भनिन्छ । नयाँ राजकाजको जिम्मेवारी तय भैनसकेको कारण आत्रेय गोत्री स्थानीय भट्ट ब्राह्मणलाई नै राजकाजको काम थपिएको थियो ।

वि.सं. १४७२ मा मुसिकोटमा राजकुमार विजयप्रताप सिंहलाई भारतको गोरखपुरक्षेत्रबाट ल्याई राजा बनाइयो (ठकुरी, २०६९:८-९) । यिनका छोराहरू बिच अंश भाग लगाउँदा जेठा मुसिकोटमैं रहे भने माहिला छोरा चतुरासिंहका लागि वि.सं. १४९३ मा गुल्मी (चारपाला) मा अलगै राज्य खडा गरी राजकाजको जिम्मा दिइयो । उनका सन्तति गुल्मीका राजा रुद्र शाह (१६००-१६५०) का एक छोरा अमरप्रताप शाहले डिब्रुङक्षेत्रको राजकाजको जिम्मा पाएका थिए । डिब्रुङ्बाट उनले इस्माभेगको मर्भुङसम्म पनि राजकाज चलाए । उनको ग्रीष्मकालीन राजधानी खामदेश/मर्भुङमा थियो । उनकै नामबाट मर्भुङलाई अमरभूमि नामकरण गरियो । साथै, इस्माक्षेत्रको अर्को गाउँलाई पनि उनकै नामबाट अमरपुर नामकरण गरिएको थियो ।

लेखक तुलसीप्रसाद शर्मा पौडेल (२०६२) लाई उद्धृत गर्दै ठकुरीले भनेका छन् कि इस्मा क्षेत्रका अर्ज्यालहरू जाजरकोटबाट वर्तमान प्यूठानको चुँजाहुँदै इस्मामा आएका थिए । अर्ज्याललाई त्यस भेगका राजाले राजगुरु बनाएका थिए । पछि त्यहाँका राज्यहरू बीच भएको युद्धमा राजाको मृत्यु भएकाले

---

६०) लेखक आत्रेयले भने चन्द्रकोट राज्यलाई एक स्वतन्त्र राज्यको रूपमा उल्लेख गर्दै राजा रणबहादुर शाहको राज्यकाल र बहादुर शाहको नायवीको समयमा वि.सं. १८४३ भाद्रको अन्तिम सातामा विशाल नेपालमा गाभिएको बताएका छन् (आत्रेय, २०७४:५) ।

राजगुरु च्यवनराज (चावाराज) भट्टलाई नै त्यहाँको राजा घोषणा गरिएको थियो । केही समयपछि इस्मा राज्यमा गुल्मीबाट ल्याइएका राजकुमार सुरथ (शक्ति) सिंह राजा भए (ठकुरी, २०६९:१९) । पछि गुल्मीका राजा रुद्र (प्रताप) शाहका छोराहरू बीचको आपसी कलहको कारण गुल्मीका राजाले अमरपुरलाई इस्मा राज्यमा गाभिदिए (ढकाल, २०६४:२) ।

अर्ज्यालहरूको बृहत् वंशावली अनुसार वि.सं. १०७५ तिर भारतको कन्नौंजको देशोपद्रवको कारण उदय भट्ट (कुशावन्दा भट्ट) उत्तरी पहाड श्रीनगरतिर लागेका थिए । उनका सातौँ पुस्ताका श्रीवत्सराजका ज्येष्ठ सुपुत्र श्रीदेवका सन्तान (उदय भट्टका तेह्रौं पुस्ताका) च्यवनराज (चावाराज) भट्टले वर्तमान गुल्मी जिल्लास्थित खामदेश नजिकै एक ब्राह्मण शासित राज्य सञ्चालन गरेका थिए । चावाराज भट्टपछि क्रमशः नरसिंह भट्ट (कुश राजा), विष्णुदास र प्रभाकर भट्ट राजा भए । चावाराजकी जेठी श्रीमतीतर्फका सन्तान अर्जैमा बसेकाले उनीहरूका सबै सन्तानले अर्ज्याल लेख्न थाले भने कान्छीका पौंदी बसेकाले पौंदेल वा पौडेल लेखे (अर्ज्याल, २०६९:१, २, ११) । हेमराज ज्ञवालीले यी भट्ट ब्राह्मणहरूले इस्मा क्षेत्रमा चार पुस्तासम्म राज्य गरेको उल्लेख गरेका छन् । भट्टवंशका अन्तिम राजा प्रभाकर भट्ट नै थिए भन्नें उनको मत अर्ज्याल वंशावलीसँग मिलेको पाइन्छ (ज्ञवाली, २०६२:३४) ।

यसैगरी, फिलिप रामिरेजले पनि विक्रमको सत्रौं शताब्दीको सुरुतिर च्यवनराज भट्टले स्थापना गरेको इस्मा राज्यलाई उनका चौथो पुस्ताका प्रभाकर भट्टले अङ्गतसिंह राव (सुरथ सिंह) लाई छाडिदिएको बताएका छन् (रामिरेज, २०००:११५) । डा. दुर्गा प्रसाद अर्यालले पनि ती भट्ट ब्राह्मणहरूको इस्माको राज्यकाल (सन्) १५२० देखि १५९५ बताएका छन् (अर्याल, २०६२:३५, ३६२) । अन्तिम ब्राह्मण राजा प्रभाकर भट्टका सुमन्तु र सरजन (सूर्य) दुई छोरा थिए । सुमन्तुका एक छोरा श्रीपतिले मर्भुङ गाउँमै बसोबास गरे । अर्का छोरा नारायणदास वि.सं. १६१२ मा गोरखाको छोप्राक गई बसोबास गरे । उनले स्थानीय गणेश पाण्डे, सर्वेन्द्रनाथ खनालसमेतसँग साउती गरी वि.सं. १६१६ मा लिगलिगकोटका राजा द्रव्य शाहलाई गोरखाको माझकोट लगी गोरखाको राजा बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए ।

वि.सं. १६५१ मा भएको युद्धमा खाँचीका राजा ध्वजन शाहसँगको हार भएपछि अर्घाका राजा धनराज वर्तमान सन्धिखर्कमा शान्ति सन्धि गरेका थिए । तापनि भर्खरै राज्यारोहण गरेका युवक राजा धनराज शाह रन्थनिएर उत्तरतर्फको



दक्षिणतर्फबाट हेर्दा इस्माकोटको दृश्य



इस्मा दरबार

खामदेश/मर्भुङ्/अमरभूमि (इस्माक्षेत्र) राज्यका भट्टवंशका चौथा राजा प्रभाकर भट्टको राज्यमा दक्षिण-पश्चिमी भेग (वर्तमान पुरकोट) बाट आक्रमण गरे। अर्घा र इस्मा राज्यबीच घमासान युद्ध भयो। त्यस युद्धमा अर्घा राज्यले वर्तमानको पुरकोट क्षेत्र कब्जा गऱ्यो। युद्धमा भएको धनजनको ठूलो क्षति, राज्यको पश्चिमी क्षेत्र गुम्नुका साथै ब्रह्महत्यालगायतका अपयशको भागी बन्न पुगेका धर्मभिरू ब्राह्मण विद्वान् राजा प्रभाकर भट्टलाई राजकाज चलाउन उचित लागेन। तसर्थ उनले राज्यभार क्षत्रिय ठकुरीलाई दिन र आफू राजगुरु भएर बस्न उपयुक्त ठानी गुल्मीमा रहेका मुसिकोटे राजाका सन्तति सुरथ सिंह राठौरलाई आफ्नो राज्यमा ल्याई धर्मपुत्र बनाई उनैलाई शिक्षा-दीक्षा, मन्त्र दान गरेर अङ्गतसिंह राव भन्ने पदवीसमेत दिई स्वेच्छाले इस्माको राजा बनाए, आफू स्वयम् राजगुरु भई बसे (अर्याल, २०६२:३५, पन्थी, २०६२:४४, रामिरेज, २०००:११५, ज्ञवाली, २०६२:३३)। साथै, इतिहासकार डा. राजाराम सुवेदीका अनुसार, ब्राह्मणले ब्रह्मकर्म गर्ने कि दण्ड विधान अनुसार शासन गरी अपराधीलाई मुड्याउनु, काट्नु, अङ्गभङ्ग गर्नु ? यस्तै द्विविधामा परी उनले ठकुरी राजा खोजी इस्मामा ठकुराई राज्य स्थापना गराएका थिए (सुवेदी, २०५५क:२९, रामिरेज, २०००:११५)। कृष्णबहादुर शाहले पनि धर्मभीरू ब्राह्मण राजालाई *दुश्मन्सँग भिड्न मनासिव नलागेर* आफ्ना पूर्वजले स्थापना गरेको राज्य ठकुरीलाई सुम्पेका थिए भनी बताएका छन् (शाह, २०६९:२५)।

वृद्धावस्थाका प्रभाकर भट्टले आफ्ना छोरालाई राजगुरुको कार्यभार र घरव्यवहार सुम्पिएर क्षेत्रसन्यास लिई प्रसिद्ध तीर्थस्थल रिडीतर्फ लागे (अर्याल, २०६२:३५,३६२)। इतिहास तथा संस्कृतिविद् प्रा.डा. विष्णुराज आत्रेयका अनुसार इस्मामा अर्ज्यालहरूले छ पुस्ता राज्य गरेका थिए। इस्मा दरबार पहिले अन्यत्र सम्म (खामदेश/अमरभूमि/मर्भुङ) ठाउँमा थियो, पछि शत्रुको आक्रमणका डरले इस्माको थुम्को नै सुरक्षाका दृष्टिले बढी उपयुक्त ठानेर राजा सुरथ सिंहले गुरु प्रभाकर भट्टकै सहमतिमा साविकको मर्भुङ (अमरभूमि) बाट राजधानी सारेका

थिए[६१] (आत्रेय, २०४२:४६-४७)। उर्दू भाषाबाट आएको इस्मा शब्दको अर्थ 'सुरक्षा वा सुरक्षित स्थान' हुने हुनाले यो भनाइ सार्थक छ। इस्मामा अर्ज्यालहरूले बनाएका नयाँ राजा सुरथ सिंह, मुसिकोटका राजा विजयप्रताप सिंहका पुत्र भद्रदेवका सन्तति थिए। उनलाई गुल्मीबाट ल्याई इस्माको राजकाज सुम्पिइएको थियो।

युद्धबाट विजय गरिएको भूभागको सुरक्षा र दुश्मनको संभावित आक्रमणको सुराकी पाउनेसमेत उद्देश्यले अर्घाका राजा धनराज शाहले आफ्ना गुरु श्रीधर भुसाललाई पुरकोटमा गाई-गोठ लगी आवाद गर्न प्रोत्साहन गरे। सोही अनुसार अर्घाका राजगुरु वे. श्रीधर भुसालका छोरा-नातिहरूले आवश्यक गोठालासहित वि.सं. १६५३ को ज्येष्ठमा नैं बाह्रबिस (२४०) गाई र आठबिस भैँसी (१६०) लगी त्यहाँ गोठ राखेर, बसोबास गर्न थाले (यसको विस्तृत विवरण पछिल्ला बुँदाहरूमा प्रस्तुत गरिनेछ)।

इस्मामा राजा सुरथ सिंहको सत्तारोहणपछि वि.सं. १६५४ मा नै इस्माली फौजले अर्घा राज्यको उत्तर-पूर्वीद्वार अर्घातोष क्षेत्रबाट आक्रमण गरे, त्यहाँबाट पेल्दै डिबर्नासम्म पुगे। आचार्यका अनुसार, (विगतका दुई युद्धबाट कमजोर भएको) अर्घाली राज्यले इस्माली फौजको प्रतिकार गर्न असमर्थ देखी सो भेगको वीरतामा बसेका सुमन्ताचार्यलगायतका ब्राह्मणहरूले इस्माली राजाका नाममा आत्मदाह गर्ने निधो गरी अर्घातोषको फेदीस्थित जरे खोलामा करिव ५०-६० चिता तयार गरेछन्। उनका ब्राह्मणीहरू पनि सती जान तयार भएछन्। यो खबर इस्माका राजा सुरथसिंह राठौर फौजको टुकडी मार्फत दरबारमा जाहेर भएछ। ती ब्राह्मण र उनका पत्नीहरूले आत्मदाह गरी मरेमा ब्रह्महत्यामा परिने डर लागेर राजाले आफ्नो आक्रमण रोकी अर्घाको अनुरोधमा वार्तामा

---

६१) अर्याल वंश वृतान्तका लेखक दयाराम अर्यालका अनुसार अर्यालवंशले गुल्मी, अमरभूमि (मर्भुङ) मा चारपुस्तासम्म राज्य चलाएको बताएका छन् (अर्याल, २०६७:८)। संस्कृतिविद् डा. लक्ष्मीकान्त पन्थीले पनि मर्भुङमैं एक अमरनाथ सिंह (अमरप्रताप शाह) नामका राजा थिए, उनैका नामबाट अमरभूमि भनिएको बताएका छन् (पन्थी, २०७७:२०)। मर्भुङ नै अर्यालहरूको कुलपूजास्थल भएको र पुरानो वस्ती पनि भएको स्थान हो। विद्वान् लेखक दयाराम अर्यालका अनुसार चावाराज भट्टका दुई पत्नी थिए। ती सौताहरूबीच मनभुटाव भई सँगै बस्न सकेनन्। जेठी पत्नीले आफू अलि अलगै बस्ने राजासँग अर्जी गरिन्। राजाले पनि उनको बसोबासका लागि एउटा थालिनो आकारको पाखो जग्गा दिए। यसरी चावाराजकी जेठी श्रीमतीतर्फका सन्तान सो पाखोमा गई बसोबास गरे। त्यसरी अर्जी गरेर प्राप्त उक्त पाखो जग्गालाई पछि अर्जै भनियो र त्यहाँका बासिन्दालाई पनि अर्जेल (अर्ज्याल) भन्न थालियो (अर्याल, २०६७:९)। कान्छी पत्नीका सन्तानले उपाध्याय लेख्दथे तर पछि उनीहरूले पनि अर्याल लेखे।

बसेछन् । वार्ता पश्चात् सुमान्ताचार्यलगायतका गुरुवर्गको बिर्ता नहरिने, अर्घा अधिराज्यले इस्मा पश्चिमको विजित (वर्तमान पुरकोट) भूभाग इस्मालाई फिर्ता गरिदिने, अर्घातोष क्षेत्रको जमिन अर्घालाई नै फिर्ता गर्ने गरी सम्झौता भयो, युद्ध रोकियो । त्यसबखत अर्घा राज्यको पूर्वी सीमा पनाहाखोला, मोते रहसम्म थियो (आचार्य, २०६१:५४-५५) ।

ती भूभागहरू दुवैपक्षले एक अर्कालाई फिर्ता गर्न सहमति गरे । यस सन्धिको महत्वपूर्ण पक्ष *अर्घाका प्रभावशाली भुसालवंशको वर्तमान पुरकोट भेगमा स्थायी बसोबास स्वीकृत गरियो* (रामिरेज, २०००:१२४) । अर्घाली राजगुरुलाई उनका छोराहरूले पुरकोट भेगमा आवाद गरिआएको *जैसीथोकको बारी, जोल्टे-कुवाको पानी र बेवराटारीको खेत*समेत सबै कुश-वीरता गरिदिए[६२] । आरम्भमा पुरकोटक्षेत्र अर्घाली भुसालहरूको गोठका रूपमा रहेको थियो । विस्तारै स्थायी बसोबास हुन थालेपछि **गाँव** र **पुर** गरी दुई ठाउँमा बस्ती बन्यो । वि.सं. १७९० मा माथिल्लो थुम्को (कूट) मा कोट बनाएपछि पुर गाउँको नाम जोडेर पुरकोटका नामबाट स्थायी बस्तीका रूपमा विकसित र विस्तारित हुँदै गयो ।

इस्माकोटको राज्यका नयाँ ठकुरी राजा सुरथ (अङ्गत) सिंहका उत्तराधिकारीहरूमा पृथ्वीराज सिंह, रामराज सिंह, रूप विक्रम सिंह, तिलक विक्रम सिंह तथा गोविन्द सिंह थिए (शाह, २०६९:२५) । उनीहरूबाट कुशलतापूर्वक सञ्चालित चौबीस मौजा र ४,००० कुरियाको इस्मा राज्य वि.सं. १८४३ को असोज २ गते गोरखाली र पाल्पाली राजाको संयुक्त फौजले आक्रमण गऱ्यो । उनीहरूको इस्माली फौजसँग घमासान युद्ध भयो । इस्माले पर्वतको समेत सहायता लिएको भए तापनि गोरखाली सेनाको अगाडि हार भयो । गोरखाली फौजतर्फ ५० जनाले र इस्माली फौजतर्फ २२ ठकुरी ५३ खड्का र १० सार्की समेत ८५ जनाले वीरगति प्राप्त गरे । इस्मा राज्यका अन्तिम राजा गोविन्द सिंह युद्धबाट जेनतेन उम्केर आफ्ना सन्तति लिई आफ्नो ससुरालीस्थल सल्यानको बडागाउँतिर गई बसोबास गरे (रामिरेज, २०००:१२९, शाह, २०६९:२५-२६, सिंह, २०६२:२३२, बज्राचार्य, १९९२:८२) । नेपालका राजा र पाल्पाली राजाबीचको

६२) राज्यको कर नलाग्ने गरी वृत्ति (जीविका) को लागि बिर्ता दिइएको जग्गा (कुश हातमा लिई सङ्कल्प गरी जमिन दान दिने) लाई बिर्ता भनिन्थ्यो । यस्तो बिर्ता अक्सर गरेर सूर्यग्रहण, सङ्क्रान्ति, विजयादशमी, एकादशी आदि धार्मिक पर्व पारेर भूमिदान गरिन्थ्यो । पौराणिक ग्रन्थहरूमा उल्लेख भए अनुसार ब्राह्मण, शिक्षक, पुरोहित तथा धार्मिक र समाजसेवी संस्थालाई भूमिदान गरेमा ठूलो पुण्य प्राप्त हुने विश्वास गरिन्छ (अधिकारी, २०५३:१०५-१०८) ।

आपसी सम्झौता अनुसार इस्मा राज्यलाई  पनि पाल्पाको जिम्मा लगाई सो संयुक्त फौज प्यूठानतर्फ लाग्यो ।

## ८. प्यूठान

प्राचीन कालमा प्यूठानक्षेत्र पनि लिच्छवी साम्राज्यकै अधीनमा थियो । लिच्छवीहरूको पतनपछि यो भूभाग सिञ्जाली खस मल्ल राजाहरूको साम्राज्यको अधीनमा गयो । तापनि खस साम्राज्यको पतनपछि प्यूठान (भित्रीकोट/माझकोट) का अतिरिक्त उदयपुर, भिङ्ग्री, खुङ्ग्री नामका टाकुरे राज्यहरू पनि अस्तित्वमा थिए । गुल्मी, देवीस्थानका शाह परिवारकै इतिहासकार कृष्णबहादुर शाहका अनुसार प्यूठान-भित्रीकोटका प्रथम राजा भारद्वाज गोत्री शिर चन्द थिए[६३] (शाह, २०६९:२९) । शिर चन्दपछि क्रमशः रुद्रसिंह चन्द, गजेन्द्र चन्द, गजकेशरी चन्द,




माणिक चन्द (वि.सं. १८३२-३५) तथा मोती चन्द द्वितीय (१८३५-४३) प्यूठान (भित्रीकोट/ माझकोट) का राजा भए । उसबखत प्यूठानका राजा अरु छिमेकी राज्यहरू भन्दा थप शक्तिशाली थिए । प्यूठान आसपासका खुङ्ग्री, भिङ्ग्री, इस्मा तथा पूर्व-मुसिकोटका राजाहरू प्यूठानका अनुयायी र समर्थक थिए । जाँचबुझ केन्द्र, राजदबारको पहलमा सङ्कलन गरी नेपाल सरकार, सूचना विभागद्वारा प्रकाशित मेची-महाकाली (भाग ४) मा उल्लेख भए अनुसार, पाल्पाली राजा मणि मुकुन्द सेन (१५७५-१६२२) का समयमा प्यूठानमा रुद्रसिंह चन्द राजा थिए । उनकै सन्तति मोती चन्द (प्रथम) की सुपुत्री यशोदा चन्दको विवाह पाल्पाका राजा मणि मुकुन्द सेनका नाति कर्ण सेनसँग भएको थियो (जाँचबुझ,

६३) रोल्पाका ध्वजबहादुर चन्दसँग रहेको प्यूठानी चन्द राजाहरूको वंशावली अनुसार लटराज चन्द (१५१५) पछि क्रमशः भुवनराज, नरहरिराज, नरिन्द्रराज, गजिन्द्रराज, सुर्तानराज, दलपतिराज, शंसाहीराज, पृथ्वीपतिराज, उदतराज, मोति चन्दराज, मानिक चन्दराज, दिपप्रताप चन्दराज, रुद्रप्रताप चन्दराज राजा भएको बताइएको छ (https://daopyuthan.moha.gov.np/page/about-pyuthan-district)।

२०३१:१४४-४५) ।

प्यूठान (भित्रीकोट/माझकोट) का राजा मोती चन्द (द्वितीय) को समयमा गोरखाली फौजबाट विशाल नेपालको एकीकरण अभियान चलिरहेको र उनीहरूसँगको सम्भावित युद्धका लागि प्यूठानको आर्थिक अवस्था अलि कमजोर भएको कारण राजा मोती चन्द (द्वितीय) ले आफ्नो खेत मुरी ४० (१० रोपनी) रू. २२०। मा र अर्को खेत मुरी ५० (१२.५ रोपनी) रू. २००। मा रजबन्धक (बिक्री) गरिदिएका थिए । काजी दामोदर पाँडेको नेतृत्वमा काजी जगजित पाँडे, सरदार प्रवल राना, सुब्बा फौजसिंहसमेत पश्चिमतिर लागेको गोरखाली फौजले वि. सं. १८४३ आश्विन ६ गते प्यूठान विजय गरी त्यसलाई विशाल नेपालमा गाभ्यो । मोती चन्द (द्वितीय) का छोरा राजकुमार रुद्र चन्द भागेर तनहुँ राज्यको रामनगर क्षेत्रतिर लागेका हुन् (जाँचबुझ, २०३१:१४५-४६) । युद्धमा बचेर अन्यत्र भागेका राजा मोती चन्द (द्वितीय) का सन्तति तथा दाज्युभाइमध्ये केहीले आफ्नो थरसमेत परिवर्तन गरी शाही र कतिपयले बोहरा लेख्न थाले[६४] । करिब २,५०० कुरियाको प्यूठान राज्यको राजधानी वरिपरिमात्र करिव ४०० घर कुरिया थिए । विशाल नेपालमा गाभिएपछि खुङ्ग्री र उदयपुर राज्यका शासकहरू भने नेपालका राजाको छत्रछायामा रही आजीवन राजाको उपाधिसमेत पाए । वि.सं. २०१९ सालमा प्यूठान जिल्लाभित्र भित्रीकोट, नारीकोट, उदयपुर, माडीखोला, कालाशेष र बाइसखुवा नामका छ थुमहरू राखिएका थिए । वि.सं. २०१९ मा कालाशेष र बाइसखुवा रोल्पामा गाभिए भने बाँकी भाग प्यूठान जिल्लाका भूभागका रूपमा रहेका हुन् ।

## ९. पाल्पा

इटालीका प्रसिद्ध विद्वान् तथा इतिहासकार जोसेफ टुचीका अनुसार मङ्गोलियन शब्द “वाल्वा” (जसको अर्थ “सीप, कला र कालीगढ” हुन्छ) बाट अपभ्रंश भई पाल्पा नामकरण भएको थियो । उसबखत पाल्पा विभिन्न सीप, कला र कालीगढीक्षेत्रमा प्रख्यात भएकै कारण यसको नामकरण त्यसरी भएको विश्वास गरिन्छ । राजदबार, जाँचबुझ केन्द्रद्वारा अध्ययन गराई वि.सं. २०३१ मा प्रकाशित गरिएको मेची-महाकाली (भाग ३) अनुसार, पौराणिक कालीन ऋषि भार्गव

---

६४) सल्यान जिल्लाको दामाचौर, प्युठानको हर्नाघाट र रम्दीक्षेत्र तथा पश्चिम बाग्लुङको बोहरागाउँ तथा हाल पश्चिम गुल्मीको अग्लुङ्ग गाउँमा बस्ने शाही, चन्द, बोहरा आदि थरधारि ठकुरी (क्षेत्री) परिवार ती भारद्वाज गोत्रीय चन्द राजाका खलक हुन् ।

गोत्रीय माण्डव्य, और्व, वाल्मीकि र रामसीताको नामसित पाल्पाको माडीफाँट, गाईघाट, नारायणीतट, रामदीघाट, सुनगुफा आदि स्थानको सम्बन्ध रहेको बताइएको छ । बुद्धकालमा पाल्पा शाक्य र कोलीय राज्यको प्रदेशमा पर्दथ्यो । नेपालको लिच्छवीकालमा पाल्पा लिच्छवीहरूकै अधीनमा रहन गयो । पछि लिच्छवीहरूको केन्द्रीय शासन कमजोर हुँदै गएपछि उनीहरूको अधिकार छुट्दै गयो । पाल्पामा मगरहरूको राज्य स्थापना भयो (जाँचबुझ, २०३१:७७२-७३) । ढूँट (मगर) भाषा बोलिने त्यस क्षेत्रका बाह्र मगरातलाई एकीकरण गरी बलिहाङ् नाम गरेका मगर राजाले चारहजार (बुलीह्वाङ्) लडाकु सेनाको व्यवस्था गरेका थिए । मगरको बस्ती तथा तिनको नै शासन सञ्चालनमा रहेकोले पाल्पाक्षेत्रलाई **मगरात** (मगर/-राज) भनिएको थियो (जाँचबुझ, २०३१:७७२-७३, सुवेदी, २०६४:११४) ।

सिञ्जाली सम्राट् अशोक चल्ल (वि.सं. १३१२-३५) को समयमा पाल्पा पनि विशाल खस साम्राज्यकै अङ्ग बन्यो । तर वि.सं. १३५६ मा खस सम्राट् जितारि मल्लको मृत्युपश्चात् खस साम्राज्य आन्तरिक शासकीय द्वन्द्वमा फस्यो, आफ्नो भूभागको अखण्डता जोगाउन सकेन । भारतको चित्तौडगढका राजा रत्न सेनका छोरा नयन सेन प्रयागक्षेत्रका राजा थिए[६५] । उनका छोरा तुथाराव सेन (वि.सं. १३६३-१४२३) भारतको चम्पारन, राजपुरमा राज्य गर्दथे । वि.सं. १३६३ मा तत्कालीन भारतका मुगल बादशाह अलाउद्दीन खिलजी (वि.सं. १३५३-१३७३) को आक्रमण सहन नसकी त्यहाँबाट धपिएर तुथाराव सेन वर्तमान बुटवलको बाटो गरी पाल्पाको रिब्दिकोट कुसुमखोला, पालुङ-मैनादी र ठिमुरेबिचको भूभागमा आई आफ्नो एक स्वतन्त्र राज्य स्थापना गरे[६६] । उनीपछि त्यहाँ क्रमशः रिबेली सेन (रिमिको राजदेव), उदय राज देव (उदयचन्द्र राव), गजब्रह्म देव (सेन), धर्मपाल सेन, अनेकसिंह सेन, खामराज सेन (१४६५-१५१०), चन्द्र सेन (१५१०-१५५०) राजा भए (सेन, २०५९:१-२, राजवंशी, २०२०:२-३) । केही समयपछि वर्तमान पाल्पा, शिलाङथोकको नजिकै रहेको पुरानोकोट (भैरवस्थान पश्चिमको

---

६५) इतिहासकार शङ्करमान राजवंशीले सेन वंशावलीमा मदन रायपछि क्रमशः चिल्हाराणा, उदय राणा, अभय राणा (कान्तिमती), भट्टराज देव, मकरध्वज राजदेव र त्यसपछि तुथाराज देव राजा भएको बताएका छन् । (राजवंशी, २०२०:२) ।

६६) तत्कालीन भारतवर्षमा मुसलमान शासकहरूबाट भएको ज्यादतीका कारण त्यहाँका सिंह, सेन, राठौर आदि राजपूत ठकुरीहरू गङ्गा नदी तरेर उत्तरतर्फ आफ्नो भाग्य निर्माणका लागि हिंडेका थिए । चौधौं शताब्दीतिर यी सिसौदिया वंशीय ठकुरीहरू पश्चिम चित्तौडगढबाट हिंडी दक्षिण नेपालको सीमा-क्षेत्रमा आई बसेका थिए (राजवंशी, २०२८:३३) ।




थुम्को) मा राजधानी बनाई शासन गर्न थालेका यी दशौँ पुस्ताका राजा चन्द्र (चित्र) सेनका छोरा राजा रुद्र सेन (वि.सं. १५५०-७५) ले वि.सं. १५६६ देखि तानसेनमाथिको श्रीनगर डाँडाबाट शासन सञ्चालन गर्न थालेकाले उनैलाई पाल्पा अधिराज्यको संस्थापक राजा मानिन्छ । यसरी सामरिक दृष्टिले महत्वपूर्ण मानिने पाल्पाक्षेत्रको भूभाग खस साम्राज्यको नियन्त्रणबाट अलगिई चित्तौरबाट आएका सिसौदिया वंशका सेन राजाहरूको पोल्टामा गयो ।

राजा रुद्र सेनपछि मुकुन्द सेन (प्रथम) राजा (१५७५-१६२२) भए । उनी एक विजयी, पराक्रमी, विद्याप्रेमी तथा भगवत्भक्त राजा थिए । उनले छिमेकी राज्यहरूसँग घनिष्ठ सम्बन्ध बनाउने उद्देश्यले वैवाहिक सम्बन्ध पनि जोडेका थिए । उनका रानीहरूमा गुल्मीकी राजकुमारी पुष्पमाला (आसनमाला), पारकोटकी मगर राजकन्या सुवर्णमाला, प्यूठानकी राजकुमारी महिमावती तथा एक स्थानीय कन्या मायावती थिए । राजा मुकुन्द सेनले मगर र खस लगायतका भारदारहरू मिलाई बलियो सेना बनाएका थिए । राज्य विस्तारमा सफलता पनि पाए । उनले आफ्नो विशाल राज्यमा आफ्ना छोरा-नातिहरूलाई प्रशासक बनाई पठाएका थिए । प्रश्रितका अनुसार यो विशाल सेन राज्यले वि.सं. १५७० देखि वि.सं. १८१९ सम्म पाल्पादेखि पूर्वी पहाडको किराँत प्रदेशसम्म र वर्तमान रूपन्देहीदेखि पूर्व मोरङसम्मको तराईको भूभागसमेत समेटेको  थियो ।

तर पछि राजा मणि मुकुन्द सेनका प्रशासक (छोरा-नाति) हरूको महत्वाकांक्षा बढेर स्वयं राजा घोषणा गर्न थाले । पाल्पाको पहाडी भाग उनका ज्येष्ठपुत्र माणिक्य सेनले, माहिला छोरा विनायक सेनले वर्तमानको बुटवलक्षेत्र (विनायकपुर),

साहिँला छोरा विहङ्ग (भुङा) सेनले रामनगरसहितको तराईको तनहुँक्षेत्र, कान्छा छोरा लोहाङ् सेनले मकवानपुरको राज्य लिए । मणि मुकुन्द सेनका नाति राम सेनले रिसिँग र चन्द्र सेनले राजपुर राज्यमा आ-आफ्ना स्वतन्त्र राज्य खडा गरे (जाँचबुझ, २०३१:७७५) ।

आफ्नो राज्य विभाजित भएबाट विरक्तिएका राजा मुकुन्द सेन छोरा नातिहरूका अगाडि निरीह बनी ती राज्यहरू उनैलाई बाँडिदिएर आफू देवघाटमा गई मुनि बनी बसे । यसैकारण उनलाई मुनि (मणि) मुकुन्द सेन भनिएको थियो । राजा मुकुन्द सेन (प्रथम) स्वयम्ले बाध्यतावस टुक्राएर बनाएको बुटवलक्षेत्रको विनायकपुर राज्यका राजा अकवर सेन (१६९९-१७५०) को समयमा वि.सं. १७१० मा पाल्पाली निःसन्तान राजा त्रिलोक सेनको मृत्युपश्चात् पाल्पा र विनायकपुर पुनः एकीकृत भए । एकीकृत पाल्पाको ग्रीष्मकालीन राजधानी तानसेन र शीतकालीन राजधानी बुटवल बनाइयो । राजा अकवर सेनपछि पाल्पाको राजगद्दीमा क्रमशः गन्धर्व सेन (१७५०-१८०९), मुकुन्द सेन द्वितीय (१८०९-३९), महादत्त सेन (१८३९-५१) तथा पृथ्वीपाल सेन (१८५१-६१) राजा भए (सेन, २०५९:१९-२३) । नेपाल एकीकरण पहिले पाल्पा अधिराज्य पूर्वमा दूधकोशी र दक्षिणमा तिरहुतसम्म फैलिएको थियो ।

नेपाल एकीकरणका अभियन्ता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको वि.सं. १८३१ माघ १ गते बिहान नुवाकोटको देवीघाटमा निधन भएपछि उनका २३ वर्षीय छोरा प्रतापसिंह शाह नेपालका राजा भए । करिब तीन वर्षमात्र शासन गरेका उनको शितला (बिफर) रोगबाट मृत्यु भएपछि उनका अढाई वर्षीय छोरा रणबहादुर शाहलाई वि.सं. १८३५ मार्ग ३ गते नेपाल



नक्शा साभार: प्रश्रित, २०७४:२२७

अधिराज्यको राजा घोषित गरियो । उनकी आमा महारानी राजेन्द्रलक्ष्मी देवीले उनको नायबी सञ्चालन गरिन् । नेपाल एकीकरणको अभियानलाई पनि उनले अघि बढाइन् (आचार्य, २०४०:३७, ५१-६३) । तर दुर्भाग्यवश वि.सं. १८४२ साउन २ गते क्षयरोगबाट महारानी राजेन्द्रलक्ष्मी देवीको पनि मृत्यु भयो । त्यसपछि स्व. महारानी राजेन्द्रलक्ष्मीका देवर (पृथ्वीनारायण शाहका कान्छा सुपुत्र) बहादुर शाहले नाबालिग राजाको नायबी लिए । उनले पनि पश्चिमी क्षेत्रमा नै राज्य विस्तार गर्ने अठोट गरे । युद्धको रणनीति अनुसार वि.सं. १८४२ सालको माघ महिनामा नायब, अधिराजकुमार बहादुर शाहको विवाह पाल्पाका राजा महादत्त सेनकी छोरी विद्यालक्ष्मीसँग गरियो । यसबाट पश्चिम नेपालको शक्तिशाली राज्य पाल्पालाई तटस्थ राख्न र अझ आफ्नो पक्षमा ल्याउनसमेत ठूलो मद्दत मिल्ने आशा गरियो । अझ, पाल्पा राज्यलाई विशाल नेपाल राज्यमा नमिलाइञ्जेल एकीकरण अभियान अधुरो नै रहने हुनाले नेपालका प्रशासकहरूको ध्यान त्यसतर्फ मोडिएको थियो (दाहाल, २०५०:१३०) । अधिराजकुमार बहादुर शाहको नायबी कालमा पाल्पाली राजा महादत्त सेनसँग सैनिक गठबन्धन गरी पश्चिम नेपालका बाइसी-चौबिसी राज्यहरू र कुमाऊँमा आक्रमण गरी विजय हासिल गर्न ठूलो मद्दत पनि मिल्यो (स्टिलर, १९९५:१४९-१५०, पंगेनी, २०६५:४६, मानन्धर, २०७७:१७९-८०) ।

खासगरी, पाल्पासँग वैवाहिक सम्बन्ध गाँसिएको तीन महिनापछि नै नेपालबाट काजी जीब शाह, काजी शिवनारायण खत्री, काजी दामोदर पाँडे, काजी जगजित पाँडे, सरदार पारथ भण्डारी, सरदार अम्बरसिंह राना, सूबबा योगनारायण मल्ल आदि वीरहरूको नेतृत्वमा पठाइएको नेपाली सेनाले गुल्मी, अर्घा, खाँची, धुरकोट, इस्मा, मुसिकोट, प्यूठान, रोल्पा लगायतका राज्यहरूमा सोही वर्ष विजय हासिल गऱ्यो (बिष्ट, २०२०:४६, राठौर, २०६९:२४) । गोरखाली र पाल्पाली फौजको संयुक्त हमलामा गुल्मी पछि अर्घा, खाँची र अन्य आसपासका राज्यहरूमाथि विजय गर्ने आशा राखी तत्काल शुरू भएको वर्षात्को याममा प्रतिकूल मौसमको कारण र थप शक्ति सञ्चय गर्दै गोरखाली फौज भर्खर कब्जा गरेको गुल्मी दरबारमैं तीन महिनासम्म चुपचाप बस्यो (बज्राचार्य, १९९२:७७) । ऐ. भाद २७ मा अर्घा, २८ मा खाँची, ३० मा धुरकोट, असोज २ मा इस्मा, असोज ३ मा पूर्व मुसिकोट तथा असोज ६ मा प्यूठानमाथि विजय हासिल गर्दै नेपाली फौज पश्चिमतर्फ लाग्यो । वि.सं. १८५१ मा राजा महादत्त सेनको मृत्युपश्चात् उनका पुत्र पृथ्वीपाल सेन (१८५१-६१) पाल्पाको राजगद्दीमा बसे ।

नेपाल दरबारभित्रको खिचातानी र तनावका कारण नेपालका राजा रणबहादुर शाह भारतको बनारसमा गई बसेका थिए । इतिहासकार डा. पेशलकुमार दाहालका अनुसार, आफ्नो बनारस प्रवासको समयमा राजा रणबहादुर शाहले पाल्पाली राजा पृथ्वीपाल सेनसँग सहयोगको आशा गरेका थिए । तर उनले कुनै सहयोग नपाएको र पाल्पाली राजाले अवधका नवावसँग साँठगाँठ गरी नेपाल एकीकरणको प्रयासलाई रोक्न खोजेको शङ्का गरी राजा पृथ्वीपाल सेनसँग रूष्ट भई बदला लिने भावना आएको थियो । फिलिप रामिरेजका अनुसार, वि.सं. १८६२ जेठमा रणबहादुर शाह बनारसबाट नेपाल फर्किएपछि पाल्पाली राजा पृथ्वीपाल सेनकी बहिनीसँग विवाह गर्ने बहानामा उनकी वहिनीसहित काठमाडौंमा बोलाइयो । तर उनी काठमाडौं पुग्दा-नपुग्दै उनलाई नजरबन्द गरियो[६७] ।


पाल्पाको पुरानो दरबार

वि. सं. १८६३ को वैशाखमा राजा रणबहादुर शाहको रहस्यमय तरिकाले हत्या भयो । सो हत्यामा पाल्पाली राजा पृथ्वीपाल सेनको पनि हात रहेको र अवधका नवावसँग उनको साँठगाँठ पनि रहेको आरोपमा प्रधानमन्त्री भीमसेन थापाले राजा पृथ्वीपाल सेनलाई मृत्युदण्ड दिए, यद्यपि ब्रिटिश-ईष्टइण्डिया कम्पनीले लखनउका ती नवावलाई यस अघि नै नबावको पदबाट च्यूत गरिसकेको थियो (दाहाल, २०५५:१३०, रामिरेज, २०००:१३२) । पाल्पाली राजाको अन्त्यपछि पाल्पाको प्रशासन नियन्त्रणमा लिन मुख्तियार (प्रधानमन्त्री) भीमसेन थापाका पिताश्री काजी अमरसिंह थापाको नेतृत्वको टोली तानसेन खटाइयो । काजी अमरसिंह थापा नै पाल्पाको तैनाथवाला भई वि.सं. १८७१ सम्म काम गरे । वि.सं. १८७१ देखि १८८१ सम्म कर्णेल उजिरसिंह थापाले पाल्पाका तैनाथवाला

---

६७) पाल्पाली राजा महादत्त सेन (१८३९-५१) ले अवधका बजीर (राजा) आसफ-उद्-दौला (१८०५-५४) सङ्ग सुमधुर सम्बन्ध राखेका थिए । पाल्पाली राजा र ती बजीर तराईमा शिकार खेल्ने क्रममा आफ्ना केटाकेटीहरू सहित सङ्गै खेल्ने, रमाउने गर्दथे । यसैकारण केवल चार महिनामात्र शासन गर्न भ्याएका ती बजीरले पाल्पाली राजा महादत्त सेनलाई तराईक्षेत्रको प्रशस्त उब्जाऊ जमीन पनि दिएका थिए, जसबाट पाल्पाको आर्थिक हैसियत पनि सुध्रिएको थियो । साथै, पाल्पाली राजाका कान्छा छोरा समर सेनलाई नादर शाहको उपाधि पनि दिएका थिए (पंगेनी, २०६५:३०-३१) ।

भई काम गरेका थिए (पँगेनी, २०६५:४६) ।

वि.सं. १९५२ मा प्रधानमन्त्री वीर सम्शेर राणाले नेपाललाई उपत्यकाको सदर प्रशासनसहित ३६ जिल्लामा विभाजन गरी पहाडी इलाकालाई तहसिल र तराई इलाकालाई जिल्ला नाम राखे । पहाडी इलाकामा पर्ने पाल्पा तहसिल अन्तर्गत गुल्मी, इस्मा, मुसिकोट, अर्घा, खाँची, धुरकोट, बाग्लुङ, पर्वत र गलकोट लाई समावेस गरी वि.सं. २००९ सम्म तानसेनबाट त्यताको प्रशासन चलाइयो (बानिया, २०७५:२७-२८) । वि.सं. २०१८ को वैशाख १ गतेको शाही घोषणाबाट नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरी नयाँ इतिहासको सुरुवात भयो ।

## १०. पैञ्युँकोट

सुरुमा नेपालको लिच्छवी शासन र पछि सिञ्जाली खस साम्राज्यमा रहेको वर्तमान पर्वत जिल्लामा पर्ने एक राज्य थियो, पैञ्युँकोट । पैञ्युँका रूखको घारी भएको पहाडको टाकुरा भएकाले त्यस स्थानलाई पैञ्युँकोटका नामले चिनिएको हो । सिञ्जाली खस साम्राज्य (११४०-१४४८) का शासकहरूको आन्तरिक कलह र द्वन्द्वको कारण उनको पकड गुम्दै गएपछि पैञ्युँकोट लगायतका धेरै स्थानमा स्थानीय मुखियाहरू पनि खस साम्राज्यको नियन्त्रणमा रहेनन् । इतिहासकार डा. राजाराम सुवेदीका अनुसार, पन्ध्रौ शताब्दीदेखि नै पैञ्युँकोटक्षेत्र पाल्पा, बल्डेङगढीका मगर राज्यको प्रभावमा परेको थियो । बल्डेङगढी राज्यलाई भारततिरबाट पलायन भई आएर पाल्पा क्षेत्र कब्जा गरी बसेका रुद्रसेनले वि.सं. १५५० तिर कब्जामा लिएपछि पैञ्युँकोट राज्य भने स्थानीय मगर जातिका मुखियाहरूको पोल्टामा गयो । धेरै वर्षसम्म पैञ्युँकोटमा आले, राना, चितौरे र थापा-मगरहरूको संयुक्त मुख्यौली शासन चल्यो । त्यस्तो मुख्यौली शासन सञ्चालन गर्दा उनीहरूबीच अनावश्यक झगडा पनि भैरहन्थ्यो (सुवेदी, २०५४ग:५१) ।




यही समयमा उत्तरतिरका निसेल, भुजेल भनिने ४,००० पर्वतका अगुवा

मगरहरूले बाइसी राज्य रूकुमको उन्नतिबाट लोभिएर आपसी सल्लाह-मसौरा गरी जुम्ली (सिञ्जाली) राजा मलय बमका सन्तान जैतु बम शाहीका बालक छोरा आनन्द बर्मालाई मागी ल्याएर राजा स्थापना गरेका थिए (मल्ल, २०७७)। यही समयमा पैञ्जुँकोटका उपर्युक्त चारथरी मगरहरूको आपसी झगडा चलेको कारण सो मिलाउन भनी विष्णु अंशको राजपूत पुत्लो (राजा) ल्याएर साझा राजा थाप्ने र उसैको हुकुम मान्ने सल्लाह गरी गञ्जु आले, पिउर राना, शेरू चितौरे र बदल थापा राजा खोज्न भनी भारत, गोरखपुरको घाँसपानी (उत्तरप्रदेशको बाँसी जिल्ला) पुगे। त्यहाँ पुगी सबै बृतान्त कहेर राजकुमार रामसिंहप्रताप सेन र उनकी दोजिया पत्नी इन्द्रावतीलाई ल्याएर पैञ्जुँकोटको राजा बनाए। यसरी नेपालका चौबिसी राज्यको सूचीमा पैञ्जुँकोट राज्य पनि दर्ज हुन गयो। राजा रामसिंहप्रताप सेनले झण्डै ४८ वर्षसम्म पैञ्जुँकोट राज्यमा राजकाज गरे। चारथरी मुखियालाई चारकाजी बनाई राज्यको चारक्षेत्रको क्षेत्रपाल बनाई जिम्मेवारी पनि बाँडिदिए। यी सेनवंशले पैञ्जुँकोटमा सात पुस्तासम्म राज्य गरे।

राजा रामसिंह प्रताप सेनपछि लाभ सिंह, चाम सिंह, दिगम्बर सिंह, सँग्राम सिंह, भूपभैरवसिंह सेन तथा अकबर सिंह सेन राजा भए (सुवेदी, २०५४ग:५२)। उसबखत पैञ्जुँकोटमा बाच्छा-बिहादी, बालकोट, उराम, लिङसिङ, बेउलीवास, टकलाक, त्रिवेणी, हुवास, पाटनेथोक, डाँडाथोक, गेंडीखोला, भोर्ले, सरूङ्गखोला, साँदने, सित्ले, अर्गौंदी, होश्राङदी, सुवेदीखर्क, भोक्सिङ, देउरालीखोला आदि मौजा थिए। गोरखाली फौजको नेपाल एकीकरणको अभियानमा पैञ्जुँकोटका राजा अकवरसिंह सेनले वि.सं. १८४२ को युद्धमा पराजित भई आफ्नो राज्य गुमाए (सुवेदी, २०५४ग:१२)। यसरी पैञ्जुँकोट राज्य पनि सो एकीकरण अभियानमा विशाल नेपालमा गाभियो।

# खण्ड चार
# अर्घाबाट फैलिएका भुसालवंश

## १. अर्घा तथा खाँची

अर्घाखाँचीमा भुसालहरूको घना बस्ती छ। मूलरूपमा अर्घा-दरबार आसपासबाट बाँगी, नुवाकोट, किमडाँडा, बामरुक, खन, कुर, डेवा, धारापानी, अर्जुन, राज्मी, ढाकाबाङ, हंशपुर, पाल्ले, वाङ्गला, अर्गुन (अर्बुण), बलकोट, केरुङ्गा, अर्घातोस, खिदिम (हर्राबोट), ठाडा, कैलाशे, जुकेना, दाङसिङ, थारपाइला, खाँची, करचाँपे, सिमलपानी, सेङ्गलेङ्ग, सुवर्णखाल, सिद्धारा आदि क्षेत्रमा भुसालहरूको बस्ती विस्तार भएको पाइन्छ। कुर निवासी रूक्मागत (रेनु) का पुत्र ज्यो. लीलावल्लभ भुसाल (नानी जैसी) ज्योतिष विद्याका प्रखर विद्वान् थिए। उनका पूर्वजले समेत लगाएको गुन तथा नानी जैसीको विद्वता, राजा र जनताको सेवाको कदरस्वरूप खाँचीको डेवाक्षेत्रको मौजामा खाँची राजाका सन्ततिबाट वीरतास्वरूप जग्गा पाएका थिए। डेवामा हाल नानी जैसीका भाइ कृष्णप्रसाद जैसीका सन्तानको बसोबास छ। वर्तमानको अर्घाखाँचीका सबै गाउँपालिका र नगरपालिकामा भुसालको बसोबास छ। अर्गुन (अर्बुण) गाउँ भुसाल परिवारले मुसलमानलाई बिक्री गरी नजिकैका अन्य स्थानमा बसाइँ सरेका हुन्। हाल अर्गुनमा मुसलमानको मात्र बस्ती छ। हाल त्यहाँ इद्गाहा, इमामबाडा, मस्जिद, मदरसा आदि निर्माण गरिएका छन् (भट्टराईबन्धु, २०४३:७३)।

अर्घाखाँचीमा भुसाल परिवारको राम्रो प्रतिष्ठा छ। यसको कारण उहाँहरूको समाजसेवा तथा राष्ट्र र जनताको पक्षमा गरिएका त्याग तथा बलिदान नै हुन्। पहिले पहिले अर्घा दरबारमा राजगुरुका रूपमा सेबा गरिआएका हाम्रा पूर्वजहरूको विवरण त **अनुसूची २** मा समावेस भएकै छ। तापनि पछिल्लो समयमा विभिन्न क्षेत्रका देहायका मूर्धन्य व्यक्तिहरूको योगदान पनि उल्लेखनीय छ (भुसाल, २०६८ग:४८-५३):

अर्घाखाँचीका तीनजना भुसाललाई *शहीद*को रूपमा लिन सकिन्छ। वाङ्लाका मोतीलाल भुसालले वि.सं. २०१७ साल पौष १ गतेको तत्कालीन राजाको कदमको विरोध गर्दै प्रजातान्त्रिक शासन पद्धतिको लागि लड्दा तत्कालीन प्रशासनबाट उहाँको टाउको काटी हत्या गरिएको थियो। अर्घा रजस्थलका टङ्क भुसालले अर्घाखाँची जिल्लालाई मदिरमुक्त बनाउने प्रयासमा पञ्चायतकालमैं पक्राउ परी प्रहरीको हिरासतमा राखेको बखत प्रहरीबाट चरम यातना दिई हत्या गरिएको थियो। कुर निवासी शोभाखर भुसाल विद्यार्थी कालमा नेपाल विद्यार्थी संघमा रही काम गरेको भए तापनि केही नीतिगत असहमति जनाई पछि रामराजा प्रसाद सिंहको दलमा आवद्ध भएकोमा उनलाई वि.सं. २०४२ सालको

काठमाडौंको वम काण्डमा संलग्नता रहेको भनी भारतको गोरखपुरमा हत्या गरिएको बताइएको छ ।

अर्घाखाँची जिल्लामा *जिल्ला पञ्चायत* तथा *जिल्ला विकास समितिका सभापति* पदमा निर्वाचित भई जिल्ला र जनताको सेवा गरेका अर्घा, रजस्थलका राईटर स्व. नारायणप्रसाद भुसाल, वाङ्लाका स्व. शोभाखर भुसाल तथा धनचौरका पीताम्वर भुसाल, वाङ्लाका पीताम्वर भुसाल (जिल्ला समन्वय समिति प्रमुख) को व्यक्तित्व जाज्वल्यमान रह्यो । उहाँहरूमध्ये कतिपय व्यक्तिहरूका योगदान समेत समेटिएका केही पुस्तक तथा लेखसमेत प्रकाशित भैसकेका छन् । नेपालको संसदको प्रतिनिधि सभामा पुगेर कतिपय मा. मन्त्री समेत बनेको पाइन्छ । अर्घाखाँचीका ती व्यक्तित्वहरूमा श्री रेवतीप्रसाद भुसाल (अर्घा, रजस्थल), सुश्री पम्फा भुसाल (आँपखोला), श्रीमती पुष्पा भुसाल (अर्घा, रजस्थल), डा. वेदुराम भुसाल (धनचौर) हुनुहुन्छ । अन्य प्रभावशाली नेताहरूमा पनि श्री पीताम्वर भुसाल (वाङ्ला) श्री पीताम्वर भुसाल (बाँगी),  श्री पीताम्वर भुसाल (धनचौर) हुनुहुन्छ । यसैगरी लुम्विनी प्रदेश सभा सदस्य (२०७४) श्रीमती जालपा भुसाल (धनचौर), सन्धिखर्क नगरपालिकाका प्रमुख भएका श्री कुलदीप भुसाल र श्री कमलप्रसाद भुसालको योगदान पनि स्मरणीय छ ।

अन्य मूर्धन्य व्यक्तित्वहरूमा समाजसेवी स्व. धर्मराज भुसाल (धर्माङ्गत, मैदान), समाजसेवी स्व. मित्रलाल भुसाल (ओडारपानी), प्रजातन्त्र सेनानी डिलाराम भुसाल (हिले) सनातनधर्म अभियन्ता स्व. पुष्कर भुसाल (ओडारपानी), राजनेता गुणनिधि भुसाल (कुर), जि.मु.टीकाप्रसाद भुसाल (कुर), न्यायाधीश नारायणप्रसाद भुसाल (मैदान) को नाम पनि जिल्लाबासीले लिइरहन्छन् ।

कलाक्षेत्रमा हेर्दा सिनेमाकर्मी श्रीमती वसुन्धरा भुसाल (वाङ्ला), गायक मोहन भुसाल (अर्घातोष), टेलिफिल्म निर्देशक जगन भुसालको नाम पनि चर्चित छ । व्यापारिक घरानाहरूमा श्री छविलाल भुसाल (अर्घातोष), बालकृष्ण भुसाल (अर्घातोष) को नाम आउँछ । साथै, अन्य पेशाकर्मीहरूमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री लेखनाथ भुसाल (अर्घा, रजस्थल), डा. चोपलाल भुसाल (अर्घा, रजस्थल), डा. देवीप्रसाद भुसाल (अर्घा, रजस्थल), डा. पुष्कर भुसाल (वाङ्ला), ई. ईश्वरकुमार भुसाल (कुर), नारायणकुमार भुसाल (कुर), त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. शिवलाल भुसाल (ढाकाबाङ), अधिवक्ता प्रकाशमणि शर्मा भुसाल (अर्घा, रजस्थल) आदि हुनुहुन्छ । पछिल्लो पिंढीका नव युवाहरूको नामावली सूची धेरै लामो हुन सक्दछ ।

अर्घाखाँचीमा अर्घाली (मैदाने), पुरकोटे (पुरकोटबाट पुनः अर्घा फर्किई आएका) र अर्गुने (पूर्वी अर्घा) भनी भुसालका प्रायः तीन परिवारको चर्चा गरिन्छ। पहिले-पहिले भुसालहरूको बसाइँ अर्घाबाटै गाई-गोठ सारेर साबिक इस्माको पुरकोट, इस्मा, गुल्मीको धुरकोट, जोहाङ, पौंदी, मुसिकोट, जुनिया, हुँगा-भ्रुेर्दी, श्रृङ्गा-लुम्छा, गुल्मी-चारपाला, जुभुङ, गौंडाकोट, बाग्लुङ, प्यूठान लगायतका जिल्ला, पाल्पा-लमजुङ तथा पर्वत स्याङ्जामा बसाइँ सराइ भयो। अर्घाक्षेत्रबाट विस्तारै तराईका जिल्लाहरूलगायत सल्यान, दाङ-देउखुरी लगायतका मुलुकभित्रका धेरै जिल्लाहरूमा र भारत, बर्मा, थाइल्याण्ड, युरोप, अमेरिका तथा अष्ट्रेलियासम्म भुसाल बन्धुहरू फैलिएका छन्। समग्रमा भन्नुपर्दा, दैलेखको भुसागाउँबाट अर्घा आएका रामभक्त जोशी भुसालका सन्ततिहरू अर्घाबाटै मुलुकका अन्य जिल्लाहरू र भारत, म्यानमार, थाइल्याण्ड तथा समुद्रपारका अन्य मुलुकहरूमा पनि पुगेका छन्।

## २. पर्वत-स्याङ्जा

अर्घा अधिराज्यका संस्थापक राजा जिल्ला राईका २७ औं पुस्ताका राजा भूपतिराज शाहका राजपुरोहित थिए पं. अनन्ताखर भुसाल। उनका दुई पुत्रमध्ये ज्येष्ठपुत्र ज्यो. रुद्राखर भुसालले राजपुरोहितको जिम्मा पाए भने कान्छा छोरा लक्ष्मीनारायण (कालिकाभक्त) भुसाल कृषि कार्यमैं सक्रिय रहे। अर्घाकोट-मैदानमा सञ्चालित वेद विद्याश्रममैं शिक्षित र दीक्षित लक्ष्मीनारायणका एकमात्र जेहेन्दार पुत्र पं. गोपाल भुसालले अर्घा दरबारमा खास कुनै भूमिका पाएका थिएनन्। पैग्रुँकोटका राजा भूपभैरवसिंह सेनका समयमा अर्घा अधिराज्यका राजा थिए, जयन्तराज शाह। यसैबीच पं. गोपाल भुसाल वि.सं. १७६० को माघे सक्रान्तिमा रिडीस्थित कालीगण्डकीमा स्नान गर्न गए। सोही बखत पैग्रुँकोट राज्यको सेतीवेणीस्थित शालिग्राम शिला (चक्रशिला) मा माघ महिनाभर मेला लाग्ने कुरा मेला भर्न रिडी आएका तीर्थालुसँग सुने। काली-गण्डकी स्नान पूजा आदि कार्य सम्पन्न गरी उनी उत्साहित हुँदै सेतीवेणीतिर हानिए। मेला भर्न गएका तिर्थालुहरूको भिडभाड, चक्रशिलाको पूजा, कालीगण्डकी नदीको मन्द बहाव आदिले उनमा थप सकारात्मक ऊर्जा प्रवाहित भयो, उनी प्रसन्न भए।

मेलामा आएका विभिन्न प्रतिष्ठित व्यक्ति तथा विद्वान्हरूसँग उनको भेटघाट भयो। कतिपय विषयमा शास्त्रार्थ पनि भयो। उनीहरूबाट पं. गोपाल भुसालको विद्वत्ताको प्रशंसा भयो। यो कुरा राजा भूपभैरवसिंह सेनको कानमा समेत

पुग्यो । अनि तत्कालीन पैञ्युँकोटे राजा भूपभैरवसिंह सेन (१७५०-१८०२) ले पं. गोपाल भुसाललाई आफ्नो दरबारमा राजगुरु नियुक्त गर्न चाहे । पं. गोपाल भुसालले पनि सो प्रस्ताव स्वीकार गरी अर्घा गई घरव्यवहार मिलाई आउने वचन दिई आफ्नो घर फर्किए । अर्घामा आफ्नो घर-व्यवहार मिलाई उनी माघको अन्तिम साता पुनः सेतीवेणी पुगे । उनलाई तत्कालै पैञ्युँकोट दरबार हातामा रहेको भगवती मन्दिरको पूजारीको काम दिइयो । पं. गोपाल भुसाल पैञ्युँकोट दरबारमा पण्डित भै जानुमा मुख्य तीन कारण थिए: आफू विद्वान् पण्डित भए तापनि अर्घा दरबारमा आफ्नो खास कुनै भूमिका नरहनु, पैञ्युँकोटका तत्कालीन राजा भूपभैरबसिंह सेनले कालीगण्डकीको चक्रशिलामा पूजाआजा गर्नसमेतका लागि थप विद्वान् पण्डितको खोजी गर्नु तथा ती राजाको त्यस क्षेत्रमा बढिरहेको ख्याति ।

राजा भूपभैरवसिंह सेन अलि धार्मिक प्रवृतिका भएकाले सेतीखोला (पैञ्युँखोला) उत्तरतिरको धरमपानीको उँचो फाँटमा शीतकालीन दरबार (फूलबारी दरबार) पनि बनाई बस्न थाले । सेतीवेणीको चक्रशिलामा वैशाख र माघ महिनाभर मेला लाग्ने रीत पनि उनैले चलाएका हुन् । उनी आफू पनि ती दुई महिनाभर सेतीवेणी र कालीगण्डकीको सँगममा नित्य स्नान र चक्रशिलामा पूजा गर्दथे । महाशिवरात्रिमा पैञ्युँ-त्रिवेणीमा लाग्ने मेलालाई पनि राजाले नै सुव्यवस्थित बनाएका थिए । उसबखत पैञ्युँकोट राज्यको राजस्वका साथै जनसंख्या पनि बढेर ठाउँठाउँमा बस्तीहरू पनि गुल्जार हुँदै गएका थिए । यस राज्यमा फलाम, तामा, कोइला र बेहुलीबासको खानीदुलोमा शिलाजित निकाली विदेशतिर निकासी पनि गरिएको थियो । मधेशतिरका सामानहरूलाई स्थानीय हटियामा जम्मा पारी बिक्री वितरणको प्रबन्ध पनि ती राजाले मिलाएका थिए । सो बजारलाई अझै पनि पैञ्युँ, हटिया भनिन्छ (सुवेदी, २०५४:५५-५६) ।

पं. गोपाल भुसाल अर्घाबाट पण्डितको रूपमा पैञ्युँकोट गएपछि सुरुमा पैञ्युँ, ढोली-खर्कस्थित पूजारीको लागि निर्मित सरकारी आवासमैं बसे । उनका सागर भुसाल लगायतका तीन सन्तान थिए । उनीहरू उरामको लुरिङ, बेउलीबासको पालुस्थान तथा मसुरबारी क्षेत्रमा बसोबास गरे । उरामको लुरिङबाट उनका सन्ताहरू उरामपोखरा, टकलाक, सियारकोष र पिडीखोलासम्म फैलिए भने पालुस्थानबाट बेउलीबास, काभ्राभञ्ज्याङ पैञ्युँ-हटिया, होसाङदी, खोरपोखरा, डुम्री-भञ्ज्याङ आदि क्षेत्रमा फैलिए । पं. गोपाल भुसालका पुत्रमध्येका एकभाइका सन्तानले केही पुस्तादेखि डुम्रे थर लेख्ने गरेका छन् । पैञ्युँकोटका अन्तिम राजा

अकबरसिंह सेन (नायब साहेब) ले वि.सं १८३५ तिर जि. नरहरि भुसाललाई हुलाकी बिर्ताको नाममा लिङसिङ गाउँको जग्गा दिए । गोरखाली फौजको नेपाल एकीकरणको अभियानमा पैञ्युँकोटका राजा अकबरसिंह सेनले वि.सं. १८४२ को युद्धमा पराजित भई आफ्नो राज्य गुमाए (सुवेदी, २०५४:१२) । राष्ट्र निर्माता गोरक्षाधीश श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको समयमा पैञ्युँकोट राज्यको घरधुरी संख्या जम्मा २,००० मात्र थियो (योगी, २०१३ख:५८६) । पैञ्युँकोटका यी भुसालका सन्तानहरू हाल पर्वत, स्याङ्जा, कास्की, चितवन, नवलपरासी, रूपन्देही, बाँके, बर्दिया, काठमाडौं आदि जिल्लामा फैलिएका छन् । रोजगारी, अध्ययन, अध्यापन तथा बसाइँ सराइ गरी युरोप, अमेरिका तथा अष्ट्रेलियालगायतका मुलुकतिर हानिने परम्परा त अद्यापि जारी छ ।

पं. गोपाल भुसालको वंशबाट समाजका विविध क्षेत्रमा सेवा गरेका मूर्धन्य व्यक्तित्वहरू छन् । केही व्यक्तिहरूमा पूर्व सांसद मा. तीर्थराज भुसाल (बेउलीवास, पर्वत तथा माडी, चितवन), पूर्व मन्त्री मा. घनश्याम भुसाल (पिंडीखोला, पर्वत तथा मणिग्राम, रूपन्देही), पूर्व जि.वि.स. उप-सभापति टीकाराम भुसाल वर्तमानका उच्च ओहदाधारी राजनैतिक व्यक्तित्व हुन् भने प्राज्ञिक क्षेत्रका प्रा.डा. मोहनीलाल भुसाल (होसाङ्दी, पर्वत), पर्वत काभ्राभञ्ज्याङ पण्डित डाँडाका पं. विष्णुप्रसाद भुसाल, पं. स्व. मुकुन्द भुसाल एवम् जिल्ला शिक्षा निरीक्षक ज्यो.पं. ओमप्रकाश भुसाल (हाल: लक्ष्मुमना, बर्दिया), पुराणवाचक पं. तोयनाथ भुसाल (कावासोती, नवलपुर) आदि चर्चित व्यक्तित्वहरू हुनुहुन्छ । व्यापार व्यवसाय, कृषि कार्य, स्वास्थ्य, शिक्षा, धर्म-संस्कृतिको संरक्षण तथा विकासमा लागेका भुसालबन्धुहरू आ-आफ्नो क्षेत्रमा सफल भैरहेको पाइन्छ । समग्रमा, पर्वत-स्याङ्जा क्षेत्रका भुसालवंशले समकालीन समाजमा उल्लेखनीय ख्याति कमाएका छन्, भविष्यमा पनि भुसाल कुललाई थप उज्यालो दिनेछन् भन्नें आशा गरिएको छ ।

## ३. पाल्पा–लमजुङ्

अर्घा अधिराज्यका संस्थापक राजा जिल्ला राईका ३१ औ पुस्ताका राजा हटिराज शाह (१७७५-१८००) की ज्येष्ठ राजकुमारी माहाकुमारी शाहको विवाह वि.सं. १७९७ मा पाल्पा अधिराज्यका संस्थापक राजा रुद्र सेनका दशौं पुस्ताका सन्तति मुकुन्द सेन (द्वितीय) सँग भएको थियो (सेन, २०५९:२१, भट्टराईबन्धु, २०४३:७०, घिमिरे, २०४५:४७, जाँचबुझ, २०३१:८२८) । अर्घा दरबार र पाल्पा दरबारको यस वैवाहिक नाताको कारणले समेत आपसी सम्बन्ध थप गाढा हुनु

स्वाभाविकै थियो। पाल्पाली राजा मुकुन्द सेन (द्वितीय) ले आफू राजा भएपछि लगत्तै आफ्नो राज्यको दक्षिण-पश्चिम क्षेत्र (तराई) को तपाह-भण्डारको जग्गाको कुत पनि आफ्ना ससुरालीलाई मिनाहा गरी उपभोग गर्न दिएका थिए (रामिरेज, २०००:१२६)। अर्घा अधिराज्यका राजा हटिराज शाहका राजपुरोहित पं. काथुकी कान्छी श्रीमतीतर्फका अर्घाकोट-मैदानमा सञ्चालित वेद विद्याश्रममैं शिक्षित र दीक्षित एकमात्र जेहेन्दार पुत्र ज्यो. जनार्दन जैसी भुसाल राजकुमारी माहाकुमारीका गुरुका रूपमा अर्घा दरबारमा सेवारत थिए। ज्यो. जनार्दन जैसी (भुसाल) राजकुमारीको विवाह पश्चात् उनीसँगै पाल्पा दरबार प्रवेश गरे[६८]।

युवराज मुकुन्द सेन (द्वितीय) वि. सं. १८०९ मा पाल्पा अधिराज्यको राजा (१८०९-३९) र युवराज्ञी माहाकुमारी पाल्पा राज्यकी महारानी भएपछि गुरु ज्यो. जनार्दन जैसी (भुसाल) ले पाल्पाको राज-दरबारमा राज-ज्योतिषको जिम्मेवारी पाए[६९]। अर्घाका प्रथम राजगुरु ज्यो.पं.वे. रामभक्त जोशी भुसालका सन्ततिहरू पनि कर्मकाण्ड र ज्योतिष विद्याका विद्वान् थिए। उसबखत ज्योतिष शास्त्रका विद्वान्हरूलाई ज्योतिषी वा त्यसबेलाको सामाजिक प्रचलनमा जोइषी वा "जैसी" भन्ने गरिन्थ्यो (भट्टराई, २०६५:२३१)। राज-ज्योतिषी गुरु जनार्दन जैसी (भुसाल) लाई जीवनयापनका लागि (वृत्तिका रूपमा) राजा मुकुन्द सेन (द्वितीय) ले राजधानी श्रीनगरको दक्षिणपूर्वको एक पाखो-जग्गाको बिर्ता दिई बसोबास गराए[७०]। ज्यो.

---

६८) त्यसबखत राजाहरूले आफ्ना छोरी विवाह गरी पठाउँदा साथमा आफ्ना गुरु-पुरोहित ब्राह्मणलाई पनि साथैमा पठाउने चलन थियो। पाल्पाकी राजकुमारी कौशल्यावती गोरखाका राजा नरभूपाल शाहसँग विवाह गरी पठाइदिंदा पनि साथमा पाल्पाबाट भट्टराई ब्राह्मणलाई गोरखा दरबारमा पठाइएको थियो (भट्टराई, २०६५:३)।

६९) उसबखत राजाको राजकाजमा सघाउनका लागि दरबारमा राजकुमार, चौतारा, गुरूपुरोहित, ज्योतिषी, सचिव, काजी, दिवान, सरदार, खजान्ची, मुन्सी, कारिगर, द्वारोगा, द्वारे, खरिदार भारदारी आदि पदहरू रहन्थे। ज्योतिषीले राजपरिवारमा परिआएका जन्म, व्रतबन्ध, विवाह, ग्रहगोचरादिको स्थिति, शुभाशुभ, राजाको साइत आदि हेर्दथे। त्यसबखत ज्योतिषीहरू ज्योतिष शास्त्रका फलित र गणित दुबै पक्षमा दक्ष हुन्थे (घिमिरे, २०४५:७६-८०)। राजा मुकुन्द सेन (द्वितीय) को वि.सं. १८३९ मा देहान्त भएपछि उनका पुत्र महादत्त सेन राजा भए। उनकै समयमा उनको समेत सहयोगमा नेपाली (गोरखाली) सेनाले वि.सं. १८४३ भाद्र २७ मा अर्घा अधिराज्य कब्जा गऱ्यो। तापनि आफ्ना मावली खलक अर्घाका राजा हटिराज शाहका उत्तराधिकारीहरूले पाल्पा अधिनस्थ भएको अर्घा अधिराज्य, सीमित अधिकार लिई रजौटाकै हैसियतमा रहने पाल्पाली राजा महादत्त सेनको प्रस्ताव स्वीकार गरी आफ्नो राज्य फिर्ता पाएका हुन्।

७०) पाल्पाली राजाहरूले बस्ती बसाउन र खेती गर्न योग्य जमिन प्रजालाई बिर्ता दिई जनआवादी समेत बढाउँदथे। कुशपानी समातेर राजाले दिइने विर्तालाई कुशबिर्ता भनिन्थ्यो। राजाबाट प्राप्त बिर्ताको मालपोत लगायत कुनै पनि कर तिर्नु पर्दैनथ्यो। त्यसबखत सरकारबाट कर्मचारीलाई पारिश्रमिक बापत केही जमिन भोग गर्न दिइन्थ्यो। भारदारहरूलाई पनि नगद भन्दा जमिन नै विभिन्न क्षेत्रमा दिइने गरिन्थ्यो (घिमिरे, २०४५:१३६-१३७)।

जनार्दन जैसीलाई स्थानीय डाँडो (भुसालडाँडा) वीरता दिई बसोबास गराइएको र उनका परिवार त्यहाँ बसेकै कारण त्यस डाँडाको नाम भुसाल-डाँडा रहेको हो। पाल्पाको राजदरबारमा राज-ज्योतिषका रूपमा काम गर्दा राज-ज्योतिष जनार्दन जैसीको इमान्दारी, बफादारी तथा कार्यकुशलताबाट प्रभावित भई उनलाई वि.सं. १८२९ मा राजा मुकुन्द सेन द्वितीयले पाल्पाको दक्षिणपूर्वको भित्री-मधेससँग जोडिएको बहादुरपुरको केही भाग पनि वीरता दिए। नवलपुर, अरुणखोलाका काशीराम भुसालबाट प्राप्त सो लिखत **अनुसूचि ३** मा दिइएको छ। राज-ज्योतिषी जनार्दन जैसीले आफ्ना माइला छोरा हिमानन्द जैसी, साहिँला छोरा गङ्गाधर तथा कान्छा छोरा भवानीशङ्कर जैसीलाई गाईगोठ लगी बहादुरपुरको उक्त जग्गा आवाद गराई उत्पादन र उत्पादकत्व वृद्धिका लागि पठाए, ज्येष्ठपुत्र जग्गुप्रसाद भुसालडाँडामै बुबासँग रहे। पछि बहादुरपुर आसपासमा थप जग्गा पनि जोडे। आफ्नो जागिरको पारिश्रमिकस्वरूप थप जग्गा पनि पाएका थिए। वि.सं. १८६१ मा पाल्पा अधिराज्यको पतनसँगै उनका ज्येष्ठपुत्र भुसाल-डाँडाबाट पलायन भई आफ्नो मावली घर पर्वत, फलेवासतिर गएका थिए भने अन्य भाइ बहादुरपुर क्षेत्रमै बसेका थिए।

राज-ज्योतिषी जनार्दन जैसीको मृत्यु पश्चात् वि.सं. १८६२ मा बहादुरपुर क्षेत्रको उक्त बिर्ता-जग्गाको केही भाग नेपाल सरकारबाट "बासठ्ठी हरण" मा परेकाले सो फुकुवाका लागि हिमानन्द जैसी (भुसाल) र भाइहरूले नेपाल दरबारमा निवेदन (अर्जी) हाले[७१]। यसको आवश्यक छानबिनपछि नेपाल सरकारबाट उक्त बिर्ता वि.सं. १८७७ मा पुनः थमौति भयो, सोको प्रमाण **अनुसूची ४** मा दिइएको छ। राज-ज्योतिषी जनार्दन जैसीका ज्येष्ठपुत्र जग्गुप्रसादले भुसालडाँडाको अंश लिएकाले सो बिर्ता जग्गा हिमानन्द र उनका भाइहरू (गङ्गाधर र भवानीशङ्कर भुसाल) को नाममा कायम भयो।

७१) नेपाल एकीकरणको अभियानमा ज्यादा राज्यकोष खर्च भई वि.सं. १८५५ देखि नेपालको राष्ट्रिय आयमा ठूलो कमी हुन गई सरकारी कोष शून्यप्रायः अवस्थामा थियो। वि.सं. १८५९ मा सरकारी खर्चका लागि सरकारले १८६० सालको मालपोत पनि एकवर्ष अघि नै उठायो। पछि नेपालको पश्चिमी क्षेत्र एकीकरणका समयमा फौजी सङ्गठनका लागि आफ्ना समर्थक तथा सच्चा अनुयायी काजी भीमसेन थापा र पण्डित रङ्गनाथ पौड्यालको सल्लाह तथा भरोसामा तत्कालीन राजा रणबहादुर शाहको समयमा मुफ्तमा बाहुनहरूले खाएको विर्ता, देवीदेवतामा राखेका गुठी जग्गा, र थोरै इजारा तिरेर खाएका किपट जग्गा हरण गर्ने निधो गरी वि.सं. १८६१ देखि नै नेपाल अधिराज्यका सबै गुठी, बिर्ता र किपट जग्गाहरूको लगत लिन डोर खटाइयो। वि.सं. १८६२ मा राजाले ब्राह्मणहरूले पाएको विर्ता, गुठी तथा राईहरूको किपट आदि उन्मूलन (हरण) गरे, जसलाई नेपालको इतिहासमा "बासठ्ठी हरण" भनिन्छ (नेपाल, २०५२:५९, नेपाली, २०५६:६३-६४)।

पाल्पा भुसाल डाँडाबाट फैलिएका यी भुसाल परिवारका सन्तानहरू बहादुरपुरक्षेत्रबाट पाल्याकै रामपुर, माडी, परवास, बराङ्दी तथा स्याङ्जाको गल्याङ, बेलटारी, हुवास, अधिकारीडाँडा तथा लमजुङ्को टक्सार र जिता क्षेत्रसम्म पुगे[७२] । साथै, पश्चिम नवलपरासी, पूर्व नवलपरासी, रूपन्देही, चितवन, काठमाडौं आदि जिल्लामा पनि यो परिवारको बसोबास रहेको छ । हालसालैका वर्षहरूमा उपयुक्त रोजगारी, अध्ययन, अध्यापन, व्यापार-व्यवसाय गर्न तथा बसाइ-सराइ गरी युरोप, अमेरिका तथा अष्ट्रेलिया लगायतका मुलुकतिर हानिने प्रवृति पनि बढ्दो छ ।

ज्यो. जनार्दन जैसी भुसालको वंशबाट समाजका विविध क्षेत्रमा सेवा गरेका मूर्धन्य व्यक्तित्वहरूको नामावली हाल सङ्कलन भैरहेको छ । पाल्पा बराङ्दीका कृष्णप्रसाद भुसाल, पाल्पा मदनपोखराका गुणाखर भुसाल, नवलपुर अरुणखोलाका काशिराम भुसाल, दुम्कीबास क्याम्पसका प्राध्यापक बालकृष्ण भुसाल, लमजुङ, टक्सार निवासी डा. रामचन्द्र भुसाल, चितवन मङ्गलपुरका युवानेता विजय भुसाल, हुप्सेकोट, बेलवाका हरिवंश भुसाल, बुटवल नयाँमील निवासी राजनेता बालकृष्ण भुसाल आदि प्रख्यात छन् । यी भुसालबन्धुहरू आआफ्नो व्यापार व्यवसाय, प्राज्ञिक क्षेत्र, कृषि कार्य, स्वास्थ्य, शिक्षा, धर्म-संस्कृतिको संरक्षण तथा विकास एवं राजनीति तथा समाज सेवामा लागेका छन् । समग्रमा, पाल्पा-लमजुङ भेगका यी भुसाल बन्धुहरूले समकालीन समाजमा उल्लेखनीय ख्याति कमाएका छन्, भविष्यमा पनि भुसाल कुललाई थप उज्यालो दिनेछन् भन्नें आशा एवम् विश्वास गरिएको छ ।

## ४. गुल्मी, जोहाङ्

(गुल्मी/चन्द्रकोट) का राजा रुद्रप्रताप शाह (१६००-५०) का कान्छा छोरा खड्गप्रताप शाह कोरेङ राज्यका राजा थिए । आफ्ना पाँचभाइ छोराहरूको वन्दोबस्तीको उचित व्यवस्थापनका लागि उनले कोरेङ्लाई पाँच थुम/ राज्य

७२) श्री ३ महाराज चन्द्र सम्शेरका समयमा नेपाल दरबारमा अग्निहोत्री ब्राह्मणको खोजी हुँदा अर्घाली भुसालवंशका पाल्पा, बहादुरपुरका बिर्तावारका सन्तति स्याङ्जा पेलकोट निवासी पं. जयवल्लभ भुसाल नामका पण्डितलाई नेपाल ल्याई अग्निहोत्री पण्डितको काम गराइएको थियो । कास्की र लमजुङका संप्रभु श्री ३ महाराज चन्द्र समशेर राणाको समयमा पं. जयवल्लभ भुसालले लमजुङ्को टक्सारमा रहेका आफ्ना सगोत्री बन्धुहरू नजिक बस्ने इच्छा गरेकाले उनलाई नजिकैको जिता गाउँको बिर्ता दिई बसोबास गराइएको थियो । त्यहाँबाट केही परिवार तनहुँकै साँङ्गे, चितवनको मङ्गलपुर तथा नवलपुरको हुप्सेकोटतिर बसाइँ सरेका छन् ।

(जयखानी, लितुङ्, नयाँगाउँ, भुर्तुङ् तथा तोलाकोट) मा विभाजन गरी ती स्थानको मुखिया (राजा) बनाइदिएका थिए । आफ्नो जीवनकालको अन्त्यमा उनले कोरेङ्, फूलबारीमा एक महायज्ञ आयोजना गरेका थिए (ढकाल, २०६४:२) ।

यस महायज्ञमा अन्य ब्राह्मणका अतिरिक्त अर्घाबाट पनि धरम भुसाल नामक पण्डितलाई ऋत्विज ब्राह्मणका रूपमा वरणी गरेका थिए । राजा खड्गप्रताप शाहको सद्भावले ती ब्राह्मणलाई त्यहीं मन्दिरको पूजारीसमेत बनाई कोरेङ्मैं बसोबासको प्रबन्ध गरिदिएका थिए । तर नेपालको एकीकरणपछि त्यहाँको बसाइँ सान्दर्भिक नभएकाले ती भुसाल परिवार जोहाङ्तिर बसाइँ सरे । उनका दुई छोराहरू थिए: कालुराम र देवीदत्त । यी दुई भाइको बीचमा कार्य विभाजन गर्दा एकजनाले कालिका भगवती र अर्को भाइले मष्ट देवताको पूजा गर्ने व्यवस्था मिलाए । तर कुन भाइले कुन पूजा गर्ने भन्नेंमा सहमति हुन सकेन । यसैबीच वनमा चरिचरनका लागि पठाइएका दुवैका भेँडा, बाख्रा आउँदा जस्को बोका पहिले आउँछ, उसले कालिका भगवतीको पूजा गर्ने र अर्कोले मष्टको पूजा गर्नेमा सहमति गरे । यसरी आउँदा बाँसपाटा निवासी कालुराम भुसालको बोका पहिले आएकाले उनीले कालिका भगवतीको पूजाको जिम्मा पाए भने पिपलनेटा निवासी देवीदत्त भुसालले मष्ट देवताको पूजा सञ्चालन गर्ने भए । यसरी जोहाङ्मा बाँसपाटे (कालिकामात्र पुज्ने) र पिपलनेटे (मष्टमात्र पुज्ने) गरी दुई परिवारको फरक फरक परम्परा बसिआएको पाइन्छ । पछि उनीहरूमा थुम्केली, नयाँखर्के, रिपाली, मैदाने, मेवारूखे, फुर्सामाटे आदि बस्तीका नामले अलग अलग पहिचान पनि बनाएका छन् ।

जे भए तापनि जोहाङ्बाट फैलिएर ती दुईभाइका सन्तान पिपलनेटा, बाँसपाटा, नयाँखर्क, धरमपानी, रिपाहा, थुम्का, वामी, ग्वालीचौर, पौंदी, मुसिकोट, जुनिया (चिदीपानी), बडीगाडको जिमी, गौंडाकोट, जुभुङ्, दाङ, सल्यान-घुरीचौर, नवलपरासी, रूपन्देही, कपिलवस्तु, बाँके, वर्दिया, काठमाडौं आदि जिल्लाहरू, भारत तथा समुद्रपारका अन्य देशहरूमा समेत फैलिई बसोबास गरेको पाइन्छ । यी खानदानबाट बाग्लुङ् ग्वालीचौरका खिमानन्द भुसाल मा. जिल्ला न्यायाधीश हुनु भएको छ । श्री सुरेश भुसाल (पौंदी) गुल्मी, रेसुङ्गा तपोवनका प्रमुख भई आध्यात्मिक चिन्तनमा संलग्न हुनुभएको छ । डा. दामोदर भुसाल लुम्बिनी प्रदेशको योजना आयोगका सदस्य हुनुभएको छ । दाङ, तुलसीपुर भेगमा गएका उद्यमी स्व. भवीश्वर भुसालको परिवार चिकित्साक्षेत्रको व्यवसायमा संलग्न भएको पाइन्छ । पश्चिम दाङको भमके निवासी दुर्गाप्रसाद भुसाल आफ्नो जातीय, गोत्रीय तथा सांस्कृतिक संरक्षण तथा प्रवर्द्धनमा संलग्न हुनुहुन्छ ।

## ५. अन्यः गुल्मी, धुरकोट, इस्मा, मुसिकोट आदि

भारतमा तत्कालीन मुसलमान शासकहरूबाट हिन्दु जनतामाथि भएको ज्यादतीका कारण तेह्रौंदेखि सोह्रौं शताब्दीकाबीचमा नेपालतर्फ धेरै हिन्दुहरू प्रवेश गरेका थिए । त्यस्ता आप्रवासीहरूका अधिकांश वंशावली हेर्दा ४०० देखि ७०० वर्षको बीचमा २० देखि ३५ पुस्ता भएको पाइन्छ (रामिरेज, २०००: १११) । यस आधारमा १०० वर्षमा औसत पाँच पुस्ताको हिसाब गरिएको हुन्छ । यसो गर्दा अर्घाका राजगुरु ज्यो.पं.वे. रामभक्त जोशी भुसालको अर्घाको राजगुरुमा नियुक्ति भएको वि.सं १३७० पछि अहिलेसम्म झण्डै ७०९ वर्षमा ३५ पुस्ता हुन आउँछ । तर अर्घाको राजकाजमा राजाका भाइहरूमा पालैसँग राजगद्दी उत्तराधिकार सर्दै गएको र राजाको उत्तराधिकारी परिवर्तन हुनासाथ राजगुरुको उत्तराधिकारी पनि फेरिएको देखिएकाले कतै राजगुरुको पद पनि भाइहरूमा घुमेको त थिएन ? भनी अनुमान लगाउन सकिन्छ । यो थप अध्ययनको विषय हुन सक्दछ तैपनि हालको यस अध्ययनमा ज्यो.पं.वे. रामभक्त जोशी भुसाललाई प्रथम पुस्ता मानी उप्रान्तका उनका उत्तराधिकारी सबैलाई अर्घाको घण्टमा उल्लेख भएबमोजिम र जि. जीवानन्द भुसालको लिखत तथा पूर्वजहरूका जनश्रुतिका आधारमा इतिहास तयार गरिदै छ ।

अर्घा र वर्तमान गुल्मी जिल्लाका धुरकोट, इस्मा, मुसिकोट आदि भेग छिमेकी गाउँहरू भएकाले अर्घाका भुसाल परिवार पछिल्लो चरणमा धुरकोट भेगको वाग्ला, जैसीथोक (किमुखर्क, कोरापानी, टिमुरपानी, कोल्बोट) वस्तु, हर्रे, पालुखा, गोपे, इस्मा-रजस्थल, अमरपुर आदि गाउँमा बसोबास गरेको पाइन्छ । अझ, धुरकोटक्षेत्र पार गरी मुसिकोट र इस्मा भेगमा समेत पुगेका छन् । अर्घाको भूभागसँग जोडिएको गुल्मीको रानीवास, चारपाला, गौंडाकोट आदि क्षेत्रमा पनि भुसालहरूको बसाइँ सर्ने क्रम जारी रह्यो । गुल्मीको चारपाला क्षेत्रमा बसाइँ सरेका भुसाल परिवारको बस्ती हाल रानीवास-सिमीचौर, तम्घास, गुल्मी-चारपाला, गौंडाकोट, जुभुङ, हुँगा-झेर्दी, चोयँगा, लुम्छा, श्रृङ्गा, दिगाम आदि क्षेत्रमा रहेको छ ।

विस्तारै भुसालहरूको बस्ती अन्यत्र जिल्लाहरूमा फैलदै गएको पाइन्छ । माथि उल्लिखित जिल्ला र गाउँका अतिरिक्त शुरूशुरूको बसाइँ-सराइमा दाङ, प्यूठान, रोल्पा, रूकुम, सल्यान, पश्चिम-बाग्लुङ, दैलेख-तर्ताङ, सुर्खेत आदि पहाडी जिल्ला रहेका भए तापनि तराईमा औलो उन्मूलनपछि विस्तारै बसाइँ-सराइ मधेसतिर हुन थालेको हो । अहिले मकवानपुर, चितवन, नवलपुर, पश्चिम

नवलपरासी, रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली तथा कञ्चनपुरमा धनञ्जय-गोत्रीय भुसालहरूको बाक्लो बस्ती छ। काठमाडौं उपत्यका तथा मध्य र पूर्वी तराईका जिल्लाहरूमा पनि बसाइँ-सराइ निरन्तर जारी छ।

अर्घा राज्यको पश्चिमी छिमेकी राज्य प्यूठान, रोल्पा तथा रूकुममा भने भुसाल परिवारको वसाइ धेरै पछिमात्र भएको पाइन्छ। प्यूठानको मानागाउँ, सिउरीकाटे, सेपुङ, दाङबाङ, बिचचुली (बिजुली), पकला, बरौंला, बाङ्गेसाल, दर्भान, बेलबास, रानीटार, सारी, स्वर्गद्वारीखाल आदि स्थानमा अर्घा-बाँगी, केरूङ्गा, बलकोट, ढाकाबाङ, राज्मी, अर्जुन, पुरकोट आदि स्थानहरूबाट बसाइँ सरेर गएको पाइन्छ। प्यूठानबाट पनि रोल्पाको खुङ्ग्री तथा पश्चिम बाग्लुङको निसीखोला र भुजीखोला क्षेत्रबाट केही परिवार रूकुमतिर लागेका छन्। दाङ र देउखुरी क्षेत्रमा त धेरै पहिले देखि नै गुल्मी तथा अर्घाखाँचीबाट भुसाल परिवारको ठूलै समूह वसाइ सराइ गरेको पाइएको छ। पूर्वी दाङ (रामपुर, स्युजा, घोराही आदि), तथा पश्चिम दाङको नारायणपुर, बिजौरी, कालाखोला, हलवार, गाईडहर, वनकट्टा, टरीगाउँ, पातुखोला, भमके, श्रीगाउँ, हापुरे, सुन्दरखाल आदि भेगमा पनि भुसाल परिवारको बाक्लो बस्ती छ। वर्तमान गुल्मी जिल्लाको **पुरकोट** अर्घाली भुसाल परिवारको सबभन्दा पुरानो गोठबस्ती भएकाले देहायमा त्यसको अलगै विवेचना गरिएको छ।

# खण्ड पाँच
# पुरकोटमा भुसालवंश

## १. पुरकोटमा बस्ती विकास र विस्तार

भुसालवंशको वि.सं १३७० मैं अर्घा सरहदमा प्रवेश भएको र वि.सं. १३८१ देखि निरन्तररूपमा अर्घाका राजदरबारसँग जोडिएको पाइन्छ । अर्घा राजदरबारका प्रथम राजगुरु ज्यो.पं.वे. रामभक्त जोशी (भुसाल) का सन्ततिले अर्घा अधिराज्यमा कुलदेवी महाकाली-भगवतीको पूजाको कार्य निरन्तर रूपमा गरिआएका छन् । त्यही परिवारबाट दरबारमा काजी (प्रधानमन्त्री) को जिम्मेवारी पनि प्राप्त भएको पाइन्छ । ती राजगुरुका सन्ततिहरूको अन्य भूभागमा भएको फैलावट माथि नै वर्णन गरियो । यहाँ **पुरकोट क्षेत्र**को बस्ती विकास र विस्तारमा भुसालवंशको योगदानको चर्चा गरिनेछ ।

माथि नै वर्णन गरिसकियो कि, अर्घा अधिराज्यका राजा धनराज शाह (१६५०-७५) ले खाँची अधिराज्यका राजा ध्वजन शाह (१६२७-६९) सँग सन्धिखर्कमा शान्ति-सम्झौता गर्न बाध्य भएपछि अर्घाका ती युवा राजाको राज्य विस्तारको महत्वाकांक्षाले उत्तरीक्षेत्रतिर डोराएको थियो । फलस्वरूप आफ्ना राजगुरु वे. श्रीधर भुसालबाट उपयुक्त साइत जुराई तथा धुरकोटका राजा जगत् मल्ललाई तटस्थसमेत राखी इस्माक्षेत्र (खामदेश/अमरभूमि/मर्भुङ) को दक्षिण-पश्चिमी भेगबाट आक्रमण गरेका थिए । इस्माक्षेत्रका आत्रेय गोत्रीय अन्तिम ब्राह्मण राजा प्रभाकर भट्टका फौजसँग भएको युद्धबाट वि.सं. १६५२ को वसन्तमा वर्तमान पुरकोट भेग विजय गरेका थिए । तत्कालीन राजाको आदेश बमोजिम वि.सं. १६५३ कै ज्येष्ठ महिनामा सो विजित भूमिमा राजगुरु श्रीधर भुसालका छोरा अनन्ताखरको नेतृत्वमा नाती रुद्राखर तथा गोठमा कार्यरत कमारा तथा गोठालाहरूको समूहसमेत भई जम्मा बाहबीस (२४०) गाई तथा आठविस (१६०) भैंसी लगी गोठ राखेका थिए ।

भुसाल परिवारले पुरकोटमा गोठ लगी शुरुमा वर्तमान मधाने-४ मेहलेपोखरीको बडाचौरमा अस्थायी बसोवास गरे । तापनि पानीको अभावको कारण त्यहाँको बसाइ लामो समय टिक्न सकेन । वर्तमान पुरकोट, भगवती मन्दिर रहेको डाँडाको दक्षिण-पश्चिमतर्फबाट उत्तरतिर छिरेर सो डाँडाको पश्चिमतर्फ ती भुसालले भैंसी गोठ बनाए, पछि त्यहाँ गोठ-बस्ती पनि बसाए । गाईको गोठ भनें वनतर्फ सहज निकास भएको र समतल भाग पनि भएकाले केही उत्तर (थामडाँडाको पश्चिमतिर) वर्तमानको देउराली-चौरमा बनाए । पछि समुद्राखर भुसालसमेत गोठमा केही दिन रहे । उनीपछि उनका भाई शम्भुप्रसादलाई गोठ जिम्मा लगाई उनी अर्घातिर अध्ययनमा फर्किए । शम्भु भुसालसँग उनका

छोराहरू हिरण्य भन्ने हरिकृष्ण भुसाल र नातिहरू पं. कालु र पं. देवु भन्ने धनु भुसालले लामो समय गोठमा रही गोठको थप विस्तार गरे । पछिल्लो पुस्ताका वाचस्पति भुसाल पनि लामो समय गोठको हेरचाह र विस्तारको कार्यमा रहे । उनले आफ्ना छोराहरू (किसनदास भुसाल र कालिदास भुसाल) का साथ रही गोठक्षेत्र थप गुल्जार बनाउँदै लगे । पं. कालुका पुत्रहरू किसन, चिन्तु, धरम तथा प्रयाग अर्घातिर फर्किई उतैको कृषि कर्ममा संलग्न भए । गोठमा वाचस्पति र उनका ती पुत्रले सबै जिम्मेवारी लिए, गोठ विस्तार गर्दै लगे । पछि किसनदासका पुत्रहरू रामपति र तुलसीरामले पनि आफ्नो भागको अंश जग्गा सेन ओलीलाई विक्री गरी अर्घातिरै लागे । यसरी पुरकोटको बसाइपछि अर्घातिर फर्किएका भुसालका ती सन्ततिलाई हाल अर्घा भेगमा पुरकोटे भुसाल भनी चिनिन्छ । अर्घामा आएका राजगुरु ज्यो.पं. वे. रामभक्त भुसाललाई प्रथम पुरुष मानी गणना गर्दा उहाँदेखि २६ औं पुस्ताका राजगुरु श्रीधर भुसालदेखि पुरकोट भेगमा भुसालवंशको बसोबास भएको र यस पुस्तकका लेखक ४३ औ पुस्तामा रहेका र हाल हाम्रा नाति पनि भैसकेको सन्दर्भमा ४५ औं पुस्ता चलिरहेको छ । यसप्रप्रकार पुरकोटमा भुसालवंशको वसाइका २० पुस्ता व्यतीत भएको देखिन्छ । एकपटक पुरकोटमा घरबास बनाई बसोबास गरी पुनः अर्घातिर फर्केका भुसाल र पुरकोटमै बसोवास गरिरहेका भुसालवंशको विवरण अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

पूर्वतिर फर्केको पाहारिलो स्थान तथा पानी पँधेरा (लेक-पँधेरा) पनि नजिकै भएकोले वर्तमान दुर्गामन्दिरको तलपट्टि राम्रा घरसमेत बनाए । पहिलो घरबास बनाई बस्ती बसेको वर्तमान भगवती मन्दिर (कोट) को मुन्तिर जैसीथोकको बारी (अर्घाका भुसाल जैसी आई बसेकाले जैसीथोक भनिएकोमा घरहरू थपिए । पुरकोटको सवभन्दा पहिलो गाऊँ बनेकाले नै यसलाई गाउँ अथवा गाँव भनिएको थियो । अहिले पनि सो स्थानलाई गाँवकै नामले पुकारिञ्छ । गाँवमा आफ्नो सुविधाजनक बसोबासका लागि ती भुसाल परिवारले घर बनाएका थिए । बिर्ताको सो भूमि लामो समयसम्म अर्घाली भुसालहरूको गोठे-घरकै हैसियतमा रह्यो । अर्घा र सो गोठको पायक असाध्यै मिलेकोले भुसालहरूको अर्घाबाट आवत-जावत बाक्लिंदै गयो । अर्घामा दशैंलगायतका प्रमुख चाडपर्व मनाउनका लागि मात्र कहिलेकाहीं उता जाने गरिन्थ्यो ।

अर्घाभन्दा अलि फराकिलो ठाउँ भएकाले वस्तुभाउ पालनका लागि उपयुक्त स्थल थियो त्यो भेग । लामो समयसम्म अर्घाली भुसालको गोठकै रूपमा रहेको सो क्षेत्रमा विस्तारै बस्ती विकास हुँदै गयो । अर्घाको गोठको रूपमा रहेको भए

तापनि भुसाल परिवारका भाई-छोराहरूको छुट्टीभिन्नसँगै विस्तारै जङ्गल घटाई घर-गोठको विस्तार हुँदै गएबाट कतिपय भुसाल परिवारको घरबास नै उतै बाक्लिदै गयो। कोटको पश्चिमतर्फको भूभागमा पनि घर बस्ती बस्यो। दुई बस्तीको एउटै नाम दिन कठिन भएकाले उताको बस्तीलाई पुरी भनियो। पछि वि.सं. १७९० मा डाँडाको थुम्कोमा अर्घाबाट देवता तथा उनका भाँडा एवं हात-हतियारसमेत ल्याई धनु भन्ने देवु भुसाल र उनका छोरा बाचस्पति भुसालले दुर्गा भगवतीदेवीको मन्दिर (कोट) स्थापना गरेका थिए[७३]। अन्ततोगत्वा, 'गोठ' मात्रको नामले चिनिने सो क्षेत्रको नाम राखियो **पुरकोट**। राम्रो गाउँ बस्ती बसेको ठाउँलाई पुर भनिएको र त्यहाँका निवासीले बनाएको कोट भएकाले पुरकोट भन्नु स्वाभाविकै हो। अर्थात् पश्चिमतर्फको भैंसीगोठ राखेको बस्ती (पुर/पुरी) र त्यस माथिको थुम्को (कूट) मा देवीको मन्दिर अथवा कोट स्थापना गरिएपछि पुरीकोट भन्दै गर्दा त्यहाँको नाम पुरकोट हुन गयो।

**पुरकोटे भुसाल वंशको दुर्गापूजा परम्परा**

यहाँ एउटा रोचक प्रसँग यो छ कि, अर्घाली भुसालहरूले हरेक दशैंको नवरात्रिमा दुर्गा-पूजा (कालरात्री) गर्दा आफ्ना गोठका सबै हात-हतियार (हँसिया, खुर्पा, सेंगी, खुर्पी, खुकुरी, बञ्चरा, कोदाला, फरूवा, गल, खन्ती, मुसेरी, बछुला, हलाका फाली आदि) अर्घास्थित घरमा दुर्गा थाप्नका लागि लैजानु पर्दथ्यो। यता गोठमा ती हात-हतियार बिना कृषिका सबै काम रोकिने अवस्था भयो। आवत-जावतको हिसाबले पनि गोठदेखि अर्घा झण्डै दिनभरको बाटो भएकाले कठिनाइ पनि महशूस भैरहेकै थियो। त्यसैकारणले होला, अर्घाका राजा जयन्तराज शाह

---

७३) पं. कालु भुसालका छोराहरु किसन, चिन्तु, धरम तथा प्रयाग आफ्नो अंशको जग्गा पाल्पातिरबाट आएका सेन ओली परिवारलाई विक्री गरी अर्घातिर फर्किए। पं. धनु भन्ने देवुका पुत्र वाचस्पति भुसालको भने पूर्णरुपमा पुरकोटतिरै स्थायी बसाइ भयो। उनका छोराहरु किसनदास तथा कालिदासका सन्तानमध्ये किसनदासका छोरा रामपति र तुलसीरामले पनि केही दशकपछि आफ्नो जग्गा उनै सेन ओली परिवारलाई बेचेर अर्घातिर नै फर्किए। कालिदास भुसालका छोरा (हरिराम र नरहरि) मध्ये हरिरामका छोरा नीलकण्ठको पुरकोट, तुलसीमैरा नजिक पोखरामुनि बसोवास थियो। नीलकण्ठका छोरा दुर्गादास अर्घा अधिराज्यका काजी भएका थिए भने उनका छोरा वैकुण्ठ भुसाल अर्घाका अन्तिम काजी थिए। उनले वि.सं. १८४७ मा पुरकोट, गाँवमैं अन्तिम सास फेरेका थिए। काजी बैकुण्ठपछि उनका उत्तराधिकारीहरु क्रमशः रघुपति, मु. धनेश्वर, मु. खिमानन्द, मु. डिलाराम अर्घामा शक्तिशाली व्यक्तिकारुपमा चिनिन्थे। अर्घा कुँडापानीका मु. खिमानन्द भुसाल र पुरकोट, बाँजकटेरीका मु. डन्नु भुसालका समयबाट उनीहरुको परिवार पुरकोट (बाँजकटेरा) बाट पूर्णरुपमा विदा भई अर्घा कुँडापानी क्षेत्रमा फर्किएको थियों।

(१७२५-५०) र पुरकोट समेतका जानकार राजगुरु ज्यो. समुद्राखर भुसालका समयदेखि उनले आफ्ना भाइ-भतिजहरूलाई आदेश दिए कि, "यी सारा भाँडाकुँडा बोकेर दुर्गा थाप्ने प्रयोजनका लागि ओहर-दोहर नगराऊ, बरू गोठमा अष्टमीको बिहान भगवतीको शरण परी आफ्नो कठिनाई जाहेर गर्दै गोठको मूल-चौकामा एक बोका दुर्गादेवीका नाममा बलि दिएर त्यसको रगत ती हात-हतियारमा छिट्केर दुर्गा पूजा गर । बलि दिइएको बोका सफा गरी अगेनामाथि झुण्डाएर राखी कालरात्रिका लागि आउन सक्ने बलिया-बाङ्गा व्यक्ति साँझसम्म अर्घा आउने गर । आउन नसक्नेहरू उतै गोठमा बस्न लगाऊ" राजा र राजगुरुको आदेशअनुसार भाइ-भतिजहरूले त्यसै गरे । यसै कारण सो गोठमा त्यही चलन चल्यो । पारिलो तथा रसिलो सो भूमिमा बस्तीको विकास भएसँगै अर्घाबाट वि.सं. १७९० मा महाकाली भगवती (दुर्गा-भवानी) र भैरवको मूर्तिलगायतका देवी-देवता लगी त्यहाँको उच्च डाँडोमा राखी प्राण-प्रतिष्ठा गराई अर्घाको जस्तै कोटको स्थापना गरियो ।

## २. दुर्गा-भगवतीको मन्दिर (कोट) स्थापना र पूजाको व्यवस्था

अठारौं शताब्दीको उत्तरार्द्धमा अर्घाका राजा हटिराज शाह (१७७५-१८००) को समयमा पं. काथु भुसालले अर्घाको राजगुरुको रूपमा अर्घा-दरबारमा सेवा गर्दथे । बढ्दो जनसंख्या र पशुपालन तथा कृषिका लागि उर्वर भूमिको रूपमा रहेको पुरकोटमा स्थायी घरबास बनाई राजगुरुका छोरा-नातिहरूको पुरकोटतर्फ नै बसोबासको व्यवस्था हुन थाल्यो । भगवती मन्दिरमा पूजा-आजा, वेदपाठ, चण्डीपाठलगायतका धार्मिक तथा अन्य सांस्कृतिक कार्यका लागि वर्तमान प्यूठानको बिच-चुली (बिजुली) का विद्वान् पण्डित उदय उपाध्यायलाई पुरकोटमा स्थापित महाकाली भगवतीको पूजारीका रूपमा पुरकोट लगियो । उनका सुपुत्र सुमन्तु उपाध्याय भट्टराईका सन्ततिहरूले भगवती मन्दिरमा वेदपाठ, चण्डीपाठ आदि सबै धार्मिक कार्य गर्ने गराउने जिम्मेवारी पाए, जुन परम्परा अद्यापि छ । उनका सन्तान पुरकोटका गाउँ-घरमा प्रमुख पण्डित तथा गुरुखलकको रूपमा स्थापित भए । उनका परिवार अद्यापि पूजनीय, वन्दनीय, अनुकरणीय तथा अनुसरणीय समेत मानिन्छन्[७४] ।

पुरकोटको भगवती मन्दिर (कोट) मा बडादशैंको नवरात्रिको समयमा उपासक


पुरकोटको नवनिर्मित दुर्गा भगवती मन्दिर


मन्दिर भित्रको दुर्गा भगवतीको मूर्ति

बस्ने ब्राह्मण तथा अन्य उपवासहरूका लागि खानेपानी बाहेकका अन्य प्रयोजनको लागि पनि पर्याप्त पानी आवश्यक पर्ने र जोल्टे-कुवा (लेक-पँधेरा) को पानी अलि टाढा पर्ने भएकाले अर्घा, कुँडापानीस्थित इट पार्ने ठाउँबाट भुसाल भाइहरू गोठ जाँदा आफ्नो डोकोमा इटासमेत बोकेर पुरकोट लगी कोटको उत्तरतर्फ एउटा इनार पनि बनाए । सो इनारलाई हाल बारबेर गरी संरक्षण गरिएको छ । वस्तु-भाउका लागि अलि तल एक पोखरी पनि खने । पोखरीमुनिको बस्तीमा बस्ने भाइ खलकले पानी पँधेरा अलि टाढा भएको कारण भोज-भतेर गर्नुपर्दा पँधेरा नजिकैको चौरमा नै गर्न थाले । तद्उप्रान्त त्यस चौरको नाम नै भतेर-चौर हुन गयो । कालान्तरमा त्यस स्थानको नाम भच्चौर वा भद्रेचौर पनि भनियो ।

दुर्गा भगवती मन्दिर (कोट) को पूजाका लागि वर्तमान प्यूठान जिल्लाको

७४) भट्टराई वंशावलीमा खाँचीका राजगुरु आफ्ना मित्र जगत्पतिका जेष्ठपुत्र विद्वान् पण्डित सारन उपाध्याय भट्टराई ब्राह्मण पनि पुरकोटतिर गएको बताइएको छ । भट्टराईबन्धुहरूका वंशावली अनुसार सारन उपाध्याय भट्टराई खाँचीकोटका राजगुरु जगत्पति उपाध्याय भट्टराईकी कान्छी पत्नी तर्फका जेठा छोरा थिए (माइला तारन बलकोटका भट्टराईका पूर्खा, र कान्छा नारन खाँचीका भट्टराईका पूर्खा हुन्) । जगत्पतिका बुवा बासुदेव गोरखाका न्यायप्रेमी राजा राम शाहका गुरु पं. यज्ञश्वर उपाध्याय भट्टराईका नाति तथा पाल्पाली सेनवंशीय राजा अकबर सेनका कुलगुरु माधवराम उपाध्याय भट्टराई (शक्ति) का छोरा थिए (भट्टराई, २०४९:७२८, भट्टराई, २०६५:१८२-८३) । तर पुरकोटका भट्टराईहरूले आफ्ना पूर्वज प्यूठान विजुलीबाटै आएको बताउँदछन् ।

बिच-चुलीबाट ल्याइएका पण्डित उदय उपाध्याय भट्टराई (उप्रेत-परिवार) का लागि कोटको दक्षिण-पश्चिमी भागमा बसोबासका लागि अलगै एक बारी छुट्टाइयो, जसलाई आज पनि उप्रेतबारी भनिन्छ । ती पण्डित ब्राह्मणका लागि चोखो पानीका लागि अलगै कुवा (पँधेरा) को पनि व्यवस्था गरियो । त्यस पँधेरामा ती ब्राह्मणले मात्र पानी भर्न पाउने भएकाले त्यसलाई बाहुनपानी भनियो । उनका सन्तानलाई गाई, भैंसी आदि वस्तुभाउ पालनका लागि वर्तमान बाँजकटेरीको उर्लेनी र ग्यानक्षेत्र उपलब्ध गराइयो । केही समयपछि उप्रेतबारी र उर्लेनीको जग्गा उनीहरूले ह्वाङ्दीका कालीकोटे थापा परिवारलाई बिक्री गरी कोटको पूर्वको भिरालो भागतर्फ सरे । ग्यानको जग्गा भुसाल परिवारले लिई फप्रेटा र फलाटेस्थित आड्चौरक्षेत्र उनीहरूलाई दिए । खाक्सीपाटा, धारापानी आदि क्षेत्र पनि क्रमशः आवाद गरियो, बारी बनाइयो । खोरिए खनेर खाँटी पाटा (बारी) बनाइएकाले कालान्तरमा त्यसलाई खाक्सीपाटा भनियो भने फापर छर्ने बारीलाई फप्रेटो नाम दिइयो । जनसंख्या वृद्धिसँगै धनहर खेतका लागि पनाहा खोलाको वल्लो-पल्लो दुबै किनारमा खेत बनाइयो, विस्तार गर्दै लगियो । ती भट्टराई पण्डितका परिवार विस्तारै सिमखेत भएको बेशीतर्फ पनि बसाइँ सर्न थाले, जसलाई आज सिम भनिन्छ । यसरी ती भट्टराईका वंशज विस्तारै खाक्सीपाटा, झाँक्रीसल्ला, धारापानी, फप्रेटा, बिरौटा, सिम-आडचौर, बडाचौर, दह आदि स्थानमा फैलिएका छन् । कतिपय परिवार दाङ, सुर्खेतको गुर्वाकोट, मेहलपानी, बाँके, कपिलवस्तु, रुपन्देही, नवलपरासी, काठमाडौं आदि स्थानमा बसाइँ सर्दै गएको पाइन्छ ।



देवीपूजन, दैनिक जीवनयापन तथा कृषिकर्मका लागि आवश्यक पर्ने दर्शनी (वाजा-गाजावाला) तथा शिल्पकार (भाँडाकुँडा, चोया-चित्रा, जुत्ता, गर-गहना, फलामका औजार, हात-हतियार आदि बनाउने जनशक्ति) पनि अर्घातिरबाट भुसाल-बन्धुसँगै गएका थिए । नवस्थापित दुर्गा भगवती मन्दिरमा अर्घा भगवतीको मन्दिरकै पूजाविधि अपनाइयो । घर परिवार र भैंसीगोठ पुरतिर भए तापनि भेँडा,

बाख्रा र लैना भैँसीका लागि कोटमुनि गाँवको (जैसीथोक) बारीमा गोठ बनाई राखिएको थियो । बारीको माथिपट्टिबाट उत्तर-दक्षिण हिंड्ने मूलबाटो खोलियो । बाटामाथि अर्घाकै शैलीमा कोट नजिक दर्शनीहरूको बस्ती बसाइँयो[७५] । देवीपूजामा भगवतीको बढाइँका लागि बाजागाजाको बारम्बार जरूरी पर्ने भएकाले कोट आसपास दर्शनी समुदायको बस्ती बसाल्नु मनासिबै थियो । पुरकोटकी दुर्गा भगवती मन्दिर (कोट) को पूजा-आजा अर्घाकोटको जस्तै वर्षेदशैँ र चैते दशैँ गरी वर्षको दुईपटक धुमधामसँग गरिने परिपाटी बस्यो । पुरकोटभेगमा विस्तारै विविधतापूर्ण बस्तीको विकास तथा विस्तार पनि हुँदै गयो । अर्घाको गोलखाडाबाट पुरकोट भेगमा आएका धर्मराज कुँवर वि.सं. १८३२ तिर पुरकोट बसाइँ सरे, इस्माली राजाबाट उनले कोटमा शान्तिसुरक्षाको काम गर्ने उमरावको पदवी पनि पाएका थिए ।



*तुलसीमैरास्थित हाल जीर्णोद्धार गरिएको पुरानो पोखरी*

आफ्ना वस्तुभाउलाई पानी खुवाउने प्रयोजनका लागि भुसाल परिवारले वर्तमान तुलसीमैराको दक्षिणतिर एउटा पोखरी पनि खनाएका थिए, जसको २०७८ साल माघमा जीर्णोद्धार गरिएको छ । यस पोखरीमा ऋषितर्पणी पञ्चमीमा स्थानीय महिलाहरूले पूजा गरी अर्घाकै शैलीमा दुर्गा भगवती मन्दिर (कोट) को उत्तरतर्फको स्थानमा हरितालिका तीजको मेला भर्ने गर्दथे । हाल पनि सो चलन कायमै राखिएको पाइन्छ । सो पोखरीको तलपट्टि भुसाल परिवारका केही घरहरू थिए । बस्ती विस्तारकै क्रममा पशुपालनका लागि वनजङ्गलको प्रचुरता हेरी विस्तारै अझ उत्तरतर्फ (वर्तमान बाँजकटेरीभेग) पनि गाई गोठ सारियो । खासगरी जेठा किसनदास भुसालका छोराहरू जैसीथोक तथा पुरतिरै रमाए । अर्घातिरको आग्रहले पनि उनीहरूलाई तानिरहेको थियो ।

---

७५) दर्शनी (दमाही) जाति भारद्वाज गोत्रका मानिन्छन् भनें सामथ (सार्की) को काशी वा कौशिल्या गोत्र हो (पौड्याल, २०६६:२६) ।

कान्छा भाइ कालिदास भुसालका छोराहरू (हरिराम तथा नरहरि[७६]) गाँवको बसाइँ यथावत राख्दै बाँजकटेरी भेगतर्फ आकर्षित भए, बाँजकटेरातर्फको गोठ बस्ती विस्तारमा लागे । अर्घाको घरतिर पनि लगाव रहेका किसनदासका छोराहरू (रामपति भुसाल तथा तुलसीराम भुसाल) का सन्ततिले अर्घातिरै फर्कने मानसिकता बनाए । उनका सन्तति अर्घाको जोगिमारेक्षेत्र तथा धारापानी क्षेत्रबाट अन्यत्र फैलिएका छन् । यसै क्रममा पाल्पा, तानसेनबाट वि.सं. १८६३ मा तत्कालीन राजा पृथ्वीपाल सेनको काठमाडौंमा भएको हत्यापछि विस्थापित भई पुरकोट सरहदमा पुगेका राजकुमार वीरबल सेनको परिवारलाई आफ्नो पुरतिरको जग्गा वि.सं. १८६४ तिर बिक्री गरी अर्घातिरै लाग्ने मनसाय बनाए । क्रमशः उनीहरूले आफ्नो जग्गा बिक्री गर्दै गए । पछि कालिदासका कान्छा छोरा नरहरि बाँजकटेरातिर स्थापित हुँदै गए, केही भाग दाजु हरिराममलाई पनि राखिदिए ।



हरिरामका छोरा नीलकण्ठ अलि चलाक थिए । उनले अर्घाको राजकाजमा आफ्नो वर्चश्व कायम राख्न चाहन्थे । उनले आफ्ना छोरा, नातिहरूलाई अर्घा, मैदानको वेद पाठशालामा पढाइरहेका थिए । उनका छोरा दुर्गादास भुसाल अर्घा अधिराज्यमा काजी भएका थिए भने नाति वैकुण्ठ अर्घा अधिराज्यका अन्तिम काजी थिए । अर्घा अधिराज्यको विशाल नेपालमा सम्मीलनपछि काजी वैकुण्ठ भुसाल केही वर्ष पुरकोट, गाँवमा नै आई बसेका थिए । वि.सं. १८४७ मा उनका देहान्त भएपछि उनका तीन जना छोराहरूले गाँवको जग्गा बिक्री गरी अर्घातिर फर्कने मनसाय बनाए । यही क्रममा बिक्री गर्दै जाँदा वि.सं. १८८० मा नन्दु जैसीले आफ्नो भागको अंश उनै सेन ओली परिवारलाई जिम्मा लगाई अर्घाको बाँगी हुँदै जोगिमारेतिर सरे तापनि बाँजकटेरीतिर केही गोठभाग कायमै राखे । तीन भाइको अंशवण्डा हुँदा बाँजकटेराको जग्गा कान्छा रघुपति भुसालले स्याहारे । उनका शेषपछि मु. धनेश्वर भुसालहुँदै मु. खिमानन्द भुसालको भागमा थियो । तर पछि धनवीर सेन ओलीलाई सो जग्गा बेचेर उनका परिवार पनि पूर्णरूपमा पुरकोट छाडी अर्घातिरै लागे । बाँजकटेरीभेगको बस्तीमा कान्छा भाइ नरहरि

७६) कालिदास भुसालका कान्छा छोरा नरहरि (१७८०-१८३२) जेष्ठ महिनामा बेवराटारीको खेतमा आलि काट्ने काममा खेताला लिई गएका थिए । अर्नि (दिउसोको खाजा) खाँदा सातु असल्लिएर उनको त्यहीं मृत्यु हुन गयो । नरहरिका चार पुत्रहरू (रघुराम, हरेराम, जयराम तथा शिउराम) थिए ।

भुसालका छोराहरू (मु. रघुराम, हरेराम, जयराम तथा शिवराम) का उत्तराधिकारीहरू मात्र बसोबास गरे ।

यसप्रकार भुसाल परिवारबाट खरिद गरी पुरकोटको गाँवमा बसोबास गरेका सेन ओलीका कतिपय परिवारलाई आज पनि **पोखरीमुनिका** भनी चिनिन्छ । खासगरी तत्कालीन पुरकोट भेगका एक प्रभावशाली व्यक्तित्व गम्फासिंह ओली र उनका छोराहरू (चन्द्रमान ओली, प्रधान पञ्च निजबहादुर ओली तथा प्रधान पञ्च मानध्वज ओली) लाई आज पनि पोखरामुनिका परिवार भनेर चिनिन्छ । तर पछि उनीहरू गाँवबाट पुरतिरै सरेका छन्, उनीहरूले सो जग्गामध्ये केही भाग अपुङ्गीलाई बिक्री गरिसकेका छन् । पुरतिरको बस्ती पश्चिमको खोलाखेत (बेशीको खेतका नजिक) र खर्कतिर फैलदै जाँदा सो बस्तीको नाम **पुर** र **गाउँ** दुवै मिलाएर **पुरगाउँ** समेत बनाइएको थियो, हाल सो मलायागिरि क्षेत्रमा पर्दछ ।

वि.सं. १८८५ तिर पश्चिम बाग्लुङको बुँगाखानीबाट पुरकोट भेगमा आई बाँजकटेरा कल्घामा बसोबास गराइएका झाँक्री-मगर तथा वर्तमान बाग्लुङ (तथा पश्चिम जाजरकोट ?) तिरबाट आएका कौडिन्य तथा कपिल (?) गोत्रीय खड्काहरू वि.सं. १९१० को दशकमा पुरकोट सरहदमा आई मलायागिरी (रिपुरे, खोप्चा, मूलपानी) को जङ्गल फँडानी गरी बसाइँएका थिए । खड्का परिवारलगायतका सबै समुदायलाई दुर्गा भगवती मन्दिरको पूजा प्रक्रियामा समानरूपले सहभागी गराइयो । यी सबै थरीले आआफ्नो तर्फबाट खर्चमा पनि सहभागिता जनाए । पुरकोट भेगमा जनसंख्या बढ्दै गयो । पुरकोटका ऐतिहासिक बीर पुरुष जोजन विष्टका उत्तराधिकारीहरू पनि दुर्गा भवानी भगवतीको कोटको पूजाआजाको काममा संलग्न भएका थिए । पुरकोटको दुर्गा भगवती मन्दिरको पूजा-आजाको सबै खर्चका लागि मुख्य छ परिवार (भुसाल, कुँवर, विष्ट, ओली, भट्टराई, खड्का, झाँक्री) ले जिम्मा लिएकाले त्यसलाई “छ दाँगी”को नामले चिनिन्थ्यो । कोटमा बलि दिने आलोपालोको स्थिति पनि आपसी छलफलबाट बाँधियो । भुसाल परिवारले अर्घाबाट ल्याई स्थापना गरिएकी भगवती भएकाले र कोट स्थापनाको आरम्भदेखि नै पहिलो बलि भुसालकै हुने परम्परालाई नै स्वीकार गरियो । अर्थात् जेठो राँगो भुसाल परिवारको हुने र अरुमा क्रमशः कोटमा पसेका उपासु, तालुकदार र अन्य फेटको पालो मिलाइयो । बढ्दो जनसंख्याको चाँप तथा भक्तहरूको थप सहजताका लागि २०२१ सालतिर साबिक कोटदेखि उत्तर थामको डाँडामा र पछि पुरकोट दहमा अलग दुई

कोटहरू पनि निर्माण गरिए, परम्परा पुरानो कोटकै अपनाइयो। पुरकोटका सबै दुर्गा भगवती मन्दिर (कोट) मा अर्घाकै चलनबाट पूजाको परिपाटी चल्यो।

पुरकोटमा दुर्गा भगवतीको मन्दिर (कोट) स्थापना भई अर्घाकै विधिले पूजा-आजा चल्न थाले तापनि साविकमा गोठ छँदादेखि चलिआएको बिहानको दुर्गा-पूजाको चलन रोक्ने आँट भने धर्मभिरु कुनै भुसालले गर्न सकेनन्। बरू, स्थानीय समुदायले भुसालको यो चलन राम्रो भन्दै आफूले पनि अनुसरण गरे। अर्घाको जस्तै कालरात्रि पूजा दुर्गा भगवतीको मन्दिर (कोट) मा समुदायले सामूहिकरूपमा गर्ने परिपाटी कायमै रह्यो। भोलिपल्ट महानवमीको दिन दुर्गा-भगवतीको कोटमा हुने पञ्चबलि पूजा (परेवा उडाउने र काँक्रो, कुभिण्डो, पाठो र पाडाको बलि दिने) मा ज-जस्को पञ्चबलि थिएन, उनीहरूले त अष्टमीकै दिन दुर्गा-पूजा गरी सो भोगको प्रसादस्वरूप सबै खान थाले। यही चलन चल्नाले पुरकोट र पुरकोटबाट बसाइँ सरेका भुसालहरूले दुर्गा-पूजा बिहानमा घरमैं गर्दछन्, कालरात्रि कोटमा समाज अथवा समुदायले गर्दछ। हालसालै, पुरकोटे भनिने भुसालहरूको बाहुल्यको बस्तीमा अन्यत्रका भुसालहरूले यही परिपाटी अंगाले, अर्घातिरका भुसालहरूको बाहुल्य भएकोमा यो चलन बदलेर पुरानै चलनमा गएको पाइन्छ।

## ३. मालिका देवीको पूजा परम्परा

वर्तमान दैलेखको दुल्लूको भुसागाउँबाट वि.सं. १३७० मा अर्घामा आएका भुसालका पूर्खाले वर्तमान दुल्लू-१३ स्थित मालिकापीठ (साविकको मालिका गा.वि.स.) मा मालिका भगवतीको पूजा-आजा गरी आएका थिए। सोही बमोजिम अर्घाली भुसालहरूले अर्घामा मालिका पूजा त गर्दथे, विधि अलि इस्माका अर्यालहरूको भन्दा फरक थियो। अर्घामा गरिने मालिका पूजा पूरा सात्विक प्रकृतिको हो। गाईको दूधको धार, खिर, नयाँ अन्न-बालि पाकेपछि पनि धूप, ध्वजा, अक्षता, भेटीसहित धार दिने चलन थियो र छ। इस्मा भेगका राजा र राजगुरुसमेत रहेका तथा त्यहाँका भूमिपति भट्ट उपाध्याय (अर्याल) हरूले पनि मालिका देवीको पूजाआजा गर्ने गर्दथे। तर त्यो पूजामा निखारा कालो रङको बोका नलागेको पाठीसमेत वलि दिने चलन थियो र अद्यापि छ।

मालिका देवीलाई शिवजीका गण भनिने बाह्रभाइ मष्ट (ढँडार, कवा, कालोसिल्टो, धवलपुरो, दूधेसिल्टो, दाह्रे, लरिचाल, थार्प, बुडू, कैलाश, लाँखुरे र सुकिलोहस) देवताका नौजना बहिनीहरू (मालिका, कनकासुन्दरी, त्रिपुरासुन्दरी,

जालपा, कालिका, खेसमालिनी, ठिंग्याल्नी, दुलेल्नी र विन्दुबासिनी) मध्ये एक बहिनी मानिन्छ (गुरुङ, २०६७:१५६) । मष्ट देवताको मूलस्थान शिवजीको आश्रम कैलाश-मानसरोवर भएको विश्वास गरिन्छ । मष्टलाई विभिन्न १२ स्वरूपमा देखिने गरेको कुरा विभिन्न जनश्रुति, मागल तथा पुस्तकहरूमा उल्लेख गरिएको छ । कतिपय विद्वान्ले मष्टका जम्मा आठ दिदी-बहिनी हुन्, उनीहरूले मष्टका वरिपरि रहेर उनको सुरक्षा गर्दछन् भनी बताएका छन् । ती आठ बहिनीहरूमा ज्वाला, मालिका, जालपा, सत्या, सुर्मा, नैना, लर्पा र गौरा बताइएको छ । ती दिदी-बहिनीहरूको रूप समयानुकुल फेरिन्छ भन्नें विश्वास पनि छ । ग्रहशान्तिको इच्छाले कुलको पूजा गर्दा यी आठ-बहिनी आठ-योगिनी बन्दछन्, जन्मदिन र बैवाहिक उत्सवमा कुलको आराधना गर्दा आठ-बहिनी अष्ट-चिरञ्जीवी बन्दछन्, अनिकाल निवारण गर्न कुलको आराधना गर्दा आठ-बहिनी अष्ट-नागको रूपमा रहन्छन्, साधु तथा विद्यार्थीहरूले विद्या तथा ज्ञानको खोजीमा रहेर कुलदेवताको शरणमा जाँदा आठ-बहिनी अष्ट-सिद्धीको स्वरूपमा रहन्छन्, गाउँ वा नगरको सुरक्षा मागेर कुलको आराधना गर्दा आठ-बहिनी आठ-दिक्पाल बनेर रक्षा गर्दछन् भन्नें भनाइ छ । मष्ट देवतालाई शिवजीका प्रमुख गणको रूपमा लिइन्छ[७७] (ढकाल, २०७६:९१-९२) ।

भुसालहरू इस्मा राज्यको पुरकोट मौजामा प्रवेश गरेको र त्यतातिर इस्माली राजा एवम् राजगुरु खलक (अर्याल) ले पूजाआजा गर्ने मालिका देवीको मर्यादा राख्नु उपयुक्त ठानी सोको अनुसरण गर्दै मालिका देवीको पूजा पनि परिमार्जन गरी व्यवस्थित गरे । दुर्गा भगवतीको कोटदेखि ईशान दिशामा करिब तीन किलोमिटर दूरीमा रहेको कल्घास्थित सल्लाको रूखको एक थुम्कोमा मालिका देवीको मन्दिर स्थापना गरी हरेक चैतेदशैँ र बडादशैंमा अलग-अलग निखारा काला रङका र बोका नलागिसकेका दुई पाठी उठाई ती काली पाठीको भोग दिने प्रचलन बसाए । ती काली पाठीहरू लगेर हरेक असोज महिनाको शुक्लपूर्णिमा (कोजाग्रत पूर्णिमा) को दिन र हरेक वर्ष चैत्र शुक्लपूर्णिमाका दिनमा सबै दाजुभाइ जुटेर मालिका देवीको पूजा गरिन्छ । मालिका देवीको पूजाको विधिका लागि आरम्भदेखि नै दुर्गा भगवती मन्दिरका पूजारी भट्टराई ब्राह्मणकै जिम्मा लगाइएको थियो । यो परम्परा अद्यापि कायम छ ।

---

७७) शिवजीका अन्य गणहरूमा भैरव, वीरभद्र, मणिभद्र, चण्डिश, नन्दी, भृङ्गी, श्रृङ्गी, ऋटी, शैल, गोकर्ण, घण्टाकर्ण आदि प्रमुख मानिन्छन् । साथै, भूत, प्रेत, पिशाच, योगिनी, डाकिनी, शाकिनी, दैत्य, नागनागिनी तथा पशुहरूलाई समेत शिवगण भनिएको पाइन्छ ।

गाई-भैंसी, भेँडा-बाख्राहरूको चरिचरनलगायत पानीको आवश्यकता र वनजङ्गलको अवस्था हेरी भुसाल परिवारले पुरकोटको उत्तरी भागतर्फ थप जग्गा आवाद गर्ने निधो गऱ्यो। उनीहरूले जोल्टेकुवा क्षेत्रको कालिमाटीको भिर पार गरी जाँदा सानो खोल्सीमा पानी फेला पारे। केही दिनपछि उनीहरूले त्यहाँ गणेश भगवान्को शिला राखी पूजा गरे, बगिरहेको पानी अडाउन एउटा सानो पोखरी पनि खने। त्यस पोखरीको नाम गणेशपोखरा राखे। अलि अगाडि बढ्दै जाँदा जङ्गलको फेंदमा डाँडामुनि एक समथर जग्गा देखे। अबको बसोबास त्यतै विस्तार गर्ने मनसायले उनीहरूले लेकपँधेरामाथि बञ्चराले पहरो काटेर बस्तुभाउ हिंड्ने बाटो खोले। यस गौंडालाई द्वारे गौंडा नाम राखे। विस्तारै उनीहरूले त्यतातर्फ बस्तुभाउ खेज्दै लगे। बस्तुभाउलाई गणेश-पोखरामा पानी खुवाए। अलिपरको समथर भूमि (चौर) मा गई आफ्ना बस्तुभाउ खर्काए। केही दिनमैं बाँजका काठका खाँवा, डाँडा, भाटाले गाई-गोठ (कटेरो) बनाई बाँजकै सेउलाले कटेराका छाना छाएका थिए र बसेका थिए (सेन, २०६०:२)। मानिस, गाई, भैसी र भेँडा-बाख्राका लागि बनाइएका ती कटेराहरूको कारण नव आवादित जग्गाको नाम नै बाँजकटेरा राखे। अरु जग्गा बिराउँदै गए। बाँजकटेरा भेगमा आवादी बढाउँदै लगे। उता अर्घातिरको पायकलाई पनि यथावत रूपमा कायमै राखे।

बाँजका कटेरा बनाई आवाद गरिएको बस्ती, बाँजकटेरामा बसोबासको सुरुवात गर्ने आदि पुरुष कालिदास भुसालले आफ्नो गाईगोठ राख्ने गरेको मधानेमा एक पोखरी खनेका थिए, जसलाई आज पनि कालेका पोखरी भनिन्छ। सोही मधानेको लेकमा पनि केही समयपछि मालिका देवीको पूजाआजा गर्ने परम्परा बसालियो। उसबखत कतिपय भुसालहरूले आषाढको सुरुमैं खेत-रोपाइँ सकेर आफ्ना गाई-भैंसीको गोठ लिएर **मधाने-लेक** तथा पश्चिम बाग्लुङको बुकी-लेक र ढोरपाटनसम्म पनि वन खुवाउन जाने गर्दथे। त्यहाँ बस्तुभाउलाई चरिचरनलगायत घाँसपातको राम्रो व्यवस्था थियो। बर्षात्को यामभर उतै बसेर दशैंमा गोठ लिई घर फर्कन्थे। करिब तीन महिनाको समयमा प्रशस्त घिउ सँगालेर ल्याई हिउँदमा हाट (बुटवलतिर) लगी बेचेर नगद पार्दथे। सो रकमबाट आफूलाई चाहिने वर्षभरका वरापरिलगायतका सामान पनि खरिद गरी ल्याउँदथे।

यही सन्दर्भमा, नेटाली खलकका बगाले भन्नें महेश्वर जैसीका नाति, गणेश भुसालका छोरा देबीराम भुसाल (धामी बुढा) ले एकपटक ढोरपाटनबाट गाईगोठ लिई फर्केर घर आउँदा मधाने-लेकमा कालिदास भुसालले खनाएको पोखरी (काले-पोखरी) नजिक गाई खर्काएर बास बसेछन्। भोलिपल्ट बिहान सबै गाई-

गोरूले आँखा नदेखेर चौरमा चर्न छाडी झुँगे छन् । दिनभरी पनि गाईहरू नचरेर झुँगिरहेपछि साँझपख ती धामी बुढाले आखत हेर्दा-हेर्दै बेसरी कामेछन् । काम्दा-काम्दै उनलाई मालिका देवी उत्रेर मधाने-लेकको पश्चिमी टुप्पोनिर एक गोजिङ्ग (निगालो) को बुटो छ, त्यहींनेर मालिका देवीको स्थान बनाई हरेक तीन वर्षमा राता-सेता ध्वजा, शुद्ध घिउको धूप, भेटी, गाईको दूधको धार, गाईकै गोबरको कुण्ड, ढिकीमा कुटेको शुद्ध चोखो चामलको पखल तथा बोका नलागेको निखारा काली पाठीको बलिसहितको पूजा गर्नुपर्ने आदेश भएछ । सोही आधारमा मालिका देवीसमक्ष शरण परी भाकल (कबुल) गरी उठाई-पठाई गरेपछि ती सबै गाई-गोरूका आँखा खुलेछन्, चौरमा साबिकजस्तै चर्न थालेछन् । तद्उप्रान्त वि.सं. १९४० को दशकदेखि नै बगाले खलक, नेटाली लगायत सबै भुसाल फेटले मधाने-लेक (धुरी) मा मालिकाको पूजाआजा गर्न थालेका हुन् । विस्तारै भुसालहरूले हरेक वर्ष उँधौली र उँभौली (मार्ग, पौष, वैशाख, ज्येष्ठ तथा असार) मा व्यक्तिगत रूपमा पनि मालिका देवीको पूजाआजा गर्न थालेका हुन् ।

मालिका देवीको शक्ति ठूलो भएको र हरेकको मनोकामना पूरा हुन थालेपछि व्यक्तिगत रूपमा पनि आफ्नो घरको चुल्हाक्षेत्रमा काली पाठी मनाएर लगी उँभौली र उँधौलीमा वर्षको पाँच महिना (मार्गशीर्ष, पौष, वैशाख, ज्येष्ठ र आषाढ) पाठी चढाउने चलन बस्यो । मालिकाको पूजामा घिउको धूप, राता र सेता रङका ध्वजा, भेटीस्वरूप नगद रूपैयाँ, गाईको दूधको धार, गाईकै गोबर तथा नैवेद्यको रूपमा ढिकीमा कुटेको चामलको पखल बनाई रोट चढाउनु



मधानेको लेकस्थित मालिका मन्दिर

अनिबार्य हुन्छ । स्थानीय भुसाल र भट्टराईका अतिरिक्त खड्का, कुँवर, सेन-ओली, मगर एवम् दलितहरूले पनि मालिकाको भक्ति गर्दछन्, पूजापाठ गरिरहन्छन् । मालिका देवीको शक्ति प्रभावकारी र नतिजामूलक देखिएको छ, गाउँघरका तमाम घटनाले प्रमाणित गरिरहेको पाइन्छ ।

**मालिकादेवीको शक्ति**

*दोस्रो विश्वयुद्धताकाको कुरा हो, पुरकोट, मलायागिरि नजिक मूलपानीका सेतुराम खड्का नामक व्यक्ति ब्रिटिश-भारतीय सेनामा जमदारको पदमा कार्यरत थिए । बेलायतको तर्फबाट बर्माको लडाइँमा उनी खटिएका रहेछन् । युद्धको क्रममा बेलायतको विपक्षी जापानी सेनाले उनलाई पक्रेर लगी युद्धबन्दी बनाएछ । पुर्पक्षको क्रममा जापानी पक्षले उनलाई भोलिपल्ट फाँसी दिने फैसला गरेछ । फैसला सुनेपछि उनी साह्रै आत्तिएर पुरकोटकी मालिका देवीलाई पुकारेर भाकलसमेत गरी आफ्नो रक्षा गरिदिन भनी राती सुतेछन् । भोलिपल्ट उनका शरीरभर ठेउला उठेछन्, ज्वरो पनि आएछ । फाँसी दिनका लागि सिपाहीहरू लिन आउँदा उनको त्यो अवस्था देखेर जापानी पक्षले बिरामीलाई फाँसी दिन नहुने, निको भएपछि मात्र सो सजाय कार्यान्वयन गर्ने भनी लगत्तै अस्पतालमा भर्ना गराएछन् । करिब एक महिनापछि उनी सञ्चो भएछन् । उनी अस्पतालबाट फर्कदा दोश्रो विश्वयुद्धको अन्त्य भई दुबै पक्षबिच युद्धबन्दीहरूको आदानप्रदान गर्ने सन्धि पनि भैसकेको रहेछ । यसरी उनको फाँसी कार्यान्वयन नहुँदै उनी बाँच्न सफल भएका थिए । पछि गाउँ फर्केर उनले आफ्नो भाकलअनुसार मालिका देवीको पूजा अर्चना गरेका थिए भन्ने पुरकोटमा अहिले पनि चर्चा हुन्छ । उनी पेन्सनवालाको रूपमा वाँचुञ्जेल आफ्नो गाउँमा नै बसे, पछिसम्म पनि उनको यो कथा गाउँमा चर्चित थियो, हामीले पनि त्यहींबाट सुनेका थियौं ।*

अझ, एउटा मालिका-स्थान मन्दिरले मात्र बढ्दो जनसंख्यामा सबै भक्तहरूको पूजा गर्न नभ्याएको समेत कारणबाट हाल पुरकोटमा चारस्थान (कल्घाको सल्लारूख, मधाने-लेक, ग्यानस्थित गोठाक्ना माथिको ग्यानथान-डाँडा तथा आग्रीहरूले पूजा गर्ने होल्बाङको गोरूजुरे डाँडा) मा मालिकाको मन्दिर बनाई पूजा-आजा गर्ने गरिएको छ । पछिल्लो पटक पुरकोटबाट अन्यत्र जिल्ला (जस्तैः दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी आदि स्थान) मा पुरकोटबाट बसाइँ सरी

गएका भुसाल बन्धुहरूले आफ्नो बसाइँ भएको ठाउँमा मालिका देवीको स्थान (मन्दिर) बनाई अद्यापि तोकिएको कालीपाठीसमेतको बलि दिई पूजा गर्दछन् । मालिका देवीलाई चैत्र शुक्ल पूर्णिमामा नयाँ जौ-बालि भित्राएपछि सातु पनि चढाइन्छ । हालसालै मधाने मालिकास्थानमा श्री अरबिन्द योग-मन्दिर, नेपालका संस्थापक स्वामी रामचन्द्रदास (चन्द्रमणि भुसाल) ले काली-पाठीको बलिको बदला नरिवल तथा अन्य शाकाहारी प्रसादमात्र चढाई मालिका देवीको पूजाआजा गर्ने चलन पनि चलाएको पाइन्छ ।

स्थानीय देवी-देवतामा धूप राख्दा वा ध्वजा-पताका बाँध्दा वा भाकलस्वरूप देवी देउतालाई उठाई-पठाई गर्दा स्थानपति मण्डली भूमि-देवताको लगत्तै मालिका देवी, अनि सिद्ध-बराह देउता र त्यसपछि कुलदेवी दुर्गा-भगवतीको स्मरण र पूजा-आजा गरिन्छ । यसप्रकार मालिका-देवीलाई पुरकोटका भुसालहरूले उच्चस्थानमा राखेको पाइन्छ ।

## ४. ब्रह्मदेवता तथा सिद्ध-बराह (मष्ट) को पूजा

गोत्रप्रवर्तक महर्षि धनञ्जयको आश्रम अछामको श्रीकोटमा पनि थियो भन्ने विषय माथि नै उल्लेख गरिसकियो । धनञ्जय गोत्रीय भुसालहरूको पूर्वज पनि अछामबाटै दैलेख हुँदै अर्घा पुगेको कुरा पनि उल्लेख भयो । सोही अछामको वैद्यनाथ-धाममा ९३ सिद्धहरूको बास रहेको बताइन्छ (रेग्मी, २०६८:७०) । कतिपय अवस्थामा यिनलाई नौं नाथ (आदिनाथ, अचल-अचंभानाथ, सन्तोषनाथ, सत्यानाथ, उदयनाथ, गजबलिनाथ, चौरंगीनाथ, मत्स्येंन्द्रनाथ, गोरखनाथ) र ८४ सिद्ध[७८] पनि भनिएको छ (कुँवर, २०६८:२०३) । देवता र ती सबै सिद्धहरूले वैद्यनाथको स्वरूपमा देवादिदेव शिवजीको सेवा गरिरहेका छन् (भण्डारी, २०६८:७४) । अछामबाटै फैलिएका धनञ्जय गोत्रीय भुसालवंशका पूर्खाहरूले

---

७८) शैव-सम्प्रदायको तन्त्र परम्पराका ८४ सिद्धहरूले सिद्धि प्राप्त गरेका थिए । पतञ्जलिको योगसूत्रमा अष्टाङ्ग योग (यम, नियम, आसन, प्राणायम, प्रत्याहार, धारणा, ध्यान, समाधि) का ६४ सिद्धको वर्णन गरिएको छ । तीमध्ये अतीन्द्रिय दृष्टि, वर्तमान र भूतकालको ज्ञान, अर्काको मनको कुरा थाहा पाउने क्षमता, खगोलीय सफर शक्ति, हवामा उड्ने क्षमता, परम आरोग्यता, अन्य प्राणीको शरीरमा प्रवेश गर्न सक्ने क्षमता आदि हुन् । असाधारण भौतिक तथा मानसिक शक्ति भएका ती सिद्धयोगीले जन्म-मरणका चक्रबाट उन्मुक्ति पाएका हुन्छन् । ती ८४ सिद्धमध्येका पनि सर्वोच्च नौंजना सिद्धलाई नवनाथको नाम दिइएको छ । यो नाथ सम्प्रदायको स्थापना मत्स्येन्द्रनाथले गरेका थिए । कतिपय पुराणमा केही सिद्धहरू आफ्नो घोर तपस्याको बलले अहिले पनि हिमालयको सिद्धाश्रममा बसिरहेका र आफ्नो नैंसर्गिक शरीरबाट भौतिक रूपमा पृथ्वीमा विचरण पनि गरिरहेको बताइएको छ ।

अछामममा रहँदादेखि नै सिद्ध देवताको पूजा गरी आएका थिए । दैलेखको दुल्लू-१२, गौमडी, लम्सुस्थित ब्रह्मरक्ष भनी ब्रह्मदेवताको पूजा पनि गरिआएका थिए । दुल्लूक्षेत्रबाट अर्घा आएका भुसालका पूर्वजको परम्परा अर्घामा पनि कायमै रह्यो । अर्घाबाट पुरकोटमा बसाइँ सरेका भुसालका सन्तानहरूले आफ्नो नयाँ गोठ-बस्ती स्थापनसँगै थामडाँडाका उत्तरी चुचुराहरूमा ब्रह्म देवता (मामा मष्ट) को देवस्थान बनाई हरेक उँधौली र उँभौलीमा पूजा गर्ने परिपाटी बसाए । ब्रह्मदेवताको स्थानमा एउटा परेवा उडाउने र एक रातो बोकाको बलि दिई पूजा गरिन्छ । साउने सक्रान्ति पर्वको अवसर पारेर असारको अन्तिमतिर सो पूजा गर्ने चलन अद्यापि छ ।

यसैगरी, दैलेख, दुल्लू-५ स्थित सिद्धस्थलीको सिद्धगुफामा सिद्धको र दैलेख, दुल्लू-१० स्थित बराहस्थानमा बराहको पूजा गरिआएका भुसालका पूर्वजको परम्परा अनुसार नै अर्घाकोटको उत्तर-पश्चिम देउराली नजिकै घोर्लासी पहाडमा भुसालहरूले सिद्ध र बराहाको स्थान बनाई पूजा-आजा गर्दछन् । सुखा-खडेरी परी पानी माग्नुपर्दा घोर्लासी पहाडको टुप्पामा गई सिद्धको पूजा गरी पानी माग्ने परम्परा अद्यापि छ (राजवंशी, २०२८:३७) । यही परम्पराको निरन्तरता स्वरूप पुरकोटमा स्थायी बसोबास भएपछि भुसालहरूले आफ्नो परिवार र बस्तुभाउको रक्षा, बढोत्तरी तथा शान्तिका लागि सिद्ध र बराहाको पूजा गरिरहे । बाँजकटेरा, नेटामाथिको डाँडामाथि सिद्ध, बराह (ब्रह्म देवताका भाञ्जा) र झाँक्रीको पनि पूजा गर्ने चलन बसाइँयो । यी सिद्धलाई कतिपयले बराह-मष्ट[७९] भएको पनि बताउने गर्दछन् ।

शिवजीका गण मष्टदेव १२ स्वरूपमा देखिने हुनाले बाह्रमष्ट वा बराहमष्ट पनि भन्नें गरिन्छ । मष्ट-देव, पश्चिम सिञ्जा (जुम्ला) राज्यका रक्षक, भूमिपति र अन्य ग्रामीण देवी-देवताहरूलाई नियन्त्रण गर्ने शासकका रूपमा पनि परिचित छन् । उनी सिमे, भूमे, वायुका अधिष्ठाता पनि हुन् । मष्टले परिवार, कुल र गाउँको रक्षा गर्दछन् भन्नें मान्यतासमेत छ (ढकाल, २०७६:९१) । ती १२ मष्टमध्ये दाह्रे मष्ट र दुधेमष्टको मूल थलो पनि दैलेखको दुल्लू नै हो । पश्चिम सिञ्जा (जुम्ला) को दुल्लू, भुसागाउँबाट आएका भुसालहरूले पूर्खाहरूकै परम्परा अनुसार यी सिद्ध, मष्ट-बराह र झाँक्रीको पूजा चलाएका हुन् । सिद्धलाई

७९) डा. राजाराम सुवेदीले मष्टाको उत्पत्ति खारीप्रदेश सुवर्णग्राम, खारदेश, तुषारदेश या मध्यएशियामा भएको बताएका छन् । विक्रमको नवौं शताब्दिमा यो परम्परा कर्णाली प्रदेशमा आएको मानिन्छ (सुवेदी, २०६१:११०) ।

सात्विकी, बराहलाई तामसी (भेँडाको थुमासहित) र झाँक्रीलाई कुखुराको चल्लासमेतले पूजा गर्ने चलन छ।

हंसपुरे सुवेदीका अनुसार, सिद्धलाई संस्कृत कोषकारद्वारा देवयोनि विशेषमा स्थान दिइएको छ। फेरि सिद्ध महर्षिहरू अणिमादि विशिष्ट सिद्धिलाभ गरेका गुणवान् हुन्छन् र यिनमा विशेष अलौकिक शक्ति हुन्छ। **हठयोग प्रदीपिका**मा अनेक सिद्ध महापुरुषहरूको नाउँ पाइन्छ। ती कालजयी महापुरुष सिद्धहरू ब्रह्माण्डमा बिचरण गर्न सक्ने क्षमता राख्दछन्, ईश्वरको रूपमा लोक पुजीत छन्। सिद्धलाई पुरोहितमार्फत पूजा गर्दै पशुपञ्छीको बलि पनि दिइन्छ। सिद्धदेवता सात्विक र तामसिक दुबै प्रकारका हुन्छन् भनिएको छ। शिवगणमध्ये गणना हुने सिद्ध तामसिक प्रकारका हुन सक्दछन्। सिद्ध सबै जातजातिका देवता मानिन्छन्। सिद्धस्थान नेपालका गाउँगाउँमा देखिन्छन्। सिद्धस्थानमा खासप्रकारको कुनै देवदेवी वा पुरुष विशेषको मूर्ति पाइँदैन। केवल भक्तजनहरूबाट चढाइएका त्रिशूल, चिम्टा, दियो, घण्ट आदि र देवताका प्रतीकका रूपमा शिलाहरू राखिएका हुन्छन्। सिद्धनाथ गाउँघरमा पहाडको शिखर (डाँडातिर) मा स्थापना गरिएको हुन्छ (सुवेदी, २०४७:१२-१३)।

अर्घा रजस्थलबाटै गुल्मी, कोरेङहुँदै जोहाङ् बसाइँ सरी गएका पिपलनेटे भुसाल परिवारले दाह्रेमष्ट (बाह्रमष्ट मध्येका एक) को हरेक वर्ष बोका बलि दिई पूजा गर्दछन् भने बाँसपाटे भनिने भुसाल परिवारले दुर्गा भगवतीको मात्र पूजा गर्दछन्। दाह्रे-मष्टलाई नै कतिपयले बाह्र-मष्ट वा बराह-मष्ट पनि भन्नें गर्दछन्। अर्घा र पुरकोट दुवैतिरका भुसालहरूले पूजा गर्ने सिद्ध र बराह पनि दूधे-मष्ट (सात्विकी) र दाह्रे-मष्ट (दाह्रा भएका, तामसी) दुबैका स्वरूप हुन्। यिनको नाम फरक-फरक भए पनि यिनी बाह्रमष्ट वा बराहमष्ट नै हुन्, जसलाई दूध, नयाँ बाली भित्राएपछि अन्न र खासगरी हरेक वर्ष चैत्रशुक्ल पूर्णिमाको दिन नयाँ बालिको सौगात स्वरूप सातु चढाइन्छ।

साथै, चैत्र शुक्ल पञ्चमीका दिन सबै दाजुभाइ जुटेर (बाटुला पूजाको रूपमा) धूप, ध्वजा, भेटी, गाईको दूधको धार तथा भेँडाको थुमाको बलिसमेत चढाई पूजा गर्ने परम्परा छ। झाँक्रीका लागि भने उनको स्थानमा एउटा कुखुराको चल्ला जीवितै छाडिदिने गरिन्छ। यी सिद्ध र बराहको पूजाबाट बालिनाली सप्रने, असिना नआउने तथा अन्य मनोकांक्षा पूरा हुने विश्वास रहेकाले यो पूजा निरन्तर चलेको छ। बसाइँ सरी अन्यत्र, खासगरी पश्चिम-बाग्लुङ, दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासीतिर गएका पुरकोटे भुसाल-

बन्धुहरूले बेलाबखत धूप, ध्वजा र भेटी पठाउने गर्दछन् । तर उता दुर्गा-भगवती र मालिका-देवीको जस्तो सिद्ध-बराहको मन्दिर बनाई पूजा गरेको भने पाइँदैन । इतिहासकार डा. राजाराम सुवेदीका अनुसार मष्टा देवता कुनै जातिविशेषका देवता होइनन् । उनले मानवजातिको कल्याण, राज्यको रक्षा, वंशको रक्षा, धनधान्यको अभिवृद्धि गराउने कार्य गर्दछन् (सुवेदी, २०६१:११३) ।

## ५. गैंडु-गोसाइँ आदि देवता

ग्रामीण नेपाली समाजमा गोष्ठदेवका प्रतीक गैंडु-गोसाइँलाई मानिएको छ । अर्घामा मैदानको उत्तर-पश्चिम भागमा गोसाइँस्थान पनि बनाइएको छ । अर्घाका भुसालहरूले जस्तै पुरकोटका भुसालहरूले पनि स्थानीय ग्राम देवता, सिमे-भूमे, गैंडी-गोसाइँ, वायु, वरुणदेव आदिको स्मरण, धूप-ध्वाँर, पूजा-आजा गर्ने गर्दछन् । कुलायन पूजा वा देवाली गर्दा गौरो वा गौंडो (कुलायनस्थानको हाता) भित्र कुलदेवका अन्तरङमा महामष्ट-मण्डली र अर्को कोठामा ऐरा देवता (अहिर) पशुपालकका प्रतीक गोष्ठदेव गैंडु-गोसाइँको स्थापना गरेर गाईको दूध, गाईकै दूधको पायस, ठाडो चामलका रोटी आदि चढाई पूजा गरिन्छ । ... मोही पारेर घीउ झिकेपछि गोष्ठदेवलाई धूप पनि हाल्ने चलन छ । फिरन्ते पशुपालन युगदेखि नै गैंडु-गोसाइँलाई घिउको धूप हाल्ने गरिआइएको हो । घर-गोठको धुरी खाँवामा राता-सेता रङका ध्वजा बाँधेर गैंडु-गोसाइँ लगायतका स्थानीय देवी देवतालाई मानिआएको पाइन्छ । खर्क, गोठमा बस्ने गोठालाहरूले आफ्ना सबै देवीदेवता सम्झेर मोही पारेर आएको नौंनी घिउको धूप हाल्दछन् । स्थानीय थानपति मन्डली, सिमे, भूमे, वायु, वरुणदेवलगायत असुरादिलाई पनि सम्झने परम्परा छ । यसरी धूप हाल्दा अर्घा र पुरकोट पसेका भुसालहरूले गढ-कुम्म-रिजा (भुसागाउँ)-अर्घा-पुरकोट भनी धूप हालेर गोसाइँ पूज्दछन् (आचार्य, २०६१:६३) ।

# खण्ड छ

# पुरकोटको राजनैतिक, आर्थिक तथा प्रशासनिक इतिवृत्त

## १. नेपाल एकीकरणपछिको पुरकोटक्षेत्र

नेपालको एकीकरणका अभियन्ता तथा श्री ५ महाराजाधिराज रणबहादुर शाहका नायब, अधिराजकुमार बहादुर शाहले आफ्ना ससुरा पाल्पाली राजा महादत्त सेनसँग गरेको संझौता र सैन्य गठबन्धनबाट **गुल्मी, अर्घा, खाँची, धुरकोट, इस्मा र मुसिकोट** १८४३ को ज्येष्ठ १० देखि आश्विन ३ गते सम्ममा विजय गरे (राठौर, २०६९:२३-२४) । नेपाली (गोरखाली) फौज र पाल्पाली सेनाबीच भएको आपसी सहायताको सन्धिअनुसार **गुल्मी, अर्घा र खाँची** पाल्पा राज्यलाई दिइयो (शर्मा, २००८:२३८) । इस्मा, मुसिकोट र धुरकोट राज्य विशाल नेपालकै अङ्ग बने । जम्मा २४ मौजा र ४,००० कुरियाको इस्मा राज्यको एक मौजा थियो - पुरकोट । जम्मा १२० घर-कुरियाको पुरकोटलाई पछिसम्म पनि "बीसासय पुरकोट" भनी सम्बोधन गरिन्थ्यो । उसबखत राज्यका हरेक मौजा (तालुक) मा एकजना जिम्माल र एकजना मुखियाले तहाँको प्रशासनिक कामकाज गर्दथे, ... स्थानीय योग्य व्यक्तिलाई ती पदमा नियुक्त गरिन्थ्यो (ज्ञवाली, २०६२:३०) ।

पुरकोट मौजाको तालुकदारी (मुखिया) पद साबिक इस्मा राज्यका राजा गोविन्दसिंह राठौंरबाट मु. रघुराम भुसाल (१८०४-६७) ले पाउनुभएके थियो । नेपाल एकीकरणपश्चात् पनि उहाँ र पछि उहाँकै ज्येष्ठपुत्रमा सर्ने गरी निरन्तरता दिइयो । यसरी नियुक्त मुखिया र जिम्माललाई खान्कीका नाममा केही नगदै पारिश्रमिक दिइन्थ्यो भने कतिपय अवस्थामा जागिरस्वरूप केही जग्गा दिने पनि चलन थियो । यी तालुकदारहरूले पूर्व-पश्चिमबाट आउने खर-खजानाको सम्भार गर्ने, ढड्डामा दरिएको जग्गाको बाली उठाई सरकारलाई बुझाउने, बाँझो जग्गा विराई (दर्ता गरिदिई) त्यसको आम्दानी राज्यकोषमा दाखिल गर्ने, जग्गाको तिरो (भूमिकर) सङ्कलन गरी तोकिएबमोजिम राज्यकोषमा दाखिल गर्ने, स्थानीय विवाद मिलाउने, स-साना अपराधहरूको निराकरण र नियन्त्रण गर्ने, स्थानीय क्षेत्रमा झारा लगाउने आदि काम गर्नु पर्दथ्यो (रेग्मी, २०३६: ३००-३०१, रामिरेज, २०००:१२२) । जम्मा १२० कुरियाको पुरकोटमा त्यसबखत भुसाल, भट्टराई, कुँवर, विष्ट तथा अन्य शिल्पी समुदायको बस्ती थियो ।

वि.सं १८४३ देखि १८५४ सम्म पाल्पा शासित साविक **गुल्मी** राज्यको शासन पाल्पाली राजाहरू (महादत्त सेन तथा पृथ्वीपाल सेन) ले चलाए । पछि नेपाली राजाका नायब, अधिराजकुमार बहादुर शाहले पश्चिम विजयको उल्लासमा आफ्ना ससुरा पाल्पाली राजा महादत्त सेनलाई काठमाडौं बोलाई उत्सवसमेत

मनाए । साथै, गोरखाली फौज विरूद्ध हुन सक्ने अन्य चौबिसे राज्यसँगको सम्भावित गठबन्धन रोक्ने रणनीति अनुसार, पाल्पाली राजालाई हात्ती, जवाहरत लगायतका उपहार दिई भव्य सम्मान पनि गरे (रामिरेज, २०००:१३१) । वि.सं. १८६३ मा पाल्पाका राजा पृथ्वीपाल सेनलाई काठमाडौंमा मृत्युदण्ड दिइयो, पाल्पा पनि नेपाली सेनाले नियन्त्रणमा लिई विशाल नेपालमा गाभ्यो ।

पहिलेका राजाहरूले आफ्ना राज्यको केही भूमि देवी-देवताका लागि गुठी राखिदिएको र आफ्ना विश्वासिला सहयोगी व्यक्तिहरूलाई बिर्ताको रूपमा बाँडेका थिए । भीमसेन थापाको उदयसँगै नेपाल एकीकरणको अभियानमा थप स्रोत साधन जुटाउनका लागि कतिपय यस्ता जमिनलाई वि.सं. १८६२ मा नै राष्ट्रियकरण गरे ।  गुल्मी, अर्घा-खाँची क्षेत्रको मात्र ५००-६०० हेक्टर जमिन (१४,४४० मुरी) बिर्ता उन्मूलन गरी राज्यको कोषमा ल्याइयो (रामिरेज, २०००:११८) । राजा रणबहादुर शाहका पालामा धेरै बिर्ता र गुठीजग्गा हरण भएको थियो, जसलाई नेपालको इतिहासमा “बासट्ठी हरण” का नामले सम्झिइन्छ (राजवंशी, २०२८:४५) । तर पुरकोटमा भुसालले पाएको बिर्ता सुरक्षित नै रह्यो ।

एकीकृत मुलुकका विभिन्न स्थानमा रहेका प्राकृतिक साधन र स्रोतको खोजी पनि थालियो । अर्घा, खाँची, धुरकोट, गुल्मी, मुसिकोट र इस्मा लगायत अन्य छिमेकी राज्यहरू विशाल नेपालमा एकीकरण भएको बीस बर्ष पनि नपुग्दै ती क्षेत्रका प्राकृतिक स्रोतमा राज्यका आँखा लागे । मुस्ताङ, म्याग्दी, बाग्लुङ, पर्वत, गल्कोट, गुल्मी, धुरकोट, इस्मा क्षेत्रका बाईस स्थानमा विभिन्न खानीको खोदाइ हुन थालेको थियो, जसलाई बाईसखानी क्षेत्र भनिन्थ्यो[८०] ।  यसको

---

८०) गुल्मी, साबिक भार्से गा.वि.स. वडा नं. ७ निवासी चित्रबहादुर बुढाथोकीबाट प्राप्त खानीहरूको विवरण लेखिएको तेरिज ढड्डाको आधार लिइएको भनी डा. राजाराम सुवेदीले ती बाईस खानीहरूको नाम लेखेका र तीमध्ये दशगोटा त गुल्मी जिल्लामैं थिए भनें अन्य छिमेकी जिल्लाहरूमा थिए भनेका छन् । गुल्मीको भार्सेस्थित चाहारेडाँडापारीको तामाखानी, गुल्मी तम्घासस्थित धाईथुमको सोभिताखानी, गुल्मी ददल्काको फलामखानी, गुल्मी फोक्सिङ, लमकराको तामाखानी, गुल्मी जयागाउँको तामाखानी, गुल्मी जमादीगाउँको हरियोखानी, गुल्मी इस्मा, हर्याटाको फलामखानी, गुल्मी खड्गकोट, लुङ्गखानीको तामाखानी, गुल्मी इस्मा-मर्भुङको मुरुखानीस्थित तामाखानी, गुल्मी धुरकोट, बस्तुको फलामखानी, अर्घाको सिन्दुरेखानीको तामाखानी, अर्घा, साखिनधाराको तामाखानी, म्याग्दी, रुम्कीदेउरालीस्थित रुमखानीको फलामखानी, म्याग्दी, टीकाबाङको तामाखानी, म्याग्दी, बरेङ्जाको तामाखानी, बाग्लुङ लाम्मेलको तामाखानी, बाग्लुङ, ओख्लेडाँडाको तामाखानी, बाग्लुङ गल्कोटस्थित पाण्डवखानीको तामाखानी, पर्वत, झिङ्गगाऊँको तामाखानी, मुस्ताङ, चिमखोलाको तामाखानी, रुकुम, पद्मीसालको तामाखानी, रुकुम, झुम्लाबाङको तामाखानी (सुवेदी, २०५५खः८-९) । पुरकोटभेगका (तामा) खानीहरू सो क्षेत्र नजिकैको इस्माको मुरुखानी अन्तर्गत थिए ।

समन्वयका लागि म्याग्दी, राखुपुला निवासी पं. रमापति उपाध्याय सुवेदीलाई सुब्बाङ्गी (सूब्बा पद) मा नियुक्त गरी ती बाईस खानीहरूको खोदाइको व्यवस्था मिलाइएको थियो । गुल्मी क्षेत्रका लागि भार्से निवासी श्री गङ्गाबहादुर बुढाथोकी मगरलाई जिम्मा दिइएको थियो (सुवेदी, २०५५कः८) । त्यसबखत खिदिममा शिसा, गल्कोटमा तामा र फलाम, गुल्मीमा तामा र सोभिता (कोबाल्ट), धुरकोट वस्तुभेगमा फलाम, इस्मा र मुसिकोट क्षेत्रमा तामा खानीहरू थिए । त्यसबखत कृषिपछि राजस्वको स्रोत खनिज पदार्थ नै थियो । राजदरबार, जाँचबुझ केन्द्रद्वारा अध्ययन गराई प्रकाशित गरिएको मेची-महाकाली (भाग ३) अनुसार वि.सं. १९६४-६५ सालतिर स्थानीय तामाखानीबाट तामा निकाली टक मार्ने काम वामी-टक्सारमा रहेको एक सरकारी कार्यालयले गर्दथ्यो । यसैकारण त्यस स्थानको नाम टक्सार रहेको हो (जाँचबुझ, २०३१ः७२७) । खानीमा काम गर्न मूलतः स्थानीय मगर शिल्पीहरू प्रयोग गरिन्थ्यो । फिलिप रामिरेजका अनुसार रेसुङ्गा क्षेत्रमा तामा, सोभिता र शिसाखानीको कारण कामदारलाई रोजगारी पनि खुल्यो, तम्घास (खानीगाउँ) जस्ता कतिपय स्थानहरूको वरपर शहरीकरण हुँदै गयो ।

वि.सं. १८७३ मा भीमसेन थापाले मुलुकलाई **धनकुटा, पाल्पा र डोटी** तीन गौंडामा विभक्त गरी कमाण्डर-जनरलको नियुक्तिको व्यवस्था गरे । कमाण्डर-जनरललाई प्रादेशिक सेना, प्रहरी तथा निजामती प्रशासन, राज्यकोषका लागि कर सङ्कलन, मठमन्दिरको संरक्षण, अदालती अधिकार पनि दिइयो । बाग्लुङ र गुल्मीमा छोटी गौंडा (इलाका) पनि गठन भए । गुल्मी क्षेत्रको अदालती काम पाल्पाबाट र मालअड्डाको काम बाग्लुङबाट गरिन्थ्यो भने खाँची र दक्षिण-पश्चिम अर्घाका लागि प्यूठान र बहादुरगञ्ज तोकियो ।

## २. राणा प्रशासनमा पुरकोट क्षेत्र

वि.सं. १९०३ को नेपाल दरबारमा भएको कोतपर्वको घटनाबाट राणा प्रधानमन्त्री श्री ३ महाराज जङ्गबहादुर राणाको उदय भयो । मुलुकी प्रशासनमा उनले धेरै परिवर्तन गरे । यसैक्रममा १९०८ मा गुल्मीलाई सात थुम (वार-गुल्मी, पार-गुल्मी, मुसिकोट, इस्मा, धुरकोट, अर्घा र खाँची) मा बिभाजन गरिदिए । यी थुमहरूमा दुई-तीन गाउँको एक तालुक रहन्थ्यो । ती गाउँको मुखियालाई तालुकदार भनिन्थ्यो । उनले पाखो जग्गाको तिरो (सेर्मा) उठाउँदथे, रू. १०५।- उठाएपछि रू. ५।- पारिश्रमिक स्वरूप पाउँदथे । जिम्मालले सिञ्चित

जग्गा (खेत) को तिरो उठाउँदथे । यी तालुकदारहरूले राज्यबाट भएका आदेशहरू लागू गराउने, झारा (अनिवार्य श्रमदान) लगाउने लगायतका राज्यद्वारा निर्देशित कामहरू गर्दथे (रामिरेज, २०००:१३३-१३४) ।

उता भारतको गोरखपुरमा वि.सं. १९३७ देखि मोटरबाटो र १९४७ देखि रेलवे-सेवा सञ्चालन भएको थियो । गोरखपुरदेखि पश्चिम फैजाबादतिर जाने मार्ग पनि बनिसकेकाले फैजाबादबाट बाँसी, बस्तीहुँदै नेपाल-भारतको सीमावर्तीक्षेत्रबाट व्यापार हुन्थ्यो । मध्यकालदेखि नै भारतका धेरै शहरहरूमा नेपाली व्यापारीको पहुँच थियो । भारतका गोण्डा, बस्ती, गोरखपुर आदि शहरहरूसँग त विशेष सम्बन्ध नै थियो (दाहाल, २०७५:५५) । राणाकालमा तराईका सीमामा बजार-अड्डा स्थापना गरिएको र पछि भन्सार नामकरण गरिएको थियो ।

वि.सं. १९५२ मा प्रधानमन्त्री श्री ३ महाराज वीर सम्शेर राणाले नेपाललाई ३६ जिल्ला (केन्द्रसहित) मा विभाजन गरिदिए । पहाडी इलाकालाई तहसिल र तराई इलाकालाई जिल्ला भन्नें प्रचलन थियो । पहाडी इलाकामा रहेका तहसिलभित्र ससाना धेरै जिल्ला हुन्थे । यसै वर्ष पाल्पा तहसिल अन्तर्गत रहेका जम्मा नौ जिल्ला (गुल्मी, इस्मा, मुसिकोट, अर्घा, खाँची, धुरकोट, बाग्लुङ, पर्वत र गलकोट) लाई **पाल्पा, गुल्मी र बाग्लुङ** गरी तीन जिल्ला मात्र बनाइयो । **इस्मा, मुसिकोट, गुल्मी, अर्घा, खाँची र धुरकोट**लाई गुल्मी जिल्लाभित्र पारियो (बानिया, २०७५:२७-२८) ।

पहिले खानीमा राज्यको एकाधिकार भए तापनि वि.सं. १९७३ पछि, *इजारदार* (निजी उद्यमी) लाई खानीको हिस्सेदार बनाई धाउ सङ्कलन तथा क्षत्रिय प्रशोधन केन्द्रसम्म ढुवानी गरी ल्याउने, खानी निकाल्ने र प्रशोधन गर्ने व्यक्तिहरूलाई कर लगाउने काममा सहभागी बनाइयो । ती इजारदारले ती खानी क्षेत्रमा शान्ति सुव्यवस्था बनाई राख्ने र सार्वजनिक कोषको व्यवस्थापनको जिम्मा पाए । तामालाई प्यूठानका ठूला भट्टीमा लगी तोप बनाइन्थ्यो भने कतिपय धाउ गुल्मीका राजाको तर्फबाट मुद्रा छाप्न बलेटक्सार पुराइन्थ्यो[81] । वामीटक्सार लगायत अन्य स्थानमा पनि धाउलाई प्रशोधन गरी स्थानीय तामाका भाँडा-बर्तनहरू पनि बनाइन्थ्यो । डा. राजाराम सुवेदीका अनुसार वि.सं. १९६६ सालदेखि तत्कालीन प्रधानमन्त्री श्री ३ महाराज चन्द्र सम्शेर राणाले खानीमा लाग्ने छ

८१) उनलाई वि.सं. १८६० मा यस्तो अधिकार राजा गीर्वाणयुद्धविक्रम शाहले दिएका थिए ।

प्रतिशत करबाट पचास प्रतिशत बनाइदिएपछि खानी खोदाइको काम बन्द भयो (सुवेदी, २०५५कः९) । नेपाल सरकारले वि.सं. १९७३ देखि गुल्मी क्षेत्रका खानी निकाल्न बन्द गरी खानी निकाल्नेहरूलाई तोकुवा कर लगाउने नीति अख्तियार गऱ्यो । वि.सं. १९७७ देखि खानी खोदाइको काम पूर्णरूपमा नै बन्द भयो । यसको परिणामस्वरूप रोजगारीको खोजीमा धेरै युवाहरू भारतको गोरखा रेजिमेण्ट, आसाम तथा बर्मातिर कामको खोजिमा निस्किन बाध्य भए (रामिरेज, २०००:१३५-१३७) ।

पुरकोटको मधाने क्षेत्रमा पनि तामाको धाउ (कच्चा पदार्थ) निकाली शिराको होल्बाङ (खानीपखाल्ने) मा प्रशोधनको काम हुन्थ्यो । सो प्रशोधनस्थल लाई खानी-पखाल्ने स्थल भन्दा-भन्दै कालान्तरमा अपभ्रंश भई खालि-पखाल्ने भनियो । यसका लागि म्याग्दी र पश्चिम बाग्लुङका आग्री भनिने मगर-जाति (श्रीस, पुन, घर्ती, छन्त्याल आदि) का शिल्पीहरूले काम गर्दथे । मधाने भेगको सिर्सेनी-पोखरा, बामे, गुराँसे-खानीदुला, घोप्टे-नयाँखानी, गिद्धपोखरी आदि स्थानहरूबाट तामा निकालेका खाडल, प्वाल, दुला आदि अहिले पनि देख्न सकिन्छ । यही खानी खनाइको क्रममैं वि.सं. १९६५ तिर मधाने-धुरीको बुका-दह तलपट्टिको ठूलाचारा, *तिरूवातोपा*मा तामाको धाउ निकाल्न सुरुङ खन्दै ती शिल्पीहरू भित्र गए । कैयौं दिनको मेहनतपछि धेरै भित्र छिरेका थिए । पछि अचानक त्यो सुरुङभित्र पहिरो गएको कारण त्यहीं थुनिए । स्थानीय सहयोगी मानिस गई सो खानीस्थल खोदलेर उद्धार गर्ने प्रयास गर्दा सबैका हात निर्बल (लुला) भएको स्थानीय बुढापाकाहरूबाट हामीले सुन्यौं । केही दिन सो सुरुङभित्र मादल र बाँसुरी बजेको आवाज अलि अलि सुनिन्थ्यो भनिन्छ । तर केही उपाय गर्न नसक्दा करिब एकदर्जन ती शिल्पीहरूको सुरुङभित्रै मृत्यु भयो । कतिपय व्यक्तिले ती आग्रीहरूले सुँगुर काटेर भोज खाई गएका र त्यहाँ मालिकादेवीको शक्तिले सहन नगरी त्यस्तो भएको भनाइ पनि गर्दथे ।

भारतमा भएको यातायातको विकाससँगै भारतको बढनी-नेपालको झण्डीनगर (कृष्णनगर) तथा भारतकै शोहरतगढ (चानापार)- नेपालको सुठौली वा खुनुवाहुँदै (तौलिहवा) सम्म पनि यातायात सहज भयो । यी मार्गहरूले गर्दा नेपाल-भारतबीच यातायात र व्यापारमा सहजता ल्यायो । केही जडिबुटीहरू नेपालबाट लगिए पनि व्यापार सन्तुलन नेपालको पक्षमा ऋणात्मक नै थियो । विदेशी सामानहरूको आयात बढ्दै गयो । पुरकोट क्षेत्रमा उत्पादित तामा र सोबाट बनाइने भाँडा (गाग्री, हत्तर, ताउला, ताउली, तमौरा आदि) भन्दा आयातीत

तामाका भाँडाहरू सुपथ भएकाले पुरकोटका ती आग्रीहरूको उत्पादन महङ्गो भई बिक्री नहुने स्थिति भयो, आग्रीहरूको पेशा पनि संकटमा पऱ्यो । साथै, उनीहरूले आफ्नो इजाजत-पत्रबापतको राज्यलाई तिर्नु पर्ने कर पनि बुझाउन कठिन भयो ।

यस सन्दर्भमा, वि.सं. १९७८ मा तत्कालीन पुरकोटका तालुकदार (मुखिया) तिलाराम भुसालले उनीहरूलाई बाग्लुङको छोटीगौंडामार्फत श्री ३ महाराज चन्द्र सम्शेर राणाका हजूरमा सबै बेहोरा खोली जाहेरी पठाउनुभयो । तत्कालीन नेपाल सरकारबाट उनीहरूलाई खानी-खोदाइको ईजाजतपत्र खारेज गरी करको भारबाट फुर्सद मिल्यो । साथै, सम्बन्धित तालुकदारले उनीहरूको बसोबास तथा जीविकोपार्जनको यथोचित व्यवस्था मिलाइदिनू भन्नें ब्यहोराको आदेश आएपछि ती आग्रीहरूलाई उनीहरूले अस्थायी रूपमा बसोबास गरिआएको मधानेधुरीको दक्षिण-पश्चिम फेंदीस्थित होल्बाङको तिरो लगाई बसोबासको व्यवस्था भएको थियो । पछि उनीहरूको आन्तरिक प्रशासनका लागि अलगै मुखिया पनि बनाइयो । ती आग्रीहरूका मुखियाहरूमा क्रमशः रामजित पुन, कविराम पुन, चुराबहादुर पुन, गङ्गाबहादुर पुन मगर थिए । यसबाट उनीहरूलाई आफ्नो जातीय स्वायत्तताको आभास तथा सम्मान पनि मिलेको थियो ।

## ३. प्रजातन्त्रपछिको पुरकोटक्षेत्र

एकतन्त्रीय राणा शासनको अन्त्य पश्चात् नेपालमा प्रजातन्त्रको स्थापना भएपछि वि.सं. २००८ साल माघ महिनामा बाग्लुङ टाढा परेकोले गुल्मी क्षेत्रमा माल अड्डाको माग भयो । सोही अनुरूप वि.सं. २००९ सालमा गुल्मीको वामी-टक्सार र बल्कोटमा अस्थायी रूपमा माल-अड्डा राखियो । वि.सं. २००९ सालमा नै गुल्मीमा छुट्टै छोटी गौंडा स्थापना भयो । त्यसपछि यी भूभागहरूको समग्र विकास र प्रशासनको काम कारबाही तम्घासबाटै हुन थाल्यो । वि.सं. २००९ साल फाल्गुन ५ गतेको नेपाल गजेटमा देहायको सूचना निकालियोः

*“पाल्पा गौंडा मातहत ८ जिल्लाको निमित्त बाग्लुङ छोटी खडा भएकोमा पर्वत र गलकोट २ जिल्लालाई मात्र पाहिक पर्ने हुनाले गुल्मी, धुरकोट, मुसिकोट, अर्घा, खाँची, इस्मासमेत ६ जिल्लाको बीचमा नयाँ गौंडा खडा गरी पाऊँ भन्ने प्रतिनिधि दयानिधि शर्मासमेतहरूको माग बमोजिम प्रतिनिधि र बडाहाकिमको भनाइ अनुसार गुल्मी, तम्घासमा अड्डा कायम गर्ने गरी गुल्मी छोटी गौंडा खडा भएको छ सो छोटी गौंडाको बडाहाकिम गुल्मी, भार्से निवासी क.प. गिरिप्रसाद*

*बुढाथोकी मगर नियुक्त हुनुभएको छ"* (बानिया, २०७५:२८) ।

यसप्रकार माथि उल्लिखित पूर्ववर्ती छ टाकुरे राज्यका क्षेत्रका जनताको सेवाका लागि तम्घासमा एक गौंडा (प्रशासकीय केन्द्र) पनि स्थापना गरियो । केही दिनपछि गुल्मी, इस्मा, मुसिकोट, अर्घा, खाँची र प्यूठान भेगका भलाद्मीहरूको एउटा संयुक्त बैठकबाट **तम्घास, मुसिकोट** र **बलकोट**मा माल-अड्डा राख्ने माग गरिएको थियो । पाल्पा, प्यूठान र बाग्लुङका बडा-हाकीमहरूले भने तम्घासमा माल-अड्डा राख्ने प्रस्ताव गरेका थिए । सोही बमोजिम तत्कालीन अर्थमन्त्री सुवर्ण सम्शेर राणासमक्ष जाहेर गरेपछि २०१० सालमा तम्घासमा माल-अड्डा स्थापना भयो (जि.सी., २०७१:४०-४१) । त्यसपछि यी भूभागहरूको समग्र विकास र प्रशासनको काम कारबाही तम्घासबाटै हुन थाल्यो । वि.सं. २०१३ सालमा नेपालका विभिन्न स्थानहरूसँगै मध्यतराईको भैरहवाका दश ठाउँमा र तौलिहवा र बढनीलगायत आठ स्थानमा कप्तानगञ्जका भन्सारका शाखाहरू खोलिए (दाहाल, २०७५: ११३, १३६, १४०) । वि.सं. २०१८ साल वैशाख १ गते राजा श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट बक्स भएको नव-वर्षको सन्देशमार्फत नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजनको घोषणा गरियो । मोटामोटी रूपमा पुरानो गुल्मी, इस्मा, धुरकोट र मुसिकोटलाई **गुल्मी** जिल्लाका रूपमा र अर्घा र खाँचीलाई **अर्घाखाँची** जिल्लाको नाम दिइयो । वि.सं. २०२० सालमा मुलुकभर करिब ४,००० गाउँ पञ्चायतहरू पनि गठन गरिए । पुरकोटको दक्षिणमा सौतामारे छेंडाको पोखरीदेखि उत्तर, मधानेपरिको विप्यूँगौंडा, पश्चिम मूलपानीको जोजन विष्टको ढुङ्गा र टोप्रेको लेक तथा अग्लुङफेंदीको झिमरूक खोला र पूर्वमा राक्सेको धुरी सिमाना कायम गरियो (सेन, २०६०:५) । यो पुरकोटलाई समेटेर **रामपुर** नामको एक पञ्चायत पनि गठन भयो, त्यसको सदरमुकाम बाँजकटेरीको पञ्चमी-पोखरीमा बनाइयो । पहिलो प्रधानपञ्चको रूपमा मेहलेपोखरीका निजबहादुर ओली, उप-प्रधानपञ्च अग्लुङका माधवसिंह चन्द बोहरा हुनुभयो । बाँजकटेरीक्षेत्रबाट सदस्यमा अर्घाली राजगुरु वंशका मुखिया कबिराम भुसाल चुनिनुभयो । पछि वि.सं. २०२३ सालमा पुरकोटमा पाँच पञ्चायत गठन हुँदा मु. कविराम भुसाल नै बाँजकटेरीको प्रधानपञ्च चुनिनु भयो । वि.सं. २०२४ सालसम्म गुल्मी जिल्लाको अड्डा प्रमुखको रूपमा एकजना सहायक अञ्चलाधीश गुल्मीको तम्घासमैं रहन्थे भने २०२५ सालपछिमात्र प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था भयो । वि.सं. २०१९ सालदेखि २०३२ सालसम्म गुल्मीलाई पाँच थुम (गुल्मी, पारगुल्मी, मुसिकोट, इस्मा र

धुरकोट) मा विभाजन गरिएको थियो (सुवेदी, २०५५ख:११-१२) ।

तालुकदार निर्देशित उसबखतको पुरकोट, बाँजकटेरीमा तालुकदार खानदानले नेतृत्व लिई गाउँको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गरेको भए तापनि सो सफलताका लागि गाउँघरका अन्य दाजुभाइ परिवारको उल्लेखनीय योगदान रहेको थियो । यसमा मूलतः गाउँघरका सामूहिक विकास कार्य, गाउँका खातिर गरिएका मुद्दामामिला तथा अन्य आइपरेका कार्यहरूमा काँध थापी साथ दिने व्यक्तिहरू धेरै हुनुहुन्थयो । हाल मेरो संझनामा भएसम्म **मुख्खेपट्टी** फेटका स्व. घनीराम र उहाँका पुत्र प्रधान पञ्च स्व. प्रेमलाल, स्व. हर्कदेव र उहाँका पुत्र हिमालयप्रसाद, स्व. मुक्तिराम र उहाँका साहिँला भाइ स्व. लोकुराम (पेन्सनवाला) को महत्वपूण योगदान रहेको थियो । मुख्खेपट्टी परिवारबाटै वर्तमान प्यूठान जिल्लाको बाँदीकोट क्षेत्रमा बसाइ सरी गएका मु. पिमानन्द भुसालका माहिली पत्नी तर्फका शूरवीर खत्री र कान्छा खत्री नेपाली सेनामा कार्यरत हुनुहुन्थ्यो । उहाँहरूको योगदान पनि उल्लेखनीय रहेको पाइन्छ । कान्छा खत्रीले नेपाली सेनामा कार्यरत रहेको बखत भोटसँगको युद्धमा वीरगति प्राप्त गर्नु भएको थियो । जेठा शूरवीर खत्री र उहाँका सुपुत्रहरू (नैनसिंह तथा श्रीकृष्ण) को महिमा पनि कम थिएन । तत्कालीन समाजमा गाइनेले आफ्नो सारङ्गीको धुनमा देहायका पङ्क्तिमा गीतको रूपमा यसरी बयान गर्दथे ।

*अघि थिए शूरवीर खत्री, यसै बाँदीकोटमा ।*
*लडाई जिती बाजी मारे, माथि ताराभोटमा ॥*
*उनका छोरा श्रीकृष्णले, जागिर खान्थे डोटी ।*
*खेल्बाजीमा पल्टनको तोडिदिए शेखी ॥*

साथै, श्रीकृष्णका माहिला छोरा स्व. चुमानसिंह खत्रीले प्यूठानको ओखरकोट तथा बाँदीकोट गाउँमा समाज सेवाको क्षेत्रमा राम्रो प्रभाव राख्नु भएको थियो । तत्कालीन समाजमा उल्लेखनीय हैकम बनाएका स्थानीय भलाद्मी स्व. खिम विक्रम घर्ती[८२] (क. मोहन विक्रम सिंहका पिता) लाई समेत टक्कर दिदै जोरतोर भई समाजमा अगुवाको हैसियत प्राप्त गर्नु भएको थियो ।

---

८२) स्व. खिम विक्रम सिंह घर्ती प्रतापी भएकै कारणले त होला तत्कालीन समाजमा गाइनेले आफ्नो सारङ्गीको धुनमा उहाँमाथि आक्रमण भई धारिलो हतियार प्रहार गर्दा पनि बचेको सन्दर्भ यसरी उल्लेख गर्दथे: *काली बाखी काटी काटी सारङ्गीलाई ताँती । काट्दा पनि नकाटिने खिम विक्रमको घाँटी ॥*

**नेटाली** तर्फका साहू खलकबाट मतिलाल, जेदुलाल, शोभाराम, चुरामणि, शशिधर भुसाल र उहाँका सुपुत्र हर्कु, पूजारा मुकुन्द, लसुनेका वुद्धिराम तथा ओखनी बगालेतर्फका रुद्रलाल तथा चन्द्रलालको राम्रो सहयोग रहेको थियो। **जैसी**पट्टिका कविराम, निमलाल र उहाँका सुपुत्र ज्यो. धनिराम, रबिलाल तथा उहाँका नाति ज्ञानकुमार, वडाध्यक्ष थानेश्वर, शिक्षक टेकराज आदि हुनुहुन्थ्यो।

**जिम्माल**पट्टिका लोकुराम भन्ने पुनाराम र उहाँका छोराहरू वडाध्यक्ष मित्रलाल तथा प्रधानाध्यापक प्रेमचन्द्र, जेदुलाल र उहाँका सुपुत्र वडाध्यक्ष माधव, बञ्चरेका स्व. तुलाराम, स्व. सुस्ती भुसाल, शशिधर खत्री र उहाँका सुपुत्रहरू उपप्रधान पञ्च नैन्द्रबहादुर र उनका भाइ उपप्रधान पञ्च राजेन्द्रबहादुर के.सी.को नाम उल्लेखनीय छ। शशिधर खत्रीका भाइ भूपालसिंह खत्रीको सहयोग पनि सदा स्मरणीय रहेको छ। यसैगरी **ओखलढुङ्गा**का तिलाराम र उहाँका सुपुत्र ढुण्डिराज, ज्यो. नन्दराम र उहाँका नाति ओमप्रकाश, सेतुराम र उहाँका सुपुत्र उपाध्यक्ष मुक्तिराम, वर्माली ज्यो. पुनाराम र उहाँका सुपुत्रहरू जगुलाल तथा ज्यो. देबीराम, पैञाँरूख पीताम्वर, नयाँघरका ज्यो. टुल्काराम तथा दुर्गलाल, गैराघर गोमलालबाट पनि यथाशक्य सहयोग भएको थियो। **ओडार** भेगबाट मोहडाका नैनु र उहाँका सुपुत्र लेखनाथ, पुछारका बलबहादुर, सिदेढुङ्गाका चुरामणि, खालका सिद्धिप्रसाद, लुप्लुङ्गे भनिने धनिश्वर, शोभाराम तथा डिलारामबाट सदा हार्दिकता प्रकट गरिएको पाइन्थ्यो। यसैगरी, **खोर**तर्फबाट बालबहादुर खत्री र उहाँका नातिहरू दानबहादुर एवं दलबहादुर, धनबहादुर खत्री तथा उहाँका सुपुत्र डोरबहादुर, ललितबहादुर, हीरासिंह खत्री तथा उहाँका सुपुत्र लछुमन, गीतबहादुर, खुमानन्द, ढुनाराम, दधिराम, जयप्रकाश आदि व्यक्तिहरूको नाम स्व. बुबा कविरामले लिइरहनुहुन्थ्यो।

तालुकदारलाई अन्य थरथोकबाट उल्लेखनीय सहयोग गर्ने व्यक्तिहरूमा होल्बाङ्का मु. रामजित पुन, मु. चुरामणि पुन, मु. गङ्गबहादुर पुन, कान्छा श्रीस, वडाध्यक्ष स्व. चन्द्रबहादुर घर्ती, कल्गाका नैनु भ्काँक्री, कृष्णबहादुर भ्काँक्री, वडाध्यक्ष नरबहादुर भ्काँक्री, डबलसिंह भ्काँक्री, गीतबहादुर भ्काँक्री, उपप्रधान पञ्च मु. चन्द्रबहादुर भ्काँक्री, भीमबहादुर भ्काँक्री, रत्नबहादुर, टोपबहादुर तथा उनका भाइ मेजबहादुर भ्काँक्री, चेतबहादुर कुँवर, घनबहादुर सेन ओली तथा उहाँका छोराहरू धर्मबहादुर, सूर्यबहादुर, मृगेन्द्रबहादुर, कुशलप्रताप तथा त्रैलोक्य प्रताप सेन तथा कृतबहादुर सेन ओलीको नाम उल्लेखनीय थिए।

## ४. पुरकोट भेगका अन्य प्रमुख परिवार

### क) अमरभूमिका अर्याल

यस्तै, पूर्वतर्फ बसोबास गर्ने साबिकका राजखलक र पछि गुरुखलकमा स्वयम् परिणत गरेका अर्यालहरू इस्मा भेगका मालिक नै थिए । आफ्नो राजकाज पनि ठकुरी राजालाई दिई राजगुरुका रूपमा रहेका उनीहरू निकै त्यागी थिए । अर्जैको बिर्ता लिई फैलिएका ती अर्जेल अर्थात् अर्यालहरू विद्या, वुद्धि, संस्कार, परम्परा आदिमा निपुण र सदाचारी थिए । मर्भुङको पण्डित टोल संस्कृत विद्याको केन्द्र थियो । त्यहाँ संस्कृत पाठशाला पनि चलाइएको थियो । अर्यालहरू धर्माचरण, लोकरीति, न्याय, देवीपूजा, वास्तुकला आदि समग्र संस्कारमा सचेत थिए । वित्तीय हिसाबले पनि यी सबल थिए । भुसालहरूले अर्घाको सँगै उनीहरूको स्थानीय परम्पराको सम्मान पनि गर्दै गरे ।

### ख) ह्वाङ्दीका थापा क्षत्री

नेपाल एकीकरणको अभियानमा पाल्पा राज्यको सहयोगमा गुल्मी, अर्घा, खाँची, इस्मा, मुसिकोट, धुरकोट, प्यूठान आदि राज्य विजय गरे तापनि अर्घा, धुरकोट, इस्मा र प्यूठानको माझ पर्ने रणनैतिक महत्वको पुरकोट क्षेत्रबाट ती विजित भूभागको प्रतिरक्षाको चिन्ता गोरखालीहरूमा रहिरह्यो । यस क्षेत्रको प्रतिरक्षा एवम् समग्र प्रशासन तत्कालका लागि पाल्पा राज्यलाई जिम्मा लगाइए तापनि पश्चिमतर्फको उत्सर्गमा यताको स्थिति नबिग्रियोस् भन्नेंमा गोरखाली फौजको चासो, चिन्तन र राम्रै चेतना थियो । यसैकारण अर्घाली राजगुरुवंशको गोठ रहेको क्षेत्र पुरकोट आसपास गोरखालीहरूले आफ्ना सेनाका केही ईमान्दार सिपाहीहरूका परिवारको बसोबास पनि ती स्थानहरूमा गराउन थाले । गोरखाली फौजको पश्चिमतर्फको विजयपश्चात् कालीकोटका आफूप्रति समर्पित थापाको टुकडीलाई उनीहरूले विजित राज्यको प्रतिरक्षाका लागि मधानेको पूर्वोत्तर भूभाग ह्वाङ्दीमा ल्याई राखे । कतै विद्रोह वा अन्य असुरक्षाको सङ्केत पाउनासाथ नेपाल दरबारमा सुराक दिनु उनीहरूको प्रमुख कर्तव्य थियो । त्यही खानदान कालान्तरमा बढ्दै ह्वाङदीबाट अर्खाबाङ, मर्भुङ, र पुरकोटसम्म पनि फैलियो ।

यो थापा परिवार निरन्तर रूपमा विशाल नेपाल दरबारसँगको सम्पर्कमा रहिरह्यो, नेपाली सेनामा पनि अविच्छिन्न रूपमा सम्पर्कमा बसी सेवा पनि गरिरह्यो । पछि जङ्गी र निजामती सेवा अलग-अलग हुँदा पनि यी थापाहरूले आफ्नो हैसियत कायम राख्दै र अझ बढाउँदै लगे । आधुनिक सभ्यता पनि

क्रमशः वरण गर्दै रहे, खानदानी हैसियत बचाउँदै गए । श्री ३ महाराज चन्द्र सम्शेर राणाका समयमा मर्भुङका मतिबहादुर थापा काठमाडौंको डील्लिबजारस्थित चारखाल अड्डाका डिट्ठा भएका थिए । ह्वाङ्दीका यिनै थापा परिवारका चन्द्रबहादुर थापा नेपाली सेनाको जर्नेल, नेपालका प्रथम महालेखा परीक्षक तथा नेपालको पहिलो मुख्यसचिव समेत बन्न सफल भए (भुसाल, २०७५:८४-८५) । ह्वाङ्दी क्षेत्रका थापा परिवारसँग भुसाल परिवारको कुनै विमति, विरोध तथा विग्रह थिएन । छिमेकी गाउँ भएकाले पनि उनीहरूसँग सदा मित्रवत् व्यवहार कायम रहिरह्यो ।

## ग) गुरुखलक, भट्टराई

उसबखत राजाहरूको उप (नजिकै) रही पूजाआजा गराउने ब्राह्मणलाई **उप**को पदवी दिइन्थ्यो । राजाहरूको यज्ञ सम्पन्न गराउन उनका नजिकै रही भूमिका खेल्ने ब्राह्मण (पण्डित) लाई **उप्रेत** भनिएको बताइएको छ । प्यूठान, बिचचुली (बिजुली) का वशिष्ठ गोत्रीय उपाध्याय भट्टराई वि.सं. १७९० मा पुरकोटको भगवती पूजाका लागि आएका थिए[८३] । उदय उपाध्याय भट्टराई नै पुरकोटको भगवती मन्दिरका प्रथम उप्रेत थिए । पुरकोटभेगमा बस्ती तिव्ररूपमा विस्तार हुँदै गयो । उप्रेतबारीको जग्गा र बाहुनपानीको पँधेरो प्रयोग गरिआएका साबिकका गुरुखलक यी भट्टराई परिवारको पनि जनसंख्या बढ्दै गएको कारण कोटको पूर्वतर्फको बारी र बेसीको खेत उनका परिवारलाई थपियो । विस्तारै भट्टराईहरूले साविकको उप्रेतबारीको जग्गा बिक्री गरी पूर्वतिर न्यानो ठाउँमा सर्दै गए । भट्टराई परिवारले उप्रेतवारीको जग्गा ह्वाङदीतिरका कालीकोटे थापाहरूलाई बिक्री गरे । ग्यानतिरको गोठजग्गा पनि भुसाल परिवारलाई नै जिम्मा लगाई केही भट्टराई परिवार अलि न्यानोस्थल सिम भन्ने वेशी भेगतिर सरेका थिए ।

८३) पुरकोट सरहदमा आएका उदय उपाध्याय भट्टराईका सन्तानको गणना गर्दा हालसम्म १५ पुस्ता (झाँक्रीसल्ला, धारापानी, बिरौटा) भइसकेको देखिन्छ । उदाहरणका लागि धारापानी, मसुरेतर्फका परिवारको पुस्तावली यस्तो छ, १) उदय २) सुमन्तु ३) हरराम ४) धनइ ५) दयाराम ६) विदइ ७) पदम ८) माधव ९) पृथु १०) शशिधर ११) गंगाराम १२) केदारनाथ १३) नङ्गनारायण १४) कुलचन्द्र १५) कृष्टिना । उता खाक्सीपाटातिर भने हाल १२ पुस्ता चल्दैछ । जस्तै १) उदय २) सुमन्तु ३) हरराम ४) धनइ ५) दयाराम ५) हरि ७) टीकाराम ८) नीलकण्ठ ९) तोयनाथ १०) घनश्याम ११) विष्णु १२) सुवास ।

## घ) कुँवर क्षेत्री

अर्घाकोटबाट ल्याई स्थापना गरिएकी दुर्गा भगवतीको मन्दिरको पूजाआजाका लागि आरम्भमा स्थानीय काभ्रा गाउँको बारी र चरिङ्गे (सेरा) को खेतको गुठी राखिएको थियो। उससबखत भुसालहरूले मन्दिरको गुठीको आयस्ता उठाई पूजाआजाको व्यवस्थापन गर्दथे। अर्घा र इस्मा राज्यको बीच सुमधुर सम्बन्ध रहेको थियो। यसै समयमा मु. रघुराम भुसालले पुरकोट मौजाको मुखिया पद पाउनुभयो। यसै बीच अर्घा, गोलखाडाबाट आफ्ना सगोत्री निडर स्वाभावका एक शूरवीर युवा धर्मराज कुँवर (सतवरसिंह कुँवरका पिताजी) नामक पुरकोट आएका रहेछन्। मौजाका मुखियासँग सम्पर्क हुनु स्वभाविकै थियो। रस्ती रसाउने, बस्ती बसाउने तत्कालीन तालुकदारको दायित्व भएकाले पुरकोट भेगलाई थप आवाद गराई राज्यकोष बढाउनु तालुकदारको कर्तव्य पनि थियो। यसै मौंकामा ती सगोत्री युवक धर्मराज कुँवरलाई मु. रघुराम भुसालले इस्मा दरबारमा लगी परिचय गराई पुरकोट क्षेत्रको उमरावका रूपमा नियुक्त गराउनु भएको थियो भन्ने कुरा हामीले बुबाबाट सुनेका थियौं।

उमरावको मुख्य काम तोकिएको गाउँक्षेत्र, भगवती मन्दिर तथा त्यहाँ लाग्ने मेला आदिमा सुरक्षाको प्रबन्ध गर्नु हुन्थ्यो। उमराव धर्मराज कुवँरलाई सुरुमा स्थानीय काभ्रास्थित दुर्गा भगवतीको गुठीको पाखो बारी र चरिङेको खेतको आयस्ता लिने र दुर्गा भगवतीको पूजामा समेत सघाउने गरी काभ्राक्षेत्रमा बसोबासको व्यवस्था मिलाइएको थियो। उक्त गुठीबाट मात्र मन्दिरमा बडादशैं र चैते दशैंको पूजाआजाका लागि खर्च नपुग्ने भएकाले उमराव धर्मराज कुँवरका छोरा सतवरसिंहका समयमा कुँवर बन्धुहरू (सुकदेव र सतविर) ले भगवती कोटको मन्दिर, मन्दिरहाता र मन्दिर क्षेत्र आदिको निर्माणको व्यवस्था गरिदिएकाले सो गुठी उनै उमरावका परिवारलाई नै सुम्पिएर पछि छ दाँगी (भुसाल, भट्टराई, कुँवर, विष्ट, ओली, झाँक्री-मगर) बाट दुर्गा भगवतीको पूजाको बन्दोवस्त मिलाइएको थियो। पछि ती बन्धुमध्ये शुकदेव कुँवरका सन्तानले सो गुठी भोगचलन गर्न थाले भने सतवरसिंह कुँवरले नयाँक्षेत्र नयाँर (नुवार) जाने इच्छा व्यक्त गरे अनुसार त्यहाँको तिरो लगाई उनलाई त्यहाँ बसोबासको व्यवस्था मिलाइएको थियो। कालान्तरमा उमराव स्वयम् ले इस्माली राजाको राम्रै विश्वास प्राप्त गरे। ती उमरावले पुरकोट क्षेत्रमा शान्ति र सुव्यवस्था बनाइराख्ने, आवश्यक परेमा थप सैन्यबल पनि गठन गर्न सक्ने अधिकार पनि पाएका थिए (रामिरेज, २०००:१२२)।

उमराव परिवारका टाठा-बाठा व्यक्तिले राणाकालमा नेपाल दरबारसम्म सम्पर्क बनाइराखेका थिए । यिनै उमरावका सन्तान नुवारका शुक्रराज कुँवर परिवारले मुखिया, जिम्मालका पदहरू पनि सम्हालेका थिए । उमराव शुक्रराज पछि हिरामणि कुँवर उनका उत्तराधिकारी भए । उमराव हीरामणिका दुई छोरा (सुवेदार हेमकर्ण र जहरसिंह) मध्ये हेमकर्णका सन्तानहरू (जितमान, रणध्वज, डम्बरसिंह र दलसिंह) तर्फ सो जिम्मेवारी सर्दै गयो । दलसिंह कुँवरपछि उनका नाति (दीर्घबहादुरका सुपुत्र) कृष्णबहादुर कुँवर नुवारका अन्तिम मुखिया भएका थिए । अर्का भाइ खलकका टीकाबहादुर कुँवर नुवारका अन्तिम जिम्माल भए । यही कुँवर खानदानका चेतबहादुर कुँवर राणाकालमा जुद्ध सम्शेरको दरबारमा नोकरी गर्दथे । यसरी पुरकोटको तल्लावन क्षेत्र अर्घाली भुसालका सगोत्री कुँवर परिवारले र उपल्लावन क्षेत्र भुसाल परिवारले एकआपसमा बेदखल बसोबास र उपभोग गरिरहे । दुवैको अस्तित्व र वर्चस्व आपसमा स्वीकार्य भयो । आजसम्म पनि भुसाल र कुँवर परिवारले एक-अर्कामा आड-भरोसा राख्ने, परस्परमा विश्वास र सरसल्लाह गर्ने परम्परालाई कायम राखेका छन् ।

## ङ) ओली[८४] दौतरी

पुरकोटमा भुसालहरूको मुख्य बस्ती वर्तमान म्यालपोखरी भेगको गाँव, पुर, धारापानी, खाक्सीपाटा, फप्रेटा आदि नै थिए । यसैबीच वि.सं. १८६३ मा पाल्पा राज्य विशाल नेपालमा गाभिएसँगै विस्थापित भएका ओली थर लेख्ने सेनवंशीहरू वि.सं. १८६३ पछि पुरकोटक्षेत्रमा आई बसोबास गर्न थाले (सेन, २०६०:२) । भुसाल परिवारले विस्तारै आफनो पुरकोटको घरजग्गा ती सेन ओली परिवारलाई बिक्री गरी अर्घातिर लागे । त्यसरी पुरकोटबाट अर्घातिरै फर्केका ती भुसालबन्धुहरू हाल अर्घाको किमडाँडा, धारापानी, ढाकाबाङ, बाँगी, डिबर्नाको जोगिमारे, धातिबाङ, ठाडा-कैलासे, ठाडा-जुकेना आदि स्थानमा बसोबास गरेको पाइन्छ । उनीहरूलाई अर्घाखाँचीमा **पुरकोटे भुसाल**का रूपमा चिनिन्छ ।

भर्खर गोठका रूपमा स्थापना गरिएको बाँजकटेराको डाँडा आसपासको चरिचरन, वनजङ्गल, घाँसपात, दाउरा, पानी आदिको हिसाबले बाँजकटेरा थप

---

८४) नेपालका केही कुमाई ब्राह्मण र केही क्षेत्री परिवारले ओली थर लेख्ने गरेको पाइन्छ । फारसी (दारी) भाषामा ओली शब्दले प्रदेश प्रमुख (गभर्नर) को पदलाई जनाउँछ । आज पनि अफगानिस्तानमा त्यहाँका प्रदेशलाई ओलायत भनिने र सोको प्रमुखलाई ओली भन्ने गरिन्छ । तर पुरकोटमा बसोबास गरिआएका ओलीले आफू पाल्पाली सेनवंश भएको र वि.सं. १८६३ पछि पाल्पाबाट विस्थापित भई ओलपिएर (लुकिछिपी) बसेको हुनाले ओली लेख्ने गरेको बताउँछन् ।

आकर्षक देखी कालिदास भुसालका छोराहरू बाँजकटेरातिर सर्न चाहे । खासगरी कालिदास भुसाल परिवारले बाँजकटेरा भेगतिरै स्थायी बसोबासको व्यवस्था गर्ने इच्छा गरेका थिए । उनीहरूले वि.सं. १८४० तिरै बाँजकटेरातर्फ अर्घाजस्तै स्थायी घर बनाई स्थायी बसोबास सुरु गरेका थिए (सेन, २०५९)[८५] । यही क्रममा पाल्पाली ती सेन ओलीहरूले भुसाल परिवारको पुर, गाँव (जैसीथोक), तुलसीमैरा (पोखरामुनि), वरूनथान, राम्सेखर्क, भिरकटेरा, लौटेको भिर आदि क्षेत्रको घर-जग्गा पनि क्रमशः लिदै गए ।

बाँजकटेरा सरेका कालिदासका दुईभाई छोराबीच छुट्टि-भिन्न हुँदा बाँजकटेराको मूल थलो र थामको गोठ-खरेन कालिदासका कान्छा छोरा नरहरिलाई भयो भनें बाँजकटेरा खालको बारी र बाघखोर नजिकको बाटामाथिको गोठ-खरेन अर्को भाई हरिरामलाई पर्न गएको थियो । खालको उनीहरूले यी दुबै स्थानका गोठ-खरेनको वरिपरि पर्खाल लगाई घेरेर बाँकी वन-जङ्गल पनि संरक्षण गरी राखेका थिए ।

इतिहासकार सूब सेनका अनुसार सेन ओली खानदानका बीरबल सेनका दुई छोरा थिएः जशु (१८७९-१९२९) र जगदीश (१८७९-१९३५) । जशु सेन तर्फका उत्तराधिकारीहरू क्रमशः सर्वजित, जशवीर, धनवीर सेन ओली थिए । यी धनवीर सेन ओलीका सात छोराहरूमध्ये कुलबीर सेन ओलीकी एउटी श्रीमती थिइन् बाँजकटेरा ओखलढुङ्गा (डाँडा) का भुसालकी छोरी । वि.सं. १९४० मा सर्वजित सेनले विसासय पुरकोट र चारहजार पर्वतको अमाली पदवी[८६] पनि पाएको बताँछन्, लेखक सूब सेन (सेन, २०६०:३) ।

कालिदास भुसालका एक छोरा नरहरि भुसालका सन्तति बाँजकटेरामैं बसरिहे भने अर्का छोरा हरिरामका सन्तानले बाँजकटेरा खालको बाँकी जग्गा पनि वि.सं. १९६५ तिर धनवीर सेनलाई बिक्री गरी अर्घा रजस्थलको कुँडापानी क्षेत्रमैं बसोबास गर्ने निधो गरी पुरकोटबाट विदा भई फर्किए । उनका सन्ततिहरू हाल अर्घाको कुँडापानी, रानीगैरा, राजुपानी, प्यूडाँडा, बाँगीको बजेरी, आँटीघर,

---

८५) इस्माली राजा तषतमा छँदै (वि.सं. १८४३) पुरकोट मौंजाको तालुकदारी (मुखिया पद) को जिम्मा पाएका मु. रघुराम भुसालले शिरा भेगमा समेत आवाद गराइसकेकाले वि.सं. १८०० तिर नै बाँजकटेरा भेगमा बसोबास थालेका थिए ।

८६) अमाली पद भनेको १०० नाल कम्पनीको तालुक हेर्ने बडाहाकिम हो । बडाहाकिम अन्तर्गत दरादराका जिम्मावाल, गाउँगाउँका मुखिया, कटुवाले, रोकाया, तोरामे तथा अदालत, माल, हुलाक आदि पर्दथे । उपर्युक्त प्रशासन अमालीकै कचहरीबाट रेखदेख गरिन्थ्यो (श्रेष्ठ, २०२८:६९) ।

बामरुक आदिमा बसोबास गरेको पाइन्छ । पुरकोट बस्ने भाइ नरहरिका उत्तराधिकारीले आफ्नो हिस्साको चुत्रावेशी चनौटे र माटे, विहारमा रहेको खेत आफ्ना सन्तानका लागि सुरक्षित राखे भने उनका हरिरामका सन्ततिले मधानेलेकको डुमलोटे र कठिनधाराको वन आफूले नै राखेका थिए । पछि चुत्रावेसी भेगको खेत र पुरकोट, मधानेलेकको उपर्युक्त वन वि.सं. १९९६ तिर आपसमा सट्टापट्टा गरेको बताइन्छ ।

पुरकोट, बाँजकटेरामै बसोबास गरेका नरहरिपुत्र मु. रघुराम भुसाल र उनका उत्तराधिकारी परिवारको निकटतम बन्धु र छिमेकी यही सेन ओली परिवार भयो । यसरी भुसाल परिवार र सेन ओली परिवारको सम्बन्ध थप नजिकिदै गयो । भुसाल र सेन ओलीको मित्रता पुरकोटको गाउँघरमा **"ओली दौंतरी"** को रूपमा लिइन्छ । यो सम्बन्ध थप सुदृढ हुँदै गयो, आज पनि सुमधुर छ र भोलि पनि रहनेछ ।

## च) झाँक्रीमगर

पश्चिम बाग्लुङ्को बुँङ्गाखानीबाट वि.सं. १८८५ तिर पुरकोट सरहद्मा आएका तन्त्र विद्याका साधक थिए एक झाँक्री मगर । बुँङ्गाखानीभेगमा उनको सफलताको निकै चर्चा चल्दथ्यो । आधुनिक औषधि उपचार पद्धतिको विकास भैनसकेको त्यस समयमा सबै मानिसहरू परम्पारगत उपचार पद्धतिमैं भर पर्नुपर्दथ्यो । उनलाई पुरकोटमा स्वागत गर्दै तत्कालीन मु. चामु भुसालले बाँजकटेराको कल्धाक्षेत्रको तिरो लगाई बसोबास गराउनुभएको थियो । आफ्नो सफलता र सम्पन्नताले गर्दा यो झाँक्री परिवारको जताततै सबैले प्रशंसा गर्दथे । सिधासाधा व्यवहार, इमान्दारिता, समयनिष्ठा, हार्दिकता यो परिवारका सन्ततिहरूमा स्पष्ट पाइन्थ्यो । पुरकोट-बाँजकटेरी गाउँ पञ्चायतको उप-प्रधानपञ्च, वडा-सदस्य आदिजस्ता राजनैतिक पदहरू पनि यो झाँक्री-मगर परिवारले पाएको थियो । यही परिवारबाट हालै मा. रामकुमारी झाँक्री नेपाल सरकारको शहरी विकास मन्त्रीको जिम्मेवारी पाएकी छन् । सुरुदेखि नै पुरकोटमा भुसाल परिवार र झाँक्री परिवारको नङ-मासुको जस्तै सम्बन्ध रहेको छ ।

## छ) खड्का क्षेत्री

गुल्मी जिल्लाको वर्तमान मधाने-५ पुरकोट, मलायागिरिका कौण्डिन्य/कौण्डिल्य (तथा कपिल ?) गोत्रीय खड्काहरूको बसोबास छ । कौण्डिन्य/कौण्डिल्य गोत्रीय

पुरुष पिनबहादुर खड्काले आफ्ना तीन पुत्रहरू (प्रमेबहादुर डन्नु तथा रत्नबहादुर) लिई पुरकोट मलायागिरिको रिपुरेमा बसेका थिए । यसैगरी, वि.सं. १९११ तिर आएका मानसिंह खड्काले आफ्ना तीन पुत्र (मेघसिंह, जसु सिंह र उदय सिंह खड्का) लाई साथमा लिई पुरकोट मलायागिरीको खोप्चा क्षेत्रमा (बाग्लुङ्ग, जाजरकोटतिरबाट ?) आएको बताइन्छ । यी खड्का परिवार रिपुरे, खोप्चा, पैत्राँपाटाका अतिरिक्त सिमावर्ती प्यूठानको मूलपानी, पटौटी, झिंगानेपानीतिर बसोबास गरेका छन् । रिपुरे तथा खोप्चा (मलायागिरी) क्षेत्रका ती दुवैथरि खड्का परिवारले भुसाल परिवारसँग सुमधुर सम्बन्ध बनाइराखेको पाइन्छ । भुसाल परिवारको पनि उनीहरूसँग कुँवर परिवारसँगको जस्तै भाईचाराको सम्बन्ध रहिरहेको छ ।

## ज) शिल्पी परिवार

मानवीय संस्कृति तथा सभ्यताका मूल आधारशिला हुन् शिल्पी परिवार । शिल्पकला, संस्कृति, सम्पदा र सभ्यता तथा दैनिक उपभोगका सामग्रीहरू (लत्ताकपडा, लुगाफाटा, बाजागाजा, भाँडाकुँडा, गरगहना, हातहतियार, जुत्ताचप्पल आदि) को सिलाइ, निर्माण तथा मर्मत-संभारको कार्यमा संलग्न व्यक्ति शिल्पी हुन् । उनीहरू पहिले स्वयं राजकाज चलाउने भएकाले उनका पूर्वजका नाममा खासगरी नेपालको गण्डकी तथा भेरी-कर्णाली भेगमा दर्जनौं गढी, किल्ला, कोटहरूको नामकरण भएको पाइन्छ । केही उदाहरणका लागि लोहारकोट (कालीकोट), मुसहरकोट (मुसिकोट, रूकुम), भियालकोट, सुनारकोट (मुगु), भुलकोट, डुमकोट (सुर्खेत), तिरूवाकोट, रूचालकोट, समुद्रपालगढी (सार्कीकोट), सार्कीदेउ (हुम्ला), सुवर्णनगर (जुम्ला), डुमराजाकोट (उदुम्बरपुरी, डोटी), सराङ्गकोट (कास्की), दर्नाकोट (अछाम), बादीकोट (प्यूठान), गन्धर्वकोट (गल्कोट), नरसिंहकोट (बाग्लुङ) आदि लिन सकिन्छ । यस क्षेत्रमा ठूला र प्रख्यात देवी-देवताका मुर्तिहरू पनि शिल्पी समुदायका पूर्वजले नै बनाएका हुन् । यसैगरी तराईमा पनि तमाम शिल्पीहरूले राजकाज चलाएका थिए । यहाँ भने पहाडी भेगका र खासगरी पुरकोट क्षेत्रका शिल्पी परिवारको प्रसँग जोड्ने प्रयास गरिएको छ ।

### अ) दमाही (दमाई)

खस साम्राज्यको उदयपूर्व वर्तमान अछाम जिल्लाको दर्नाकोट, सल्यान जिल्लाको दार्माकोट लगायतका स्थानहरूमा दमाहीले राज्य गरेका थिए । दमाही

आदिम सञ्चारकर्मी पनि थिए । किनकी दमाहीले नै टाढा-टाढाका मानिसहरूलाई भेला गराउनुपर्दा नगरा लगाउँदथे, जसलाई खुट हाल्ने भनिन्छ । हाक नगरा गरी सूचना संचारको काम सहजतापूर्वक गर्ने गरेका दमाहीको काम ग्रामीण समाजमा महत्वपूर्ण रहेको थियो । नेपाल राष्ट्र निर्माणमा योगदान गरेका झाप्रे दर्नाल, देवव्रत, धनमानसिंह, कृष्णसिंह, क्याप्टेन लालबहादुर, डा. चेत परियार, वखतवीर बुढापृथी, विशे नगर्ची आदिको नाम उल्लेखनीय छ (नेपाली, २०७८:१८६-८७, २०१-०२) ।

लेखक दर्नालका अनुसार कर्णाली अञ्चलको नामकरण दमाही जातिले बजाउने कर्नालबाट नै भएको थियो । उनले दमाही बारेको एक कहावत उल्लेख गरेका छन् । यस अनुसार उहिले कर्णालीको एक गाउँमा उत्सव मनाउँदा उत्सव आयोजक व्यक्तिले बाजाको व्यवस्था गरी सो बजाउनका लागि दुई गजा (दमाहा बजाउने लठ्ठी) पनि तयार पारेका थिए । उत्सवमा आएका निम्तारूलाई भनियो कि, जसले पहिलोपटक गजाले हान्ला, त्यसले नै हाम्रो समाजमा सधैं बाजा बजाउने काम पाउला । यसैबीच उत्सव आयोजक व्यक्तिकै नाति (छोरीको छोरा) ले पहिलोपटक सो बाजा बजाएछन् । त्यसपछि गाउँलेहरूले सोही केटालाई बाजा बजाउने काम सुम्पेछन् । यसरी दमाहा बजाएकाले उसलाई दमाही भनियो । सो केटाकी आमाले आफ्ना छोरालाई यस्तो दमाहीको काम नसुम्पन विन्तिभाउ गर्दा उनका दाजुले भनेछन्, “पीर नमान बहिनी, तिमीलाई खान पुग्ने धान दिउँला, नयाँ लुगाहरू  सिउन दिउँला, विहे-व्रतवन्धमा अघि लाउँला, म भाञ्जालाई हलो जोताउन्न, देवताको पिंढीमा ल्याउँला, सधै राजाको अघिअघि लगाउँला”। यसबाट उनकी बहिनीको चित्त बुझेछ। काठमाडौंका बुढा दमाहीहरूबिच पनि *बाहुन मामा, दमाही भाञ्जा* भएको लोक कथन प्रचलित रहेको बताइएको छ (दर्नाल, २०७०:१३७-३८) ।

कालान्तरमा दमाहा बजाउने व्यक्तिलाई दमाही, नगरा लगाउनेलाई नगर्ची तथा ढोल बजाउनेलाई ढोली भनियो[८७]। पुरकोट भेगमा दमाहीलाई दर्शनी, सुचीकार, दर्जी, नगर्ची आदि नामले पुकारिन्छ । नेपालकै कतिपय स्थानमा सो समुदायलाई ढोली, हुड्के आदि नामले पनि चिनिन्छ । जे जे नाम दिइए तापनि

८७) दमाहीहरुले पञ्चे बाजा (दमाहा, ढलकी, झ्याली, सनई र ट्याम्को) र नौमती बाजा (दमाहा दुई, ढलकी, झ्याली, सनई दुई, ट्याम्को, नरसिङ्गा र कर्नाल) बजाउँदछन् । उनीहरुले नवजात शिशुको जन्म, छैटी, न्वारान, पास्नी, व्रतबन्ध, विवाहलगायत विभिन्न पूजाआजा, चाडपर्व, जात्रमात्रा, तीर्थ आदिमा बाजा बजाई धर्मसंस्कृति तथा रीतिरिवाजलाई जिवन्त राखेका छन् (दर्नाल, २०७०:१४१) ।

दमाहीहरू ब्राह्मण क्षत्रिय वंशकै परिवार हुन् । उनीहरूका सबै संस्कार ब्राह्मण क्षत्रिय परिवारकै जस्ता छन् । उनीहरूको थर-गोत्रहरू पनि ब्राह्मण क्षत्रियको जस्तै (७५ भन्दा बढी थर तथा १५ भन्दा अधिक गोत्र) भएको पाइन्छ (विस्तृत विवरणका लागि हेर्नुहोस्, दर्नाल, २०७४:१४२-४५) । पुरकोट क्षेत्रमा बसोवास गरिरहेका दमाही जातिहरू त्यहाँ आएका ब्राह्मण क्षेत्री परिवारसँगै आएकोमा कुनै दुई मत छैन । उनीहरूको उपस्थिति हरेक व्यक्तिको जन्मदेखि मृत्युसम्मका अनेक संस्कारमा अनिवार्य मानिन्छ । साइतको समयमा दमाहीको दर्शन पाउनु वा दमाहीलाई अघि लगाउनु शुभ मानिन्छ ।

## आ) कामी

कामी शब्द संस्कृतको कारन्धमी (कर एव कारस्तं धमतीति) शब्दबाट आएको हो, जसको अर्थ हातले गर्ने काम हुन्छ । कामीहरूको उद्भवस्थल वर्तमान नेपालको कर्णाली-भेरी क्षेत्र हो । खस साम्राज्यको स्थापना पहिले सुर्खेतको आग्रीग्राम, बझाङको थलहराकोट र सुनीकोट, जुम्लाको सुवर्णनगर (सुनारगाउँ) तथा कालीकोटको लोहारकोटमा कामी (विश्वकर्मा) राजा थिए । लोहारकोटका राजा देवजङ्ग लोहारका सन्तति प्रभावशाली झाँक्री पनि हुन् । नेपालको राष्ट्र निर्माणमा कामी जातिको उल्लेखनीय योगदान रहेको र त्यसमा सहायक बनेका व्यक्तिहरू (जसवीर, उदयदास, रणवीर, भगत सर्वजित, जदुवीर, रिपलाल, हिरालाल, काहिली कमिनी, मिठाइदेवी आदि) को योगदानको यथेष्ट चर्चासमेत गरिएको पाइन्छ (नेपाली, २०७८:१३३, १३८-६८) । शिल्पी देवता तथा योगशास्त्रका ज्ञाता विश्वकर्मालाई एक सुसभ्य, कला-कौशल तथा सिप-प्रविधिमा निपुण, सृजनशील र श्रमजीवी कामी मानिन्छ । उनलाई देवगणका इन्जिनियरका रूपमा लिइन्छ ।

वास्तु विशारद विश्वकर्माका सन्ततिहरू हुन्, हाम्रो समाजका कामी जाति । विश्वकर्मालाई वृज्जी, कामी, लोहार आदि नाम पनि दिइएको पाइन्छ । कामी जाति उच्च सिप, कला, प्रविधि, संस्कृति तथा गौरवपूर्ण सांस्कृतिक पहिचान भएको शिल्पी समुदाय हो । राजा, भारदार, योद्धा, सिपाही, कर्मी, मजदुर, किसान, गृहिणी सवैले प्रयोग गर्ने थुप्रै यन्त्र तथा उपकरणहरू कामी जातिले नै बनाएका हुन् । कतिपय कामीले सुन चाँदीका गरगहना आदि पनि बनाउँदछन् (सुनार र नेपाली, २०७२:४४-५६) । उनका सबै संस्कारहरू ब्राह्मण क्षत्रिय वंशसँग मिल्दाजुल्दा छन् । उनीहरूसँगै कामी जातिको बसोवास र आप्रवासन

हुन्छ । पुरकोट क्षेत्रमा कामीलाई कर्मका आधारमा चुनाँरा, कामी, हलि, लोहार, सुनार, टोमटा, आर्ने आदि नामले संबोधन गरिन्छ । नेपालका कतिपय स्थानमा उनीहरूलाई ओड, पार्की आदि नामले पनि चिनिन्छ । हाम्रा दैनिक कार्यमा कामी जातिको महत्वपूर्ण भूमिका रहिआएको छ । यी शिल्पी समुदाय भुसाल तथा अन्य थरिहरूसँगै आफ्नो शिल्प साथमा लिई आएको विश्वास गरिन्छ । पेशागत हिसावले बस्ती विकास तथा विस्तारसँगै बसोवास गरी आएका छन् । उनीहरू प्रायः मेहनती तथा इमान्दार छन् । हरेक बस्तीमा कामी जातिको उपस्थिति पाइन्छ ।

## इ) सार्की

सार्कीको गोत्र कौशिला बताइएको छ (सिम्पल, २०७२:२२५) । वर्तमान जुम्ला जिल्लाको कुडारी गाउँको सराक पहाडमा बसोबास गरी पछि अन्यत्र फैलिएका जातिलाई सराकी भन्दै गर्दा सार्की भनिन गएको थियो । भक्तपुरका तत्कालीन राजा जयस्थिति मल्लले आफ्ना जुत्ता सिलाउने ती सार्कीलाई अलि पर सरेर बस्न भनेपछि उनीहरू विरूद्ध छुवाछूतको श्रङ्खला सुरु भएको थियो । मूलतः छालाको काम गरेर जीवन निर्वाह गर्ने एक प्रकारको थर हो सार्की, जसलाई भूल, सामथ, चमार, चर्मकार, मिजार (रातो रङले छाला रङाउने व्यक्ति) आदि नामले सम्बोधन गरिन्छ । नेपाल राष्ट्रको निर्माणमा सार्की जातिको उल्लेखनीय योगदान रहेको छ । बाङ्गे, कालु, गोल्छे लगायत धेरै सार्की व्यक्तित्वहरूको नाम उल्लेखनीय छ (नेपाली, २०७८:२०२-०३, २१९) । सार्कीले ग्याब्री[८८] बाँध्ने, जुत्ता सिलाउने वा मर्मत गर्ने, चाल्नु बनाउने आदि काम गर्दछन् । सार्कीहरू पनि ब्राह्मण क्षत्रिय वंशकै परिवारको रूपमा लिइन्छ । यिनीहरूका सबै संस्कारहरू ब्राह्मण क्षत्रियसँगै मिल्दाजुल्दा छन् । यिनीहरूको बसोबास ब्राह्मण क्षत्रियहरूको सँगै वा उनीहरूको आप्रवासनसँगै सञ्चालित छ । हरेक बस्तीहरूमा सार्कीको उपस्थिति छ । पुरकोट भेगमा पनि यी शिल्पी समुदायको उपस्थिति रहेको छ । यी परिवार मेहनती तथा इमान्दार पनि छन् ।

## झ) केही अन्य परिवार

उसबखतको बाईसखानीका प्राविधिक थिए **आग्री**हरू । मगर जातिका उनीहरू

---

८८) कोदो-बाली, धान-बाली, मार्से आदि चुट्दा प्रयोग गरिने औजारलाई ग्याब्री भनिन्छ । यो जंगलको रैस नामको बोटबाट बनाइन्छ भने त्यसलाई बाँध्ने डोरी, गाई वा भैंसीको छालाबाट बनाइन्छ ।

पुरकोट भेगको तामाखानीमा काम गर्दथे । पुरकोट-बाँजकटेरीको होल्बाङमा बसोबास गरिरहेका यी परिवार स्वाभिमानी, मेहनती तथा इमान्दार छन् । यही समुदायको श्रीस मगर परिवारबाट मोतिबहादुर श्रीस हाल नेपाल सरकारको परराष्ट्र मन्त्रालयमा उपसचिव छन्, उनकी श्रीमती सीता श्रीस पनि उपसचिव (प्रमुख लेखा नियन्त्रक) छन् । अब यस परिवारबाट मुलुकको राजदूत तथा परराष्ट्र सेवाको उच्च पदमा पुग्ने अवसर पनि उनलाई मिल्ने नै देखिन्छ । धुरकोट, जैसीथोकका भारद्वाज गोत्रीय **पोखरेल**को बसोबास पनि मेहलेपोखरीको गैरागाउँमा छ । अर्घा बाँगीबाट नाता सम्बन्धको माध्यमबाट पुरकोट सरहदमा आएका एक **आचार्य** परिवार शिरा, पोखरीचौरमा आई बसेका थिए । साथै, पुरकोटमा गिरी, पौडेल, लम्साल, घिमिरे आदिको छिटफुट बसोबास पनि रहेको छ ।

## ५. पुरकोट मौजाका भुसाल तालुकदारहरू

### क) मुखिया रघुराम (१८०४-१८६७)

नरहरि भुसाल (१७८०-१८३२) का चार पुत्रहरूमध्ये जेठा छोरा रघुरामलाई इस्माली राजा गोविन्दसिंह राठौरले वि.सं. १८३३ मा पुरकोटको मुखिया नियुक्त गरेका थिए । उनले ३४ वर्षसम्म मौजाको मुखियाको हैसियतमा त्यहाँको राजनीतिक र प्रशासनिक कामको जिम्मा लिएका थिए । उनले पुरकोट मौजाको आवादी तथा सो भेगको विस्तारमा समेत उल्लेखनीय योगदान गरे । उनका बुबाहरू पुरकोट, गाँवको बसाइँबाट बाँजकटेरीतिर सरेपछि बाँजका रूखका हाँगा काटेर गोठ कटेरा बनाएको देखेका थिए ।

### अ) भाइबन्धुहरूसंग सद्भाव तथा सहकार्य

आफ्ना बुबा नरहरि भुसालको असामयिक देहावसान भएपछि परिवारको सबै जिम्मेवारी आफै वहन गर्नुपरेको थियो । आफ्ना चार-भाइहरूको बीचमा छुट्टी-भिन्न हुँदा भाइहरूलाई रोजाएर रघुराम आफू बुढोघरमा बाँजकटेरामा बसे, माहिला हरेरामले वन पायक पारी अलि उत्तरतिरको भाग ओखलढुङ्गाको पाखो रोजे । उनलाई गोठ राख्नका लागि टोप्रे भेगको भट्मारा, भिरकटेरा, आरूपाटा र खोलाखर्क क्षेत्रको तिरो लगाई भोगचलनको व्यवस्था गरिदिए । साहिँला भाइ जयरामले आलमाल लिएर खेतबेसी, वन-जङ्गल नजिक पारेर खुशी

हुँदै गाउँको तलपट्टि अंश लिएर तत्कालका लागि मालिका-स्थानमुनि ओडारमा बस्न गए । कान्छा भाइ शिउरामलाई दाजु रघुरामले सहानुभूतिपूर्वक र विधवा आमाको इच्छा अनुसार दाउरा, घाँस, पानी, उत्पादकत्व आदि राम्रो भएको गाईबस्तु खर्काउने मलिलो ठाउँ खोरको जग्गामा अंश लगाइदिए । साथै, उनलाई गाई-भैँसीका गोठका लागि (तल्लो) काउले,




बरलोटे र गुरुखलक भट्टराई परिवारसँग सम्पर्क गरी ग्यानक्षेत्रको गोठ मिलाइदिई केही भूभाग थपिदिए । उनीहरू तीन भाइहरू आ-आफ्नो क्षेत्रमा गई कृषि पेशामा संलग्न भए ।

मु. रघुरामले भाइहरूका समस्या, गुनासा तथा पिरमर्काहरू हेर्न हरसम्भव प्रयत्न गरी भाइहरू बीच राम्रो सम्बन्ध बनाइरहे । आफू तालुकदार भएकाले अड्डा, अदालत, गौंडा, अर्घातिर बसेका भुसाल-बन्धु तथा अन्य मौजाका तालुकदारहरूसँग पनि राम्रो सम्बन्ध बनाइराखे । उनको कीर्ति चारैतिर फैलिएको थियो । मु. रघुराम भुसालका छ भाइ छोराहरू मु. शिवराम, कालु जैसी, गङ्गाराम, अङ्गत, ज्यो. हरिराम र माधौ थिए । आफ्ना छोराहरूलाई अंशवण्डा गर्दा जेठा शिवरामलाई साबिककै मूलघर बाँजकटेरा (मुखेटोला), माहिला कालु जैसीलाई उत्तरतर्फ वनको नजिक नेटा, साहिँला गङ्गारामलाई बाँजकटेरादेखि केही तलपट्टि, काहिँला अङ्गतलाई तल्लाबारी, राहिँला ज्यो. हरिरामलाई त्यसको अलि तल र कान्छा माधौलाई पुछारतिर अंश लगाइदिए । आफू पनि कान्छा छोराका साथ बसे । मु. रघुरामका ती छ भाइ छोराहरूको सामूहिक परिचय छघरे थियो । मु. रघुरामका प्रमुख स्मरणीय कार्यहरू देहायबमोजिम थिए ।

## आ) शिरातिर गोठ र बस्ती विस्तार

बाँजकटेराको साँघुरो स्थानको बसाइँले यी छ-घरेलाई घरबास र गोठका लागि उपर्युक्त जग्गा निकै अपुग भएकोले उनले तत्कालीन राज्यको *रस्ती रसाउने बस्ती बसाउने* स्थूल भूमि-नीति अनुरूप खोरिया फाँड्दै मौजा विस्तारमा जोड दिए । त्यसका लागि उसबखत गाई-गोठ सार्दै जाने चलन थियो । आफ्ना

भाइखलक तथा छोराहरूलाई बसोबास र गाईवस्तु चरिचरन, वन जङ्गलको अझ राम्रो पायक मिलाउने उद्देश्यले मु. रघुराम भुसालले निपाने खोला तारेर एक चौरमा गाईबस्तु खर्काए, डाँडानिर एक पोखरी पनि खनाए, जसलाई आज पनि पोखरीचौर भनिन्छ । विस्तारै उनले उत्तरतर्फ मालबाङ-डाँडा (वर्तमान खोरापाटा) मा गाई-भैँसी, भेँडा-बाख्रा लगी गोठ राखे । चरिचरनका लागि पल्लो भिरालो र माथिल्लो उकालो भेगसम्म गोठ विस्तार गरे । विस्तारै उनले आफ्नो गोठको क्षेत्र मधानेको फेंदी पनाहा खोलाको शिर भुसुने खोलासम्म पुऱ्याए । यसैबीच मु. रघुराम भुसालले भुसुनेको भिरमाथि पनि ओडारतिर गएका आफ्ना साहिँला भाइ जयरामलाई गाईगोठ र भेडा-बाख्रा लगी आवाद गर्न प्रोत्साहन गरे । शिराभेगमा गोठ लगी राख्दा इस्मा, मर्भुङक्षेत्रको लाम्पाटा र काफलपाटाका अर्याल परिवारको तर्फबाट इस्मा दरबारमा अर्घाली भुसाल परिवारको अतिक्रमणविरूद्ध उजुरी परेछ । इस्मा दरबारबाट डोर गई बुझबुझारथ, छानबीन तथा जाँचबुझ गर्दा पनाहाको शिर मधाने लेकको आधा भागलाई पुरकोटतिरै भुसालको पक्षमा सदर गराई ठूलाखोलासम्म साँध-किल्ला स्वीकृत गराए । अब बाँजकटेरातर्फको बस्ती विस्तारै उत्तरपूर्व पनाह खोलाको शिरतिर पनि विस्तार हुँदैगयो । त्यो नयाँ भेगको नाम पनाह खोलाको शिर भएकाले **शिरा** राखियो ।

## इ) शिराखोलाको जग्गा नक्शांकन (प्लटिङ)

मु. रघुरामले शिरातिरको जग्गा बाँजकटेरा भेगमा साँघुरो गरी बसेका आफ्ना भाइहरू तथा छोराहरूमा बाँडे । उनले शिराको जग्गालाई बाँडफाँड गर्दा योजनाबद्ध तरिकाले नक्शाङ्कन (प्लटिङ) गरे । उनले पोखरीचौरदेखि पनाहा खोलासम्म सिधा एउटा बाटो निकाले । साथै, माथि खोरापाटा उत्तर मालबाङदेखि भुसुनेखोलासम्म खोले । तेस्रो बाटो माथि सोइरेदेखि ग्यानको गोठहुँदै बसन्धाराबाट जङ्गलतिर गाई, बाख्रा वनतिर लैजानेसमेत प्रयोजनका लागि बाटो खोले । शिरातिरको जग्गामध्ये हौंडारे (हुँडार नामक वन्यजन्तु बस्ने) खोलादेखि दक्षिण पोखरीचौरको तल ( बोक्सेपानी, बाँसखर्क) कान्छा भाइ शिवरामलाई दिए । माहिला भाइ हरिरामका लागि बाँजकटेरा भेगकै टोप्रेक्षेत्रको प्रशस्त जग्गा भए तापनि उनलाई पनि नयाँ क्षेत्रमा सहभागी गराउन पोखरीचौरदेखि दक्षिणतर्फको सल्लेरीधारा ( सलिन्धारा) र कुनौटाको जग्गा जिम्मा दिए । साइला भाइ जयरामका लागि भुसुनेखोला भिरमाथिको मधानेको जङ्गल नजिक पारी उनले गोठ लगेको स्थानलाई नै सदर गरिदिए । शिरातिरको बाँकी भूभाग आफ्ना छोराहरूका

लागि राखे ।


मधानेको काखमा शिराको गाउँ

मु. रघुरामले आफ्ना जेठा छोरा शिवरामलाई बाँजकटेराको पुर्ख्यौली जग्गाका अतिरिक्त शिरातर्फको पोखरेचौरबाट भुसुनेखोला जाने तल्लो बाटामाथि, मालबाङमाथिको बीचको बाटोदेखि पूर्व, काउलेखोलादेखि उत्तर पनाहाखोला सम्मको जग्गा र भुसुनेखोलाको केही भिर राखिदिए । बाँजकटेराको नेटामा खानेपानीको लागि पनि समस्या भोगेका, तर गोठको राम्रो ख्याल गर्ने माहिला छोरालाई शिरातर्फको तल्ला बाटामुनि पनाहखोलासम्म, सोताका खोलादेखि उत्तर भुसुनेखोलासम्मकै जग्गा छुट्टाइदिए । साहिँलालाई वन पायक पारी ओख्रनी र काहिँला छोरालाई बसन्धराको जग्गा छुट्टाइदिए । राहिँला छोरालाई शिरातर्फ जाने तल्लोबाटादेखि पश्चिम, हौंडारे खोलादेखि उत्तर, मालबाङको बीचको बाटादेखि पूर्व, काउले खोलादेखि दक्षिण खोरापाटा, फुर्सेधारा र मसिना तथा जग्रेनीको भिर समेतको सम्पूर्ण क्षेत्र छुट्टाइदिए । कान्छा छोरा माधौलाई ग्यानको गोठ, पोखरेचौरबाट भुसुनेखोला जाने बाटोको पूर्व, पनाहखोला पश्चिम, सोताखोला दक्षिण, डिहीको खेतमा जाने बाटोदेखि उत्तरको भाग, वञ्चरेको ख-यान तथा नजिकै फोर्सेगौंडाको खर्क दिए । मु. रघुरामले आफ्नो अन्तिम समय कान्छा छोरा माधौसँग बाँजकटेरा गाउँको पुछारको बस्ती (पुछ्राघर) मैं बिताए ।

## ख) मुखिया शिवराम भुसाल (१८२५-१८७१)

मु. रघुरामको शेषपछि उनका ज्येष्ठपुत्र शिवराम भुसालले तालुकदारी (मुखिया) सम्हाले । उनले यस पदमा जम्मा चारवर्षमात्र काम गर्ने अवसर पाए । उनकै समयमा शिवरामका दुई भाइहरू गङ्गाराम आफ्ना ससुराली नजिक पारी प्यूठानको जुम्रीकाँडातिर जाने भए । उनको बाँजकटेराको जग्गा मु. शिवराम भुसाल स्वयम्ले बेहोरे । काहिँला भाइ अङ्गत पनि


शिराको गाउँबस्ती

आफ्ना अन्य दाजुभाइको बसोबास रहेको अर्घाखाँची, घोराखेरीतिर बसाइँ सर्ने निधो गरे। उनको जग्गा (टाकुरा) मध्ये केही कान्छा बुबा शिवराम भुसाल (खोर) का खलकले र बाँकी माहिला भाइ कालु जैसीले स्याहारे। साहिँला र कान्छाको शिरातर्फको सबै जग्गा अन्य दाजुभाइका पायक अनुसार उनीहरूकै जिम्मा लगाई बसाइँ सरे। आफ्ना भाइहरूको बसाइँ-सराइबाट मु. शिवरामलाई अलि चिन्ता पऱ्यो। उता आफ्ना हजुरबुबा (बाजे) नरहरिको बेवराटारीको खेतमा सातुखाँदा असल्लिएर असामयिक निधन भएपछि घरगोठमा पितृतर्फबाट पनि केही अशुभ सङ्केतहरू पनि देखा पर्न थालेकाले उनी अलि चिन्तित थिए तापनि उनले आफ्नो छोटो कार्यकालमा भाइबन्धुहरू बीच सुमधुर सम्बन्ध बनाइराख्ने प्रयास गरे। उनले पुरकोटमा निम्न सुधारका कामहरू गरे।

### अ) बेवराटारीमाथि पितृपूजा (कुलपूजा)

आफ्ना पूर्बज नरहरिको अकाल मृत्युबाट भाइखलकमा देखिएको वेचैनीको समाधानका लागि देवाली पूजा (कुलपूजा) गर्ने कि कसरी भन्नेंमा कसैलाई यकिन भएन। स्थानीय धामीहरूको सल्लाहमा ती दिवङ्गत पितृका नाममा छिमेकी गाउँका अरु थरथोकहरूकै सिको गरी भोकर, घण्ट आदि समाती ती पितृ दिवङ्गत भएको खेत नजिकै देवाली गर्न थालियो। भुसाल दाजुभाइहरू बेवराटारी खेतको कुलामाथि बनाइएको पितृ-स्थानमा काम्न पनि थाले। तर त्यसबाट झनै विघत पर्न गयो। कतिपय दाजुभाइहरू काग, कति बाँदर, कति साहारी (डाङ्गे) चरा आदि भई रूख-रूख चढी कराउन थालेछन्। कतिपय बौलाहा जस्ता भई हिँड्न थाले। स्थानीय धामी-झाँक्रीहरूबाट यो समस्या समाधानको कतै उपाय नभएपछि पश्चिम बाग्लुङको थापागाउँमा थमाले भन्नें रेग्मी थरका एक प्रख्यात धामी रहेछन्। पुरकोटबाट त्यतापट्टि चेलीबेटी लेनादेना गरिने हुनाले सो पत्ता लगाई उनलाई पुरकोटमा बोलाई ल्याएछन्। ती धामीले सबै जोखना हेरी पत्ता लगाई ती दिवङ्गत पितृ वा कुल (नरहरि) लाई शान्त गराउन पितृ पूजा गर्नै पर्ने परिस्थिति देखाएछन्। तर त्यसका लागि उपयुक्त स्थानको छलफल हुँदा, घरको मूलचौका र ओभरी भगवतीको पूजाका लागि समर्पित स्थान भएको र चुल्हाको क्षेत्र मालिकाको लागि कालीपाठी मनाउनु पर्ने स्थान हुनाले घरभित्र पितृ पूजा गर्न नहुने बताए। आखिरीमा ती पितृ बितेकै स्थानको कुनामा एक ओडारमुनि हरेक तीन वर्षमा सबै बन्धु जुटेर (बाटुलाको रूपमा) ती पितृका नाममा रातासेता ध्वजा, अक्षता, घिउ, गाईको दूधको धार, जाँतामा पिसेको चामलको

पखल, भेटी तथा एउटा निखारा सेतो पाठो बलि दिएमा ती पितृ शान्त हुने विधि ती धामीले बताएछन् । तद्उप्रान्त कुलपूजा बेवराटारीको खेतको कुनामा रहेको ओडारमुनि पितृको एक स्थान बनाई हरेक तीन वर्षमा सबै दाजुभाइ जुटेर सामूहिक रूपमा गर्न थालियो, देवाली विधि बन्द गरियो ।

यो पूजा गराउने काम मु. शिवरामका माहिला भाइ कालु जैसीका जिम्मा लगाइयो, पूजारी पनि उनीहरूकै खलक (नेटाली) भए । पछि यी कुललाई नै भाकल गरी अन्य काम आँट्दा सो पूरा भएपछि व्यक्तिगत रूपमा पनि सेतो पाठो लगी ती कुललाई धूप, ध्वजा, भेटी, चामलका अक्षता, दूधको धार, जाँतामा पिसेको चामलको पखलको रोट, एउटा निखारा सेतो बोका बलिस्वरूप चढाउने चलन चल्यो । कालान्तरमा अरु दाजुभाइहरूले पनि पितृलाई भाकेर मनोकांक्षा पूरा हुन थालेपछि व्यक्तिगत रूपमा पनि उपर्युक्त सामग्रीसहित पाठा लैजाने चलन बढ्यो । हरेक वर्ष मार्गशीर्ष शुक्लपूर्णिमा (धान्यपूर्णिमा, उधौली पर्व) पछि र चैत्रशुक्ल पूर्णिमा (उँभौलीपर्व) पछि पितृ-स्थानको ढोका खोलेपछि मार्ग, पौष, बैशाख, जेठ र असार गरी पाँच महिना (बेवरा) टारीमा पूजाको चलन चल्यो । सुरुमा हरेक तीन वर्षमा सामूहिक पूजा (बाटुला) हुनेमा हाल हरेक दोश्रो वर्षमा गरिन्छ, जो अद्यापि छ । ती पितृलाई समय समयमा दूधको धार दिने र हरेक चैत्र शुक्लपूर्णिमामा जौंको सातु पनि चढाइन्छ । पछिल्लो चरणमा पुरकोटबाट दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी आदि स्थानमा बसाइँ सरी गएका भुसाल बन्धुहरूले कुलकोस्थान भनी पुरकोटकै विधिबाट पूजाआजा गर्ने गरेको पाइन्छ । यी कुलको पूजा उनका सन्ततिहरूले मात्र गर्ने गर्दछन्, अर्थात् अर्घा वा अन्यत्रका भुसालहरूले गर्दैनन् । हाल उक्त पितृस्थलमा एक मन्दिरसमेत बनाई परम्परागत पूजा चलिआएको छ ।

### आ) भाइहरूबीच कार्यक्षेत्र विभाजन

मु. शिवरामले पुरकोटमा रहेका आफ्ना भाइहरूलाई सामाजिक कामको बाँडफाँड गरे । आफ्ना बुबाले बसालेको परम्परामुताविक आफ्ना भाइहरू बीचमा कहिले पनि कुनै विवाद नहोओस् भनी साविक बमोजिम नै जेठाको सन्तान जेठो मुखिया (तालुकदार) हुने, माहिलाले कुल तथा पितृहरूको सेवाको कार्य गर्ने, अर्घा मैदानको वेदपाठशालामा गई ज्योतिष पढेका राहिँलाका सन्तानले ज्योतिषीको काम (मुठी, न्वाँगी, चिना लेख्ने र हेर्ने, विवाह व्रतबन्ध आदिका साइत जुराउने आदि), गर्ने तथा बावु-आमा पाल्ने जिम्मा पाएका कान्छा भाइले

दुर्गापूजा, दशैँको टीका लगाउने लगायतका सबै प्रबन्ध मिलाउने, दुर्गाभगवती मन्दिर अर्थात् कोटको पूजाआजा पनि चलाउने स्थिति बाँधे । पछि बाँजकटेरा भेगको अलगै जिम्माल हुँदा माधौका छोरा नरपति भुसाल पाल्पा गौंडाबाट जिम्मालको जिम्मेवारी पाए । जिम्मालले धनहर (खेत) को तिरो उठाई सरकारमा दाखिल गर्दथे । प्रशस्त धान-चामल नहुने पहाडी भेगका लागि दशैँ पूजाको जिम्मा यी जिम्माललाई लगाउनु अर्थपूर्ण थियो ।

## ग) मु. चामु भुसाल (१८४८-१८९०)

मु. शिवरामका दुई पुत्रहरू थिए, चामु र चिन्तु । विशाल नेपालको एकीकरण पश्चात् मु. रघुराम भुसालले बसालेकै स्थिति अनुसार मुखियाको जेठो छोरा मुखिया हुने परम्परा अनुसार चामु भुसाललाई वि.सं. १८७१ मा नै मुखिया पदको जिम्मेवारी दिइयो । उनले जम्मा १९ वर्ष मुखिया पदको जिम्मेवारी सम्हाले । उनका समयमा पनि नयाँ नयाँ आवादी थपिदै गए, जग्गा दर्ता गर्दै लगत तयार गरी राजस्व संकलन गरी राज्यकोषमा दाखिल गर्ने कार्यले निरन्तरता पायो ।

गाउँघरमा मानिस तथा पशुहरूमा आइपर्ने महामारी (समय) को बेला तन्त्रविद्याको माध्यमबाट उपचार गराउने चलन थियो । तत्कालीन समयमा भोटतिर नुन लिन गएको बखत बाग्लुङ्को बुँगागाउँका एक तान्त्रिक मगरलाई पुरकोट ल्याई मु. चामु भुसालले बाँजकटेराको कल्घाक्षेत्रको तिरो लगाई बसोबास गराउनुभएको थियो[८९] । पश्चिम बाग्लुङको बुङ्गाखानी क्षेत्रबाट ल्याइएका तन्त्र विद्याका साधक ती मगर परिवारका सन्ततिलाई झाँक्रीको काम गर्ने भएकाले कालान्तरमा झाँक्री-मगर भनी सम्बोधन गरिएको हो । स्थानीय जनश्रुतिअनुसार, मानव समाजको अदृश्य दैवी शक्ति भएको भूतलाई वसमा राखी भूतबाटै खेतीपातीको काम गराउने क्षमतासमेत राख्दथे ती झाँक्री तान्त्रिकले । झाँक्री परिवार आर्थिकरूपमा थप सम्पन्न हुँदै गयो । उनीहरूले कल्घाका अतिरिक्त फप्रेटा, ओखरकारूख, सिम्लेपाटा, रिपुरे आदि क्षेत्रमा प्रशस्त पाखो-जग्गा र

---

८९) उसबखत घरायसी प्रयोजनका लागि नुन लिन गाउँका हरेक घर कुरियाले आ-आफ्नो बाटोखर्च (अन्न), ओड्ने-ओछ्याउने लुगाफाटा तथा पकाउने-खाने भाँडा-वर्तनसहितको ढाकर (डोको) बोकेर वर्तमान मुस्ताङ जिल्लाको छुसाङस्थित ताङ्बेखोलासम्म जाने चलन थियो । पछि क्रमशः अलि दक्षिणतिरका स्थानहरू (जोमसोम, लेते, टुकुचेक्षेत्र) सम्म खच्चरमा बोकाई ल्याएर विक्री गरिन्थ्यो । यही ओहर-दोहरको क्रममा ती ढाक्रेहरूले सुनेर-बुझेर त्यहाँका तान्त्रिक मगरलाई अनुरोध गरी पुरकोट ल्याइएको थियो भनी बुवा स्व. कविराम भुसालबाट सुनेका हौं ।

बेसी-ठूलाखेत, सिल्कऊँ, पञ्चिमिरे आदि क्षेत्रमा खेतसमेत जोडे ।

ती झाँक्री परिवारका सन्ततिले सामाजिक प्रतिष्ठासमेत अभिवृद्धि गरेसँगै उनका नाति नैनसिंह झाँक्रीलाई मुखियाको पदवी पनि मिल्यो । यस परिवारले पछि तालुकदारी पनि पाएको थियो । पहिलो मुखिया नैनसिंह झाँक्री थिए भने उनीपछि क्रमशः मु. गजु झाँक्री मगर, मु. लङ्कबहादुर झाँक्री मगर तथा मु. चन्द्रबहादुर झाँक्री मगरले मुखियाका रूपमा तालुकदारीको काम गरेका थिए । सेन ओली परिवारले कमाईआएको जग्गाजमीनको तिरो उठाउने जिम्मा पनि यिनै झाँक्री मुखियाको जिम्मा लगाइएको थियो । पछिल्लो पिंढीले पुर्ख्यौली झाँक्रीको पेशा छाडिसकेको छ । बाँजकटेरी गाउँको उप-प्रधानपञ्च, वडा-सदस्य आदिजस्ता राजनैतिक पदहरू पनि यो झाँक्री-मगर परिवारले पाएको थियो । यही परिवारबाट एक जुझारू महिला नेतृ मा. रामकुमारी झाँक्री अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको अध्यक्ष हुँदै नेपालको संघीय संसदको मा. सदस्य तथा वि.सं. २०७८ असोजमा गठन भएको मन्त्रिमण्डलमा शहरी विकास मन्त्रीको जिम्मेवारी पनि पाइन् । सुनसरी जिल्लाको धरान निवासी नेपाल सरकारका उपसचिव श्री पशुपति पुरीसँग उनको विवाह भएको छ, एक पुत्र पनि छन् ।

## घ) मु. पिमानन्द भुसाल (१८७०-१९१६)

मु. चामुका एकमात्र पुत्र मु. पिमानन्द हुनुहुन्थ्यो । उहाँले २० वर्षकै उमेरमा तालुकदारीको जिम्मा लिई २६ वर्षसम्म सो जिम्मेवारी सम्हाल्नुभयो । उहाँले बाग्लुङ तथा पश्चिम जाजरकोटतिरबाट वि.सं. १९१० को दशकमा बसाइँ सरी पुरकोट सरहदमा आएका खड्का परिवारलाई वर्तमान मलायागिरिको रिपुरे, खोप्चा आदि क्षेत्रको तिरो लगाई बसोबासको व्यवस्था मिलाइदिनुभयो । पछि रिपुरे, खोप्चाक्षेत्रको तालुकदारीको काम पनि खड्का मुखियाहरूबाटै गरियो ।

मु. पिमानन्दका तीन श्रीमती थिए । तीमध्ये पहिला विवाहिता तर्फका मु. हर्कदेव र कृष्णनन्द हुनुहुन्थ्यो भने माइली श्रीमती प्यूठान, बाङ्गेका घर्ती क्षत्रीकी छोरी हुनुहुन्थ्यो । मु. पिमानन्दको करिब ४६ वर्षकै अल्पायुमै स्वर्गारोहण भयो । जेठी श्रीमती तर्फका दुइभाइ (हर्कदेव र कृष्णनन्द) हुर्किइसकेका र जिम्मेवारी बहन गर्न सक्षम भैसकेका थिए । उनीहरू पुरकोटमैं आफ्नो पूर्ख्यौलीस्थलमा बसोबास गरे, उनका सन्तति अद्यापि त्यहीं बसोबास गरेका छन् । उहाँकी माइली श्रीमतीतर्फका दुई छोराहरू (शूरवीर खत्री र श्रीकृष्ण खत्री) मावलीको

चाहनाअनुसार प्यूठानकै बाँदीकोट क्षेत्रमा गई बसोबास गरे । उनीहरूले खत्री र के.सी. तथा क्षत्री थर लेख्न थाले । मु. पिमानन्द भुसालकी कान्छी श्रीमतीको माइती प्यूठान, जुम्रीकाँडा नजिकै थियो । कान्छी श्रीमतीका एकमात्र पुत्र हरिनन्द हुनुहुन्थ्यो । कान्छीतर्फका एक भाइ हरिनन्द पनि आमासँगै आफ्ना मावलीको नजिक प्यूठान, ओखरबोट गई बसोबास गरे, पुरकोटतिरको सम्पर्कमा खासै रहेनन् । ती दुई श्रीमतीतर्फका सन्तानहरू अहिले दाङ, कपिलवस्तु र रूपन्देही समेतमा बसोबास गरेका छन् ।

## ङ) मु. हर्कदेउ भुसाल (१८९३-१९३९)

### अ) तालुकदारी

आफ्ना पिताश्री मु. पिमानन्द भुसालको अल्पायुमैं स्वर्गारोहण भएपछि तालुकदारीको जिम्मा उहाँका ज्येष्ठपुत्र मु. हर्कदेउमा सऱ्यो । उहाँले वि.सं.१९१६ देखि जम्मा २६ वर्ष यो जिम्मेवारी सम्हाल्नुभयो । गाउँघरमा बढ्दो जनसंख्यालाई उपयुक्त स्थानमा बसोबास गराई थप स्थानको आवाद गराउनुभयो । उहाँको समयमा पश्चिम बाग्लुङबाट बसाइँ सरी आएका साबिक प्यूठान, भित्रीकोट र माझकोटका राजाका खलक बोहरा (चन्द) हरूलाई प्यूठान चितीखोलाबाट आएका विष्ट परिवारको आंशिक बसोबास रहेको अग्लुङक्षेत्रको तिरो लागाइदिई बसोबासको व्यवस्था मिलाइदिनुभयो । उप्रान्त अन्य थरथोकहरू पनि त्यहाँ आई बसोबास गरे । पछि उताको जनसंख्या बढ्दै गएपछि चन्द बोहरा परिवारबाट बेग्लै तालुकदारी चलाइयो । स्मरण रहोस् अग्लुङका प्रतिष्ठित विष्ट परिवारका वीर जोजन विष्टलाई मु. रघुराम भुसालका समयमा बाँजकटेरीमा तिरो लगाई पाखो जग्गा दिई राखिएको थियो । पछि सो क्षेत्र पहिरोका कारण असुरक्षित (विष्टका पैरा) भएकाले मलायागिरितर्फ बसाइँ सरी गएका थिए ।

### आ) पञ्चमी-पोखरी निर्माण

अर्घाका अन्तिम राजा वीरकुमार शाहको समयसम्म अर्घा रजस्थलस्थित मसुरपाटाको दक्षिणतर्फ एक ठूलो अति मनोहर पोखरीमा जनैपूर्णिमाका दिन जनै पुज्ने मेला लगाइन्थ्यो (राजवंशी, २०२८:३६) । यो पोखरीजस्तै र लगभग त्यत्तिकै ठूलो पोखरी बनाई जनै पूर्णिमाको मेला भर्ने आफ्नो इच्छा अनुसार मु. हर्कदेउ भुसाल र उनका भाइ कृष्णानन्द भुसालले वि.सं. १९१७ मा बाँजकटेरीको पञ्चमी पोखरीको निर्माण गराउनुभएको थियो । हरेक वर्ष भाद्र शुक्लपक्षको

ऋषि-पञ्चमीमा गाउँका महिलाहरू आई यहीं पूजा गर्दछन् । ऋषि-पञ्चमीमा यहाँ पुरकोट लगायत सिमावर्ती जिल्ला प्यूठान र अर्घाखाँचीतिरका राम्चेहरू पनि मेला भर्न आउँदछन् । पञ्चमी-पोखरीमा मेला जम्काउने काममा मु. हर्कदेवका नाती मु. तिलाराम भुसाल र उहाँकी माइली पत्नी नैनकला रेग्मी भुसालको महत्वपूर्ण भूमिका थियो । यो पोखरी हाल यस भेगको इतिहास बनिसकेको छ । यसको कुनामा २०७४ सालमा नेपाल सरकारसमेतको आर्थिक सहयोगमा स्थानीय शिक्षक धनबहादुर विश्वकर्माको संयोजकत्व गठित समितिबाट एक सप्तर्षि मन्दिर निर्माण गरी पूजाआजा सुरु गरिएको छ ।

## इ) मधाने-गोठको ठोक्का-रूक्का आदेश

मु. हर्कदेउ भुसालका भाइ कृष्णनन्द भुसालकी श्रीमती अर्घातोस बञ्जाडेकी छोरी हुनुहुन्थ्यो । उहाँको नाम वसन्ता (बसी) थियो । मधाने लेकमा आफ्ना पूर्वजले पोखरी खनी गाईगोठ समेत राखी आएकोमा हाल आफूहरूले साबिक बमोजिम गाई-गोठ लगी राख्दा छिमेकी मौजाका व्यक्तिहरूबाट अवरोध भएको थियो । यसलाई बैध बनाउन आफू अस्वस्थ भई तत्काल पाल्पा जान नसक्ने भएको र तत्कालीन प्रधानमन्त्री श्री ३ महाराज जङ्गबहादुर राणाको वि.सं. १९३० मा भएको पश्चिमतर्फको सवारी (राजवंशी, २०२८:३३) बाट काठमाडौं फर्कने सुइँको पाई मु. हर्कदेउले सो कामको लागि (ठोक्का-रूक्का गराउन) हक्की स्वभाव भएकी आफ्नी भाइ-बुहारी वसन्ता र उनकी आफ्नै बहिनी (नेटा टीकाराम साहूकी आमा) लाई उपाय बताई अर्घातास माइती हुँदै अर्घाखाँचीको मथुरा-बेसीमा पठाउनुभएको थियो ।

प्रधानमन्त्री श्री ३ महाराज जङ्गबहादुर राणाको पश्चिम भ्रमणबाट काठमाडौं फर्कदा ती दुई-बहिनी सवारीको डोली रोक्न (सवारीमा जाहेरी पेश गर्न) जानुभयो । सवारीमा खटिएका कर्मचारीमार्फत उहाँको परिचय जाहेरी हुँदा, काठमाडौं गई रूक्का आदेश दिने आश्वासन भयो । तर सो पनि नमानेर पुनः सवारी मार्ग छेकेर हुकुमबाटै मधानेको ठोक्का-रूक्का गराउनुभएको थियो । सोही सवारीबाटै प्राप्त लिखित आदेशपछि मधानेमा भुसालहरूले बेरोकटोक गाई-गोठ राख्न पाएका थिए । मु. हर्कदेउ भुसालको स्वर्गारोहणपछि उहाँको पार्थिव शरीरलाई अन्तिम दाह-संस्कारका लागि पवित्र तीर्थस्थल रिडीमा लगिएको थियो । उहाँकी धर्म-पत्नी उहाँकै जलिरहेको चितामा सती जानुभएको थियो । उहाँको त्यति ठूलो त्यागप्रति हामी सदा नतमस्तक छौं ।

## च) मु. डन्नु भुसाल (१९१७-१९५८)

मु. हर्कदेउ भुसालको देहावसानपछि जम्मा २२ वर्षको उमेरमा वि.सं. १९३९ मा मुखियाको जिम्मेवारी सम्हाल्नुभयो। उहाँले जम्मा १९ वर्ष यो जिम्मेवारी वहन गर्नुभयो। मु. हर्कदेउ भुसालका दुई पुत्रहरू (डन्नु र गणपति) मध्ये उहाँ ज्येष्ठ पुत्र हुनुहुन्थ्यो। मु. डन्नुको विवाह गुल्मी, अर्खलेका भण्डारीकी छोरी ललितादेवीसँग भएको थियो। आफ्ना बुबाको सँगतबाट डन्नु पनि आफ्नो जिम्मेवारी बहन गर्न शिक्षित र दीक्षित भैसक्नुभएको थियो।

## अ) तालुकदारी

इतिहासकार तथा प्रसिद्ध साहित्यकार पुरकोट, बाँजकटेरीका मूर्धन्य व्यक्तित्व संविधान सभा सदस्य सूर्यबहादुर सेन ओलीका अनुसार पुरकोट, बाँजकटेरा भेगका मुखिया डन्नु थिए। समाजको प्रतिष्ठापूर्ण पद मुखियालाई तालुकदार पनि भनिन्थ्यो भने त्यस तालुक (गाउँ) भित्र बसोबास गर्ने जनतालाई रैती भनिन्थ्यो। ती तालुकदारले जनताको रेखदेख, संरक्षण, निर्देशन र सञ्चालन गर्ने तथा उनीहरूबाट जग्गा-जमिनको तिरो (मालपोत) उठाई सरकारको ढुकुटीमा जम्मा गर्ने जिम्मेवारी पाएका थिए। मु. डन्नुले राम्रोसँग तालुकदारी चलाए (सेन, २०६०:७-८)।

वि.सं. १९०३ मा श्री ३ महाराज जङ्गबहादुर राणाको उदयपश्चात् विभिन्न ऐन, इस्तिहारहरू बनेर जारी हुन थाले। वि.सं. १९०८ मा गुल्मीलाई वार-गुल्मी, पार-गुल्मी, मुसिकोट, इस्मा, धुरकोट, अर्घा र खाँची गरी सात थुममा बाँडी दुई-तीन गाउँको एक तालुकहरू पनि बनाइयो। यी थुमहरूमा दुई-तीन गाउँको एक तालुक रहन्थ्यो। ती गाउँको मुखियालाई तालुकदार बनाइयो, जसले पाखो जग्गाको तिरो (सेर्मा) उठाउँदथे। उनले रू. १०५।- उठाएपछि रू. ५।- पारिश्रमिक पाउँदथे। जिम्मालले सिञ्चित जग्गा (खेत) को तिरो उठाउँदथे। यी तालुकदारले राज्यको आदेश लागू गराउने, झारा (अनिवार्य श्रमदान) लगाउने आदि काम गर्दथे (रामिरेज, २०००:१३३-१३४)।

## आ) तालुकदारी पदको विकेन्द्रीकरण

पुरकोटमा पनि जनसंख्या बढ्दै गएकोले पुरकोट मौजामा पनि तालुकदारको संख्या बढाइयो। मु. डन्नु भुसालले पुरकोटको बाँजकटेरा र शिरा भेगको तालुकदारको काम गर्नुभयो। अग्लुङमा चन्द बोहरा, बाँजकटेरी क्षेत्रमा भुसाल,

तल्लावन क्षेत्रमा कुँवरलाई मुखिया तोकियो । पछि वि.सं. १९११ तिर मलायागिरिमा खड्कासमेत आई बसोबास गर्न थालेकाले क्रमशः उनीहरूलाई पनि रिपुरे, खोप्चा आदिको मुखिया बनाइयो । बाँजकटेरीको कल्घा, पुर, धारापानी, फप्रेटा आदि क्षेत्रको बस्ती विस्तार भएकाले पछि उनीहरूका लागि झाँक्री-मगरलाई मुखिया तोकियो (सेन, २०६०:५) ।

### इ) लुप्लुङ्गे भुसाल प्यूठानबाट फिर्ता

बाँजकटेरी ओडारे फेटका हर्कदेऊ भुसाल आफ्ना बुबा-आमाको स्वर्गारोहणपछि अनाथ र असहायजस्तै भई आफ्ना मावलीको संरक्षणमा प्यूठान, लुप्लुङ्ग गई बसेका थिए । मु. डन्नु भुसाल प्यूठान, लुप्लुङ्गस्थित भण्डारीको कुलपूजाको निम्तामा गएको बखत त्यहीं कुलपूजास्थल (बराहस्थान) मा आफन्तले परिचय गराएछन् । उहाँको शारीरिक अवस्था, लवाइ-खवाइको दुरावस्था देखी आफू पनि लज्जित बन्नुभएछ । मु. डन्नु भुसालले, तपाई हाम्रो दाजुभाइ भुसाल भएर यसरी मावलीको शरणमा बस्न सुहाउँदैन, पुरकोट नै जाऊँ भन्नु भएछ । उनले भनेछन्, "मेरा नजिकका दाजुभाइले मलाई हेरेनन्, मेरा तमाम बालदर्दसित मेरा एक्लै बुताले कसरी गुजारा गर्नू ।" दुबै जनाबीच फर्कनु पर्ने र फर्कन नसक्ने विषयमा निकै दहल-फसल भएछ । मु. डन्नु भुसालले आश्वासन दिंदै भन्नु भएछ, "तपाई उताको व्यवस्थापनका विषयमा कत्ति पनि धन्दा नमान्नू, चिन्ता नलिनू । तपाई ठाउँ रोज्नू कसरी मिल्दछ म मिलाउँछु" भन्दा पनि हर्कदेव तयार हुनु भएनछ । अन्तिममा मु. डन्नुले भन्नुभयो, "ल पुरकोटका हाम्रा घर-जग्गामध्ये तपाइलाई कुन मन पर्दछ, रोज्नू । म तपाइलाई त्यहीं बस्ने व्यवस्था मिलाइदिन्छु ।" हर्कदेवले तत्कालै मु. डन्नुकै घरबास भएको घरबारी दिएमा जाने भन्नुभएछ । धर्मभीरु मु. डन्नुले पनि हुन्छ भनी स्वीकार गर्नु भएछ । उनलाई फर्काई रोजेको त्यही घर-जग्गा दिई पुरकोट फिर्ता गराउनुभयो (प्रेमलाल भुसाल, २०६२:९२) । सो जग्गा उनका उत्तराधिकारीहरूले केही जग्गा अपुङ्गीलाई बेचे भने बाँकी जग्गा उनका छोरा-नातीहरूले हालसम्म पनि उपभोग गरिआएका छन् । त्यसरी फर्किएको परिवारलाई पुरकोटमा लुप्लुङ्गे भुसालको नामले सम्बोधन गरिन्छ । यस घटनाले पनि मु. डन्नुको त्याग र प्रतिबद्धतालाई प्रतिबिम्वित गर्दछ । खेतको हकमा तत्कालीन झाँक्री मगरहरूले कमाई आएको पञ्चिमिरेको खेत पनि यही परिवारलाई मिलाइदिनु भएको थियो ।

### ई) कुलझाँक्री पूजाको सुरुवात




लुप्लुङ्गबाट फर्काई ल्याइएका ती हर्कदेव भुसालले झाँक्री-मगरहरूको पञ्चिमिरेको खेत पनि लिएपछि सो खेतकै माथिपट्टि पूजा गर्ने गरिएको सिमे-झाँक्रीको पूजाको जिम्मा पनि हर्कदेव परिवारले नै लिए। पञ्चिमिरेको सिममा हरेक वर्ष एउटा कुखुराको बलि पूजा गर्ने परम्परा थियो, त्यही अनुसार उनीहरूले पूजा-आजा गर्दै गए। केही वर्षपछि उनको गोठमा बस्तुभाउलाई विमार लाग्यो। हेराइ-कोराइ गर्दा तिमीहरूका कुल (बेवराटारी खेतको कुनामा पूजा गरिने बाजे नरहरि) र यी झाँक्री आपसमा साथी-साथी भई हिंड्न थाले। झाँक्रीको पूजा गर्दा कुलको पनि पूजा गर्नु पर्ने बताइयो। सोही बमोजिम हरेक वर्ष झाँक्रीलाई एउटा कुखुरो र कुललाई जाँतोमा पिसेको चामलको पखल, गाइको दूधको धार, ध्वजा, अक्षता, भेटी, निखारा सेतो रङको पाठोसमेतबाट बलि पूजा गर्ने परम्परा बस्यो। विस्तारै यो पूजाको विधि लुप्लुङ्गे भुसाल परिवारबाट समग्र ओडारे फेटमा र अर्को पुस्तादेखि पुरकोटका सबै भुसाल परिवारमा सर्‍यो। सोही बमोजिम कुल-झाँक्रीका नामले चिनिएका यी झाँक्री देवताको पूजा फैलिदै गयो। पुरकोटका भुसाल परिवारले क्रमशः मालिका, सिद्ध, दुर्गा-भगवती, कुल-झाँक्री र कुल-देवता गरी पाँच स्थानमा धूप-ध्वजा, भेटी, बलि आदि दिनुपर्ने प्रथा चलेको छ।

### छ) मु. तिलाराम भुसाल (१९३९-१९९८)

वि.सं. १९५८ मा मु. डन्नु भुसाल ब्रह्मलीन हुनुभएपछि उहाँका ज्येष्ठपुत्र हाम्रा हजुरबुबा मु. तिलाराम भुसालले पुरकोट मौजाको तालुकदारी सम्हाल्नुभयो। उहाँका तीन श्रीमती हुनुहुन्थ्योः धुरकोट, बस्तु ठाँटीमाथिका जगुलाल भण्डारीकी साइँली छोरी जयकला, पश्चिम-बाग्लुङ थापागाउँ सोखोले रेग्मीकी छोरी नैनकला तथा अर्घाखाँची, हंसपुर पन्थीकी छोरी तिलादेवी। जयकलातर्फ हाम्रा बुबा (जेठा) मु. कविराम हुनुहुन्थ्यो भने नैनाकलातर्फ (माइलाबुबा) झविलाल, छमादेवी

(पन्थी), कविता (भण्डारी), नमादेवी (पाठक) र विष्णुदेवी (अर्याल) तथा कान्छी तिलादेवीतर्फ (साहिँलाबुबा) कृष्णप्रसाद, (काहिँलाबुबा) लङ्कप्रसाद तथा (कान्छाबुबा) शिवलाल गरी जम्मा नौ भाइ-बहिनी हुनुहुन्थ्यो । वि.सं. २०१४ सालमा जन्मेको मैले उपर्युक्त अघिल्ला पुस्तामा हजुर-आमा नैनादेवीलाई मात्र देख्न पाएँ । काहिँलाबुबा लङ्कप्रसादको पनि स्वर्गारोहण भैसकेको थियो । हजुरबुबाका तीन श्रीमतीले आ-आफ्ना छोरा-छोरीहरू लिई अलग-अलग बस्ने चलन थियो । हजुरबुबा मु. तिलाराम भुसाल वि.सं. १९९८ मा स्वर्गारोहण हुँदासम्म आफ्नी कान्छी श्रीमतीसँगै रहनुभएको थियो । फुपूहरू सबैको विवाह भई आ-आफ्ना कर्म-घर गैसक्नु भएको थियो ।

## अ) सफल तालुकदार

वि.सं. १९५२ मा श्री ३ महाराज वीर सम्शेरले नेपाललाई ३५ जिल्लामा विभाजन गरेका थिए । काठमाडौं उपत्यकाका तीन जिल्लाहरू केन्द्रीय प्रशासन अन्तर्गत राखिएको थियो । पूर्बी पहाड र पश्चिम पहाडमा २० तहसिल खडा गरिएका र भित्री मधेश, पूर्वी मधेश र पश्चिम मधेशमा १२ जिल्ला स्थापना गरिए । पाल्पा, गुल्मी, बाग्लुङ आदि पश्चिम पहाडको समूहमा थिए । यी तीन जिल्लाहरूको निजामती र जङ्गी काम पाल्पा गौंडाबाट हुन्थ्यो । बाग्लुङमा छोटी गौंडा र अदालत स्थापना गरिएको थियो । गुल्मीको वामीटक्सारमा स्थापित मालअड्डाबाट गुल्मी, अर्घा, खाँची, इस्मा, मुसिकोट, धुरकोट, गलकोट र पर्वत गरी आठ जिल्लाको राजस्व सङ्कलनको काम हुन्थ्यो (बानिया, २०७५:२७-२८) । यस समयमा मु. तिलाराम भुसाललाई तालुकदारको हैसियतले गाउँका सीमा विवादलगायतका कामले कहिले पाल्पा, कहिले बाग्लुङ त कहिले वामीटक्सार गइरहनु पर्दथ्यो । यही दौडमा लागेको भएर होला उहाँको पैदल हिंडाइ अब्बल थियो भनी बताइन्छ । तत्कालीन यात्रामा उहाँको साथ जाने गाउँका कटुवाल (दमाही) अलि होंचो कदका दशरथ दर्जीले *मुख्खे बराजु हिंडेको हिंडेई, म दगुरेको दगुरेई भेट्टाउनै सकिन* भनेको आज पनि पुरकोट भेगमा चर्चामा छ ।

सेनका अनुसार, आफ्ना बुबाको कार्यसम्पादन शैली सबै हेरेर अनुभव प्राप्त गरिसकेका योग्य युवक थिए, मु. तिलाराम भुसाल । जनतालाई बुबाको मृत्युपछि उनको अभाव महसुस गर्न दिएनन् । तालुकदारी व्यवस्थामा श्री ३ महाराज चन्द्र सम्शेर, भीम सम्शेर तथा जुद्ध सम्शेरले जारी गरेका ईस्तिहार बमोजिम बाटोघाटो,

खोलाले काटेको र ऐलानी जग्गाहरू दर्ता गर्ने जिम्मेवारी बमोजिम आफ्नो वंशका भुसालहरू तथा आफ्नो तालुकदारीअन्तर्गतका विभिन्न जातथोकका जग्गा दर्ता गर्ने गराइदिने, स्वामित्व दिलाइदिने समेतका तालुकदारका जिम्मेवारी राम्रोसँग परिपालन गरेका थिए (सेन, २०६०:८)।

पुरकोट, बाँजकटेरी गाउँ पञ्चायतका प्रधान पञ्च (२०३९-४७) प्रेमलाल भुसालका अनुसार, तत्कालीन गुल्मी क्षेत्रका सात थुम (वार-गुल्मी, पार-गुल्मी, मुसिकोट, इस्मा, धुरकोट, अर्घा र खाँची) का तालुकदारमध्ये मु. तिलाराम भुसाललाई पहिलो नम्बरमा आउने एक दहरा (अठिला) तालुकदारका रूपमा लिइन्थ्यो। यसको कारण उहाँ हकी, निडर तथा आफ्नो दायित्व र कर्तव्यप्रति सदा सजग रहने भएकोले हो। उहाँले सबैप्रति समभाव तथा सद्भाव राख्ने एक विश्वासिला तालुकदार हुनुहुन्थ्यो। उसबखत उपर्युक्त सबै थुमका तालुकदारहरूले उहाँलाई सोधेरमात्र काम गर्दथे (प्रेमलाल भुसाल, २०६२:९१)।

## आ) पुरकोटको सीमा र वनसंरक्षण

यसैगरी, हाम्रा अग्रज शिरा-काउले निवासी स्व. जेठाबुबा प्रधान-पञ्च प्रेमलाल भुसालका अनुसार, तिलारामको शरीर बडेमानको, एकदम अग्लो जिउडाल, तेजिला आँखा, अनुहार रातो-पिरो, निकै लाए-खाए जस्तो, अलि कल्छौंडो वर्ण, रौं उम्रेका ठूला-ठूला कान भएको व्यक्तित्व थियो मु. तिलारामको। उहाँको पैदल हिंडाइको वर्णन गर्ने क्रममा प्रेमलालले भन्नुभएको छ, “उस समयमा पुरकोटको सीमा तथा वनको मुद्दा पाल्पा गौंडामा थियो। यो मुद्दा काठमाडौंस्थित चारखाल-अड्डा तथा प्रधान न्यायालयसम्म पनि पुगेको थियो। तालुकदार भएकाले गाउँको तर्फबाट उहाँले नै मुद्दा बोकी किनारा लगाउने चलन भएकाले उहाँ बारम्बार तानसेन जानुपर्दथ्यो। आफू जान नपाउँदा वारिस राखी मुद्दा लड्नुपर्दथ्यो। त्यसको लागि उहाँका विश्वासिला व्यक्ति थिए, पुछ्राघरका लोकु भन्नें पुनाराम (माहिला जिम्माल)। त्यस क्रममा आफ्नो गोठ भएको मधाने-लेकको पश्चिमतर्फको नयाँखानीबाट बिहान गाईहरू दोहीदाही गरेर बाँजकटेराको घरमा गई खाना खाई एक झोला बोकी रिडी पश्चिममा पर्ने अँघामा गई बास बस्नुहुन्थ्यो। भोलिपल्ट तानसेन पुगेर अड्डामा तारेख लिएर एकझोला नुन बोकी पुनः बास बस्न अँघामैं पुग्नुहुन्थ्यो। तेस्रो दिनमा घर पुगी नुनको झोला बिसाई गोठमैं गाई दुहुन पुग्नुहुन्थ्यो। यो उहाँको तीन दिनको यात्रा सामान्य मानिसलाई सात दिनको हो। यसैगरी, बाग्लुङको छोटी-गौंडाको माल-अड्डामा आफ्नो

तालुकको तिरो दाखिल गरी फर्कदा उहाँको साथमा गएको सँगीले "*उहाँ हिँडेको हिंडेई, म दगुरेको दगुरेई, तैपनि उहाँलाई भेट्टाउन सकिनँ*" भन्ने कुरा सत्य थियो । उहाँको अन्तिम श्वासमा पनि पुरकोटले आफ्नो सीमा मुद्दा (मधानेक्षेत्रको पातलेखर्क र लसुने वनको मुद्दा) मा सफलता हासिल गर्न सक्ने विषयमा चिन्ता थियो भनिन्छ । वि.सं. १९८२ देखि चलेको सो मुद्दा २०१६ सालमा मात्र अन्तिम फैसला भई टुङ्गो लागेको थियो ।

## इ) पुरकोट, कोटको स्थिति बाँध्ने

पुरकोटको कोटको पूजाका लागि पहिले पाँच-दाँगी र पछि छ-दाँगी दस्तुर उठाई कोटको खर्च चलाउने स्थिति पनि मु. तिलारामले नै बाँध्नुभएको थियो । यसैगरी, मालिकालाई कोटमा उठाइने कालीपाठी तथा अन्य पाठाहरूको स्थायी बन्दोबस्त आदिका तरिकाहरू पनि मु. तिलारामका अक्कल थिए, जो अद्यापि कायम छन् ।

## ई) आग्रीहरूको बसोबास

राजदरबार, जाँचबुझ केन्द्रद्वारा अध्ययन गराई प्रकाशित गरिएको मेची-महाकाली (भाग ३) अनुसार गुल्मीक्षेत्रमा अनेक खानीहरू थिए । प्रशस्त तामाखानी भएको गुल्मीक्षेत्र खनिजमा निकै समृद्धशाली थियो (जाँचबुझ, २०३१:७२४) । बाग्लुङ र म्याग्दीतिरबाट स्थानीय तहमा तामा तथा फलामको खानी खोदाइको काममा आएका मगर जातिका शिल्पीहरूलाई आग्री भनिन्थ्यो । आग्रो भनेको खानी हो र खानीबाट धाउ झिक्नेलाई आग्री भनिन्छ (पोखरेल, २०५५:६५६) । मु. तिलाराम भुसालले विं.सं. १९७७-७८ मा होल्बाङको तिरो लगाइदिई ती आग्रीहरूको बसोबास गराउनुभएको थियो । ती आग्री परिवार (घर्ती, पुन, श्रीस, छन्त्याल) बाट  अलगै मुखियाहरूले आफ्नो समुदायको तालुकदारीसमेत गरेका थिए ।

## उ) कमारा-कमारीको बसोबासको व्यवस्था

उसबखत सन्सारका अन्य मुलुकहरूमा जस्तै नेपालमा पनि दासप्रथा प्रचलित थियो । अलि तल्लो जातका (पानी चल्ने) गरिब रोकाहा, घर्ती परिवार परम्परादेखि नै कमारा-कमारीको रूपमा हुने-खानेका घरमा दासदासी भई बस्तथे । गाउँमा विभिन्न ठाउँबाट आई यस्तो भूमिकामा रहने उनीहरूको जग्गा-जमिन हुँदैनथ्यो ।

उनीहरूको किन-बेच हुन्थ्यो। यिनीहरूलाई हली, कोदाले, घाँसी, गोठाले र घरेलु चाकरका रूपमा काम लगाइन्थ्यो। उनीहरूले आफ्ना स्वामीलाई खसम वा गोसाइँ भन्दथे। यिनीहरू काश्यप गोत्रका हुन् (पोखरेल, २०५५:६५५)। उनीहरूको नामको अन्त्यमा प्रायः ए-कारान्त लगाएर नै सम्बोधन गरिन्थ्यो। उसबखतका राजा महाराजाहरूको निगाह भएमा केही कमाराहरू मुक्त पनि गरिन्थे। वि.सं. १८२५ साल भाद्र शुक्ल-प्रतिपदा सोमबारका दिन रामकृष्ण उपाध्याय पौड्यालका छिमेकी विश्वामित्र मिश्रको घरमा कमारो बसेको धनदत्या नेवारलाई श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले मुक्त गरेको पाइन्छ (योगी, २०२२:५४)।

पछि वि.सं. १९८१ मंसिर १४ गते श्री ३ महाराज चन्द्र सम्शेर राणाको समयमा नेपालमा त्यस्तो दासप्रथाको पूर्णरूपमा अन्त्य (कमारा-कमारी उन्मूलन) गरियो। त्यस्ता दासदासीले नाथ सम्प्रदायमा दीक्षित भएर कान चिरेर त्यो मत ग्रहण गरेमा उनीहरूको सामाजिक मर्यादा बढेर जान्थ्यो। तर पुरकोटको गाउँघरमा त्यस्तो सुविधा थिएन। मु. तिलारामको समयमा पुरकोटको बाँजकटेरी भेगमा पश्चिम शखि भन्ने ठाउँबाट आएका शोभे, चन्द्रे, गजे, सबले, रामे, दधे, चुमाने, चामे, मने, पुल्टुंग आदि नामका कमारा र उनका छोरा-छोरीहरू थिए। सरकारी निर्देशन अनुसार सम्बन्धित तालुकदारले स्थानीयस्तरमैं त्यस्ता कमारा-कमारीहरूलाई जग्गा-जमिन दिई बसोबासको उपयुक्त बन्दोबस्त मिलाउनु पर्दथ्यो। यसै बमोजिम मु. तिलारामले विभिन्न कमारा-कमारीका परिवारको बसोबास बाँजकटेरी क्षेत्रमा मिलाइदिनुभयो। शोभेका परिवारलाई शिरा, चिञ्चौरे नजिकमा जग्गा दिइएको थियो। त्यस जग्गालाई अहिले पनि शोभेको-बारी भनी सम्बोधन गरिन्छ। उनका छोराहरू परे, बाले, चन्द्रे (कतले) तथा डल्ले (प्यूठान, फोप्लीबाट दूधपछि आएको र उनकी श्रीमती टाइटोले) र छोरी काली भन्ने थिए। ती मध्ये परे र बाले भने स्वेच्छाले पुरकोटको उत्तरतर्फ अर्खावाङ, गोंगरेमा गई बसोबास गरे, अरू त्यही बसे।

चन्द्रे (कतले) र गजे बाँजकटेरा मुखिया खलकका कमारा थिए। उनीहरूलाई बाँजकटेरा पञ्चमी-पोखरी माथितर्फको सार्वजनिक चौर दर्ता गरिदिई त्यही राखियो। चन्द्रेकी श्रीमती भुर्की रोकेनीले धेरै पछिसम्म गाउँको सेवा गरिन्। गजे र उसको छोरा सबलेलाई पनि बाँजकटेरा टाकुरा-डाँडाको दक्षिण-पश्चिमको खोरियामा बसोबास गराइएको थियो। पछि सबलेको छोरा रामे र उसको छोरा हिरे बाँजकटेराका लुप्लुङ्गे भन्ने ओडारे-भुसाल परिवारको सेवामा रहेका थिए।

पछि हिरे (बाँसकारूखे) ले केही बदमाशी गरेको कारण गाउँबाट भागी भारतको शिलाङतिर गएकोमा उतै बेपत्ता भयो। हिरेकी दिदी टकीको नेटाली साउ-खलकको कमारा परिवारका दधे रोकाहासंग विवाह भएको थियो। उनलाई नेटामाथि सिद्धकास्थान नजिकको सार्वजनिक जग्गामा बसोबास गराइएको थियो। उनका तीन छोरीहरू थिए, सबैको विवाह भई आ-आफ्ना घरमा गए।

ओखलढुङ्गा, गैराघरेको सेवा गरेका अर्को कमारा परिवारका सन्तान थिए, चुमाने रोकाहा। उनलाई खर्भाक्रि सोरेकमा बाटामुनिको जग्गा दिई राखिएको थियो। उनका छोरा गोरे र भूपे पछि दाङतिर बसाइँ सरी गए। चुमानेको भाइ पवे (डुँडा) सिर्सेनीको हर्रेतिर बसाइँ सरी बाँजकटेराबाट पलायन भए। यस्तै, मुखिया चामु भुसालका भाइ चिन्तु भुसालतर्फका काउलेपट्टी भनिने परिवारको सेवा गरेका परिवारका खलक थिए, चामे र डबले रोकाहा। उनीहरूलाई शिराको होल्बाङ क्षेत्रमा बसोबास गराइएको थियो। चामेका छोरा खुमे र तिलेले पछिसम्म सो परिवारको सेवा गरेका हुन्। उता शिरा तल्ला-काउले डन्नुका कमारा खलक पुल्टुङ्गले आफ्ना मालिकको घरमा चोरीचकारीलगायत अहितको काम गरेकाले मालिकबाट श्राप पाएका कारण एकैपटक महामारिबाट सम्पूर्ण परिवार एकैसाथ नष्ट भएको भनिन्छ। ओडारका भुसाल परिवारका कमाराहरूलाई नजिकैको बाङ्गेटारीक्षेत्रमा बसोबास गराइएको थियो। उता पुरतिर सेन ओली परिवारको सेवामा रहेका मने रोकाहा र उनका भाञ्जा ताइरेलाई थाम-डाँडा पश्चिमको वरुणस्थान (बरूनथान) मा जग्गा दिई राखिएको थियो।

## ऊ) अन्य सेवा

वि.सं. १९९३ को अनिकाल (भोकमरी) मा गाउँलेहरूले गिठा, तरूल, सिस्नु आदि पनि नपाएकोबखत मु. तिलाराम भुसालले गाउँलेहरूका लागि पिठोको बन्दोबस्त मिलाई तत्कालीन अनिकाल टार्नुभएको थियो। श्री ३ महाराज जुद्ध सम्शेर राणाको समयमा अर्गलीमा दरबार बनाउँदा हरेक तालुकदारलाई झरालीका लागि उर्दी हुँदा उहाँले आफ्नो तालुकभित्र झराली लगाई सो दरबार निर्माणका लागि दार कटाउने, बोकाउने आदि काममा आफूसमेत सरिक भई काम गराउनु भएको थियो (प्रेमलाल भुसाल, २०६२:९०-९३)।

## ज) मु. कविराम भुसाल (१९७२–२०५६)



इतिहासकार तथा मूर्धन्य साहित्यकार एवं संविधान सभा सदस्य सूब सेनले उहाँको व्यक्तित्वका बारेमा **पुरकोटका नवरत्न** पुस्तकमा एक रत्नका रूपमा विस्तृत वर्णन गर्नुभएको पाइन्छ (सेन, २०६०:७-१५)। साथै, उहाँका बहुआयामिक व्यक्तित्वका बारेमा समग्र जानकारी लिन भुसाल सम्पर्क समाज, काठमाडौं, नेपालद्वारा वि.सं. २०६२ मा प्रकाशित **कविराम भुसाल स्मृति ग्रन्थ** अध्ययन गर्नुपर्दछ तापनि उहाँका बारेमा यहाँ केही संक्षेपमा चर्चा गर्ने जमर्को गएिको छ।

आमा जयकला र बुबा मु. तिलारामका ज्येष्ठपुत्र कविरामले वि.सं. १९९८ मा आफ्ना बुबाको स्वर्गारोहणपछि तालुकदारको पद ग्रहण गर्नुभयो। जम्मा २६ वर्षकै कलिलो उमेरमा सम्हालेको जिम्मेवारीलाई उहाँमा विकसित भैसकेको योग्यता, सोच, तौरतरिकाको कारण सफल बनायो। कतिपय समस्या समाधान र व्यवधानको फरफारकमा आफ्ना बुबाको कार्यशैलीबाट, आफूले बुबालाई सहयोग पुराएको विषय सम्बन्धित घटनाक्रमबाट तालुकदारी चलाउन प्रशस्त अनुभव पनि प्राप्त गरिसकेको हुनाले आफूले पाएको तालुकदारीको जिम्मेवारीलाई जनप्रिय ढङ्गले सफलताका साथ पूरा गर्दै अगाडि बढाउँदै लानुभयो। बुबा तिलारामको माया र रेखदेख, आमाको विशेष स्याहार-सुसारमा पुष्ट शरीर, गहुँगोरो बर्ण, दहरा हात-पाखुरा, मझौला कद, तिखा आँखा र तीक्ष्ण बुद्धिका हुँदै उहाँ हुर्कनुभयो। सानै उमेरदेखि जनताका कुराहरूमा ध्यान दिने, दयालु र सल्लाहकारमा हुनुपर्ने गुणयुक्त हुँदै हुर्कनुभयो।

मु. कविरामको शिक्षा-दीक्षा पैतृक पृष्ठभूमिमा दुर्गा-कवच, दुर्गा-सप्तशतीबाट सुरु भई मुखिया पदधारि पिताले राख्नुपर्ने जग्गाको लगत, तिरो उठाएर राख्नुपर्ने रसिदहरूको आवश्यकता नै उहाँको शिक्षाको स्रोत थियो। स्थानीय ओखलढुङ्गा निवासी बर्माली भनिने ज्योतिष पुनाराम भुसालसँग ज्योतिष विद्या पढी व्रतबन्ध र विवाहका साइत जुराउने, शुभाशुभ छुट्टाउने, सामान्यरूपमा चिनासम्म हेर्ने जानकारी राख्ने योग्यता पनि बनाउनुभयो। साथै, आफूभन्दा तीनवर्ष वरिष्ठ व्यक्तित्व स्थानीय टिकबहादुर सेन ओलीसँग लेखन लिपि सुधार्ने, तमसुक, राजिनामा, फिरादपत्र, प्रतिउत्तरपत्र, बिन्तीपत्र, दरखास्त मुचुल्काहरू र हिसाबकिताबहरू सिक्नुभयो। आफ्नो ज्येष्ठपुत्र मृगेन्द्रप्रसादलाई पनि वि.सं.

२००४ मैं उहाँकै निजी पाठशालामा पढ्न लगाउनुभयो । पञ्चायतकालमा १२ वर्षसम्म प्रधान-पञ्च चलाउँदा पनि आवश्यक बुद्धि-विवेक, पढाइ, बुझाइ, लेखाइमा आवश्यक योग्यता आर्जन गर्नुभयो ।

उहाँको पहिलो विवाह धुरकोट, बस्तु-सौरपानीका पुनाराम भण्डारी (शिवाली) की छोरी चन्द्रकलासँग भएकोमा उहाँको २००५ मैं असामयिक निधन भएकाले त्यसको एक वर्षपछि उहाँतर्फका तीन बच्चाहरू टिकादेवी खनाल (१९९४), मृगेन्द्र (१९९६) र भीमलाल (२००३) को स्याहार-संभारका खातिर पनि बुबा कविरामले दोश्रो विवाह गर्नुपर्ने बाध्यता पर्‍यो । आफ्ना साहिँला बुबा कविरामका साथ लागी उहाँका जेठान प्यूठान, फोप्ली निवासी जिम्माल पिमानन्द भण्डारीकी छोरी टिकादेवीलाई हेर्न गएकोमा उहाँसँगै विवाह गरी फर्कनुभयो । तर उहाँले ती टुहुरा बालबालिकको राम्रो हेरचाह पुराउन सक्नुभएनछ । तालुकदारी, जनता, घर-व्यवहार, नाबालिग छोराछोरीको स्याहारसमेत उहाँबाट राम्ररी नपुगेको बुझी नजिकैको फप्रेटाका माहिला-साउ पुनाराम भट्टराईकी कान्छी-छोरी एउटै संस्कृति र सोंचाइ भएकी कन्या थमादेवीसँग वि.सं. २००८ साल भदौमा तेश्रो विवाह गर्नुभयो । आमा टीकादेवी, बुबाको तेस्रो विवाहको लगत्तै बुबाबाट अलग बस्ने व्यवस्था भएछ । उहाँतर्फ २०१६ सालमा एक छोरी नुजा (भण्डारी) को जन्म भयो, पछि दुइ भाइ छोराहरू पनि जन्मिए तर ती दुबै भाइको बाल्यकालमैं निधन भयो ।

कान्छी थमादेवीतर्फ पाँच छोरीः रमा (भण्डारी), तारा (पन्थी), रिता (घिमिरे), राधिका (भण्डारी), विष्णु (घिमिरे) र तीनभाइ छोराहरूः घनश्याम, **युवराज** तथा रामचन्द्र गरी आठ भाइ-बहिनीहरू भयौं । आमा थमादेवीले



(जेठी) आमा चन्द्रकलातर्फका तीन र आफूतर्फका आठ गरी एघार बच्चाहरूको स्याहार-संभार, शिक्षा-दीक्षा, विवाह-दानलगायतका जिम्मा लिनुभयो । दिदी टीकादेवीको २०१३ सालतिरै अर्घाखाँची, गोखुङ्गा दहका केशवराज खनालसँग विवाह भई आफ्नो कर्म-घरतिर लागिसक्नुभएको थियो (वि.सं. २०७४ माघमा उहाँको स्वर्गारोहण भैसक्यो) । दिदी रमादेवीको विवाह प्यूठान, धर्मावती, धाइरेका गीताराम भण्डारीका राहिँला सुपुत्र जीबराज भण्डारीसँग २०२८ साल माघमा विवाह भई उहाँ पनि आफ्नो कर्म-घरतिर लाग्नुभयो (हाल उहाँको बसोबास धर्मावतीकै बाग्दुलामा छ) । अर्कि बहिनी नूजाको विवाह गुल्मी, वाग्लाका माधव भण्डारीसँग, ताराको पनि धुरकोट गैराखर्कका टीकाराम पन्थीसँग, रीताको धुरकोट, वाग्लाको अजमिरका विष्णुप्रसाद घिमिरेसँग, राधिकाको धुरकोट, रजस्थलको रातामाटाका खुमलाल भण्डारीसँग तथा कान्छी विष्णुको नवलपुर, देवचुलीका यादव घिमिरेसँग वैदिक विवाह भई आफ्नो कर्म-घरतिर लागे, आफ्नो परिवारसँग रमाइ बसेका छन् ।

बसोबासको हकमा भुसालहरूको पैतृकस्थल बाँजकटेरा र अलि तातो ठाउँ शिराक्षेत्रमा पनि गर्नुभयो । साथै, उहाँले तराईको कपिलवस्तु, बाँणगङ्गा-राजपुर, बुटवल तथा काठमाडौंको कुलेश्वरतिर पनि घरजग्गा जोडिदिई आफू र आफ्ना छोराहरूको बसोबास विस्तार गर्नुभयो ।

## कविरामका प्रमुख प्रवृत्ति, कार्य र योगदान

### अ) परिवारस्तर

परम्परादेखि बेहोरिआएका सामाजिक सेवा, तालुकदारी (मुखिया) को सरकारी उत्तरदायित्व, गाउँको प्रधानखपञ्चको जिम्मेवारी, गाउँ-घरमा अनिकाल पर्दा बहन गनुपर्ने दायित्व आदि उहाँका परिवार-बाहिरका पूरा गर्नुपर्ने कर्तव्यहरू थिए । आफ्ना तीन आमाहरूको ज्येष्ठ-पुत्र, पाँच दाजु-भाइ, चारजना बहिनीहरू, तीन श्रीमतीका एकदर्जन छोराछोरीको लागि खाद्य-सुरक्षा, पालन-पोषण, शिक्षा-दीक्षा, कृषि तथा पशुपालन (गाईगोरू, भैंसी, भेँडा-बाखा, घोडा आदि) आदि हरेक क्षेत्रका जति तनावपूर्ण जीवन हामीले परिकल्पना गर्न सक्दछौं, तर उहाँले त्यसलाई सहजरूपमा लिई सफलतापूर्बक सम्पन्न गर्नुभएको पायौं । त्यसबखत छोरीहरूलाई गाउँबाहिर पढ्न पठाउने चलन नभएकाले स्थानीय स्तरमा शिक्षाको जे-जस्तो सम्भावना थियो त्यत्तिमात्र गर्नुभयो उहाँले पनि । अर्थात् जमाना

अनुसार कान्छी विष्णुदेवीले स्नातकसम्म अध्ययन गर्ने अवसर पाए पनि अरू त साक्षरमात्र भएर चित्त बुझाउनु पर्‍यो ।

छोराहरूमध्ये गोडाका जखमी (आंशिक अपाङ्ग) ज्येष्ठपुत्र मृगेन्द्रलाई धुरकोट, तम्घास र तानसेनसम्म पठाई पढाउनुभयो । प्रवेशिकासम्म अध्ययन गरी उहाँ स्वयम् फर्कनुभयो । माहिला दाजु भीमलाललाई गाउँको प्राथमिक विद्यालयमा पढ्ने अवसर दिनुभयो । दाजु घनश्याम र म युवराजलाई हिमालय हाईस्कुल धुरकोटमा डेरा गरी बसेर माध्यमिकस्तरसम्म पढ्ने अवसर मिल्यो । पछिल्लो चरणमा बदलिंदो समयअनुसार काहिलो छोरा म युवराजलाई पोखरा र काठमाडौंसम्म उच्च शिक्षा अध्ययन गर्ने अवसर पनि दिनुभयो । बुबाको आज्ञाकारी तथा मेहनती युवराजका लागि नेपाल सरकारको सचिव (विशिष्ट श्रेणी) को पद र पछि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (मन्त्रीस्तर) को पदसम्म पुगी मुलुक र जनताको सेवा गर्ने अवसर पनि मिल्यो । कान्छा रामचन्द्रले पनि स्नातक पूरा गरी प्रहरी अधिकृत बन्ने अवसर पाए । बुबाले पढ्न सक्ने छोरालाई जति पढे पनि खर्च दिन्छु, पछि भाइहरू छुट्टी-भिन्न हुँदा अंशबण्डामा हिसाब गरिने छैन भनी परिवारभित्र घोषणा पनि गर्नुभएको थियो । उहाँले आफ्ना बुबाको जिउनीमा पनि भाग नखोजी आफ्ना सानी-आमापट्टिका भाइहरू (कृष्णप्रसाद र शिवलाल) लाई छाडी त्यस समयको हिसाबले त्याग पनि गर्नुभएको रहेछ । आफ्नी साहिली बहिनी मागी सौता हाली अलि अन्याय गरेका कारण उहाँका बहिनी ज्वाईसँग मुद्दासमेत गरी बहिनी नमादेवीको पारपाचुके गराइदिई वि.सं. २०२४ सालमा आफ्नो अंशको अधिकार कार्यान्वयन पनि गराइदिनुभएको थियो ।

## आ) तालुकदारी

मु. कविराम भुसालले आफ्ना बुबा मु. तिलारामलाई सघाएकोबाट प्राप्त अनुभव र आफ्नो तालुकदारीभित्र आफ्नै वंशका भुसाल बन्धुहरूको बाहुल्यताले गर्दा त्यो जिम्मेवारी बहन गर्न अलि सहज पनि भयो । साथै, उहाँका समकालीनहरू बलबहादुर खत्री, लोकुराम भन्ने पुनाराम भुसाल, दाजु हर्कदेव भुसाल, भाइ मुक्तिराम भुसाल, टीकाबहादुर ओली तथा घनबहादुर सेन ओलीहरूको सरसल्लाह र सहयोग तथा नुवारका मु. कृष्णबहादुर कुँवर, चेतबहादुर तथा जि. टिकबहादुर कुँवरबाट समयसमयमा प्राप्त अनुभव र सल्लाह कार्यसम्पादनमा सहायक बने । उहाँ तालुकदारी प्राप्त समयदेखि नै आफ्नो तालुकी कर्तव्य पालन, सरकारप्रति

बफादारी र जनताको काममा सफल हुँदै जानुभयो । आफ्नो तालुकीभित्रको जग्गा-जमिनको लगत समयमैं तयार पारी एकप्रति मालअड्डामा बुझाई एकप्रति आफैसँग राख्ने काम गर्नुभयो । जनतालाई सधैं जग्गासम्बन्धी झैंझगडा विवादमा पार्नु भएन (सेन, २०६०:११) । उहाँलाई ती लगत तयार गर्ने काममा र प्रधान-पञ्चको जिम्मेवारीमा रहँदा दाजु हर्कदेवका ज्येष्ठपुत्र हिमालयले गाउँ पञ्चायतको सचिवको रूपमा रहेरसमेत सघाउनुभएको थियो ।

**इ) समाजसेवा र सामाजिक न्याय**

सूब सेनका अनुसार, समाजसेवामा रुची राख्ने मु. कविराम परिआएका दिनमा गरीब-धनी, ठूलो-सानो, बाल-बृद्ध सबैलाई माया गरेर सहयोग गर्नुहुन्थ्यो । गाउँमा न्वारान, व्रतबन्ध, विवाह, मर्दा-पर्दाका काममा आफै उपस्थित भएर अप्ठ्यारे परेको भए सप्ठ्यारो पारिदिएर काम उतारिदिनुहुन्थ्यो । गाउँले र परम्परागतरूपमा चलिआएको उपचारविधि तथा जडिबुटी औषधिहरू प्रयोग गरी बिरामीहरूको उपचार गरिदिने, सिकाउने, सहयोग पुराइदिने गर्नुहुन्थ्यो ।

उहाँ गाउँको मुखिया तथा प्रधान-पञ्च भएको बखत २०३० सालतिर गाउँका गरीब-गुरुवालाई सुकुमबासीको रूपमा निःशुल्क जग्गा दिलाउनुभयो । त्यसमध्ये कालु कामी, खुमाने टोमटा, आर्ने खिमे कामी, आर्ने रामे कामी, पुने दमाईको परिवारलाई क्रमशः थामको चुच्चे-ढुङ्गा, गणेश-पोखरामुनि जम्फु-ढुङ्गा तथा थाम ठूला-चौरको सरकारी जग्गामा स्थायी बसोबासको प्रबन्ध मिलाउनुभएको थियो ।

उहाँले ज्योतिष विद्यामा पनि जानकारी राख्नुहुन्थ्यो । न्वारान, भात-खुवाइ, व्रतबन्ध, साइत हेर्ने, सामान्यरूपमा चिना हेर्ने, चिना टिपन पनि बनाउने जस्ता कार्य गर्नुहुन्थ्यो । तर उहाँले त्यसको पैसा लिनुहुन्नथ्यो । खोलो-पैह्रो लाग्ने, आगलागी हुने, छुट्टिम्पाट्टिम् भएर बेघर हुने, लोग्ने वा स्वास्नीको मृत्यु भई विजोग पर्ने, टुहुरा, वृद्ध-वृद्धाहरूको सहयोगका लागि गुहारे जुटाई बसोबास गराइदिने, माना-मुठी जुटाएर खानपिन गराइदिने, हकदारहरू खोजेर सहयोग रेखदेख पुऱ्याइदिने जस्ता काम उहाँबाट सेवाकै भावनाले हुन्थे ।

साथै, गाउँ-घरका झैं-झगडा, मुद्दा-मामिलाहरू मिलाउन बस्ने कचहरिमा सहपाठी सहयोगी घनबहादुर सेन ओली, बलबहादुर खत्री, मु. चन्द्रबहादुर झाँक्री-मगर, दाजु हर्कदेव, भाइहरू मुक्तिराम र प्रेमलाल रहन्थे । घनबहादुरको साह्रो खालको र मु. कविरामको कमलो खालको राय (सम्झाइ-बुझाइ गरी

सुधारेर लैजाने) रहन्थ्यो । परिस्थितिअनुसार सल्लाहबाट निर्णय हुन्थ्यो । प्रायः मु. कविरामकै शैलीमा मुद्दा-मामिला, झैं-झगडाहरू मिलेका थिए । तत्कालीन पुरकोटको समाज सुमधुर र सुसम्बन्धका साथ चलेको थियो (सेन, २०६०:११-१२) ।

आफ्ना बुबा मु. तिलारामका समयदेखि पाल्पा गौंडा हुँदै काठमाडौं चारखाल अड्डासम्म पुगी कुल ३४ वर्षसम्म चलेको गाउँको सीमा तथा मधानेक्षेत्र पाल्ले-खर्कको वनसम्बन्धी मुद्दामा आफै स्वयम् लागेर वा भाइ मुक्तिरामलाई वारेस राखेर (झण्डै अठार-वर्षसम्म उहाँकै अगुवाइमा) मुद्दा लडी वि.सं. २०१६ सालमा पुरकोटको पक्षमा फैसला गराउन सफल हुनुभएको थियो । सबै भाइ-बन्धु तथा पुरकोटको समाजबाट उहाँले त्यसमा स्यावासी पाउनुभएको थियो ।

### ई) शिक्षा क्षेत्रमा योगदान

वि.सं. २००४ देखि टिकबहादुर सेन ओलीको घरमा चलेको गुरुकुल शैलीको पाठशालालाई पञ्चमी-पोखरीमा सार्न लगाई गाउँ-घरका इच्छुक सबैले पढ्ने अवसर दिलाउने गरी **सत्यवती प्राथमिक पाठशाला**को व्यवस्था गराउनुभयो । वि.सं. २०२३ सालमा आफू प्रधान-पञ्च रहेको बखत त्यसलाई स्वीकृत गराई विद्यालयलाई सरकारी अनुदान दिलाउन सफल हुनुभयो । पञ्चमी पोखरीमा विद्यालय भवन पनि बनाइयो । तैपनि स्थानीय मागलाई सम्मान गर्दै गाउँका सबैलाई पायक पर्ने ठाउँको रूपमा जन-आवाजको कदर गर्दै पञ्चमी-पोखरी, निपाने-डाँडा, निपाने-खोला, विष्टका पाटा आदि हुँदे अन्त्यमा थाप्लाकाचौरमा **बाँझकटेरी प्राथमिक विद्यालय** स्थापना गराउनुभयो । वि.सं. २०२४ सालमा थाप्लाका चौरमा नै प्राथमिक विद्यालय भवन निर्माण गराउनुभयो, कक्षा पाँचसम्मको पढाइ पनि सुरु गरियो । विद्यालयमा छात्राहरूको भर्नालाई थप पुट दिइयो । छोरासँगै छोरीहरू पढाउने परिपाटी पनि चलाइयो । अझ, सो विद्यालयको प्रधानाध्यापकमा भर्खरै प्रवेशिका परीक्षा दिई गाउँ फर्केका स्थानीय युवा जयप्रकाश भुसाललाई नियुक्त गरेपछि शिक्षा क्षेत्रमा थप सुधार हुन गयो । वि.सं. २०३४ सालमा स्थानीय युवा प्रेमचन्द्र भुसालको समेत सहयोगबाट **बाँझकटेरी प्राथमिक विद्यालयलाई निम्न-माध्यमिक** बनाई निमराङ्गको खेतमा सञ्चालन गराउनुभयो । उहाँ नै सो विद्यालय सञ्चालक समितिको पहिलो अध्यक्ष हुनुहुन्थ्यो । पछि २०४८ सालमा प्रस्तावित **बाँझकटेरी माध्यमिक विद्यालय**को स्तरमा पुराई वि.सं २०५२ मा स्थायी स्वीकृतिमा पुऱ्याउनसम्मको अवस्थामा उहाँको अगुवाइ

र सहयोग उल्लेखनीय रह्यो । निपाने-खोलापारको शिराभेगका लागि अर्के विद्यालय सञ्चालन गराउनुभयो । अन्ततोगत्वा, २०३४ सालतिर **बाल-विकास प्राथमिक विद्यालय** हुँदै निम्न माध्यमिक र हाल माध्यमिक विद्यालयको रूपमा विकसित भैसकेको छ ।

पुरकोट-दहमा **पृथ्वी निम्न माध्यमिक विद्यालय** खोल्ने क्रममा पनि उहाँको महत्वपूर्ण सहयोग रहेको थियो । यसैगरी, पश्चिम गुल्मीको तत्कालीन केन्द्रको रूपमा रहेको धुरकोट, बस्तुमा वि.सं. २०१७ सालमा हाई-स्कुल बनाउने धुरकोटका जनताहरूको अभियानमा साथ दिई नगद तथा जिन्सी उपलब्ध गराई **हिमालय हाईस्कुल**को स्थापना र सञ्चालनमा सहयोग पुऱ्याउनु भएको थियो । जिल्ला सदर-मुकाम तम्घासको चिदीचौरमा **महेन्द्र हाई-स्कुल** बनाउने अभियानमा पनि गाउँको तालुकदारको हैसियतमा झारा लगाई महेन्द्र हाई-स्कुल र सोको मैदान निर्माणमा समेत सहयोगी भूमिका खेल्नुभयो ।

## उ) धर्मसंस्कृति

धर्म-संस्कृतिमा आस्थावान् मु. कविराम भुसालले साविकदेखि चलिआएका धर्म, संस्कृति तथा परम्परा मान्दै आउनुभएको थियो । उहाँले खाना खानुअघि बल हाल्ने, अग्निलगायतका देवी-देवतालाई पहिले अर्पण गरेपछिमात्र खाना खाने, नयाँ ठाउँमा आगो बाल्दा सर्वप्रथम धूप हाल्ने, देवीदेवताको समय-समयमा पूजा-आजा गर्ने, हरेक वर्ष श्रावणमा रुद्री पूजा, ग्रह-जप आदि गर्ने गर्नुहुन्थ्यो । उहाँले धूप हाल्दा आफ्नो पुर्ख्यौलीस्थलहरूको स्मरण पनि गर्नुहुन्थ्यो । जस्तैः धूप हाल्दा अरु देवी-देवताको नामसँगै गढ-कुम्म-रिजा (भुषा)-अर्घा-पुरकोट भनी उल्लेख गर्नुहुन्थ्यो । उहाँले गोठ सार्दा धूप हाल्ने बेलामा गैंडु-गोसाइँ ऐर (अहिर) देवता सम्झनुहुन्थ्यो । हरेक वर्ष उँधौली र उँभौली पर्वमा गोष्ठदेवका प्रतीक **गैंडु-गोसाइँ** र अहिर अथवा पशुपालकका प्रतीक **ऐरा देवता**को स्थापना गरी गाईको दूध र सोबाट बनेको खिर, ठाडो-चामलको रोटी आदिले पूजा गर्नुहुन्थ्यो । मोही पारेर घिउ झिकेपछि यी गोष्ठ-देवतालाई अनिबार्य रूपमा धूप हाल्नुहुन्थ्यो । साथै, घर-गोठको धुरी खाँवामा राता-सेता ध्वजा पनि बाँध्ने चलन थियो । अझ, देउराली-देवी, सिमे-भूमे, लागो (झाकृ), नाग, वायु, भूतप्रेत, वनखण्डी, श्मशान आदिको पनि मर्यादा राखी पूजा-आजा गर्नुहुन्थ्यो ।

मु. कविरामले वि.सं. २०२१ सालमा साबिकको दुर्गामन्दिर (कोट) मा जनघनत्व बढी हुनुकासाथै शिराक्षेत्रबाट अलि टाढा भई असुविधा भएकाले समेत



बाँजकटेराको थामको डाँडामा दुर्गा-भगवतीको मन्दिर (कोट) निर्माणको अगुवाई गर्नुभयो । पुरकोट, थामको कोटमा वेद-चण्डीपाठ गर्ने साबिकदेखिका भट्टराई ब्राह्मणको निरन्तरता (त्यस बखतका पं. चेतनारायण भट्टराई तथा पं. मोतीलाल भट्टराई), ओलक (ब्राह्मण र उपासुको खानपानको) बन्दोबस्ती, उपासुको आलो-पालो र छनोट विधि, गाउँका सबै जनताको सहभागिता (माछा, धान, पिपलका पात, हतियार उदाउने व्यवस्था, बलि दिने बोका, हात-हतियार र तिनलाई उधाउने र बलि अघि ताक्ने प्रबन्ध, बाजागाजाको व्यवस्था, राँगा-पाठा नुगाउने प्रबन्ध आदि), बलि दिने आलो-पालो, कोटको विकास-निर्माण, कोट-व्यवस्थापन समितिको निर्माण आदि कार्य पनि उहाँकै नेतृत्वमा भएका थिए । गाउँ-घरका लोक-नाँच, लोक-गीत, मारूनी-नाँच, देउसी-भैलो, भजन-कीर्तनहरूलाई रुचीका साथ समर्थन गर्नुहुन्थ्यो, भाग पनि लिनुहुन्थ्यो (सेन, २०६०:१२) ।

## ऊ) विकास निर्माण

मु. कविरामले आफ्नो तालुकीभित्र खानेपानी, सिंचाइ कुला, धारा, कुवा, बाटोघाटो, गौंडा-गल्फा, चौतारा निर्माण तथा मर्मत सम्भार आदि कामहरू गराउनुभयो । यस सन्दर्भमा शिराको पनाहा खोलामा घमिरका आफ्ना मित्र तत्कालीन प्रधानपञ्च जगत्बहादुर कार्कीको सहयोगबाट सालका काठ ल्याई पुल बनाउने काम, थाप्लाकाचौरमा बाँझकटेरी गाउँ पञ्चायतको भवन तथा सोही स्थानमा बाँझकटेरी प्राथमिक विद्यालयको भवन बनाउने काम उहाँले नै सम्पन्न गराउनुभएको थियो । निपानेखोला, चाकाखेतको फलेतारूखस्थित पनाहा

खोलालगायतका अन्य स्थानहरूमा साँघुहरू हाल्ने त गाउँको झरालीबाटै गराउनुहुन्थ्यो ।

वि.सं. २०१२ सालमा गुल्मीका तत्कालीन बडाहाकिम डोरविक्रम शाहको आह्वानमा पाल्पाको तानसेनदेखि तम्घास तथा कपिलवस्तुको पत्थरकोटदेखि तम्घाससम्मको मोटरबाटो खन्ने उर्दी भएबमोजिम आफ्नो तालुकदारीभित्रका जनताको झराली लगाई सो बाटो खनाउनुभएको थियो । पाल्पाबाट कुरुङ्गखोला, अर्गोली, रिडीहुँदै तम्घास पुग्ने बाटो र पत्थरकोटबाट ठाडा, शीतखोला, सुपा-देउराली, भञ्ज्याङ, नरपानी, अड्गुरी, ढाक्रेबास, बल्कोट, केरूङ्गा, अर्घातोषहुँदै तम्घास पुग्ने लक्ष्य राखिएको थियो । उसबखत नै ठाडासम्म ट्याक्टर पुगेको थियो (सुवेदी, २०६१:५६-५७) ।

सुझबुझका साथ जनशक्ति परिचालन गर्ने क्षमता भएका मु. कविरामले २०२५ सालमा पनि झराली लगाई तानसेन-तम्घास मोटरबाटो खनाउन प्रधान-पञ्चको हैसियतमा आफै जानुभएको थियो । तालुकदारीमा राजनैतिक पद प्रधान-पञ्च पनि थप भएपछि गाउँमा जनसेवाका काममा अरु प्रभावकारिता बढेर गएको थियो । साविकदेखि मानी आएको र माया तथा विश्वास गरी आएको व्यक्तित्व कविरामलाई मुखिया तथा प्रधान-पञ्चको पदबाट निवृत्त भएपछि पनि जनसमाजले आदरकासाथ मान्दै आयो (सेन, २०६०:१३) ।

### ए) राजनीति

सूब सेनकै शब्दानुसार, सर्वप्रथम २००९ सालमा पाल्पा गौंडाबाट पुरकोट क्षेत्रमा एउटा गाउँ-पञ्चायत गठन गर्न डोर खटिई आएको बखत उहाँलाई गाउँ-पञ्चायतको सदस्यमा निर्विरोध निर्वाचित गरेको थियो । वि.सं २०१२ सालदेखि **नेपाल राष्ट्रवादी गोरखा परिषद् पार्टी**को सदस्यको रूपमा स्थानीय माथवर व्यक्तिहरू बलबहादुर खत्री, घनबहादुर सेन ओली, मु. लङ्कबहादुर झाँक्री मगरसँगै सक्रिय रहनुभयो । यसैकारण उहाँको घरमा पार्टीले पठाउने पत्र-पत्रिका, घोषणा, आवाजहरू पढ्ने, राजनैतिक कुराहरू गर्ने, छलफल गर्ने, सँगठन गर्ने जस्ता कामकुराहरूमा उहाँहरू मिलेर हुने गर्ने कामहरू भए । फलस्वरूप २०१५ सालको आम-चुनावमा पुरकोटबाट **नेपाल राष्ट्रवादी गोरखा परिषद् पार्टी**ले अत्यधिक मत पायो । जनताले २०१३ सालदेखि स्थापना गरेको सत्यवती प्राथमिक पाठशालालाई नेपाली काँग्रेसको सरकार सत्तामा आएपछि उसले स्वीकृत नगरेको कारण वि.सं. २०१७ सालको राजा श्री ५ महेन्द्रको

कदमको समर्थन गरे ।

वि.सं. २०१९ मा जारि गरिएको **नेपालको संविधान** अनुसार २०२० मा पुरकोट क्षेत्रमा पनि एउटा पञ्चायत गठन भयो । तत्कालमा गठन गरिएका गाउँ पञ्चायतहरू ठूला भएकाले सो फोरेर स-साना पञ्चायत गठन गर्ने सरकारी निर्णय अनुसार धुरकोट, रजस्थलका केशरबहादुर थापाको नेतृत्वमा तम्घासबाट डोर खटेर पुरकोट गएको थियो । यसपछि साबिकको **रामपुर पञ्चायत**लाई फोरेर अग्लुङ, (मोतीगञ्ज) बाँझकटेरी, मेहालपोखरी, मलायागिरी र पुरकोट-दह बने । २०२१ साल मार्ग १८ गते निर्विरोध चुनाव सम्पन्न भयो । पुरकोटमा इतिहासदेखि नै सामाजिक, धार्मिक, रीति-स्थितिहरू सबै जातथोकका मान्यता हुने गरी स्थिति बाँधी गर्ने चलन थियो । यसै अनुसार भुसाल परिवारलाई प्रधान-पञ्च, झाँक्री-मगरलाई उपप्रधान-पञ्च, सेन ओलीलाई जिल्ला-सभासद र बाँकी सदस्यहरू अन्य थर-थोकलाई विभाजन गरी कार्यान्वयन गरियो । मु. कविराम भुसाल प्रधान-पञ्च, चन्द्रबहादुर झाँक्री-मगर उपप्रधान-पञ्च, सूर्यबहादुर सेन ओली वडा नं. ९ को सदस्य र पछि जिल्ला सभासदमा निर्विरोध निर्वाचित हुनुभयो (सेन, २०५९:९८) । बाँजकटेरी पञ्चायतमा अन्य सदस्यहरू सबै जात-थोक गरी गठन भयो ।

वि.सं २०२१ सालमा लागू गरिएको भूमिसुधारसम्बन्धी काममा समेत मु. कविरामको परिपक्वता, अनुभव, प्रशासनको समर्थन, राजाको नेतृत्वजस्ता कारणले प्रभावशाली बनेको प्रधान-पञ्चको पदलाई उहाँले अझ प्रभावकारी ढङ्गले सम्पन्न गराउनुभयो । २०२२ सालमा सरकारबाट केही अनुदानसमेत ल्याई बाँजकटेरीको थाप्लाका चौरमा गाउँ पञ्चायत भवन निर्माण पनि गराउनुभयो । विं.सं. २०३१ सालमा श्री ५ महाराजाधिराज वीरेन्द्र विर विक्रम शाहदेवको **शुभराज्याभिषेक पदक**बाट विभूषित पनि हुनुभयो (सेन, २०६०:१४) ।

## ऐ) प्रेरक व्यक्तित्व

सेनका अनुसार, उसबखत मु. कविराम स्थानीय स्तरका हुनेखाने व्यक्ति हुनाले नगदी तथा जिन्सी-खाद्यान्ह ऋण माग्न सर्वसाधारण जनताहरू उहाँकहाँ पुग्दथे । उहाँले बीस रूपैयाँ नगद माग्नेलाई दश रूपैयाँ र दशपाथी अन्न माग्नेलाई पाँचपाथी दिँदै कम खर्च गर, पुराउ, कमाउन-तिर्न गाह्रो हुन्छ भनी सम्झाउदै मितव्ययिताका पाठ सिकाउनुहुन्थ्यो । उहाँले जुवा-तास, वेश्यावृत्ति-रण्डीबाजी तथा जाँड-रक्सीको घृणा गर्दै त्यसो गर्नेहरूलाई नगर्न सम्झाई-

बुझाई गर्नुहुन्थ्यो । समाजलाई स्वच्छ, शुद्ध राख्न बारम्बार अर्ति-उपदेश गर्नुहुन्थ्यो । गाउँका युवालाई पढ्न-लेख्न, परिश्रम गर्न पैसा कमाउन प्रोत्साहन गर्नुहुन्थ्यो । मु. कविराम भुसालका काम र जनसेवा हाम्रो समाजमा सधैं सम्झनाको विषय रहेको छ । उहाँ समकालीन समाजका पथप्रदर्शक र प्रेरणाका स्रोत रहिरहनुभएको छ (सेन, २०६०:१५) ।

***ओ) कविरामले अनुसरण गर्नुभएका केही आदर्श सूक्तिहरू* (भुसाल, २०६२:त)**

- असत्य बोलेर कसैलाई पनि धोका नदिनू,
- बोलेको कुरा फेरेर आफ्नो प्रतिबद्धता नगुमाउनू,
- अर्काको भलो गर्नू, कुभलो कदापि नगर्नू,
- आफ्नो उन्नति र प्रगतिका लागि दत्त-चित्त रहनू,
- जुनसुकै विपत्तिमा पनि धैर्यवान् बन्नू,
- पिछडिएका दु:खीलाई अघि बढ्न तन, मन, धन दिई सहयोग गर्नू,
- झैं-झगडा मिलाउनू, बढाउने काम कदापि नगर्नू,
- छोरा-छोरीलाई जसरी पनि पढाउनू,
- समाजमा हरेकको अस्तित्व स्वीकार्नू,
- रण्डीबाजी नगर्नू, नाठा नखेलाउनू,
- जाँड-रक्सी नखानू,
- जुवातास नखेल्नू,
- जिन्दगीमा कहिल्यै पनि हरेस नखानू ।

तत्कालीन प्रधान पञ्च मु. कविराम भुसालको विकास निर्माणप्रतिको प्रतिबद्धता, समाज सेवा, सामाजिक न्याय, शिक्षा-विकासप्रतिको दृढता आदिको विषयमा मूल्याङ्कन गर्दा वि.सं. २०२१ मार्ग १९ गते उहाँको अध्यक्षतामा बसेको गाउँ पञ्चायतको पहिलो बैठकबाट पारित विभिन्न ११ प्रस्तावहरूबाट पनि यकिन गर्न सकिन्छ । ती प्रस्ताव र निर्णयहरू तपसिलबमोजिम थिए (सेन, २०५९:९८):

- जुवा नखेलाउने, नखेल्ने,
- रिस-डाह, बोक्-उचाल, झैं-झगडा, कुरा लगाउने र फटाहींजस्ता क्रियाकलाप नगर्ने,

- गाउँको विकासमा तन, मन, धनले सहयोग गर्ने र काम गर्ने,
- (पञ्चमी-पोखरीमा) स्कुल सञ्चालन र भवन निर्माण गर्ने,
- पुल निर्माण गर्ने, खोलाहरूमा साँघु हाल्ने, बाटा-घाटाहरू मर्मत गर्ने,
- पञ्चायत भवन निर्माण गर्ने,
- ठेकी-बेठी हटाउने,
- विकासका लागि श्रमदानबाहेक अरु झारा-टण्टा हटाउने,
- अन्नको भाउ रू.२।- को एकपाथी गर्ने र ब्याज धन र अन्न दुबैमा दशौंद मात्रको प्रचलन गराउने,
- माथि उल्लिखित विकास कार्यमा सर्वसाधारण जनतालाई सम्झाई-बुझाई सहयोग लिने र सरकारसँग सहयोग माग्ने,
- स्कुल पर्सीदेखि नै चलाउने । (यही निर्णयानुसार सूर्यबहादुर सेन ओलीले सोही मार्ग २१ गतेदेखि नै बेतलबी शिक्षक बनेर स्कुल सञ्चालन गराउनुभएको थियो) ।

कविराम भुसालका अन्य व्यक्तित्व र कृतित्वका लागि उहाँकै काहिँला छोरा युवराज भुसालको सम्पादनमा **भुसाल सम्पर्क समाज, नेपाल**द्वारा वि.सं. २०६२ सालमा प्रकाशित **कविराम भुसाल स्मृतिग्रन्थ**मा यथेष्ट चर्चा गरिएको छ ।

# खण्ड सात
# पुरकोटको बदलिंदो परिवेश

## १. राजनीति तथा प्रशासन

वि.सं. २०१७ साल पौष २२ गते तत्कालीन राजा श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट मुलुकको माटो र हावापानी सुहाउँदो भन्दै पञ्चायती व्यवस्थाको घोषणा भयो । त्यसको तीन महिनापछि २०१८ साल वैशाख १ गते नयाँ वर्षमा दिइएको शाही घोषणाबाट नेपालमा १४ अञ्चल, ७५ जिल्ला तथा करिब ४,००० गाउँ तथा नगर पञ्चायतहरूको घोषणासमेत गरियो । गुल्मी जिल्लाबाट पञ्चायत कालमा स्व. गिरिप्रसाद बुढाथोकी, स्व. दयानिधि शर्मा पौडेल, स्व. भीमबहादुर बुढाथोकी, स्व. गोकर्णराज शास्त्री, स्व. श्रीप्रसाद बुढाथोकी, स्व. बैकुण्ठबहादुर चन्द राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित हुनुभएको थियो । यसैगरी, जिल्ला पञ्चायत सभापतिको पदमा रही स्व. मित्रबहादुर रायमाझी (वामी), स्व. दयानिधि शर्मा पौडेल (शान्तिपुर), स्व. बैकुण्ठबहादुर चन्द (अग्लुङ्) तथा स्व. रविलाल थापा (पौंदी) ले जिल्ला र जिल्लावासीको सेवा गर्नुभयो ।

पुरकोट भेगमा **रामपुर गाउँ पञ्चायत** गठन भई मेहलेपोखरी, पुरका स्व. निजबहादुर सेन ओली यहाँको पहिलो प्रधान पञ्च बन्नु भयो । वि.सं. २०२३ सालमा पुरकोट मौंजालाई फोरेर पाँच गाउँ पञ्चायतहरू गठन गरिए । मुखिया स्व. कविराम भुसाल पुरकोट-बाँझकटेरी गाउँ पञ्चायतको पहिलो प्रधान पञ्च बन्नुभयो । उहाँको कार्यकाल २०३२ सालसम्म रह्यो । हरेक दुई वर्षमा निर्वाचन हुने यस अवधिको स्थानीय निर्वाचनमा उहाँसँग प्रधान पञ्च पदमा प्रतिष्पर्धा गर्ने अन्य व्यक्तिहरू भए तापनि उहाँ नै विजयी भैरहनु भयो । प्रधान पञ्च मु. कविराम भुसालसँग उपप्रधान पञ्चको पदमा रही साथ दिने व्यक्तिहरू हुनुहुन्थ्यो श्री तेजबहादुर के.सी. भुसाल, स्व. चन्द्रबहादुर झाँक्री मगर तथा स्व. नैन्द्रबहादुर के.सी. भुसाल । यसैगरी गाउँ पञ्चायतको सचिवको रुपमा स्थानीय युवा श्री हिमालय प्रसाद भुसाल तथा स्व. डोरबहादुर के.सी. भुसालले उहाँसँग काम गर्नुभयो । प्रधान पञ्च मु. कविराम भुसालको कार्यकालमा गाउँघरका स-साना आयोजना कार्यान्वयनको अतिरिक्त **सत्यवती प्राथमिक विद्यालय** स्थापना तथा सोको भवन निर्माण (२०२१, पञ्चमीपोखरी), सोही विद्यालयलाई नाम परिवर्तन गरी **बाँझकटेरी प्राथमिक विद्यालय**को स्थायी स्वीकृति (२०२३, थाप्लाकाचौर) तथा सोको भवन निर्माण, गाउँ पञ्चायत भवन निर्माण (२०२३), **बाल विकास प्राथमिक विद्यालय** (शिराखोला) को स्वीकृति तथा भवन निर्माण एवं **बाँझकटेरी निम्न माध्यमिक विद्यालय**को स्थापना (निमराङ्ग खेतमा)

तथा सञ्चालन प्रमुख थिए । उक्त निम्न माध्यमिक विद्यालय सञ्चालक समितिको पहिलो अध्यक्ष पनि उहाँ नै हुनुहुन्थ्यो भने प्रधान अध्यापकमा स्व. प्रेमचन्द्र भुसाल । गाउँका मुखिया स्व. कविराम भुसालले **नेपालको संविधान २०१९** मा भएको दोश्रो संशोधन पश्चात् राजनीतिमा सक्रिय बनाइएको **गाउँफर्क राष्ट्रिय अभियान**को राजनैतिक स्वरुपमा असन्तुष्टी जनाउँदै सक्रिय राजनीतिबाट अलग भई बस्नु भयो ।

वि.सं. २०३२ सालमा तत्कालीन बाँझकटेरी गाउँ पञ्चायत र मेहलेपोखरी गाउँ पञ्चायतलाई गाभेर बनाइएको बाँझकटेरी गाउँ पञ्चायतको प्रधान पञ्च पदमा भएको (अप्रत्यक्ष) निर्वाचनका उम्मेदवार बनेका तीनैजना उम्मेदवारहरू (प्रेमलाल भुसाल, धरणीधर भट्टराई तथा मानध्वज ओली) मध्ये कुनैले पनि स्पष्ट बहुमत ल्याउन नसकेकाले तत्कालीन व्यवस्था अनुसार **गाउँफर्क राष्ट्रिय अभियान, जिल्ला कार्यसमिति गुल्मी** (अध्यक्ष थिए इस्मा निवासी महेन्द्र हाईस्कूल, तम्घासका साबिक प्रधान अध्यापक स्व. नरहरि रिजाल) बाट मेहलेपोखरी, काभ्रा निवासी श्री रामबहदुर कुँवरलाई प्रधानपञ्चमा मनोनयन गरियो । सो बाँझकटेरी गाउँ पञ्चायतको उपप्रधान पञ्चमा बाँजकटेरी, खोरका दधिराम भुसाललाई छानियो । यसबखत श्री ५ को सरकारको राजपत्र अनंकित द्बितीय श्रेणी (खरिदार) को पञ्चायत विकास प्रशिक्षण केन्द्र, पोखराबाट प्रशिक्षित **स्थानीय बहुमूखी विकास कार्यकर्ता तथा गाउँ पञ्चायत सचिव**को व्यवस्था भयो । स्थानीय कुशलप्रताप सेन ओली, नारायणप्रसाद भट्टराई आदिले सो पदमा रही काम गर्नुभयो । गाउँ पञ्चायत कार्यालयमा पूर्णकालीन भई त्यहाँको प्रशासनिक काम उहाँले गर्नु भयो । पछि लोकसेवा आयोगको प्रतिष्पर्धात्मक परीक्षाबाट छनोट भई तथा श्री ५ को सरकारबाट खटिई आउने राजपत्र अनंकित द्बितीय श्रेणीका निजामती कर्मचारीले सो कामको जिम्मा पाए । विभिन्न स्थानमा सरुवा पनि भैरहने पद भएता पनि प्रायः छिमेकी पञ्चायतका व्यक्तिहरूले नै यस पदमा रही वि.सं. २०७४ सालसम्म नै सेवा गरे । धुरकोट रातामाटाका श्री शिवलाल भण्डारी, सिमीचौरका डिल्लीराज अर्याल तथा धुरकोट, रातामाटाकै श्री खुमलाल भण्डारीले लामो समयसम्म बाँजकटेरी गाउँ पञ्चायतमा रही सेवा गर्नुभयो ।

वि.सं. २०३६ सालको राष्ट्रब्यापी विद्यार्थी आन्दोलनको परिणामस्वरुप २०३६ साल ज्येष्ठ १० गते गरिएको शाही घोषणाअनुसार २०३७ साल वैशाख २० गते भएको ऐतिहासिक जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाले विजय

हासिल गरेपछि विं.सं. २०३७ सालमा **नेपालको संविधान २०१९** मा तेश्रो संशोधन भयो । सोही आधारमा २०३८ सालमा भएको राष्ट्रिय पञ्चायतको निर्वाचनमा गुल्मी जिल्लाबाट निर्वाचित हुने दुई जना राष्ट्रिय पञ्चायत सदस्यमा अग्लुङ् निवासी स्व. वैकुण्ठबहादुर चन्द र भार्से निवासी स्व. श्रीप्रसाद बुढाथोकी चुनिनु भयो । वि.सं. २०३२ सालमा गाभिएका स्थानीय गाऊँ पञ्चायतहरू पुनः फुटाई पहिलेजस्तै अलग-अलग बनाइयो । यस अनुसार वि.सं. २०३९ सालमा भएको बाँझकटेरी गाऊँ पञ्चायतको प्रधानपञ्च पदको स्थानीय निर्वाचनमा प्रेमलाल भुसाल विजयी भई पञ्चायती व्यवस्थाको अन्तकाल (२०४७) सम्म प्रधानपञ्चका रुपमा सेवा गर्नु भयो । उहाँसँग उपप्रधान पञ्च पदमा रही श्री राजेन्द्रबहादुर के.सी. भुसालले सेवा गर्नु भयो ।

दलविहीन पञ्चायती व्यवस्थाको अन्त्य तथा वहुदलीय संसदीय व्यवस्थाको पुनःस्थापनाका लागि वि.सं. २०४६ साल फाल्गुण ७ गतेबाट आरम्भ गरिएको प्रथम जनआन्दोलनको उपलब्धिस्वरुप **नेपाल अधिराज्यको संविधान २०४७** जारी भयो । पुनःस्थापित बहुदलीय संसदीय व्यवस्था अन्तर्गत वि.सं. २०४८ सालमा भएको आम निर्वाचनमा गुल्मी जिल्लाका तीन निर्वाचन क्षेत्रबाट नेपाली कांग्रेसका उम्मेदवार प्रतिनिधिसभाका लागि सांसद (श्री झकबहादुर पुन, भार्से, स्व. भागवत ज्ञवाली, मानकोट तथा स्व. रुद्रमणि भण्डारी शर्मा, धुरकोट-वस्तु) पदमा निर्वाचित हुनु भयो । पुरकोट क्षेत्र पनि विभिन्न राजनैतिक आस्थाका आधारमा स्पष्ट रूपमा विभाजित भयो । खासगरी राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाली कांग्रेस तथा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेनिनवादी) गरी प्रमुख तीन दलमा गाउँ बाँडियो । वि.सं. २०४९ साल ज्येष्ठमा भएको जिल्ला पञ्चायत सभापतिको निर्वाचनमा श्री चन्द्रबहादुर के.सी. तथा उपसभापतिमा श्रीमती सुवर्ण ज्वारचन चुनिनु भयो । वि.सं. २०४९ सालमा भएको स्थानीय निकायको निर्वाचनबाट **बाँझकटेरी गाउँ विकास समिति**मा नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) का श्री ओमप्रकाश भुसाल अध्यक्ष पदमा विजयी हुनुभयो, उपाध्यक्षमा पनि सोही दलबाट स्व. धनबहादुर खत्री भुसाल निर्वाचित हुनु भयो ।

वि.सं. २०५१ सालमा प्रतिनिधि सभाको लागि भएको मध्यावधि निर्वाचनमा गुल्मी जिल्लाका तीन निर्वाचन क्षेत्रबाटै नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेनिनवादी) का उम्मोदवारहरू क्रमशः स्व. रामनाथ ढकाल (खड्गकोट), श्री कमलप्रसाद श्रेष्ठ (थोर्गा) तथा श्री टङ्कप्रसाद पोखरेल (जैसीथोक) विजयी हुनु

भयो । २०५२ फाल्गुण ७ गतेदेखि मुलुकमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को नामबाट जनयुद्ध (सशस्त्र द्वन्द) शुरु भयो । गाउँघरमा तनाव र आतङ्कको भयले कतिपय राजनयिक तथा कथित खानदानी परिवारका व्यक्तिहरू गाउँ गाउँबाट विस्थापित भई जिल्ला सदरमुकाम तथा शहरी क्षेत्रतिर पस्न बाध्य बनाइयो । यसैविच वि.सं. २०५४ सालमा भएको संसदीय निर्वाचनमा पनि नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेनिनवादी) कै उम्मेदवारहरू (श्री फटिकबहादुर थापा, ठूलो लुम्पेक, श्री प्रदिप कुमार ज्ञवाली, बलेटक्सार तथा श्री गोकर्णराज विष्ट, इस्मा) विजयी हुनुभयो । यस्तै, वि.सं. २०५६ सालमा भएको जिल्ला विकास समितिको सभापतिमा स्व. कोशल पोखरेल तथा उपसभापतिमा स्व. परमानन्द भण्डारी निर्वाचित हुनु भयो । स्थानीय निकायको निर्वाचनमा बाँझकटेरी गाउँ विकास समितिबाट नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेनिनवादी) का श्री ओमप्रकाश भुसाल दोश्रो कार्यकालका लागि अध्यक्ष पदमा निर्वाचित हुनुभयो भने उपाध्यक्षमा पनि सोही दलका स्व. मुक्तिराम भुसाल निर्वाचित हुनु भयो । वि.सं. २०५८ ज्येष्ठ १९ को राजदरबार हत्याकाण्डले मुलुकी राजनीतिमा नयाँ तरङ्ग ल्यायो । झण्डै २५० वर्षको शाहवंशीय राजकाजको इतिहासमा यो घटना अत्यन्तै रहस्यपूर्ण रह्यो । तत्कालीन अधिराजकुमार श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेवले मुलुकी राजकाजको बागडोर सम्हालीबक्सियो ।

बदलिएको परिस्थितिमा वि.सं. २०५९ अशौज १८ को शाही कदमबाट मुलुकमा राजाको प्रत्यक्ष शासन शुरु भयो । राजनैतिक खिचातानीका कारण राजा र प्रजाविचको दूरी बढ्दै गयो । संसद भङ्ग गरिएको सो समयमा केन्द्रीय राज्यसत्ता राजदरबारबाटै चल्न थाल्यो । जिल्ला विकास समिति, गुल्मीका सभापतिमा दुईपटक गरी श्री भरतबहादुर चन्द र श्री पूर्णबहादुर खत्रीलाई मनोनयन गरिएको थियो । वि.सं. २०६२-६३ को दोश्रो जनआन्दोलनले वि.सं. २०५९ सालमा तत्कालीन प्रधानमन्त्री (निर्वाचित) को सिफारिशमा राजाबाट विघटित संसदको पुनःस्थापना भयो । यसपछि मुलुकमा युगान्तकारी परिवर्तन हुँदै गए । मूलतः २०६४ ज्येष्ठ १५ गते झण्डै २५० बर्ष पुरानो राजतन्त्रको अन्त्य गर्दै नेपालको संसदबाट गणतन्त्रको घोषणा भयो । मुलुक नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेनिनवादी) तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को पोल्टामा गयो । राजावादी भनिने राष्ट्रिय प्रजातन्त्र पार्टी पनि आफैमा फुट तथा जुटको भूमरिमा फसिरह्यो, यसको खासै उल्लेखनीय भूमिका रहेन ।

वि.सं. २०६४ सालमा पहिलो संविधान सभाका लागि भएको निर्वाचनमा

गुल्मी-१ बाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का श्री सुदर्शन बराल मगर, गुल्मी-२ बाट श्री प्रदिप कुमार ज्ञवाली (एकिकृत मार्क्सवादी-लेनिनवादी) तथा गुल्मी-३ बाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का श्री चन्द्रबहादुर थापा 'सागर' विजयी हुनुभयो। स्थानीय निकायहरू सबै सरकारी कर्मचारीहरूबाट सञ्चालित गरिए। वि.सं. २०७० सालमा दोश्रो संविधान सभाका लागि भएको निर्वाचनमा गुल्मी-१ बाट नेपाली कांग्रेसका डा. कृष्णबहादुर छन्त्याल, गुल्मी-२ बाट नेपाली कांग्रेसकै श्री चन्द्रकान्त भण्डारी तथा गुल्मी-३ बाट नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) का श्री गोकर्णराज विष्ट विजयी हुनुभयो। दोश्रो संविधान सभाबाट वि.सं. २०७२ अशौजमा **नेपालको संविधान** (२०७२) जारि गरियो। **स्थानीय सरकार सञ्चालन ऐन २०७४** पनि जारी भयो। वि.सं. २०७४ सालमा भएको संसदीय निर्वाचनमा गुल्मी जिल्लालाई दुई निर्वाचन क्षेत्रमा सीमित गरियो। गुल्मी-१ बाट श्री प्रदिप कुमार ज्ञवाली, बलेटक्सार तथा गुल्मी-२ बाट श्री गोकर्णराज विष्ट, इस्मा निर्वाचित हुनुभयो।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४** बमोजिम साविकका स्थानीय निकायको बदला स्थानीय-तह नामाकरण गरी गुल्मीमा केवल १२ स्थानीय-तह (**मुसीकोट** र **रेसुङ्गा** दुई नगरपालिकाहरू तथा **इस्मा**, **कालीगण्डकी**, **गुल्मी-दरबार**, **सत्यवती**, **चन्द्रकोट**, **रुरुक्षेत्र**, **छत्रकोट**, **धुरकोट**, **मदाने** एवं **मालिका** गरी १० गाऊँपालिका) कायम गरिए। हाम्रो भेगमा समग्र पुरकोट (साविक पुरकोट-दह, मेहलेपोखरी, मलायागिरी, बाँझकटेरी तथा अग्लुङ्) तथा साविक मर्भुङ् (खामदेश/अमरभूमि) मौंजाको सिर्सेनी गा.वि.स. (पूर्वीभाग) एवं धुरकोट मौंजाको साविकको भनभने गा.वि.स. को क्षेत्रसमेत समेटी लुम्विनी अञ्चलकै सर्वोच्च पहाड मधाने (२६९० मि.) को नामबाट **मधाने गाउँपालिका** गठन गरियो। साविकका गा.वि.स. हरूलाई वडा कायम गरियो। वि.सं. २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेनिनवादी) का श्री दानवहादुर के.सी. भुसाल (बाँझकटेरी) ले अध्यक्ष पदमा र श्रीमती सरिता खड्का (मलायागिरी) ले उपाध्यक्ष पदमा निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका उम्मेदवारहरूलाई पराजित गरी विजय हासिल गर्नु भयो। सो स्थानीय तहमा नेपाल सरकारका राजपत्रांकित तृतीय श्रेणीका अधिकृतले कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भयो। विषयगत कार्यालयका कर्मचारीहरू पनि उहाँकै प्रशासकीय नियन्त्रणमा चल्ने व्यवस्था गरियो। वडास्तरमा नेपाल सरकारका राजपत्र अनंकित द्वितीय श्रेणी (खरिदार) का कर्मचारीले वडा तहको

कार्यालय प्रमुखको जिम्मेवारी सम्हाली काम चलिरहेको छ।







**द्रष्टव्यः १. अग्लुङ् २. बाँझकटेरी ३. सिर्सेनी ४. मेहलेपोखरी ५. मलायागिरी ६. पुरकोट दह र ७. भनभने।**

## २. सामाजिक परिवेश

### धर्म, संस्कृति

हाम्रो युवावस्थासम्म पुरकोट भेगमा परम्परागत धार्मिक तथा साँस्कृतिक मूल्य, मान्यता तथा परम्परा प्रचलित थिए। गाउँघरमा वैदिक हिन्दू धर्म, परम्परा, संस्कृति तथा कानूनका प्रावधानहरू लागू हुन्थे। स्थानीय स्तरमा

आफ्नो कुलपूजा, देवी-देवताका पूजा, अनुष्ठान (हरिवंश महापुराण, स्वस्थानी व्रत, श्रीमद्भागवत महापुराण, देवीभागवत पुराण आदि), चतुर्मास एकादशी व्रतपश्चात् १००८ गाइलाई गौपूजा औंसीमा नून दिने, धार्मिक आस्थाका आधारमा चरिचरन स्थलमा पानी पोखरी खन्ने खनाउने, चौपारी चिन्ने, बर, पिपल, समी, लाँकुरी आदिका रुख रोप्ने, वटुवाका लागि धर्मशालामा पिउने पानी राखिदिने, पाटी-पौवा बनाउने आदि गरिन्थ्यो । साथै, स्थानीय सिमे, भूमे, वायु, झाँक्री, नाग आदि ग्राम देवी-देवताको समय समयमा पूजाआजा गरी मर्यादा राखिन्थ्यो । हिन्दू परम्पराभित्रका विविध चाड-पर्वहरूमा मेला भरी हर्षोल्लासका साथ मनाइन्थ्यो । वि.सं. २०३८ सालमा तम्घास बजारमा पहिलोपटक ट्याक्टर पुगेर वस्तुभाउको आयात-निर्यात तथा आवतजात सुगम भएदेखि जिल्लाभित्रको सामजिक परिवेशमा पनि विस्तारै परिवर्तन आउन थाल्यो । पछि सडक यातायात सहज बनेपछि सामाजिक परिवेशमा तीब्र रूपमा परिवर्तन देखिन थाले ।

## शिक्षादीक्षा

उसबखत गाऊँघरका तालुकदार तथा पूजापाठमा संलग्न हुनुपर्ने पण्डित ब्राह्मणहरूका लागि शिक्षादीक्षा अनिवार्य नै थियो । अन्य सर्वसाधाणका लागि आफ्नो आर्थिक कारोबारमा मुद्रा पहिचान गर्नसम्म आवश्यक ठानिन्थ्यो । धेरै गाउँलेहरू गाउँघरमा सञ्चालित दलाने पाठशालामा आफ्ना बालबच्चा पढ्न पठाउनु कुनै औचित्य देख्दैनथे । घरायसी कामले आफ्ना बालबच्चाहरूलाई फुर्सद दिन नसक्नु र ती पाठशालामा तिर्नुपर्ने महँगो शुल्क (नगद तथा जिन्सी) बेहोर्न नसक्नु मुख्य कारण थिए । यसर्थ गाऊँका स्थानीय अगुवाहरूले विद्यालय खोल्न खोलाउन खोज्दथे, केही आर्थिक सहयोगका लागि सरकारी स्वीकृति पनि लिन चाहन्थे । तर त्यो आज जस्तो सहज र सुलभ थिएन । साँच्चै भन्ने हो भने, वि.सं. २०२८ सालदेखि अमेरिकी सहयोगको **राष्ट्रिय शिक्षा पद्धतिको योजना** लागू नहोउन्जेलसम्म नै गाऊँघरमा साक्षर व्यक्तिहरूको सङ्ख्या नगन्य थियो । यस योजनाले गाउँघरमा सञ्चालित विभिन्न विद्यालयहरूलाई राष्ट्रियकरण गर्दै विद्यालय शिक्षालाई सर्वसुलभ बनाउन ठूलो मद्दत गरेको हो । समयक्रममा गाउँघरका प्राथमिक विद्यालयहरू क्रमशः निम्नमाध्यमिक, माध्यमिक, उच्च माध्यमिक हुँदै गए । पुरकोट दहमा एउटा जनज्योति क्याम्पस पनि स्थापना गरिएको छ, जहाँ स्नातक तहसम्मको पढाइ हुन्छ । प्रौढ कक्षा, चेलिबेटी कक्षा आदिका नामले शिक्षाक्षेत्रका विभिन्न तदर्थ कार्यक्रमहरू पनि सञ्चालित गरिए ।

पुरकोट भेगका खानदानी परिवार गम्फासिंह सेन ओलीका छोराहरू पनि पढालेखा हुनुहुन्थ्यो । गम्फासिंहका माहिंला छोरा प्रधानपञ्च स्व. निजबहादुर ओलीले आफ्ना छोराहरू रेशम, यज्ञ, अनिरुद्र तथा पदमलाई गाउँघरका दलाने स्कूल हुँदै पाल्पा र पछि काठमाडौंमा समेत अध्ययनका लागि पठाउनु भएको थियो । यज्ञवहादुर तथा अनिरुद्रले काठमाडौंमै बसी प्रवेशिका उत्तीर्ण गर्नुभएको थियो । पछि कलेज पढ्दै गर्दा छाडेर घर फर्किनु भएको थियो । नुवारका नेपाली भनी चिनिने चेतबहादुर कुँवरका छोरा डा. महेन्द्रबहादुर कुँवरले पनि काठमाडौमैं पढ्नुभयो । यसैविच बाँजकटेराका भलाद्मी स्व. घनबहादुर सेन ओलीले पनि आफ्ना छोराहरू सूर्यवहादुर, मृगेन्द्रवहादुर, कुशलप्रताप तथा त्रैलोक्यप्रताप सेन ओलीलाई काठमाडौंमा नै राखी पढाउनु भएको थियो । यही देखासिकीले बाँजकटेरी, खोरका स्व. बलवहादुर खत्री भुसालले पनि आफ्ना दुई नातिहरू दानबहादुर के.सी. तथा दलबहादुर के.सी.लाई काठमाडौंमा पढ्न पठाउनु भएको थियो । बाँजकटेरामा हाम्रा बुबा प्रधानपञ्च मु. कविराम भुसालले पनि हाम्रा ज्येष्ठ दाजु मृगेन्द्रप्रसादलाई धुरकोट तथा पाल्पा, तानसेन राखी पढाउनु भएको थियो । यी सबै बाहिर अध्ययनार्थ गएका युवाहरूले गाउँमा आउँदा स्थानीय शिक्षक स्व. टिकबहादुर सेन ओलीलाई अध्यापनमा सघाउने गर्नु हुन्थ्यो । हाम्रो प्राथमिक शिक्षाको समयमा गाउँमा स्कूल खुलेपछि हामीले स्थानीय स्तरमैं अध्ययनको मौंका पाएका हौं, यद्यपि माध्यमिक शिक्षाका लागि धुरकोट या तम्घास या तानसेन जानु पर्दथ्यो । खासगरी वि.सं. २०२८ सालपछि शिक्षा अलि सर्वसुलभ वन्दै गएको हो । वि.सं. २०३० सालदेखि २०३२ सालसम्म यसका लेखकले पनि बाँझकटेरी प्रा.वि. मा प्रधानाध्यापक भई अध्यापन सेवा गरेकै हो ।

हाल पुरकोटमा शिक्षाको महत्व धेरैजनाले बुझिसकेका छन् । काठमाडौंमा स्नातक तहको अध्ययन पूरा गर्नासाथ पुरकोटका सूर्यवहादुर सेन ओली वि.सं. २०२३ सालमै शाखा अधिकृत बन्नु भएको थियो । उहाँको पदोन्नति हुँदै निजामती सेवातर्फ राजपत्रांकित प्रथम श्रेणीमा पुभयो भने राजनैतिक नियुक्तिबाट अञ्चलाधीशको जिम्मेवारी पनि पाउनुभयो । वि.सं. २०६४ मा पहिलो संविधान सभाको सदस्य पदमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का तर्फबाट मनोनीत भई सेवा गर्नुभयो । उहाँ पुरकोट भेगको मात्र नभई गुल्मी जिल्लाकै एक नमूना हुनुभयो । उहाँपछि निजामती सेवातर्फ बाँजकटेरीबाट क्रमशः श्री हिमालयप्रसाद भुसाल (लेखा अधिकृत), श्री ढुण्डिराज भुसाल (शाखा अधिकृत), टोपप्रसाद भुसाल (शाखा अधिकृत) सेवा प्रवेश गरी हाल निवृत्त जीवन विताइरहनु भएको

छ । म आफू पनि वि.सं. २०३६ मा लोकसेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षाबाट छनौट भई शाखा अधिकृतको पदबाट स्थायी सेवा शुरु गरी वि.सं. २०७१ साउनमा नेपाल सरकारको सचिव पदबाट निवृत्त भएँ । हाल पुरकोट भेगबाट ४-५ जना राजपत्रांकित प्रथम श्रेणीको पदमा पुगिसकेका छन्, तिनीहरू सचिव वन्ने नै छन् । प्रहरी सेवातर्फ प्रहरी उपरिक्षक, प्रहरी नायव उपरिक्षक पदसम्म पुगेका छन् । कतिपय व्यक्तिहरू न्यायाधीश पनि बनेका छन् । अन्य अधिकृत तथा अन्य कर्मचारीको संख्या पनि नित्य वृद्धि भैरहेको छ । समाज गतिशील देखिएको छ । आर्थिक रुपमा पनि धेरै परिवार सम्पन्न नै देखिञ्छन् ।

## स्वास्थ्य तथा जनसंख्या

पहिले पहिले हाम्रा पुर्वजहरूको आयु अलि अल्प नै थियो । यसको मुख्य कारण असन्तुलित खानपान, स्वास्थ्योपचारको अभाव तथा सरसफाइको कमी नै थियो । विस्तारै यसमा सुधार भई पुरकोट भेगमा पनि हाल धेरै व्यक्तिहरूले सहश्र चन्द्रदर्शन गरेको कारण चौरासी पूजा गरिरहेको पाइञ्छ ।  उसबखत स्वास्थ्योपचारका लागि पुरकोट भेगमा साविकदेखि नै आखत हेराउने, झारफुक गराउने, देवी-देवता भाक्ने, धामी-झाँक्रीमा भर पर्ने चलन थियो । साथै, स्थानीय जडिबुटीको प्रयोग गर्ने पनि गरिन्थ्यो । बोक्सा बोक्सी लाग्ने भन्ने पनि हुन्थ्यो । खासगरी ससाना बच्चाहरूमा कतिपय व्यक्तिका नकारात्मक नजर लाग्दा बच्चा बची विरामी पर्दथे । यस्तो अवस्थामा डिष्टा (दृष्टि) लागेकाले फुकिदिनू भनी स्थानीय धामीकोमा गएर खरानी फुकाई ल्याएर त्यस्ता बच्चा बच्चीलाई घसिदिएपछि सञ्चो पनि हुन्थ्यो । वि.सं. २०३१ सालमा पुरकोट-दहमा स्वास्थ्य चौकी स्थापना नहोउञ्जेसम्म धुरकोटस्थित हेल्थ सेण्टर वा तानसेनको मिसन अस्पत्तालमात्र आधुनिक स्वास्थ्य चौकीहरू थिए । जिल्ला सदरमुकाम तम्घास अस्पत्तालमा पनि त्यति सुविधा थिएन । पुरकोट दहमा स्वास्थ्य चौकी स्थापना भएपछि केही हदसम्म प्राथमिक स्वास्थ्योपचारका आधुनिक औषधि-मूलोको प्रयोग गर्न थालिएको हो । हाल मधाने गाऊँपालिकाका हरेक वडामा उपस्वास्थ्य चौकीहरू स्थापना भई सञ्चालित छन् । अझ, बाँजकटेरीको बसन्धारामा जर्मन जनताको सहयोगमा समेत मधाने सामुदायिक स्वास्थ्य केन्द्र स्थापना भई राम्रो उपचार पद्धतिको शुरुवात भएको छ । परम्परागत पद्धतिहरू विर्सने क्रममा समाज अघि बढिरहेको छ ।

पहिले-पहिले जनसंख्या वृद्धिलाई सकारात्मक रुपमा लिइन्थ्यो । जसका

परिवारमा काम गर्ने उमेरका धेरै

व्यक्ति हुन्थे, त्यो घर सम्पन्नतातिर अघि बढेको मानिन्थ्यो । गाऊँघरमा एक उखान थियो, "*जसका छोरा उसको धन, जसका गाई उसको वन*" । समाजमा चलेको अन्धविश्वासका आधारमा पुन्नाम नामक नर्क पार गर्न भनी छोरा पाउन खोज्दा छोराछोरीको सङ्ख्या बढि हुने पनि गर्दथ्यो । घरको भौतिक काममा सघाउने उद्देश्यले समेत गरिने बहुसन्तान उत्पादन पनि काम गरेर खाने मजदूर समूहमा पनि चिन्ताको विषय थिएन । यसैगरी, बहुविवाहलाई स्वभाविकखरूपमा लिइन्थ्यो । यसलाई पुष्टि गर्ने एक भनाइ जताततै सुनिन्थ्यो, "*पहाड खानु स्वास्नीका वल, मधेश खानु गोरुका वल*" । तर हालका बर्षहरूमा नेपाल सरकारले मुलुकी कानूनको कार्यान्वयनमा देखाएको तत्परता तथा सञ्चार जगत् र नागरिक समाजको सक्रियताले गर्दा बहुविवाह प्रायः वन्द भएको छ । सन्तान पनि क्रमशः तीन, दुई हुँदै हाल एकमात्र बनाउने प्रचलन आएको छ । मधाने गाउँपालिकाको करिव ४,५०० घरकुरिया र २७,००० जनसंख्यामध्ये बाँजकटेरीमा मात्र ७५० घरधुरीमा झण्डै ४,००० व्यक्तिहरूको वसोवास छ । जसमा पुरुष ४९ प्रतिशत छन् भने महिला ५१ प्रतिशत ।

## खानपान, खानेपानी, सरसफाइ तथा छुवाछूत

मानव स्वास्थ्यसँग जोडिएको विषय हो, खानेपानी तथा सरसफाइ । हरेक पटक शौच कर्म गर्दा कानमा जनै बाँधेरमात्र गर्ने, त्यसपछि माटो र पानीले राम्रोसँग हात धोएर पानी सोमरेपछि मात्र शुद्ध हुने परम्परा सिकाइएको हुन्थ्यो । हरेक दिन नुहाउने र गायत्री मन्त्र सकभर १०८ आवृति, नसकेमा ५४ आवृति, सो पनि नसकेमा २७ आवृति वा अति आत्तुरी भएमा कमसेकम १० आवृति जप गरेर मात्र भोजन गर्ने रीति थियो । हाम्रा गुरुले टिपाउनु भएको पूर्वीय दर्शनको श्लोकमा भनिएको रहेछ, "*शतं विहाय भोक्तव्यं, सहस्रं स्नानमाचरेत् । लक्षं विहाय दातव्यं, कोटिं त्यक्त्वा हरिं भजेत् ॥*" अर्थात् सय काम रोकेर भोजन गर्नू, हजार काम रोकेर **नुहाउनू**, लाख काम रोकेर दान गर्नू, करोड काम रोकेर हरिको भजन गर्नू । यहाँ यी चारै कार्यको प्राथमिकता तोकिएको पाइन्छ । अहिले त जमाना नै अर्को ! घरमा आउनु भएका अतिथि वा आफ्नै घरका वयस्क व्यक्तिले पनि खाना खानु अघि दुईगोटा भाँडाहरू (आङ्खोरा र बेला/बौना) मा पानी लिएर राम्रोसँग हात गोडा धोएर धोती फेरेर चुल्हामा बसी खाना लिने चलन थियो । खाना लिनु अघि बल हाल्ने मन्त्र पनि व्रतवन्ध गरिदिने गुरुले

गायत्री मन्त्र जपको प्रक्रियासहित सिकाउनुहुन्थ्यो । अग्निदेव वा श्रीकृष्ण भगवान्लाई अर्पण नगरी कुनै पनि चिजवस्तु खान नहुने पनि सिकाइएको हुन्थ्यो । काठको पिर्कामा उट्किलो गरी बसेर खाना खाने नियम थियो । खाना खाँदा बोल्न नहुने पनि बताइन्थ्यो । कुनै पनि हालतमा खाना खेर फाल्न पाइदैनथ्यो । खाना खाई उठ्दा कुकुरलाई एउटा कलो (एक गास अन्न) लगेर दिनु पर्दथ्यो । सकभर पहिलो खाना गाइलाई र अन्तिम खाना कुकुरलाई दिएर भोजन गर्नुपर्ने नियम पनि जनै लगाइदिने गुरुले सिकाइदिनु हुन्थ्यो । आज भने ननुहाईकन पनि टेबुलमा बसेर जुत्ता लगाएर खाना खाने चलन आयो ।

प्रदुषित नभएको स्वच्छ पानी भएता पनि पँधेरामा पानी लिन जाँदा प्रशस्त समय लाग्दथ्यो । शिर तथा शरीरको मयल फाल्नका लागि हामी सानो छँदा धुरकोट-वाग्ला, लाँटाबाट बोकेर ल्याएको रातो माटोले वा स्थानीय जडिबुटी चिप्लेटीले वा तोरी पेलेर तेल निकाली बचेको खोली (पिना) ले नुहाउने चलन थियो । कपडा धुँदा तामाको ताउलोमा कपडा हालेर सफा खरानी राखी पकाएर पँधेरामा लगी काठको पाटीले पिट्दै र दुबै गोडाले मिचेर धुने चलन थियो । वि.सं. २०२१ सालदेखि गाउँघरमा पहिलो पटक सावुन पुगेको थियो । वि.सं. २०२२ सालदेखि नुहाउनका लागि बसाउने साबुन र कपडा धुनका लागि डल्ले साबुन गाउँमा आए । दाँत माझ्नका लागि साविकदेखि बाँसका सिप्किना वा किमु वा पैञ्युँका कलिला डाँठ वा आगोका अङ्गारका कोइला प्रयोग गरिन्थ्यो । वि.सं. २०२४ सालदेखि दन्तमञ्जन पनि गाउँघरका पसलमा उपलब्ध हुन थालेका हुन् । तर किन्न नसक्ने व्यक्तिहरूले परम्परागत विधि नै अपनाउँदथे ।

गाउँघरमा प्रायः कृषि तथा पशुपालन नै मुख्य पेशा थिए । आज पनि मधाने गाउँपालिकाको झण्डै आधा भाग घना वनक्षेत्र छ, जसले त्यहाँका वासिन्दालाई स्वच्छ हावाको पनि आपूर्ति भैरहेको छ । कबि ४५ प्रतिशत भूभाग खेतीयोग्य छ । यसैले गाउँका ९७ प्रतिशत जनसंख्या आज पनि कृषि तथा पशुपालनमा संलग्न भएको बताइएको छ । यी कर्मका सहायक अन्य कर्म गर्न आवश्यक थियो । जस्तैः कृषि कार्यमा प्रयोग हुने फलामका औजार तथा हातहतियार, पानी बोक्नका लागि तामाका गाग्री वा हत्तर, पानी तताउन ताउला, खाना पकाउन आवश्यक ताउली, कराही, दिउरी, कर्चुला आदि गाउँघरकै आरनमा तयार गरिन्थे । जङ्गलमा गई गोल लगाएर (दाउरा पोलेर) तयार पारिएका अङ्गारलाई छालाको खलाँति प्रयोग गरी ती भाँडाहरू तयार गरिन्थे । यो काममा संलग्न शिल्पी व्यक्ति रोंसेचोंसे देखिने, छालासित खेलेका हात पनि फोहर देखिन्थे । तर

यी ज्यादा काम गरिरहने भएर होला यिनलाई कामी, टोमटा आदि थर दिइएको थियो। नेवार समुदायमा भने तामका भाँडा बनाउनेलाई ताम्राकार, काँसका भाँडा बनाउनेलाई कंसाकार, चित्र कोर्नेलाई चित्रकार, कपडा बुन्नेलाई तण्डुकार आदि नाम दिइएको पाइन्छ। सुन चाँदीका गरगहना बनाउँदा पनि प्रक्रिया उस्तै हुन्थ्यो, परिमाण मात्र सानो। यस कार्यमा संलग्न व्यक्तिलाई सुनार भनिन्थ्यो। यसैगरी, जुत्ता सिलाउँदा मृत गाईगोरुको छाला प्रयोग गरिने र सो माँडेर सुकाएरमात्र जुत्ता तयार हुन्थे। यस कार्यमा संलग्न व्यक्ति पनि अलि फोहरी नै मानिन्थे। यिनलाई सामथ (सार्की) भनिन्थ्यो। दमाहा (बाजा) बनाउन तामा र भैंसीको छाला प्रयोग हुन्थ्यो। त्यसलाई बोक्ने, मसार्ने, बजाउने आदि कार्यमा संलग्न व्यक्ति पनि फोहरी लाग्दथ्यो। दमाहाको कार्यमा संलग्न व्यक्तिलाई दमाही भनियो। यसप्रकार कालान्तरमा यी कामी, सार्की, दमाही आदि शिल्पी दक्ष प्राविधिकलाई सरसफाइकै कारण होला अछूत जस्तो बनाइयो। अंग्रेजी संसारमा पनि सुनारलाई गोल्डस्मिथ, कामी वा आर्नेलाई ब्ल्याकस्मिथ, पानीका धाराको काम गर्नेलाई पाईपर, कपडा सिलाउनेलाई टेलर आदि नाम दिइएको छ। तर त्यहाँ सरसफाइको प्रचुर व्यवस्था गरिएको कारण छुवाछूतको कुनै गुन्जायस नै छैन। हाम्रोजस्तो गरिब मुलुकको गरिब गाउँमा बस्ने गरिब परिवारले आधुनिक खालका सुविधासम्पन्न आरन (कार्यशाला) बनाउन नसकेकाले छुवाछूतको प्रचलन रहिराखेको लाग्दछ।

## महिला विकास

गाउँघरमा महिलालाई परिवारको सहायक व्यक्तिको रुपमा मात्र लिइन्छ। उनी अलि निर्णायक मोडमा देखिएमा पुरुषप्रधान हाम्रो समाजमा अलि पुरुषले आफू हेपिएको ठान्दछन्। पुरुष र नारीलाई सिद्धान्तत एकै रथका दुई पांग्रा मानिए तापनि व्यवहारमा हामीले त्यस्तो देख्न र भोग्न पाएनौं। यसैले होला नेपाल सरकारले नेपालमा *महिला विकास*का कार्यक्रमहरू सञ्चालनमा ल्याएको। पुरकोट भेगमा वि.सं. २०६९ देखिमात्र महिला विकासका कार्यक्रम उपर्युक्त शिल्पी समुदायको वस्तीहरूमा सञ्चालन गरी लागु गरिएको हो। आजकल समाज फेरिएको छ, महिलाहरू पनि जागरुक भएका छन्। बाँजकटेरी गाउँबाट पहिलो पटक स्नातकोत्तर गर्ने महिला उर्मिला भुसाल थिइन्। बाँजकटेरीकै बुहारी तथा नेपाल सरकारको बरिष्ठ सहसचिव हुमकला पाण्डे प्रमुख जिल्ला अधिकारी भई जिल्ला हाँक्न सफल भएकी छन्। नेपाल सरकारको निजामती,

शिक्षक तथा प्रहरीसेवामा त पुरकोट भेगका छोरी बुहारीहरू प्रशस्तै भेटिन्छन् ।

## अन्य

हामी सानो छँदा हाम्रो गाऊँघरमा पनि ब्राह्मणले जाँड, रक्सी खान नहुने विश्वास र परम्परा थियो । हाम्रो वयस्क कालमा भने केही ब्राह्मण परिवारका व्यक्तिहरू यस्तो लतमा लागेको देखियो । हाम्रा स्व. बुबा मु. कविराम भुसालले हामीलाई औंला भाँचेर फलानो फलानो ब्राह्मणले जाँड रक्सी खान थालेछन् भन्दै तीन-चार जना व्यक्तिको नाम लिनु हुन्थ्यो । खत्री, मगर तथा शिल्पी समुदायले जाँड रक्सी खाएकोमा अन्यथा लिइन्नथ्यो । तर हालको समाजतर्फ फर्केर हेर्दा परिस्थिति ठयाक्कै उल्टा भएछ । हामीले अव जाँड रक्सी नखाने व्यक्तिको नाम लिदा त्यस्तै सीमित नाममात्र बाँकी भएजस्तो देखिन्छ । तर सौभाग्य नैं भनौं अझैसम्म पुरकोट भेगमा लागूपदार्थको प्रयोग गरिएको विषय जानकारीमा आएको छैन ।

उसबखत गाउँघरको कतै छेउतिर गोठमा बसी तरुनी-तन्नेरीहरूले मादल बजाउँदै झाम्रे गाउने (लस्के तथा चुड्के गीत गाउने) चलन खुल्ला रूपमा गोप्य थियो । चुरोट, बिडी, भुसा/कक्कड खानका लागि आगो आवश्यक पर्ने वस्तु ( उलेनी, झुलेनी, चकमक, लाइटर आदि) को निहुँबाट चिनजानको शुरुवात हुन्थ्यो[८८] । तैपनि यसलाई त्यती सकारात्मक रुपमा लिइदैनन्थ्यो । यसलाई रण्डीवाजी गर्ने (पुरुषले) र नाठा खेलाउने (महिलाले) काम भनी निरुत्साहित गरिन्थ्यो । यस्तो कार्यबाट प्रेम भई विवाहकै हदसम्म पुग्न लगातार तीन-चार बर्षको समय लाग्दथ्यो । अलि उत्ताउलिएर गर्भ नै रहन गएमा तत्कालै आफ्नो कर्म स्वीकारेर स्याहार्ने चलन थियो । अलि नजिकको हाड/नातामा परेमा भातपानी छेकेर सामाजिक बहिष्कार गर्ने चलन थियो । त्यस्तो अपमान सहन गर्न नसकेको कारण त्यस्ता जोडीहरू पश्चिमतिरका दुर्गमस्थल वा मधेसतिरका गाऊँमा गई उतै लुकेर बस्ने गरेको सुनिन्थ्यो । अहिले हेर्दा तरुनी तन्नेरीको प्रेम सामाजिक सञ्जालबाटै एकै दिनमा बस्ने र पारपाचुके पनि एकैछिनमा हुने गरेको देखिञ्छ । नजिकको हाड/नातामा भएका उपर्युक्त घटना पनि सामान्य

---

८८) यस्तो धुम्रपान गाउँघरमा सामान्य नै थियो । प्रायः सबैले धुम्रपान गर्दथे । हाम्रै बुवा, काका, दाजीहरूलाई तम्बाकु (हुका) खानु पर्दा हामीलाई नै एक दुई चिलिम बनाई ल्याउने आदेशका साथै सल्काएर ल्याइदिने आज्ञा पनि हुन्थ्यो । हामी पनि त्यसैगरी खान सिक्दथ्यौं । तर विद्यालयमा गुरुहरूले देख्ने गरी धुम्रपान गर्न डर लाग्दथ्यो । यो उहाँहरूप्रतिको मर्यादा र सम्मान पनि थियो ।

बनेर रहेका, भात-पानी पनि नछेकिने, गाऊँघर छाड्न पनि नपर्ने उदारता देखिएको छ। जाँड-रक्सी सेवन गर्ने, रण्डीवाजी गर्ने, नाठा खेलाउने आदि कामको विरोध गर्ने व्यक्ति गाउँघरमा बरु असुरक्षित र निरीह बनेका छन्। त्यस्ता व्यक्तिहरू पनि अमुक राजनैतिक दलका कार्यकर्ता हुने हुनाले ती दलले पनि उनको संरक्षण गर्नु आफ्नो कर्तब्य सम्झेको जस्तो लाग्दछ। समाज तीव्र रूपमा यसैगरी अघि बढ्दैछ। सरकारका राजनैतिक तथा प्रशासनिक संयन्त्रहरू यस्तो मामलामा संलग्न हुन चाहदैनन्।

## ३. आर्थिक परिवेश

पुरकोट भेग कृषि तथा पशुपालनका लागि उपयुक्त स्थल हो। खासगरी, मधाने र टोप्रेका लेक र आसपासका जङ्गल तथा जैविक विविधता नै यहाँका वस्तीका प्रमुख आकर्षण थिए र छन्। पहिले पहिले वन-जङ्गल आसपासमा गोठाक्नाहरू बनाई गाईगोठ राख्ने, धेरै वस्तुभाउ पालेर खेतवारीहरूमा प्रशस्त गोबर जम्मा गरी कृषि उत्पादन बढाउने, दुहुना भैंसी पालेर घीऊ संगालेर हाटबजार लगी बेचेर आफ्नो गर्जो टार्ने, त्यसैबाट धन जम्मा गरी व्याजमा लगानी गर्ने वा थप खेतबारी जोडेर अझ बढि अन्न उत्पादन गर्ने, सो अन्न व्याजमा लगानी गरेर खाद्य सुरक्षा सुनिश्चित गर्ने, आफ्ना छोराहरूलाई सुगम स्थानमा शिक्षा-दीक्षाका लागि पठाउने र त्यसका लागि खर्च जुटाउने आदि चलन थियो। बीऊपूँजी नभएका व्यक्तिले कुनै परिवारबाट अदियामा भैंसीको थोरो लगी पाल्ने र खर्च जुटाउने, खेत त्रिपाटा वा अदिया लिई खेती गर्ने, ठेक्कामा खेतबारी लिई त्यसको उत्पादन बापत अन्न वा रकम बुझाउने गर्दथे। खेतको मूल्य अलि महङ्गो हुन्थ्यो, चामल पनि दुर्लभ जस्तै। हुनेखाने परिवारले पनि चाडपर्वमा मात्र भात खान पाउथे। त्यस्ता दिनका हिसाव गर्दा एक बर्षमा २७ छाक अर्थात् १३.५ दिन भात खान पाइन्थ्यो। मुख्य खाना मकैको आटो र कोदाको ढिंडो नै थियो। खाजामा कोदो पिसेर भुटेको पिठो, कोदाकै पिठाको रोटी, गहुँका रोटी (बगने तथा टाटे) र जौंको सातु, फापर (तिते वा मीठे) का रोटी, उसिनेको गहुँ, भुटेका वा उसिनेका वा पोलेका मकै, अपवाद स्वरूप चामलका बगने रोटी पनि हुन्थे। गाऊँघरमा अनिकाल लाग्दा प्यूठानको माडीखोला गई मकै बेसाएर ल्याउँथे, कोदो त नारीकोटतिरै पनि पाइन्थ्यो भन्थे। तर ती अन्न वेसाउने रकम ती गरिब किसानहरूसँग हुँदैनथ्यो। आफ्ना बाल्दर्दा पाल्नका खातिर सकभर बाइसो व्याजमैं कपाली तमसुक गरी ऋण काढ्थे। त्यसमा

नपाएमा जग्गाको दृष्टिवन्धकी तमसुक गरी ऋण काढ्दथे । पछि घीऊ वा भैंसी वा अन्य पशुधन बेचेर सो चुक्ता गर्दथे ।

सरकारबाट कृषि वा पशुपालनका लागि केही सहुलियत थिएन । विविध खेतीका बीऊ आफै जोगाएर राख्ने, गोबरका अतिरिक्त स्याउला-पर्स्यौला जम्मा गने, मलको वन्दोवस्त आफै मिलाउने, खोला कटानका विरुद्ध छेका हाल्ने, सिंचाइका कुला चलाउने, अन्नहरूमा बोझो वा खरानी राखेर घुन, चिलिसा आदि किराहरूबाट जोगाउने, गाऊँघरमा वस्तुहरूको मूल्या खोली जिन्सी साटासाट गर्ने र आफ्नो काम चलाउने, अन्न चौ-पाँचे व्याजमा लगाई खाद्य जोखिम कम गर्ने आदि स्वयम् बेहोर्नु पर्दथ्यो, अन्न वा पशु-बिमाका विषय त धेरै परका भए । हाम्रै घरमा पनि २५-३० गाई-गोरु, ५-७ जिऊ भैंसी, १५-२० भेडा-बाख्रा अनि घोडा एक थिए । यी सबै पशुधनको पालन-पोषणमा म पनि संलग्न भएको थिएँ । साँझ खाना खाएपछि र नसुत्दैको खाली समयमा मैले ती कार्यमा आफ्नो दुःख बुबासँग विसाउँदा भन्नुहुन्थ्यो, "*गाई चराउने चिप्ले-चाफ्ले, भैंसी हेर्ने हिले, बाख्रा हेर्ने गोठालाका आन्द्रा-भुँडी छिले*" । अनि अर्थ बुझेपछि म चूप लाग्दथे, गाईगोठतिरै जान रहर लाग्दथ्यो । ह्वाङ्दीका कालीकोटे थापा परिवारबाट नेपालका वन सचिवसमेत बनेका चन्द्रबहादुर थापाले *हरियो वन नेपालको धन*को नारा ल्याएका थिए । यही उक्तिलाई पछ्याउँदै बाँजकटेरीका यी लेखक वन सचिव (२०६६-६८) भएको बखत मधानेक्षेत्रको जैविक विविधतको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले वि.सं. २०६७ मा यसलाई संरक्षित वनको सूचीमा दर्ज गराउन सफलता मिलेको थियो । मधाने र मालिका गाउँपालिकाको भूभाग समेटेर यो कार्यक्रम लागू गरिएको छ ।

गाउँघरमा खाद्यान्नको कुटानी-पिसानी परम्परागत ढिकी, जाँताबाट हुने गर्दथ्यो, जसका लागि प्रायः महिलाहरू खटिन्थे । खाना पकाउनु त महिलाहरूकै काम थियो र आज पनि छ । होटल, सिलाइ-कटाइ, सुन-चाँदीका गरगहना बनाउने, कुटानी-पिसानी मिल, कपाल काट्ने शैलून, आर्ट आदि सेवामूलक साना उद्योगहरू सञ्चालनमा रहेका छन् । हालसालै बाँजकटेरीका जिबलाल भुसाल उद्योग विभागको महानिर्देशक भएको बखत (२०७६-७८) आवश्यक पहल गरी नेपाल सरकारको सहयोगमा थामडाँडाको पश्चिमतिर एक औद्योगिक ग्रामको निर्माण गरिएको छ । यसबाट पुरकोट भेगलाई औद्योगिकरणतर्फ पनि डो-याउन मद्दत मिल्न विश्वास लिइएको छ ।

गाउँघरका लागि आवश्यक ऊनका काम्ला, गलवन्दी, पाखी, गाजा आदि

स्थानीय स्तरमै बन्दथे । घर परिवारका लागि आवश्यक सूतीका कपडा, नून र घरमा टुकी/ढेब्री बाल्नका लागि मट्टीतेलका लागि गाउँबाहिर हाट जानु पर्दथ्यो । गाउँघरका हरेक परिवारबाट एकजनाका हिसाबले समूह बनाई ढाकर लिएर जान्थे । हाट जाँदा आफ्ना घरमा सँगालेको घीऊका अतिरिक्त गाऊँघरमा उत्पादित सोमे, चिराइतो, गाँजा, भाँङ्गो, हलेदो, अदुवा आदि लगी बेचेर थप रकम आर्जन गर्दथे । घरमा आवश्यक कपडा सिलाउने बालीघरे सूचिकार हुन्थे । फलामका भाँडा बनाइदिने, मर्मत गरिदिने वा अर्झाप्ने, गाग्री-ताउला बनाउने, गहना कमाउने, जुत्ता सिलाउने, खेतवारी जोत्ने आदि सबै काम एक प्रकार बार्षिक करारमा चल्दथ्यो । यी काममध्ये हलि र आर्नेको काम पनि बढि थियो, अलि बाली पनि बढि नै पाउँदथे । विस्तारै समाज परिवर्तनसँगै आफ्नो अवसर-लागतको तुलना गरी काम लिन थाले यी शिल्पीहरूले । बरु, उनीहरू भारतको दिल्ली, पञ्जावतिर गई मौसमी ज्यामीका रुपमा वा कतै भारतीय प्रहरी वा सेनामा वा अन्य निजामती पदमा नोकरी गरी पैसा कमाउन प्राथमिकता दिन थाले, सफल पनि भए । केही व्यक्तिहरू टाटानगर, जम्सेदपुरतिर पनि जाने गर्दथे, राम्रै कमाएर ल्याई गाऊँघरमा घरवारी, खेत जोड्दथे । कतिपय व्यक्तिहरू गौ-पालन र दुग्ध व्यवशायका लागि भारतकै आसाम र मेघालय (शिलाङ्ग) तिर पनि गए । सेवा निवृत्त भई आएर पेन्सनवालाको उपाधिसहित गाऊँघरमै रमाएर बस्दथे । वैंक तथा वित्तीय संस्थाहरू गाऊँमा थिएनन् । स्थानीय साहुहरूले बार्षिक १० प्रतिशतदेखि ३६ प्रतिशतसम्म व्याज लिई रकम लगानी गर्दथे । हाल मधाने गाऊँपालिकाको पुरकोट दह बजारमा एउटा कृषि विकास बैंकको शाखा राखिएको छ । यसैले त्यहाँको वित्तीय कारोबार गरिरहेकोछ, यद्यपि विभिन्न प्रकारका १७ सहकारी संस्थाहरू पनि कार्यरत रहेको बताइन्छ ।

हालसालैका बर्षहरूमा पुरकोटतिरको गतिविधि धेरै फेरिंदै गएको छ । गाऊँघरको पनि मुख्य खाना मधेशतिरबाट आयातित चामलको भात बनेको छ । आटो, ढिंडो हराउँदै गएको छ, उपलब्ध सीमित परिमाणको कोदो पनि रक्सी बनाउनका लागि बुटवलतिरैका व्यापारी आएर लैजान्छन् । शारीरिक परिश्रम गर्ने व्यक्तिको कमी हुँदै गएको छ । गाऊँ-बस्तीदेखि टाढाका खेतहरू प्रायः बाँझा छन् । अहिले गाऊँघरमा बसेका व्यक्तिलाई सो खेतमा सित्तैमा खेती गर, खाऊ भन्दा पनि त्यसरी खेती गर्न मजदुर, गोरु तथा घरपरिवारको सङ्ख्या सानो भएको भनी सो गर्न कोही पनि तयार देखिदैनन् । कृषिको उत्पादनले त्यसको लागत थाम्न पनि कठिन भएको बताइन्छ । कृषिको यान्त्रीकरण भएमा

केही सहज होला कि भन्ने उनीहरूको सोंच पाइन्छ । पशुपालनको मुख्य केन्द्र मानिएको हाम्रो साविक बाँजकटेरी गा.वि.स. मा केही विकासी प्रजातिका विदेशी गाई बाहेक स्थानीय प्रजातिका १५ जिउ गाई पनि छैनन्, गोरु भने अझै देखिंदैछन्, दुहुना र थारा भैंसी धेरैजसो घरमा छन्, भेंडा नभएपनि बाख्रा पालन र कुखुरा पालन व्यवशायिक रुपमा शुरु गराइएको छ । अधिकांश युवायुवतीहरू विद्यालय/कलेजको अध्ययनमा छन् । पढा-लेखा व्यक्तिहरू शहर-बजारतिर र कैयौं व्यक्ति विदेशतिरै नोकरीमा छन् । केही टाठाबाठाहरू शहरोन्मूख गाऊँका नाका-नाकामा वा बुटवल लगायतका बजारक्षेत्रममा बसी व्यापार चलाएका छन् । उनीहरूले सेवाक्षेत्रलाई बढि भरपर्दो र सहज मानी त्यतै आकर्षित हुँदै गएका छन् । गाऊँका आफ्ना घर-जग्गा विक्री नभए तापनि भाडा-करारमा वा आफ्ना ज्येष्ठ नागरिकका जिम्मामा वा ताला नै लगाएर भए पनि कायम राखेका छन् । उनीहरू तराई वा शहरतिरै बसोवास गर्न थालेका छन्, आफ्ना छोरा-छोरीलाई समुद्रपारको पढाइमा वा धेरै ज्याला पाइने नोकरीमा पठाउन आतुर छन् । अझ उतैको स्थायी नागरिकता र विदेश भ्रमणको पर्खाइमा अधैर्यवान् भई बसेका छन् ।

## ४. विद्युत्, यातायात तथा सञ्चारको उपयोग

हाम्रो बाल्यकालमा हाम्रो सबभन्दा नजिकको हुलाक कार्यालय धुरकोटको हटियामा थियो । हलकाराले देश-विदेशबाट आएका पत्रहरू गाउँ-गाउँमा गई घर-घरमा बुझाउँदथे । हवाईपत्र, साधारण चिठी, रजिष्ट्री पत्र तथा वैरङ्गी चिठीहरूको चल्ती थियो । पुरकोट दहमा वि.सं. २०३० तिर छोटी हुलाकको स्थापना भएपछि पत्राचार गर्न अलि सहज भयो । तम्घासको आकाशवाणी कार्यालयमा जेनेरेटरबाट उत्पादित विजुलीबाट साँझ-विहान चलाइने दूरसञ्चारको माध्यमले काठमाडौं तथा मुलुकका विभिन्न जिल्लासँग दूरसञ्चार सेवा उपलब्ध थियो । पुरकोटबाट तम्घास पुग्न बलिया-बाङ्गा व्यक्तिहरूका लागि पनि पूरा एक दिन लाग्दथ्यो । त्यहाँबाट तानसेन पुग्न अरु दुई दिनको समय लाग्दथ्यो । बाटोमा खुलेका भट्टीहरूमा गास र वास पाइन्थ्यो । खाना खाएमा सुत्नका लागि लुगालत्ता उपलब्ध हुन्थे, त्यसका लागि अलगै पैसा तिर्न पर्दैनथ्यो । विभिन्न व्यापारिक वस्तुको आयात-निर्यात प्रक्रियामा मानिसले नै पिठ्युँमा भारी बोकेर सामान ओहर-दोहर गराउँदथे, तम्घाससम्म कतिपय विकास निर्माणका सामानहरू खच्चरबाट ढुवानी गरिन्थ्यो । कतिपय खानदानी परिवारले घोडा पाल्दथे, घोडाको

व्यापार पनि चालू थियो हाम्रो वयस्क कालसम्ममा पनि ।

आजभोलि गाउँ-गाउँका हरेक वस्तीमा कच्ची बाटा पुगेका छन् । मानिसहरू टाढा-टाढाका हाटबजारमा जानु पर्दैन । भारी बोक्ने चलन पनि वन्द भयो, स्थानीय तहमा छोटो समयका लागि सामान बोक्नेबाहेक अन्य काममा त्यस्तो चलन हराएर गयो । गाउँघरमा शौर्य ऊर्जाबाट उज्यालो दिने काम सरकारी सहयोगमा वि.सं. २०६५-६६ तिर शुरु गरियो । त्यसको पाँचबर्षमैं पुरकोटका अधिकांश वस्तीमा केन्द्रीय प्रसारण प्रणालीको विद्युत् वितरण भएको छ । मट्टीतेलको व्यापार वन्दप्रायः छ । हाल हाम्रो गाउँतिर पनि एउटा घोडा देखिदैन । नयाँ युवाहरूले मोटरसाइकल किनेर कुँदाइरहेको देखिन्छ । पुरकोटका तर गाउँबाहिर बस्ने युवाहरूले कार, जिप किनेका छन्, समय समयमा गाउँमा लिएर जान्छन् ।

खाना पकाउन परम्परागत प्रविधिका साथसाथै उन्नत चुल्हा, ग्याँस, तथा विद्युतीय हिटरको प्रयोग बढ्दै गैरहेको छ । हुलाक सेवा निष्प्रभावी छ, आकाशवाणीको प्रयोग वन्द नै छ । विदेशमा भएका आफ्ना जोडी वा भाइ-साथीले उपहार पठाएका वा स्वयम्ले खरिद गरेका आई-फोन, मोवाइल फोन आदि अत्याधुनिक सञ्चार उपकरणहरूको माध्यमबाट गाउँघर, कुना-काप्चका युवा-युवती सामाजिक सञ्जालमा समेत राम्रैसँग जोडिएका छन् । अझ, नयाँ युवा-युवतीमात्र नभई वयस्क तथा ज्येष्ठ नागरिकहरूले पनि इण्टरनेटको विभिन्न सुविधाहरू उपयोग गरिरहेको पाइन्छ ।

## ५. वाञ्छित भावी मार्गचित्र

### क) राजनीतिक तथा प्रशासनिक

राजनीति सिद्धान्तमा आधारित होओस्, मूल्य-मान्यता, विधि र पद्धतिले चलोस् । राजनीतिमा स्वस्थ प्रतिष्पर्धा होओस्, चुनाव सम्पन्न भएपछि निर्वाचित जनप्रतिनिधिहरू सबै दल र व्यक्तिले इज्जत तथा सम्मानका साथ व्यवहार गर्न लायक बनून् ताकि समाज निरन्तर अग्रगमनमा जाओस् । गाउँपालिका तथा नगरपालिकाहरूलाई यथेष्ट अधिकार तथा साधन र स्रोत उपलब्ध होओस् । स्थानीय तहमा उच्च नैतिक चरित्रका निष्ठावान् व्यक्तिले नेतृत्व गरून्, सदाचारको उच्च उदाहरण देख्न पाइयोस् ।

सरकारी कर्मचारीहरू वास्तवमा राष्ट्र र जनताका सेवकका रूपमा प्रस्तुत होऊन्, कुनै राजनैतिक दलसँग आवद्ध नबनून्, सदाचार र उच्च चरित्रको नमूना बनेर आफ्नो व्यावसायिक क्षमताले निर्वाचित जनप्रतिनिधिहरूलाई सत्मार्गमा

डोऱ्याउन सकून् । कुनै पनि राग-द्वेष नराखी जनताको सेवामा सदा संलग्न र सरिक बनी आफ्नो जिम्मेवारी पूरा गरून् भन्ने नै जनचाहना रहन्छ जस्तो लाग्दछ ।

## ख) सामाजिक

हाम्रो *धर्म, संस्कृति र परम्परा* नै हाम्रो पहिचान हो । यो कदापि गयो भने कहिल्यै फर्केर आउँदेन, हाम्रो पहिचान पनि त्यही कारणले मेटिन सक्दछ । तसर्थ यी कुरामा सदा ध्यान दिनु पर्दछ । स्थानीय सरकार, निजी क्षेत्र, गैरसरकारी संघसंस्था, नागरिक समाज, प्राज्ञिक क्षेत्रका अगुवाहरूले यी क्षेत्रलाई संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्नका लागि सदा अनुगमन गरी सरकारमार्फत व्यवस्थित गराउनु आवश्यक देखिन्छ । जलवायु परिवर्तनबाट भएको *वातावरणीय* असन्तुलनलाई पनि सदा पिछा गरी ठिक ठाउँमा राख्नुपर्दछ । *शिक्षा* क्षेत्रमा उपयुक्त पाठ्यक्रम बनाई लागू गर्ने तथा गुणस्तरीय एवं सीपमूलक शिक्षामा जोड दिनुपर्दछ ।

*स्वास्थ्य* नै धन हो भनिन्छ । यसर्थ आयातित अखाद्य वस्तुको उपभोगलाई निरुत्साहित गर्दै हाम्रै माटोमा उब्जिएका जैविक तथा पोषणयुक्त खानालाई प्रवर्द्धन गर्न समय-समयमा सहभोजन तथा खाना-महोत्सव आदि आयोजना गर्ने, लागू पदार्थ (जाँड, रक्सी, लागू पदार्थ आदि) को नियमन तथा नियन्त्रण गर्न आवश्यक छ । स्वास्थ्य सुविधाको अभिवृद्धि तथा विस्तार गर्दै स्वास्थ्य विमालाई विश्वसनीय, भरपर्दो र कार्यमूलक बनाइनु जरुरी देखिएको छ । आजको युगमा पनि अझै सामाजिक कुरीतिको रुपमा रहेको *छुवाछूत*लाई निर्मूल पार्नका लागि व्यापक रुपमा सरसफाइका कार्यक्रमको सञ्चालन गरिनु आवश्यक देखिन्छ । घरेलु तथा समाजमा देखिएका *हिंसा* (महिला हिंसा, पुरुष हिंसा, बलात्कार आदि) को जड पत्ता लगाई त्यसलाई निरुत्साहित गरिनुपर्दछ । वैदेशिक रोजगारी, गरिबी, सञ्चार सुविधाको दुरुपयोग आदि कारणले ल्याएका परिवर्तनसँगै वर्तमान समाजमा ब्यापकरुपमा देखिएका *रण्डीवाजी र नाठा खेलाउने* प्रवृतिलाई कडाइका साथ नियन्त्रण गरिनुपर्दछ । अन्यथा समाज झन् झन् अधोगतितिर जाने त्रास बढेको छ । स्थानीय सरकारले यसलाई गम्भीर रुपमा लिनुपर्दछ ।

## ग) आर्थिक

मधाने क्षेत्रका *तामा खानी*को पुनः अन्वेषण गरी खोदाइ गर्न गराउन तथा स्थानीय *ढुङ्गाखानी* पनि उत्खनन गरी उपयोगमा ल्याउनु आवश्यक छ। *कृषि* क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्थानीय तहमा उपलब्ध जग्गा बाँझो रहनुका कारण पत्ता लगाई प्रयोगमा ल्याउने व्यवस्था, सिंचाइ, विद्युत, बीउ, मल, किटनाशक औषधि, बाली-बिमा, शितभण्डार, हाट-बजार आदिको वन्दोवस्त, कृषि उपजको गुण नियमन तथा नियन्त्रण, हरेक कृषि उपजको न्यूनतमा समर्थन मूल्य तोक्ने तथा सो खरिदको सुनिश्चितता आदि कार्य स्थानीय सरकारले गरिदिनु पर्दछ। *पशुपालन*मा संलग्न कृषकलाई प्रोत्साहन गर्न उन्नत नश्लका पशुको केही छुटमा आपूर्ति, पशु-स्वास्थ्यको प्रावधान, पशु-बिमा, हाट-बजार तथा पशुजन्य उत्पादनको खरिदको सुनिश्चितता गरिदिनु आवश्यक छ।

नवनिर्मित *औद्योगिक ग्राम*को सञ्चालन, साना उद्योगलाई कच्चा पदार्थको आपूर्ति व्यवस्था, सीपमूलक तालिम, गुण नियमन तथा नियन्त्रण, बजारको सुनिश्चितता गरिदिनु स्थानीय सरकारको कर्तव्य हुञ्छ। सेवाक्षेत्रमा संलग्न व्यक्तिहरूलाई सेवामूलक तालिम तथा समय समयमा पुनःताजगी तालिम पनि सञ्चालन गराइदिन आवश्यक छ। अलि राम्रो र गुणस्तरीय *सेवा* प्रदान गर्नका लागि आवश्यक आर्थिक सहयोग वा अनुदानको व्यवस्था पनि गरिदिनु आवश्यक छ। पारा-ग्लाइडिङ्ग सेवा शुरु भएको बाँजकटेरी क्षेत्रका लागि सुरक्षित सडक, होटल लज तथा अन्य आवश्यक पुर्वाधार निर्माण गराई सशक्त बनाउने तथा वञ्जी-जम्पिङ्ग सेवाको सम्भावना पनि अध्ययन गराई कार्य अघि बढाउँदा सेवाक्षेत्रले थप गति लिन सक्ने देखिन्छ। भनभनेको आस्कुना, पुरकोट-दहको दह, कङ्केदेउराली, टोप्रे, मधाने, प्यूठानको गौमुखी तथा स्वर्गद्वारी, बाग्लुङ्गको ढोरपाटन, धुरकोट, इस्मा तथा मुसिकोटका दरबारहरू एवं रेसुङ्गा तपोभूमि, रिडीक्षेत्र आदि समेतलाई जोडेर पदयात्रा तथा भ्रमणका कार्यक्रमहरू प्रचार-प्रसार गर्ने गराउने काम पनि स्थानीय सरकारले गरिदिनुपर्दछ र यो काम गर्न सक्दछ पनि।

## घ) विद्युत्, यातायात तथा सञ्चार

आज 'विकास' भनेको के हो भनेर गाउँघरमा सोध्न गएमा *बाटो र विजुली* भन्ने उत्तर आउँदछ। यसर्थ हालसम्म बनेका सडकको स्तरोन्नति गरी बाह्रै

महिना चालू गराउने, कृषिक्षेत्रमा विद्युत् तथा सडक सुविधा पुऱ्याई उत्पादन र उत्पादकत्व बढाउने, कृषि औजारमा तीब्ररूपमा यान्त्रिकीकरण गर्ने, सिञ्चाइका लागि विद्युत तथा पम्पसेटको वन्दोवस्त, यान्त्रिक हलोको प्रावधान, सोको सञ्चालन तथा मर्मतका लागि आवश्यक तालिम आदिको प्रवन्ध गरिदिन आवश्यक छ। सञ्चारक्षेत्रमा भैरहेका परिवर्तन र प्रावधानलाई सीमाभित्र रही प्रयोगको व्यवस्थासमेत गरिनु आवश्यक देखिन्छ।

## ङ) परिवर्तनको अद्यावधिक अभिलेखीकरण

समाजमा भएका विविध परिवर्तनको नियमित अभिलेखीकरण गरेमा समयवद्धरूपमा तिनको विश्लेषण गरी समाधानका उपायहरू पत्ता लगाउन सकिन्छ। माध्यमिक विद्यालय तथा कलेजस्तरका परियोजना-कार्य तथा अध्ययन अनुसन्धानका विषयमा यसलाई समेटी दस्तावेजीकरण गरी स्थानीय पुस्तकालयमा सुरक्षित राखेमा आउने पिंढीले त्यसलाई अवलम्वन, परिमार्जन, परिवर्तन या समायोजन गर्न सक्दछ। समाज गतिशील भएकाले यी र यस्ता विषयले बदलिंदो समाजमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ

समग्रमा भन्नुपर्दा वर्तमानका गाउँघरका बाल-बालिका तथा युवा-युवतीको शारीरिक तथा मानसिक विकासमा तीव्रता ल्याउन, सिकाइको प्रक्रियामा वैज्ञानिकता प्रदर्शन गर्न, कल्पनाको सजीवता दर्शाउन, परनिर्भरता घटाउन, आत्मवलको विकास गर्न, नैतिकता अभिवृद्धि गर्न, सामाजिकताप्रति अग्रसर बनाउन, अध्ययनमा रुचि बढाउन, कथित काम-वासनालाई नियन्त्रण गर्न, जिज्ञासा बढाउन आदि तमाम जीवनपयोगी कार्यमा उपर्युक्त मार्गचित्रले सघाउ पुग्ला भनी यो प्रस्तुतिको धृष्टता गरिएको हो। अन्ततोगत्वा, हाम्रो आफ्नै भूगोलमा पूर्खाहरूको गौरवमय इतिहासलाई पुट दिऊँ, थप उचाइ लिंदै नयाँ अध्यायको रचना गरौं ! यसैमा हामी सबैको कल्याण तथा अस्तित्व रक्षा होला।

# सन्दर्भ सामग्री

## क) पुराणहरू - संस्कृत, हिन्दी, नेपाली


१) कल्याण सन्त–अङ्क, गीताप्रेस, गोरखपुर सं. २०७५ ।
२) कूर्मपुराण ।
३) देवीभागवत महापुराण ।
४) नरसिंहपुराण ।
५) ब्रह्मपुराण ।
६) ब्रह्माण्डपुराण ।
७) वायुपुराण ।
८) विष्णुपुराण ।
९) भविष्यपुराण ।
१०) भागवतपुराण ।
११) मत्स्यपुराण ।
१२) मनुस्मृति ।
१३) महाभारत ।
१४) रामायण ।
१५) शिव महापुराण ।
१६) हरिवंश पुराण ।


## ख) पुस्तक तथा पत्रपत्रिकाहरू

### अ) संस्कृत, हिन्दी, नेपाली


- अर्ज्याल, ज्यो.पं. दण्डपाणि (२०६९): *अर्ज्यालहरूको वृहत् वंशावली,* दण्डपाणि अर्ज्याल स्मृति केन्द्र, काठमाडौं ।
- अधिकारी, सूर्यमणि (२०५३): *पश्चिम नेपालको खस अधिराज्य,* नेपाल तथा एसियाली अध्ययन केन्द्र, काठमाडौं ।
- अधिकारी, सूर्यमणि (२०५५): *जुम्ला राज्यको इतिहास,* नेपाल तथा एसियाली अध्ययन केन्द्र, काठमाडौं ।
- अधिकारी, सूर्यमणि (२०६१): *खस साम्राज्यको इतिहास,* भुँडीपुराण प्रकाशन, काठमाडौं ।
- अभागी, हेमराज पाण्डे (२०५४): *चारपाला र धैरेनी दरबारलाई फर्केर हेर्दा,* कान्तिपुर (दैनिक) कोशेली, २०५४ मार्गशिर्ष २१, कान्तिपुर पब्लिकेशन्स्,

काठमाडौं ।
- अर्याल, खेमराज (२०७७): *श्री मालिका माध्यमिक विद्यालयको ऐतिहासिक पक्ष,* मालिका दर्पण, मालिका मा.वि. पूर्वविद्यार्थी समाज, गुल्मी-काठमाडौं ।
- अर्याल, दयाराम (२०६७): *अर्याल वंश वृतान्त,* अर्याल सेवा समाज, होलसिंह, गोरखा ।
- अर्याल, दुर्गाप्रसाद (२०६१): *बदलिएको चोला धुरकोट पण्डितटोला,* हाम्रो पुरुषार्थ, किरण पुस्तकालय, तम्घास, गुल्मी ।
- अर्याल, दुर्गाप्रसाद (२०६२): *इस्मा अमरभूमिका विभूति श्रीपति भट्ट,* गुल्मी परिचय, गुल्मेली समाज, काठमाडौं ।
- अर्याल, दुर्गाप्रसाद (२०६२): *इस्मा राज्यका केही कुरा,* गुल्मी परिचय, गुल्मेली समाज, काठमाडौं ।
- आचार्य, गोकर्णराज (२०४३): *खाँचीकोट-एक ऐतिहासिक दृष्टि,* चिनारी, अर्घाखाँची सम्पर्क सदन, काठमाडौं ।
- आचार्य, निर्मलकुमारसमेत (२०६१): *गर्गगोत्री आचार्य वंशावली,* गर्ग गोत्री आचार्य समूह, नेपाल ।
- आचार्य, यज्ञनाथ (२०४०): *नेपालको इतिहास,* कुञ्जन आचार्य, काठमाडौं ।
- आम्टे, वामन शिवराम (१९८९): *संस्कृत-हिन्दी कोश,* मोतीलाल, बनारसीदास पब्लिशर्स प्रा.लि., दिल्ली ।
- आत्रेय, विष्णुराज (२०४२): *अर्ज्याल वंशावली र कुलवृत्त,* अलका प्रकाशन, वाराणसी ।
- आत्रेय, गोविन्दप्रसाद (२०७४): *गुल्मी चन्द्रकोटको ऐतिहासिक सेरोफेरो (बरेङ-बरल्वादेखि अर्लाङकोटसम्म),* विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।
- उपाध्याय, पं. पद्मप्रसाद (सन् २००८): *ठूलो थरगोत्र प्रवरावली,* गोरखा पुस्तक एजेन्सी, वाराणसी
- कार्की, बलबहादुर (२०६२): *वंश परम्परामा मुद्गल ऋषि तथा गोत्र स्थापन,* विनय, विनायक विरजा कार्की, ललितपुर ।
- कुँवर, ध्वजबहादुर (२०६८): *वैद्यनाथ, हाडासैन र सूर्यकुण्ड,* वैद्यनाथक्षेत्र अछाम-विद्वान्हरूको दृष्टिमा, श्री वैद्यनाथक्षेत्र प्रकाशन समिति, अछाम ।
- के.सी., विश्व (२०७०): कीर्तिस्तम्भ, अभान्त को-भेन्चर्स, काठमाडौं ।
- खनाल, पं. नारायणप्रसाद (२०५५): *खनाल वंशावली,* खनाल वंशावली निर्माण समिति भरतपुर, चितवन ।
- खनाल, मोहनप्रसाद (२०७५): *नेपाली भाषाका हजार वर्ष,* विद्यार्थी पुस्तक

भण्डार, भोटाहिटी, काठमाडौं ।
- खत्री, डा. प्रेमकुमार र दाहाल, डा. पेशल (२०५३): *आधुनिक नेपालको सामाजिक इतिहास,* साझा प्रकाशन, काठमाडौं ।
- खत्री, प्रेमकुमार (२०५५): *उत्पत्तिः मानवसभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन,* नेपाल र एसियाली अनुसन्धान केन्द्र, काठमाडौं ।
- खत्री, प्रा.डा. प्रेम (२०७०): *नेपालका जातीय संस्कार* (खण्ड दुई), नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- खत्री, प्रा.डा. प्रेम (२०७२): *नेपालका जातीय संस्कार* (भाग-३), नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- गिरी, केशवानन्द स्वामी (२०७७): संस्कृत शब्दकोशः ।
- गुरागाईं, कृष्णप्रसाद (२०५७): *गुरागाईं वंशावली २०५७,* गुरागाईं वंश उत्थान समाज कल्याण प्रतिष्ठान, झापा, नेपाल ।
- गुरुङ, जगमान २०६७): *गण्डकीप्रसवणक्षेत्रको साँस्कृतिक सम्पदा,* पश्चिमाञ्चल विकास मञ्च, काठमाडौं ।
- गौड, आचार्य भारतभूषण (२०२१): *कान्यकुब्ज ब्राह्मण-इतिहास और गोत्र,* Youtube channel.
- घिमिरे, विष्णुप्रसाद (२०४९): *पाल्पाको ईतिहास,* पद्मा घिमिरे, चितवन, नेपाल (पहिले २०४५ मा वाराणसीबाट प्रकाशित) ।
- चौलागाई, माधव (२०७६): *कर्णालीको विकास र समृद्धिको लागि इतिहासबाट के सिक्ने?,* मान्नमी, रूपान्तरण, ललितपुर, नेपाल ।
- जाँचबुझ केन्द्र, राजदरबार (२०३१): *मेची-महाकाली (भाग ३),* नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, काठमाडौं ।
- जाँचबुझ केन्द्र, राजदरबार (२०३१): *मेची-महाकाली (भाग ४),* नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, काठमाडौं ।
- जि.सी., होमबहादुर (२०७१): *मैले देखे-सम्झेका कुरा,* गोमा सेन, तम्घास, गुल्मी ।
- ढकाल, नारायण (२०६४): *खड्गकोट स्मारिका,* स्मारिका प्रकाशन समिति, खड्गकोट, गुल्मी ।
- ढकाल, प्रकाश (२०७६): *उपमन्यु गोत्रका कुलदेवता मस्टो,* पश्चिमाञ्चल विकास मञ्च स्मारिका, पश्चिमाञ्चल विकास मञ्च दरबारमार्ग, काठमाडौं ।
- तिमिल्सेना, नारायणप्रसाद (२०७७): *दैलेखी लोक साहित्य,* दुल्लू नगरपालिका दैलेख ।

- तिवाडी, रघुनाथप्रसाद (२०१७): *गोत्र प्रवर्तक ऋषि: संक्षिप्त परिचय,* राजस्थानी ग्रन्थागार, जोधपुर, भारत ।
- थापा मगर, लोकबहादुर (२०६८): *मगरभाषा (ढुँट) व्याकरण,* नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- दर्नाल, प्रकाश (२०७०): *दमाईजातिको सामाजिक संस्कार,* नेपालका जातीय संस्कार, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- दाहाल, डा. पेशलकुमार (२०५०): *नेपालको इतिहास (सुरुदेखि सुगौली सन्धीसम्म),* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स, भोटाहिटी, काठमाडौं ।
- दाहाल, डा. पेशलकुमार (२०५५): *नेपालको इतिहास र संस्कृति,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स, भोटाहिटी, काठमाडौं ।
- देवकोटा, रत्नाकर (२०६४), *वृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना,* कुमार खड्ग प्राइभेट स्टडिज, कमलादी, काठमाडौं ।
- देवकोटा, यादव (२०७६): *इतिहास: बाह्र मगरातमा शाही कटक,* कान्तिपुर कोशेली भाद्र २८, २०७६ (https://ekantipur.com/koseli/2019/09/14).
- धमला, तिलप्रसाद (२०७३): *धादिङ् ज्यामरूङ्ग गा.वि.स. एक परिचय तथा धमलाको वंशावली,* तिलप्रसाद धमला, रानीवन, काठमाडौं ।
- नेपाल, ज्ञानमणि (२०५२): नेपालको महाभारत, साझा प्रकाशन, काठमाडौं ।
- नेपाली, चित्तरञ्जन (२०५६): *जनरल भीमसेन थापा र तत्कालीन नेपाल,* रत्नपुस्तक भण्डार, काठमाडौं ।
- सुनार, तिलबहादुर र नेपाली, डि.बी. (२०७२): *कामी जातिका सामाजिक संस्कार,* नेपालका जातीय संस्कार (भाग ३), नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- नेपाली, डि.बी. दमु (२०७८): *गण्डकीका शिल्पी समुदायको मन्त्र सम्पदा,* नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- पँगेनी, भविश्वर (२०६५): *नेपालको प्रशासनिक इतिहास* (भाग-२), श्रद्धा स्रष्टा प्रकाशन, काठमाडौं ।
- पन्थी, लक्ष्मीकान्त (२०६२): *गुल्मी जिल्लाका चार गाउँ,* गुल्मी परिचय, गुल्मेली समाज, काठमाडौं ।
- पन्थी, लक्ष्मीकान्त (२०७७): *श्री मालिका माध्यमिक विद्यालयको ऐतिहासिक पक्ष,* मालिका दर्पण, मालिका मा.वि. पूर्वविद्यार्थी समाज, गुल्मी-काठमाडौं ।
- पन्थी, शशि (२०७७): *धैरेनी राज्यको ऐतिहासिक साक्षीको अवसान,* वावाको महाप्रस्थान (स्मृतिग्रन्थ), तुलसी-चन्द्र स्मृति प्रतिष्ठान, भक्तपुर ।
- प्रश्रित, मोदनाथ (२०७४): *नेपाल: गणयुगदेखि राष्ट्रयुगसम्म,* जनता

प्रसारण तथा प्रकाशन लिमिटेड, काठमाडौं .
- प्रेक्षित, जगत्प्रसाद उपाध्याय (२०७६): *नेपाली कवितामा कर्णाली प्रदेशको स्थिति,* मान्नमी, रूपान्तरण, ललितपुर, नेपाल ।
- पराजुली, उत्तरकुमार (२०७७): *अर्घाखाँची नाम र केही सान्दर्भिक कुरा,* दैनिक पत्र (बिचार स्तम्भ), असोज ३, २०७७ बुटवल, नेपाल ।
- पोखरेल, प्रा. बालकृष्ण (२०५५): *खस जातिको इतिहास (बर्क-कस्सेली पृष्ठभूमिको विशेष परिप्रेक्ष्यमा),* उदात्त अनुसन्धान अड्डी, विराटनगर, नेपाल ।
- पौड्याल, दामोदर (२०६६): *वैदिक संस्कृति र खश जातिको संक्षिप्त वर्णन,* अवन्तिका पौड्याल, ललितपुर ।
- पौडेल, रामचन्द्र शर्मा (२०६८): *मानसखण्डमा वैद्यनाथ क्षेत्र,* वैद्यनाथ क्षेत्र अछामः विद्वान्हरूको दष्टिमा, श्री वैद्यनाथक्षेत्र प्रकाशन समिति, अछाम, नेपाल ।
- वस्याल, प्रेमनाथ (२०५८): *वस्याल वंशावली,* वस्याल समाज मूल समिति, पाल्पा ।
- वश्याल, कौशलराज (२०७७): संयोजक, *बश्याल बंशावली पुनर्लेखन समिति,* बुटवल, बश्याल समाज नेपाल, केन्द्रिय समिति ।
- बानिया, कर्णबहादुर (२०७५): *म्याग्दीको इतिहास, संस्कृति र सम्पदा,* विष्णुदेवी बानिया, भरतपुर, चितवन ।
- विष्ट, सोमध्वज विष्ट (२०२०): *शाही सैनिक ईतिहास ।*
- भट्टराईबन्धु (२०४३): *अर्घाखाँचीको ऐतिहासिक तथा सामाजिक पृष्ठभूमि,* चिनारी, अर्घाखाँची सम्पर्क सदन, काठमाडौं ।
- भट्टराई (२०४९): *भट्टराई वंश दर्पण,* भट्टराई वंश प्रकाशन समिति, काठमाडौं ।
- भट्टराई, शिव (२०६५): *पाल्पा माडीका भट्टराई (खजाञ्ची) परिवारको वंश परिचय,* वंश परिचय संकलन तथा प्रकाशन समिति, काठमाडौं ।
- भण्डारी, प्रमानन्द तथा हरिप्रसाद (२०७०), *धनञ्जय गोत्रीय भण्डारीहरूको बंशावली,* भुँडीपुराण प्रकाशन, काठमाडौं ।
- भण्डारी, बुद्धिलाल (२०६८): *नेपाल राष्ट्र निर्माणका केही योद्धाहरू,* ओरियण्टल् पब्लिकेसन, काठमाडौं ।
- भुसाल, ईश्वरीप्रसाद (२०६८ग): *भुसालको संक्षिप्त चिनारी,* भू-उद्यान वर्ष २ अङ्क २, भू-उद्यान प्रकाशन समिति, भुसाल सम्पर्क समाज, काठमाडौं ।
- भुसाल, युवराज, सं. (२०६२): कविराम भुसाल स्मृति ग्रन्थ, भुसाल सम्पर्क समाज नेपाल, काठमाडौं ।
- भुसाल, प्रेमलाल (२०६२): *सुयोग्य पिताका सुयोग्य पुत्र कविराम दाजु,*

कविराम भुसाल स्मृति ग्रन्थ, भुसाल सम्पर्क समाज नेपाल, काठमाडौं ।

- भुसाल, युवराज (२०६७): *मधानेको पानी,* **स्वर्णमहोत्सव स्मारिका**मा, श्री मेहलेपोखरी माध्यमिक विद्यालय, म्यालपोखरी, गुल्मी ।
- भुसाल, युवराज (२०७५): *नेपालका प्रथम मुख्य-सचिव चन्द्रबहादुर थापा* विप्लपुरुष-चन्द्रबहादुर थापामा, डा. विजयकुमार थापा, प्रविरकुमार, सौरभकुमार थापा, शान्तिनगर, काठमाडौं ।
- भुसाल, नारायण प्रसाद (२०६८ख): *अर्घाको ऐतिहासिक महत्व,* भू-उद्यान वर्ष २ अङ्क २, भू-उद्यान प्रकाशन समिति, भुसाल सम्पर्क समाज, काठमाडौं ।
- भुसाल, युवराज (२०६८क): *हाम्रा केही जातीय थर र पुरकोटका भुसालहरू,* भू-उद्यान वर्ष २ अङ्क २, भू-उद्यान प्रकाशन समिति, भुसाल सम्पर्क समाज, काठमाडौं ।
- भुसाल, युवराज (२०७७): *श्री मालिका माध्यमिक विद्यालयको ऐतिहासिक पक्ष,* मालिका दर्पण, मालिका मा.वि. पूर्वविद्यार्थी समाज, गुल्मी-काठमाडौं ।
- मरासिनी, नारायण (२०७०): *धनञ्जय गोत्रीय वंश परम्परा,* धनञ्जय गोत्रीय मरासिनी वंशावली, स्वामी शशिधर स्मृति प्रतिष्ठान, सेमलार बेलबरिया, रूपन्देही ।
- मल्ल, भरत मल्ल (२०६७): *धुरकोटका मल्लहरूको वंशावली,* श्रीमती राधा मल्ल, सिफल, काठमाडौं ।
- मल्ल, शरणविक्रम (२०७७): *पैयुँ राज्यको इतिहास: पूर्तिघाट, रानीपानी, भतेरपाटा, पैऊँ राज्य इतिहासका प्रस्थान विन्दुहरू,* नेपालपत्र न्यूज, २०७७ भाद्र २५, विहिबार ।
- मानन्धर, त्रिरत्न तथा शर्मा, निरन्जन (२०५३): *आधुनिक नेपालको राजनैतिक इतिहास,* नेपाल र एशियाली अध्ययन केन्द्र, कीर्तिपुर, काठमाडौं ।
- मानन्धर, त्रिरत्न; राठौर, कमलराजसिंह; पन्त, दिनेशराज; थापा, विनोद (२०७७): *नेपाल एकीकरणको इतिहास (वि.सं. १८०१-१८७२)* नेपाली सेना-जङ्गी अड्डा, भद्रकाली, काठमाडौं ।
- यात्री, पूर्णप्रकाश नेपाल (२०४२): *सिंजाको ऐतिहासिक रूपरेखा,* मञ्जरी पब्लिकेशन, काठमाडौं तथा प्रतिभा पुरस्कार प्रतिष्ठान, विराटनगर ।
- यात्री, पूर्णप्रकाश नेपाल (२०४५): *कौशिकादि सन्तति: प्रथम समूह-नेपाल थरको वंशावली,* नेपाल वंशजपरिषद्, वंशावली प्रकाशिनी समिति, काठमाडौं ।
- यात्री, पूर्णप्रकाश नेपाल (२०५५): *नेपाल सौरभी: आनुवंशिक मानवशास्त्र,* नेपाली वाङ्मय प्रतिष्ठान, काठमाडौं ।
- योगी, नरहरिनाथ (२०१२): *इतिहास प्रकाश,* अङ्क १, इतिहास प्रकाश

मण्डल, मृगस्थली, गोरक्षपीठ, काठमाडौं ।

- योगी, नरहरिनाथ (२०१३क): *इतिहास प्रकाश,* भाग २, अङ्क २, इतिहास प्रकाश संघ, मृगस्थली, गोरक्षपीठ, काठमाडौं ।
- योगी, नरहरिनाथ (२०१३ख): *इतिहास प्रकाश,* भाग ३, अङ्क २, इतिहास प्रकाश संघ, मृगस्थली, गोरक्षपीठ, काठमाडौं ।
- योगी, नरहरिनाथ (२०२२): इतिहासप्रकाशमा (सन्धिपत्र संग्रह), भाग १, राप्ती अञ्चल दाङ आध्यात्मिक सम्मेलन, घोराही ।
- राजवंशी, शङ्करमान सं. (२०२०): *सेन वंशावली,* श्री ५ को सरकार (पुरातत्व र संस्कृति विभाग), वीर पुस्तकालय, काठमाडौं ।
- राजवंशी, शङ्करमान (२०२६): *अर्घाबाट प्राप्त केही ऐतिहासिक पत्र,* प्राचीन नेपाल, नेपाल तथा एसियाली अध्ययन केन्द्र, कीर्तिपुर काठमाडौं ।
- राजवंशी, शङ्करमान (२०२८): *लुम्बिनी अञ्चलका ऐतिहासिक पत्र,* प्राचीन नेपाल, संख्या १८, नेपाल तथा एसियाली अध्ययन केन्द्र, कीर्तिपुर ।
- राठौर, कमलराज सिंह (सं.,२०६९): *नेपाली सेनाको इतिहास,* जङ्गी अड्डा, भद्रकाली काठमाडौं ।
- राठौर, कमलराजसिंह; मानन्धर, त्रिरत्न; पन्त, दिनेशराज; थापा, विनोद (२०७७): *नेपाल एकीकरणको इतिहास (वि.सं. १८०१-१८७२)* नेपाली सेना-जङ्गी अड्डा, भद्रकाली, काठमाडौं ।
- रामिरेज, फिलिप (२०००): *रेसुङ्गा: द ल्याण्ड अफ हर्नड् सेज* (अंग्रजीमा), हिमाल बुक्स्, ललितपुर, नेपाल ।
- रायमाझी, तारकबहादुर (२०५०): *अर्घा गा.वि.स. अन्तर्गत अर्घाकोटको ऐतिहासिक अध्ययन,* त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकायमा स्नातकोत्तर तह (गणित विषय) को भिलेज प्रोफाइल (अप्रकाशित) काठमाडौं ।
- रिजाल, कमल (२०७४):*ब्रह्माण्डीय रहस्य खोतल्ने वैदिक वैज्ञानिक,* गोरखापत्र (दैनिक), २०७४।०६।२२, गोरखापत्र संस्थान, काठमाडौं ।
- रिजाल, कमल (२०७४): *महर्षि धनञ्जयको सामाजिक देन,* लोकान्तर (दैनिक), २०७४।०६।२८
- रिजाल, लक्ष्मणप्रसाद (२०७०): *रिजाल वंशावली,* रिजाल सेवा समाज, गुल्मी ।
- रूपाखेती, श्रीहरि (२०६८): *नेपाल थरगोत्र प्रवर कोश,* रत्न पुस्तक भण्डार, काठमाडौं ।
- रेग्मी, डा. जगदीशचन्द्र (२००३), *नेपालको बैधानिक परम्परा (प्रारम्भदेखि १८४६ सम्म),* पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।

- विद्यालंकार, जयचन्द्र (१९४२): *इतिहास-प्रवेश (भारतीय इतिहासका दिग्दर्शन-प्रारम्भिक कालसे आजतक),* सरस्वती प्रकाशन-मन्दिर, इलाहावाद, भारत ।
- शर्मा, जनकलाल (२०३९): *हाम्रो समाजः एक अध्ययन,* साझा प्रकाशन, काठमाडौं ।
- शर्मा, पं. मिहिरचन्द्र, अनु. (१९९०): *निर्णयसिन्धु (भाषाटीका सहित),* बम्बई बुक डिपो, कचौडीगल्ली, वाराणसी ।
- शर्मा, राणा प्रसाद (२०२८), *पौराणिक कोश,* ज्ञानमण्डल लि. वाराणसी (भारत डिक्सनरी पुस्तकालय) ।
- शर्मा, डिल्लीराज (२०५५): *नेपालको किल्ला वास्तुकला,* नेपाल र एशियाली अनुसन्धान केन्द्र, काठमाडौं ।
- शर्मा, बालचन्द्र (२००८): *नेपालको ऐतिहासिक रूपरेखा,* कृष्णकुमारी देवी, वाराणसी ।
- शाह, वीरेन्द्र विक्रम (२०६०): *खाँची राज्यको ऐतिहासिक परिचय,* सन्धि, कर्मचारी मिलन केन्द्र, अर्घाखाँची ।
- शाह, कृष्णबहादुर (२०६९): *नेपालका पूर्व बाइसे चौबिसे राजाहरूको ऐतिहासिक एक झलक,* कृष्णबहादुर शाह, बकुलाही, दाङ ।
- शाह, कृष्णबहादुर (२०७३): *नेपालका पूर्व बाइसे र चौबिसे राज्यको इतिहास,* कृष्णबहादुर शाह, त्रिपुर नगरपालिका वडा नं. १०, बकुलाही, दाङ ।
- शाह, भवेन्द्र विक्रम (२०७७): *मेरो वंश परिचय र आत्मकथा,* चिरञ्जिवी शाहसमेत, बेनी, म्याग्दी ।
- शाह, सुरतबहादुर (२०७६): *सुदुर पश्चिममा उदाएका अमर नक्षत्र,* श्री वैद्यनाथक्षेत्र प्रकाशन समिति, अछाम ।
- शाह, सुरेश (२०७८): *आदरणीय अग्रज चिरञ्जिवी विक्रम शाह,* अर्घाखाँचीका नक्षत्रहरू, तुलसी-चन्द्र स्मृति प्रतिष्ठान, भक्तपुर ।
- शाही, योगेन्द्र (२०७६): *कर्णाली रेसम मार्ग,* मान्नमी, रूपान्तरण, ललितपुर, नेपाल ।
- साङ्कृतायन, राहुल (२०७६): *भोल्गादेखि गङ्गासम्म* (अनुवादकः हेमराज अधिकारी), मञ्जरी पब्लिकेशन, काठमाडौं ।
- सिम्पल, के.बी. (२०७२): *सार्की जातिका सामाजिक संस्कार,* नेपालका जातीय संस्कार, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- सिंह, समरबहादुर (२०६२): *चौबिसेराज्य मुसिकोटको संक्षिप्त परिचय,* **गुल्मी परिचय**, गुल्मेली समाज, काठमाडौं ।
- ठकुरी, समरबहादुर (२०६९): *ऐतिहासिक राज्य मुसिकोट र सिंह ठकुरीको*

*संक्षिप्त वंशावली,* ठकुरी कला संस्कृति प्रतिष्ठान, नेपाल
- श्रेष्ठ, भीमप्रसाद (२०२८): कर्णाली प्रदेश एक बिटो अध्ययन, सामाजिक अध्ययन समुदाय, जुमला ।
- श्रेष्ठ, टेकबहादुर (२०५९): *पर्वत राज्यको इतिहास,* नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।
- सुवेदी, शिखरनाथ (२०३७): *थरगोत्र प्रवरावली,* कृ.प्र. ढुंगाना, काठमाडौं ।
- सुवेदी, हंसपुरे (२०४७): हंसपुरः इन्द्रगुफा र सिद्धदेव, नेपाल, वर्ष २०, अङ्क ६ (जेठ-असार), श्री ५ को सरकार, मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौं ।
- सुवेदी, राजाराम (२०४९): *चौबीसी राज्यको सारतत्व,* गरिमा (मासिक), २०४९, साझा प्रकाशन, ललितपुर ।
- सुवेदी, राजाराम (२०५४क): *कर्णाली प्रदेशको मध्यकालीन इतिहास,* साझा प्रकाशन, काठमाडौं ।
- सुवेदी, राजाराम (२०५४ख): *एकीकरण अघिको नेपाल,* नेपाल, वर्ष २८, अंक १, श्री ५ को सरकार, सूचना विभाग, नेपाल ।
- सुवेदी, राजाराम (२०५४ग): *पैयुँ राज्य,* गरिमा (मासिक), वर्ष १५ अङ्क ५ पूर्णाङ्क १७३, वैशाख २०५४, साझा प्रकाशन, ललितपुर ।
- सुवेदी, राजाराम (२०५५): *बाइसी राज्यको ऐतिहासिक रूपरेखा,* नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि. कीर्तिपुर, काठमाडौं ।
- सुवेदी, राजाराम (२०५५क): *गुल्मीको ऐतिहासिक झलक,* किरण पुस्तकालय, तम्घास, गुल्मी ।
- सुवेदी, राजाराम (२०५८): *अछामको इतिहास,* श्री वैद्यनाथक्षेत्र प्रकाशन समिति, अछाम ।
- सुवेदी, डा. राजाराम (२०६१): *अर्घाखाँचीको मध्यकालीन इतिहास,* अर्घाखाँचीको चिनारीमा, अर्घाखाँची सम्पर्क सदन, काठमाडौं ।
- सुवेदी, राजाराम (२०६१): *मष्टा खससंस्कृति,* गरिमा, वर्ष २२, अङ्क ६, पूर्णाङ्क २५८, जेठ, साझा प्रकाशन, ललितपुर ।
- सुवेदी, डा. राजाराम (२०६४): *मगरको नालीबेली,* गरिमा (मासिक), वर्ष २६, अङ्क १, पूर्णाङ्क ३०१, साझा प्रकाशन, ललितपुर ।
- सेन, सूर्यबहादुर (२०५९): *पालपाली सेन,* खड्ग सेन, काठमाडौं ।
- हुमागाईं, रामचन्द्र (२०७२क): *वंशको पौराणिक इतिहास,* हुमागाईं दर्पण, हुमागाईं समाज, नेपाल, काठमाडौं ।
- हुमागाईं, रामप्रसाद (२०७२ख): *हुमागाईं बन्धुको इतिहास,* हुमागाईं दर्पण,

हुमागाइँ समाज, नेपाल, काठमाडौं ।

- क्षेत्री, निलकुमार र सिंह, नन्दबहादुर (२०७६): *कर्णाली प्रदेशको ऐतिहासिक झलक,* मान्नमी, रूपान्तरण, ललितपुर, नेपाल ।
- ज्ञवाली, हेमराज (२०६२): *गुल्मी: ऐतिहासिक दृष्टिमा,* गुल्मी परिचय, गुल्मेली समाज, काठमाडौं ।
- ज्ञवाली, मुक्तिनाथ (२०६४): *खड्गकोटका धार्मिक सम्पदाहरू,* खड्गकोट स्मारिका २०६४, स्मारिका प्रकाशन समिति, खड्गकोट, गुल्मी ।

आ) अंग्रेजी पुस्तकहरू **(नेपाली भाषामै उल्लेखगरिएका)**:

- Bajracharya, Bhadra Ratna (1992): *Bahadur Shah-The Regent of Nepal (1785-1994),* Anmol Publications, New Delhi.
- Chaturvedi, B.K. (2006), Vishnu Puran, Diamond Books, New Delhi।
- Kulke, Hermann and Rothermund, Dietmar (2004): *A History of India,* RouteLdge, London.
- Mittal, J.P (2006): *Ancient History of India: A New Version*, Atlantic Publishers and Distributors, New Delhi।
- Ramirez, Philip (2000): *Resunga- The Mountain of the Horned Sage,* Himal Books, Lalitpur, Nepal.
- Sheshadri, S.L. (2019), Maharshis of Ancient India: Viswamitra, Bharatha Samskruthi Praksahana, Bengalore
- Stiller, Ludwig F. (1995): The Rise of the House of Gorkha, Human Resource Development Research Center, Kathmandu।

**ग) अन्तर्सञ्जाल** (Internet/website):

- https://hi.krishnakosh.org/कृष्ण/मधुच्छन्द ।
- http://hi.brajdiscovery.org/index.php¿title विश्वामित्र ।
- https://en.wikipedia.org/wiki/Vishvamitra।
- राजश्री, संस्कृतिकी खोज (https://books.google.com.np/books)।
- http://indiafacts.org/gotras-and-pravaras/
- https://en.wikipedia.org/wiki/Yayati

- रिजाल, कमल (२०७६): *वेदविज्ञान र महर्षि विश्वामित्र*, http://old.gorkhapatraonline.com/news/34604
- देवकोटा, यादव (२०७६): *इतिहासः बाह्र मगरातमा शाही कटक*, कान्तिपुर कोशेली भाद्र २८, २०७६
  -https://ekantipur.com/koseli/2019/09/14).
- Rana, B. (2017) : A Short Note on Magarât - The Magar Homeland in West Mid-Hills of Nepal, http://thehimalayanvoice.blogspot.com/2017/12/a-short-note-on-magarat-magar-homeland.html
- *Rana, B. (2018): मगर जातिको विभिन्न थरहरूमध्ये आले, थापा र रानाको ऐतिहासिकता बारे एक संक्षिप्त टिप्पणी*, हार्वर्ड विश्वविद्यालय, अमेरिका ।
- *Rana, B.(2017) : A short note on King Aramudi and other Magar rulers of Kaligandaki region.*
- *Rana 2005*
- *Harishankar, R.* https://www.hinduscriptures.com/gurus/rishi-men/rishi-madhuchandha/37914):

अनुसूची १
पौराणिक वंशावली (चन्द्रवंशी)

| *क्रं.सं.* | *व्यक्तिको नाम* | *पुस्ता संख्या* | *बाबुको नाम* | *छोराहरुको नाम* | *छोरी* | *कैफियत* |
|---|---|---|---|---|---|---|
| १ | १.० नारायण (भगवान् विष्णु) | १ | **०.० स्वयम्भू सदाशिव तथा अष्टभूजा**<br>**०.० पराशक्ति अम्बिका** | २.१ ब्रह्माजी | | |
| २ | २.१ ब्रह्माजी | | १.० नारायण | ३.१ अत्रि ऋषि | | |
| | ३.१<br>अत्रि ऋषि र अनसुइया (कर्दम ऋषि र देवहूति पुत्री) | | २.१ ब्रह्माजी | ४.१ चन्द्रमा (सोम, ब्रह्माजीका अंश)<br>४.२ दत्तात्रय वा आत्रेय ऋषि (विष्णुका अंश)<br>४.३ दुर्वासा ऋषि (कृष्नात्रेय, शङ्करका अंश) | | सोमलाई कतै अर्चनाना र कतै आत्रेय र कतै अर्चनानस् पनि भनिएको छ (गौतम, २०६५:३५-३६) |
| | ४.१ चन्द्रमा ( सोम) र तारा | | ३.१ अत्रि ऋषि | ५.१ बुध (चन्द्रवंशी क्षेत्रीयका प्रवर्तक) | | |
| | ५.१ बुध र ईला | | ४.१ चन्द्रमा | ६.१ पुरुरवा | | |
| | ६.१ पुरुरवा र उर्वशी | | ५.१ बुध | ७.१ आयु<br>७.२ श्रुतायु<br>७.३ सत्यायु (दृढायु)<br>७.४ रय (विश्वायु)<br>७.५ विजय (अमावासु)<br>७.६ जय (बनायु, बह्वायु) | | |
| | ७.१ आयु | | ६.१ पुरुरवा | ८.१ नहुष<br>८.२ क्षत्रवृद्ध<br>८.३ रजि<br>८.४ रम्भ<br>८.५ अनेना | | |
| | ८.१ नहुष (तीन लोकका राजा, ईन्द्राणी शुचिप्रति व्यभिचार राखेकाले पछि विवाहमा पालकीको रुपमा जाँदा पुलस्त्य ऋषिको शापबाट अजिङ्गर भएका) | | ७.१ आयु | ९.१ यति (सन्यास)<br>९.२ ययाति<br>९.३ संयाति<br>९.४ आयति<br>९.५ वियति<br>९.६ कृति | | |
| | ९.२ ययाति | | ८.१ नहुष | क) देवयानीतर्फ:<br>१०.१ यदु<br>१०.२ तुर्वसु<br>ख) शर्मिष्ठातर्फ:<br>१०.३ द्रुह्यु | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | १०.४ अनु<br>१०.५ पुरु<br>(पिताको आज्ञाकारी, उमेरदान गरेकाले राजा हुन पाएका)<br>ग) अश्रुविन्दुमती तर्फ सन्तान नभएका | | |
| | १०.१ यदु | | ९.२ ययाति | ११.१ | | |
| | १०.५ पुरु | | ९.२ ययाति | ११.१ जनमेजय | | |
| | ११.१ जनमेजय | | १०.५ पुरु (राजा) | १२.१ प्रचिनवान् | | |
| | १२.१ प्रचिनवान् | | ११.१ जनमेजय | १३.१ प्रवीर | | |
| | १३.१ प्रवीर | | १२.१ प्रचिनवान् | १४.१ नमस्यु | | |
| | १४.१ नमस्यु | | १३.१ प्रवीर | १५.१ चारुपद | | |
| | १५.१ चारुपद | | १४.१ नमस्यु | १६.१ सुद्यु | | |
| | १६.१ सुद्यु | | १५.१ चारुपद | १७.१ बहुगव | | |
| | १७.१ बहुगव | | १६.१ सुद्यु | १८.१ संयाति | | |
| | १८.१ संयाति | | १७.१ बहुगव | १९.१ अहंयाति | | |
| | १९.१ अहंयाति | | १८.१ संयाति | २०.१ रौद्राश्व | | |
| | २०.१ रौद्राश्व र घृताची अप्सराबाट | | १९.१ अहंयाति | २१.१ ऋतेयु<br>२१.२ कुक्षेयु<br>२१.३ स्थण्डिलेयु<br>२१.४ कृतेयु<br>२१.५ जलेयु<br>२१.६ सन्ततेयु<br>२१.७ धर्मेयु<br>२१.८ सत्येयु<br>२१.९ व्रतेयु<br>२१.१० वनेयु | | |
| | २१.१ ऋतेयु | | २०.१ रौद्राश्व | २२.१ रन्तिभार | | |
| | २२.१ रन्तिभार | | २१.१ ऋतेयु | २३.१ सुमति<br>२३.२ ध्रुव<br>२३.३ अप्रतिरथ | | |
| | २३.१ सुमति | | २२.१ रन्तिभार | २४.१ रैभ्य | | |
| | २४.१ रैभ्य | | २३.१ सुमति | २५.१ दुष्यन्त राजा | | |
| | २५.१ दुष्यन्त र शकुन्तला | | २४.१ रैभ्य | २६.१ भरत (भारतबर्ष नामकरण) | | कौशिकपुत्री शकुन्तला |
| | २६.१ भरत | | २५.१ दुष्यन्त | विदर्भराजका तीन कन्याका पुत्र बावुजस्ता नभएको आरोपबाट आमाबाट मारिएकाले सन्तानका लागि मरुस्तोम यज्ञ गरी मरुद्गणबाट प्राप्त भरद्वाज पुत्र प्राप्ति भएको ।<br>२७.१ भरद्वाज | | |
| | २७.१ भरद्वाज | | २६.१ भरत | २८.१ मन्यु | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २८.१ मन्यु | | २७.१ भरद्वाज | २९.१ बृहत्क्षत्र<br>२९.२ जय<br>२९.३ महावीर्य<br>२९.४ नर<br>२९.५ गर्ग | | |
| | २९.१ बृहत्क्षत्र | | २८.१ मन्यु | ३०.१ हस्ति<br>(हस्तिनापुर<br>बसाएका) | | |
| | ३०.१ हस्ति | | २९.१ बृहत्क्षत्र | ३१.१ अजमीढ<br>३१.२ द्विमीढ<br>३१.३ पुरुमीढ<br>(नि:सन्तान) | | |
| | ३१.१ अजमीढ | | ३०.१ हस्ति | क) अघिल्लीतर्फः<br>३२.१ प्रियमेध<br>(ब्राह्मण भएका)<br>३२.२ बृहदिषु<br>ख) नलिनीतर्फः<br>३२.३ नील | | |
| | ३२.२ बृहदिषु | | ३१.१ अजमीढ | ३३.१ बृहद्धनु | | |
| | ३३.१ बृहद्धनु | | ३२.२ बृहदिषु | ३४.१ बृहत्काय | | |
| | ३४.१ बृहत्काय | | ३३.१ बृहद्धनु | ३५.१ जयद्रथ | | |
| | ३५.१ जयद्रथ | | ३४.१ बृहत्काय | ३६.१ विसद् | | |
| | ३६.१ विसद् | | ३५.१ जयद्रथ | ३७.१ सेनजित् | | |
| | ३७.१ सेनजित् | | ३६.१ विसद् | ३८.१ रुचिराश्व<br>३८.२ दृढहनु<br>३८.३ काश्य<br>३८.४ वत्स | | |
| | ३८.१ रुचिराश्व | | ३७.१ सेनजित् | ३९.१ पार | | |
| | ३९.१ पार | | ३८.१ रुचिराश्व | ४०.१ पृथु सेन<br>४०.२ नीप<br>(१०० पुत्रवाला) | | |
| | ४०.१ पृथु सेन | | ३९.१ पार | ४१.१ | | |
| | ४०.२ नीप र<br>कृत्वी | | ३९.१ पार | ४१.१ ब्रह्मदत्त<br>(योगी) | | |
| | ४१.१ ब्रह्मदत्त र<br>सरस्वती | | ४०.२ नीप | ४२.१ विष्वक्सेन | | |
| | ४२.१ विष्वक्सेन | | ४१.१ ब्रह्मदत्त | ४३.१ उदक्स्वन | | |
| | ४३.१ उदक्स्वन | | ४२.१ विष्वक्सेन | ४४.१ भल्लाद | | |
| | ३२.३ नील | | ३१.१ अजमीढ | ३३.१ शान्ति | | |
| | ३३.१ शान्ति | | ३२.३ नील | ३४.१ सुशान्ति | | |
| | ३४.१ सुशान्ति | | ३३.१ शान्ति | ३५.१ पुरुज | | |
| | ३५.१ पुरुज | | ३४.१ सुशान्ति | ३६.१ अर्क | | |
| | ३६.१ अर्क | | ३५.१ पुरुज | ३७.१ भर्म्याश्व | | |
| | ३७.१ भर्म्याश्व (<br>छोराहरु<br>पाँचदेशका राजा<br>भएकाले पञ्चाल<br>भनिए) | | ३६.१ अर्क | ३८.१ मुदगल्<br>३८.२ यवीनर<br>३८.३ बृहदिषु<br>३८.४ काम्पिल्य<br>३८.५ सञ्जय | | |
| | ३८.१ मुदगल् | | ३७.१ भर्म्याश्व | ३९.१ दिवोदास<br>३९.२ अहिल्या<br>(गौतमपत्नी) | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३९.१ दिवोदास | | ३८.१ मुदगल् | ४०.१ | | |
| | ३९.२ अहिल्या र गौतम ऋषि | | ३८.१ मुदगल् | ४०.१ शतानन्द | | |
| | ४०.१ शतानन्द | | ३९.२ अहिल्या र गौतम ऋषि | ४१.१ सत्यधृति (धनुर्विद्यामा निपुण) | | |
| | ४१.१ सत्यधृति | | ४०.१ शतानन्द | ४२.१ शरद्वान् | | |
| | ४२.१ शरद्वान् | | ४१.१ सत्यधृति | ४३.१ कृपाचार्य<br>४३.२ कृपी (द्रोणाचार्यकी पत्नी) | | |
| | ३८.२ यवीनर | | ३७.१ भर्म्याश्व | ३९.१ | | |
| | ३८.३ बृहदिषु | | ३७.१ भर्म्याश्व | ३९.१ | | |
| | ३८.४ काम्पिल्य | | ३७.१ भर्म्याश्व | ३९.१ | | |
| | ३८.५ सञ्जय | | ३७.१ भर्म्याश्व | ३९.१ | | |
| | ३१.२ द्विमीढ | | ३०.१ हस्ति | ३२.१ यवीनर | | |
| | ३२.१ यवीनर | | ३१.२ द्विमीढ | ३३.१ कृतिमान् | | |
| | ३३.१ कृतिमान् | | ३२.१ यवीनर | ३४.१ सत्यधृति | | |
| | ३४.१ सत्यधृति | | ३३.१ कृतिमान् | ३५.१ दृढनेमि | | |
| | ३५.१ दृढनेमि | | ३४.१ सत्यधृति | ३६.१ सुपार्श्व | | |
| | ३६.१ सुपार्श्व | | ३५.१ दृढनेमि | ३७.१ सुमति | | |
| | ३७.१ सुमति | | ३६.१ सुपार्श्व | ३८.१ सन्नतिमान् | | |
| | ३८.१ सन्नतिमान् | | ३७.१ सुमति | ३९.१ कृति | | |
| | ३९.१ कृति | | ३८.१ सन्नतिमान् | ४०.१ नीप | | |
| | ४०.१ नीप | | ३९.१ कृति | ४१.१ उग्रायुध | | |
| | ४१.१ उग्रायुध | | ४०.१ नीप | ४२.१ क्षेम्य | | |
| | ४२.१ क्षेम्य | | ४१.१ उग्रायुध | ४३.१ सुवीर | | |
| | ४३.१ सुवीर | | ४२.१ क्षेम्य | ४४.१ रिपुञ्जय | | |
| | ४४.१ रिपुञ्जय | | ४३.१ सुवीर | ४५.१ बहुरथ | | |
| | २९.२ जय | | २८.१ मन्यु | | | |
| | २९.३ महावीर्य | | २८.१ मन्यु | ३०.१ दुरिथक्षय | | |
| | ३०.१ दुरिथक्षय (सबै सन्तान ब्राह्मण भए) | | २९.३ महावीर्य | ३१.१ त्रय्यरुणी<br>३१.२ कवि<br>३१.३ पुष्करारुणी | | |
| | २९.४ नर | | २८.१ मन्यु | ३०.१ संस्कृति | | |
| | ३०.१ संस्कृति | | २९.४ नर | ३१.१ गुरु<br>३१.२ रन्तिदेव | | |
| | २९.५ गर्ग | | २८.१ मन्यु | ३०.१ शिनि | | |
| | ३०.१ शिनि | | २९.५ गर्ग | ३१.१ गार्ग्य (यिनीबाट ब्राह्मण वंश चलेको) | | |
| | २३.२ ध्रुव | | २२.१ रन्तिभार | २४.१ | | |
| | २३.३ अप्रतिरथ | | २२.१ रन्तिभार | २४.१ कन्व ऋषि | | |
| | २४.१ कन्व | | २३.३ अप्रतिरथ | २५.१ मेधातिथि | | |
| | २५.१ मेधातिथि | | २४.१ कन्व | २६.१ प्रस्कन्व आदि ब्राह्मणहरु | | |
| | २१.२ कुक्षेयु | | २०.१ रौद्राश्व | २२.१ | | |
| | २१.३ स्थण्डिलेयु | | २०.१ रौद्राश्व | २२.१ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २१.४ कृतेयु | | २०.१ रौद्राश्व | २२.१ | | |
| | २१.५ जलेयु | | २०.१ रौद्राश्व | २२.१ | | |
| | २१.६ सन्ततेयु | | २०.१ रौद्राश्व | २२.१ | | |
| | २१.७ धर्मेयु | | २०.१ रौद्राश्व | २२.१ | | |
| | २१.८ सत्येयु | | २०.१ रौद्राश्व | २२.१ | | |
| | २१.९ व्रतेयु | | २०.१ रौद्राश्व | २२.१ | | |
| | २१.१० वनेयु | | २०.१ रौद्राश्व | २२.१ | | |
| | ८.२ क्षत्रवृद्ध | | ७.१ आयु | ९.१ सुहोत्र | | |
| | ९.१ सुहोत्र | | ८.२ क्षत्रवृद्ध | १०.१ काश्य<br>१०.२ कुश<br>१०.३ गृत्समद | | |
| | १०.१ काश्य | | ९.१ सुहोत्र | ११.१ काशि | | |
| | ११.१ काशि | | १०.१ काश्य | १२.१ राष्ट्र | | |
| | १२.१ राष्ट्र | | ११.१ काशि | १३.१ दीर्घतमा | | |
| | १३.१ दीर्घतमा | | १२.१ राष्ट्र | १४.१ धन्वन्तरि (आयुर्वेदका प्रवर्तक) | | |
| | १४.१ धन्वन्तरि | | १३.१ दीर्घतमा | १५.१ केतुमान् | | |
| | १५.१ केतुमान् | | १४.१ धन्वन्तरि | १६.१ भीमरथ | | |
| | १६.१ भीमरथ | | १५.१ केतुमान् | १७.१ देवोदास | | |
| | १७.१ देवोदास | | १६.१ भीमरथ | १८.१ द्युमान् (प्रतर्दन, शत्रुजित्, वत्स, ऋतध्वज, कुवलयश्व) | | |
| | १८.१ द्युमान् | | १७.१ देवोदास | १९.१ अलर्क (६६ हजार बर्षसम्म राजा भएका) | | |
| | १९.१ अलर्क | | १८.१ द्युमान् | २०.१ सन्तति | | |
| | २०.१ सन्तति | | १९.१ अलर्क | २१.१ सुनीथ | | |
| | २१.१ सुनीथ | | २०.१ सन्तति | २२.१ सुकेतन | | |
| | २२.१ सुकेतन | | २१.१ सुनीथ | २३.१ धर्मकेतु | | |
| | २३.१ धर्मकेतु | | २२.१ सुकेतन | २४.१ सत्यकेतु | | |
| | २४.१ सत्यकेतु | | २३.१ धर्मकेतु | २५.१ धृष्टकेतु | | |
| | २५.१ धृष्टकेतु | | २४.१ सत्यकेतु | २६.१ सुकुमार | | |
| | २६.१ सुकुमार | | २५.१ धृष्टकेतु | २७.१ वीतिहोत्र | | |
| | २७.१ वीतिहोत्र | | २६.१ सुकुमार | २८.१ भर्ग | | |
| | २८.१ भर्ग | | २७.१ वीतिहोत्र | २९.१ भार्गभूमि | | |
| | १३.१ दीर्घतमा | | १२.१ राष्ट्र | १४.१ | | |
| | १०.२ कुश | | ९.१ सुहोत्र | ११.१ प्रति | | |
| | ११.१ प्रति | | १०.२ कुश | १२.१ सञ्जय | | |
| | १२.१ सञ्जय | | ११.१ प्रति | १३.१ जय | | |
| | १३.१ जय | | १२.१ सञ्जय | १४.१ कृत | | |
| | १४.१ कृत | | १३.१ जय | १५.१ हर्यवन | | |
| | १५.१ हर्यवन | | १४.१ कृत | १६.१ सहदेव | | |
| | १६.१ सहदेव | | १५.१ हर्यवन | १७.१ हीन | | |
| | १७.१ हीन | | १६.१ सहदेव | १८.१ जयसेन | | |
| | १८.१ जयसेन | | १७.१ हीन | १९.१ संस्कृति | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १९.१ संस्कृति | | १८.१ जयसेन | २०.१ महारथी वीर शिरोमणी जय | | |
| | १०.३ गृत्समद | | ९.१ सुहोत्र | ११.१ शुनक | | |
| | ११.१ शुनक | | | १२.१ शौनक (ऋग्वेदीयमा श्रेष्ठ मुनिवर) | | |
| | ८.३ रजि (दैत्यहरुको बध गरी ईन्द्रलाई स्वर्गको राजा बनाएका) | | ७.१ आयु | ९.१ (५०० पुत्रहरु भए तापनि दैत्यको डरले रजिलाई स्वर्ग फर्काएका तर उनको मृत्युपछि छोराहरुले नदिएका र पछि ईन्द्रले सब मारेका) | | |
| | ८.४ रम्भ | | ७.१ आयु | ९.१ रभस | | |
| | ९.१ रभस | | ८.४ रम्भ | १०.१ गम्भीर | | |
| | १०.१ गम्भीर | | ९.१ रभस | ११.१ अक्रिय (ब्राह्मणवंश चलेको) | | |
| | ८.५ अनेना | | ७.१ आयु | ९.१ शुद्ध | | |
| | ९.१ शुद्ध | | ८.५ अनेना | १०.१ शुचि | | |
| | १०.१ शुचि | | ९.१ शुद्ध | ११.१ त्रिककुद् | | |
| | ११.१ त्रिककुद् | | १०.१ शुचि | १२.१ धर्मसारथि | | |
| | १२.१ धर्मसारथि | | ११.१ त्रिककुद् | १३.१ शान्तरय | | |
| | ७.२ श्रुतायु | | ६.१ पुरुरवा | ८.१ बसुमान् | | |
| | ८.१ बसुमान् | | ७.२ श्रुतायु | ९.१ | | |
| | ७.३ सत्यायु | | ६.१ पुरुरवा | ८.१ श्रुतञ्जय | | |
| | ८.१ श्रुतञ्जय | | ७.३ सत्यायु | ९.१ | | |
| | ७.४ रय | | ६.१ पुरुरवा | ८.१ एक | | |
| | ८.१ एक | | ७.४ रय | ९.१ | | |
| | | | | | | |
| | ७.५ विजय | | ६.१ पुरुरवा | ८.१ भिम | | |
| | ८.१ भिम | | ७.५ विजय | ९.१ काञ्चनप्रभ | | |
| | ९.१ काञ्चनप्रभ | | ८.१ भिम | १०.१ सुहोत्र | | |
| | १०.१ सुहोत्र र केशिनी | | ९.१ काञ्चनप्रभ | ११.१ जन्हु (जन्हुसङ्ग विवाह गर्न ईच्छुक गङ्गाको प्रस्ताव अस्वीकार गरेकाले उनले जन्हुको यज्ञशाला बगाउनु र जन्हुले गंगाजीलाई अञ्जुलीमा लिई पिउनु, पछि फिर्ता गरेकाले पुत्रीस्वरुप जान्हवी भएकी) | | |
| | ११.१ जन्हु र कावेरी (युवनाश्वकी पुत्री) | | १०.१ होत्र | १२.१ पुरुराज सुमन्तु (सुनद्य) | | |
| | १२.१ सुमन्तु (सुनद्य) | | ११.१ जन्हु | १३.१ अजक (अलकाश्व) | | |
| | १३.१ अजक | | १२.१ सुमन्तु | १४.१ बलकाश्व | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | (सुनद्य) | | | |
| | १४.१ बलकाश्व | | १३.१ बलाक | १५.१ कुश | | |
| | १५.१ कुश | | १४.१ अजक | १६.१ कुशाम्बु (कुशिक)<br>१६.२ तनय<br>१६.३ वसु<br>१६.४ कुशनाभ | | |
| | १६.१ कुशाम्बु (कुशिक) र पौरा | | १५.१ कुश | १७.१ गाधि | | |
| | १७.१ गाधि र प्रतिमा | | १६.१ कुशाम्बु | १८.१ कौशिक (विश्वरथ, विश्वामित्र) | १८.१ सत्यवती | सत्यवती भृगुपुत्र ऋचिकसंग विवाहित |
| | १८.१ विश्वामित्र | | १७.१ गाधि | १९.१ आर्ष्टिसेन लगायत ५० (कूल १०१ छोराहरुमध्ये पत्नी यशोवतीका ५० भाई म्लेच्छ वा शुद्र भएका)<br>१९.५१ देवःरात<br>१९.५२ मधुच्छन्दा (पत्नी मेलिना)<br>१९.५३ सुश्रुत (विश्वको पहिलो सर्जन, डाक्टर)<br>१९.५४ धनञ्जय | | |
| | १९.५१ देवरात | | १८.१ विश्वामित्र | २०.१ | | |
| | १९.५२ मधुच्छन्दा | | १८.१ विश्वामित्र | २०.१ जेता<br>२०.२ अघमर्षण | | |
| | २०.१ जेता | | १९.५१ मधुच्छन्दा | २१.१ | | |
| | २०.२ अघमर्षण र विन्दूमती | | १८.१ विश्वामित्र | २०.१ घृतकौशिक<br>२०.२ ईन्द्रकौशिक<br>२०.३ देवकौशिक<br>२०.४ द्रुमकौशिक | | नेपाल वंश |
| | १९.५३ सुश्रुत | | २०.२ अघमर्षण | २०.१ | | |
| | १९.५४ धनञ्जय | | १८.१ विश्वामित्र | २०.१ | | उत्तराधिकारी पत्ता लगाउन अझै बाँकी |
| | ७.६ जय | | ६.१ पुरुवा | ८.१ अमित | | |

श्रोतः श्रीमद्भागवत महापुराण ९।१४-२२, गीताप्रेस, गोरखपुर वि.सं. २०६९।

## अनुसूची २
## अर्घाका राजा र राजगुरु

| पुस्ता | राजाहरुको नामावली | स्पष्टिकरण | गुरु पुस्ता | राजगुरुहरुको नामावली |
|---|---|---|---|---|
| १ | जिल्ला राई (वि.सं.१३८१) | | १ | श्री रामभक्त, ज्यो. पं. बे. |
| २ | हरिहर राई | | २ | श्री शक्तिराम, ज्यो. पं. |
| ३ | श्री राई | | ३ | श्री कनक, ज्यो. |
| ४ | श्री कमल राई | | ४ | श्री गंगाराम, पं. |
| ५ | श्री विशम्वर कउ | | ५ | श्री फर्सराम, बे.ज्यो. |
| ६ | श्री काला देउ | | ६ | श्री गोपाल, पं. |
| ७ | श्री खासिंह | | ७ | श्री कालिदास,पं. |
| ८ | श्री भागुसिंह | | ८ | श्री जागेश्वर, ज्यो. |
| ९ | श्री देचउ सिंह | | ९ | श्री बंशमनी, पं. |
| १० | श्री वाकसिंह | | १० | श्री कालीदास, पं. |
| ११ | श्री म्रिं सिंह (१४८३) (यिनका छोराहरु हम्बिर (वीरेन) सिंह र जगजित सिंहका छोरा खड्गजित सिंह क्रमश: खाँची र धुरकोटका राजा भएका) | | ११ | श्री लिलाबल्लभ, ज्यो. |
| १२ | श्री हु वां | | १२ | श्री जंगनाथ, बे. |
| १३ | श्री वां काली | | १३ | श्री हरिप्रसाद, पं. |
| १४ | श्री नागी | | १४ | श्री भक्तिराम, पं |
| १५ | श्री छुरी | | १५ | श्री महाराम, पं. |
| १६ | श्री तफक | | १६ | श्री निलकण्ठ, पं. |
| १७ | श्री अहिवर्ण | | १७ | श्री ऋषिप्रसाद, ज्यो. |
| १८ | श्री सौम्य वर्ण | | १८ | श्री टेकुप्रसाद, ज्यो. |
| १९ | श्री शिवराज शाह | | १९ | पारेश्वर, पं. |
| २० | श्री धर्मराज शाह (१५०५-२५) | | २० | श्री तुलसी, बे. (१५०५) |
| २१ | श्री जयन्तराज शाह (१५२५-५०) | | २१ | श्री देउ शर्मा, ज्यो. (१५२५) |
| २२ | श्री अनन्तराज शाह (१५५०-७५) | | २२ | श्री बैकुण्ठ, ज्यो. (१५५०) |
| २३ | श्री हटिराज शाह (१५७५-१६००) | | २३ | श्री पुरन, ज्यो. (१५७५) |
| २४ | श्री अहिवर्णराज शाह (१६००-२५) | | २४ | श्री लालमनी, ज्यो. (१६००) |
| २५ | श्री श्येमवर्ण शाह (१६२५-५०) | | २५ | श्री मनिराम, बे.पं. (यहाँसम्म रिजाल) (१६२५) |
| २६ | श्री धनराज शाह (१६५०-७५) | | २६ | श्री श्रीधर, बेदान्ती (भुसालको शुरुवात, पुरकोटको आवादी आरम्भ) (१६५०-१६७५) |
| २७ | श्री भूपतीराज शाह (१६७५-१७००) | | २७ | श्री अनन्ताखर, पं. (१६७५-१७००) (ईस्माली राजाबाट पुरकोटको वीरता प्राप्त) |
| २८ | श्री नरदेउराज शाह (१७००-२५) | | २८ | श्री रुद्राखर, ज्यो. (१७००-१७२५) |
| २९ | श्री जयन्तराज शाह (१७२५-५०) | | २९ | श्री समुद्राखर, ज्यो. (१७२५-१७५०) |

| | | | | |
|---|---|---|---|---|
| ३० | श्री अनन्तराज शाह (१७५०-१८००) | | ३० | श्री सत्यधर, ज्यो. (१७५०-१७७५) |
| ३१ | श्री हटिराज शाह (१७७५-१८००) पाल्पाका राजा मुकुन्द सेन द्वितीयकी पत्नी महारानी महाकुमारीका बुवा | | ३१ | श्री काथु, पं. (१७७५-१८००) |
| ३२ | श्री अहिवन शाह (१८००-१८३०) | | ३२ | श्री दरु, पं. (१८००-१८२५) |
| ३३ | श्री विरकुमार शाह (१८३०-४३) | अन्तिम राजा | ३३ | श्री विशम्भर, वे. (१८३०-४३) |
| ३४ | श्री धनराज शाह ( धनराज वीरकुमारका भाई धर्मराजका भाई थिए । भाईलाई भारतको बाँसीमा लगी छाडेकोले आफ्ना उप्रेत बासुदेव पौडेलको सर्वश्वहरण गरी हटाएकाले म्यालपानीतिर पलायन) (१८४६-१८५०) | | ३४ | श्री व्यास, वे. ज्यो. (१८४३-५०) |
| ३५ | श्री धर्मराज शाह (१८५०-१८७५) | | ३५ | श्री रुद्राकर, ज्यो. (१८५०-१८६५) |
| ३६ | श्री अनन्तराज शाह (१८७५-१९००) | | ३६ | श्री नर्तम, वे. (१८६५-१८७७) |
| ३७ | श्री हटिराज (निःसन्तान) (१९००-१९१० सम्म) | | ३७ | श्री नित्यानन्द, बे. ज्यो. (१८८० तिर, पौष शुक्लपक्ष द्वादशी मङ्गलवारको चनौटे खेत पूजाका लागि दिएको रुक्का) (१८७७-१८९८) |
| ३८ | श्री दीम्वध्वज शाह (हटिराजका भाइ) (१९१०-१९३५) | | ३८ | श्री लक्ष्मीनारायण, ज्यो. (१८९८-१९२८) |
| ३९ | श्री उजिन्द्र शाह (१९३५-६० ) | | ३९ | श्री देविदास, कमलापती, रोमाखर, टिकाराम (आलोपालो) (१९२८-१९६०) |
| ४० | श्री हरिकुमार शाह (१९६०-८५ ) | | ४० | (१९६०-१९९१) |
| ४१ | श्री धञ्जु शाह (भाई त्रिपुरका ७ भाई छोराहरुः बट्टु, बलबहादुर, तोपबहादुर, थम्मन, हिरबहादुर, चन्द्रबहादुर र बालालनर्सिंह) (१९८५-२०१० ) | १९५२ देखि आलोपालो | ४१ | रोमाखर र पिताम्बर (१९९१-२०१०) |
| ४२ | श्री धञ्जु शाहका छोराहरुः गोकुल र श्यामकर्ण (२०१०-१७- ) | | ४२ | जि. जिबानन्द र छोरा ज्यो. तेजनाथ (२०१०-२०१७) |

## अनुसूचि ३: पाल्पा बहादुरपुर क्षेत्रको विर्तापत्रको लालामोहर


स्वस्तिश्री ... नृपनारायणेत्यादि वि
विधविरुदावलीविराजमानमानोन्नत श्री महाराजाधि
राजश्री श्री श्री मन्मुकुंदसेनदेवानां सदा समरविजयि
नाम
आगे जनार्दनजैसिके बाहादुर साठिमुरी ६० खेत
समेत कुशाविर्ताकै दिहल तकासि बाँध पूर्बओर
ठ्याङ्ग्या खोलो दक्षिणओर अरुणखोलो पश्चिम ओ
अरुणखोलो उत्तरओर बाँपु खोलाको शिर
सांधकके रजगतिकैके उपत्ति मामिलाके त्य
सरिसमेत दिहल खातिरजामासे खाइ
टहल मौरिजु रहि संवत १८२९ मिति पौष
सुदी १३ रोज ४ मुकाम बटौली शुभं

### माथिको कुश-विर्ता पत्रको ब्यहोरा

*स्वस्ति श्रीमहाराजाधिराज श्री श्री मन्मुकुंद सेन राज्य-कालमा आगे जनार्दन जैसिके बहादुरपुरको साठि मुरी ६०। खेत समेत् कुश वित्र्ता कै दिइयो । जसको चारकिल्ला तेकासि बाँध, पूर्वतर्फ ठ्याङ्च्या खोलो, दक्षिण तर्फ अरुण खोलो, पश्चिमतर्फ अरुण खोलो र उत्तरतर्फ वाँपु खोलाको शिर साँधके रजगतिकैके. उपत्ति मामिलाके त्यसरि समेत दिइयो । खातिरजामा गरी खाई टहल मौरिजु रहि । संवत् १८२९ मिति पौष सुदी १३ रोज ४ मुकाम् बटौली शुभम् ।*

## अनुसूचि ४: बासठ्ठीहरण पछि बहादुरपुरको बिर्ता थमौतिको लालमोहर



स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदाव
लि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजरा
जेन्द्र विक्रमसाह बहादुर समसेर जंग देवानां सदा समर विजयिनाम्
आगे हिमानन्द जैसि बुसालको भाइ समेतके [illegible] पालपाको राजा
[illegible] वर्दि बिर्ता सांध लाइ दियाको ६२ सालमा जांचकि हेरु लै जो
[illegible] आज सम्म तिमिले खाइ
[illegible] बहादुरपुरको खेत मुरि
[illegible] बिर्ता [illegible] बुसालको जवर्दि पश्चि
२० तस्को सांध पूर्व बुसालको बिर्ता दक्षिण बुसालको जवर्दि [illegible] मुरि २० तस्को सांध
[illegible] उत्तर खोलाको सांध श्री आरुखोलाको खेत मुरि २० तस्को सांध
पूर्व बुसालको बिर्ता दक्षिण पश्चिम खोलो उत्तर बुसालका जव
र्दिको सांध श्री आरुखोलाको खेत मुरि ५ तस्को सांध पूर्व बुसाल
को जवर्दि दक्षिण पश्चिम खोलो उत्तर बुसालको जवर्दिको सांध
श्री आरुखोलाको खेत मुरि ५ तस्को सांध पूर्व बुसालको जवर्दि द
क्षिण खोलो पश्चिम बुसालको जवर्दि उत्तर बुसालका बिर्ताको सां
ध श्री तस्को लगा बहादुरपुरका गाउंका [illegible] सांध पूर्व
[illegible] दक्षिण बुसालको जवर्दि आरुखोलो पश्चिम आरु
खोलो उत्तर [illegible] खोलाका सिरको सांध इति चार किल्लाभित्र खेत म
रि १० [illegible] बिजमुरि २५ जान्या खेत उमामुरि ६० याथाको बि
[illegible] मुरि २५ जान्या खेत [illegible] बिर्ता कोमोहर गरि बक्स्यां
[illegible] आफना खातिर जामासंग बिर्ता जानि भोग्य गर इति सम्वत १८७७ सा
ल मिति पौष वदि [illegible]

सौजन्य: काशीराम भुसाल, अरुणखोला, पूर्व नवलपरासी ।

## माथि उल्लिखित हिमानन्द जैसी भुसाल र निजका भाइसमेतको विर्ता भोग अनुमतिपत्रको ब्यहोरा

श्रीदूर्गा १

*स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावलि विराजमान मानोन्नत्त श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साहवहादुरसम्शेरजङ्ग देवानां सदा समर विजयिनाम् ।*

आगे हिमानन्द जैसी भुसालका भाइसमेतके, अघि पाल्पाका राजा तषतमा छँदै विर्ता साँध लगाई दियाको १८६२ सालमा जाँचकिहरूले जाँची बुझी यकका ठहराई थामिदिएको आजसम्म तिमीले खाई व्यहारी आएको विर्ता तानसेनका अम्मलमा बहादुरपुरको खेत मुरी २०। त्यसको साँध पूर्व भुसालको विर्ता, दक्षिण भुसालको जवदि, पश्चिम उत्तर खोलाको साँध औ अरुण खोलाको खेतमुरी २०। त्यसको साँध पूर्व भुसालको विर्ता, दक्षिण-पश्चिम खोलो, उत्तर भुसालका जवदिको साँध औ अरुण खोलाको खेत मुरी ५। त्यसको साँध पूर्व भुसालको जवदि दक्षिण-पश्चिम खोलो, उत्तर भुसालको जवदिको साँध औ अरुण खोलाको खेत मुरि ५। त्यसको साँध पूर्व भुसालको जवदि, दक्षिण खोलो, पश्चिम भुसालको जवदि, उत्तर भुसालका विर्ताको साँध औ त्यसको लगायत बहादुरपुरका गाउँका बारी, घडेरीको साँध, पूर्व ठाड्या खोला, दक्षिण भुसालको जवदि अरुण खोलो, पश्चिम अरुण खोलो उत्तर वापु खोलाका शिरको साँध यति चारकिल्लाभित्र खेत मुरी १०। घैयाको विज मुरी २५। लाग्ने खेत जम्मा मुरी ६०। पाखाको विज जम्मा मुरी २५। लाग्ने खेत पाखो थामी विर्ताको मोहर गरी बक्स्यौं आफ्ना षातिर जम्मासँग विर्ता जानी भोग गर । इति सम्वत् १८७७ साल मिति पौष वदि ५ रोज १ शुभम् ।

*(उपर्युक्त लालमोहरबाट थाहा हुन्छ कि पाल्पाली यी भुसालहरूले उपर्युक्त जग्गाको आसपास सरकारको पारिश्रमिक स्वरूप केही जग्गा पाएका र सो क्षेत्रमा थप जग्गा पनि जोडेका थिए । उनीहरूको अरु जग्गालाई थमौती गरिएको बिर्ताको साँध किल्लामा दर्शाइएको पाइन्छ । माथिको लालमोहरमा केवल वि.स.१८६२ को “बासट्ठी हरण” मा परेको जग्गाको भागको मात्र पुनः भोगचलनको अधिकार नेपालका राजाले दिएका थिए) ।*

**अनुसूची ५**
**अर्घाबाट पुरकोट गएका भुसाल वन्धुहरुको संक्षिप्त विवरण**





३५.१ मु. रघुराम (छ-घरे)
३६.१ मु. शिवराम (मुख्खेपट्टी)
३६.२ कालुराम (नेटाली)
३६.३ गङ्गाराम (अर्घाखाँची, घोराखरी)
३६.४ अङ्गत (प्यूठान, जुम्रीकाँडा, नूनथला)
३६.५ हरिराम (जैसीपट्टी)
३६.६ माधौ (पुछ्राघरे)
३७.१ मु. चामु
३७.२ चिन्तु
३८.१ मु. पिमानन्द
३८.१ गोविन्द
३९.१ मु. हर्कदेउ
३९.२ कृष्णनन्द
३९.३ शुरवीर खत्री (प्यूठान, बादीकोट)
३९.४ कान्छा खत्री (प्यूठान, बादीकोट, नेपाल-भोट युद्धमा वीरगति प्राप्त)
३९.५ हरिनन्द (प्यूठान, जुम्रीकाँडा, ओखरबोट)
४०.१ मु. डन्नु
४०.२ गणपति
४१.१ मु. तिलाराम
४१.२ जेदुलाल
४१.३ दीर्घु
४२.१ मु. कविराम
४२.१ झविलाल
४२.१ कृष्णप्रसाद
४२.१ लङ्कप्रसाद (बाल्यकालमै मृत्यु)
४२.१ शिवलाल
४३.१ मृगेन्द्र (मुक्तिराम)
४३.२ भिमलाल
४३.३ घनश्याम
४३.४ युवराज
४३.५ रामचन्द्र


३४.१ हरिराम भुसाल
३५.१ निलकण्ठ भुसाल
३५.२ मधु भुसाल (किमडाँडा)
३६.१ माधौ
३६.२ बैकुण्ठ
३६.३ काजी दुर्गादास
पदम (किमडाँडा)
चिन्तु (अमराई र अर्लिबाङ्ग
३७.१ नारायण भुसाल (बाँगी, टिमुरखर्क)
३७.२ अनुरुद्र (अर्घा, धारापानी कल्लेरी)
३७.१ काजी बैकुण्ठ
३७.२ कान्छा
३६.२ बैकुण्ठ
३८.१ गिरिधारी भुसाल
३८.२ छन्दु भुसाल (अर्घारजस्थल, पँधेरा)
३८.१ चिमरा
३८.२ पूर्णभद्र
३८.३ रघुपति
३७.१ वंशमनि
३९.१ शशिधर भुसाल
३९.१ कुलानन्द
३९.२ लोकमणि
३८.१ बलिभद्र
३८.२ धरम
३८.३ रघुराम
४०.१ लालमणि भुसाल अर्घा, बराङ्दी
३९.१ तुलाराम
३९.२ रामचन्द्र
३९.३ बसन्त


३८.३
रघुपति
३९.१ ज्यूदत्त
(बाँगी, बजेरी)
३९.२ लक्ष्मण
(बाँगी, आँटिघर)
३९.३ मु. धनेश्वर
(पुरकोट बाँजकटेरी तथा अर्घा, कुँडापानी)
४०.१ मु. खिमानन्द
(पुरकोट बाँजकटेरीको घरजग्गा धनवीर सेन ओलीलाई विक्री गरी पुरकोटबाट अर्घातिर)
४०.२ देवीदास
४०.३ मु. थम्मन
४०.४ नन्दराम
४०.५ मि. डण्डपाणि
४०.६ ईश्वरीप्रसाद
४१.१ मु. डि. पुष्करनाथ
४१.२ डि. डिलाराम
४१.३ पं. वेदनिधि
४१.४ जगिलाल
४१.५ वि. ताराप्रसाद


३२.२ चिन्तु भुसाल
३३.१ दुर्लभ (श्रीकण्ठ)
३४.१ प्रतिमान
३४.२ निलकण्ठ
३५.१ हरेराम
३५.१ लक्ष्मण
३५.२ लीलाधर
३५.३ बैकुण्ठ
३५.४ वंशमनि
३६.१ सेवकराम
३६.१ भिमलाल
३७.१ श्रीकण्ठ
३७.१ नन्दु जैसी
(१८८० मा पुरकोट विक्री गरी अर्घा, जोगिमारे गएका)
३८.१ दुर्गाप्रसाद
३८.१ विनिराम
३९.१ हरिनारायण
३९.२ निलकण्ठ
३९.३ बैकुण्ठ
३९.१ झगरु (जोगिमारे)
३९.२ उदानन्द (धातिबाङ्गहुँदै ठाडा, कैलाशे)
३९.३ हिरामणि (गाँडसाल, पटुवाथुम)
३९.४ पदम (जोगिमारे)


३२.२ चिन्तु भुसाल
३३.१ दुर्लभ (श्रीकण्ठ)
३४.१ प्रतिमान
३४.२ निलकण्ठ
३५.१ हरेराम
३६.१ सेवकराम
३७.१ श्रीकण्ठ
३८.१ दुर्गाप्रसाद
३९.१ हरिनारायण
३९.२ निलकण्ठ
३९.३ बैकुण्ठ
३५.१ लक्ष्मण
३५.२ लीलाधर
३५.३ बैकुण्ठ
३५.४ वंशमनि
३६.१ भिमलाल
३७.१ नन्दु जैसी (१८८० मा पुरकोट विक्री गरी अर्घा, जोगिमारे गएका)
३८.१ विनिराम
३९.१ झगरु (जोगिमारे)
३९.२ उदानन्द (धातिबाङ्गहुँदै ठाडा, कैलाशे)
३९.३ हिरामणि (गाँडसाल, पटुवाथुम)
३९.४ पदम (जोगिमारे)


३३.१ किसनदास
३४.१ रामपति
(अर्घातिर)
३४.२ तुलसीराम
(अर्घा, धारापानी)
३५.१ जेठा
(पिपलबोटे)
३५.२ गोकुल
(बाँझाखर्के)
३५.३ कान्छा
(थमाली)

# लेखक-परिचय



नाम : युवराज भुसाल

जन्म र स्थान : वि.सं. २०१४ साल ज्येष्ठ ११ गते, गुल्मी, मधाने-२
पुरकोट-बाँजकटेरी, मुख्खेटोल ।

हाल : कुलेश्वर आवास क्षेत्र, काठमाडौं ।

## शिक्षा

- मास्टर अफ साइन्स्, एशियन इन्स्टिच्युट अफ टेक्नोलजी, थाइल्याण्ड (२०५३)
- पोष्टग्रेजुयट डिप्लोमा, डोर्टमुण्ड विश्वविद्यालय, जर्मनी (२०५२)
- स्नातक (अर्थशास्त्र), त्रिभुवन विश्वविद्यालय (२०४२)
- स्नातक (कानून), त्रिभुवन विश्वविद्यालय (२०४१)
- स्नातकोत्तर (राजनीति शास्त्र), त्रिभुवन विश्वविद्यालय (२०४०)
- स्नातक (राजनीति शास्त्र, इतिहास, नेपाली, अंग्रेजी), पृथ्वीनारायण क्याम्पस, पोखरा (२०३६)
- प्रमाणपत्र-तह (राजनीति शास्त्र, अर्थशास्त्र, नेपाली, अंग्रेजी), पृथ्वीनारायण क्याम्पस, पोखरा (२०३४)
- प्रवेशिका (एस.एल.सी.), श्री हिमालय हाई स्कूल, धुरकोट, बस्तु, गुल्मी (२०३०)
- प्राथमिक शिक्षा, श्री सत्यवती प्राथमिक पाठशाला तथा बाँझकटेरी प्राथमिक विद्यालय, पुरकोट-बाँजकटेरी, गुल्मी .(२०२१-२५) ।

## छात्रवृत्ति तथा पदक/विभूषण

- पृथ्वीनारायण क्याम्पस, पोखराको मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थानमा प्रमाणपत्र तह (२०३२-३४) तथा स्नातक तह (२०३४-३६) का सबै सत्रहरूमा प्रथम श्रेणीमा प्रथम स्थान हासिल गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेको ।
- संघीय गणतन्त्र जर्मनीको डोर्टमुण्ड विश्वविद्यालयमा पोष्टग्रेजुयट डिप्लोमा अध्ययनार्थ DAAD, Germany बाट तथा एशियन इन्स्टिच्युट अफ टेक्नोलजी, थाइल्याण्डमा मास्टर अफ साइन्स्अध्ययन गर्दा USAID, America बाट तथा जापानमा विद्यावारिधि अध्ययनार्थ Takase Foundation, Tokyo बाट तथा Kumahira Foundation, Hiroshima बाट छात्रवृत्ति उपलब्ध भएको ।
- महेन्द्र विद्याभूषण 'ख' श्रेणी २०५३ ।
- जनसेवाश्री (तेस्रो) पदक २०७१; दीर्घसेवा पदक २०६१; गद्दीआरोहण रजत-महोत्सव पदक २०५३; जानपद सेवा पदक २०४७ ।

## प्राज्ञिक अनुभव

- नेपाल खुला विश्वविद्यालय, नेपाल (डेढ वर्ष)
- मध्यपश्चिम विश्वविद्यालयको एम.आई. सि.डी., ललितपुर (तीन वर्ष)
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर (दुई वर्ष)
- साउथ एशियन ईन्स्टिच्युट अफ टेक्नोलजी, ललितपुर (दुई वर्ष)
- अध्यापन (प्रधानाध्यापक, बाँझकटेरी प्रा.वि., गुल्मी (डेढ वर्ष)
- नेपाल तथा अफगानिस्तानमा कार्यरत विभिन्न वहुपक्षीय संघसंस्थाहरू (UNDP, WTO, World Bank आदि) मा आवधिक परामर्शदाताको रूपमा सेवा गरेको ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विभिन्न सांस्कृतिक तथा पेशागत संघ-संस्थाहरूमा संलग्न भई सेवा गरेको ।

## प्रशासनिक, कुटनीतिक तथा अन्य अनुभव

- वि.सं. २०३६ साल चैत्रमा नेपाल लोकसेवा आयोगबाट लिइएको शाखा अधिकृत पदको परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको निजामती सेवामा २३ वर्षको उमेरमैं प्रवेश गरी सहायक-सचिव (२०४३), उप-सचिव (स्थानीय विकास अधिकारीसमेत, २०५०), सह-सचिव (महावाणिज्यदूतसमेत, २०५४) तथा राजपत्रांकित विशिष्ट श्रेणीको सचिव (२०६६) पदमा समेत सेवा गरी २०७१ साल श्रावणदेखि सेवा निवृत्त ।
- नेपाल सरकारबाट समय-समयमा गठन गरिएका आयोग, समिति, कार्यदलमा रही कार्य गरेको तथा विभिन्न सार्वजनिक संस्थान तथा वित्तीय संस्थाहरूमा संयोजक, सदस्य-सचिव तथा सदस्य भई कार्य गरेको ।
- नेपाल सरकारबाट राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (मन्त्रीस्तरीय) पदमा नौ महिना (२०७४-७५) सेवा गरेको ।

## प्रकाशित कृतिहरु

- कविराम भुसाल स्मृति ग्रन्थ २०६२ (सम्पादक)
- नेपाल, सिङ्गापुर, जापान, युरोपका विभिन्न प्रकाशनहरुमा प्रशासन, इतिहास, संस्कृति, साहित्य, स्थानीय-सरकार, वातावरण, विकेन्द्रीकरण, लैङ्गिक समता, गरिबी निवारण, व्यक्ति र व्यक्तित्व आदि विषयमा नेपाली तथा अंग्रेजी भाषामा अनुसन्धानात्मक लेखहरूसमेत प्रकाशित ।

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
# प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपाल : (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा. टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिटचाउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. | बृहस्पति सूत्र अर्थात् वार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |
| २०. | हाम्रो भौगोलिक इतिहास (२०७८) | युवराज भुसाल |

प्रकाशक
किरण पुस्तकालय
तम्घास, गुल्मी

9 789937 115124